

# सन्त प्रेमी



हरिराज भट्टराई

सन्त प्रेमी

Sant Premi : 2026

किरण पुस्तकालय प्रकाशनमालाको २१ औं पुष्प

# सन्त प्रेमी


लेखक

**हरिराज भट्टराई**



प्रकाशक

किरण पुस्तकालय

तम्घास, गुल्मी

# सन्त प्रेमी (Sant Premi : 2026)



| | | |
|---|---|---|
| **प्रकाशक** | : | किरण पुस्तकालय<br>तम्घास, गुल्मी<br>फोन : ०७९-५२०२८७ |
| **लेखक** | : | हरिराज भट्टराई |
| **Email** | : | bhattarais1@gmail.com |
| **सम्पादन** | : | शरच्चन्द्र वस्ती |
| **विधा** | : | उपन्यास |
| **प्रथम संस्करण** | : | २०८३, असार |
| **प्रति** | : | ५०० |
| **सर्वाधिकार** | : | लेखकमा |
| **मूल्य** | : | रू. ५००/- |
| **ले-आउट** | : | आनन्द राउत |
| **ISBN** | : | 978-9905-0-0400-9 |




*यस पुस्तकको कुनै पनि अंश वा पूरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनरुत्पादन, फोटोकपी वा प्रकाशन गर्न पाइने छैन । कसैले त्यसो गरेको पाइएमा प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारबाही गरिनेछ ।*

# सम्पुट

गौरीशङ्कर हिमशिखरलाई केन्द्रमा राखेर यो पटक ओलाङ्चुङ्गोलादेखि बुद्ध तपोवन, चन्दननाथ र रारा हुँदै मानसरोवरको परिक्रमा गरेर अल्प विश्राम लिने रहर बन्यो ।

सन्त योगीहरूको कृपा र करुणा पाएर यस भूमिका महाराजाहरूले राज्यविस्तारको अभियान थाले भन्ने किंवदन्ती रोकिएको छैन । फेरि सन्त योगीहरूको वाञ्छित मनोयात्रा महायोगीश्वर महादेव पशुपतिनाथ परिसरमा चौतारी लिन्छ भन्ने विश्वास पनि छ ।

फेरि पनि हाम्रो गुरुकुलका शिष्य, विश्व महामानव हुँदै देवताको रूपमा प्रतिष्ठित जीससलाई हामीले ससम्मान स्थान दिएकै छौँ ।

कारणवश वा अचेतनाको स्थितिमा बाटो बिराएको बोध भएपछि यात्री आफ्नै ठाउँमा फर्केर आनन्दित हुन्छ र जीवन सुरक्षित ठान्दछ । यो ध्रुवसत्य नठानिएला, किन्तु यस्तै हुँदै रहेको प्रतीत हुन्छ ।

यो यस्तो युगको आमन्त्रण भनौं या निर्माण हो जहाँ पूर्ण भौतिक विकास र उन्नत जीवन-स्थितिको दर्शन हुन्छ । हिजोको रुग्ण-विक्षिप्त राजनीतिक चरित्र त्यहाँ रहेन । त्यसैले सर्वत्र स्वस्थ र उदात्त चिन्तन र व्यवहारका दृश्यहरू सर्दै रहन्छन् । दल ऊर्जाको अपरिचालनमा नै कल्याण देखिन्छ भन्ने प्रश्न अगि सर्ने त छैन ? तर प्रश्न छ ।

नवयौवनाको उपस्थितिलाई भूगोल र परिस्थितिको पृष्ठभूमिको आधारमा सम्मानको भावले ग्रहण गरिएको छ । उनीहरू सुरुचिपूर्ण जीवन बाँच्तछन्, अंकुश छैन, स्वशासित छन् । यौवनकेलि मानस-यात्राका स-साना बिसौनी मात्र हुन् जुन पोषक भए, क्षतिकर रहेनन् । किन्तु प्रमदा प्रसङ्ग स्वतः तिरोहित भएको देखिएला कि ? पद र आयुमा राग बाँधिंदैन कि !

राष्ट्रमा फैलिएको घातक कीटाणुको उपचार विधि कमजोर वा अफाप सिद्ध भयो भने प्रभञ्जनको आराधना गर्नुपर्ने हो कि ? विज्ञानसम्मत नभए कदाचित् तन्त्रसम्मत मान्ने हो कि ? अन्यथा सुरक्षित स्वर्गारोहणको कल्पना गर्न सकिन्छ ? सङ्गति बसाएर पढ्न मिल्छ के ?

भूमिको स्थायित्वका लागि अन्यतम विश्वविद्यालयको खाँचो अनुभव भएकै हो त ? नाउ कोल्टे भयो भने भारमा सन्तुलन ल्याए नपल्टिएला कि ? के

सडक तातेको स्थितिलाई वास्ता नगर्न मिल्छ ? संसद् किन सर्छ ? कसरी बुझ्नु सन्तहरूको अवलोकन, साधना र यायावर वृत्तिलाई । अनि राजनीतिक अपचलनमाथि लेखिएका ग्रन्थहरूले पुस्तकालय नभरिने, फेरि ऐतिहासिक सामग्रीको सुरक्षाले महत्त्व नपाउने स्थिति रहला त ? प्रश्न अलिक असजिलो हो कि !

सन्त, शास्त्र र साहित्य– यिनै हुन् मनका चौतारी र छहारीहरू । शास्त्रले जब मर्यादा छोड्छ तब सन्त र साहित्य दुर्गुणीलाई दण्डित गर्न कृतसङ्कल्प रहन्छन् । तन्त्र र मन्त्रलाई शस्त्र र अस्त्रको भावले उपयोग गर्न सक्छन् । यसरी पनि क्षयोन्मुख समाज वा राष्ट्रको कल्याणका लागि आफ्नो दायित्व पूरा गर्न जाग्रत् देखिन्छन् । यो हाम्रै परम्परा हो ।

कलमधर आफ्नो युग काँधमा बोकेर हिंड्छ । ऊ यो अभिभाराबाट पन्सिन सक्तैन । राजनीतिक शक्तिले दिएको उत्पीडनका कारण मेरो वर्तमानको उत्तरार्द्ध (२०५० पछि) विक्षिप्त, अपाङ्ग, बन्दी र बेहोशीको अनुभूतिले बित्यो । बसुञ्जेल थाह भएन, जब हिंडें थाह भो– ऐंठनमुक्त भएँछु ।

अक्षर-साधनामा व्यस्त रहनुको आनन्द अर्कै रहेछ । समय टुक्रा भयो– हिजोमा बामे सरें, आजमा निकै दौडें र भोलिमा सपना, कल्पना र मिथकहरू उत्पादन, संयोजन गर्दै युगस्थितिको चित्रावलि-प्रदर्शनी हेर्दै घुमें । विचलित चित्तवृत्तिको आरोग्यका लागि पोषक पथ्य भयो कि न ! शीतल अनुभव हुन्छ देशाटनबाट !

म हुर्केको मेरो वर्तमानले हिजोलाई दुर्भावले हेर्न र दुष्ट वचनले तारो बनाउन सिकायो, पढायो । गलत थिएछ कि– आत्ममीमांसा गर्न बाँकी छ । अपराध मोचन नभई गति लिन सकिन्न कि !

वनवासीले नगर प्रवेश गरेपछि भित्री तहबाट मुलुकमा झन् उपद्रव मच्चियो । उल्टो भो– दरबार छोडेर महाराज वन लागे । दलबलको घेरामा जनता सूचना शून्य । त्यसबेला सार्वभौम सत्ता कोसँग थिएछ, गणित बनेन ।

सिंहको ठाउँमा स्याल चतुर र सर्वशक्तिमान देखिंदै गयो । साना लघुसत्वको अस्तित्व धूमिल हुँदै गयो । दीप्तिमान तेजोवधमा पुगे । नवकुबेर भए भिक्षुहरू । खेताला बने प्रज्ञावानहरू । जब राजनीतिक दलका खेलाडीहरूले मुलुक विसर्जनका लागि कसरत थाले, हानेको गोल गोलपोस्टमा ठोकिएर फर्क्यो । मुलुकले यू-टर्न लियो । प्रश्न उठ्न सक्छ– कसको कृपा थियो र विलय-प्रलय थामियो ? अब शल्यक्रिया गरेर देखाउने बेला भएन र ! नजर बाहिर घुमाउने कि भित्र ?

सन्तहरूका आफ्नै शास्त्रीय स्वरूप, शक्ति र सीमा छन् । तिनको साधना, चिन्तन र यात्रा कसैको पक्षमा हुँदैन, सबैका पक्षमा जान्छ । ये यथा मां प्रपद्यन्ते तांस्तथैव... हुनु सहज प्रतीत हुन्छ ।

कुटिल राजनीतिले युवा संसद्माथि उच्चाटन शक्तिको उपयोग गर्‍यो, जो माटो र संस्कृतिको पक्षमा थिएन । खलाबाट एकैचोटि परेवा उडे झैं युवाहरू

मुलुक छोडेर उडे । अभाव कसरी भरिन्छ ? यसरी बिथोलिएको परिस्थितिमा शक्तिशाली तेजस्वी युवा जनको कामना गरिएको हो भन्ने ध्वनित त हुँदैन ? कसरी लिनु ?

साग, बाघ र बाख्राको सहयात्राले हरेकमा अस्तित्व बोध गराउँछ अनि सुरक्षाको व्यवस्था जुराउँछ । महादेवको घरमा विपरीत प्रकृतिका जीवन छन् तर सुरक्षित छन् निर्भय । बिर्सनै पर्ने मिथक-कथा हो त ? हिमवत्खण्डको मानव खलनायकलाई धीरोदात्त ठान्ने भूल बारम्बार किन गर्छ ? के चिन्तन शून्य भएर हो ? दर्शनविनाको समाजको परिकल्पना गर्न मिल्छ ? कि भन्नुपर्छ द्रव्यपिशाचले चिन्तन खाइदियो । कि भन्नुपर्छ दरबार सऱ्यो, चिन्तन पनि सऱ्यो । सत्य यही हो त ?

यस माटोमा राजसंस्थाको अभाव खट्कन्छ, प्रिय लाग्दैन । दल परिचालित देखियो, किन्तु राजा स्वचालित । माटो, जीवन, संस्कृति र स्वतन्त्रताको गौरव-रक्षामा राजसंस्था सजग रह्यो । दलवाद चाहिं यिनको व्यापारमा उत्साहित देखियो र जनताको रगत फेर्ने उद्योगमा जुट्यो । फरक धेरै छ । जनता राजसंस्थाबाट लुटिंदैन, तर नेताबाट जोगिंदैन । राजा राजधर्मको पालना गर्छ, दलवाद धर्मद्रोही भइदिन्छ । राजसंस्था असल नागरिक उत्पादन गर्छ र अव्वल दर्जाकाहरूलाई खोजीखोजी ल्याउँछ । इतिहास साक्षी छ । दलवाद आफ्ना लठैत उत्पादन गर्छ र असल नागरिकलाई लखेट्छ । वर्तमान साक्षी छ । राजा जनताको सम्पत्ति हो, जनताले आफ्नो सम्पत्तिको जगेर्ना गर्नुपर्छ । स्थापित गर्नुपर्छ, शक्ति प्रदान गर्नुपर्छ । अनि राजाको सुरक्षामा जनताले उन्नति गर्ने अवसर पाउँछ ।

यथार्थ सम्पूर्ण भावले परिभाषित हुन सक्तैन । सबै वेला प्रिय लाग्दैन । प्रकृतिबाट नीलिमा, स्वर्णिमा, धवलिमा पन्सियो भने कल्पना गरौं कति विद्रूप दृश्य देखिएला । मैले पछ्याएकी मनोरमा हिंड्दाहिंड्दै तत्क्षण अवसन रहेर मैंतिर फर्किदिई भने बौलाउँछु कि भाग्छु भन्न सक्तिनँ ! यथार्थमा साहित्य भेटिन्छ भने त्यो दुर्लभ प्राप्ति मान्नुपर्छ । सदैव स्वागत हुनेछ । मैले देखेको दृश्यबारे ज्ञानीहरू भन्लान्—ठाउँ परेन । गणित कहाँ पर्छ त्यसतर्फ पनि घोरिने होलान् ।

यो उन्नत, शान्त, कर्मठ समाजको मनोचित्र हो जुन गतिमान् छ । हेदाङ्नाको परिकल्पनाबाट समाजको मुद्रालाई प्रतिविम्बित गर्ने हठ पनि देखिएला । यो नेत्रदान पनि हो । हेदाङ्नाको श्रृंगारमा लाग्दा झिल्काले पोल्यो र पन्सियो । त्यसको श्रृंगारमा न्यूनता आएको देख्छु, अरूले नदेख्लान् । यसपालि चण्डीदेवी रिसाएकी ठानौं कि !

हिजोको झिल्का, आजको दावानल र भोलिको राजनीतिक रङ्गशून्य समाजको आह्वान-आमन्त्रण जस्तो होला कि ? कालिमा र प्रदूषण यहाँबाट त्यहाँ नपुगेकै छ ।

मन र कर्मको संयोजनले पो नारी सौन्दर्य चुलिने हो कि ! सुन्दरी घोषित हुन प्रतियोगी हुनै पर्छ र ! सौन्दर्यका मानक तत्त्व र ढाँचा पुरानै ? मानक फेरिनुपर्छ कि ?

कथाधाराको नागबेली गति पनि देखिएला यसमा । प्रकरी कथाहरूको श्रृंखला जस्तो पनि देखिएला कतै ।

संवत् २०५० पछि नेपाली माटो, जीवन र संस्कृतिमा कस्तो प्रगति भो या दुर्गति, यसको ऐना स्रष्टा संसद्ले देखाएकै हो । नौलो सन्दर्भ बन्दैन । त्यसैले कतै प्रकरण वक्रताको ध्वनि मुखर हुन खोज्ला, काकतालीवत् ।

विषम स्वरूपको पाषाण कतै मात्र पूजित हुन्छ । पीडा–आनन्दको अभीप्सा भनिदिए के फरक पर्ला र अभ्यासीलाई । आखिर लीला नै त हो यो लेखन पनि । त्यसैले प्रशान्त छ यो मन । न पाठकको तिर्सना छ न मीमांसाको आकांक्षा, तापनि थपौं– पूजा होइन, परख होस् । त्यही सर्वश्रेष्ठ पुरस्कार हुनेछ । ठानौंला, तानाशर्माले अवतार पाएछन् ।

आचार्य शरच्चन्द्र वस्तीप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

भाषामा 'नेकशुले' को नीतिको अनुगमन गर्ने यत्न रहेको छ । अदालतले भाषाको विवादमाथि वाञ्छित/सकारात्मक निर्णय दिएकोमा प्रसन्नता छ । सम्मान छ । तर गुनासो आफैंसँग छ– अंग्रेजी र उर्दू भाषाले अदालती बहस–पैरवी प्रक्रियामा प्रवेश पाउन सक्ने सम्भावना थियो । द्वार खुल्नै सकेन । खुल्यो सिंहदरबारको दक्षिणद्वार मात्रै !

आचार्य रघुनाथ अर्याल (डा.) प्रति आभार व्यक्त गर्दछु ।

धन्यवाद गुरु नीलमप्रकाश गौतमलाई अनि भाइ आनन्द राउतलाई ।

प्रकाशनको दायित्व वहन गर्ने **किरण पुस्तकालय परिवार, तम्घास, गुल्मी**लाई सहस्र धन्यवाद ।

**विद्रोही हरि**

भानु जयन्ती, २०८३ असार २९

जुलाई १३, २०२६

# प्रकाशकीय

वि.सं. २०३३ सालमा किरण पुस्तकालयले पुस्तक प्रकाशन गर्ने कार्यको शुभारम्भ गरेको थियो । त्यस वर्ष पुस्तकालयले सानो आकारको ऐतिहासिक महत्त्वको **सन्त शशिधरको 'बाणोपनिषद्'** नामक कृति प्रकाशनमा ल्याएको थियो । आज २०८३ सालमा आइपुग्दा पुस्तक प्रकाशन कार्यको ५० वर्ष पनि पुग्न गइरहेको छ । स्वर्ण-जयन्ती वर्षको यस सुखद क्षणमा किरण पुस्तकालयले एउटा नयाँ पुस्तकै प्रकाशित गरेर स्वर्ण-जयन्तीको उत्सव मनाउने निर्णय गरेको छ । त्यसै अनुसार किरण पुस्तकालय प्रकाशन मालाको २१ औं पुष्पको रूपमा डा. हरिराज भट्टराईद्वारा लिखित 'सन्त प्रेमी' नामक औपन्यासिक कृतिलाई प्रकाशनमा ल्याउने कार्य भएको छ ।

५० वर्षअघि प्रकाशित कृतिको नामका अगाडि 'सन्त' शब्द आएको थियो भने ५० वर्षपछि प्रकाशित कृतिको नामका अगाडि पनि 'सन्त' शब्द आउनु यो एउटा सुयोग नै हो । त्यस बेलाका सन्त र अहिलेका सन्तको सन्दर्भ र विषयवस्तुमा भने कुनै तादात्म्यता छैन । विशेष्यका अगाडि विशेषण एउटै पर्न गएको सन्दर्भ भने आफैंमा एउटा अनौठो सञ्जोग हो । यस्तो सञ्जोग पनि ५० वर्षमा जुऱ्यो । यो सञ्जोग कुनै पञ्चाङ्ग या पात्रो हेराएर आएको होइन । साइत जुर्ने बेला कहिलेकाहीं समयले नै आफैं जुराएर ल्याउँदो रहेछ ।

डा. हरिराज भट्टराई पूर्वी नेपालको ताप्लेजुङ्ग जिल्लामा जन्मेर भारतको पटना विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि प्राप्त एक विशिष्ट विद्वान् हुनुहुन्छ । उहाँ त्रिचन्द्र कलेज र काशी हिन्दू विश्वविद्यालयमा भारतीय भाषा विभागअन्तर्गत रहेर प्राध्यापन कार्य गरी सेवा निवृत्त हुनुभएको छ । स्थायी घर सुनसरीको धरानमा भए तापनि अहिले उहाँ संयुक्त राज्य अमेरिकाको मेरील्यान्ड (MD) सिल्भरस्प्रिङमा बसी नेपाली साहित्यको सेवामा साधनारत हुनुहुन्छ । 'सन्त प्रेमी' उहाँको बाह्रौं आख्यानात्मक कृति हो । नेपाली आख्यान साहित्यमा उहाँको विशिष्ट स्थान छ । उहाँको भाषा शैली बडो विचित्रको छ । शब्द चयन र विषयवस्तुको प्रस्तुतिमा उहाँ बेजोड देखिनुहुन्छ । अश्लीललाई श्लील र अवाञ्छितलाई वाञ्छित तथा मिष्ठ बनाउन सक्ने भाषिक क्षमता उहाँमा विद्यमान छ । नेपालको किरातकालीन ऐतिहासिक कालखण्डदेखि वर्तमान कालसम्मको शासकीय स्वरूपको यथार्थ

तस्वीर यस उपन्यासमा उतारिएको छ । भविष्यको नेपाल कस्तो हुनेछ भन्ने सुन्दर परिकल्पना पनि यसमा गरिएको छ ।

अरूले कालो देखेको अतीतको इतिहासलाई तर्क, विश्लेषण र प्रमाणको आधारमा त्यसलाई सेतो बनाउन सक्नु र अरूले सेतो देखेको विषयवस्तुलाई शिष्ट र मिष्ठ भाषा शैलीमा कालो देखाउन सक्नु उहाँको मौलिक विशेषता हो । उहाँका उपन्यासका पात्रहरू आफू निरपेक्ष भएर पनि शास्त्र, सूक्ति, सङ्ग्रहालय र पुस्तकालयमा रहेका असंख्य ग्रन्थहरूका आधारमा नेपालको इतिहासलाई सप्रमाण स्पष्टसँग व्याख्या गरेर बोल्न कुनै धक मान्दैनन् । कम्प्युटरको स्वीच थिचेर त्यसलाई छर्लङ्ग देखाइदिन सक्छन् । राजनीतिले बिथोलिएको, गिजोलिएको र परचक्रीको पासोमा फसिसकेको नेपाललाई यु टर्न गराएर विलय हुनुबाट जोगाई सफलता प्राप्त गरेको कथा यसमा वर्णित छ ।

निर्दोषी दण्डित हुने, दोषी मुक्त हुने, स्वदेशी युवालाई विदेश पठाई विदेशीलाई नागरिकता बाँडेर स्वार्थी मनोवृत्तिले प्रश्रय पाउँदै गई भेदक दृष्टिका कारण चरित्रदोष प्रकट भएर नेपाली राजनीतिको पतन शुरू भएको हो भन्ने पुष्ट्याईं यसमा दिइएको छ । राजनीतिमा सभ्य, शालीन, सुसंस्कृत, सहृदयी, समदर्शी, विवेकी, अपरिग्रही, विचारवान् र चरित्रवान् व्यक्तिको अभावमा षड्यन्त्रकारीहरूको हैकमवादी प्रवृत्तिले गर्दा राजनीतिक सत्ता प्रमत्त-उन्मत्त भएपछि साधकहरू जनकल्याणको भावनाले क्रियाशील हुन बाध्य हुन्छन् भन्ने दृष्टान्त यस उपन्यासमा प्रस्तुत गरिएको छ । हाम्रो हिमाली राज्यको पूर्ण भौतिक विकास गर्न र उन्नत जीवन जिउन गरिएका कल्पनाहरू बडो सुन्दर र रोचक छन् ।

यस उपन्यासमा धेरै ठाउँमा पुस्तकालयलाई एक असल गुरु र मित्रको रूपमा प्रस्तुत गरिएको छ । सबै कुरा हेर्न बुझ्न पुस्तकालय जानै पर्छ भन्ने सन्देश दिइएको छ । सम्पूर्ण ज्ञानको स्रोत पुस्तकालय भएकाले किरण पुस्तकालयले पनि पुस्तक प्रकाशनमा जोड दिंदै आइरहेको छ । पुस्तकालय प्रकाशन-मालाअन्तर्गत यो उपन्यास २१ औं नम्बरमा परे पनि किरण पुस्तकालयले पहिलो पटक यस्तो औपन्यासिक कृति प्रकाशनमा ल्याउने अवसर प्राप्त गरेको छ । उपन्यासकार हरिराज भट्टराईले पुस्तकालयलाई यो उपन्यास प्रकाशनमा ल्याउने अवसर प्रदान गर्नुभएकोमा हामी उहाँप्रति हृदयतः आभार प्रकट गर्दछौं र उहाँका अन्य कृतिहरू पनि छिटो प्रकाशनमा आउन सकून् भन्ने कामना व्यक्त गर्दछौं ।

**किरण पुस्तकालय**

तम्घास, गुल्मी

# विषयसूची


सन्त प्रेमी ........ १
भासिएकी किशोरी ........ १७
अखाडाको संवाद ........ ३५
सिन्धु र बिन्दु ........ ४९
किम्बुका कुरा ........ ६६
छेकु अनि कुकु ........ ९०
मेघमालाको अभ्यर्थना ........ ११८
एकपक्षीय केलि ........ १४१
कन्दरा-कक्षा ........ १५८
नङले चिथोरेको डोब ........ १८१
यथार्थ बिर्सिएको यथार्थ ........ २०४
प्रकृतिकी कलाकार : साकुरा ........ २१२
स्वप्न-सत्यबाट आक्रान्त ........ २३१
सुरक्षा-कवचको सल्लाह ........ २४०
दूधपोखरीमा गौरीशंकर ........ २५४
सुगन्ध आदान-प्रदान ........ २६६
फोटोका बाबुआमा ........ २७६
नयाँ राजसत्ता ........ २९५
वृद्ध बाबा र युवा योगी ........ ३०३
चुम्बकीय घेराको चमत्कार ........ ३०८
मानसरोवर-समाधि ........ ३१५

# सन्त प्रेमी

ऊर्ध्वचेता बाईस वर्षको लक्का जवान भएर अघोरी–अखाडाबाट निस्कँदै थियो । चार वर्षको आयुमा उसले यहाँ प्रवेश गरेको थियो । सांसारिक ज्ञान र शास्त्र ज्ञान उसले अखाडाबाटै जीवनमा हासिल गऱ्यो । आचार्य सर्वोत्तम भट्टराईबाट ऊ विविध विषयको ज्ञान–राशिबाट निष्णात थियो । किन्तु ऊ न ज्ञान प्रदर्शन गर्थ्यो न गर्व । अल्पसंवाद, विनय र यथास्थितिमा रमाउने–सन्तुष्ट रहनसक्ने गुणले ऊ अलंकृत थियो । यथार्थमा ऊ प्रियदर्शी थियो ।

अवधूत अखाडाको तर्फबाट गुरू–महन्त सिद्धदेवले उसलाई विभूति–तिलक गरिदिए । तिलक गर्दागर्दै उनले किञ्चित् प्रेषण गरे, थिचे झैं अनुभव हुन्थ्यो । लाग्थ्यो खाली ठाउँ भरिदिएको हो–शक्ति सञ्चार गरेर । अनि एउटा खास्टो र एकमुठी विभूति दिंदै उदार भावले भने, 'वत्स, शुभास्ते पन्थानः । तिमी अफ्नो गति र रूचिमा सिद्ध हुनेछौ ।'

## बाजेका वचन

अघोरी अखाडाबाट म निस्किएँ ।

लोकदर्शन गर्नु थियो । पातलो खास्टो, भित्री गंजी, काँधे झोला, खल्ती भएको सुरूवाल, कौपीन र कन्धनी, हल्का टेनिस जुत्ता– यिनै थिए मेरा सहयात्रीहरू ।

म एउटा बेग्लै ढङ्गको मुलुकमा पुगेंछु । सो क्षेत्रमा कतिवेला परें थाह लिन सकिनँ । चढ्दै गएँ, उक्लिंदै गएँ । सडक त मैदानी भागमा नै टुङ्गिन्थ्यो । बाँकी भागमा पैदल यात्रा गर्नुपर्थ्यो । मलाई अचम्म लाग्यो अजको युगमा पनि अविकास रहनु कति सम्भव छ । मनमा कुरा खेले । उत्सुकता बढ्यो ।

हेर्न पनि र हिंड्न पनि रमाइलो लाग्ने यात्रापथ । सबैतिर सिंढी । कतै चैनपुरको दारेगौंडाका जस्ता सुन्दर फराकिला सिंढीहरू, कतै स्वयंभूनाथका जस्ता बाक्ला र ठाडा सिंढीहरू, अनि कतै पाथीभरा माईको मन्दिरमा जाने घुमाउरा

सिंढीका रूपहरू । ठाउँ-ठाउँमा बिसौनी र शौचालयहरू अनि नभई नहुने वस्तु पाइने पार्किङ सहितका ससाना पसलहरू । दृश्य फैलिंदै गयो ।

सर-सफाइ, पसल र शौचालयबाट थाह हुन्थ्यो– सभ्य सुसंगत तथा विवेकी मानवको गाउँ हो । लाग्थ्यो– चेलीहरूले जोगाएको, रंगाएको किरात-लिम्बू जातिको आदिथलो हो । कति ममताले जतन गरेको छ यो मोडर्न बस्ती यहाँका मानवले । जानेर वा झुक्किएर आएकोमा मलाई प्रसन्नता भो । एक मनले ठानें– यहाँ नआएको भए मेरो जीवन निस्सार हुने थिएछ, कि न ! लाटाको खुट्टो बाटामा परेकै हो । सन्तोष लाग्यो ।

मैले केही सोध्नु थियो, पाइनँ । पसलकी किशोरी झोला टिपेर हिंडी । अर्कीले आएर झोला बिसाई । शायद पालो फेरिएको हो । कार्यतालिकाको अनुपालन भएको होला । मैले आफ्नो योग्यता अनुसार यस्तै ठानें । अनि सोधें, 'यो कुन ठाउँ हो, कसको बस्ती हो ?'

उत्तरमा उसले बटन दबाई र ल्यापटपको पर्दामा हेर्न संकेत गरी । मैले उत्तर पाएँ । बेइजिङ्को दृश्य सम्झना भो । केटाकेटीलाई कुनै कुरा सोध्यो भने फोनका बटन दबाएर उत्तर खोज्थे र सही कुरा देखाइदिन्थे । उनीहरू जान्दथे– फिरंगीहरू चिनियाँ भाषा जान्दैनन् । त्यसैले अन्तर्राष्ट्रिय भाषामा अनुवाद राखेर फोनको पर्दामा देखाइदिन्थे, भनिदिन्थे । यस्तो सेवा र सहयोग दिन पाएकोमा उनीहरू पनि प्रसन्न हुन्थे, आफ्नो उद्देश्य पनि पूरा हुन्थ्यो । अब म यता फर्कें ।

मैले हठ राखेर सोधें, 'यहाँका मान्छे दोहोरो संवाद गर्न रुचाउँदैनन् ?' तर उसले सुनेको नसुन्यै गरी ।

सहसा एउटा सानो बालक दगुर्दै आयो र हठ र अधिकारवत् उसको स्तनपान गर्न खोज्यो । उसले पनि मातृभावको दायित्व पूरा गरी । मुढा जस्तो बसौटोमा बसेर उसले स्तनपान गराउने कृत्य पूरा गराई । बालकले उभिएरै स्तनपान गर्‍यो र सन्तोष मानेर फर्क्यो ।

यो दृश्यपछि मैले गुनें यो किशोरी त हैन पो रहिछ । आमा भैसकेकी कति चाँडो । अनि यो पनि गुनें, अब मेरो प्रश्नको उत्तर देली । मैले धैर्य लिन सकिनँ र प्रश्न थपें, 'यहाँ कुनै पाको, अनुभवी मान्छे छैन गाउँमा ? म केही कुरा जान्न चाहन्छु ।'

उसले पनि बटन दबाएर स्क्रीनतर्फ देखाई । मैले पढें– 'तपाईंको पहिलो प्रश्नको उत्तर : मैदानी क्षेत्रबाट आएकाहरूसँग हामी दोहोरो संवाद गर्दैनौं ।

तपाईंको दोस्रो प्रश्नको उत्तरः पल्लो पाखामा एक जना बाजे हुनुहुन्छ ।' अच्छामी' भन्दै जानुहोला, पुग्नुहुन्छ । समयको ख्याल गरेर जानुहोला ।'

पसलबाट निस्केर म बाटो लागें । एकछिन पछि उताबाट आउँदै गरेका एकजना पाको उमेरका मान्छे भेटिए । उनैले सोधे, 'तपाईं मलाई भेट्न चाहनुहुन्थ्यो ? समय छैन, यतै भेटौं । आउनुहोस् यताबाट जाऊँ । चाँडै पुगिन्छ । फेरि हतार हुँदैन ।'

बूढाले मलाई रज्जुमार्ग (रोप वे) बाट आफूसँगै तलै ल्याए । 'त्यो सीमान्त क्षेत्र थियो' उनले भने । 'यहाँ समयको बन्देज छैन । हामी खुलेर संवाद गर्न सक्छौं । यहाँ गेस्ट हाउस पनि छन् । चाहे बस्न सक्नुहुन्छ ।'

'यो देश, यहाँको भूगोल, जीवन र संस्कृतिको विषयमा केही बताउनुहोस् न । म कुनै संकल्प लिएर आएको होइन । मेरो अध्ययनको क्षेत्र मुक्त छ । यायावर भावले निस्केको छु, आज्ञा लिएर । बरु सल्लाह पाऊँ न ।'

'के भनौं, इतिहास दोहोरिन्छ भन्छन्, किरात युग अर्थात् यलम्बर युग फेरि आएको छ । यसलाई समयको माग ठानेका छौं । इतिहासमा यस्ता घटना थोरै हुन्छन् । एउटा यो पनि हो ।' वृद्धले भने ।

'जस्तो ।' मैले जिज्ञासा राखें ।

'मसँग अक्षर ज्ञान छैन । त्यसको पनि अर्कै कथा छ । मौका परे भनौंला । किनभने लिपि आफ्नो नभएपछि हराइने रहेछ ।'

मैले उत्सुकता देखाएँ ।

'भन्छन् गोठाले युग थियो, पहिले । गाई र भैंसी चराउने राज्य भोग गरेको कुरा सुनाउँछन् । होला भन्दै जाने हो । लाग्छ, किरात युगको महिमा गायनमा मान्छे थाक्तैन । जाति, संस्कृति, भाषा, रीति, नीति, धर्म, परम्परा जीवित रहेर पनि इतिहास जुन ढङ्गले लेखिनु र स्वीकार गरिनुपर्ने थियो त्यसो भएन रे ।'

'इतिहास त आफैं लेखिन्छ । लेखाएको इतिहासमा त्रुटि हुनसक्छ, दोष हुनसक्छ । साँचो इतिहास बुझ्ने र जान्ने पनि जन्मन्छन् । आशा गरौं । त्यसपछिका कालखण्डहरू बारे सुनौं न !'

'यहाँ लिच्छवि युग पनि हिंड्यो । तर गहिरो पदचिन्ह खासै देखिंदैन । भन्छन् धूमिल-धूमिल नै छ ।'

'अनि ?'

'मल्लकाल कला-वैभवका दृष्टिले उन्नत र समृद्ध थियो । सबै पक्षबाट युगसापेक्ष थियो भनिन्छ । आज पनि मल्लकालीन राज्य-व्यवस्थाको तारीफ

सुनिन्छ । यसका आधार पनि छन् । तिनले गरेर गएका कर्महरू भन्या कला– कौशल र सामाजिक व्यवस्था नै हुन् क्यार । पढ्न पाए वस्तुगत रूपले भन्न सकिन्थ्यो । त्यो यो जीवनमा सम्भव भएन । मल्ल राजाहरू एकसे एक थिए भनिन्छ । यी सबै कुरा मैले कर्णपरम्पराबाट सुनेको हुँ । संस्कृतिको संवर्धन गर्ने श्रेय नेवार जातिलाई जान्छ ।'

'फेरि ?'

'फेरि एकीकरण युग आयो । राजा र प्रजा/प्रमुख जाति मिलेर देश निर्माण गरे र यसलाई शाह युग भनिन्छ । यसलाई पूर्वार्द्ध र उत्तरार्द्ध भनेर बुझे पनि हुन्छ । किनभने बीचमा १०४ वर्ष कुँवर-राणाका सन्तानले राज्यभोग गरे । किन्तु स्मरणीय के छ भने शाह युगभित्रै कुँवर-राणा युग पालित-पोषित थियो । शाही राज्यसत्ता छँदै थियो– मानार्थ, केवल राजकीय शक्ति राणाका हातमा थियो भनिन्छ । राजकीय शक्ति परिचालन गर्नेले के गर्दैन र ? त्यसैको फल होइन र प्रलय-विलय ?'

'प्रलय र विलयको कुरा फेरि गरौँला । म जान्न चाहन्छु राणाले लुटे कि दिए ?'

'आधिकारिक ढङ्गले त म भन्न सक्तिनँ किन्तु म आफ्नो धारणा अनुसार यत्ति मात्रै भन्छु : लिनुभन्दा दिनु धेरै गरे । युग अनुकूल राज्यलाई हिंडाउने यत्न गरेका थिए भन्ने सुनेको छु । राणा युगमा जन्मेका मान्छे मैले देखिनँ । भौतिक विकासको थालनी राणाले नै गरेका थिए रे ।'

उनी सुनेका र आफ्ना मनमा लागेका कुरा मात्र भन्थे । उनको पठन मलाई सन्तुलित नै लाग्यो । प्रसङ्ग छुट्ला कि भनेर मैले जोडिहालें, 'राणा युगमा भएका महत्त्वपूर्ण कुराहरू केही होलान् नि !'

"आम्मै, छन् नि ! परिस्थिति र आवश्यकता अनुसार राणाले धेरै कुराको आरम्भ गरेका थिए रे । जस्तोः सडक निर्माण, शहर विकास, विद्युतीकरण, औद्योगिक संस्थानको स्थापना, पिउने पानीको व्यवस्था, विद्यालय-कलेजको स्थापना, ब्रिटिश-इटालियन तथा मुगल शैलीका भवनहरूको निर्माण, पाश्चात्य शैलीको प्रदर्शनकारी शाही/जङ्गी प्रशासन गतिविधि, सन्तुलित विदेश नीति ! यस्ता कैयौं कुरामा यो देशले राम्रो पाइला चालेको हो रे ।

एउटा अर्को पनि कुरा छ– राणा शासन जनताले राजनीति गरेको रुचाउँदैनथ्यो । गाथ र गादी ताक्ने शङ्का भयो कि रिसले आगो हुन्थे । अंग्रेजलाई खुशी पारेर राज्य गर्थे भन्ने सुनेको हुँ । असन्तोष र विद्रोह प्रकट गऱ्यो कि

भात-पानी बन्द गर्थे । शहीदको इतिहास राणाहरूकै समयमा निर्माण भएको नि ! मैले त यस्तै बुझेको छु । त्यसैले ९७ साल यस मुलुकको राजनीतिक इतिहासमा प्रजातन्त्र प्राप्तिका लागि गरिएको पहिलो र महत्त्वपूर्ण कदम हो भनिन्छ । नत्र रूखमा मान्छे किन फल्दा हुन् ? त्यसैले प्रजा भएर बस, राजनीति नगर, एक्लै नखाऊ हामीलाई पनि वेला-वेला सम्झ भन्ने राणाशासकको आशय थियो भन्ने लाग्छ ।"

'यी चतुर पनि थिए रे !'

'हो चतुर पनि थिए, कातर पनि थिए र धर्मभीरु पनि । राणाको विषयमा धेरै फाँट शेष छन्–अध्ययनका लागि । यो पक्ष बढी मूल्यवान् छ । राणाहरू एकसे एक विद्वान् पनि थिए, नीतिवान् पनि थिए, आचारवान् पनि थिए । दानवीर पनि थिए भनिन्छ । तर परवर्ती युगमा राणाहरूलाई अमानुष ठान्ने–भन्ने प्रचारबाजी चल्यो, जसबाट केवल द्रोह र नकारात्मक भावले विष वमन गर्न जनतालाई उक्साउन थालियो भनिन्छ । तर चारआनाको दोषलाई बाह्र आना बनाउने संस्कारको विकास जनस्तरबाट पनि थालियो । साँच्चै भन्ने हो भने सही मूल्याङ्कन भएकै छैन । राणा कुशल, दूरदर्शी र नीतिज्ञ हुँदैनथे भने श्री ३ महाराजको उपाधि लिन र राजपरिवारसँग वैवाहिक सम्बन्ध गाँस्न सक्थे त ?'

'अनि ?'

'मैले बुझेअनुसार चन्द्रशमशेरको खलक शाही राजपरिवारसँग वैवाहिक सम्बन्ध जोड्न चाहँदैनथ्यो । किन्तु जुद्धशमशेरको खलक यस मार्गमा सदैव अग्रसर रहेको भन्ने सुनेको छु ।'

'कारण ?'

'एउटा अलिक सरल, अलिक इमान्दार, अनि अर्को चाहिं पठित र अति सम्पन्न ! सरकारले बढी तुजुकदारसँग संबन्ध कायम गर्न नचाहेको हो कि ! शायद जुद्धशमशेरलाई राजर्षि महाराज भन्ने, भनाउने चलनले कुनै परिवेश तयार पारेको थियो कि न ? यी दरबार र दरबारियाहरूको कुरा बुझ्नु कसरी ?'

'बिहाको कुरामा नै जाऊँ न । के विवाह गर्न कठिनाइ नै थियो त ?'

'कठिनाइ त किन हुन्थ्यो, स्तर वा वर्ग मिल्ने हुनुपर्थ्यो नि ! त्यो त सर्वसाधारणमा पनि समानतालाई महत्त्व दिइन्थ्यो रे त्यसवेला । मिल्दोजुल्दो पात्र र परिवार हुनुपर्ने कुरा सामान्य हो । यो अवधारणा अब बल्ल घट्तै छ । नमिलाए खटपट होला नि ! कान फुक्नेको कमी पनि हुन्न र एकोहोरो शङ्ख बजाउँदा नरमाउनेको पनि हुन्न । मैले त यस्तै सुनेको छु ।

अँ, बिहाको कुरा चल्दै थियो । डोला तयार हुन्थे र आफ्नो छोरा सुहाउने डोला (कन्या) छानेर बिहा गरिदिन्थे । कहिले काहीं छोराका लागि भनेर लागेकी डोला बाबुले नै भोग लगाउँथ्यो । यस्ता किस्सा कति विद्वान्ले लेखेका पनि छन् ।'

'यो डोला प्रथा कस्तो ? यसबारे अरू भनिदिनु न ! मलाई उत्सुकता बढेर आयो ।'

'सभ्य र ठूला भनाउनेहरूलाई अझ खास गरी दरबारिया भनिनेहरूलाई बुहारी चाहियो भने नेपाली समुदायबाट योग्य कन्या तयार गरिन्थे । त्यसरी तयार पारिएकाहरू डोला भनिन्थे क्यार ! केही डोला इन्डियाबाट पनि ल्याएर तयार गरिन्थे र बुहारी बनाइन्थे । कहिले काहीं सवर्गीय भएर पनि तालीम प्राप्त गरेका डोलाहरू कुलवधू हुन नसक्ने स्थितिमा पुऱ्याइन्थे । रानी–महारानीको दर्जा र व्यक्तित्व सुहाउने लक्षण र क्षमता हुँदाहुँदै पनि बिटुल्याएर अर्कातिर मिल्क्याइन्थे । फेरि पनि गाँस–वासको प्रबन्ध मिलाइदिएकै हुन्थे । राणाहरू सर्वथा विवेकशून्य थिएनन् । नबुझ्नेहरूले पीडाबोध गरेर उडाएका मात्र हुन् । मैले भेटेका पछिका राणाहरूलाई पनि संस्कारयुक्त नै देखेको छु । छोडौं यी नसकिने र विवादित कुराहरू ! सुनेका भरमा आलोचना गर्न र आफ्नो तुलामा तौलन पनि मिल्दैन । नक्काशी भर्नु पनि आवश्यक छैन । नङ्ग्याउनु पनि हुँदैन । हरेकलाई आफ्नो शैलीले बाँच्ने अधिकार छ । के भनौं ?

वास्तवमा त्यस युगको जीवन–शैली बुझ्न सजिलो पनि छैन । कुमारी नानीहरू कतै औपचारिक कतै अनौपचारिक ढङ्गको वैवाहिक जीवनमा पनि प्रवेश गर्थे । स्वभाव, यौवन, रूप र व्यवहारले नै रानीहरू दर्जा पाउने गर्थे— परिवारमा जोडिने गर्थे । किन्तु यो कुरा पनि स्मरणीय छ कि यी डोला वर्गका नानीहरू होइनन् । घरेलु काममा ल्याइएका वा प्रवेश पाएका ग्रामबाला हुन् । विशेषतः गुरूङ, तामाङ परिवारबाट र थोरै नेवार समुदायबाट लिइएका हुन्थे ।

यस्ता स्रोतबाट विकसित सन्तानको तह, सुविधा र अधिकारको निरूपण पनि उल्लेख्य हुन्थ्यो क्यार ! समाजशास्त्रीय तथा सांस्कृतिक दृष्टिले पनि यो पक्ष अनुसन्धेय छ भन्या सुन्दैछु । हाम्रा केटाकेटीहरू कल्याङ–कुलुङ, कल्याङ–कुलुङ यस्तै कुरा गर्छन् । म पनि केही बुझ्छु, केही बुझ्दिनँ । तर पनि मलाई माया दिन्छन् । तिनको संगत पाएर म पनि आफूलाई तन्नेरी अनुभव गर्दछु । त्यसैले पनि सन्तुष्ट छु । मलाई पनि आफ्नो जीवनबाट केही हराउला र केही थपिएर पिरलो होला भन्ने लाग्दैन ।"

अछामी बाजेका कुरा सुनेर म चकित भएँ । उनीबाट पुरुषप्रधान, जातिप्रधान, शक्तिप्रधान समाजको अवस्थितिभित्र सामान्य परिवारका, गाउँघरका युवा नारीहरूको मूल्य र तिनको उपयोगिता बारे पनि मैले केही जानें । उनले जति भने त्यो उनले सुनेको र बुझेको र संचित गरेकै ज्ञानकोषबाट प्रवाहित थियो । आधिकारिक स्रोतमा आँखा पुगेका भए शायद अझ बढी जानकारी गराउँदा हुन् । मैले जति जानकारी पाएँ, त्यो मेरा लागि अवश्य मूल्यवान् थियो । अनि पूर्वापर प्रसङ्ग जोडेर भनें, 'रूखमा शहीद फलेको कुरा गर्दै हुनुहुन्थ्यो नि ! यसबारे सुनौं न !'

"ए, बाबू फेरि इतिहासतिरै फर्कनु भयो । सुनेका मात्र कुरा हुन् । मलाई इतिहासको जनकारी छैन । राणा युगबाट मुक्ति पाउने प्रयासमा लाग्दा राणा विरोधी तत्त्व भनेर फाँसी दिएका हुन् क्यारे । राजाले त्यसवेला, दण्ड विधानमा विवेक होस् भन्ने उद्‌गार दिएका हुन् भन्ने कुरा मैले पनि सुनेको हुँ । जनता मार्नुहुन्न भन्ने विचार राजा वीरेन्द्रमा पनि थियो रे । नत्र इन्डियाबाट परिचालित माओवादी भनिने गान्धीवादी आततायी छापामारलाई छिनभरमा स्वाहा पार्ने क्षमता थिएन र राजकीय शक्तिमा ? तर जनतालाई दबाउनु र मार्नु हुँदैन । जनता नै राजकीय शक्ति हुन्, राज्यशक्ति हुन् भन्ने उनले बुझेका थिएछन् । कहिलेकाहीं मूसो चढ्छ नि सिंहको शरीरमा ! के यसले सिंहको मृगेन्द्रत्व घट्छ र ? राजा ज्ञानेन्द्रले पनि जनतालाई मार्ने सोच राखेनन् । बरु 'जनताको नासो जनतालाई नै जिम्मा' भनेर दरबारबाट निस्के अरे । केटाकेटीहरू पुस्तक र बिजुली पत्र पढेर कहिले कहीं यस्तै सुनाउँछन् । घटनाको परख गर्ने क्षमता मसँग छैन । सुनेका कुरामा मनका कुरा जोडेर भन्छु, त्यत्ति हो ।

अँ, भन्दै थिएँ, प्रसङ्ग बिर्सन्छ नि वेला-वेला । ७४ वर्षको भएँ क्यार ! स्मृतिश्रृङ्खला चुँडिन्छ । फेरि जोड्न समय लाग्छ । अँ, के कुरा चल्दै थियो ? म पनि हरिभक्त कटुवाल भएँ क्यार । कविता वाचन गर्दागर्दै बिर्सन्थे । अनि कसैले लाइन/पङ्क्ति कोट्याइदिनु पर्थ्यो, फेरि निरन्तरता दिएर पूरा गर्थे रे ।

हरिभक्त कटुवालको यो स्वभाव निकै रोचक र स्वाभाविक लाग्थ्यो रे । उनको यो प्यारो अबोध, सरल वा अकृत्रिम स्वभावको चित्रमय घटनाबारे केटाकेटीले यू-ट्युबबाट टिपेर मलाई सुनाए ।

एकपटक, उबेलाको कुरा हो है, इन्जिनियरिङ इन्स्टिच्यूट, पुलचोक क्यापसमा कविगोष्ठी आयोजना हुने भो । विद्यार्थीहरू उत्साहित भए । विद्यार्थी हितशाखामा कविता जम्मा हुनथाले । वाचन योग्य कविताको छनोट प्रणाली प्रत्यक्ष थियो ।

अर्थात् कविता जम्मा गर्न आउने विद्यार्थीबाटै कविता सुनेर स्वीकृत/अस्वीकृत गरिन्थ्यो । आवश्यकता परे परिष्कार गरेर बुझाउने मौका पनि दिइन्थ्यो । म सुनेको कुरा भन्दैछु है, यात्री सर !"

'हजूर म सुन्दै छु ।'

'विजय पाण्डे कविता लिएर विद्यार्थी हित शाखामा पुगे र बडो स्वाद लिएर कविता सुनाए । उनको कविता वाचनमा रुचि र आत्मविश्वास थियो । कविता थियो– चौथो सेमेस्टरको एक्सरे रिपोर्ट । बडो पेचिलो, जोशिलो, प्रकम्पन ल्याउने अत्यन्त शक्तिशाली कविता थियो । क्याम्पस प्रशासन र आन्तरिक गतिविधिको सफल एक्सरे नै थियो । यस्तो सशक्त कवितालाई गोष्ठीमा वाचनबाट वञ्चित गर्नु पनि अपराध नै हुन्थ्यो । कविप्रति अविवेक गरेको ठहर्थ्यो । कविता कविता मात्र थिएन । त्यसमा विद्यार्थीको भोगाइ, तिनले भोग्नु परेको अभाव र वञ्चना पनि थियो । इन्स्टिच्यूटप्रति आलोचनात्मक दृष्टिकोण, व्यङ्ग्य, लौरो र धुलाइ पनि थियो । कविताले हाम्रो पनि कान कोट्याइदिएको थियो । सुनेर धीत मर्थ्यो । प्रौढ थियो, परिष्कृत थियो । सामयिक र सम्प्रेष्य थियो । श्रोता रोमाञ्चित हुन्थ्यो । जुरुक्क-जुरुक्क पार्थ्यो । यो कविताले वाचन पाउनुपर्छ भनेर विद्यार्थी हित शाखाले आत्मनिर्णय लियो :

'विजय, तिमीसँग अर्को कविता छ कि छैन ? छ भने त्यो यहाँ जम्मा गर । यो चाहिं आफैंसँग राख । सुनाउने वेलामा फाइलबाट तिमीलाई त्यो कविता दिन्छौं । पहिले त्यो कविता सुनाऊ । फेरि साथीहरूको माग छ भनेर तत्काल खल्तीबाट यो कविता झिकेर सुनाऊ । त्यसो गर्दा हामी पनि जोगिन्छौं । कविता वाचन पनि हुन्छ । सबै कुरा प्रत्यक्ष ! के भन्छौ ?'

चित्त बुझ्यो । कविता जम्मा गर्ने विधि पनि पूरा गरे र जुन कविता वाचन गर्नै पर्ने थियो त्यसको वाचन पनि बडो नाटकीय ढङ्गले पूरा भयो । सब स्तब्ध ! व्यङ्ग्य, विद्रोह र विस्फोटको कविता थियो– 'फोर्थ सेमेस्टरको एक्सरे रिपोर्ट' । कवि विजयको व्यक्तित्वमा अभय र आत्मविश्वासको रौनक प्रदीप्त देखिन्थ्यो । केटाकेटीहरू पुरानो कुरा यसै गरी सुनाउथे ।

प्रसंग हरिभक्त कटुवालको थियो । उनी कविता कार्यक्रममा प्रमुख अतिथि थिए । कविता वाचन गर्दा उनी रोकिन्थे र कसैले उक्साइदिएपछि पूरा गर्थे । उनेको मायालुपन र सहजै उदाङ्ग हुने– खुला पुस्तक हरिभक्त । केटाकेटी भन्छन्, उनका गीत कालजयी छन् रे । नेपाली संस्कृतिका प्रेमी कवि कटुवाललाई राज्यले ठाउँ दिन सकेन मात्र होइन उनको ज्ञान वा दक्षतालाई लिन पनि चाहेन

कि ! स्रष्टा त मानव समाजकै सम्पत्ति हो, शायद बुझ्नेका लागि मात्र । नत्र भिल्लका देशमा मणिको के काम भने पनि भो नि !

अँ, विजय पाण्डेको 'फोर्थ सेमेस्टरको एक्सरे रिपोर्ट' सुनेर हरिभक्त कटुवाल बढी प्रभावित थिए, प्रसन्नताले गद्गद थिए । पछिसम्म कविताको तारीफ गर्थे रे । तर त्यो कविताले क्याम्पस प्रशासनमा कम्पन ल्याएको अनुभव क्याम्मस परिवारले गर्न थालेको थियो । केटाकेटीहरू यस्तै रोचक घटना सुनाउँथे । म त्यसैमा दङ्ग पर्थें । सबै कुरा इतिहास भैसके नि अब, हैन र ? तर कविताको पराकम्प छँदैछ भन्छन् अझै ।"

'बाजे, तपाईंको बिर्सने बानीले छलाङ मारेछ । बीपी युग खै, महेन्द्र युग, वीरेन्द्र युग, सन्त युग, र आततायी युग त अझै कति पर छ छ । अनि कहिले पुग्नु दस्यु युग र उल्का युगमा ? अनि पो आउँछ विलय युग होइन र !'

'हो नि ! बिर्सने बानीले मलाई हरिभक्त कटुवालको बिर्सने बानीलाई पो सम्झायो त । अब म शहीदको सङ्कल्प मुलुकमा प्रजातन्त्रको बहाली गर्नु थियो भन्नेतिर पुगें नि हैन ।'

'हो ।'

'राजा र प्रजा दुवै पक्ष एक भएर प्रजातन्त्रको प्राप्तिका लागि लडेका थिए । राणा युगको अन्त गर्नु थियो र जनतामा मुक्ति, स्वतन्त्रता र आत्मविश्वासको अनुभव गराउनु थियो । प्रजातन्त्र पनि आयो किन्तु बल्छी लागिरह्यो । बल्छीको डोरीले दस्यु युगसम्म अल्झाउन छोडेको छैन रे । हाम्रा केटाकटी यसै भन्छन् । किन्तु म चाहिं यिनले सुनाएको कथाको आधारमा दस्यु युग नभनेर पातकी युग भन्छु । अझ सुरूङ युग भन्छु, किनभने भित्रभित्रै धेरै कुरा गरिसकेको हुन्छ । केटाकेटी यसै भन्छन् ।'

'तपाईं के भन्न रूचाउनु हुन्छ ?'

'म त दस्यु र दास मिलाएर ददा युग भन्छु । कोही दाद भन्छन् ।'

'कसरी ?'

संविधान सभाको गठनदेखि संविधान लागू नभएसम्म दस्यु युग भन्छु । संविधान लागू भएपछि दास युग भन्छु । किनभने राजकीय शक्ति अर्काको हातैमा जिम्मा दिए । आफू चाहिं विदेशी शक्तिको घोडा र कठपुतली भए । त्यसैले यसो भनेको । दस्यु युग अलिक सानो छ, दास युग भन्दा । मैले यस्तै बुझें है योगी सर । राणा युग चाहिं शक्तिशाली थिएछ भन्ने कुरा बुझिंदै छ । घाउ, खटिरा थिएनन् बाहिर । रोगहरू विकृतिहरू दरबारभित्रै थिएछन् । यस्तै थिए छ त्यो युग ।'

'यसको अर्थ हो– राणा गतिला थिएनन्, हैन ?'

'हैन, त्यसो हैन । राणा जनताप्रति कहिल्यै आक्रामक रहेनन् । तर जनताले राजनीति गरेको उनीहरू मन पराउँदैनथे । अनि सीङ जोर्न आउनेलाई कुनै पनि हिसाबले तह लाउँथे । मैले बुझे अनुसार दया र दण्ड दुवै कुराको अमल गर्थे ।'

'समाजको संरचनामा या विकासमा कुनै खास योगदान छ ?'

'यसलाई दुवै ढङ्गले हेर्न सकिन्छ क्यार ! म यसलाई विवेकमय नै भन्छु । जस्तो एउटा कथा सुनाउँछुः

जति मारवाडीहरू छन् तिनले नेपाल छोडेर आफ्नो देश फर्कनू भन्ने आदेश जारी गऱ्यो रे राणा सरकारले । त्यसपछि मारवाडी बन्धुको एउटा टोली गएर, 'सरकार ! तिब्बतसँग नेपालको युद्ध हुँदा बर्माबाट खाद्यान्न झिकाएर हामीले नै योद्धा जवानलाई वितरण गरेका थियौं । व्यापार नै सही, हिसाब सान्ति नै सही, अप्ठ्यारो स्थितिमा बल-सहयोग त पुऱ्याएका हौं । गुन बिर्सेर हामीलाई देश छोडेर जा भन्ने सरकारको आदेशले अप्ठ्यारो पारेको छ सरकार ! हामी कसरी बैगुनी भयौं र यस्तो दण्ड किन हामीमाथि सरकार !' भनेर अनुरोध गरेपछि 'ल, भैगो त' भनेर आदेश स्थगित गरेका थिए रे । यस प्रसङ्गले पनि राणाको चिन्तन र व्यावहारिक चातुर्यलाई हेर्न, बुझ्न वा मूल्याङ्कन गर्न सकिन्छ क्यार नि !'

'यी को थिएछन् जान्न सकिन्छ ?'

'सकिएला, पञ्चायत युगमा राजधानीको केन्द्रमा सत्यनारायण अग्रवाल भन्ने उदारचित्त व्यक्ति थिए । कुनै तहको राजनीतिक एकाइसँग जोडिएका थिए भन्ने बुझिन्छ । उनैले यस कुराको जिकिर गरेका थिए रे । नत्र मारवाडीले बर्माबाट खाद्यान्न ओसारेर दुर्गम हिमाली क्षेत्रको रणभूमिमा पुऱ्याएर युद्धरत सेनालाई खुवाएको कुरा शासकले थाह नपाएको होला र ? सत्यता देखेरै त विवेक पुऱ्याए भन्नुपर्छ कि ? तपाईंलाई के लाग्छ ?'

म सुन्दै रहें ।

उनले थपे, 'अब यौटा उदाहरण घर-गृहस्थीबाट । यो कुरा पनि सुनेको र सुनेकोबाट पनि सुनेको कुरा हो । सुशीला रानी राणा उसवेला दरबारमा काम गर्थिन् रे । झण्डै नाति पुस्ताको केटाले प्रश्न गरेपछि उनले भनिछन्– हेर न बाबू, राणाले खाए, राणाले खाए भन्छन् । सबै त्यसैमा हो हो जोड्छन् । किन्तु त्यो सत्य होइन । खाएको हो, तर एक्लै राणाले मात्रै खाएको होइन । म तिमीलाई मेरै घरबाट प्रमाण दिन्छु ।'

'हजूर'

'हेर, यहीं हेर । यो घरमा हामी दुई जना छौं । उहाँ प्रोफेसर हुनुहुन्छ । तर हाम्रो परिवार निकै ठूलो छ । पूजा कोठा, भान्सा कोठा, बैठक, व्यवस्थापन, किनमेल, सरसफाइ, गाई-गोठ, घोडा-तबेला (अहिले ड्राइभर), खेती उठ्ती, राखन-धरन, साहु आसामीको लेनदेन के सबै काम हामी दुई जनाले गर्ने हो र ? गरेर भ्याइन्छ ? भ्याइन्न पनि सकिन्न पनि । फेरि मेरो त एम. ए. को पढाइ पनि छ र काम पनि गर्दै छु । यतिका काम छन्, के चाहिं गर्ने के चाहिं नगर्ने ? मेरो लुगा धुने र कोठा हेर्ने मात्रै दुई जना नानीहरू छन् । के ठान्छौ, यो घरमा हामी दुई प्राणी मात्र छौं ?

सुशीला रानीले फेरि थपिन्– 'हैन हामी दुई बाहेक भण्डै बाइस जोडी अरू हाम्रो परिवारमा छन् । यी सबैलाई पालेर, सबैलाई बाँडेर र सबैलाई खुशी तुल्याएर हामी बाँचेका छौं । यी त हाम्रा अङ्ग हुन्, परिवारका सदस्य हुन् । यी खुशी भए भने, निरोगी रहे भने हामी पनि निरोगी र सुरक्षित रहने छौं ।'

ललितपुरको ब्रिटिश क्याम्पको पूर्वोत्तर दिशामा सुशीला रानीको घर थियो भन्ने कुरा गुगलले पनि देखाउला कि भन्छु ।'

सुशीला रानी कति उदार विचार भएकी नारी रहिछन् । पृथ्वीनारायण शाहले अर्को शब्दमा यही कुरा गरेका होइनन् र ? प्रजा मोटा भया राजा बलिया भन्ने तात्पर्य यही त हो नि ।

राजपरिवारमा पाइने एउटा उदात्त विचार यही हो कि अरूलाई पनि दिऊँ आफू पनि खाऊँ । यो पुरानो युगको राजकीय चिन्तन या व्यवहार हो । सुशीलाबाट मैले पछि बुझें । राणा परिवारको सान्निध्यमा पुगेकाहरूले यो कुरा राम्रोसँग अनुभव गरेका होलान् भन्छु ।

सुशीलाको भनाइ थियो– उनको परिवारमा जोडिन आएका सदस्य केवल उनकै मात्र सेवा गरेर बस्छन् भन्ने होइन । कति एक्ला हुन्छन्, वर्षमा एकचोटि आफ्नो घरमा जान खोज्छन् । मौका हेरेर तिनलाई बिदा गर्नुपर्छ । दरबार पसेको छोरो अथवा छोरी उसले खाली हात जानु भएन, खाली पठाउनु भएन, त्यो सुहाउने कुरा पनि भएन । किनमेल, सर-सामानको व्यवस्था, छुट्टीमा जानेहरूको साथी या जोडी, अधिकार र विश्वसनीयता सबैतिर ध्यान पुऱ्याउनु पर्थ्यो । त्यतिका कामदार मान्छेलाई तालिका मिलाएर प्रत्येक महीना सरसामानको भारी सहित अन्भाउनै पर्ने निरन्तरताले दायित्व र नैतिकताको पथमा हिंड्न उनीहरूलाई पनि बाधा पार्थ्यो । लाग्थ्यो, चेली-ज्वाइँ वा भाञ्जाभाञ्जीको डोली अन्भाउँथ्यो दरबार ऋतुपर्व हेरेर, विवेक र औचित्य देखाएर ।

त्यसैले भन्नै पर्छ– दरबारियाहरू आफूमात्रै पालिएका थिएनन्, आफूसँगै निकै ठूलो परिवार समेटेर बसेका हुन्थे । तिनको जीवन र स्थितिलाई सकारात्मक भावले पोषण गरिरहेका हुन्थे भन्ने बुझिन्छ । त्यसैले राणायुगीन समाज-व्यवस्था र परस्पर सहयोगको सीमा र औचित्य नबुझे युगको सार थाह पाउन सकिन्न कि भन्छु ।"

मैले उनको अनुहार हेरें । आयु नापें । गुनें शायद यो बसाइ लामो भयो । अन्न-पानी र औषधिको शरीर अब उनलाई आराम पनि चाहिन्छ होला भन्ने ठानेर बिदा लिएँ । अर्को पटक भेट्ने सल्लाह भयो ।

'बाबु आइहाल्नुभो । एउटा अर्को किस्सा पनि सुनेरै जानुहोस् । फेरि मौका पर्ने हो कि होइन । मेरो पनि घाम डुब्न लागेको छ । के थाह कुन वेला के हुन्छ !'

'ज्यू ।'

'यी पनि एक राणा नै हुन् । यिनका विषयमा पढेर केटाकेटीले मलाई पनि सुनाए । मैले सुन्या कुरो म सुनाउँछु । यसमा मैले नक्काशी भरेको छैन ।'

'कसरी पढेछन् ?'

'ए यूट्युब भन्छन्, ईबुक भन्छन्, अभिलेख भन्छन् । पञ्चाङ्ग भन्छन् । खगोल, संगोल, भूगोल भन्छन्, तन्त्र र दर्शन भन्छन्, फलित र सिद्धान्त भन्छन् । यहाँसम्म कि यसका रौं कहाँबाट कति खसे र के गर्दा, सब जान्दछन् । आज कुनै कुरा कठिन छैन । कठिन छ भने एउटै कुरा कठिन छ । त्यो हो मान्छेको मन । कसैको मन पढ्न सकिन्न । पारै लाग्दैन ।'

'अँ, म के भन्दै थिएँ ?'

'नक्काशी नभरी राणाजीको बारेमा भन्ने कुरो चल्दै थियो ।'

'ए ! सम्झिएँ । संझाएकोमा धन्यवाद । ती हुन् दामोदर शमशेर जबरा !'

'कत्रो लामो नाम !'

"नाममा आएका प्रत्येक शब्दको भिन्नभिन्न र खास अर्थ छ क्यार ! यी त्यसै उमारेका शब्द होइनन् । यसबारे फेरि कुरा गरौंला ।' बाजेले प्रसङ्ग मिलाएर भने– दामोदर शमशेर भने पञ्चायत युगका अत्यन्त प्रभावशाली व्यक्ति हुन् । यी कुशल प्रशासक र प्रबुद्ध राजनीतिज्ञ थिए । दुई चरित्र एउटै व्यक्तिमा पाइनु अपूर्व कुरा हो । वास्तवमा उनी शुद्ध, बुद्ध, प्रबुद्ध राजयोगी थिए भन्दा हुन्छ । कसैसँग उनको तुलना हुन सक्तैन ।

त्यसवेला शाही दरबार र जनताबीच सेतु थिए दामोदर शमशेर । प्रशासन, राजनीति र वर्गीय संगठन मार्फत शाही र जनस्तरसम्म प्रत्यक्ष सरोकार राखेर

गतिशील रहने व्यक्ति थिए उनी । पञ्चायतलाई पोषण गर्न र त्यसलाई पल्लवित बनाउन उनको ठूलो योग रहेको छ भन्ने बुझेको छु । भन्छन्, पञ्चायतलाई थाम्न र लोकप्रिय बनाउन उनले आफ्नो आयु मात्र होइन अपितु विवेक र सम्पत्ति पनि लगाए । सुनेको छु, उनलाई भेट्न गएको मान्छे कहिल्यै निराश फर्किएन । मानौं आधा दरबार उनैबाट परिचालित हुन्थ्यो । माधव शमशेरको सम्पत्तिको ठूलो भाग पञ्चायतको अस्तित्वमा खर्चिएको हो कि वा ! दामोदर शमशेर देशभक्त त थिए नै लोकप्रिय र राजभक्त पनि उत्तिकै थिए भन्नु पर्छ । मैले यस्तै बुझेको छु ।"

'त्यसो भए राणाहरू व्यक्तित्ववान् थिएछन् हैन त ?'

"हेर्नोस् बाबु, कुन-कुन आयामबाट हेर्ने ? त्यसमा निर्भर छ । तर यी प्रचार गर्दैनथे । काम गरेर देखाउँथे भन्ने देखिन्छ । जस्तो दुईचार जनाको नाम खूब सुनिन्छ । महावीर शमशेर र सुवर्ण शमशेरले त राजनीतिक दल र व्यक्ति/नेतालाई पनि पालेका थिए भनिन्छ । वास्तविक इतिहास पढ्न पाएको छैन । जगदीश शमशेरको नाम पनि यस श्रृङ्खलामा आउँछ क्यार ! साधु र विद्वान्लाई सहयोग पुऱ्याउन जगदीश शमशेर सधैं जागरूक थिए भनिन्छ । जानकारहरू कृष्णप्रसाद भट्टराई (नेता) र मोहन कोइराला (कवि) प्रति जगदीश शमशेरको विशेष सम्मान थियो भन्ने गर्छन् ।

विद्वत्ता र ज्ञानको क्षेत्रमा पनि राणा परिवार आदरणीय थियो । त्यस्ता व्यक्ति संख्याको हिसाबले त कमै थिए, किन्तु जति थिए ती ए-वान थिए भन्ने बुझेको छु । केशर शमशेरको अध्ययन र पुस्तकालयबारे निकै चर्चा गर्छन् । सरकारका मातहतमा पुगेपछिको स्थिति थाह हुन सकेन । अन्त नभेटिने पुस्तक केशर पुस्तकालयमा हुन्थे रे ।

नेपाली वाङ्मयमा प्रतिभा र व्युत्पत्तिका साक्षात् अवतार थिए बालकृष्ण सम, उनी पनि जबरा नै हुन् अर्थात् जङ्गबहादुर राणा । उनी पूर्वीय, पाश्चात्य दर्शन र साहित्यका प्रकाण्ड विद्वान् मानिंदा रहेछन् । काव्य र नाटकमा अपूर्ण योग पुऱ्याएर गए । अनुसन्धाता प्राज्ञहरू भन्छन्–सम दार्शनिक हुने कामना राख्तथे र त्यस लायक पनि थिए । शायद, सिर्जनात्मक लेखनले उनलाई उछिन्यो या अरू कुनै कारण थियो । दर्शनको अभीष्ट उचाइमा पुग्न सकेनन् शायद ! उनको मूल्याङ्कन सजिलै हुनसक्तैन । प्रा. जगन्नाथ त्रिपाठीले चाहिं समको उचाइ, गहिराइ तथा व्याप्ति र सूक्ष्मता बुझेका थिए क्यार ! समको कला-चेतना र सौन्दर्यको परख शायद अर्कोले त्यति गर्न सकेका छैनन् भन्छन् । त्यसैले होला समको समग्रतालाई बुझ्न सक्ने एउटै विद्वान् जगन्नाथ थिए– भनिन्छ ।"

बाजेका कुरा सुनेर मलाई आश्चर्य लाग्यो । त्यति पुराना कुरा अहिले उनैका अगाडि भएका हुन् जस्तो ढङ्गले भन्छन् । फेरि पनि यस्ता कुरा कसले सुनाउला मलाई त्यो युगमा पुऱ्याएर । त्यसैले अज्ञानी वार्ताकारको जस्तो बीचैमा कुरा काटेर मैले व्यवधान गर्न चाहिनँ ।

'अनि ?' मैले आफ्नो जिज्ञासा बढाएँ ।

'अघि एउटा नाम लियौं नि के रे_ ए ! जगदीश शमशेर । त्यस्तै माथिल्लो उचाइका स्रष्टा हुन्–जगदीश शमशेर राणा । सिर्जना र मीमांसामा उनी उपल्लो तहका साहित्यकार हुन् । कलाको परख र विद्वान्को कदर गर्न उनी कहिल्यै चुकेनन् रे । साहित्यकार, कलाकार, विद्वान्, विद्यार्थी र ज्ञानीहरूप्रति उनी स्नेह र सम्मान राख्थे भन्ने बुझेको छु । कीर्तिवान् तथा कुशल शासकको प्रतिविम्ब उनमा भेटिन्छ भन्थे । विश्व साहित्यका ज्ञाता र माथिल्लो तहका विद्वान्को श्रेणीमा गनिन्छन् रे उनी । कुनै शोध-प्रज्ञ, जो प्रा. शोभाकान्त मिश्रका अधीनमा रहने शोधार्थी हो, उसले सिद्धनाथ साहित्यको चर्चाको प्रसङ्गमा आनन्दमुनिलाई भेटेको थियो । जगदीश शमशेरकै उत्प्रेरणाले शोधार्थी तान्त्रिक मुनिलाई भेट्न गएको थियो ।'

'बाजे, तपाईंले त राणाकै मात्र कुरा गर्नु भयो नि !'

"कस्तो आक्षेपपूर्ण संवाद हो यो ? जब राणा युगको चर्चा चल्छ भने गतिला राणाको चर्चा चल्ने नै भो नि ! प्रतिशतमा सबै राणा त्यस्ता अगतिला थिए होलान् त ! राणा युगमा राणा नै खुबीदार थिए र हुनपर्छ भन्ने पनि छैन ! प्रसङ्ग कुन धारमा चल्यो त्यसै क्रममा आएको नाम हो । गैर राणाको चर्चा चाहियो भने त्यो पनि छ ।

महात्मा बुद्ध, गोरखनाथ, यलम्बर, जयस्थिति मल्ल, गुरु षडानन्द, योगी नरहरिनाथ जस्ता कैयौं ज्ञानी, साधक, महात्माहरू यसै माटोमा थिए क्यार ! त्यस्ता महान् आत्माहरू आज पनि छन्, तर राजनीतिको धूवाँले ढाकेको हुँदा ती सजिलै देखिंदैनन् । त्यसैले अरू विद्वान्को चर्चा गर्न सकिन्छ ।

गुरु पद्मप्रसाद भट्टराई, गुरु हेमराज पाण्डे, हेडगुरु सोमनाथ सिग्द्याल, गुरु देवदत्त पराजुली, कुलचन्द्र गौतम, बाबुराम आचार्य, यदुनाथ खनाल, राजेश्वर देवकोटाको तुलना जोसुकैसँग हुन सक्ला र ? अनि छविलाल पोखेल, लैनसिंह वाङ्देल, ईश्वर बराल, त्रिरत्न मानन्धर, हृषीकेश शाह, माधव घिमिरे र सत्यमोहन जोशी त हाम्रा मुकुट हुन् । भानुभक्त र महाकवि देवकोटा अन्यतम उचाइका सुमेरु हुन् । के भन्ने ? कति भन्ने ? आचार्य पुरुषोत्तम भट्टराईको विद्वत्तालाई बुझ्ने को ?'

बेलायतबाट कानूनमा मास्टर्स गर्ने व्यक्ति हुन्– सागरशमशेर । मैले बुझेको छु– उनले वाशिङ्टन पुगेका वेला एउटा साहित्यिक संस्थाको कार्यक्रममा बोल्न थोरै समय माग गरेका थिए । सांसद, विद्वान् र देशको हैसियतले उनको अनुरोध सही लाग्यो । परिणाम के भो, संस्था जान्ला । जुन भूगोल र जुन विचारको निर्माण हो– आयोजनामुख, ऊ प्रजातन्त्रवादी संस्थाको थिएन, मोहनविक्रम विचारका आस्थाले भूमिका खेल्यो क्यार ! सागर शमशेरजस्तो सुझबुझ भएको व्यक्तिले कदाचित् सम्बोधन गर्न पाएनन् भने त्यहाँ आयोजकको हठ, अहम् या विशिष्टता बोधले नतमस्तक हुनुपर्छ– विद्वान् यात्रीले होइन । यदि उनले बोलेका भए संस्थाको प्रकाशन अभिलेखमा चढेको हुनुपर्छ । सत्यता अझै सुन्न पाएको छैन ।

गेहेन्द्र शमशेर वैज्ञानिक थिए । उनको प्रस्ताव र योजना राज्यशक्तिले सुनेको भए उसैवेला नेपाल हात-हतियार उत्पादन गर्ने मुलुकमा माथिल्लै दर्जामा गनिने थियो भन्ने टिप्पणी पनि सुनेको छु । राज्यको विवेक, दृष्टि नपुग्दा एउटा अव्वल दर्जाको प्रतिभा खुम्चिएर बस्यो भन्ने सत्य बुझेको छु । क्षति त मुलुकलाई भयो नि हैन र ! खुकुरी पनि अर्कै मुलुकबाट मगाउन थालेको हो क्यारे ! पछि त महावीर पुनको विज्ञताको पनि उपेक्षा भयो रे ।

तपाईंलाई थाहा होला कि नहोला म जान्दिनँ । यो माटोमा धेरै ज्ञानी, साधक, विद्वान् र तान्त्रिक पनि भए । धेरैको नाम चलेन । उनीहरू प्रचार र प्रशंसाको पथमा थिएनन् । तर धनशमशेर चाहिँ तान्त्रिक भनेर चिनिए । नेवार समाजमा तन्त्रविद्याको ठूलो महिमा छ, सिद्धहरू पनि थिए, शायद आज पनि होलान् । तिनको खोजी छैन । यदि धन शमशेरको नाम तन्त्र विधामा आउँछ भने त्यो पनि गर्व गर्नैपर्छ, किन्तु यो प्रसङ्गमा सिद्ध आनन्दमुनि वज्राचार्यलाई बिर्सन मिल्दैन । हरेक युगमा हरेक समुदायमा केही विशेष व्यक्तिहरू भए, थिए । माटोले विशिष्ट विद्वान्, ज्ञानी र साधकहरू पायो । तिनको परिचय बाँचेकै हुनुपर्छ ।"

बाजेले धेरै ऋजुता छोडेर भने, "एकपक्षीय ठानौंला तर त्यहाँ समाज दर्शन, राजनीति चिन्तन, माटोप्रति सद्भाव राख्ने व्यक्ति पनि थिए भनिन्छ । साहित्यको यात्राबाट विशिष्ट चिन्तन प्रक्षेपण गर्ने व्यक्ति पनि थिए । यिनैलाई म चेतना, ज्ञान र इतिहासका गुरु मान्छु– जो माटो, जीवन र संस्कृतिप्रति ममता राख्छन् । शरीर अन्नपानीले बाँचेको छ भने मलाई यिनको चेतनाले जीवित राखेको छ भन्न संकोच छैन । त्यसैले पनि म दङ्ग छु ।

हो पनि, यदि उनीहरूको गुनासो सुनिदिने कोही छ भने मै हुँ । टिप्पणी, प्रतिक्रिया वा मीमांसा सुनिदिने, मर्म बुझिदिने व्यक्ति पनि त छैन । फुर्सत कसलाई होला र ! किन्तु सत्य भनौं भने यी बच्चाहरूका लागि शायद म त्यति उपयोगी हुन सकेको छैन । जति मेरा लागि उनीहरू सूचना र ज्ञान प्राप्तिका अजस्र स्रोत बनेका छन् ।"

इतिहाससम्म त ठीकै थियो तर जब बूढा मान्छे व्यक्ति पूजनमा ओर्लिए, मलाई अप्रिय लाग्यो । यथार्थमा न मलाई प्रशंसा सुन्नु थियो न निन्दा । गुरु बैजनाथबाट परनिन्दा, परपूजा र परान्नबाट जोगिने दीक्षा लिएको थिएँ । त्यो बिर्सन हुने थिएन । त्यसैले ऐजन मौकामा भेट्ने भनेर मैले यो बैठक सक्ने विचार लिएँ ।

अब म स्वरूप, विचार र व्यवहारले अर्कै भएँ र अर्कै देखिएर प्रस्तुत हुँदैजाने सोच राखें । परिवेश, पात्र र उद्देश्य अनुसार पृथक्-पृथक् रूप र शैलीमा प्रस्तुत हुने भएँ । अब लीला गर्नु आवश्यक थियो ।

◆◆

# भासिएकी किशोरी

म जान्दछु, प्रकृतिमा आएको विप्लवले पनि कैयौं राष्ट्रको स्वरूपमा परिवर्तन आएको छ । देशहरू आपसमा जुधेर पनि नाप र नक्शामा तलमाथि भएको छ । कैयौं देश अर्को देशमा विलय भएका छन् अनि कैयौं देश जन्मेका र छुट्टिएका पनि छन् । अझ पीडाजनक कुरा त विना देशका भूमिपुत्र पनि छन् । अर्को देशमा पुगेर आफ्नै सरकार र आफ्नो जीवन पद्धति-प्रणाली मान्नेहरू पनि छन् । अङ्गीकृत हुने र बसाइ सर्ने प्रक्रिया रोकिने देखिंदैन । फेरि शरणार्थी बनाउने र गुरिल्ला तयार गरेर छर-छिमेकमा परिचालन गर्ने अभ्यासलाई निरन्तरता दिने योजनामा अझै सुस्ती आएको छैन । आतङ्ककारी मात्रै नभएर ती आततायी परम्पराकै थिए भनिन्छ ।

यद्यपि यस खालका कतिपय कुरा गुगलको माध्यमले हेर्न बुझ्न सकिन्छन् । किन्तु म धेरै पछि जन्मेको प्राणी भएको हुनाले पुरानो समयको भाषा र घटनाबारे सम्यक् बोध गर्न सजिलो पनि थिएन । स्थानीय भाषा म नबुझ्ने, त्यहाँको नयाँ पुस्ता मसँग दोहोरो कुरा नगर्ने र जो मसँग संवाद गर्थे ती पनि कि पढ्न नसक्ने कि देख्न नसक्ने कि सुन्न नसक्ने । मेरा लागि सजिलो अवश्य थिएन ।

यस्ता कुराले मेरो मानसिकता विचलित थियो । फेरि यहाँको धरती देखेर आफैंलाई दुख्यो । नङ्ग्र्याएर, चिथोरेर, टोकेर, चिमोटेर, भत्काएर, छेडेर विरूप बनाएको शरीर जस्तो थियो पुराना डोबले यो धरती । हो न हो बहुदलका प्रजातान्त्रिक राज्य व्यवस्थाभित्र सत्ताधारीहरूको वर्चस्व भएको वेला बलात्कार गरेर मारिएका किशोरी चेलीहरूको क्षत-विक्षत नग्न देह हो । धरतीको यस्तो स्वरूप देख्ता वैराग्य लाग्थ्यो ।

दिनभरि पैदल हिंडें । युवाजन भेटिंदैन थे । जो भेटिन्थे काममा व्यस्त देखिन्थे । मौका हेरेर या कुनै बहाना गरेर केही कुरा सोधे पनि कम्प्युटरको स्क्रीनमा उत्तर हेर्नु पर्थ्यो । अनि यसबाट मैले आफैं उत्तर खोजेर सार निकालें– वास्तवमा तलतिरबाट मानवले असाध्य सताएका हुनाले त्यताबाट

आएकाहरूसँग दोहोरो संवाद नगरेका रहेछन् । आज यहाँका मानवले उताका मान्छेलाई उपेक्षा, घृणा र अवहेलना नगरेर आफूलाई नै पन्साएर तटस्थ राखेका हुन् भन्ने बुझें । सहयोग अवश्य गर्छन्, तर्छिएका हुनाले आफैंलाई जोगाउने यत्न गर्छन्– जस्तो आक्रामक वा अस्वस्थ चिन्तन र व्यवहार देखाउने मानवका सम्मुख नव किशोरीहरू परै हच्किन्छन्, तटस्थ देखिन पुग्छन् । किनकि जोगिनु आवश्यक भइदिन्छ । यद्यपि म तिनले ठानेको-सोचेको क्षेत्रबाट आएको थिइनँ, किन्तु आफ्नो बारे भन्ने या सफाइ दिने अवसर पनि मिलेको थिएन, परिवेश थिएन भन्नु पर्‍यो ।

मुक्त बन्देज । म आफूलाई मुक्त बन्देजभित्र पसेको अनुभव गर्न थालें । सर्वत्र खुला छ तर आफूले चाहे जसरी र चाहेको ठाउँमा, देखेको संसारमा पुग्न सक्तिनथें । कसै-न-कसैको सहयोग लिन पाएका खण्डमा आफ्नो उद्देश्यमा प्रगति आउन सक्थ्यो । किन्तु सबै कुरा सुलभ भएर पनि दुर्लभ थियो । सरल भए पनि जटिल थियो । धेरै कुरा खुकुलो भएर पनि असजिलो किन ? सुवासिनी, सुभाषिणी रिसाएपछि गृहव्यवस्थाको गति रोकिए जस्तो हुँदै थियो दिनचर्या ! आखिर गाँठो कहाँ पर्‍यो ? मेरो लागि किन सहज हुन सकेन यहाँको वातावरण ? आफैंतिर प्रश्न फर्कियो ।

'निङ ! तिमी यहाँ थिएनौ कि ?'

'जी बाजे, तपाईं बाथरूमतिर हुनुहुन्थेछ । म एकैछिन बाहिर पुगेर आएँ । उताको बाजेले कल गर्नुभएको थिएछ । मेसेज पनि थिएछ । पाहुना लिन गएकी थिएँ ।'

'खै त, कता हुनुहुन्छ, पाहुना ?'

'सेवारो, तासिदेले हजूर, म यतै छु ।'

'सेवारो, बस्नु होस् ।'

'बाजे, तपाईंको अगाडि त फुच्चेको पनि फुच्चै । तिमी भन्दा हुन्छ नि !'

हुक्काको नली यसो पन्साएर बाजे उठे । अनि भने, 'यतै छेउमै बस्नुहोस् ।'

उनी बिस्तारै उठे र बिस्तारै बसे । मैले अनुमान गरें शायद उनी देख्न सक्तैनन् । यहाँ के बोल्ने के नबोल्ने भनेर एकछिन अलमल्ल परें ।

'यहाँलाई मैले कस्तो सम्बोधन गर्ने ?' भनेर प्रश्न गरेपछि उनले भने, 'बाजे भन्दा पनि हुन्छ । त्यो उमेरको पनि नाता हो । धेरै कुरामा परिवर्तन आएको छ भन्छन् । सबै चालचलन, यस्तो रीतिरिवाज पनि उतैबाट आएको भन्छन् । बच्चा पाउने र मान्छे जन्माउने, बिहा गर्ने चलन पनि विदेशबाटै सिकेको भन्न थालेका छन् । देउता पनि उतैका आएका छन् क्यार ! के छ भन्नु र अफ्नू । उस्तै उस्तै हैन र ?'

म सुन्दै रहें ।

'निङ, उहाँसँग कुरा गर न । उहाँको बारेमा मैले थाह पाउनु पऱ्यो नि !'

'मैले कुरा गरिसकें । बाजेसँगै मिल्छ । तपैं नै कुरा गर्नु न ।'

'निङ पन्सिन खोजी । उसले पनि अप्रत्यक्ष ढङ्गले मसँग कुरा गरी– बाटैमा । मैले सोधेको कुराको उत्तर ऊ टेलिफोनको स्क्रीनमा दिन्थी । उसैका हातबाट मैले उत्तर थाह पाउनु पर्थ्यो । नयाँ उमेरकाहरू मसँग प्रत्यक्ष संवाद गर्न चाहँदैनथे । यो नियम वा कानून थियो अथवा औचित्य हेरी निर्वाह गर्नु थियो, उनै जानून् । परन्तु मोटामोटी सार यति नै हात पऱ्यो– बाहिरियासँग दोहोरो संवाद गर्दैनथे । जो वृद्ध थिए उनीहरू उचित ठाने संवाद गर्थे, किन्तु विचित्रका कुरा सुनाउँथे ।

'निङ ! मलाई चियाको तिर्सना भो । उहाँलाई ब्ल्याक कफी ल्याऊ ।'

'मैले तपाईंको अगाडि कफी राखिसकें ।' निङले भित्रैबाट उत्तर गरी । बाजे आफ्नो अगाडि राखेको कफी/चिया समाउन अभ्यस्त थिए, किनभने कप राख्ने ठाउँ निश्चित हुन्थ्यो । मैले आफ्नो कफी लिएँ, उनले आफ्नो कप टिपे ।

निकै लामो समय लगाएर मैले कफी सकें । राजनीतिक दहलहरूले आफ्नो सरकार गिराउन नाना भाँतिले नीति उल्लंघन गरे जस्तो मैले पाउनाको हैसियतले नीति नाघ्न सकिनँ । फेरि किशोरी निङको मन पनि राख्नु थियो । खाने-पिउने कुराको परित्याग वा उपेक्षा गरेर आतिथेयको उपेक्षा गर्नु पनि शोभनीय हुने थिएन । त्यसैले हलाहलको अनुभव गरेरै भए पनि मैले कफी सकें । ठानें– कस्तो अरुचिपूर्ण नैतिक निर्वाह, छिः ! मैले आफैंलाई अयोग्य र अपात्र ठानें । बाजे र निङको आतिथेय कर्तव्यबोध र श्रद्धामा कुनै प्रश्न छैन । थिएन । मैले त्यो पचाउने यत्न गरें– अग्नि भएर ! तर मेरा मनमा प्रश्न उठिरह्यो– मेरा लागि ब्ल्याक कफीको माग गरेका थिए बाजेले । दूधको कफी मेरा लागि उचित नठानेरै नदिएको थिएछ कि !

पछि थाह भो, माओवादी भन्ने आततायीले कैयौं ब्राह्मण, गुरु, पुरोहित, शिक्षकलाई मार्ने र अपमान गर्ने गरे । भकाराबाट गाई भैंसी लगे र अगाडि नै काटेर खाए । फलतः उनीहरू गाउँ बस्ती नै छोडेर गए । त्यसपछि कसैले गाई, भैंसी पालेन । दूधका लागि स्थानीय बासिन्दाले कुकुर-सुँगुर दुहुन थाले । मनमन ठानें, आर्यले गाईको मूत पिउँछ– दूध पनि पिउँछ भने कुकुर-सुँगुर पाल्ने पनि त्यसको दूध यदि खान्छ, मुत पनि खान्छ पिउँछ भनेर समान दर्जा दिने हो कि ? कि आर्यलाई अझ तल झार्ने ? गो सेवकको चिन्तन कहाँ उच्च हुन्थ्यो र ? नत्र

आज यो स्थिति हुन्थ्यो र ? प्रश्न त जसरी गरे पनि हुन्छ नि ! योग्यता र चेतना अनुसारकै प्रश्न र आक्षेप गरिन्छ कि ?

मेरा मनमा व्यर्थका तर्क-वितर्क उठ्न थाले । पछि आफैंले सम्झाएँ । कफीकै असर हो कि भन्ने आशङ्का गरें । किन्तु यो कुरा जब मैले कथा पढें अनि होस पाएँ । मलाई निङले न यस कुराको छनक दिई न खिसी र उपेक्षा देखाएको भनक थियो । यी नयाँ उमेरका चेलीहरू न यसरी कसैलाई खसाउने र झार्ने उद्योगमा लाग्छन् न बदला लिने वा शेखी मार्ने खेलमा चाख लिन्छन् । अपितु यी सदैव स्वच्छ र ऋजु पथको यात्रामा रहन्छन् भन्ने विश्वासले आफूलाई स्थिर गरें ।

अब मैले पनि आफ्नो परिचय बिर्सिदिएँ । जसले जुन भावले मलाई ग्रहण गर्छ त्यो स्वीकार गर्दै हिंडें । कहीं पुग्नु पनि थिएन र केही पाउनु पनि थिएन मेरा लागि । संचिति र संयमको औचित्य पनि थिएन । छोडिदिएँ आफूलाई र अलिक पर पुगेपछि आफैंलाई बिर्सिदिएँ । शायद बिर्सनु र बिर्सन सक्नुको आनन्द अर्कै थियो, अनिर्वचनीय थियो । मलाई जसरी हेऱ्यो म थिइनँ । जसरी चाह्यो म त्यो थिएँ ।

मेरो बाटो फेरियो । ठूलाठूला पुस्तक फेला पारें । त्यतै रमाएँ । मैले भेटेका प्रत्येक व्यक्ति महान् ग्रन्थ थिए । छुट्टैछुट्टै थिए । स्वयं पूर्ण थिए । उस्तैउस्तै समयका भए पनि नितान्त फरक थिए । म त्यतैतर्फ रमाउँदै गएँ ।

घाम डुब्न लागेका थिए । समयको ख्याल राखेर बाजेले सोधे, 'निङ, पाहुना फर्किने वेला भयो कि ! वेला कति भो ?'

'आजदेखि समय फेरियो नि ! एक घन्टा चाँडो भो ।'

'त्यसो भए रोप वे पनि बन्द भो हैन ! अब पाहुनालाई के गर्ने ?'

यस पटक निङले छेउमा आएर उत्तर दिई, 'म फोन गरेर अनुमति लिन्छु नि पाहुनाका लागि ।' अनि उसले मनमनै भनी– बाजे कुरा गर्न थालेपछि समय बितेको पत्तै पाउनुहुँदैन । अब हतार गरेर के होला ।

मैले त्यहाँको स्थिति बुझेको थिइनँ । म पनि अलमलमा परें । मेरै कारणले असजिलो भएको हो भन्ने निष्कर्ष मेरो रह्यो ।

निङले आएर सुसूचित गरी, 'ई-मेलमा जवाफ आयो । पाहुनालाई राख्न मिल्छ ।'

'नाता खुलायौ त ?'

'त्यो नखुलाई त कम्प्युटरले लिंदैन नि !'

'त्यो त हो, तिम्रो नातामा पाऱ्यो कि मेरो ?'

यसपटक बाजेको प्रश्न नटुङ्गिँदै निङ त्यहाँबाट हिंडिसकेकी थिई । तर बाजेका प्रश्नले मलाई उत्सुक बनायो । आजको स्थिति र वर्तमानको जीवन यहाँसम्म ल्याउन हिजोले प्रशस्त बल पुऱ्याएको हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ । त्यसैले विगत असामान्य हुनु र त्यसपछि जिज्ञासा बढ्नु मेरा लागि स्वाभाविक थियो ।

'मलाई के ठान्छन् म त्यो होइन, र जे म होइन भन्ने ठान्छन् म त्यो चाहिं हुँ ।' बाजेले आफ्नो विषयमा पहिलो वाक्य बोले । उनको भनाइमा मैले रहस्य लुकेको अनुमान गरें ।

"धेरै-धेरै वर्ष अधिको कुरा हो । त्यो वेला आततायी आक्रमण चल्यो । आफ्नाले आफ्नैलाई मार्ने विचित्रको कदम थियो । अरूको उद्देश्य पूरा गरिदिन आफ्नै देश लुट्ने र खरानी बनाउने योजना चल्यो । म पनि योद्धा नै थिएँ । अझ योद्धा के भन्नु, साँचोमा गुरिल्ला थिएँ । त्यसैभित्रको फोटो पत्रकार थिएँ । फोटोग्राफर र भिडियो दुवैतर्फ जाँगर चलाउँथें । आफ्नै ल्याब (प्रयोगशाला) थियो । त्यसका लागि वेलावेला रूप फेरेर शहर-बजारतिर पनि पुग्नु पर्थ्यो ।

मेरा पछि पनि मान्छे लगाएका रहेछन् । ममाथि फोटा बेच्यो, रहस्य बेच्यो, गोपनीयता राखेन, धोका दियो भन्ने रिपोर्ट पऱ्यो । मैले सफाइ दिने मौका परेन ।"

'फेरि ?' मैले जिज्ञासा देखाएँ ।

'मार्शल आर्टवालाले आक्रमण गऱ्यो । शिविरको उपचार क्याबिनमा पुऱ्याएछन् । होस आएपछि थाह भो– म आँखा नद्रेख्ने भएँछु ।'

म सुन्दै रहें ।

'कर्म भनौं कि अकर्म भनौं दुईटा त्यस्तै काम गरेको थिएँ । म अहिले पनि सम्झन्छु । त्यसको दण्ड आजसम्म पनि भोग्दै छु भन्नु पऱ्यो ।'

'ती कस्ता काम ?'

'स्कूलका चेलीलाई नाङ्गै पारेर फोटा लिएको घटना एउटा हो । फकाएर ल्यायो । नशा दियो-पिलायो, बेहोश पारेर लुगा खोलिदियो । त्यसको फोटा खिच्यो । फेरि केटासँग सुतेका फोटा खिच्यो । सम्भोग गरेको भिडियो खिच्यो । ती फोटा र भिडियो देखाएपछि केटीलाई ब्ल्याकमेल गरेर फसाउन सजिलो हुन्थ्यो । शिविरका युवा पनि रमाउने, माछा जालमा पार्न सकेकोमा कमान्डर पनि खुशी हुने । आफ्नो पनि भाउ बढ्ने ।'

'अनि ?' को भावले म थिएँ । उनले रस लिएर थपे :

"एउटा अर्को पनि दृश्य छ । मेरा आँखामा अझै नाच्छ । त्यो चाहिं एउटी सारै राम्री, असल कलाकार थिई । त्यसलाई भगाएँ भनेर मलाई आरोप लगाए । साँच्चै भगाएको त होइन । तर त्यो भागे हुन्थ्यो र यी आक्रामक पशुहरूबाट जोगिए हुन्थ्यो भन्ने लागेको चाहिं हो ।

एउटा डाक्टरले त्यो सुन्दरी बिमारी भएर आफ्नो क्लिनिकमा आओस् मात्र भन्दैन । बिमारी भएर क्लिनिकमा नआओस् भन्ने कामना पनि गर्छ नि हैन र ? त्यस्तो भावना मेरो मनमा पनि उठेको थियो– त्यो वेला । नभन्दै त्यो कलाकार केटी भागी । भगाएको आरोप मलाई नै लगाए । यी दुवै घटनाकै कारण मलाई अन्धो बनाइएको हो भन्ने मेरो बुझाइ छ ।"

'बाजे, कुन प्रक्रियाबाट वा कुन अवस्थामा त्यो कलाकार किशोरीले भाग्ने मौका पाई ? सम्झना छ ?'

'त्यसको शरीर असाध्य राम्रो । छाँट परेको । अनुपात मिलेको । जस्तो हुनुलाई सौन्दर्य भन्छन् नि, त्यो उसमा परिपूर्ण थियो । बोली वचन पनि असाध्य मीठो । अत्यन्त सुसंस्कृत । जब ऊ गुरिल्ला शिविरमा आई, मैले नारीत्वको घोर अपमान भएको ठानें । जब कि यस्तो कुरा सपनामा पनि सोच्न मिल्ने थिएन । म जान्दथें, कुनै शिविरमा नमजासँग भोगेर छोड्छन् या मारिदिन्छन् । यस्ता कुरा नौला होइनन् । त्यसैले भोगिनु र मारिनु भन्दा भाग्नु निको भन्ने ठान्दै थिई । एक दिन त्यो क्षण पनि जुर्‍यो भन्नुपर्‍यो । ऊ भागी । आंशिक भूमिका मेरो पनि थियो भन्छु ।'

'त्यो कसरी भागी बाजे ?' मैले जान्न खोजें ।

'ऊ शिविरमा साँझ एक्लै लुगा फेर्दै थिई । अरू सबै मेसमा खान जुटेका थिए । मैले पसेर ३/४ फोटा लिइहालें । भिडियो क्यामेरा तयार गर्दा गर्दै ऊ निस्केर दौडी । त्यो फोटो धूमिल आयो । क्यामेरा भारी भएकोले त्यो थन्क्याएर म पनि उसका पछाडि दौडें । ऊ भैंसीको आहालमा जाकिएको थाह छ, मैले आहालमा हाम्फाल्ने आँट गरिनँ, औचित्य पनि थिएन । तैपनि म हिलाम्ये भएर मेसमा पुगें । मैले आफू इमान्दार भएको देखाउनु थियो । मनमन लागिरह्यो, त्यो भाग्न सफल भई भने मलाई मेरो आत्माले चोखो ठान्छ ।'

'त्यसपछि के भो ?'

'अर्को दिन बिहान त्यसको खोजीमा गयौं । आहालमा भासिएको र त्यहाँबाट निस्केको गोहो पत्ता लाग्यो । त्यहाँबाट ऊ अँध्यारैमा गाउँतिर लागिछ भन्ने अड्कल गरेर हामी फर्कियौं ।

त्यसपछि त्यो केटीका बारेमा सोचेर म दुःखी भएँ । मरी कि बाँचेकै छ भनेर थाह पाउन सकिनँ । बढी चासो देखाउनु पनि भएन, त्यसको उल्टो प्रभाव आफैं माथि आइपर्न सक्थ्यो ।"

'फेरि ?'

'यदि मैले मुक्त, स्वतन्त्र परिवेशमा उसलाई पाएको हुन्थें भने उसका फोटा बनाएरै म अरबौं रुपियाँ बनाउन सक्ने थिएँ । उसको अनुहार र शरीरमा फैलिएको सौन्दर्य जुन अनुपातमा आह्लादक र सुरुचिपूर्ण थियो, शायद अन्यत्र पाउनु सम्भव थिएन । लाग्छ, सबै सौन्दर्य संचित गर्ने पर्ने, भोग्नै पर्ने, बिगार्नै पर्ने र आफ्नै लागि मात्र हुने हुँदैन क्यार ! यो खालको भावनाबाट टाढा, माथि, तटस्थ र निस्पृह रहेर पनि सौन्दर्यको सम्मान गर्ने, संरक्षण दिने तथा त्यसको अजरता र अविगलनका लागि कामना गर्ने कुनै ठाउँ या मनोदशा निर्माण हुन्छ भने यो सन्दर्भ आदरणीय रहने छ भन्ने ठानेको छु ।'

मैले थपें, 'हो नि ! सौन्दर्य लिइहाल्ने, भोगिहाल्ने र नष्ट गरिहाल्ने तत्त्व होइन क्यार ! हो, सौन्दर्यले सम्मान नपाए क्षति नहोला तर अपमान नहोस् । राम्रो सोचाइ हो ।' अनि फेरि प्रसङ्ग जोडें, 'बाजे तपाईं त उनलाई भित्रभित्रै चाहनु हन्थ्यो क्यार, गणित त्यस्तै बस्तै छ नि !'

'ऊ मलाई के ठान्थी थाह पाउन सकिनँ । हाम्रो गतिविधि र जीवनशैली सभ्य–सुसंस्कृत मानवका लागि प्रिय हुन्छ भन्ने छैन । फेरि एक किसिमले प्रतिबन्धित र वनवासी जीवन भोग्ने हामीलाई दया गर्ने व्यक्ति त होलान्, बिचरा ठान्ने पनि भेटिएलान् तर प्रेमी र पतिको दर्जामा उभ्याएर नायकत्व प्रदान गर्न सक्तैनन् । त्यसैले मलाई लाग्छ, ऊ बाँचेकी भए मप्रति अवश्य दयाभाव राख्ती हो, समभाव होइन । त्यसैले मेरो एकतर्फी तत्परताको कुनै अर्थ छैन । अँ, यदि मलाई त्यो जङ्गलबाट झिकेर स्वतन्त्र जीवन बिताउने प्रयास गर्थी भने त्यो मेरा लागि पनि श्रेयस्कर हुने थियो र त्यस अवस्थामा म उसका लागि सर्वथा योग्य र अव्वल दर्जाको जीवन पार्टनर साबित हुने थिएँ कि ! ऊ मलाई त्यस्तै बनाउन सक्थी, जस्तो चाहन्थी । तर यी कुरा कल्पनामा सीमित भए । हाम्रो संसार नै फरक भयो । न म त्यो रहें न ऊ त्यस रूपमा होली ! कल्पना र चिन्तन दूषित गर्नुभन्दा बिर्सनु नै राम्रो नि ! हैन र !'

लामो सास तानेर आदरसूचक भावले उनले थपे, 'कतै उनी छन् भने खुशी रहून्, कुनै घटनाको माध्यमले मलाई सम्झिन्छिन् भने म पनि आफूलाई कृतज्ञ सम्झने छु । जङ्गलको क्याम्पबाट उम्कने सानो योग वा अवसर दिएको हो भनेर यदि उनले सम्झिदिइन् भने मेरा लागि त्यही नै लाख हुनेछ ।'

'बाजे, तपाईंले उनलाई भाग्ने वा उम्कने मौका दिए बापत उनीबाट पनि तपाईंले कुनै चाहना गर्नु भएको छ कि ?'

'छैन, तर उनी मलाई सम्झेर आइदिए म धन्य हुने थिएँ भन्ने लाग्दै छ अझै पनि । सपनामा त म अझै पनि देख्छु, आउँछिन् वेलावेला ।'

'उनले पनि तपाईंलाई सम्झेको हुनु पर्‍यो नि ! सम्झेकै होलिन् त ?'

'अवश्य । त्यो घटना, त्यो दृश्य, त्यो परिवेश, त्यो क्षण, त्यो फोटोग्राफी, त्यो रात र त्यो पलायन उनी कसरी बिर्सन सक्लिन् र ! चाहेर पनि सक्तिनन् ।'

'सपनामा अझै पनि आउँछिन् भन्नुहुँदै थियो नि बाजे ! सत्य हो ? बुझौं न !'

'अब सपना सत्य हो कि होइन, सपनालाई यथार्थ मान्ने कि नमान्ने ? सपना देखेकै चाहिं सत्य हो, सपना चाहिं सत्य होइन भन्ने हो कि ! यो शास्त्रार्थको विषय हुन सक्छ । तर मैले सपना देखेको सत्य हो, सपना पनि सत्य हो । मेरो सपनामा उनको पलायन पनि सत्य हो । अरू कुरा म जान्दिनँ ।' बाजे यो पटक अलिक भावुक देखिए । म जस्तो कठोर प्राणी पनि पग्लिएको अनुभव गर्न थालें ।

एकछिन एकछिनमा चिया-कफी आउँथ्यो । अब मलाई कुकुर र सुँगुरको दूधमा बनाएको कफीमा बानी परिसकेको हुनाले धेरै थोक सहज भइसकेको थियो । उनले भने, "मैले आम कम्निस्ट (खास गरी २०५० पछिका) र आततायी कम्निष्ट भनौं या गुरिल्ला कम्निष्टप्रति विशेष धन्यवाद दिनुपर्छ भन्ने मान्यता राखेको छु । परम्परागत, रूढ र असंगत विचार र व्यवहार प्रतिगामी ठानेर भत्काउनु, मिल्काउनु युगसापेक्ष नै कदम हो ।

त्यसैले प्रतिगमनको बाटो छोडेर अग्रगमनतर्फ लम्किने कम्निष्ट आन्दोलनको प्रदान मान्छु कुकुर-सुँगुरको दूध हालेर बनाएको चिया-कफीको मान्यतालाई । यस कारण पनि यस कदमको औचित्य सिद्ध हुन्छ कि आर्य-खसहरूले महत्त्व दिएको कुरालाई कुनै पनि कारणले हीन, तुच्छ, सदोष परम्परावादी धारणा भनेर उपेक्षा गर्नु थियो । सकेसम्म त्यो वर्गलाई बर्बर, शोषक, असभ्य र सामन्ती ठहर गरेर निकृष्ट तुल्याउनु थियो । किनकि जनमत पनि हाम्रो, शक्ति पनि हाम्रो, समृद्धि पनि हाम्रो थियो । त्यसैले पित्तललाई सुन प्रमाणित गर्न कुनै समस्या थिएन, न सुनलाई पित्तल ठानेर आफ्नो भण्डारमा पुर्‍याउन कुनै अल्झो थियो । त्यसैले पनि कुकुर र सुँगुरको दूधबाट बनेको चिया-कफीको लोकप्रियता बढ्दै गयो । फेरि नागबेली शैलीले खस आर्यलाई होच्याउने यत्न पनि हो । किनभने ज्ञान, चेतना आत्मविश्वास र त्यागको क्षेत्रबाट ती भन्दा माथि पुग्न र तिनलाई थिच्न सक्ने अर्को उपाय नै थिएन ।

फेरि कम्निस्टको जुन प्रभुत्व थियो त्यसलाई कमजोर बनाउनु पनि थिएन । अनौठो कुरा गरेर चमत्कार देखाउनु पनि थियो । ग्रामीण र भोका-नाङ्गा, रोगी जनताले हाम्रो यस्तो षड्यन्त्रपूर्ण खेलको भेद नपाउञ्जेल हामी असफल हुने कुरै थिएन । हरेक नयाँ कदम यसका उदाहरण बनेका होइनन् र ! प्रत्येक निर्माण कार्य र सम्झौताहरू हाम्रा लागि कामधेनु र कल्पवृक्ष भएकै हुन् । सर्व साधारण नागरिकले यो कुरा जान्ने स्थिति थिएन । अब त इतिहास नै साक्षी भो नि !"

कफीपछि मैले फेरि सपनाको कुरा कोट्याएँ । सुन्दरी किशोरी शिविरबाट भागेर आहालमा डुबेको घटनापछि के भो, त्यसबारे मैले जान्न चाहें ।

उनले भने, 'किन हो किन, त्यो सपना थियो भन्ने लाग्दैन । मैले नै उसलाई लाठी र डोरीका भर दिएर आहालबाट निकालें । अब उसको शरीरमा बाहिरी लुगा थिएनन् । हिलोले तानेछ क्यार ! फेरि खैलाबैला सुनें । म अर्को बाटो गरेर क्याम्पमा पुगें । त्यो किशोरीप्रति चासो देखाउनु पनि खतरा नै हुन्थ्यो । त्यसैले मुटुमा गाँठो पारेर म थन्किएँ । दोहोरो बोल्न नपाई क्याम्पमा फर्किनु परेको पीडा आज पनि छ । तरुनो शरीर त हो, हिलो र अँध्यारोले गर्दा ऊ नै थिई कि, अझ शङ्कै लाग्छ । सपना नै भए पनि यो दृश्य निकै त्राटक थियो भन्नु पर्‍यो ।'

'कस्तो ?' मैले सोधें ।

बाजे, भन्दै गए–

"अब त्यस्तो नाङ्गो जीउ लिएर कहाँ गइहोली भनेर गुन्दै थिएँ । जङ्गली जीवनबाट निस्किएपछि मैले बुझें, खोजें । ऊ राति नै गाउँमा कसैको खोल्मा/मटानघरमा पसिछ । दाउरा, काठपात, भकारो एउटै तलामा हुन्थ्यो । माथिको तलामा प्रायः धान, मकै, कोदो र पराल भण्डार गरेको हुन्थ्यो । किशोरी भकारोतर्फ गएर बसी । घरेलु पशु मानिसको गन्धसँग परिचित हुनाले डराउँदैनथे । गाई-बाच्छाको आश्रयमा उसले रात कटाई ।

भाले बासे । चरा चुरुङ्गीले प्रभाती गायन शुरू गरे । उज्यालो झर्न थाल्यो । ऊ दाउराका हारतर्फ लुकेर बसी । मूल घरको द्वार खुल्यो घरक्क ! ऊ सावधान भई ।

एउटी युवती आएर हारका चिरुवा दाउरा झिक्न थाली । त्यो देखेर किशोरीले डराउँदै विनय भावले अनुरोध गरी, 'दिदी ! मलाई लुगा दिनुहोस् न, म लाज छोपेर यहाँबाट निस्कन्छु । म नाङ्गै छु, यस्तै कता हिंडौं ?' यसो भन्दै किशोरीले घरवाली युवतीलाई आफ्नो अनुहार मात्र के देखाउन पाएकी थिई, बस् स्थिति उल्टियो । त्यो युवतीले एकाबिहानै कोलाहल मच्चाएर चिच्याई, 'चोर, चोर ! माओवादी आततायी, मान्छे मार्ने हत्यारा । गाउँ लुट्ने डाका । गुहार गुहार !!'

लौ बित्यास पर्‍यो । अहिलेसम्म जोगिएको, अब जोगिन नसक्ने भइयो त भन्ने ठानेर उसले तत्काल सङ्कल्प लिई, र जे त होला भन्दै आँट गरेर तुरुन्त त्यहाँबाट अलप भई । घरका मान्छे आइपुग्दा घरपटिकी बुहारी दाउराको हारतर्फ पल्टिएकी थिई । उसलाई उठाएर लगे । शिरबाट रगतका थोपा चुहिंदै थिए । चिर्पटको चोटले ऊ अचेत थिई ।

हुर्केका मकै पसाउन तयार थिए । कालो हरियो, भरिलो मकैबारी-मकैबारी हाम्फाल्दै सास दबाएर ऊ भागी । उज्यालो त भो, तर घाम लागिसकेको थिएन । बाटामाथिको कान्लो बारीमा एउटा घर थियो । ऊ बाटो छोडेर उक्ली । बाँसको बारमा लस्करै लुगा सुकाएका थिए । एउटा पाइन्ट र टीसर्ट तानी र घरभित्र पसी । तुरुन्तै लुगा लगाएर ऊ अगेनाको छेउमा बसी ।

बाहिर धारोमा कसैले पानीसँग खेलेको आभास पाई उसले । खाक्क-खुक्क सुनी । बिस्तारै ढोकाबाट च्याई र फेरि अगेनाको डिलमा बसेर आत्मबल संचित गरी ।

एउटा जवान शरीर तौलियाले हातमुख पुछ्तै भित्र पस्यो ।

'नमस्ते हजूर । म नचिनेको मान्छे । नसोधी भित्र पसें । मलाई क्षमा गर्नुहोला । पहिले मलाई के चाहिन्छ म त्यो माग्छु । त्यसपछि म सबै कुरा भन्छु । है हजूर !' उसको वाणीमा कम्पन थियो ।

आगोको ज्वालाको उज्यालोमा जवानले किशोरीलाई हेर्‍यो । फेरि एकपटक ढोकामा पुगेर बाहिर आँखा घुमायो र आएर सोध्यो, 'मेरा लुगा लगाएकी त हैन ?'

'हजूर, हो ।'

'भन, के कुरा हो । के चाहिन्छ ? के माग्छ्यौ ?'

'पहिलो कुरा म सुरक्षा चाहन्छु, मलाई वचन दिनुहोस् । दोस्रोः पहिले तातो पानी र पेटभरि खान माग्छु । मलाई भोक लाग्यो । म अधीर भइसकें । त्यसपछि तपाईंले सोधेका कुरा भन्छु या आफ्नो कथा सुनाउँछु ।'

जवान सुन्दै रह्‍यो । ऊ गम्भीर भयो ।

'के भन्नु हुन्छ, म बसौं कि यहाँबाट पनि निस्कूँ ?'

जवान आश्चर्यमा पर्‍यो ।

'तर म यहाँबाट निस्कें भने यी लुगा लाएरै जान्छु । यदि तपाईंलाई यिनै लुगा चाहिन्छन् भने अरू कुनै लुगा दिनुहोस् । थाङ्ना-मुङ्ना भए पनि हुन्छ ।'

फेरि पनि ऊ सुन्दै रह्‍यो ।

'किन्तु मलाई केही भयो या कसैले मार्‍यो भने– यो केटी सही रहिनछ त्यसैले मारे भनेर आफ्नो बयान दिनुहोला ! म चाहन्छु, म मरिहालें भने पनि मेरो

तर्फबाट तपाईंलाई कुनै हैरानी नहोस् । बस्, मेरो कुरा यत्ति हो । मैले सकें । अब म तपैंका कुरा सुन्छु ।'

'यहाँ मेरो पाहुनालाई कसैले क्यै गर्न सक्तैन । तिमी नडराऊ । खाएर एकछिन आराम गर । त्यसपछि कुरा गरौंला नि !' जवानले संक्षिप्त बोल्यो ।

किशोरीलाई आराम गर्ने कोठामा पुऱ्याएर जवान फर्क्यो र आफ्नो काममा लाग्यो । उसले किशोरीको व्यक्तिगत जीवनको बारेमा केही सोचेन । उसले संक्षिप्त रूपले यति मात्रै गुन्यो–आततायीहरूले पक्रन खोज्दा उम्केर, भट्केर यहाँ आइपुगेकी होली । हुन्छ हुन्छ, यस्तो हुनेलाई  भैरहन्छ । बाजको पञ्जाबाट जोगिएर बाँचेकी परेवी हो यो । मेरो सुरक्षामा छ अहिले । मैले इमान्दार हुनैपर्छ । धर्म छोड्नु हुँदैन । ऊ गुन्दैगुन्दै झोला भिरेर बेसाहा गर्न निस्क्यो ।

किशोरीले एकछिन त आराम गरी तर मनमा कुरा खेल्न थालेपछि उसलाई चैन मिलेन । पहिले त बडो मजासँग टल्काएर सजाएर राखेका बूटले उसका मनमा शङ्का-उपशङ्का जन्माई दियो– के थाह यो पनि आततायीकै घर होस् । अहिले ऊ घरमा छैन, कि उसैलाई पक्राउने योजनाले बाहिर गएको हो कि ? उसको मन भरङ्ग भो ।

उसलाई छटपटी भो । उठेर यताउति हेरी । झ्यालबाट बाटाका यात्री देखिन्थे । भीड र चौतारी देखिन्थे । कीलामा झुण्डाएको दुर्बिन (दूरवीक्षण) झिकेर हेरी । आक्रामक तत्त्व आएको देख्न सकिने विश्वास राखी । तैपनि उसका मनले भरपर्दो चौतारी पाएको विश्वास गर्न सकिन । त्यसैले ऊ कामेको शरीर र थर्किएको मुटु लिएर ओछ्यानमा लम्पसार परी । के के हुने हो, के के आइपर्ने हो । डर लुकाउने ठाउँ हुँदैन क्यार ! भन्दै ऊ आत्मकथन गरेर बसी । मुटुको धडकन कम हुने लक्षण थिएन ।

नभन्दै बूटहरूले आँगन टेकेको अनुमान गरी उसले । गुनगुन पनि सुनी । उसले विश्वास गरी, दूरवीक्षण यन्त्रले उसलाई छलेको थिएन । तयारीको मौका दियो भन्नु पर्छ ।

फेरि अरू खाले बूट बजे, धेरै थिए बूटका ध्वनिहरू ।

'ए, तपाईं कहाँबाट आउनु भएको ? को हो तपैं ? यो कसको घर हो ?' जङ्गली सेनाका वर्दीले सोध्यो ।

'यो मेरो घर हो । म किनमेल गरेर आउँदै छु । तपाईंहरूलाई के चाहियो ?'

'एउटी केटी हराई । हामी त्यसैको खोजीमा छौं । तपैंले देख्नु भो कि भनेर नि !'

'गाउँभरि तरुनी केटी यत्तिकै छन्, धेरैलाई देखें, कुन चैंलाई भन्नु भा' हो ?'

'घर त खुलै छ नि !'

'मेरो घर सधैं खुलै हुन्छ । क्यै छैन, क्यै लाँदैन, क्यै हराउँदैन ।'

घरभित्र अघि नै च्याइसकेका थिए । आँगनमा एकपटक वरपर गरे र एक फन्को फेरि घरको परिक्रमा लगाएर आँगनबाट झरे बाटोतिर ।

जवान अलमल्ल पऱ्यो । घर खुलै छ । यिनले तलाश गरे होला । त्यो केटी भेटिइन । कहाँ गई त ? भन्दै मन भारी पारेर ऊ भान्साको काममा जुट्न तयार भयो ।

फेरि के मन भयो कोनि, एकपटक तलामा उक्ल्यो । आफ्नो वर्दी र ह्याट उसले देखेन । टाँगेको ठाउँ खाली थियो । बेल्ट र खुकुरी पनि थिएन । ऊ तरङ्गित भयो । उसका मनमा नजानिंदो ढङ्गले भय पस्यो । वर्दी यताउति भए पनि ह्याट, लकेट र खुकुरी उताउति हुनु असल थिएन । अब ऊ झस्क्यो । त्यो किशोरी केटीको आगमनलाई पनि गुन्यो, आततायी जत्थाको रूखो र त्राटक संवादलाई पनि सम्झ्यो, किन्तु तिनकै पक्षमा गणित बन्यो । उसको पक्षमा कहीं हात लाग्ने ठानेन । विचलित भएर थ्याच्च कुर्सीमा बस्यो र गुन्यो– चाँडै यहाँबाट निस्केर क्याम्पमा पुग्नु पर्ला या दूतावासमा खबर गर्नुपर्ला । के भन्नु रिपोर्टमा ? यो यो चीज चोरी भो भन्नु ? मेरो सानो हेल्चेक्र्याइँले यो कुरा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरसम्म फैलिने भो । दशा त मलाई लागेकै हो ।

दिउँसोको खाना खाने वेला हुँदै थियो । भोक लागेको अनुभव भए पनि उसलाई भान्सामा पस्ने जाँगर चलेन । गुन्यो– आफ्नै हातले बनाएर ख्वाउँला भन्ने ठानेर बेसाहा गर्न गएको पनि व्यर्थै भो । उल्टो समस्याले घेरिन पुगें ।

कुर्सीमा बसेर ऊ तन्कियो । आँखा बन्द गरेर हल्का किसिमले अन्तर्मुखी हुँदै थियो किनभने अब के गर्ने भनेर ऊ आत्मासँग सोध्न चाहन्थ्यो । दोहोरो संवाद गर्न चाहन्थ्यो । त्यसै ऊ उत्साहहीन जस्तो भएर बसेकै ठाउँमा लम्पसार देखिन्थ्यो कुर्सीमा ।

दैलोमा अलिकति उज्यालो चल्यो । त्यसको छनक जवानको पलकबन्द आँखामा पऱ्यो । उसले मनमनै गुन्यो– उज्यालो चल्यो, कोही पस्तै छ । बिस्तारै आँखा खोलेर ढोकामा दृष्टि पुऱ्यायो । सैनिकको वर्दीमा कसैको घामछाया ढोकाभित्र तेर्छिएको देख्यो । गौर गरेर हेऱ्यो– छाया पुरुषसँग कम्मरमा खुकुरी पनि हल्लिएको देख्यो । ऊ रोमाञ्चित भयो । अनि शक्ति र जोश संचित गरेर उच्च स्वरले अदब राखेर भन्यो, 'को ? भित्र आऊ !'

त्यो छाया अलिकति चल्मलायो किन्तु भित्र आएन । जवानले आफ्नो वचन फेरि दोहो¥यायो । तैपनि वर्दीधारी छाया सरेन । अनि उत्तेजित भएर ढोकामा पुग्यो, किशोरी रहिछ । उसलाई कडासँग पाखुरामा समाएर हुत्याउँदै लरबर पार्दै भित्र ल्याएर कुर्सीमा थचा¥यो ।

यस्तो लाग्थ्यो मानौं जवानमा आँधी, तूफान, झंझा, बाढी, भूकम्प, पहिरो एकैसाथ आक्रामक ढङ्गले प्रकट हुन चाहन्थ्यो । किन्तु सैनिक जवान भएको हैसियत सम्झेर बडो संयम राखेर उसले किशोरीलाई सोध्यो, 'किन यसो गर्छ्यौ ? गर्नुको औचित्य के ?'

पहिले त ऊ डराई, तर जब जवानले प्रश्न ग¥यो ऊ शान्त भई । जवानप्रति उसको भरोसा झन् बढ्यो । उसले थाह पाइसकेकी थिई कि ऊ ब्रिटिश आर्मीको जवान हो– ब्रिटिश गोर्खा शान्ति, सुरक्षा र विजयका लागि विश्वप्रसिद्ध योद्धा हो । अव्वल दर्जाको रक्षक वा अभयदाता हो । त्यसैले जवानलाई उद्दीप्त भैरव रूपमा देखेर पनि ऊ सामान्य भावले रही, मानौं ऊ निर्दोष-निर्विकार हो, अर्थात् कुनै छल गरेकी छैन । सामान्य अभिनय मात्र हो– जोखिमबाट जीवन जोगाउने यत्न । यो पनि पूर्ण सत्यतामा साकार भएको थियो यसवेला । त्यसैले पूरा आत्मविश्वास भरेर उसले प्रतिप्रश्न गरी, 'मैले के गर्नुहुने थिएन र के गरें ?'

'तिमीले मेरो वर्दी चलायौ, मेरो ह्याट र ट्याग पनि लियौ । तिमीलाई थाह छ यो कत्रो ठूलो अपराध हो ? तिमीले मात्र गरेको होइन, म स्वयं यस अपराधमा मुछिएको छु– यसको दुरूपयोग भएको छ । मैले जोगाउन सकिनँ, यो मेरो दोष हो । वर्दीको महिमा छ, ह्याट र ट्यागको अर्कै गौरव छ, छुट्टै अस्तित्व छ । यसको मर्यादामा कतै त्रुटि वा छल हुनु हुँदैन ।'

उसले थप्यो, 'मेरो गेस्ट भएर बसेपछि मेरो अस्तित्वसँग जोडिएका वस्तुसँग तिमीले छल ग¥यौ । तिम्रो उपयोगमा ल्याइने कुरा ती होइनन् । एउटा सैनिकको ह्याट, ट्याग र वर्दीको महिमा के हो, तिमीले गणित लाउनुपर्ने थिएन ? जान्न खोजेको भए म आफैं वेबसाइटबाट देखाइदिन्थें । आफूखुशी गर्न पाइन्छ अन्जान पाहुनाले ?'

आफ्ना कुरा भनिसकेर जवान शान्त भयो । मानौं घनघोर वर्षापछि देखिएको निर्मल परिवेश हो ।

जवान भान्सामा व्यस्त भयो । किशोरीले पनि सहयोग गरी । उचित अवसर हेरेर किशोरीले विनयभावमा भनी, 'म यी पोशाक लगाएर एकैछिन ब्रिटिश सैनिकको जवान देखिएकी थिएँ । आत्मरक्षाका लागि यसो गर्नु जरूरी थियो ।

मेरो आत्मविश्वास पनि बढ्यो र गौंडा हेरेर बसें । कदाचित् तिनले मलाई देखेका भए म एक्लै भिड्थें । कोही फर्केर जान पाउने थिएनन् । यसैले म यो वर्दीलाई चुम्बन पनि गर्छु र स्यालुट पनि गर्छु । मिल्छ भने एउटा फोटो लिन पाऊँ न बरु ।'

साँझ परेपछि किशोरी विचलित देखिंदै गई । उसमा भयको मात्रा बढेको अनुभव गरेर जवानले कारण जान्न खोज्यो । उसले यति मात्रै भनी, 'ती आततायीहरू फर्कन्छन् होला, फेरि यहाँ पस्ने हुन् कि ? मलाई घिसारेर लैजाने हुन् कि भन्ने आशङ्काले मलाई खाँदैछ । अब के गर्ने होला ? यहाँ आए भने त बित्यास पर्छ !'

'यसको पनि उपाय छ मसँग, किन्तु तिमी मञ्जुर हुनुपर्छ । तिम्रो राजीखुशी विना तिमीलाई जोगाउने योजना सफल हुँदैन ।'

'त्यो कस्तो ?'

'तिमीले लुगा फेर्नुपर्छ । मैले दिएका लुगा गहना लाउनुपर्छ । यो सही उपाय हो भन्ने मेरो सोच हो ।'

किशोरीको आशङ्का यथार्थमा परिणत भयो । साँझ अलि बाक्लिएको थियो । पाँच सात जनाको जत्थाले आँगन टेक्यो । सबै हतियारधारी, हात-हातमा उज्यालो । ऊ थर्कमान भई र कातर भावले जवानको पाखुरा समाएर भनी, 'के हुने हो ! मलाई डर लाग्यो ।'

उसले अभयदान दिंदै भन्यो, 'माथि तलामा जाऊ । मेरो खाटको तलपट्टि कन्तुर छ । त्यसमा ब्यौलीका लुगा र गहना छन् । लगाएर ब्यौली जस्ती भएर बस । मैले नभनुञ्जेल तिमी तल नओर्लनू । जाऊ । जबसम्म म छु डराउनु पर्दैन ।'

आततायीको जत्था आँगनमा फैलियो । जत्थाभित्रबाट एउटाले ताच्छिल्यपूर्वक भन्यो, 'भाइ ! तपाईं त लाहुरे हुनुहुन्छ क्यार ! बिहा गर्न आउनुभएको भन्छन् । हामीलाई सब थाह छ ।'

अर्कोले थप्यो, 'लेबल-लेबलका जानीवाकर होलान्, खोल्नुहोस् न । मौका यही हो ।'

फेरि अर्कोले थप्यो, 'जन्ते बाख्रो पनि ल्याएका छौं, नपत्याए हेर्नुहोस् ।'

फेरि अर्कोले जोर्‍यो, 'अहिले नै काटेर भोज गर्ने र मोज गर्ने हो । मौका आउँछ पर्खंदैन ।'

'ई, हेर' भन्दै अर्कोले एउटा पेटारे खसी घिच्याएर अघि सार्‍यो ।

खसी डराएको छाँटले वेला-वेला बिस्तारै कराउँथ्यो । किशोरी तलाबाट यावत् कुरा नचुकाई सुन्थी । उसले गुनी, 'यत्रोबेर भो, जवान किन बोल्दैन ? उसैलाई

लक्ष्य गरेर जिस्क्याउँदै छन् तिनले । डराएर नबोलेको हो कि ? धेरैलाई देखेर शान्त भएको हो कि ? यत्रो लक्का जवान यत्तिका कुरा सुनेर उत्तेजित नहुनु गजब होइन ? किन गर्जिंदैंन ?'

उसले सोचाइमा परिवर्तन ल्याएर मनमनै भनी, 'शायद यो जवान पुरानो राजकुलको सन्तान होला, त्यसैले धैर्य गरेर बसेको छ । राजघरानाको सदस्य नभए यत्तिका बेर थामिएर बस्ने थिएन । हुन सक्छ, हदसम्म यिनलाई चम्कन दिन्छ, सीमा नाघेपछि ठेगान लगाउँछ । यस स्थितिको निकास कुनै-न-कुनै ढङ्गले होला नि !'

जवानले आततायीको टोलीलाई सम्मान दिंदै भन्यो, 'मेरो घरमा पाउना भएर आउनु भएको हो भने स्वागत छ । पकाउनु होस्, खानु होस् । यहाँ काटमार चल्दैन । यो मेरो कुलदेवताको क्षेत्र हो, विशेष दिन चल्दै छ ।'

उसले प्रसङ्ग जोडेर थप्यो, 'उता पल्लोतिर मटानघरमा पकाएर खानुहोस् । सबैथोक उतै छ । दाउरा पानीको व्यवस्था पनि छ ।

बीचैमा एउटाले बोल्यो, 'भाइ ड्रिंक्स त चाहियो नि ! त्यसैका लागि यत्रो जन्ते बाख्रो तानेका हौं ।'

'म ड्रिंक्स गर्दिनँ, त्यसैले ल्याइनँ । तपाईंलाई नभै हुँदैन भने पल्लो घरको छिमेकीलाई भनिदिन्छु, रहेछ भने दिनुहुन्छ । मान्छे ओछ्यानमा पस्ने वेला भो, चाँडो गर्नुपर्छ कि !'

'हामी पत्याउनेवाला पनि छैनौं, छलिनेवाला पनि छैनौं ।' आततायीको जत्थाबाट एउटाले भन्यो ।

'हो हामी त बिहाको जन्तेबाख्रो खाएरै जाने हो ।' अर्काले थप्यो ।

'ए, जा तलाशी ले । ब्रिटिश लाहुरेको घरमा, त्यो पनि बिहाको मौकामा ड्रिंक्स नहुने पनि हुन्छ ? झिकेर ले । तँ जा, तँ जा, तिमीहरू घेरा हाल ।'

'खबरदार मेरो पर्मिशन विना भित्र पसौला । मेरा पाहुना हौ, इज्जत दिन्छु, सम्मान गर्छु, मर्यादामा बसौं भनेर अनुरोध गर्छु । मेरो दाजुकै उमेरको हुनुहुन्छ जस्तो छ, त्यसैले शिष्टताका लागि हात जोड्छु, बिन्ती गर्छु । हठ नगरौं । जबरजस्ती नगरौं । प्लिज !' जवानले हात जोऱ्यो ।

'ए, के गर्छस् तैंले ? के ठान्याछस् । हामीसँग सिङ जोर्ने ? हामी को हौं थाह छ ? तुजुक देखाउँछस् ? ए समा यसलाई, यो आफैं काल डाक्तै छ ।'

खसी अलिक पर पुगेर मेऽऽऽऽ गऱ्यो । ए ! खसी भाग्यो भनेर तिनको ध्यान र दृष्टि के त्यता गएथ्यो, तत्क्षण जवान बुर्लुक्क उफ्र्यो, आफ्नो खुकुरी

समायो र योद्धाको पोजिशन लिएर बस्यो । उसले यति छिटो यो पोजिशनमा पुग्न भ्यायो, मानौं जवान समर्थ बाघ हो । जवानको यो पाइन देखेर आततायीको टोली हच्कियो ! किन्तु प्रतिष्ठा र अहम्को पारो तिनको दिमागबाट ओर्लन सकेन । सबै तुजुकदार ! को भन्दा को कम ?

'दाइहरू सुनिहाल्नुहोस्, आफ्नो अन्न खाएर आफ्नै देशका दुश्मनलाई गिंड्ने हो नि ! अर्काको अन्न पानी खाएर अर्काको योजना पूरा गरिदिन, अर्काकै रोडम्याप अनुसार आफ्ना देशका मित्र मार्ने हो र ? तपाईंले 'युद्ध र योद्धा' भन्ने काव्य पढ्नु भएन ? एक पटक पढ्नुहोस्, अनि लड्नु परे लडौंला । तर नाश गर्न होइन, निर्माण गर्न ।'

'ए, के हेर्छौ, समाएर पाता कस, घिसार । जे गर्नु छ उतै गरौंला । खसी पनि सँगै घिसार ।' एउटाले अन्तिम आदेश दियो । आदेश शायद निर्विकल्प थियो ।

जवानले आफू र आफ्नालाई जोगाउने अठोट लियो । आखिर ऊ ब्रिटिश गोर्खाको जवान ठहऱ्यो । खुकुरी घुमायो, बाध्यता भो ।

ब्रिटिश दूतावासका द्वितीय सचिव सैनिक सहचारी र दुई पत्रकार अर्को दिन बिहानै सेनाको हेलिकप्टर लिएर घटनास्थलमा पुगे । बुझ्नु पर्ने ठाउँमा बुझे, जान्नुपर्ने कुरा जाने । चौतारी बस्यो (ग्रामीण न्यायपीठ), बुझ बुझारथ भयो । प्रहरी निकायले सहयोग गऱ्यो । जिल्ला स्तरीय अधिकारीसँग संवाद चल्यो ।

आफ्नो झिटी-गुन्टा र किशोरीलाई साथै लिएर जवान पनि हेलिकप्टरबाट काठमाडौं पुग्यो । सैनिक सहचारीको सक्रियतामा दुवैजनाको स्वास्थ्य परीक्षण विधि पूरा भयो ।

लन्डन फर्किनुभन्दा तीन दिन अघि ऊ ब्रिटिश राजदूतावास गयो । किशोरी सँगै थिई । सैनिक सहचारीले सोध्यो, 'तिमी बिहा गर्न आएका थियौ, यिनै हुन् निशिहाङ तिम्री श्रीमती ?'

जवान र किशोरीले मुखामुख गरे । सैनिक सहचारीले यथार्थ जान्न खोज्यो ।

जवानले मित शब्दमा यति मात्रै भन्यो, 'म जोसँग बिहा गर्न भनेर आएको थिएँ, उनलाई आततायीले टिपेर बेपत्ता पारेछ ।'

'यो कहिलेको कुरा हो ?'

'म जुन दिन काठमाडौं ओर्लिएँ, त्यसै दिनको घटना रहेछ । तर मैले यो कुरा गाउँमा पुगेपछि मात्रै थाह पाएँ । दुलहीका लागि चाहिने सामान पनि काठमाडौंमा किनेर लगेको थिएँ ।'

'त्यसो भए यी निशिहाङ होइनन् । को हुन् यी ? कसरी तिम्रो साथमा आइन् ?'

दुवैले मुखामुख गरे । अनि जवानले भन्यो, 'तिमी कसरी मसम्म आइपुग्यौ, त्यो त मैले पनि जानेको छैन, सोध्न र सुन्न भ्याएको पनि छैन । शायद समय र परिवेश मिलेन होला मेरा लागि ।' अनि अफिसरतिर (सैनिक सहचारी) लक्ष्य गरेर भन्यो, 'सर उनी आफैं भनून्, उनी भन्न सक्छिन् ।'

'ओके, भन छिटोमा भन ।'

उसले आततायीको क्याम्पबाट निस्केर जवानको घरभित्र पसेर लुगा फेरेसम्मको कथा सुनाई । जवानले पनि उसलाई घरैमा भेटेको र त्यसपछि खुकुरी नचाएर कसैको हात र कसैको पिंडुला या तिघ्रामा छप्काएर भगाएसम्मको कथा सुनायो । अनि मैदान सफा गरिसकेपछि दूतावासलाई फोनबाट जानकारी गराएको यथार्थ विवरण पेश गऱ्यो ।

'तिमीहरू दुवै कोही भन्दा कोही कम छैनौ । मलाई खुशी लाग्यो । तिमीहरूको आत्मबल र शौर्य थाह पाएर म अत्यन्त प्रभावित छु । मेरो चल्थ्यो भने म तिमीलाई भिक्टोरिया क्रसको लागि अनुमोदन गर्ने थिएँ । तर अपसोच यो त्यस्तो युद्ध थिएन जहाँ योद्धाको कदर खातिर त्यो मेडल प्रदान गरियोस् । तर म हाम्रो जवानको वीरताको कदर गर्न तिमी लन्डन ओर्लेको दिन देखिन् एक तह प्रोमोशन (बढुवा) हुने सिफारिस गर्छु । ओके ?'

'थ्याङ्क्यू सर ।'

अब म तिमीलाई सोध्छु, 'यसकी पत्नी भएर जान चाहन्छ्यौ ? साथी भएर जान चाहन्छ्यौ, लन्डन गएरै बिहा गर्न चाहन्छ्यौ, अथवा मौका पाए पढाइ गर्न चाहन्छ्यौ ?'

उसले आत्मनिर्णय गर्न सकिन । एक त विकल्प अनेक, फेरि जवानको धारणा के छ, उसले जान्न पाएकी थिइन । त्यसैले उसले आफ्नो निर्णय भन्न सकिन ।

'अब तिमी नै भन, तिमी के चाहन्छौ ?' अफिसरले जवानतर्फ प्रश्न गऱ्यो ।

'यसबारे हाम्रो सल्लाह नै हुन पाएको छैन, किनभने यो स्थिति आउला भन्ने सोचेकै थिएन । सबै कुरा अकस्मात् भयो । सर त जान्नु हुन्छ नि ! साँच्चै भन्ने हो भने हाम्रो बीचमा निस्संकोच निर्भय रहेर दोहोरो संवाद गर्ने मौका नै परेको छैन । खै के...'

'मेरो एउटा प्रस्ताव छ– लन्डन पुगेर बिहा गर्ने शर्तमा यहाँबाट यात्रा गर ! सल्लाह मिल्छ, विचार मिल्छ, रुचि मिल्छ र एक-अर्काप्रति विश्वास र समर्पण दिन

सकिन्छ भने सँगै बस्नू, नभएर छुट्टिएर बसे पनि हुन्छ । स्मरण रहोस्, लन्डनमा यहाँ जस्तो नारीलाई हेप्न र कमजोर ठान्न पाइँदैन । कानून लाग्छ । जोगिएर पाइला चलाउनु पर्छ । हाम्रो जवानलाई राम्रै थाह होला ।'

किशोरीको फोटो लियो र निवेदन पत्रमा हस्ताक्षर लियो । तेस्रो दिन बोलाएर आवश्यक कागजात (डकुमेन्ट्स) दिंदै अफिसरले भन्यो, 'अब तिमी कञ्चनजङ्घा भन्ने नामले हिथ्रो एयरपोर्टमा ओर्लदै छौ । यो नामले तिम्रो रक्षा गर्ने छ र यही नै आधिकारिक मानिने छ । यात्रा सुखद रहोस्, शुभकामना !

चौथो दिन उनीहरूले लन्डनका लागि उडान भरे ।

ब्रिटिश राजदूतावासको सैनिक सहचारी त्रिभुवन विमानस्थलबाट उनीहरूलाई बिदा गरेर फर्कियो ।"

बाजेको कथा सुनेर ओछ्यानमा पुगेपछि मैले केलाएँ— त्यति पुरानो घटना यो । यी बाजे प्रत्यक्षदर्शी मानौं आफैंले भोगेको अनुभव सुनाउँदैछन् । मनमा प्रश्न उठे-समयको गणित मिल्छ ? मिल्दैन, तन्काउनु पर्छ । कि यी मानव सहित्य सुनाउँदैछन् ? थोरै समय बाँधिन्छ साहित्यमा, बाँकी त सार्वकालिक नै रहन्छ । स्थानीय रङ्ग मेटिदिए कतिपय तत्त्व सार्वत्रिक नै हुनपुग्छन् कि त ! कि यी मानव दीर्घजीवी हुन् ? नवौं चिरञ्जीवी हुन् भने तिनको अस्तित्व बारे कतै लेखिएको छैन । अलिकति रहस्य, अलिकति प्रश्न र किञ्चित् रोमाञ्चका साथ ऊ निदायो ।

बिहान ताजा चिन्तन गरेर मनमनै भनें— बाजेले पुस्तक, पत्रिका, डकुमेन्ट्री, फोटा, यूट्युब या त्यस्तै कथाका किताब पढेर वा सुनेर मलाई सुनाएका होलान् । कथाकै रूपमा सुनाए पनि उनको अभिव्यक्ति बिलकुल यथार्थ प्रतीत हुन्छ । उनको भनाइमा चित्रकार वा फोटोग्राफरको कला मुखर हुन्छ । यथार्थको गन्ध आउँछ । कुनै घटना वा पात्रमा आफूलाई द्रष्टा वा भोक्ता बनाएर चर्वणा गर्नु र सुनाउनु सामान्य कुरा अवश्य होइन । त्यसैले बाजेको कल्पना र कथावाचनको कलालाई सम्मान गर्छु । दृश्यहरू छुने खालका रहेछन् ।

वास्तवमा ब्रिटिश गोर्खाको जवानका साथ कञ्चनजङ्घा भएर बेलायत पुगेकी किशोरीको जीवन कथा कसरी अगाडि बढ्यो भन्ने प्रश्नमाथि मेरो जिज्ञासा झन् सशक्त हुनथाल्यो । किन्तु मेरो भौतिक शरीर र बाटोले मलाई अन्तै डोऱ्यायो । म कथाको अर्को पोको समाउन पुगें ।

◆◆

# अखाडाको संवाद

त्यहाँ मान्छे देखिंदैनथ्यो । आ–आफ्नो काममा व्यस्त सबै । कसैका आँखा कसैलाई पछ्याउँदैनथे । न संवाद गरेर समय बिताउँथे । मलाई लाग्थ्यो म आफैं अर्को दुनियाँबाट आएको मानव हुँ ।

एउटा पसलमा पुगेर सोधें, 'यहाँ पुराना कुरा जान्ने, इतिहास सुनाउने, कुनै त्यस्तो कलाकार वा गायक छैन ? म भेट्न चाहन्छु ।'

पसलकी युवतीले कम्प्युटरको बटन दाबिसकेर पर्दामा हेर्न संकेत गरी । म त्यस्तै पर्खाइमा थिएँ किनकि एक किसिमले अभ्यस्त जस्तै भैसकेको थिएँ । पर्दामा पढें:

'साख्खाङ्, रणध्वज र झिल्केको घर सोद्धै जानुहोस् । सबै कुराको जानकारी त्यहाँबाट पाइएला ।'

'यहाँबाट जानेबाटो ?' उसले कम्प्युटरको पर्दामा नेभिगेशन गरेर देखाइदिई । अनि एक पेज प्रिंट निकालेर मलाई दिई ।

फेरि कम्प्युटरको पर्दामा मलाई प्रश्न आयो, 'झन्नै एक माइल छ, एक्लै जानुहुन्छ कि साथी चाहिन्छ ? जङ्गलको बाटो छ ।'

मैले तुरुन्तै भनें, 'साथी भए राम्रो ।' मैले मन हलुका भएको अनुभव गरें । किनभने नयाँ उमेरका मान्छेसँग बोल्न नपाएर उसै मुख गह्नाइरहेको थियो । अर्को गेयर फेरिने भो भनेर दङ्ग परें ।

युवतीका छेउमा एउटा बडेमानको तिब्बती कुकुर आयो । देख्दै सातो जान्थ्यो । बाह्र नङ्ग्रे, कालोमा कैलो रङ्गले नक्काशी भरेजस्तो र आँखा माथि थोप्ले आँखा, मानो एउटा क्लासिक स्वरूपको कुकुर । वेला वेला नौलो र आनन्द पनि लाग्थ्यो ।

उसले फेरि पर्दामा हेर्न संकेत गरी । मैले हेरें । फोटा थियो । लेखेको पनि पढें:

ध्यान दिएर हेर्नुहोस् यी फोटाहरू । साख्खाङ्, रणध्वज, झिल्के यिनै हुन् । फोटासँगै नाम जोडेर गर्नुहोस् । भ्रम नहोस् ।'

अर्को बुँदा पढें: यी किराती भाषा बोल्छन् । तपाईंको कुरा पनि बुझ्छन् ।

फेरि अर्को बुँदा पनि पढें: तपाईंका प्रश्नको सही जवाफ यिनले देलान् ।

मैले पढ्नुपर्ने पढिसकें जस्तो लाग्यो र दुई पाइला पछि सरेर टूलमा बसें । फेरि तिनै फोटा र बाटो/नेभिगेशन दोहोरिएर आएको देखें । मैले अरू केही सोच्नु र भन्नु पर्ने थिएन । बस् साथी आउँछ र बाटो लागौंला भन्ने थियो ।

पसलबाट युवती बाहिर आँगनमा आई । उसँग त्यो डरलाग्दो कुकुर पनि आयो । कुकुरको मुखमा क्यान्डी हालिदिएर निर्देशन दिएजस्तो गरेर बाटो औंल्याई ।

फेरि कम्प्युटरको पर्दामा अन्तिम वाक्य हेरें: यसले तपाईंलाई बाटो देखाउँछ र पुऱ्याएर फर्कन्छ ।

पथ-प्रदर्शक कुकुर मिल्यो । त्यो मेरो छेउमा थियो । त्यो हिंडेपछि पछि लाग्ने विचारमा थिएँ । शायद त्यसले अनुमति पर्खिएको हुँदो हो ।

युवतीले भों भनी । कुकुर आज्ञाकारी भएर हिंड्यो । म पनि त्यसका पछि लागें । मैले जसलाई भेट्नुपर्ने हो तिनको फोटो पनि यसले हेऱ्यो र बाटो पनि चिन्यो भन्ने विश्वास गरेर म भों का पछि लागें । द्विविधा भएन । म निर्दिष्ट ठाउँमा पुगें । त्यसले मलाई सजिलै पुऱ्यायो ।

चमेना घर थियो या बैठक मैले छुट्याउन सकिनँ तर त्यस्तैत्यस्तै थियो । कुकुर/भोंले त्यहीं पुऱ्यायो, त्यहीं बसें ।

एउटी किशोरीले घण्टी बजाएर मलाई सचेत गराई । अनि कम्प्युटरको पर्दामा हेर्न संकेत गरी । म यस किसिमको संवाद शैलीमा अभ्यस्त हुँदै थिएँ । तर यहाँ किञ्चित् फरक भेटें । म बसेकै ठाउँबाट कम्प्युटरमार्फत दोहोरो संवाद गर्न सकिन्थ्यो । मैले आफ्नै टेबुलको कम्प्युटरमा हेरें ।

'सेवारो, तासीदेले, हजूर क-कस्लाई भेट्न चाहनुहुन्छ ? अहिले साख्खाङ् र रणध्वज भेटिनु हुन्छ । झिल्के केही बेरपछि मात्रै आउनु हुन्छ ।'

'दुवै जनालाई एकैसाथ भेट्न सक्छु ?' मैले पनि कम्प्युटरबाटै प्रश्नोत्तर राखें । मलाई पनि रमाइलो लाग्यो । शिला खोज्नु पर्ने मान्छे, पातलो पातलो भेटिने ।

'एक पटकमा दुई जनालाई भेट्न सकिन्छ ?' मैले लेखें ।

'पाइन्छ ।'

'कति बेर हाम्रो कुरा हुन सक्छ ?' मैले फेरि लेखें ।

'यो त उहाँहरूले नै भन्नुहुन्छ, उहाँहरूकै खुशी हो ।'

'ओके, म दुवै जनालाई सँगै भेट्छु ।' मैले कुरा टुङ्ग्याएँ ।

तर मैले असजिलोमा सजिलो पार्न तुरून्तै सोधें, 'तपाईंलाई बोलाउनु पऱ्यो भने मैले के नामले बोलाउने ? जान्न सक्छु कि !'

'तपाईंलाई मन परेको नाम दिनुहोस् न, म त्यसै नामले चिनिन्छु– तपाईंसँग ।

'त्यसो भए सिन्धु भन्छु है त, सिन्धु ठीक छ ?'

'ठीक छ । मीठो छ । तर यसको अर्थ के हो ?'

'सागर, समुद्र, रत्नाकर, जलनिधि, तोयनिधि, उदधि, पानी र थुप्रै अर्थपूर्ण नाम छन् ।'

'छनोट सही छ ।' अनि धन्यवाद भनिसक्दा दुई जना तापस-पुरूष त्यहीं आइपुगे ।

'सेवारो हजूर, गुड आफ्टरनून !'

'हामीलाई भेट्न खोज्ने बाबु नै हो ? हामी आयौं । म साख्खाङ्, उनी रणध्वज, कसैले रनधोजे पो भन्छ त ! म पनि त्यसै भन्छु । 'ए' लागाएर बोलाउने बानी भैगो त !'

'बसौं हजूर यतौ बसौं ।' ठूलो टेबुलमा बस्यौं, यहाँ कम्प्युटर थिएन ।

तोङ्बा आइपुग्यो । राख्ने र ढोग्ने शैलीले मैले थाह पाएँ, सिन्धु पनि किरातबाला नै रहिछ । मैले पनि हात जोडेर नमन फर्काएँ, स्वीकार गरें, आदर जनाएँ । 'बक्सियोस्' दरबार र दरबारियाभन्दा बाहिर पनि पुगे जस्तै लिम्बूहरूको नमन भावको सांस्कृतिक दृश्य घरबाहिर पनि पुगेको रहेछ । लाग्यो– जहाँ जीवन त्यहीं संस्कृति ।

खाने पिउने कुरा थपिंदै गए । बीच-बीचमा हाम्रो नमन अनुमोदन हुँदै गयो । अनि हाम्रो बीच जिज्ञासा र ज्ञानको प्रवाह बग्दै रह्यो ।

साख्खाङ्तिर लक्ष्य गरेर मैले भने, 'हजूर भन्नुहोस् न हिजो सबभन्दा मन नपरेको कुरा के थियो ?'

'मैले बुझिनँ, तपैंको हिजो कि हाम्रो हिजो ? अलिअलि त मलाई हिजोको हिजो पनि थाह छ । तर यौटा यौटा, फोटो फोटो थाह छ । सिनेमा जस्तो पूरा रील त थाह छैन । सबै काटिएको पो छ त ! सुनेको हिजो पनि थाह छ ।'

'हो, चित्त नबुझेको र गलत भएको कुरा भए पुग्छ । त्यसैले पूजा होइन आलोचना होस् !' मैले जोडें ।

'कोतपर्व भन्छन् । कसरी पर्व हुन्छ त्यस्तो डरलाग्दो हत्या ? मलाई त लेखक पण्डितहरूले सही बुझ्छ र लेख्छ भन्ने लाग्दैन । मान्छे धेरै काट्यो । त्यो गलत

गऱ्यो । तर यसको राम्रो पक्ष पनि थियो– त्यसको छिटा समाजमा परेन । शायद जनताको सरोकारको विषय त्यो थिएनछ कि !'

'साख्खाङ्, तिमीले त कम्निस्टको जस्तो रगत पोतिएको फोटो पो देखायौ त !' रणध्वजले मीमांसा बोल्यो र थप्यो, 'अरू पनि नराम्रा फोटा छन् नि तिम्रो छाती भित्र । ती पनि देखाइ देऊ न !'

'देखिनँ, तर पढें । शहीद गरायो भन्छ । त्यो ठीक गरेन । हाम्रो चलन होइन मान्छे झुण्डाउने । त्यो बाहिरी सिको हो । इतिहास बनाउन खोज्दा तर्छायो, कालो इतिहास बनायो भन्छु । राम्रो गरेन ।'

'अर्को ?' मैले जिज्ञासा राखें ।

'राजा र प्रजा मिलेर राणातन्त्र फ्याँकेर प्रजातन्त्र ल्यायो भन्छ, तर अलिक पर पुगेपछि अर्को राजा आयो र प्रजातन्त्रलाई नै थुनिदियो भन्छ, यो अप्रिय कुरा हो नि । प्रजातन्त्र कहिल्यै सकिन्छ ? मेटिन्छ ? राजाले आफ्नै विवेकले त्यसो गरेको होला किनभने उसले दिएको नयाँ व्यवस्थाले मौलिक पहिचान दिएको थियो । तर प्रजातान्त्रिक प्रणालीमार्फत, चुनावी प्रक्रियाबाट छानिएर आएको मीरलाई थुन्ने र उसको सरकार र प्रजातन्त्रिक प्रणाली फ्याँक्ने हिम्मत यताउताको आडविना गरेको नहोला । मौनता पनि समर्थन हुन्छ कि त ? इन्डियाले मौनता साधेर चीनले तिब्बत लिएको घटनालाई समर्थन गरेको होइन र ! वीपी कोइरालाले खुलस्त गरेका छन् आफ्नो पुस्तकमा । नेहरूले लगाएको पूर्ण विरामलाई इन्डियाले सकेसम्म थाम्छ, भत्काउँदैन र जुन दिन भत्काउँछ त्यसै साता दक्षिण तिब्बत, सिक्किम र हिमाचल चीनमा पस्छ । यो फोटो अलिक कोलाजमय लाग्छ हैन ? किन्तु वास्तविकता यही हो, यस्तै हुन्छ ।'

'यस्तो नहुने उपाय पनि होला नि !' मैले प्रश्न राखें ।

'छ नि, इन्डियाले छिमेकीलाई पिरोल्न छोड्नु हुँदैन । उसको अविवेकी चरित्रले नै ऊ तहसनहस हुन्छ । सबैतिर बलले काम गर्दैन क्या ! अक्कलले पनि काम गर्छ । सुषुप्त देखिने जर्मनी, आन्तरिक विकासमा लागेको चीनलाई कमजोर ठान्नु बुद्धिमानी होला त । इन्डिया छुल्याइँमा अगाडि होला किन्तु विवेक र बुद्धिमत्तामा चिनिए मात्र आदरणीय हुनसक्छ नि । होइन र !'

'इन्डिया उपनिवेशबाट मुक्त भएपछि त तपाईं पनि खुशी हुनुभयो होला नि हैन ?'

'यो प्रश्न त्यति सरल छैन, त्यसैले उत्तर पनि सरल रेखाबाट आउँदैन । अरूले जे भने त्यसैमा सहीछाप गर्दै हिंड्ने हो भने विवाद या मन्थनको औचित्य

रहँदैन । अरू हिंडेकै बाटोमा हिंडिरहने मनुवा होइन म, किञ्चित् फरक ढङ्गले हिंड्न भन्छु ।'

'जस्तो ?' मैले प्रश्नको भावले हेरें ।

'स्वतन्त्रता संग्राममा हामी पनि लाग्यौं । जेल पर्‍यौं । यातना भोग्यौं । किन ? तपाईंलाई थाह छ ? हाम्रो माटो पनि ब्रिटिशले लिएको थियो । हामीले पनि फिर्ता लिनुथियो । त्यसैले ब्रिटिश शासनको विरोधमा हामी पनि उत्रियौं । वीपी बाबुको जीवनी पढ्नु भएको छैन ? हो, सकारात्मक पक्ष हो– यो क्षेत्रबाटै ब्रिटिश फर्किएर गयो । हाम्रो माटो ब्रिटिश उपनिवेशबाट त मुक्त भो तर इन्डियाको उपनिवेशभित्र पस्यो । हामीले हाम्रो भूमाग पाएको खै ? कुनै देशको भूमि औपनिवेशिक निरन्तरतामा जबरजस्ती पस्न सक्छ ? त्यस्तो कुनै कानून छ ? यो चित्त बुझ्ने कुरा हो र ?'

'अनि ?' को प्रश्न भावले मैले हेरें ।

उनले थपे, 'विशाल नेपालको अखण्ड भूभाग हामीले फिर्ता पाउनु पर्छ । र त्यो प्राप्त हुन्छ । सन्धि-सम्झौताका आधिकारिक प्रमाण हेर, जुटाऊ, पढ, मन्थन गर अनि बेलायतसँग कुरा गर, मागदाबी गर, छ महीनामा भूमि खाली गराइदिन्छ । इन्डियासँग कुरा गर्ने कामै छैन र त्यो बाटो पनि होइन ।'

उनले एकपटक लामो सास तानेर छोडे अनि थपे, "इन्डियालाई नत्थी लाउने डोरी आज पनि बेलायतसँग छ । इन्डिया पूर्ण रूपले स्वतन्त्र छैन । बेलायतले चाहे आज पनि घुँडा टेकाउन सक्छ । त्यसैले यो सीधा बाटो हो, औचित्यपूर्ण छ, र लिन पनि सक्छौं ।

पहिले इन्डियासँग गरेका सन्धि पढ, मनन गर, अनि चीनसँग गरेको सन्धि जीवित गराऊ, बस् तिम्रो कामना पूरा हुन्छ । यदि इन्डियाको नून खान छोड्यौ भने आधा बाटो त्यसै पूरा हुन्छ । कुनै विदेशी शक्तिले नेपालमा पाइला राख्यो भने इन्डिया आफैं ५० टुक्रामा पुग्छ । यसतर्फ इन्डिया सचेत भए छिमेकीसँग पौठेजोरी खेल्दैन । न चिथोर्ने दाउ हेर्छ । तर पहिले आफू आधिकारिक प्रमाणका साथ उभिनु पर्छ । एकान्त संवाद गर्न पनि दिनु हुँदैन र राजनीतिक जीवको भर पर्नु पनि हुँदैन । ब्यूरोक्रेसीको बाटोबाट सिस्टमभित्र छिरेर आउनुपर्छ– राजनीतिक जीवले खासै बिगार्न सक्तैन । मेरो टिप्पणी र असन्तोष यही हो । जबसम्म सन्धि अनुसार हामी चल्दैनौं र जमीन हात पार्दैनौं, खुशी रहन सकिन्छ भन्ने लाग्दैन ।"

मैले गणित लगाएँ– युद्ध गरेर ब्रिटिशले लगेको भूमि फिर्ता नभएको सन्दर्भले साख्खाङ् रूष्ट रहेछन् । यो स्वाभाविक पनि थियो– ब्रिटिशले छोडेपछि हाम्रो सम्पूर्ण

भूभाग हाम्रै स्वामित्वमा रहनुपर्थ्यो । कागज-पत्रले यो कुरा बोलेको भए त्यही कायम भएको हुनुपर्थ्यो । किन त्यसो भएन ? शायद दृष्टि पुगेन ! या अनभिज्ञताको अभिनय या सत्ता खोसिने भय ? म यसै आत्मसंवादमा निकै बेर हराएँ छु । अनि यथास्थितिमा रहेर भनें, 'अर्को कुनै अप्रिय सन्दर्भ भए त्यो पनि सुनौं ।'

साख्खाङ्ले भने, '२००७ देखि २०१७ सालबीच दुई राजा भए । बाबु राजालाई प्रजाहरूको साथ र समर्थन भएपनि उनी राणाहरूबाट बढी प्रभावित थिए । छोरा राजा चाहिं प्रौढ भइसकेका हुनाले स्थितिबोध गर्दै रहे । अब नेपालको धरतीमा नयाँ लहर आउँदै गयो । परिष्कार गर्ने, नयाँ बाली लगाउने, गोडमेल गर्ने, सह्यार्ने, दाइँ लगाउने र बाली भित्र्याएर जब विकासको यात्रा थालियो, बस दुर्घटना भयो । नयाँ राजाले विधिवत् आएको प्रजातान्त्रिक सरकार भत्काइदिए । राजनीतिक दलमाथि प्रतिबन्ध लगाइदिए । कोही जेलमा पुगे, कोही लुकेर बसे । कोही मुलुक बाहिर पुगे । विधिवत् स्थापित भएको नेतृत्वले गति लिन खोज्दा खोज्दै प्रजातन्त्रको अपहरण गरेर नयाँ राजाले नयाँ व्यवस्था लागू गरे भनिन्छ । मैले बुझेको कुरा यही हो ।'

'पुरानो प्रसङ्ग जोड्न चाहन्छु– दुई जना चाहिं शहीद हुनबाट जोगिए भन्छन् नि ! यसबारे कसरी बुझ्नुभएको छ ?'

'त्यो त प्राचीन भारतीय वर्ण व्यवस्था अन्तर्गत रहेर धार्मिक-सांस्कृतिक तराजुमा तौलेर गरेको दण्ड-विधान होला नि ! त्यसैले ब्राह्मण जातिलाई जोगाइयो, चारपाटा मुडेर शहर घुमाइयो । अरूलाई झुन्ड्याइयो । गोली पनि मारियो भन्छन् । यूट्युबमा त्यस्तै देखाउँछन् । पछि त झा ब्राह्मणलाई पनि फाँसीकै दण्ड दिए क्यार ! तर त्यो वेला नराम्रा काम मात्र भएनन् राम्रा काम पनि भए । त्यसको पनि अधिमूल्यन गर्ने युग आउला कि भन्छु ।'

साख्खाङ्का कुरा सुनेपछि मैले यति नै सार निकालें– हिजोका मान्छेले जसरी समाजलाई बुझे, पढे, देखे, भोगे र अनुभव संचित गरे त्यो लेखिदिएका भए कति काम लाग्थ्यो । तर लेखेनन् । युग-युगका वास्तविक मुद्दा आज सजिलै बुझ्न सकिने स्थिति रहेन । जब-जब आन्दोलन र हुरी आयो तब-तब आधिकारिक अभिलेख र बहुमूल्य सामग्री बाहिरिए, बेचिए । कैयौं सामग्री त स्वयं कर्मचारी र अधिकार प्राप्त व्यक्तिहरूले नै अलप गराए भन्ने कुरा बाहिरिंदै गए । राष्ट्रको सम्पत्ति के हो ? केलाई सम्पत्ति भन्ने चेतनाबाट नेपालीको सोच र संस्कार नउठेको हो कि न ! कति उदासीन, कति अनभिज्ञ र कति बेहोसी रहेछ नेपाली जीव आश्चर्य होइन ?'

हो राज्यले लुकाएका, जानकारले सूचित नगरेका, शिक्षकले नसिकाएका, प्रोफेसरले बुझ्न नचाहेका र आम नागरिकले थाह नपाएका कैयौं कुरा अझै छोपिएका, छलिएका छन् । आज पनि ती कुरा अज्ञात नै रहेका होलान् । त्यसैले मौका छोपेर सोधें, 'राजा महेन्द्रले निर्वाचित सरकार भङ्ग गरे भन्ने आरोप छ । संसद् पनि विघटन गरे । प्रधानमन्त्रीलाई समेत कारावास दिए । यतिमात्र होइन राजनीतिक दलहरूमाथि पूर्णतः प्रतिबन्ध लगाए । अब भन्नुहोस् त किन यसो गरे होला ? दलहरूको गतिविधि र राज्य सञ्चालन प्रक्रिया ठीक नदेखेर हो ? अथवा दलीय राजनीति माथि असहिष्णु भएर हो ? अथवा जनमुखी चेतनाको अभाव र विकास निर्माणमा उदासीन देखेर हो ? राजाले विना कारण त त्यस्तो कदम चलाएका नहोलान् कि ? तपाई यसबारे के भन्नुहुन्छ ? के मूल्याङ्कन छ ?'

"जानकारहरू भन्छन्– जनताको अप्ठेरो र असजिलोमा सरकार सहयोगी भएन । मुलुकमा नागरिकले भोगेको दुर्दशाको क्षण देखाउन राजाले नेतालाई आफैंले घुमाए । नागरिक अत्यन्त दयनीय स्थितिमा पुगेका हुनाले नै नेतालाई त्यो जनताले भोगेको दुरवस्था देखाए । यसबाट राजा बदनाम हुने र दल-नेताहरू चाहिं फस्टाउने स्थिति स्पष्ट थियो । संवत् २०६३ पछि त यस्तै भएको हो क्यार ! राजाको छहारीभित्र नागरिकको दुर्दशा भन्ने लोकनिन्दा राजालाई सह्य हुने कुरै थिएन । यो एउटा कारण हो– प्रजातन्त्र खोरमा पुग्यो ।

अर्को, विदेशको सेनापतिलाई ठाउँ सारीसारी अतिथि बनाएर राख्ने र गोप्य तहबाट आफ्नो देशको सम्प्रभुता अर्काको हातमा सुम्पने योजनाको गृह-कार्य गर्न थालेको भन्ने रिपोर्ट परेपछि यो कुरा राजाले भलिभाँती बुझे अनि सत्ता परिवर्तनका लागि एकै गाँसमा विघटन, जेल-नेल, दल प्रतिबन्ध गरेर नागरिकको पीडा र उत्पीडनमा मल्हम-पट्टी गर्न शुरू गरे भन्छन् । मैले बुझेको यही हो ।

अन्तर्राष्ट्रिय राजनीतिक पीठिकाहरूमा बीपीको उचाइ बढ्दै गयो । नेहरूमा आफू होचो देखिने मनोदशाको विकास भो । एशियाबाटै अग्लो देखिंदै गएको विशाल वृक्षलाई देखेर उनले पीडाबोध लिए र राजा महेन्द्रको योजनालाई मौन अनुमोदन गरे । बीपी थुनिए ।

सँगै, अब राजा महेन्द्रले प्रजातान्त्रिक राज्यसत्तालाई दबाए/खोरमा हाले भनेर अन्तर्राष्ट्रिय जगत्मा नेहरूले अपयश पनि गाउनु थियो । उनी सफल भए । यसरी नेहरूले एक तीरले दुई शिकार हानेको सत्य प्रकट भयो भन्ने निष्कर्ष विज्ञहरूको छ । नेपाली राजनीति आफूलाई लुटाउनुपर्‍यो भने दक्षिणतर्फ झुक्छ र सुरक्षित रहनुपर्‍यो भने उत्तरतिर भन्ने भनाइ बुझ्नै पर्ने छ ।

तर नेपाली राजनीतिले इन्डियाको षड्यन्त्रकारी खेल आजसम्म पनि बुझ्न चाहेन । १२ बुँदे सम्झौता र '७२ को विधानपछि मुलुकमा दलहरूले अझ डरलाग्दो परिस्थिति ल्याए । अरूबाट परिचालित भएर देशको दुर्दशा गरे । फेरि व्यवस्था परिवर्तन भयो । किन्तु यो आजको व्यवस्था राजनीतिक कर्मीले ल्याएका होइनन्– जो हामी भोग्दै छौं । यो त न्यायप्रेमी, विकासप्रेमी, देशभक्त, युवा र विज्ञ वा योजनाविद्हरूले ल्याएका हुन् । पञ्चायत जस्तै यो पनि जनमुखी तथा विकास लक्षित विधान हो । त्यसैले त हामी दीर्घजीवी भएका छौं हैन र ! म त राजा महेन्द्रसँगैको मनुवा हुँ नि ! बाँचेकै छु । जे होस्, मुलुकले यूटर्न लियो भन्छन्, प्रतिफल सन्तोषजनक छ ।"

'बाजे, त्यसो भए राजा, व्यवस्था र संविधान त धेरैवटा भोग्नु भएछ नि हैन त ? कस्तो अनुभव गर्नु भो ?'

'पञ्चायत ठीक थियो या अहिले ठीक छ । '४७ को संविधान पनि ठीक थियो । वैज्ञानिक थियो । सबैलाई ठाउँमा राखेको थियो । तर व्यवसाय गर्ने सीप र जाँगर नहुने ठालुका सन्तानले गरीबका सन्तानलाई उल्क्याएर हतियार बोकाए, खेताला बनाए । हरेक जातिलाई राज्य दिने भनेर उक्साए, आफैं जनता मारे । बाटो बिग्रन थाल्यो । भएको यही यो । कमान्डर विदेशमा ज्वाइँ र भानिजको मेजमानी खाएर बस्यो । आफ्नै मान्छे मार्न लगाएर जनतालाई नङ्ग्याएर सम्पत्ति लुटमा आफ्नैलाई सुरक्षित गराए । आखिर दल, निर्वाचन र संसद् स्वीकार गर्नु थियो भने ३६ हजार जनता हत्या गर्नुको औचित्य के ? अनाथ कति, अपाङ्ग कति, रोगाएका कति, मृत्यु पर्खेका कति, उपेक्षित कति, डरले लुकेर हिंड्ने कति, लुटिने कति र बेपत्ता भएका कति भनेर साध्य छ र ! यी आँखा उसै धमिलिएका हुन् र भाइ सर !' उनी रोए ।

"सारांशमा यति नै भनौं, राजा महेन्द्रको पञ्चायत राजनीतिक अभ्यास गर्ने र प्रदर्शनकारी अभिनय गर्नेहरूका लागि अनुकूल थिएन । स्वतन्त्र रूपले राजनीति गर्न छुट थिएन । दलहरूमाथि प्रतिबन्ध थियो । तर पञ्चायतभित्र पसेर राजनीति गर्न सकिन्थ्यो । देशले द्रुत गतिमा विकासको छलाङ्ग मार्‍यो । यो सत्य हो ।

राजा महेन्द्रका लागि व्यक्ति अप्रिय थिएनन् । दलको चरित्र र दलको नीतिप्रति उनी उदार थिएनन् । उदाहरण यति नै पर्याप्त होला: नेपाली कांग्रेस र कम्निस्टहरूको दलका सक्षम नेताहरूलाई पञ्चायतमा प्रवेश गराएर उनले आफ्नो रथमा जुटाएर हाँके । त्यसैले दलप्रति वितृष्णा देखाए पनि व्यक्तिप्रति अगाध स्नेह थियो, ममता थियो । देशका प्रतिभाशाली होनहार व्यक्तिहरूलाई आदरपूर्वक आफ्नो क्षेत्रमा अह्वान गरे र क्षमता अनुसारको कार्यभार दिए ।

सूर्यबहादुर थापादेखि कमलराज रेग्मी सम्मका राजनीतिज्ञ पञ्चायतको रथ तान्न जुटेका होइनन् र ?

उनी व्यक्तिको गुण र सामर्थ्य बुझ्दथे । राजामा स्वभावैले यस्ता गुण रहन्छन् । यी दयावान् पनि हुन्छन् र युग चेतना बुझ्ने पनि हुन्छन् । बन्दीगृहमा राखिएका विश्वेश्वरलाई उनले निरन्तर नजर राखे र उचित समयमा बाहिर पठाए । आफ्नो नियन्त्रणमा रहेको नागरिकलाई बेवास्ता गर्ने र औधी यातना दिने नीति उनको थिएन । उनका आँखा सबैतिर पुग्थे । राजा वीरेन्द्रमा पनि राजकीय लक्षण थिए । उनी विवेक र औचित्यलाई निर्वाह गर्ने बाटोमा थिए । परिवेश प्रतिकूल हुँदा शायद अलमल भयो होला । फलतः कतिपय काम समयमा हुनसकेनन् । अल्झिए पनि । वृक्ष आफ्नै छेउका लतावल्लीले बेरिएको हुन्छ नि हैन र !

भन्दै थिएँ, राजा महेन्द्रको शासनकाल १२ वर्षको नै हो । यसलाई पञ्चायतको पूर्वार्द्ध या पहिलो चरण भन्दा हुन्छ । अथवा महेन्द्र युग भनौं । म यसलाई यसरी सम्झनु भन्छुः

चेतना युगः सांस्कृतिक जागरण

औद्योगिक युगः आत्मनिर्भर हुन अग्रसर

निर्माण युग : भौतिक विकास

विस्तार युगः परराष्ट्र र विश्वसम्बन्ध

आन्तरिक व्यवस्थापन र क्षमता प्रवर्द्धन

यस्ता थुप्रै कुरा १२ वर्षको अवधिमा राजा महेन्द्रले गरेर देखाए । यदि कुनै दिन स्वतन्त्र र स्वाभिमानी लेखक जन्म्यो भने सही मूल्याङ्कन गर्ने होला । त्यस्तो कुशल शासक र त्यस वेलाको नेपालको स्वास्थ्य अब दोहोरिएला भन्ने लाग्दैन ।

राजा वीरेन्द्रको कार्यकाल अझ उन्नत होला भन्ने थियो । उदार, अनाक्रमक देखिए । आफ्नाहरूले पनि घेरिए । राजनीतिक क्षेत्रका र कर्मचारी क्षेत्रकाहरूबाट पनि छलिए । एक्ला हुँदै गए । आखिर संसार बुझेको र जनप्रिय देखिंदा देखिंदै पनि उनी शिकार हुनपुगे । २०४७ सालको विधान ल्याउने पृष्ठभूमिबाटै षड्यन्त्रकारी तत्त्वको प्रवेश भएको हो भन्ने सत्य जान्ने पनि थिए । तर राजालाई अप्रिय कुरा सुनाउनु हुन्न क्यार ! आखिर आततायी युद्ध शुरू भयो । माओवादीको तालीम इन्डियामा भयो । यो आततायी थियो तर आतङ्ककारी भनेर यसको अपराधलाई सीमित पारियो । यस्तै परिवेश तयार पारेर दरबार-हत्याको घटना देखा पर्‍यो । केही समयपछि राजसंस्था नै उखेले ।

यसमा नेपाली कांग्रेसको अग्रसरता देखियो । राजा ज्ञानेन्द्रसँग पनि छल गरे । उनी जनताको नासो जनतालाई नै जिम्मा लगाएर बाहिर बसे । किन्तु देश छोडेर हिंडेनन् । जनताले फेरि त्यो नासो राजालाई नै फर्काउने आवाज उठाए पनि । मैले देखेको यस्तै हो अरू के भन्ने र ! अँ, हाम्रा जवान विदेशी सेनामा गएको चढौती (प्रति व्यक्ति उठ्ने रकम) पहिले राजाले बुझ्थे अहिले नेताले बुझ्छन् होला । त्यसको हिसाब किताब गरेको बुझिएको छैन । हेरौं यही व्यवस्थाले हेर्छ कि अर्को व्यवस्था ल्याएर हेरिन्छ । पर्खनै पर्छ क्यार !"

'बाजे, ४७ को विधान सही थियो कि ७२ को ?'

'४७ को सही थियो । ७२ को अर्कै उद्देश्यले ल्याइएको हो । ४७ कोमा सबै अटाउँथे । ७२ कोमा सबै अट्तैनन् । केही शब्द यस्ता छन् जसले समाजलाई भत्काएर विरूप बनाएको छ । खास गरेर समाजमा सद्भाव र एकतालाई खल्बल्याएको छ । धार्मिक र सांस्कृतिक दृष्टिले हरेक समुदाय एक अर्काप्रति असहिष्णु भएको छ । निरन्तर आक्रमणका लागि तत्पर देखिन्छ । म भन्छु, यो राजनीति नबुझ्ने व्यक्तिले परिचालन गरेको राजनीतिको उकेरा हो । परिणाम के भयो भने सबै राजनीतिले रङ्गिए र हरेकले आफू, आफ्नो गुट, गुटपति र दलपतिलाई महत्त्व दियो, देश र नीतिले महत्त्व पाएन । ती उसका प्राथमिकतामा परेनन् । अब यो भन्दा डरलाग्दो स्थिति के हुन्छ ?'

'के त राजा नभएपछि अराजकता फैलियो भन्न खोज्नुभएको हो ? ७२ को विधानले केही दिएन त ?'

'दिन त धेरै कुरा दियो, बिगारेर दियो कि बनाएर दियो त्यो त इतिहासले देखाउला । विनोदमा भन्ने हो भने सबै कुरा सकारात्मक छन्, जो राजसंस्था हुँदा गर्न सकेको थिएन, हुन पाएको थिएन । यो विधानले बहुत कुरा दियो । यो छोपेर छोपिंदैन ।'

जस्तो छ सत्य सुनौं । यथार्थ सुनौं । अप्रिय भए पनि सुनौं । के भएको थियो थाह त पाउनुपर्‍यो नि ! अखाडावासी हुँदा यस्ता प्रपञ्च बारे ध्यान रहन्न । मलाई त १८ वर्षको अज्ञात संसार पढ्नु छ । अखाडामा पुग्दा म ४ वर्षको थिएँछु । जेठा योगीहरू यसै भन्छन् । त्यसैले धेरै कुरा अज्ञात रहेको हुनाले देशाटन गर्न निस्किएको हुँ । सकेसम्म संक्षेपमा सुनौं । म जिज्ञासु भावले अग्रसर छु । शिष्य भावले प्रस्तुत छु । १२ बुँदे सम्झौतापछि ल्याएको विधानले हाम्रो माटो, जीवन र संस्कृतिमाथि न्याय गरेन भन्छन् । सत्य के हो ?

"सिमाना सारे, आफ्नो भूखण्डमाथिको अधिकार छोडे । छल भाषण गरे । नाटक गरे । अयोग्य सम्झौता गरे । गोप्य संवाद गरे । आफ्नो सत्ता र शान्ति पराईका हातमा पुऱ्याए । अनि कठपुतलीको भावले आत्मरति गरेर बसे । आफैं मुलुकमा विपत्ति निम्त्याए । सत्ता, शक्ति, सम्पत्तिमा केन्द्रित रहे र जनपीडनमा रमाए । भ्रष्टाचारलाई कानूनी मान्यता रहेको ठाने । न्यायमाथि आक्रामक भए । राष्ट्रका प्रमुख अङ्गमाथि नियन्त्रण गरे र आफूले चाहेजस्तै गरी उपयोग गरे ।

मुलुक विदेशीहरूको खेल मैदान भयो, पिकनिक केन्द्र बन्यो । माटो र इतिहासको अस्मिता लुटिँदै रह्यो । एकल-संवाद (वान-टू-वान) मा त्रुटि दोहोऱ्याउँदै गयो । भ्रष्टाचार, अनीति र अपराधलाई जातीय चरित्र जस्तो बनाइयो । संरक्षक आफैं दुराचारमा अग्रसर भयो । फलतः मुलुकको शत्रु आदरणीय भयो, पूजनीय बन्यो । निर्दोष दण्डित देखियो । दोषी मुक्त भयो ।

त्यति मात्र होइन न्यायालयको तेजोवध गरियो र प्रहरी शक्तिको शिर ढालियो । जनता त्राहिमाम् भए !

हो पञ्चायतले गर्न नसकेका कैयौं कर्म १२ बुँदे सम्झौतामा बसेका दलपतिहरूले गरे । यसमा उच्च सतर्कता राख्नुपर्छ । यस खाले सुकर्मलाई इतिहासले जीवित राखेको छ । यो असल कुरा हो । अझ सम्झन लायक कर्म त अरू पनि छन् जुन हिजोको व्यवस्थाले गर्न सकेको थिएन । राजाको प्रत्यक्ष शासनमा नभएको र वर्जित कर्महरू यो व्यवस्थाले गरेर छोड्यो । यसलाई मतदान गर्ने जनता र छानिएका कानून निर्माताको संयुक्त प्रयासको प्रतिफल भन्नुपर्छ, नत्र अपराध हुन्छ ।"

'यो संकेत चाहिं मैले बुझिनँ बाजे ।'

"सीधा छ– उद्योग, कारखाना बेचे, त्यसले चर्चेको भूमि पनि बेचे । त्यसपछि मुलुकको युवा शक्तिलाई विदेश पठाए । तिनको कमाइले राजनीतिले तर माऱ्यो । तिनलाई आफ्नो देशमा फर्कन पनि दिएन । तिनको ठाउँमा विदेशीलाई नागरिक बनाएर भित्र्यायो ।

अब नेपाली माटोमा नयाँ रूप, रङ्ग र चरित्रका तत्त्व पैदा भए । बाहिरका लडाकू साँढे लगाएर आफ्ना गाईबाट त्यस्तै जोधाहा सन्तान जन्माउने यत्न शुरू भयो । अन्यथा प्रहरी र सेनामा जवानहरूको अभाव हुने थियो । जसरी यो मुलुक भित्री रूपबाट कमजोर हुन्थ्यो, विदेशीको मन्त्रणामा राजनीतिका दलपतिले त्यो कर्म गरे । माहौल पनि त्यस्तै थियो– विदेशी शक्तिले कान समाए पछि लुगा,

मन्त्र, सङ्कल्प र बाटो फेर्न र दान थाप्न पनि सत्तामुख तयार हुन्थ्यो । यस कर्ममा चार डाका सक्रिय रहेको ठानिन्छ ।"

'बाजे, मुलुकमा त्यस्तो अत्याचार हुँदा कसैले विरोध गरेन ?'

'धेरै जसो दलका सेना छन्, झोले, हुक्के, बैठके, डोके, नाम्ले भनिन्छ तिनलाई । ती दलको, दलपतिको विपरीत जाँदैनन् । अरू त्यति शक्तिशाली देखिंदैनन् । दलका सेनाले तिनलाई मास्छन्, कुल्चिन्छन् । त्यसैले न्याय पनि मिचिन्छ । अँध्यारोलाई नै उज्यालो ठान्नुपर्ने हुन्छ । गुण्डासँग को जुध्न सक्छ र ! यहाँ बलात्कारी, तस्कर, हत्यारा, दुराचारी, भ्रष्टाचारी त खुला घुम्छन् । अरूको के कुरा गर्नु ?'

'मलाई त आश्चर्य लाग्यो यो सुनेर ।'

'जहाँ चौतारा स्वयं आन्दोलनमा उत्रन्छु भन्छ, लाखौं मान्छेको बिस्कुन सडकमा सुकाउँछु भन्छ, अनि के होला ? चौतारा सत्तामा बसेर आफैं राज्य विरोधी हर्कत गर्छु भन्छ भने के नहोला यहाँ ? जब कि सेना र प्रतिपक्ष पनि उसैसँग छन् । हिटलर भन्दा कम तुजुकदार होला र त्यो चौतारा ? कसरी भन्नु मानिसले शासन गरेको छ भनेर ! डाका, हत्यारालाई ईश्वरको दर्जा दिएर पूजा गर्ने मुलुक उकालो लाग्थ्यो कसरी ! तर साहित्यकारहरूले तिनको अकर्म र अपराधलाई औंल्याउन छोडेनन् । गजब होइन ? किन्तु सधैं अपराधीको जीत हुने रहेनछ । भन्छन् नि चक्र घुम्छ । घुम्यो र त्यसैको परिणाम हो– आजको यो सुन्दर जीवन र मायालु उर्वर धरती ।'

'अनि ?'

'आज कोही राजनीति गर्न चाहँदैन । कोही राजनीतिक हुँ भन्न चाहँदैन । जसका पुर्खाले राजनीति गरे ती पनि आज लुकेर हिंडेका छन् । कति बयान गर्ने ?'

एउटा कुकुर आएर साख्खाङ्सँगै झुम्मियो । उनको लुगा तान्न थाल्यो । बसेको ठाउँबाट उठ्तै उनले भने, 'खै झिल्के दाइ आइपुगेनन्, बूढो मान्छे थाक्यो होला ।' अनि कुकुरलाई सुम्सुम्याउँदै भने, 'यो मलाई लिन आइपुग्यो, अब जानुपर्छ । नहिंडेसम्म छोड्दैन । काम पनि गर्न दिंदैन । झिल्के आए भने कुरा गर्नु होला । तर ऊ त सेकेन्ड वर्ल्डवारको सिपाही हो, त्यो बाहेक कुरा जान्दैन । आज पनि ऊ तेजिला कुरा गर्छ ।'

मलाई सोधौं–सोधौं लाग्यो र सोधिहालें, 'अनुभव सँगालेर आएका योद्धाहरूलाई यो राज्यले पुनः उपयोगमा ल्याउन चाहेन ? आफ्नो दक्षता र विश्वसनीयतालाई माटोले हैन सत्ताले भर गर्न चाहेन भन्ने लाग्दैन ?'

"यसका दुई पक्ष छन् । एक त हामीले कुनै आशा राखेनौं । हाम्रो कमाइबाट हामी पूर्ण र सन्तुष्ट थियौं । हो, ३५/४० वर्षकै उमेरमा आधा उमेर बाँकी हुँदै पेन्सनबाट फर्कियौं, हामीसँग ऊर्जा र भिजन पनि थियो । । हामीलाई केवल भौतिक क्षेत्रको व्यवस्थापनतर्फ संझेको भए हामी यो माटोलाई निकै सुन्दर र उन्नत बनाउने थियौं । तर हामीलाई पराई जस्तो गर्‍यो, पाहुना जस्तो ठान्यो । अथवा यहाँका भन्दा जान्ने, हुने खाने र माथिल्लो तहको ठान्यो कि ? भने जस्तो किसिमले घुलमिल हुनै सकिएन पो भन्नु पर्छ कि भन्छु है नानी ! त्यसैले भोट हाल्ने र भीड भर्ने बाहेक अरू काममा खासै संझेन हामीलाई ।

अर्को कुरा, हामी नीति, मर्यादा वा सिस्टमभित्र रहेर चल्नुपर्छ भन्छौं, त्यो कुरा यहाँ मानिंदो रहेनछ । यहाँ त हूलले, भीडले, पाखुराले र पैसाले काम गर्दो रहेछ । के नीति, के कानून, हामी आँखा चिम्लन सक्तैनौं । बरु लडाइँ–झगडा उनारू नै गरिबसोस् भनेर पछि सर्‍यौं । आज टीभीले कहिले कहीं इतिहासका कुरा सुनाउँछ– लाहुरेका सन्तानले नै/परिवारले नै छापामारलाई समर्थन गरेको थियो रे । एउटा–एउटा जातीय राज्य दिन्छौं, लडौं भन्थ्यो र हतियार थमायो भन्ने पढ्न पाइन्छ भन्दैछ । जनजाति भन्ने नयाँ जाति पनि उसैले जन्माएको हो, दलित पनि उसैले जन्माएको हो, मधेश–मैदानका आर्यलाई आर्यको घेराबाट हटाएर गैर आर्य बनाएको पनि उसैले हो । उनारू पनि आर्य वर्गको नभएकोमा गौरव गर्छ, विरोधमा चूँसम्म गर्दैन । मजाको कुरा भएन ?"

'तपाईंलाई के लाग्छ, कसले यस्तो विपत्ति निम्त्यायो ?'

'राजनीति गर्छु भन्ने अराजनीतिकहरूले नै यो अप्ठ्यारो ल्याएका हुन् । यिनारू राजनीति गर्नै जान्दैन ।' उनले लामो सास तानेर छोडे अनि थपे, 'राजनीति त रगतमा हुन्छ, गुणमा हुन्छ, संस्कारमा हुन्छ, वंशमा हुन्छ, सेवा भावमा हुन्छ, त्याग र उदात्ततामा हुन्छ । राजनीति गर्छु भन्दा गरिंदैन । राजनीतिक व्यक्तिको चिन्तन र व्यवहार त्यसै छुट्टिन्छ । चोट्टा, डाका, ठग र आतङ्ककारी पनि राजनीतिक जीव हुनसक्छ र ! हाम्रो जमानामा यस्तो थिएन । राजनीति गर्नेले आफ्नो मुलुकलाई घात गर्दैन ।'

यस पटक कुकुरले साख्खाङ्को पाखुरा समायो । उनी त्यहाँबाट हिंड्न बाध्य भए । रणध्वज अघि नै हिंडिसकेका थिए । उनी निस्किएपछि म एक्लो भएँ । यिनले भोगेको युग कस्तो थियो होला भनेर म कल्पना गर्न बसें । मलाई कसैले भनेको थियो– 'ब्रिटिशका दासले सो देशलाई नङ्ग्याएर विद्रूप बनाएका छन् ।' यो वाक्य बारम्बार मेरा कानमा ठोकिन थाल्यो । जब एक्लै हुन्छु, एकान्तमा हुन्छु, त्यसैले पिरोल्न थाल्छ ।

नभन्दै उसको मनोदशा अखाडाको संवाद श्रृङ्खलामा केन्द्रित भयो–

'हैन, अहिले त दासका दासले यो मुलुक लुटेका छन् र उतै लगेर पूँजी जम्मा गरेका छन् । नागरिक, भोकै–नाङ्गै छन् । रोगी र अशिक्षित छन् । राजनीतिक व्यक्ति नागरिकको दुरवस्थामाथि राजनीतिक व्यवसाय चलाउँछन् ।' अवधूत अखडामा योगीले भनेका शब्दावलि उसका कानमा ठोकिन पुगे ।

'न्यायालयले न्याय गरेको सही थिएन कि ! चौताराको चयन गर्छ र न्यायालयले ?'

'गर्दो रहेछ क्यार ! नत्र दोहोऱ्याएर अर्को निर्णय किन गर्थ्यो ?'

'कस्तो निर्णय ?'

'पहिले अदालतले चौतारा तोकेको थियो । चौताराको सत्तासमूहले देशघाती काम गरेपछि फेरि मुद्दा पऱ्यो । यस पटक साविकको चौतारालाई कोर्टले अपदस्थ गऱ्यो र अर्कै चौताराले शपथ लियो ।'

'कारण ?'

'उ सधैं मूर्च्छामा हुन्थ्यो । त्यसैले मूर्च्छामा रहेको चौताराको नेतृत्व र उसको निर्णय गलत हुने गरेकाले अदालतले बदर गरेको हो ।'

'चौतारा मूर्च्छित अवस्थामा रहन्छ वा थियो भन्ने आधार–प्रमाण के हो ?'

'त्यो त लुम्बिनी तीर्थयात्रामा प्रार्थनास्थलको सुताइ, ऱ्याल चुहाइ, पुछाइ, बसाइको शैली, उठ्ताको अशक्तता र बोलीको लर्बराइ यी सबै चौतारा मूर्च्छित अवस्थामा थियो भन्ने प्रामाणिक तस्विर हुन् ।'

'अनि ?'

'यसपटक दिमागदार चौतारा आयो । अहिले हामीले ओढ्दै गरेको संविधान उसैले ल्याएको हो नि ! यस निर्णयले दलाल र बोकाहाहरू पराजित भएका छन् । कर्म सुधार गर्ने अभियान पञ्चायतकालकै वेग र शक्तिले अघिसऱ्यो ।"

'ओह ! कत्रोबेर अखाडाको संवादमा अल्झिएँछु । अब त उठ्नुपर्छ ।' ऊ अन्तर्जगतको संवादबाट बाहिर आयो ।

◆◆

# सिन्धु र बिन्दु

अजङ्गको कुकुर भित्र पस्यो र जीउ हल्लायो । हिउँ पर्छ्यो । सेतो कुकुर अब दार्मे रङ्गमा फेरियो । कुकुरको आङबाट झरेको हिउँले काठको भुइँमा छापा-बुट्टा देखा पर्‍यो । कुकुर त्यहाँबाट फेरि सर्‍यो । मैले त्यसका पाइलाका चिह्न आँखाले पछ्याएँ ।

सिन्धु भित्र पसी । ऊ पनि हिउँ-हिउँ भएर आएकी थिई । उसले हिउँको आनन्द लिई, म वञ्चित थिएँछु भन्ने मैले ठानें । यहाँ पनि हिउँ पर्छ र यो हिउँको ऋतु हो भन्ने कुरा मेरो चेतनामा थिएनछ । एक किसिमले भनौं भने समशीतोष्ण प्रदेश हो कि जस्तो लाग्थ्यो । अब मैले ऋतुचर्वणामा झ्यालबाट हेरें, ढोकामा उभिएर हेरें । बार्दलीमा गएर पनि हेरें । थोप्ला-थोप्ला रूई हिउँ । आनन्दले हेरें, रमाएँ ।

एकछिन अघि हिउँको वर्षा थाम्दै आएकी सिन्धुको अनुहारमा भरिएको कान्ति र प्रकृत सौन्दर्यलाई झलक्क सम्झें । त्यस वेलाको फोटोग्राफी यिनै आँखाले गरेका थिए । अब बारम्बार म त्यही रूपतर्फ केन्द्रित हुँदै गएँ । तत्क्षणको हिमस्नाता षोडशीको सौन्दर्य शायद फेरि दोहोरिएर देख्न सकिन्नथ्यो । त्यो क्षणको त्यो नयन फोटोग्राफी अब राम्रैसँग हृदयको पत्रमा विम्बित भैसकेको थियो । कल्पना गरें– देवकोटाले देखेका तामाङ कुमारी म्हेन्दु र शेर्पा कुमारी लूनी यदि हिउँमा विचरण गरे भने शायद यस्तै देखिंदा हुन् । यो एउटा सुयोग पनि हो– मैले सिन्धुलाई हिमबालाको स्वरूपमा देख्न पाएँ । यो दृश्य पनि चिरकालतक सम्झाउनी-बिर्साउनी जस्तो भएर रहने भो भन्ने ठानें ।

मेरो मन चलायमान भयो । यो हिमवर्षा हुँदै गर्दाको सौन्दर्य र त्यसले मेरो मनमा जन्माएको आनन्द म सिन्धुसँग बाँडेर भोग्न चाहन्थें । यहाँको हिमऋतुले मभित्र के असर पार्‍यो त्यो व्यक्त गर्न चाहन्थें । हिउँका थोप्लाहरू बोकेर ऊ यहाँ आउँदा मैले कुन भावले हेरें र मेरो मानसमा कस्तो कस्तो तरङ्ग आयो ? कसरी त्यसलाई परिवेशको अज्ञात क्षेत्रको पीठिकामा थामेर राख्न सकिनँ ? आशङ्का र

भयले म स्वयं किन आक्रान्त भएँ ? यी कुरा म उनीसँग खुलेरै गर्न चाहन्थें, किन्तु पछि मात्र होश भो– यो क्षेत्रमा हामीसँग दोहोरो कुरा गर्ने कोही छैन । उनी पनि गर्दिनन् ।

सिन्धु नाश्ता-पानी लिएर आई । कम्प्युटरका बटन चलाएर उसले भनी, 'राशन गर्न गएकी थिएँ । तपाईंलाई भोक लाग्यो होला । यो खाजा लिंदै गर्नुहोस् है ।'

'हैन, तपाईं पनि लिनुहोस् ।' मैले पनि त्यसैगरी अनुरोध गरें । फेरि थपें, 'कुरा गर्दै नाश्ता गर्दा क्या रमाइलो हुंदो हो हकि ! कल्पना मात्रै हुन्छ जस्तो छ ।'

सिन्धुले गएर आफ्ना लागि पनि नाश्ता ल्याई । ल्याई के भनौं एक दुई दाना थपी पहिले ल्याएको भागमा । अनि त्यसैबाट दुवैले लिंदै खान थाल्यौं । पोलेका आलु र चौंरीको घीउ लामो बाँसको ढुङ्ग्रोमा मथेर बनाएको नुनिलो शेर्पा चिया ! मजेदार चमेना !

'यो मौनव्रत कहिले सकिन्छ ?' कम्प्युटर पर्दा बोल्यो ।

'अझै दुई घण्टा बाँकी छ अफिस आवर सकिन ।'

'फेरि हामी दोहोरो कुरा गर्न सक्छौं ?'

'शायद ! मन भो भने । नत्र बानी नै भैसक्यो । नबोल्नै सजिलो । एक्लै बस्ने बानी भएपछि आवर पूरा भए नभएको कुराले खासै फरक पर्दैन क्यार । मनसँगै बोल्न र मनकै चित्रसँग खेल्न मजा हुन्छ । आनन्दको माध्यम अर्को खोज्नु पर्दैन । कि कम्प्युटर कि पुस्तक, कि पियानो यिनै हुन् मेरा साथी । अब एक्लोपनले पिरोल्दैन, बानी भो ।'

मैले सिन्धुको आयु, सौन्दर्य र परिवेशको नापतौल गरें । आफैंसँग संवाद गरें । वस्तुगत वा मूर्त सौन्दर्यमा त कुनै कमी छैन, किन्तु वास्तविक सौन्दर्यबारे भन्न सकिनँ । वाणी र व्यवहारबाट प्रकट हुने सौन्दर्य नै भित्री वा वास्तविक सौन्दर्यको छाया हो कि ? अनि आफैंलाई सोधें– यो ठाउँ, यहाँका रूपवतीलाई कामदेवले देख्दैन कि ?

यो उमेरका सुन्दरीहरूलाई कामदेवले मात्र पिरोल्दैन, अपितु यौवनस्थ युवतीहरू पनि कामदेवलाई सताउँछन्, त्यसैले कामदेव पनि हार मान्छ हैरान हुन्छ । यो मेरो भनाइ होइन– कालिदास नै यसो भन्छ ।

'*कांक्षन्त्योऽपि व्यतिकरसुखं कातराः स्वाङ्गदाने*' भन्ने कवितांश फेरि मेरो मनमा ओहोरदोहोर गर्न थाल्यो । हो पनि युग्मकेलिको सुख भोग्ने उत्कट चाहना हुँदाहुँदै पनि जे त होला भनेर आँखा चिम्लन वा शरीर सुम्पन संकोच मान्छन्, कातर देखिन्छन् उनीहरू । कति मीठोसँग भित्री कुरा भन्छ हकि कालिदास ?

कति सिद्धहस्त कवि छ ऊ ! मित शब्दमा धेरै र गम्भीर कुरा सजिलै भनिदिन्छ ।

उनी आफ्नो काममा लागिन् । मैले आफ्नो शैलीले सोचें । बालक बालसुलभ अभिनय र क्रीडा गर्छ, विद्रोह पनि बोल्छ र उत्पात पनि मचाउँछ । त्यो सुहाउँछ र व्यक्तित्वको विकासमा पोषक पनि हुन्छ । मान्छे जातिको रुचि, आकांक्षा र अभिनयलाई पशु-प्राणीसँग तुलना गर्नु पनि त भएन । म त्यस्तो बेढङ्गे मानसिक अपराध किन गरौं ? फेरि पनि यति चाहिं सत्य हो, पशु जगतमा पोथी तत्त्व प्रजननमुखी प्रवृत्तिले कामाहत भए भने विप्लव मचाउँछन्; कुनै शक्तिले थाम्न सक्दैन, बरु आफैंलाई पनि घात गर्लान्, अरूलाई त गर्छन् नै । शायद मानव जातिका पोथी तत्त्व अन्य ढङ्गले बाढी, पहिरो र कम्पन ल्याउलान् । अग्निज्वाला र झञ्झावात लिएर आउलान् । शायद अनुभवीहरू असहज गतिविधि देखाउलान् । तर अक्षत कौमार्य राख्नेहरू आत्मपीडा सहेर बस्लान्– स-साना शीतल चौतारी खोजेर, मनका बिसौनी जोडेर ! किन्तु बाहिर प्रकट भएर भौतिक रूपबाट आक्रामक वा अनियन्त्रित नहोलान् । फेरि पनि एकान्तमा व्यक्तिगत रुचि र प्रकृतिमा अपवाद रहन्छ । अनि सिन्धु पनि त्यस्तै अपवादकी दृष्टान्त हो कि न ! यो एकान्तवासकी तपस्विनी सिन्धु के साँच्चै अक्षत कौमार्य थामेर बसेकी चेतनशील विग्रह हो जसले आफूलाई बुद्धि र चेतनाले नियन्त्रणमा राखेकी छ ? के ऊ साँच्चै निर्विकार हो ? कि कामकीलक वनौषधिको सेवन गर्छे वा योग मुद्रामा स्थिर रहने गर्छे ?

अकस्मात् चीसो हावाको वेग भित्र पस्यो । कुकुर देखा पर्‍यो । त्यो अर्कै थियो । एउटी युवती आई, त्यो अर्कै थिई । त्यो स्वतन्त्र परिधानमा थिई । उसले टेबुलमा खानेकुरा राखी । मिलाएर राखेका व्यञ्जनहरूमा माधुर्य त थियो नै, सुवास र सौन्दर्य पनि भरपूर लाग्दथ्यो ।

'लिनुहोस् हजूर ! हजूरकै लागि ल्याएकी हुँ ।'

'सिन्धु खै त ?'

'सिन्धु... ए... ऊ त उता छ, माथि छ । हिउँले छुयो कि, अलिक बिसञ्चो भयो कि, जस्तो छ ।'

'अनि तिमी ।'

'म... म उसकी बैनी । हामी एउटै हो । हजूर खाना खानुहोला । म फेरि आउँछु ।' ऊ जान खोजी ।

उसको नाडी च्याप्प समाएर भनें, 'तिमी बस, सँगै जाऊँ । तिम्रो नाम के हो ?'

'बिन्दु । म सानी हुँ नि ! त्यसैले ।'

'कहिलेसम्म दोहोरो संवाद गर्न मिल्छ ?'

'अफिस ट्यामभरि पाइन्न । नबोल्नु पनि ड्यूटीभित्र पर्छ । भोलि बिहान ८ बजेपछि फेरि नबोल्ने ट्याम आउँछ । ऊ, मेरो साथी निस्क्यो । म पनि निस्कन्छु । त्यसले बाटो पत्ता लगाउँछ । नत्र बाटो हराउँछ ।' ऊ निस्की । मैले त्यस्तो मीठो र सुगन्धित खाना एक्लै खाएँ । शायद सिन्धु या बिन्दु भएका भए अझ स्वाद थपिने थियो कि । मैले यौवनभावको सम्पुट जोडेर गुनें ।

फेरि ढोकाबाट चीसो पस्यो । कुकुर पस्यो, कुकुर त्यही थियो । बिन्दु पसी । प्रवेशको क्रम मिलेकै थियो । छेउमा आएर उसले भनी, 'हजूर यो कोठामा बस्नु, यहाँ पुस्तकहरू छन् । पुस्तकसँगै अल्मलिंदा पनि हुन्छ ।' उसले मलाई डोऱ्याएर पुस्तक भएको कक्षमा पुऱ्याई । कफीका सामान पनि देखाई । कफी बनाउने तरीका पनि सिकाई । बनाएरै देखाई ।

उसले पनि कफी लिई । मलाई पनि दिई, कुकुरलाई पनि खानेकुरा दिई । अनि संवाद गर्दागर्दै स्नानागार (बाथरूम) पनि देखाई । भनी, 'यो आफैं तातेको पानी हो । गन्धक पानी । यसमा डुबेपछि शरीरको बिमारी निको हुन्छ । एकछिन डुबेर सुत्नुहोला ।'

कुकुरले उसका लुगा तान्यो । मैले ठानें– अब बिन्दु पनि जान्छे । सबै कुरा समयबद्ध छ । विधिसम्मत छ । असंगत र बेमेल कतै छैन । तर के गर्नु, समयले बोल्ने मौका त दियो तर कोसँग बोल्नु ? आत्मसंवाद गरेरै बस्नु ?'

बिन्दु फेरि निस्किई । मैले एकपटक फेरि कक्षको निरीक्षण गरें । जगदीश शमशेर राणाको निजी पुस्तकालय जस्तो लाग्यो, जहाँ संसारका उत्कृष्ट पुस्तक छन्, उपयोगी छन्, अन्यत्र दुर्लभ छन् । अनुपम संग्रह भन्नुपर्छ– उपजीव्य र सन्दर्भग्रन्थहरूको । आचार्य ठाकुरप्रसाद पराजुलीको घरको पुस्तकालय पनि यस्तै यस्तै थियो । तर मलाई अहिले जनकलाल शर्माको घरको पुस्तकालयमा छु कि जस्तो लाग्यो । किन्तु भौतिक रूपले मोहन हिमांशु थापाको गृह-पुस्तकालय जस्तो प्रदर्शनकारी सुन्दर थिएन । म हराउने सामग्री त्यहाँ छ भन्ने विश्वास लिएँ । यो अतिथि कक्ष जस्तै होला । यहाँ आउनासाथ मेरो मन खुल्यो । चेतनाको तह उठेजस्तो लाग्यो । सबै किसिमका पीडा र असजिलाहरूबाट मुक्त, अछुतो भएँ भन्ने लाग्यो । भन्छन् माटोमा ममता हुन्छ, शक्ति हुन्छ, आरोग्य भाव दिन्छ, आत्मविश्वास बढ्छ । म अहिले यस्तै अनुभव गर्दै थिएँ ।

यो अनिर्वचनीय क्षण हो । म उत्फुल्ल छु । मलाई अब साथीको अभाव अनुभव हुँदैन । दोहोरो संवादका लागि मन आकुल छैन । गलत बाटो हिंडिएछ

र गलत ठाउँमा पुगिएछ भन्ने लाग्दैन । प्राप्ति-अप्राप्ति वा लाभ र हानिको गुणनबाट परै छु । शायद सपना र कल्पनाको मिश्रित गुणले जन्माएको कुनै अन्यतम वा तेस्रो स्थितिमा छु कि भन्ने लाग्दै छ । पुराण र इतिहासका ग्रन्थमा भनिएको किन्नर स्थल हो कि ! निद्रा, भोक र थकाइबाट टाढा छु कि न ! असन्तोष यति मात्र हो म आफ्नो अनुभव र मनको चिदानन्दको स्थिति बारे कसैलाई भन्न-सुनाउन अथवा बाँड्न पाउँदिनँ । म जस्तो यायावर-फकीर जीवलाई रक्षित-सुरक्षित अञ्चल चाहिन्छ नै किन ? औचित्य के ? यसको उपयोगिता कसरी ? फेरि पनि मेरो अन्तस्तलमा हिमबाला सिन्धुको स्वरूपले लुकामारी गर्न छोडेन ।

म कौसीमा निस्किएँ । हिउँ अझै पर्दै थिएछ । पर्दैछ भन्ने बिर्सिसकेको थिएँछु । काठको घर, म एक तला माथि, भुइँतलामा के होला थाह गर्नु थिएन । वरिपरि कौसीमा घुमेर हिमपातको दृश्य हेरें । वरपरका पहाडहरू हिमतापस झैं देखिन्थे । मन रमायो ।

मन त मनै हो । मनको रमाउनु र नरमाउनुलाई म आफ्नो अधीनमा राख्न सक्तिनँ । पानी परे पनि मन रमाउँछ । हिउँ परे पनि मन रमाउँछ । मेरो रमाउनुमाथि अरूहरू टिप्पणी र मीमांसा गर्छन्, त्यसले मलाई फरक पार्दैन । रमाएकै हुन्छु । किनभने मेरो रमाउनु मानसिक हुन्छ, आन्तरिक हुन्छ, आफैं भित्र हुन्छ । अभौतिक प्रायः भएकोले अरूको बिगार गर्दैन । त्यसैले मेरो नितान्त आत्मरतिको यस्तो क्षण मेरो लागि ऊर्जाप्रद भइदिन्छ ।

हरियो वनघारीमा लटरम्म हिउँ फलेर वृक्ष-वनस्पति किञ्चित् झुकेका, नुहेका देखेर म हृदयदेखि नै प्रफुल्ल भएँ । कहिले कहीं हावाको झोक्काले अनि कहिले कहीं अतिभारले रूखबाट हिउँ झर्थ्यो । म क्षति भएको ठान्थें । कहिले काहीं हाँगा नै ताछिएर झर्थ्यो, झुण्डिन्थ्यो, त्यो देख्नासाथ मेरो अन्तरङ्गमा हाङ्देवाको पैरो जान्थ्यो, हिरेवा बग्ने डर लाग्थ्यो । भैंचालो जान्थ्यो । म हिउँ-पानी देखेर रमाउने मान्छे, त्यसमा क्षति भएपछि पीडा हुनु स्वाभाविक हो कि ? के नाता छ मेरो हिमप्रकृतिसँग ? हिमऋतुसँग ? मैले अन्तर्मुखी हुने चेष्टा गरें । सामान्यतया नाङ्गो, उराठलाग्दो अथवा भनौं शुष्क, नीरस वा नाङ्गिएको ऋतुमा हिउँ वर्षन्थ्यो । यहाँ प्रकृतिमा त्यो नग्नता वा निर्वस्त्र रूप थिएन । फेरि पनि हिमपात ? केही त छ, त्यसैले म अन्तर्मुखी हुँदै गएँ ।

म पाँच पुस्ता पहिले छोडेर आएको, भोगेको, देखेको जीवनमा पसें । घरको आँगनबाट सजिलै देखेथें जलजले हिमाल । घामको पहिलो झुल्को त्यहीं पर्थ्यो । मिल्केको गुराँस वन, ताम्राङ्को शिर र नँलोकको पेटमा पुगेपछि बिस्तारै त्यो गाउँमा

सूर्यको ताप आउँथ्यो जहाँ मेरो त्यो जन्म बित्यो । यहींबाट, टाढैबाट देखेथें मैले हिमसौन्दर्य । घर मास्तिरको चुचेढुङ्गामा उक्लेर हेर्दा कुम्भकर्ण हिमाल सुताइबाट उठेर ओछ्यानमै गजधम्म बसेको हिमतापस झैं लाग्थ्यो । समय र सूर्यप्रकाशले आगो, तामा, सुन र चाँदीमा फेरिंदै जान्थ्यो । परिवर्तित रूपलाई आफ्नो ढङ्गले बुझ्ने र व्याख्या गर्ने चेतना थिएन । बस्, ऋतु-प्रभाव भोग्दै र ग्रहण गदै हिंडें ।

मामाका घरतर्फ आउँदा लुकेको, च्यापमा पसेको र माटो खाएर बसेको हिउँको अवशेषलाई छोएर, खेलाएर र कुल्चिएर हिंडेको थिएँ– फलाटेको ओसिलो जङ्गलमा, गुराँसवनको गर्भमा, झ्याउँपोखरीको भित्तोमा ।

हिउँको सम्पूर्ण साम्राज्य मैले मेन्छ्यायेमको फेदमा ढापको विशाल चौरमा देखें । यो अद्भुत दृश्य आज पनि मेरा आँखामा छ– सानो गोठको जीवन ।

म गोठालाको भाञ्जो । बिहान उठेर हेर्दा गोठका अगाडि, वरपर, तलमाथि, वारिपारि सबैतिर सेताम्मे । 'के हो यो ? कस्तो सेतो ? आँखा दुखाउने !'

मेरो जिज्ञासालाई शान्त पार्दै मामाले भने, 'भाञ्जा, यही हो हिउँ ।'

रमाएँ, खेलें, खेलाएँ, पर परसम्म पुगें र एकछिन पछि रूँदै फर्किएँ– आँसु र सिंगान चुहाउँदै । आगाको छेउमा पुगें । ए, हुँदैन । मलाई रोके । सिरकको तातोमा बस् न– गुटुमुटु भएर । नत्र घाउ हुन्छ, पाक्छ र हातखुट्टा झर्छ ! डराएको त त्यसै वेला हो । फेरि कहिल्यै डराइनँ । हिमपात देख्यो कि रमाउँदै रहें ।

'शिखर ! हिउँमा खेल्न जाने हो ? चिप्ली खेल्न आउँछ ? मन छ ? आऊ एकैछिन खेल्न जाऊँ ।' यी शब्द उसका कानमा परे । बिस्तारै हात समाएर डोऱ्याउन खोजेको अनुभव गऱ्यो उसले । ऊ वास्तविक दुनियाँमा थिएन, अब ऊ फर्क्यो । सिन्धुले बोले जस्तो लाग्यो उसलाई, कल्पना र अनुमानले पनि यही सत्य पोषण गर्दै थिए । किन्तु सत्य त्यो थिएन । उसलाई भ्रम थियो । किन्तु भ्रम पनि सत्य हो र भ्रम भएको पनि सत्य हो ।

उसले मनमनै गुन्यो– म कसरी शिखर भएँ ? म शिखर हुँ त ? ठीकै छ म शिखर नै भइदिन्छु । नाता जस्तै फरिंदो रहेछ नाम पनि !

'हो, शिखर भनें मैले तिमीलाई । तिमीले मलाई सिन्धु भनेपछि मैले शिखर भन्नु परेन त ? तिमीले मलाई तेस्रो अक्षरको नाम दिएर संबोधन गऱ्यौ, मैले तिमीलाई पहिलो अक्षरको नाम दिएँ । तिमीले मलाई तल देख्यौ, मैले तिमीलाई माथि, धेरै माथि देखें । तिमीले ममा शायद गहिराइ देख्यौ, तिमीमा मैले अद्वितीय उचाइ देखें । शायद मलाई फैलिएको देख्यौ, तिमीलाई पनि लमतन्न फैलिएको

देखें । अब भन त यदि तिमीले मलाई सम्मान दियौ भने मैले पनि सम्मान दिनैपर्छ नि तिमीलाई हैन र ?'

'म' अर्थात् ऊर्ध्वचेता शिखर भएपछि 'ऊ' भएँ । उत्तम पुरूषबाट सोभै प्रथम पुरूषमा पुगें । ऊर्ध्वचेता पो 'म' हुँ । त्यसबाहेक शिखर वा अन्य जुनसुकै नाम दिए पनि त्यो नाममा म 'ऊ' नै हुने हुँ । ऊ हिंड्ने हो, उसलाई अनुभव हुने हो, उसले देख्ने, बोल्ने वा गर्ने हो । उसले उसैलाई 'म' भन्ने हो ।

उसले ऐंठन भएको आभास पायो । त्यसको घेराबाट उम्कने यत्नमा उसले सम्पूर्ण रूपले शरीर हल्लायो र शिर घुमायो । बादलको संसारबाट बिस्तारै यथार्थको धरातलमा ओर्लिएको अनुभव गर्‍यो उसले । उसले आफूलाई अर्को पटक हिउँको संसारमा उभिएको पायो, घरको बार्दलीमा टोलाएको भेट्यो । अनि हिम-वायुलाई दुई-चार पटक नाक र मुखबाट श्वास-प्रश्वास लिंदै र छोड्दै गर्‍यो । एकछिन अनुलोम प्रतिलोम गर्‍यो र आफूलाई सन्तुलित, स्थिर कायम गर्‍यो । अनि कुकुरले तानेर उसलाई भित्र लग्यो । अब उसले होशमा भन्यो, 'ए, कुकुर त यहीं थिएछ कति बेरदेखि ! सिन्धुले मेरो हात समाएर तान्न खोजी भन्ने ठान्दै थिएँ, होइन रहेछ । कुकुरले पो तानेको रहेछ । हिमपात भन् बाक्लो हुँदै थियो । कुकुरले तानेर ल्याएपछि त्यसको आनन्द खण्डित भएको नमीठो पीडा भो ।'

कुकुरले मलाई जुन कोठामा पुर्‍यायो, म हिउँको वर्षा भोग्दै त्यहाँ पुगेको थिएँ– त्यसैको अनुसरण गरेर । हिउँको चीसो हावासँगै कोठामा प्रवेश गर्दा त्यहाँको न्यानोपनमा आघात पर्न जानु स्वाभाविक थियो । कुकुरले मलाई फेरि यहाँको अट्टालिका/कौसीमा पुर्‍यायो । हिउँ भन्भन् बाक्लो पर्दै थियो । खण्डित हुनपुगेको आनन्द फेरि जोडियो । हिमवर्षा हेरेर म आतृप्त हुँदै रहें । बसेर पनि हेरें, उठेर पनि हेरें, कौसीमा घुमेर पनि हेरें । यो दोस्रो तलाको कौसी भए पनि घर त्यो थिएन जहाँ पुस्तकाललय कक्ष थियो । त्यो घर छोडेर अर्को घरमा पुगें भन्ने होश मलाई थियो । किन्तु एकपटक बाहिर गएर अर्को बाटोबाट फेरि त्यसै घरको माथिल्लो तलामा पुगें कि भन्ने शङ्का ममा जन्मेन ।

कौसीबाट हिमपातको सौन्दर्य हेर्दा हेर्दै मैले ठानें, अब मेरो मनसँग मात्र वर्तमानको यो क्षण छ, मनसँग उनिएर आएका कुनै कुरा, कुनै भाव, कुनै विचार, कुनै दृश्य वा वस्तु अब मसँग छैन । म एक्लो छु, स्वतन्त्र छु, पूर्ण छु र सबल छु भन्ने विश्वास निर्माण भयो । म हिमप्रकृतिमा एकाकार भएर हराउन पुगें ।

निकै बेरपछि मलाई अभिज्ञान भो– कुकुरले हेर्दै, फर्किंदै गरिसकेको थियो । यसपटक त्यसले पहिले भैं मेरो बाहुलोमा तानेर भित्र लग्यो । स्नानागारमा

(बाथरूम) पुऱ्यायो । दुई तीन जना डुबेर बस्न सकिने तातो पानीको कुण्ड रहेछ । मैले पारदर्शी पर्दाबाट हेरें ।

छेउको चौतारीमा लुगा खोलेर राखें । चिह्न-रक्षक वस्त्र कौपीन जो शेष थियो त्यो पनि कुकुरले थुतेर लग्यो । मैले आफ्नो स्थितितर्फ फर्कन नभ्याउँदै सिन्धु आएर मलाई डोऱ्याई र कुण्डमा पसाई । नीर-वस्त्रको उपयोग गर्नुअघि केही बेर म सन्त शुकदेव नै थिएँ ।

हाम्रो जलविहार चल्यो ! सिन्धु अभ्यस्त थिई । म भने अर्को वा भिन्न परिवेशको अज्ञात यात्री, आगन्तुक । ऊ झन्नै निर्लोम विग्रहमा थिई । लज्जा छोप्न हो कि हो कि जस्तो ढङ्गले थोरै, काम चलाउ रोमावलि टाँसिदिएर विधि पुऱ्याएको हो कि शिष्टताको । पीतवर्णी, अक्षत शरीर, निर्दोष सौन्दर्य । नीरवस्त्रको उपयोग गर्नुभन्दा पहिले निमेषभर एक झल्को जो देखें शायद त्यो सपना होला, विपनामा त्यो किसिमको सौन्दर्यको दर्शन र त्यसप्रतिको भावपरिपाक शायदै होला । चौर्यरतमा भने यसै भन्न सकिन्न कि !

हो, ऊ झन्नै झन्नै निर्लोम तर म भने सम्पूर्णतः आरण्यक श्वेत-कृष्ण वनमय । विपरीत प्रकृतिको सहज आकर्षण । यो परिवेश जसले अभय, उत्सुकता र पुनः अथाह शान्ति जन्मायो-बढायो ।

झन्नै झन्नै अवसन रहेर सुत्ने बानीले मलाई यहाँ पनि छोडेन । ऊ पनि त्यस्तै रहिछ-अर्को छेउमा । शायद हिउँ पनि नचीसो होला यो बखत, ढोकाबाट पनि चीसो हावा नपस्ला यो मायालु परिवेशमा ।

मैले आफूलाई महापण्डित राहुल सांस्कृत्यायन बनाएँ, जसले मानव जातिको इतिहासमा महान् सांस्कृतिक अध्यायहरू जोड्दै हिंडे र यसका लागि अनेकन् गुण र बिसौनीहरू बसाउँदै हिंडे । पदचिह्नहरू छोड्दै हिंडे ।

जसरी 'हिटलर र यहूदी' (औपन्यासिक यात्रा) मा नेपालबाट पानी जहाजको यात्रा गर्ने प्रणयी जोडीले पानी जहाजमा गरेका प्रणय व्यापारका चिह्न-बिन्दुहरूलाई नायिकाले जतन गरेकी थिई त्यसैगरी सिन्धुले पनि मौका छोपेर शयन-क्रीडाका संकेतहरूलाई छोपेर लुकाएर सुरक्षित गरी ।

म मेनकासँग विश्वामित्र देखिएँ या शकुन्तलासँग दुष्यन्त ? भन्न सक्तिनँ । आज म ब्रह्मचारी रहिनँ । म यति चाहिं जान्दछु । त्यो फूल जसको सुवास र सौन्दर्य मैले लिनसकेको हुँ यो सिन्धु नै जान्ली ।

कुकुरले ओढ्ने तान्यो । चीसोले छोयो । म ब्यूझिएँ । मीठो सपनामा थिएँ । छुटेकोमा पीडा भो । कुकुरप्रति झन्नै क्रुद्ध भएँ । अनि गुन्दै गएँ– म यहाँ कुन

रूपले आएँ, कुन उद्देश्यले पुगें र भोलि कस्तो हुने हुँ ? मेरो स्थान के हुने छ भन्ने विषयमा मैले गुनिनँ किनभने म अर्को संसारमा पुगिसकें भन्ने लाग्यो ।

समय, ठाउँ र संस्कृतिको प्रवाहमा मैले आफूलाई त्यसरी नै छोडें जसरी एउटा स्थलजीवी सत्वले नदीको प्रवाहमा आफूलाई सहज हुनेगरी छोड्छ, हिंडाउँछ, बगाउँछ ।

'आऊ, चमेना गरौं ।' सिन्धुले नाश्ता तयार पारिसकेर भनी । सँगै एक अर्काको सामुन्ने बसेर चमेनामा जुटें, भुइँ टेबुलमा बसेर ।

उचित अवसर ठानेर सिन्धुले भनी, 'शिखर ! तिमी केको खोजीमा निस्केका हौ, तिम्रो गन्तव्य के हो, कति बाटो हिंडिसक्यौ र अब कति शेष छ, त्यो मैले जान्नु छैन । तिम्रो लक्ष्यको केन्द्रमा के छ त्यो पनि सोद्धिनँ । फेरि पनि शायद स्वतन्त्र बन्धनले हामी परस्पर बाँधिएका छौं भन्ने मेरो धारणा बनेको छ । तिमी के सोच्दै छौ, त्यो म जान्दिनँ ।'

शिखर अल्मलियो । शायद उसले सिन्धुको भनाइको आशय बुझेन कि, कुनै प्रतिक्रिया जनाएन ।

उसले फेरि थपी, 'म तिम्रो हिजो सोद्धिनँ, इतिहास पनि खोज्दिनँ । जसको इतिहास हुन्छ, त्यो लुक्तैन र हराउँदैन । मैले यस्तै बुझेकी छु ।'

फेरि पनि उसले मुख खोलेन ।

'इतिहास त त्यसको हुन्छ जसले दिएको हुन्छ, गरेको हुन्छ र उसैको कृत्य वा दान आदरणीय हुन्छ, वन्दनीय रहन्छ । तिमी कहाँ पर्छौ, कुन श्रृङ्खलाका कडी हौ, तिमी आफैं जान्दा हौ । स्वयं ऐना हेर्न सक्छौ ।'

ऊ अझै बोलेन । त्यसैले उसले उद्दीप्त बनाउने भावले भनी, 'तिमी आफ्नो पसिनाको कमाइ खाएर हुर्किएका जीव होइनौ ? तिम्रो शरीरमा कु–अन्न परेको छ कि ? कहीं तिमी खराब प्राणीको सङ्गतमा त परेनौ ? कहीं तिम्रो मतिभ्रम भएको त होइन ? आफैंलाई हेर्न या बुझ्न नसक्ने दोष कसलाई दिने ? कहीं तिमीसँग पनि परपीडनबाट आत्मरति लिने प्रवृत्तिको विकास भएको त हैन ?' शायद ऊ अन्तरङ्ग कुरा हुन नपाएर विचलित भएकी हो ! त्यसैले मनोविकार निखारेर बोली ।

शिखर अझै द्वन्द्वमा थियो । कम्प्युटरका बटन चलाएर संवाद गर्ने प्रणाली औपचारिक हो ? देखावटी हो ? तटस्थता देखाउने संकेत हो ? फेरि आज किन प्रत्यक्ष संवादको प्रयास ?

फेरि तुरुन्तै उसले सम्झ्यो । बिन्दुले समय-सीमा बारे सचेष्ट गरेकी थिई । शायद कम्प्युटरबाट प्रश्नोत्तर थालिने मुहूर्त आइसकेको थिएन अझै । बिहान आठ

बजेदेखि बेलुका छ बजे बीच पराईसँग संवाद गर्दा कम्प्युटरको माध्यम अँगाल्नै पर्थ्यो । यो कुरा थाह पाए पनि उसले अझै यकीन लिन सकेको होइन कि ?

त्यसैले उसले नाटकीय ढङ्गले संवाद बढायो, 'तिमी केही भन्दै थियौ, क्षमा गर मैले बुझिनँ । म योग प्रक्रियामा थिएँ । अब त तिम्रो कार्यालय वेला थालिन्छ, फेरि कम्प्युटरसँग सवाल जवाफ हुन्छ । हाम्रा बीच कैयौं कुरा हुनै बाँकी छन् । समय नपुग्ने हो कि न !'

'तिमी आयौ, मैले छुट्टी लिएँ । मेरो काम अर्को घरले गर्छ । काम रोकिंदैन । म आफ्नो संचित रहेको छुट्टी तिम्रो सहयोगमा बिताउँछु । त्यसैले कम्प्युटरको प्रयोग गर्नै पर्दैन । हामी यसै गरी स्वतन्त्र भएर संवाद गर्न पाउँछौं ।'

'तर मलाई वचन देऊ, तिमी कुनै किसिमको गुप्तचरी गर्ने छैनौं ।' उसले शर्त राखी ।

'तिमी किन यसो भन्छ्यौ ? म त्यस्तो देखिन्छु ?'

'हामी डराउँछौं इतिहासबाट । हिजो विदेशी गुप्तचरले यहाँ आएर ध्वंस मचाएका थिए । त्यसको खराब परिणाम आजसम्म हामी भोग्दै छौं । राजनीतिक व्यवसाय गर्नेहरूले तुच्छ स्वार्थका लागि विदेशी शक्तिको कठपुतली भएर आफ्नो देशमा विप्लव ल्याएका थिए । इतिहास शायद झूटो बोल्दैन । यदि तिमी जान्न चाहन्छौ या मेरो कुरामा विश्वास लाग्दैन भने म तिमीलाई आधार वा प्रमाण दिन सक्छु । अनि भन्नुपर्छ कि इतिहास गलत हो, कि भन्नुपर्छ राजनीतिक व्यक्ति गलत थिए ।'

किशोर अवस्था भर्खर पार गरेकी यो नवयुवती यो ढङ्गले संवाद गर्ली भन्ने उसले सोचेको थिएन । खाने, घुम्ने, रमाइलो गर्ने, रोमान्सको लागि परिवेश तयार गर्ने ढङ्गले अग्रसर होली भन्ने अनुमान गरेको थियो । किन्तु उसको सोचाइ गलत साबित हुँदै थियो । त्यो कोठामा भएका दुई–चारवटा पुस्तक पल्टाएर उसले ज्ञान प्रदर्शन गरेकी होली भन्ने ठानेर शिखरले आफैंलाई स्थिर बनाउन खोज्यो ।

'बिन्दुले तिमीलाई पुस्तकालय कक्षमा पुऱ्याएकी थिई नि ! शायद, पढ्न भ्याएनौ । कि तिमी देवनागरी लिपि पढ्न सक्तैनौ ? यो भेगमा प्रायः देवनागरी लिपिकै सामग्री जोगाएका छौं । अब यो लिपिमा सामग्री उपलब्ध हुँदैनन् । त्यसैले पनि यहाँ जतन गरेर राखेका छौं । पढ्न जान्नेलाई प्रशस्त खजाना मिल्छ भन्ने ठानेकी छु ।' सिन्धुले संकेत बोली ।

'के त देवनागरी लिपिमा पाठ्य सामग्रीको उत्पादन रोकियो ?'

'हुँदैन, यो देशमा उत्पादन हुँदैन । एउटा देशको सांस्कृतिक स्वरूप भत्किएपछि कहाँ भाषा, कहाँ लिपि र कहाँ पाठक अनि स्वस्थ मन्थन र मीमांसा !

यसको कथा पनि लामो छ । उपकथा पनि अनेक शीर्षकमा भेटिन्छन् । किन्तु के सत्य हो के होइन, पढेपछि नै त्यो कुरा तौलेर भन्न मिल्छ । अध्ययन, आत्ममन्थन, सामूहिक विश्लेषण र त्यसपछि निष्कर्ष-निर्णय । दृष्टि चेतना हुनेलाई यथार्थ बुझ्न असहज नहोला कि भन्छु ।' यसपटक सिन्धुले शिखरलाई वैचारिक श्रृङ्खलाले बाँधी ।

'लिपि कसरी हरायो । म यसको जानकारी चाहन्छु । तिमी छोटोमा भन न सिन्धु ! लिपि हराउनु भनेको त सभ्यता र इतिहास हराउनु पो हो नि ! फेरि कता थामिन्छ र संस्कृति र पहिचान ?'

"छोटकरीमा भनौं भने आततायी छापामारसँगै यो मुलुकमा सांस्कृतिक आक्रमण पनि थालियो । झट्ट बाहिरबाट हेर्दा भौतिक विनाश देखिए पनि अन्ततः सांस्कृतिक विनाशको मूल हेतु भैदियो छापामार उपद्रव । उदाहरण मात्र हो– देवनागरी लिपिको स्थापित स्वरूप र शैलीलाई भत्काउन विज्ञ-प्राज्ञहरू नै लागे । लिपिको स्थापित मौलिक सौन्दर्य नै नष्ट गर्ने सोचले ती एकजुट भए– योजना बनाएर । यो कदम विकास र परिष्कार गर्ने नभएर असङ्गत र विद्रूप पनि थियो ।

त्यसपछि प्रतिगामी र प्रतिगमनको आरोप-आक्षेपमा हिलो-होली मच्चियो । फेरि लेखको स्वत्व कायम गर्ने सोचमा पुस्तकको अध्ययन, विश्लेषण वा मन्थन र मीमांसा अथवा समीक्षा-समालोचना पनि नहुने भो । फलतः 'यस पुस्तकको कुनै अंश वा पूरै पुस्तक कुनै पनि माध्यमद्वारा पुनरूत्पादन वा फोटोकपी गर्न पाइने छैन' भनेर प्रत्येक पुस्तकका प्रारम्भिक पृष्ठमा छापिएर आउने शब्दावलिले कानून तेछ्र्यायो । साहित्यको अध्ययन-विश्लेषणको इतिहास-उत्पादन पूरा रोकियो । सबैले सतर्क हुनुपर्ने स्थिति आयो । कक्षा र परीक्षामा धेरै कुरा सीमित भयो । अलिक पछि राज्यले देवनागरी लिपि प्रयोग गर्ने अधिकार पनि गुमायो । यसलाई तात्कालिक शासक मीर खद्योतप्रकाश नक्शालीको पालामा भएको प्रगति मानिन्छ । किन्तु, अध्ययनपछि थाह हुन्छ यो प्रगति नभएर दुर्गति निम्त्याइएको थियो र यसको जग चाहिं आततायीले हालेको हो । हामीसँग उपलब्ध सामग्रीले यस कुराको पुष्टि गर्छन् । यस्तै कुरा ध्यानमा राखेर पुस्तक/अभिलेख जोगाउने यत्न गरिएको हो । तिमी चाहन्छौ भने म पुऱ्याउँछु ।"

शिखर एकोहोरो सुन्दै रह्यो ।

सिन्धुले थपी, 'तिम्रो सजिलोको लागि म एउटा प्रस्ताव उपस्थित गर्छु । यदि यस माटाको स्थिति हिजो के थियो, क-कस्ता रोग-व्याध सह्यो; त्राटन, मारन र उच्चाटन

प्रक्रियाद्वारा जनताको रगत फेर्ने काम दल–दल र गुट उपगुटको दुःशान्तिले कसरी र कुन ढङ्गले गऱ्यो, निर्माणपछि विनिर्माणको स्थिति कसरी आयो र फेरि त्यसमा वडवाग्नि झोसेर कसरी खरानी गराइयो भन्नेतर्फ तिम्रो रुचि भए पुस्तकालयतर्फ जानुपर्छ । बेच्न र डढाउनबाट जोगिएका सामग्री पनि छन् । सन्धि-पत्र र अत्यन्त पुराना म्याप पनि छन्, यस माटाको इतिहास र वनस्पतिको जीवनी पनि छन् । प्राकृतिक सम्पदा, वनौषधि र यहाँका वन्यजन्तुको परिचय र विकासको जानकारी बारेका अभिलेख पनि छन् । खनिज–वस्तु वा भूगर्भ सम्पदाको संग्रहालय छुट्टै छ ।'

'ए, संग्रहालय पनि छ ?'

'सोध न के चाहिँ छैन ?'

एकछिन दुवैतर्फबाट संवादले विश्राम पायो । उचित अवसर हेरेर सिन्धुले अर्को प्रसङ्ग जोडी, 'हैन, यस माटाको वर्तमान स्थितिलाई हेरेर आनन्द लिन चाहन्छौ भने म तिमीलाई घुमाउन लैजान्छु । अब भन, पुस्तकालय, संग्रहालयमा पसेर पढ्ने कि बाहिरको भौतिक आढ्यता र प्राकृतिक सौन्दर्यमा विचरण गर्ने ? तिमी निश्चय गर । म आएँ ।' ऊ त्यहाँबाट सरी ।

घुम्ने कार्यक्रम भो ।

उनीहरू रोप–वे तर्फ लागे । रज्जु–मार्ग (रोप-वे) नै त्यो भूमिमा उपुयक्त यातायात माध्यम ठानेर उपयोगमा ल्याइएको थियो र सर्वसुलभ देखिएको थियो ।

रज्जु-मार्ग बिस्तारै उचाइतर्फ चढ्दै गएपछि सिन्धुले भनी, 'ध्यान दिएर हेर, भरे तुलना गर्नुपर्छ नि !'

'मैले बुझिनँ, फेरि भन न ।'

'रोप–वेले जमीन र जङ्गलको बचाउ गरेको छ । यहाँ कतै जमीन बगेको, पैरो गएको, खनेर धरतीको स्वरूप बिग्रेको, कतै रातो, कतै पहेंलो, कतै कमेरो, फुस्रो वा चर्केको भत्केको देख्छौ ? कतै छैन नि हैन ?'

शिखर सुन्दै रह्यो ।

उसले थपी, 'किनभने यहाँ डोजर आतङ्क छैन । झोले, रुमाले, बैठके, हुक्के, बिचौलिया र ठगले यहाँ खेल्न पाएका छैनन् । के भनौं, त्यस्तो पुस्ता र समूह नै निर्मूल भएको छ । त्यसैले नयाँ साधुले बेछन्दसँग खरानी धसेर रूप बिगारेजस्तो देखिंदैन अब धरतीको स्वरूप । हेर न, यहाँको प्राकृतिक छटा कति मनोहर छ– कलकलाउँदो, लहलहाउंदो अनि मस्त जवानीको रङ्ग देखाएर नाचूँ नाचूँ गरे जस्तो छ होइन ? कति सुकुमार, कति निर्दोष र कति शान्त छ यहाँको भू-प्रकृति । हेरेर म कहिल्यै अघाउँदिनँ ।'

'हो बडो सुन्दर छ । यहीं बसेर सारा जीवन बिताऊँ जस्तो लाग्छ । भू-प्रकृति नारी तत्त्व हो, मातृत्व, त्यो स्नेहमयी हुन्छ, ममतामयी हुन्छ ।'

'ठीक भन्यौ, आँखाभरि हेर, हिजोको व्यवस्थाले यो धरतीमाथि कुन शैलीले बलात्कार गरेको थियो तुलना गर्न सजिलो हुन्छ । चिथोरेको, भत्काएको, फोरेको देखेर हिजोप्रति शायद थुक्ने छौ ।'

'पातलो गाउँ रहेछ । थोरै घर देखिन्छन् । बाक्लो बस्ती छैन यतातिर ? फेरि पेगोडा शैलीका घर रहेछन् । बडो सुखद बसाइ ! वाह !'

'छन् नि । नयाँ आवासीय क्षेत्रको व्यवस्था छुट्टै क्षेत्रमा छ । आधुनिक, भौतिक सुविधाका लागि बजारको व्यवस्था पनि छ । ऊ हेर न, टू-लेन बाटो प्रत्येक गाउँमा पुगेको छ । किन्तु, ठूला मालवाहक भेहिकललाई प्रवेश मिल्दैन । पुलिस, सेना, दमकल, एम्बुलेन्सलाई टाढै बसेर बाटो दिनुपर्छ । मै हुँ भनेर अक्कड देखाउन पाइँदैन । नियम कडा छ । तुरुन्तै सुनवाइ हुन्छ र कार्वाही हुन्छ । ठान, एक किसिमले हामी स्वशासित छौं भन्नुपऱ्यो । कार, माइक्रो बस र मिनी ट्रक प्रत्येक घरमा छन् ।'

"अँ, यो कृषि क्षेत्र हो, कृषककै घर हुन्, त्यसैले पातला छन् । अब यता हेर ।" उसले हात पसारेर देखाउँदै भनी, 'यो कागते वन क्षेत्र हो, नेपाली कागज बनाउने पोथ्रा यहाँदेखि वहाँसम्म, सबै यै क्षेत्र हो ।

उः त्यो पल्लो पाखो ओसिलो रसिलो लाग्छ नि, त्यो सबै अलैंची क्षेत्र हो । अनि यो क्षेत्र चाहिं पशुपालनको लागि संरक्षित हो । चौंरी, घोडा, खच्चर यस तर्फ र भेडा र बाख्रा उसतर्फ । यी चाहिं निर्यात गरिन्छन् ।"

रज्जु-मार्ग चल्दै गयो । उसले भनी, 'यता माथिमाथि गहुँ, फापर प्रशस्त हुन्छ । तलतल मकै र कोदो, पुच्छारमा पाटा, तोरी र धान अलिक बढी हुन्छ । वास्तवमा ठाउँ वा जलवायु हेरी अन्नबाली फस्टाउँछ ।'

'खूब उब्जाउ होला जस्तो छ हैन ?'

'अर्गानिक मलको मात्र उपयोग गर्छौं, उब्जाउ राम्रै हुन्छ । त्यसैले कुनै क्षति हुँदैन । माछामासु खाने चलन पनि कम छ । प्रायः छैन भने पनि हुन्छ । कुनै प्राणीको बाँच्ने अधिकार हनन हुनुहुँदैन भन्ने धारणा फैलिएको छ, त्यसैले सुधार आउँदै छ । अन्न पनि निर्यात हुन्छ ।'

रज्जु-मार्ग सर्दै गयो । उसले भनी, 'यो क्षेत्र डेरीका लागि छुट्याइएको हो । दूध, दही, घीउ र चीजका लागि यो ठाउँ नामी छ । यहाँको चीज र आलु विदेश निर्यात हुन्छ । यहाँ ठाउँ ठाउँमा हेलीप्याड देखिन्छ नि ! हेलिकप्टर आएर सीधै लैजान्छन् ।'

उसले अर्कोतिर औंल्याएर भनी, 'वनौषधिका लागि यो आरक्षित वन क्षेत्र हो । उतापट्टि वन्यजन्तुका लागि सुरक्षित भूमि । हजारौं किसिमका चरा र पुतली पनि यहीं भेटिन्छन् ।'

'सारै व्यवस्थित ढङ्गले विकास गरिएको ग्रामीण क्षेत्र रहेछ । मलाई त घुमिरहुँ जस्तो लाग्यो ।'

'अब हाम्रो शहर पनि घुमेर हेरौं न ।' सिन्धुले प्रस्ताव राखी, 'तर एक शर्त छ ।' उसले तुरुन्त भनी ।

'कस्तो शर्त ?'

'तिमीले मुखौटो लगाउनु पर्छ– नकाब ।'

'ओके । मलाई क्यै समस्या छैन । अर्काका लागि पनि समस्या बन्दिनँ ।'

मस्तसँग शहर घुमेर उनीहरू फर्के ।

कुकुरले स्वागत गऱ्यो ।

खाना खान बस्ता संवाद गर्ने चलन त्यति थिएन । अवश्यक परे संकेत र सूत्रमा पुग्नु पर्थ्यो । यस कुराको हेक्का शिखरलाई थिएन छ । उसले मनमा लागेको कुरा भनिहाल्यो, 'मलाई जान्न मन छ, एउटा प्रश्न गरौं कि सिन्धु ?'

'एस या नो मा उत्तर पुग्छ भने सोध, लामो कुरा हो भने पछि गरौंला नि !' उसले आफ्नो स्वभाव र स्वीकृत अनुशासन भित्र रहने दृष्टिले संक्षिप्त बोली ।

'मैले नकाब लगाएँ, तिमीले लगाइनौ । मैले यसमा संगति भेटिनँ । कतिपय मुलुकमा नारीहरू नै पर्दा गर्छन् । फेरि यहाँ.... ?'

'नकाब या मुखुण्डो यो तीन-साढे तीन अक्षरले चिनिने वस्तु र यहाँ यसको उपयोग गर्ने प्रणालीको औचित्य बारे एउटा लामो इतिहास छ । कैयौं पुस्ता जोडिएका छन् यसमा । एउटै वाक्यमा उत्तर वा औचित्य सुन्न चाहन्छौ भने सजिलैसित भन्छु– तिमीलाई जोगाउन मुखुण्डो दिएकी हुँ । यदि किन भन्ने प्रश्न गऱ्यौ भने व्याख्यानमाला नै तयार हुन्छ । मेरो अध्ययन, अवलोकन र मूल्याङ्कन शायद तिम्रो धारणा अनुकूल नहुन सक्छ । यदि खुला विचारले, कुनै पूर्वधारणा नलिई अध्ययन, अवलोकन पछि स्वयं मूल्याङ्कन गर्न बस्यौ भने तिम्रो निष्कर्ष पूर्ण मौलिक, वस्तुगत, तथ्यपूर्ण र आधिकारिक हुनेछ ।'

'अर्थात् ?'

'ग्रन्थागार याने पुस्तकालय । हामी को हौं, को थियौं, के भयौं । हाम्रो जीवन कस्तो थियो, दिनचर्या के थियो । हाम्रो परम्परा, दर्शन, संस्कृतिको स्थिति

के थियो भन्ने कुराको जानकारी पुस्तकालयले दिन्छ नि हैन र ? गुरु र मित्र पुस्तकै त हो ।'

'पुस्तकालयले दृष्टि पनि दिन्छ, बाटो पनि देखाउँछ । मनको चौतारी पनि त हो पुस्तकालय । मन परेको पुस्तक छान्छु, त्यो असल साथी हुन्छ । एकछिन अर्कै संसारमा पुऱ्याउँछ । चेतना र मनोरञ्जन पनि दिन्छ, बस् चयन गर्न सक्नु पर्छ । मानिसको मित्रताले छल या घात गर्न सक्छ किन्तु ग्रन्थले त्यसो गर्दैन । आफूखुशी त्यसको ग्रहण र त्याग गर्न सकिन्छ । त्यसैले म सर्वाधिक समय पुस्तकसँग बिताउँछु । आफैँसँग रमाउने, आफैँसँग हराउने र अरू विना बाँच्न सक्ने क्षमताको विकास भएपछि एक्लो अनुभव हुँदैहुँदैन । बाँकी समय योगासन, प्राणायाम गऱ्यो । एकपटक घुम्न निस्क्यो, फेरि आफ्नो दैनिक चर्यामा जुट्यो, समय नै पुग्दैन । बाहिरी कुरामा ध्यान जानै पाउँदैन ।'

उसले आफ्नो भनाइलाई निरन्तरता दिएर भनी, 'साँच्चै भनौं भने कैयौं पुस्तक त पल्टाउन पनि भ्याएकी छैन । कैयौं पुस्तक लाइनमा छन् ।...' प्रमाणको एउटा पोयो यदि 'आप्तवचन' हो भने ग्रन्थलाई त प्रमाणको आधार मान्नै पर्छ नि हैन र ?'

शिखरले अब आफ्नो शरीरबाट खरानी सर्दै गएको अनुभव गऱ्यो । कहीं गार्गी-याज्ञवल्क्यको युगमा त पुगिनँ भनेर चस्स मनमा छोयो उसलाई । आफूमा भएको चेतना र बुद्धिको भण्डारमा कमी/न्यूनता आएको अनुभव गऱ्यो उसले । अनि आफैंभित्र प्रश्न जन्मायो– कहीं यो औतारी नारी त हैन ? पुलोमा र सोमदत्तबीच पनि त बौद्धिक वा ज्ञानपरक शास्त्रार्थ-संवाद भएको थियो नि 'सुम्निमा' मा । आजको युगमा पनि महीयसी विदुषीहरूको अवतरण ! ऊ अन्तर्मुखी हुँदै गयो ।

'पढ्दै गएपछि म यस्तो निष्कर्षमा पुगें– संस्कृतिले ग्रन्थ निर्माण गराउँछः प्रथम चरणमा । अनि दोस्रो चरणमा चाहिं ग्रन्थले संस्कृतिको निर्देशन दिन्छ, पढाउँछ । दोहोरै हुन्छ । वैदिक सनातन धर्मको आधार ग्रन्थ नै होइनन् त ? किन्तु ती ग्रन्थ पनि सामाजिक सांस्कृतिक जीवन पद्धतिबाट सारसंग्रहीत हुन् भन्ने मान्यता मेरो पनि हो ।'

सिन्धुका कुरा सुनेर शिखर मनमनै ईषत् हच्कियो । यस्तो मीमांसा सामान्य अध्ययन र साधनाले हुन सक्तैन । आजको सांसारिक मानवलाई स्पर्धा र प्रपञ्चबाटै फुर्सत मिल्दैन भने तत्त्वचिन्तन र दार्शनिक यात्रा कति सम्भव छ ? उसले गणित बसाउन खोज्यो । भएन । अनि यो अप्ठ्यारोबाट निस्कन उसले

प्रसङ्ग फेरेर भन्यो, 'सिन्धु ! हामीले कतै पनि नदी-नालाले गाउँबस्तीलाई पिरोलेको देखेनौं । मैदानी क्षेत्रमा बाढीले उठिबास गराउँछ भन्ने सुन्थें, त्यसरी नदी फैलिएर उजाडेको देखिएन नि ! न कतै बाढी पैरो र डुबान ?'

शिखरलाई बहिर्मुखी हुन पुगेको बुझेर सिन्धु एकछिन अधीर भई । किन्तु आफैंले सन्तुलन कायम गरी । अनि किञ्चित् अरुचि मिसाएर थोरै शब्दमा भनी, 'धेरै अघि, सम्झ मेरो हजूरबा, हजूरबाको पनि हजूरबाको पालामा भएको कुरा ठान, अर्थात् उहिलेको कुरा सम्झ मिथक जस्तै–एकजना सर्वधन राई भन्ने वीर पुरुष थिएछन् । उनी आफ्नो युगका महापुरुष सहयोद्धा हुन् रे । हामीले उनका विचार कतै पढ्यौं । नदी नियन्त्रण गर्ने उनको सोचलाई हामीले योजना बनाएर कार्यान्वयन गऱ्यौं । त्यो अचूक अस्त्र सिद्ध भयो ।'

'कसरी ?'

"म तिमीलाई डकुमेन्ट्री/भिडियो नै देखाइदिन्थें, त्यसका लागि पुस्तकालय जानु पर्छ । अहिले सारमा यति नै भनौं-पहाड र मैदानको सन्धिस्थलमा नदीबाट पूर्व र पश्चिम दुवैतर्फ नहर झिक्यौं । त्यसबाट जलमार्गको विकास पनि भो, कृषितर्फ सिंचाइ पनि भो ! आवश्यकता अनुसार अरू स-साना नदीको उपयोग पनि त्यसैमा गाभियो र बढी हुँदा समाहा पनि छोडियो ।

अनि नहरको दुवैतर्फ तीन-तीन लेनको सडक र वृक्षरोपण, बगैंचा र बिसौनी, योजनाबद्ध बस्ती विकास भो । यो उच्चस्तरीय शहर विकासको नमूना देखियो ।"

'खोलाको मुख्य प्रवाहतर्फ नि ?'

'त्यसमा दुवैतर्फ पर्खाल बाँधेर बलियो तटबन्ध निर्माण गऱ्यौं । पानीको प्रवाहलाई मन्द गति दिन ठाउँठाउँमा गतिरोधक विधिको उपयोग गऱ्यौं । दुवैतर्फ वृक्षरोपण, फेरि सडक र बस्ती विकास गरायौं । सफाइ अनिवार्य थियो । माग अनुसार बजार, सुरक्षा, स्वास्थ्य, स्कूल, क्लब, खेल मैदान, मनोरञ्जन केन्द्र, बैंक, हुलाक, व्यायामशाला सारा व्यवस्था भो । आजको युगका भौतिक सुविधाबाट नदी किनारका गाउँ-बस्ती वञ्चित रहेनन् ।'

'यो त ज्यादै महत्त्वपूर्ण काम भए छ । खुशी लाग्यो ।'

'हो हामी सर्वधन राईलाई नै यसको श्रेय दिन्छौं । नदी किनारका बस्तीलाई सर्व-बस्ती भन्यौं । यसमा बाढी, पहिरो, भूकम्पबाट पीडित भएर सुकुम्वासी हुन पुगेकालाई निःशुल्क घर-जग्गा दिएर कर लिन्छौं र पानी, बिजुली, ग्यास र सर-सफाइको शुल्क लिन्छौं । यातायातको सुविधा पनि छ र दूरगामी बस पनि रोकिन्छन् ।'

'अनि नहरलाई चाहिं ?'

'नहरको सडकको एकतर्फ स्थानीय वासिन्दाले नै उपयोग गर्छन् । त्यसैले एकरूपमा र सफाइमा सधैं सतर्कता रहन्छ । कति सुन्दर देखिन्छ नदी र नहर किनारको बस्ती क्षेत्र, त्यो पनि हेरौंला समय मिल्यो भने ।'

ऊ सुन्दै रह्यो ।

सिन्धुले थपी, 'अहिले संसारभरिका सुखी र धनाढ्य व्यक्ति लीजमा घर लिएर यहाँ बस्न थालेका छन् । लेखक, कलाकार र साधक त वर्षौं-वर्ष बस्छन् । विदेशी विद्यार्थी र पर्यटकको आवागमनमा प्रशस्त वृद्धि छ । कहाँ के के छ भन्न सकिन्न, किनकि म गाइड पनि हैन । भिडियो र डकुमेन्ट्रीबाट सबै हेर्न सकिन्छ । हिजोको र आजको जीवनमा आकाश पातालको फरक देख्ने छौं । उदेक लाग्दो छ !'

'हेर्नै पर्ला ।'

'तिमी रून पनि सक्छौ ।'

'किन ?'

'यो माटोमा जति जाति छन्, तिनको भाषा छ, संस्कृति छ, आफ्नै जीवनशैली र परम्परा छ । आफ्नै पर्व र उत्सव छन् । आफ्नै समाजभित्र विधि र निषेधका प्रक्रिया छन् । वस्त्र/परिधान र प्रसाधन छन्, भोजन र परिकार छन्, किन्तु लिपि छैन । साहित्य चाहिं लोक साहित्यमा मुखर छन् । तिनका नीति र सिद्धान्तका ग्रन्थ छैनन् । पहिचानको लडाइँमा लाग्दा नयाँ जातिमा दरिन पुगेका छन् । फेरि पनि खुशी नै छन् । बुझ्नेहरू अहिले आएर पिरोलिन थालेका छन् । पहिले सत्तामा बसेकाहरूले नयाँ जाति निर्माण गर्थे, जात चढाउँथे, खसाउँथे, पछि हामी यो हौं भने तर कहाँ पुगे आफ्नो मूलबाट काटिएर थाहै छैन । तैपनि जीवन चलेकै छ । पैसाको पोको, भरियो भोको !'

शिखर सिन्धुको कुरा सुन्न एकाग्र हुँदै गयो ।

'यी सबै कुरा बुझ्न, हेर्न पुस्तकालय जानै पर्छ ।'

शिखरले हाई गरेपछि सिन्धुले भनी, 'पख, एक पटक चिया खाऊँ । म आज चौंरीको घीउको तिब्बती चिया बनाउँछु, बाँसको ढुङ्ग्रोमा मथेर, नून हालेर !'

'कसरी बनाइन्छ म पनि हेर्छु ।'

◆◆

# किम्बुका कुरा

डोरीपथबाट ओर्लेर हामी पुस्तकालयतर्फ लाग्यौं । सिन्धुले मलाई नाकदानी (मास्क) दिई । आंशिक रूपले यसको औचित्य मैले बुझिसकेको थिएँ । त्यसैले यसबारे प्रश्नोत्तरको समय निकालिएन ।

पुस्तकालयभित्र प्रवेश गर्नुअघि सिन्धुले सोधी, 'कुन युगको सामग्री पढ्न चाहन्छौ ?'

'महेन्द्र युगको ।'

'ए, त्यो त निर्दलीय युग हो क्यार ! पञ्चायत युग ।' उसले सम्झे जस्तो गरेर फेरि थपी, 'पञ्चायतका दुई युग छन् नि ! पूर्वार्द्धलाई महेन्द्र युग र उत्तरार्द्धलाई वीरेन्द्र युग भनिन्छ । एउटा निर्माण युग हो, अर्को शिथिल युग । अर्थात् महेन्द्र युग निकै कडा र अनुशासित थियो र वीरेन्द्र युग बढी प्रजातान्त्रिक, अलिक खुकुलो र जनप्रिय, अझ लोकप्रिय भनौं । देशदेशान्तरबाट पनि राजसंस्थाको महिमा गायन हुन थालेको थियो । त्यसैले भनिन्छ, राजसंस्था नरुचाउनेहरूले राज्यसत्ताका प्रमुख एकाइमा रहेका मुख्य पुरुषहरूलाई नै हात लिएर राजसंस्था समाप्त पार्ने योजना थाले र जसको परिणाम स्वरूप राजपरिवार पनि मारियो । पछि भाइ राजा भएपछि उसलाई पनि अपदस्थ बनाइयो । किन्तु कार्य-कारणको संगति बसाएर हेर्न धौधौ पर्छ । त्यसपछि मुलुक र जातिको छुट्टै अस्तित्व धूमिल हुँदैगयो । निक्कै मेहनत गरेपछि सार फेला पर्छ । तिम्रो रुचि, चेतना र लक्ष्यले सफलता दिन्छ । गुड लक ।'

पुस्तकालयको हाताभित्र प्रवेश गरेपछि संवाद बन्द भो । पञ्चायत युगको सामग्री उपलब्ध हुने कक्षमा पुऱ्याएर उसले मृदुल शैलीले सोधी, 'तिमी पुस्तक झिकाएर पढ्न चाहन्छौ कि कम्प्युटरमा हेर्छौ ?'

शिखरले उत्तर दिन ढिलो गरेपछि उसले तुरुन्तै थपी, 'यसो गर, पहिले कुन विषयको पुस्तक पढ्ने हो त्यो निश्चित गर । त्यसै अनुसारको पाठ्य-सामग्री

छान । यहाँ के के उपलब्ध छ त्यसको सूची हेरौं । यदि तिमीले खोजेको सामग्री यहाँ रहेनछ भने फेरि उतै फर्किने ? कि उपलब्ध सामग्रीबाट लिने ?'

शिखर अझै बोल्न सकेन ।

'आऊ म तिमीलाई यो कक्ष पनि घुमाउँछु, देखाउँछु ।' अनि उसको अनुहार हेरेर सिन्धुले थपी, 'नाक चाहिं छोपी राख है ।'

सुरक्षित गरिएका सामग्री औंल्याएर उसले थपी, 'यहाँ पौराणिक युगदेखि आजसम्मका नक्शा छन् । यी सबै नक्शा हेरेर देशको आकार प्रकार बुझ्न सक्छौं र भन्ने छौं, चीन साँधसिमानामा स्थिर र विश्वासिलो छ ।' उसले थपी, 'नेपालको भौगोलिक स्वरूप र प्राकृतिक सम्पदामाथि लेखिएका ग्रन्थहरू यो दराजमा/यो खण्डमा सुरक्षित छन् । नेपालका हिमालय, नद-नदीहरू, वन्यप्रदेशहरूका बारेमा तिमी सम्पूर्ण जानकारी लिन सक्छौ । वनविनाशको श्रृङ्खला पनि यहीं जोडिन्छ । आँशु भए निखिन सक्छन् ।'

सिन्धुले शिखरको अनुहार हेरेर भनी, 'तिमी मेरो भाषा बुझ्दैनौं कि मेरो कुरा प्रिय लागेन ? मैले जान्न सकिनँ, तर म तिम्रो सहयोगका लागि आएकी हुँ, म आफूले जाने जति खुलस्त भन्छु । आऊ अगाडि सरौं ।'

उसले अर्कोतर्फ औंल्याएर भनी, 'यहाँ नेपालमा पाइने चराहरू, वन्य जन्तुहरू, आरक्षित वन्य-प्रदेशहरू बारे पुस्तक संग्रहीत छन् । यिनले भोग्ने, विचरण गर्ने भूगोल र प्रकृति पनि बुझ्न सकिन्छ । के भूगोल र प्रकृतिको आश्रय विना अडिन सक्छ र जीवन ?'

'हेर, यसमा हिमाली जाति र पर्यटन सम्बन्धी पुस्तक छन् । नेपालका जाति र तिनका उत्सव, पर्वमाथि लेखिएका पुस्तक यसमा छन् । कला सम्बन्धी पुस्तकको संग्रह यसमा छ; वास्तु, पाषाण, धातु, काष्ठकला, चित्रकला र थान्काको इतिहास यहीं सुरक्षित छ ।' एकछिन सम्झिएर फेरि थपी, 'विभिन्न जातिका पहिरन, गहना, सजावट, सौन्दर्य, खाने-पिउने कुरा, मनोरञ्जन आदिको संग्रह यसमा छ । कामका औजार र बाजागाजा पनि र तिनको फोटोग्राफी पनि भेटिन्छ । व्यवसाय र बजारको दिग्दर्शन पनि मिल्छ । तिमी कुन पक्षमा बढी रुचाउँछौ ? कति समृद्ध थियो हकि पहिलेको जीवन । तर सबै कुरा राजनीतिले बिगारेछ नि ! दुःख लाग्दो स्थिति हैन ?'

यत्रोबेर सिन्धु मात्र एक्लै बोली । शिखरले केही भनेन । त्यसैले सिन्धु गम्भीर भई । मौनता साधेर अन्तर्मुखी भई, अनि होशमा आए जस्तो गरेर लज्जाबोध गर्दै भनी, 'शिखर, मलाई क्षमा गर । एक्लै बोलेर मैले आफ्नो मात्र कुरा भनें । तिमी

त पञ्चायत युगको जानकारी चाहन्थ्यौ क्यार ! म त देशको गौरव गायन गर्न थालेंछु, मलाई माफ गर । अब म तिमीलाई त्यस युगको सामग्रीबारे शीर्षक मात्र भन्छु । त्यसपछि तिमी आफूलाई चाहिने कुरा हेर्न सक्छौ । आऊ, उता जाऔं ।'

यस पटक सिन्धुले शैली फेरेर भनी, 'पञ्चायती व्यवस्थाको सूत्रपातपछि यो मुलुकमा के भयो के भएन यसबारे लेखिएका पुस्तकहरूको संग्रह देखाउँछु । यहाँ यति सामग्री उपलब्ध छन् कि पढ्नका लागि आयु नै पुग्दैन । म तिमीलाई कैयौं पुस्तकमाथि एउटा शीर्षक दिएर संकेत गर्छु । त्यसपछि खोज्न-पढ्न सरल होला । म भन्दै जान्छु, तिमी सर्सर नजर घुमाउँदै जाऊ ।'

ऊ भन्दै देखाउँदै गई, 'पञ्चायती व्यवस्थाको सूत्रपात, तात्कालिक परिवेश र आवश्यकतामाथि यो एकाइका पुस्तकहरू पठनीय छन् । दलहरूमाथि प्रतिबन्धः औचित्य र सार्थकता शीर्षक अन्तर्गत प्रचुर मन्थन गरिएको छ । माझिएको विचार देख्नेछौं । उद्योगहरूको स्थापना र आत्मनिर्भरताको कदम अन्तर्गत वैदेशिक सहयोगको दिग्दर्शन पाउनेछौं । सडक विकास र सञ्चार– यस एकाइमा राष्ट्रले कुन रूपमा गति लिएको रहेछ, त्यसको रूपरेखा छर्लङ्ग हुन्छ ।'

दुई पाइला अगाडि पुगेर उसले थपी– 'यसमा नीतिगत पुस्तकहरू छन् । छिमेक नीति र पञ्चशील सिद्धान्त, असंलग्न परराष्ट्रनीति र दौत्य सम्बन्धको विकास । नेपाल-चीन विशेष मैत्री सम्बन्ध, राजनीतिक सम्बन्ध, ब्रिटिश-इन्डिया सांस्कृतिक सम्बन्ध र दासमुक्त इन्डिया । यस विषयका पुस्तक यसैमा संग्रहीत छन् ।

यो अर्को लाइन हो । यसमा नेपालबाट निर्यात गरिने वस्तुहरूका बारेमा लेखिएका पुस्तक छन् । अँ, सहयोग, जगेर्ना र उपहारका लागि वन्य जीव पनि बाहिर जान्छन् ।

यो देश ज्यादै पुरानो हो र वैदिक सनातन सभ्यता र संस्कृतिको अमोघ भण्डार हो भन्ने कुरा यो एकाइका संग्रहले पुष्टि गर्छन् । कैयौं ग्रन्थ र तिनका लेखक, कैयौं विद्वान् र तिनका गुरुकुल, कैयौं ऋषि र तिनका आश्रम यसै माटोमा थिए भन्ने कुराको प्रमाणको पुष्टि यिनै ग्रन्थले गर्छन् । यी प्राचीन ग्रन्थहरू हाम्रो संस्कृति, जाति र इतिहासका आधिकारिक आधार हुन् ।"

दुई पाइला फेरि अघि सरेर उसले थपी, 'तन्त्रविद्या, ज्योतिष र आयुर्वेद वा औषधि विज्ञानमाथि लेखिएका कैयौं ग्रन्थ यहाँ सुरक्षित छन् ।' एकछिन मौनता लिई र फर्केर भनी, 'यस्ता दुर्लभ ग्रन्थहरूको संचय र संरक्षण पञ्चायत कालमा नै भएको थिएछ नि !'

'होला, किनभने राजा जे चाहन्थे त्यही हुन्थ्यो ।'

'तर आफ्नो सम्पत्ति त विदेश लगेनछन् नि ! गजब होइन ?'

'सम्पत्ति लिएर विदेश जाने पनि थिए । देश कटाइएका पनि थिए, निकाला गरिएका पनि थिए । मैले पनि यस्तै सुनेको हुँ ।'

'पञ्चायत मन नपराउनेहरू पनि बाहिर गएका थिए भनिन्छ तर संकेत मात्र पाइन्छ । जे भए पनि महेन्द्र युगमा केही कुरा अत्यन्त तारीफयोग्य छन्– जनताका लागि । पछिका राजनीतिक व्यापारीले बुझेनन् ।'

'जस्तो ?'

'न्याय, शिक्षा, स्वास्थ्य, सुरक्षा, राज्यसीमा, परराष्ट्रनीति सबल र व्यवस्थित थियो । आन्दोलनपछि प्रविधिक शिक्षा प्रणाली समाप्त भो । घातक निर्णय हुँदैरहे । नेगुवि मासेछन् । त्यो पनि गलत थियो । छल गरेर कृष्णजीबाट सो निकाय मास्न लगाएका थिए भनिन्छ ।'

'नीति र राजनेता दुवै सही भए उन्नति हुन्छ, अन्यथा...'

"पख पख, मलाई मेरो कुरो टुङ्ग्याउन देऊ । म पञ्चायतकै कुरा गर्दैछु । हेर, व्यवस्था त एउटा झिक्रे रूख जस्तै हो । त्यो नाङ्गै हुन्छ । देश–माटोमा उभिएको भए पनि विरक्त लाग्दो हुन्छ । त्यो जब पुष्पित, पल्लवित हुन्छ अनि मात्र फल दिने हुन्छ । पञ्चायतले आफ्नो अवधिभरि विभिन्न विकास परियोजना मार्फत व्यवस्था र जीवन पद्धतिलाई मांसल बनाएको थियो । पोषित गराएको थियो र सकेसम्म विवेक जलले सिंचेको थियो । । हो, त्यहाँ असन्तुष्ट वर्ग पनि थियो जस्तो राजनीतिक क्षेत्रका व्यक्तिहरू सधैं विरोधी रहे । किनभने दलहरू प्रतिबन्धमा थिए । कतिपय व्यक्ति पञ्चायतमा पसे र सन्तुष्ट पनि रहे ।

मासु खाने प्राणीले मासु खान्छ चाहे जो कोही होस् । राजनीतिक प्राङ्गण चाहनेले गोत्र फेरेर पञ्चायतमा पसे र इमान्दार देखिए तर पञ्चायतले भेदक व्यवहार देखाएन । यी पुस्तकले यही प्रमाणित गर्छन् ।" उसले पञ्चायत दर्शनको आदर्शमाथि लेखिएका पुस्तकहरूको संग्रहतर्फ देखाएर वाक्य टुङ्ग्याई ।

'महेन्द्र युगको चरित्र के पनि थियो भने योग्य व्यक्ति छानेर काम दिइन्थ्यो । देश वा विदेश जहाँ पुगेको नेपाली होस् त्यस्तालाई ल्याएर, बोलाएर उचित स्थान दिएर काम लगाइन्थ्यो । योग्यता र दक्षताको कदर हुन्थ्यो । त्यसैले दण्ड र पुरस्कार वा मानपदवी, आभूषण, विभूषण र पदोन्नतिको क्षेत्रमा पनि विवेक पुऱ्याइन्थ्यो भन्ने देखिन्छ । आखिर हामीले हेर्ने त प्रकाशन त हो । यस्तै कुरा भन्छन् यी प्रकाशनहरू ।'

'एउटा अर्को पनि प्रसङ्ग छ ।' उसले फेरि बोल्न शुरू गरी– 'भूमिसुधारबाट एक प्रकारले ठूलो परिवर्तन ल्याइएको पनि हो । नागरिकता सम्बन्धी सीमा र शर्त कायम गरेको पनि हो । असन्तुष्टहरूलाई विरोध जनाउने अवसर पनि मिलेकै हो । मन्थन त चल्नै पर्छ । फेरि पनि कला र साहित्यको फाँटमा नयाँ युग ल्याएको हैन र ? त्यसैले जागरण युग भनौं कि विकास युग ? आमूल परिवर्तन त आएकै हो नि !'

'हो, राज्य सञ्चालन गर्न जे जस्ता अङ्गहरूको खाँचो पर्छ राजा महेन्द्रले त्यस्तै अङ्ग वा विधि-प्रविधिको उपयोग गरेर आफ्नो सत्ता सफलतापूर्वक सञ्चालन गरे । उनले १२ वर्ष हाँकेको राज्यसत्ताले यस माटोलाई के दियो र यहाँको जीवनले के पायो– यो पुस्तकालयले खुलस्त भन्ने छ । अँ, राजनीतिक व्यक्तिहरू विरोध गर्छन्, आक्रमण गर्छन्, त्यो स्वाभाविक हो किनभने उनीहरू खेल्न पाउँदैनन् ।'

एकछिन रोकिएर फेरि उसले भनी, 'शिखर ! यदि मलाई सोध्छौ भने राज्यका लागि १२ वर्ष ठूलो अवधि होइन । मैले त पञ्चायतले १२ वर्षमा धेरै कुरा गरेको देखें । के चाहिं गरेन र के चाहिं बाँकी थियो त्यो बुझ्नै पर्छ । यदि कडाइका साथ भनौं भने पञ्चायतले १२ वर्षमा गरेको काम भत्काउन बहुदलवादीलाई ३० वर्ष लागेछ । म त भन्छु १२ वर्षे तिलस्मी युग । अब म एउटै वाक्य भन्छु, त्यही राजा र त्यही व्यवस्थाले नै नेपाल तङ्ग्रियो र गति लियो । नत्र के हुन्थ्यो अनुमान गर्न पनि डर लाग्छ । २०५० पछिको समय हेर न कस्तो थियो ।'

यसपटक प्रश्नभावले बोल्यो, 'यसको अर्थ हो, एउटा राष्ट्रका लागि जे-जस्ता कुरा चाहिन्छन् त्यस्तै विधि र वस्तुका साथ यात्रा गर्दै थियो उवेला यो देश भन्ने तिम्रो भनाइ हो ?'

'हो, व्यवस्था त अस्थिपञ्जर नै थियो त्यो वेला । सत्ता बाहेक केही थिएन । तर क्रमशः मांसल र पुष्ट हुँदै गयो र जहिले पनि जोडमा विकसित रह्यो । पाणिनिको व्याकरण जस्तो । त्यस युगमा विकसित विज्ञान-प्रविधिले प्रवेश पाएको थिएन, त्यो सन्दर्भ अर्कै हो । किन्तु, आन्तरिक रूपबाट पूर्ण, पुष्ट र सबल थियो १२ वर्षे महेन्द्र युगको पञ्चायत भन्ने कुरा यी सामग्रीले प्रमाणित गर्दछन् । मलाई यो पुस्तकालयले यही कुरा पढायो । कि भन्नु पऱ्यो लेखक गलतै हुन्छ ।'

सिन्धुमा निहित ज्ञान, नथाक्नेपन र उत्साह देखेर शिखरले अनुमान गऱ्यो– यो युवती, युवती पनि के भन्नु टीन एजकै लाग्छे, या त कुमारी नै हो, या

शाकाहारी हो या तपस्विनी । सांसारिक स्वरूप र रागात्मक भावप्रति बिलकुल अनभिज्ञ । कि मैले उसको उमेर नाप्न जानिनँ ? अनि प्रकटमा भन्यो, 'मैले धेरै कुरा थाह पाएँ । तिमीले पूरा सहयोग गऱ्यौ । यसका लागि तिमीलाई धन्यवाद ! अब तिमी पनि थाक्यौ होला, कतै गएर चिया-कफी लिने हैन ?'

'लिने, तर वीरेन्द्र युग बाँकी नै छ । के गरौं ?'

'तिमीलाई सबै कुरा थाह रहेछ । पुस्तकालयमा आएर समय कटाउनुभन्दा तिमीबाटै सुनेर मेरो अध्ययन पूरा हुने विश्वास लिएँ । मिल्छ भने तिम्रो अध्ययन वा ज्ञान मलाई सारिदेऊ । अपूर्ण छ, पूर्ण गर । के भनौं ?'

'यदि म मशीन हुन्थें भने अवश्य सारिदिन्थें र म भित्र भएका कुरा पन्साएर हलुका अनुभव गर्ने थिएँ । बिर्सनु र मेट्नु पनि आवश्क होला नि वेला-वेला होइन र ?' ताच्छिल्यता पूर्वक सिन्धुले सन्दर्भ टुङ्ग्याउन खोजी ।

निर्दलीय व्यवस्था ल्याउने विचार राजा महेन्द्रका मनमा कसरी जन्म्यो ? यो प्रश्नले शिखरलाई छुन थाल्यो । फेरि अर्को-अर्को प्रश्न आएर यो प्रश्नलाई थिच्ला भन्ने ठानेर उसले सोध्यो, 'यस्तो विचार कसरी जन्म्यो राजाका मनमा ? तिमी यसबारे के भन्छ्यौ ?'

प्रेयसीको मुस्कान छरेर उसले यति मात्रै भनी– "दरबार अनेक वर्ग र समुदायको सम्पर्कमा रहन्छ । त्यसैले स्थिति बोध गर्न पनि असजिलो हुँदैन र समस्या आइपरे समाधानको उपाय निकाल्न पनि बेर लाग्दैन । फेरि दरबार त आफैंमा सुदीर्घ परम्पराको प्रतिनिधि संस्था पनि हो र यसको गर्भ-गृह गहिरो, रहस्यपूर्ण र दुर्ज्ञेय हुन्छ । त्यसैले राजसंस्था न बुझ्न सकिन्छ न नाप्न । भनौं एउटा झिल्कामा लुकेको वडवानल जस्तो । जनशक्ति परिचालन र निग्रह र अनुग्रहको नीतिले सधैं रहस्य र दुर्ज्ञेय भएर रहन्छ । त्यसैले साधु, सन्त, महन्त, ज्ञानी, तापस, गुरु, वैद्य, ज्योतिषी र तान्त्रिक अनि पुरोहित र पुजारी समेत सम्पर्कमा रहन्छन् । फेरि के कठिन होला र ! नीतिविद् शासकलाई जो स्वयं राजधर्म र साम, दाम, दण्ड, भेद तथा औचित्यका साथ अग्रसर हुन्छ । उचित ढङ्गले ऋतुबोध गरेर बिस्कुन फैलाउनेले सुरक्षाको प्रबन्ध मिलाउन नजान्ने वा नसक्ने हुन्छ र ?

मलाई त आधुनिक नेपालको इतिहासमा पृथ्वीनारायण शाहपछि राजा महेन्द्र नै युगद्रष्टा र आत्मविश्वासले भरिएका सफल शासक हुन् भन्ने लाग्छ । मैले यिनै पुस्तकबाट यो कुरा लिएकी हुँ । मनमा एउटा झिल्का बीउ जन्म्यो, त्यसबारे मन्थन गरे र धरतीमा छरे । मल-जल गरे, हुर्काए । सुन्दर प्रतिफल दियो, यही

परिणाम भो । आफ्नै बालीको रक्षा आफैँले गर्ने हो र खेताला पनि लगाउने हो । आखिर राजनीति त टीमवर्क पनि त हो ! मह देखेपछि झिङ्गा झुम्मिन्छन् नि हैन र ! गोही छ भन्ने जान्दा जान्दै पनि जीव त्यहाँ पुगेर पानी पिउन बिर्सिंदैन ! गजब होइन !

बिटुल्याउने नीति पनि त हो राजनीति । फकाएर ल्यायो, दलमा प्रवेश गरायो र एउटा पदमा अल्झायो । अलिक पछि झिकिदियो । बिटुलिएपछि सकिएन ? जात गिरिगो नि हैन र ! यी कुराहरू व्यक्ति र समयको गतिमा निर्भर रहन्छन् । यदि लज्जा र अभिमान छोडे उन्नति होला, अन्यथा हराउँछ । सार यही हो भन्ने ठानेकी छु । त्यसैले राजा महेन्द्र आफ्नै उद्देश्यमा पूर्ण सफल रहे भन्ने जान्दछु । मेरो आधार यही पुस्तकालय हो ।

एउटा अर्को पक्ष पनि देखें । त्यसवेला चीनमा माओ त्से तुङ, इन्डियामा जवाहरलाल नेहरु र बीचमा विश्वेश्वरप्रसाद कोइराला समरेखामा जस्तै देखिन्थे । चीन उदाउँदो नयाँ शक्ति जहाँ भर्खरै उठेर जटा फट्फटाउन लागेको सिंहपुरुषको आभा छर्ने माओ एकातिर, ब्रिटिशका दासको प्रतिनिधित्व गरे पनि तिनकै नीति र मनोवृत्तिले गाँजिएको इन्डियन शासक अर्कातिर । यी दुई शक्तिका बीचमा भर्खरै विश्व राजनीतिक मञ्चमा चिनिएको नेपालमा नयाँ चिन्तनलाई महत्त्व दिने विश्वेश्वर साँच्चै नै विश्वेश्वर हुने स्पर्धा राख्थे । किन्तु उनी त्यो घरको प्राङ्गणमा थिए जहाँ उनले बाघसँग भिडिनु पर्थ्यो । मानौं एउटा सूर्य र अर्को चन्द्रमा । एउटा प्रखर दाहक अर्को निरन्तर शीतल, एउटा शक्तिमान् अर्को जनवान्, बुद्धिमान् । दुवै समवयका । तुजुकदार सिंह र बाघको मेल सजिलो थिएन । पुर्ख्यौली शक्तिका अगाडि युगीन नवशक्ति पराजित भयो– विश्वेश्वर खोरमा पुगे । फेरि पनि उनी होचा र बिचरा भएनन्, अपितु आदरणीय नै रहे । इतिहासमा यो नौलो अध्याय अत्यन्त पठनीय भएर रह्यो । आदरणीय छन् ती महापुरुष । उनको व्यक्तित्व पढेर म सदैव श्रद्धा अर्पण गर्छु ।"

एकछिन रोकिएर उसले झर्न लागेका आँसु लुकाई र थपी, "उनले ती शासक राजाप्रति कहिल्यै अप्रिय संवाद गरेनन् । राजा सत्ताका लागि लड्थे, विश्वेश्वर वैचारिक अस्तित्व रक्षाका लागि । राजाका लागि राजगद्दी ठूलो थियो, विश्वेश्वरका लागि मुलुक र प्रजातन्त्र ठूलो थियो । इन्डियाले यहाँ पनि दरबारलाई मौन सहयोग गऱ्यो । प्रजातन्त्रको योद्धा थुनियो र एकदलीय व्यवस्था लागू भयो । गजब होइन ?

यहाँनेर एउटा टिप्पणी बाँकी नै छ । चाहँदा विश्वेश्वर कुनै बहानाले मारिन सक्थे । तर त्यस्तो अप्रिय घटना हुन सकेन । यदि भएको भए या त राजा

बदनाम हुन पुग्थे या प्रजातन्त्रको परिहास हुन्थ्यो । कलंकको टीका लाग्थ्यो राजा रक्षित मुलुकमा । विश्वेश्वरको सत्ता सकिंदा जवाहर कोटको भित्री भाग मात्र दागी थियो, विश्वेश्वर मारिएका भए त्यो दाग बाहिरसम्म आइपुग्थ्यो । अब के भन्ने ?"

उसले फेरि थपी, 'व्यवस्था र गाथ–गाद्दी बारे कसैले चूँ गर्न पाउँदैनथ्यो । दुनियाँ थर्कमान । त्यसवेलाको अवस्थाबारे कल्पना गर्छु– अत्यन्त शान्त सरोवर जहाँ कुनै तरङ्ग छैन । कसैले तरङ्ग ल्याउने चेष्टा मात्र गर्थ्यो भने त्यो स्वाहा हुन्थ्यो । किन्तु अपराध स्वीकार गरेर क्षमा माग्यो भने उनी क्षमा दिन्थे, जीवन दान दिन्थे । शायद यो राजामा हुनुपर्ने गुण हो । स्वाभाविक लाग्छ । पाठाले बाघसँग क्षमा याचना गर्दा हुन्छ, सुहाउँछ, त्यहाँ बाघले क्षमादान गर्दा ऊ सानो हुँदैन, अपितु उसको महत्ता बढ्छ । शायद यो चेतना–विवेक राजकुलमा परम्पराबाट हुर्किंदै आएको हुनुपर्छ भन्ने लाग्छ । मलाई यो पुस्तकालयले यस्तै-यस्तै कुरा सिकायो । तिमी चाहन्छौ भने यी कुरा कम्प्युटरमा पढ्न सक्छौ । ईबुक पनि उपलब्ध छ ।'

'पञ्चायती व्यवस्थाभित्र कति मान्छे मारिए या मारिएनन् भन्ने कुरा त तिमीलाई जानकारी छैन होला हकि ?' शिखरले सरल भावले अर्को प्रसङ्ग कोट्यायो ।

"आम्मै कति छ कति नि ! कतिजना मारे, कहाँ मारे र कसरी मारे, सबै तथ्याङ्क उपलब्ध छ । त्यो अध्याय पढ्न मलाई रुचि भएन । मान्छे मारिएका थिए भन्ने जान्दछु । अनि जसरी वन विनाश भो त्यसमा पञ्चायत दोषी छ भन्ने तथ्य पनि प्रमाणित हुन्छ । भूगोलको राजनीतिक विभाजन अत्यन्त महत्त्वपूर्ण पक्ष हो– पञ्चायती व्यवस्थाको । वडा, गाउँ पञ्चायत, जिल्ला, अञ्चल र क्षेत्रको रेखाङ्कन ज्यादै वैज्ञानिक रहेछ । सबैलाई राजमार्ग र सबैलाई हिमाल उपलब्ध थियो, जसबाट माटो, सुरभि र सौन्दर्यमाथि प्रत्येक गाउँ, वर्ग वा समुदायले गौरव गर्ने मौका पाउँथ्यो ।

यी समग्र पाठ्यसामग्रीको अध्ययनबाट राजा महेन्द्रले दलमाथि प्रतिबन्ध लगाउनुको औचित्य परवर्ती युगमा दलहरूले मुलुकमाथि गरेको अत्याचारले प्रमाणित गर्दछ । त्यसवेला र पछि पनि यहाँ जति दल बलिया देखिए तिनको 'दल' अर्काको भूमिमा राखेको थियो । सारेर यता ल्याए पनि जरा उतै हुन्थे र प्रसव पनि उतै हुन्थे । मात्र हली, खेताला भएर राजनीतिक जीव उतैका लागि आफ्नै भूमिमा काम गर्थे । आयातित व्यवस्था जीवन र माटो सुहाउने देखिएन ।

हो, पछि मुलुकमा जे जस्तो कहाली लाग्दो स्थिति आयो त्यसको पूर्वसंकेत दलले दिइसकेका हुनाले राजाले दलीय व्यवस्थालाई प्रतिबन्ध लगाएर निर्दलीय व्यवस्थाको सूत्रपात गरे र सफलतापूर्वक राज्य सञ्चालन गरे । अनि निर्दलीय व्यवस्थाभित्र पसेर राजनीति गर्न रुचाउने अर्थात् गोत्र परिवर्तन गरेर आउनेलाई पद र प्रतिष्ठा पनि उपलब्ध गराए । राजा उदार पनि थिए र कुशल पनि । यो कुरा प्रमाणित भएको देखें ।

एउटा महत्त्वपूर्ण कुरा के पनि थियो भने विपक्ष वा विरोधी मानिने राजनीतिक तत्त्वलाई पनि भूमिगत रूपमा दरबारले पालेकै थियो । जसरी सूर्य एउटै समयमा ताप, शीत, वर्षा, हिउँ र अनेक प्रकोप ल्याउँछ– दरबार त्यसैगरी अनेक ढङ्गले आफ्नै शक्तिले राजनीतिक ऋतुको स्वागत र संवरण गर्ने गर्दथ्यो । त्यसैले अन्तर्राष्ट्रिय क्षेत्रमा राजा महेन्द्र र वीरेन्द्रको प्रसिद्धि प्रशंसनीय पनि रह्यो र कतिपयलाई पीडाकर पनि । राजसंस्था हुनुलाई कसैले प्रिय मानेनन् । फलतः हलीदेखि ठेकेदार र सरदारसम्मका व्यक्तिलाई विदेशी शक्तिले किन्यो र उपद्रव मचाएर ध्वंस गरायो । मान्छे मार्ने र तर्साउने उद्योग फस्टायो । मुलुक विसर्जन गर्ने स्थिति पनि दलीय राजनीतिले नै ल्यायो । यस्तै बुझें ।"

'राजा महेन्द्रले संसद् पनि भङ्ग गरे, नेताहरूलाई जेल पनि हाले । दलमाथि प्रतिबन्ध लगाए, नयाँ व्यवस्थाको सूत्रपात पनि गरे । किन रहेछ ? कारण होला नि ?'

'आम्मै, यसबारे थुप्रै पुस्तक लेखिनुपर्ने लेखिएनन् । थोरै छन् । तर मेरो पढाइमा मुख्य दुइटा कारण फेला परे ।'

'सुनिहालौं न ।'

"पहिलो, राजनीति सत्ताभोग र शक्ति परिचालनमा केन्द्रित रह्यो । दलहरू उन्मादमा आए । स्थितिमा सुधार ल्याउने चेष्टासम्म भएन । जनता राज्यसत्ताबाट लाभान्वित हुन सकेन । सत्ता जनताका लागि सहयोगी भएन । जनता निचोरिँदै गए ।

दोस्रो, अर्को देशको सेनापतिलाई कैयौं दिनसम्म अतिथि निवासमा राखे, स्थानान्तरण गरेर पनि राखे । मुलुकको सम्प्रभुतामा विचलन आउन सक्ने संकेत पाएपछि तिनको योजना भङ्ग पार्दै १७ सालको कदम चालेर पञ्चायती व्यवस्थाको सूत्रपात गरेका हुन् राजाले । मैले पढेअनुसार यी पारदर्शी वा वस्तुगत तथ्य हुन् । अरू भित्री कुरा भए थाह छैन । तर राजा दलको सरकार र नीतिहरूसँग अप्रसन्न थिए, व्यक्तिसँग होइन । मैले यस्तै निष्कर्ष निकालें ?"

'पुष्टि गर्न सकिन्छ र ?' उसले फेरि परख गर्न खोजे झैं गर्‍यो ।

'बिलकुल । कसरी भने, पञ्चायतको रथ तान्न प्रतिबन्धित दलकै राजनेतालाई जुटाएका थिए । ठट्टा होइन । गोत्र परिवर्तन गराएर आफ्नै रथमा जुटाउनु सामान्य कुरा होला र ! त्यसैले राजा महेन्द्रको नीति उदार पनि थियो र व्यावहारिक पनि । जनप्रतिनिधिहरूप्रति व्यक्तिगत रूपले उनी रूष्ट र आक्रामक थिएनन् अपितु सहिष्णु र दूरदर्शी थिए भन्ने बुझेकी छु । बस्, दुर्घटनाबाट मुलुक जोगियो भन्ने लाग्छ । यसबारे प्रशस्त मतमतान्तर छन् । किन्तु यो अकाट्य सत्य हो– वीपी जति अग्लो सार्क मुलुकमा अर्को कुनै शिखर पुरुष जन्मन सकेन । उनकै चित्र माथि छ । योगी नरहरिनाथ अन्यतम शिखर हुन् र बेग्लै । अनीतिमा उनी महाराजालाई पनि तर्छाउँथे । संवाद गरौंला नि !'

चियाको वेला भो । सुगन्धित हावा भित्र पस्यो ।

ऊ चनाखो देखियो । टक टक टक बारूले कम्मरकी मेमको हिंडाइले उत्सुकता फैलायो । कुकुरलाई सँगै लिएर एउटी पूर्ण किशोरी उसका अगाडि प्रस्तुत भएर भनी, 'तासिदेले हजूर ।'

ऊ अक्मकायो र यति मात्रै भन्यो, 'तासिदेले !'

अनि उसले त्यो अजङ्गको कुकुरमाथि दृष्टि घुमायो । निख्खर कालो किन्तु शास्त्रीय अनुहार, आँखामाथि पहेंला थोप्ला, अर्का आँखा । कुकुरको गम्भीर स्वभाव बुझेर ऊ भित्रभित्रै थर्कियो र मनमनै गुन्यो– मेरा अगाडि नभुकोस्, त्यति गरिदिए पुग्छ ।

'म चमेना बनाउँछु अनि घुम्न जाउँला ।' एक पाइला पछि सरेर सोधी, 'हजूर चिया कि कफी ? के लिनुहुन्छ ?'

'के लिने म भन्छु । पहिले आफ्नै नाम त भन ।'

'कान्छी ।'

उसलाई यो नाम त्यति मन परेन भन्ने कुरा बुझी र थपी, 'यो अप्ठेरो भए किम्बु भन्नुभए पनि हुन्छ ।' अनि ऊ त्यहाँबाट सरी ।

एकछिन पछि नजीक पुगेर उसले भन्यो, 'किम्बु ।' एकाग्र भावले आफैंमा हराएकी थिई ऊ । त्यसैले झस्की । अनि तुरुन्तै उसले भन्यो, 'क्षमा गर, सरी । तिमी तर्छियौ, मैले तिम्रो तन्मयतामा बाधा पुऱ्याएँ । तिमी मलाई सहयोग गर न । म चिया मन्थन गर्छु ।'

'हजूरले त प्रधानमन्त्रीको शैली अँगाल्नु भो ।'

उसको मथिंगल रन्थनायो । कुन युगको कुन सन्दर्भको कुरा थियो, वरपर उसले क्यै बुझ्न सकेन र यति मात्रै भन्यो, 'मैले तिम्रो संकेत बुझिनँ । पीठिका बनाएर भन न ।'

'यही कि सहयोग माग्न जाने व्यक्तिसँगै सहयोगको याचना ।' किम्बुको संकेत उसले अझै बुझेन । त्यसैले, मात्र प्रश्नभावले हेरेर कुतूहल देखायो ।

उसले प्रसङ्ग औंल्याएर भनी, "एउटा लेखक पुस्तक लोकार्पण गरिमाग्न प्रधानमन्त्रीको कार्यालयमा निमन्त्रणापत्र दिन उपस्थित भयो । पत्र पढेपछि उनले लेखकलाई भने, 'मैले गाईलाई एउटा हातले हरियो घाँस ख्वाएर अर्को हातले दुधेरो भरी दूध दुहुनु छ । नत्र काम बिग्रन्छ । मैले यो पुस्तक विमोचन गरें भने संविधान ल्याउने उद्देश्य पूर्ण हुन सक्तैन । त्यसैले बाबुले मलाई सहयोग गर्नुपर्‍यो ।'

'कस्तो सहयोग हजूर ?' लेखकले सोध्यो । किनभने प्रधानमन्त्री जस्तो व्यक्ति लेखकसँग सहयोग माग्दैछ । सामान्यतः यो सन्दर्भ त्यति सुहाउँदो लाग्दैनथ्यो ।

प्रधानमन्त्रीले भने– 'मलाई पुस्तक विमोचन गर्न नलगाउनुहोस्, यही नै मेरा लागि ठूलो सहयोग हुन्छ र यसले मुलुकमा पनि योग पुर्‍याउँछ । तपाईं त साहित्यकार, मेरो मर्म बुझ्नुभयो होला । मैले यो पुस्तक दोहोर्‍याएर पढें अनि यो निष्कर्षमा पुगें ।' पान थुकेर उनले थपे– 'मैले माथवरलाई पनि भनिसकेको थिएँ । उनले तपाईंलाई खबर गर्न भ्याएनन् क्यार !"

उसले कथन टुङ्ग्याएर थपी, 'कति नौलो शैली रहेछ हकि ती प्रधानमन्त्रीको ! नीति र व्यवहारमा असाध्य कुशल ।"

'कूटनीति भन्न खोजेकी हौ ?'

'खै, कुन नीति बन्यो, त्यो त म बुझ्दिनँ ।'

यस पटक दुवै जना हाँसे ।

कुकुर पनि आइपुग्यो ।

'यत्रो बेरसम्म कहाँ थियो यो ?'

'यहाँ गर्मी मान्छ । त्यसैले चीसो ठाउँ खोजेर बस्छ । चौंरी गोठको गोठालो हो नि ! हिउँमा रमाउँछ । यहाँ आएपछि उसको बानी पनि फेरिन्छ । एकछिन एकछिनमा बाहिर निस्कन्छ ।'

उसले कुकुरलाई खानेकुरा दिई ।

चौंरीको घीउ हालेर मथेको नूनचिया, फापरको रोटी, अण्डा र पोलेका आलु । अलिकति चीजको टुक्रा र मार्फाली स्याउ । बिहानको नाश्ता/चमेना यस्तै थियो ।

चमेनापछि किम्बुले प्रस्ताव राखी, 'पहिले कम्प्युटरबाट हेरौं, जहाँ घुम्न मनपर्छ त्यहीं जाऊँला । हुन्न ?'

शिखरले सहमति जनायो । किम्बुले कम्प्युटरबाट देखाउँदै, बुझाउँदै गई, "पहिले हामी हिमाल हेरौं । यो सगरमाथा । यहाँबाट पूर्व हेरौं । यो कुम्भकर्ण, कञ्चनजङ्घा र फेरि पश्चिमतर्फ हेरौं–अन्नपूर्ण, माछापुच्छ्रे ।

तिमीलाई थाह होला, एउटा केटाले कञ्चनजङ्घा र अन्नपूर्णसँग गिरिराज सगरमाथाको बिहा गराउने सोच राखेर एउटा कविता लेखेको थियो रे । त्यो कविता आजसम्म गुप्तवास गर्दै छ रे । कसैले देखे-पढेको थाह छैन । सुनेकी छु– सन्तान हराउँदा, बेपत्ता पार्दा वा मरेर जाँदा आमालाई जस्तो दुःख हुन्छ लेखकलाई पनि आफ्नै रचना हरायो वा नाशियो भने त्यस्तै दुःख हुन्छ रे । होला पनि आफ्नै सिर्जनाप्रति मोह हुँदो हो । तर सम्पादक, प्रकाशकको नादानीले लेखक मारमा पर्छन् भनिन्छ– खास भूगोलमा ।"

'कविताको शीर्षक के हो ?'

'जन्ती जाने कता, जन्ती लाने कता ? हो जस्तो लाग्छ ।'

'सुनेको कुरा हो, पाँच सात पृष्ठको कवितामा महाकाव्यको गरिमा समेटिएको छ भन्छन् । शायद पर्वतराजमाथि केन्द्रित रहेर लेखिएका रचनाहरूमा यो खास हुनुपर्छ । कतै फेला पऱ्यो भने मलाई जानकारी मिलोस् । म उत्सुक छु ।'

'अवश्य ! मुलुक नरहे पनि हिमालय रहनुपर्छ ।'

'ए, हामी त हिमालबाट कवितातिर पुगेछौं । अब यहाँबाट ओर्लनु अघि यो पनि जानकारी लिनु आवश्यक होला नि, कि चीनका महान् नेता माओ त्से तुङले र नेपालका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला समक्ष सगरमाथा हिमालय नेपालको हो भन्ने सहमति जनाएका थिए । तिब्बती भाषामा यस्तै च्यामोलोङ्मा कि के भन्छन् । नेपालीहरू सगरमाथा भन्छन् । इतिहासकार बाबुराम आचार्यले यो नाम जुराएका हुन् । संस्कृत भाषामा मेरू, सुमेरू, हेमाद्रि, रत्नसानु, सुरालय अदि भनिएको छ । सबैले आ- आफ्नै ढङ्गले नाम राख्न पाउँछन् क्यार– नातामा बाँधिएको मान्छे/मान्छी जस्तै हैन कि ?'

'त्यस्तै होला ।'

अब उसले हिमशिखरहरूबाट ओर्लेर हरित पर्वतमाला तिर माउस चलाई । जवान, प्रौढ, गम्भीर तपोवनमय वन्यप्रदेश सर्वत्र घुमेर हेरे । कहिले तृप्त नहुने तिर्सना ! हिमाल र हरित पर्वत बीचको भोट प्रदेशमा घुमेर फेरि उपत्यका, अधित्यका र पर्वतका फाँट-फाँट र काख-काखमा पहार तापेर बसेको गाउँबस्ती र उर्वरा धरतीको परिक्रमा गरेर मैदानी भागमा दृष्टि ओर्लियो । किम्बु कुशल कम्प्युटर गाइड रहिछ भन्ने बुझिन्थ्यो । स्थान परिचय गराउने वा

पढाउने शैली अत्यन्त आकर्षक र मीठो । कुनै कुरा बढी होइन र कुनै कुरा छुटेको हुँदैन ।

अब समथर प्रदेशमा विचरण गर्ने योजना बन्यो । एकपटक कफी पिएर निस्कने सल्लाह भो ।

कफी संवादमा सजिलै सोधी, 'पहाडी बाटोमा ड्राइभ गर्ने बानी छ कि छैन हजूर ?'

'चलाउँछु, तर गेयरवाला सजिलो लाग्दैन । आवश्यक गतिमा चलाउन सक्तिनँ । डराउँछु । अभ्यास छैन ।'

'ओके । केही उपाय गरौँला । पहिले म यसलाई बिदा गर्छु । अनि हामी पनि बाटो लागौँला ।' उसले शीघ्रता देखाई । कुकुरलाई फिर्ता पठाउनु थियो ।

फोन गरी, मेल गरी । अनि रोप-वेमा कुकुरलाई हालिदिई । ऊ अभ्यस्त थिई, विश्वस्त थिई । सिस्टम बुझेकी थिई । शायद पहिलो पटक थिएन त्यो ।

शिखरले सोध्यो, 'कहाँ पठाएको यसलाई मात्रै ?'

'गोठमा पठाएको । यसको धेरै काम छ वहाँ । रहर गरेको थियो यहाँ आउने । अब रमाएर पुग्छ ।'

'कोही लिन आउँछ ?'

'आउनु पर्दैन । सीधै उहीं पुग्छ । ओर्लिएर सरासर गोठमा जान्छ । उसलाई बाटो पनि थाह छ, ओर्लने ठाउँ पनि थाह छ । आफ्नै नम्बर पनि थाह छ । हामी यसै गर्छौं । सबै यसै गर्छन् । यी त हाम्रा संरक्षक हुन् नि !'

रज्जु-मार्गबाट उनीहरू अर्को दिशातर्फ लागे ।

ऊ अहिले साँच्चै ब्रिटिश मेम जस्ती लाग्थी– सुरिली, खिरिली, छरिती, छिटी र जाँगरिली । किन्तु ऊ गर्मीको पोशाकमा थिई । शिखर वेलावेला झुक्किएर, छलिएर, चोरी दाउले र कुनै बहाना गरेर उसको सौन्दर्य र फुर्तिलोपनप्रति दृष्टिपात गर्ने गर्थ्यो । ऊ पनि जानेर नजानेजस्तो गर्थी– यौवन विलासको छेउबाट हिंडेर ! ऊ चाहिं अविचल रहेको अभिनय गर्थ्यो मनमा भूकम्प बोकेर ।

मध्य पहाडी क्षेत्रको बीचबाट रज्जु-मार्गको यात्रा शुरू भयो । पारिलो, भरिलो, हरियालीयुक्त प्रकृतिको यौवनस्थ स्वरूप कम्ती आनन्दमय थिएन । ठाउँ-ठाउँमा देखिने उत्तरतर्फका हिमशिखरले नेपाली टोपीको सादृश्य झल्काउँथे । लाग्थ्यो टोपीको प्राक्कल्पना सामान्य होइन, किन्तु उत्प्रेरक यिनै गगनचुम्बी हिमशिखर रहेको हुनुपर्छ ।

रज्जु-मार्गबाट देखिने पर्वतीय क्षेत्रका गाउँबस्तीहरू पेगोडा शैलीबाट निर्मित देखिन्थे । प्रत्येक घर फरक-फरक छवि सञ्चार गर्दथ्यो । पर्यटकका लागि यो

दृश्य मनोहर भइदिन्थ्यो । एउटा उल्लेख्य पक्ष के थियो भने प्रत्येक गाउँ वन, बगैंचाभित्र देखिन्थ्यो र प्रत्येक घर बोटबिरुवा र फूलबारीले सिङ्गारिएको हुन्थ्यो । यो यात्रा यस कारण पनि लोभलाग्दो थियो– माथितल, वरपर, नजीकटाढा जता पनि सजिलै अवलोकन गर्न सकिन्थ्यो । मध्य पहाडी क्षेत्रको रज्जु-मार्गमा कहिले कहीं मात्र बादलभित्र हिंड्नु पर्थ्यो । भदौ-असोज र कार्तिक-मंसिरको महीनाको यात्राले पूर्ण तृप्तिको अनुभव दिन्थ्यो ।

दुई लेनको सडक कतै कतै छुट्टिएको देखिन्थ्यो र प्रत्येक ठाउँमा साना गाडी र मालवाहक वा बसका लागि पुल छुट्टाछुट्टै देखिन्थे । झट्ट हेर्दा जापानी शैलीको सडक व्यवस्था र सुरूङ मार्गको सम्झना दिलाउँथ्यो भने नदीमा चिनियाँ पद्धतिबाट निर्मित आधुनिक पुल देखिन्थे । त्यस्तै निश्चित दूरीमा बिसौनी, पसल, शौचालय र पर्यटक स्थलहरूको विकास भएको थियो । पर्यटकहरू प्रकृतिका मनोरम छटालाई हेरेर मात्र होइन क्यामेरा र भिडियोमा भरेर पनि आनन्द लिने गर्थे । विद्यार्थी र बालबालिकाको रुचि पूर्णमा पनि अपूर्ण नै लाग्थ्यो । अपूर्णमा पनि पूर्णता झल्काउँथ्यो । किशोरी र नवयौवनाहरू प्रकृतिमा आफ्नै उच्छ्वास, आफ्नै उद्वेग, आफ्नै कौतुक र आफ्नै तिर्सना मुखर रहेको अनुभव बाँड्थे, छर्थे । शारदी फूल र नवयौवनाहरूको स्वरूप र सुवासमा खासै दूरी थिएन । यस्तै यस्तै प्रकृति र जीवनमा अनेक छटा र छविको अन्तरङ्गमा पाइने अमोघ वा स्थायी सौन्दर्यको चर्वणा गर्दै किम्बु र शिखरले रज्जु-मार्गको यात्रा गरे ।

मैदानी क्षेत्रको बिसौनीमा पुग्नुअघि किम्बुले शिखरलाई मुखुण्डोको प्याकेट दिई । शिखरले प्याकेट खोलेर मुखुण्डो लगायो । उसले मिलाइदिई र दुरूस्त पारी । परिवेश-बोधको चेतनाले शिखर ब्युँझिएको प्रतीत हुन्थ्यो ।

रज्जु-पथ अन्तिम बिसौनीमा पुगेर रोकियो । उनीहरू बाहिर निस्के । बस्ता-बस्ता आफ्नै शरीरमा टाँसिएका भित्री लुगा यसो एकातिर र फेरि अर्कोतिर ढल्केर किम्बुले कोट्याई, चिमोटी, तानी र तन्काएर सहज बनाई । अनि शीतल सास तानेर ढुक्क भई ।

शिखर किम्बुको सतर्कता र सुरुचिपूर्ण चेतना तथा उसको नारीसुलभ अभिनय-प्रक्षेपणलाई भोक्ता भावले निर्निमेष हेरेर आत्मरति गर्दै रह्यो । लाग्थ्यो यो क्षण चुक्यो भने फेरि दोहोरिने छैन । हो पनि, हिमशिखरबाट झरेकी परीको सुकिलो शरीरमा उज्यालो-पातलो एकसरो गर्मीको पारदर्शी परिधान (वस्त्र) ले उसलाई अन्य लोकबाट झरेकी अदनाचरी सिद्ध गर्थ्यो । धेरैका आँखा त्यतै पुग्थे ।

भलै अनाडीका आँखामा किम्बुको परिधान बिभ्काओस्, किन्तु उष्ण प्रदेशमा त्यो सही थियो, फेरि पनि त्यहाँको तापमानले ऊ विचलित भए जस्तै थिई ।

'गर्मी छ हकि ! एकछिन यहाँ कतै क्याफेमा बसौं । हातमुख पखालौं अनि निस्कौंला नि हुन्न ?' उसले प्रस्ताव राखेर फेरि थपी, 'हजूर पनि आफ्नो अनुहार हेर्नुहोला नि ! मिले नमिलेको पनि थाह होला । त्यो असजिलो भए अर्को फेर्नुपर्छ । उसको भनाइमा विकल्प थिएन ।

कफी-बेकरी चल्यो । संवाद पनि चल्यो । फोन आयो । 'हेलो, मेची १, ३ यात्रा, मिल्के कफी हाउसको अगाडि छ– पार्किङमा । यात्रा रेन्टल मात्र हो ।'

'अब यसैबाट घुम्ने । मलाई यो भीडमा चलाउन दिक्क लाग्छ, हजूर अटोमेटिक मात्र चलाउने । त्यसैले यसरी घुम्नु ठीक लाग्यो ।' बाहिर निस्कँदा निस्कँदै किम्बुले स्थितिबोध गराई । थपी, 'ऊ मेची १, ३ अगाडि नै छ ।'

'सेवारो हजूर ।' चालकले स्वागत गर्दै भन्यो ।

'तासिदेले, सेवारो हजूर ।' किम्बुले जवाफ फर्काई ।

'नमस्ते दाइ ।' शिखरले विधि पुऱ्यायो ।

'हजूर, कता जाऊँ ।' चालकले भन्यो ।

'शहर-बजार त यसै देखिन्छ, हिंड्दा हिंड्दै । कहाँ के छ हेर्नुपर्ने, त्यो पनि राम्रो थाह छैन । मुख्य-मुख्य ठाउँमा पुगौं न ।' किम्बुले सहज भावले भनी ।

'अगाडिको स्क्रीनमा हेरौं हजूर । पर्यटन स्थलको चित्र–यी यस क्षेत्रका दर्शनीय स्थल हुन् ।' उसले स्क्रीन देखायो ।

'अब दूरी र समय हेरौं ।'

'दाइ, यसो गरौं । यो त नयाँ विकसित क्षेत्र हो । विकासको मुद्रा हामी अस्पताल, स्कूल, कलेज, विश्वविद्यालय, संग्रहालय, पुस्तकालय, हुलाक घर, थिएटर, रङ्गशाला, पौडीकेन्द्र, बाल-उद्यान, फूलबारी र गेमहाउस जस्ता ठाउँमा पुगेर हेरौं । हामीसँग जम्मा तीन घण्टा समय छ ।' किम्बुले सारमा भनी ।

चालकले ऐनाबाट हेरेर भन्यो, 'सर, जुवाघर र नाइट क्लबमा नपसी जाने र ? फेरि त घुमाइ अधुरै होला नि ! छुट्यो या चुक्यो भने फेरि मौका पर्ने हो कि होइन ! के भन्न सकिन्छ र ? आज यहाँ, भोलि वहाँ, पर्सि कहाँ ? जीवन नै कति छ, हिसाब कसले गऱ्या होला र ! त्यसैले म त भन्छु ठाउँ र मौका नचुकोस् । नत्र आफ्नै आत्माले हारेको कुरा बल्भ्काउँछ । म त हेरेरै मर्छु, भोगेरै मर्छु । अतृप्ति र असन्तोष पालेर म बाँच्न सक्तिनँ । पहिले त आफ्नै लागि गर्नुपर्छ अनि अरूलाई सहयोग गर्नुपर्छ । सल्लाह मिल्यो भने जे पनि

गर्न सकिन्छ । किन्तु नसक्ने नजान्नेले राजनीति गर्नु हुँदैन । अनाडीका हातमा राजनीतिक शक्ति पुग्यो भने डुबाउँछ ।'

शिखरले बीचैमा प्रश्न गर्‍यो, 'राजनीति नबुझ्नेले बिगार्छ भन्ने कुरा कसरी भन्न सक्नुहुन्छ दाइ ? दुनियाँ राजनेता हुने दौडमा जुटेका छन् । मारामार छ । विदेशी शक्तिको आड लिएर पनि मुलुकमा दाउ मार्ने छन् । कसरी भन्नु राजनीतिले बिगार्छ भनेर ? बाङ्गलादेश जन्मायो, चीन बनायो, सिक्किम तन्कायो । यो सबै बनाएकै उदाहरण भएनन् र ? अँ, नेपाललाई भने आफ्ना र पराई मिलेरै लुटे । त्यो अपवाद हो र त्यसैको परिणाम हो– चित्र धूमिल देखिएको थियो रे । त्यो पनि अनुभव गर्ने स्थिति रहेन भन्थे । मैले बुझेको पनि यही हो, पढेको पनि यस्तै हो ।'

'बल्ल तपाईं ठाउँमा आउनुभयो । म त तपाईं पनि कमरेड नै हो कि भनेर डराइ सकेको थिएँ–लुटिने आशङ्काले । जोगिएँछु भन्नुपर्‍यो ।' चालकले मन खोलेर एकै सासमा भन्यो र अप्रिय ठानिने शब्दावलिलाई ठट्टाको हाँसो निकालेर इरेज गर्‍यो । किनभने ग्राहकसँग संवाद गर्दैछु भन्ने सत्य उसले बिर्सेको थियो क्यार !

अपराह्नको चमेनाका लागि उनीहरू जलजले फास्टफुड पसे । मौका हेरेर शिखरले सोध्यो, 'दाइ, तपाईंको गाडीको नम्बर प्लेटमा मेची १, ३ को तात्पर्य के हो ? अरू पनि यस्तै शैलीमा रहेछन् ।'

'मेचीको अर्थ त मेची अञ्चल नै हो । नं. चाहिं माथिबाट गन्ती गर्दा ताप्लेजुङ १ नम्बरमा आउँछ । अनि ३ चाहिं यो मोडेल वा क्यापासिटी अनुसार तेस्रो दर्जाको भन्ने जनाउँछ । अर्थात् यस.यू.भी. (९००)'

'पेट्रोल कत्तिको महँगो छ यतातिर ?' शिखरले सोध्यो ।

'खासै महँगो छैन । मैले गाडी चलाएकै १४ वर्ष भयो, कहिले कहीं ग्यालेनमाथि १ देखि २ रुपियाँसम्म बढेको थाह छ । तर कहिले अभाव हुँदैन । लाइन पनि बस्नु पर्दैन ।'

'कहाँबाट आपूर्ति हुन्छ ?'

'हाम्रो बाजेको पनि बाबुको पालासम्म इन्डियाबाट आउँथ्यो रे । पछि त चीनले पाइप ल्याएर झार्‍यो भन्थे । त्यताबाट आउने पेट्रोल चोखो क्वालिटीको हुन्छ । महँगो, राम्रो गाडीका लागि उतैको पेट्रोल हाल्छन् ।' सास लामो तानेर एकछिन रोकियो र थप्यो, 'अब त नेपालमै पेट्रोल निस्केको छ । साना गाडीहरू यहींको पेट्रोल हाल्छन् । धूवाँ पटक्कै आउँदैन । नाप-जाँच पनि हुन्छ । सजिलै छ । चीनको सहयोगले निकालेको पेट्रोलियम हो यो ।'

'सुरक्षा कस्तो छ शहर-बजारमा ?'

'ए, हात हातमा फोन छ । फोन गरेको ४ मिनेटभित्र पुलिस आइपुग्छ । कुमालकोटी जस्तो ढङ्गले आउँछ र तुरुन्तै एक्शन लिन्छ । न चोरी, न डकैती, न छलकपट, न धोखा, न चलाखी कतै क्यै अप्रिय कुरा भएको थाह छैन ।'

'सीमा बन्द छ त ?'

'छैन, तर व्यवस्थित छ । पास हुन्छ । समय निर्धारित हुन्छ । राम्रोसँग जाँच-बुझ हुन्छ । ढुक्क छ । उताका गाडी तत्काल धोएर मात्र यता प्रवेश पाउँछन् । प्रमाण देखाउनुपर्छ । वायु-प्रदूषण जाँचपास नभएको कुनै पनि मेहिकल यता पस्न पाउँदैन ।' चालकले एकछिन दम लिएर थप्यो, 'हाम्रा गाडी पनि पहाडतर्फ जाँदा धुलाई र प्रदूषण जाँच-पासको प्रमाण पेश गर्नुपर्छ । नत्र माथि जान पाइँदैन ।'

'ट्राफिक ?'

'व्यवस्थित छ । तपाईंहरूले ठूला-ठूला जेब्राक्रस देख्नुभयो कि ? बेलुका ६ देखि ९ बजेसम्म त्यहाँ पैदलचारी मात्र हुन्छन् र कुनै चक्के गाडी त्यहाँ पस्न पाउँदैन । अरूतिरबाट जानुपर्छ । मान्छेको बजार हेर्ने या भेट्ने र भेटेर कतै जाने ठूलो आँगन हो जेब्रा आँगन । ठाउँ ठाउँमा छन् । जापान यस्तै छ रे ।'

'एकै खाले घर रहेछन् हकि ?'

"हजूर, सबै पेगोडा मोडेलका । पेगोडा आफ्नै मोडेल हो नेपालको । अधिराज्यभरि यही मोडेल पाउनुहुन्छ । बालेन भन्ने थियो रे अघि । यसलाई बालेन मोडेल पनि भन्छन् ।

नगर व्यवस्थापनका लागि राज्यले ठूलो सावधानी अँगालेको छ । विज्ञहरू विभिन्न ठाउँमा गएर अनुभव र तालीम लिने गर्छन् । अझ मुख्य कुरा के छ भने यहाँ राजनीतिक दाउपेच पनि चल्दैन र नाता-गोता वा थर-गोत्रको पोयो पनि पत्रन पाइँदैन । उजुरी पऱ्यो कि गयो । सानो यत्नले व्यवस्था मिलाएको होला त ? नीति र योजना त मान्नै पर्छ, अनि बालेन भन्ने मनुवा आएपछि हाम्रो उन्नति भएको रे ।"

एकछिन रोकिएर चालकले थप्यो, 'सुनेको कुरा हो, राजनीतिक पसलेले यो देशलाई छिटै विदेशी झण्डा ओढाउन खोजेका थिए रे, राजा रहुन्जेल त्यसो गर्न नसकिने ठानेर राजसंस्था नै उखेलेका हुन् रे । कहिले हङकङ बनाउँछौं भने रे, कहिले सिंगापुर तुल्याउँछौं भने रे । पछि सिक्किम बनाउन खोज्दा काटमार चल्यो रे ।'

'कसरी ?'

'राजनीति खेल्ने मान्छेले जनतालाई असाध्य दुःख दिएपछि त्यसको बदला लिन युवा पुस्ताले संसारभरि फैलिएर बसेका जवानहरूलाई आह्वान गऱ्यो रे । तर कतै, कुनै पक्षमा सुधार आएन । केवल मुखले भन्यो । कामले देखाएन । विदेशीहरूको कारिन्दा भएर आफ्नै देश बिगाऱ्यो भन्छ । कहिले गुलाम नभएको देश गुलामको पनि गुलाम पाऱ्यो राजनीति गर्नेले भन्छ । पछि त छाती नाप्ने उमेरको केटाले आएर देशको मुहार नै फेरिदियो भन्छ । यस्तै यस्तै कथा छ, हाम्रो देशको हिजोको कथा ।'

'कस्तो युवा शक्ति आएर देशको मुहार फेऱ्यो, यो कुरा म फेरि सुन्छु । पहिले यो सुनौं न, संसारभरि फैलिएका युवालाई कसरी आह्वान गरे ? के मन्त्र थियो, के जादू थियो ? मलाई जान्ने रहर भो ।'

'ए, त्यो त एउटै गीतले संसार हल्लायो नि ! यहाँ रहेछ भने म सुनाइदिन्छु है हजूर । कहिले कहीं उत्साह र जाँगर चलाउन म आफैं एक्लै सुन्ने गर्छु ।' उसले एमफोर चलाउन थाल्यो ।

'यो एमफोर (M4) के रहेछ ? कस्तो कम्पनी हो ? के अर्थ हो ?'

'ए, योमा त धेरै कुरा पर्छः मिखालुङ्, मेन्छ्यायेम, मैवाखोला, मिल्केहरू हो नि एमफोर भनेको । ए, आयो आयो । सानो आवाजमा सुनौं है हजूर एक टुक्रा ।'

*हे वीर गोरखाली ! अहिले तिमी जहाँ छौ*
*लाएर धार खुकुरी अब झट्ट आइजाऊ*
*आँधी भएर आऊ, आगो भएर आऊ*
*वैरी पसेछ घरमा खुकुरी नचाई आऊ*

गीत अरू चले ।

'म उत्साहित भएँ । यो गीत त पूरा सुन्नु पर्छ । यहाँ सुन्न मिल्दैन । अरूलाई बाधा पर्छ ।'

'हो हजूर, अब म हजूरहरूलाई नाइट क्लब अथवा नाइट बारमा छोडिदिन्छु । क्यासिनोमा जान त म पनि भन्दिनँ । नाइट बार नै वेस होला कि ? सबै एकै ठाउँमा छन्, जतै गए पनि हुन्छ । डान्स बार पनि उत्तिकै छन् ।'

छुट्ने वेलामा चालकले आफ्नै बिजनेस कार्ड दिंदै भन्यो, 'कुनै वेला मलाई सम्झनुभो भने यसमा कल गर्नु होला नि ! शेरहाङ् मेरो नाम हो, मेची घर हो, माङ्देन चाहिं हाम्रो गोत्र हो । यो थर र गोत्रमा धेरै भेट्नु हुन्छ ।'

'म त पढ्नु सक्तिनँ, कुन खालको रहेछ ।' किम्बुले पढेर तुरुन्तै भनी ।

'ए, यो त श्रीजङ्गामा छ । आफ्नै ढङ्गले टिप्नुभए हुन्छ नि हजूर ।' शेरहाङ्ले कलम अघि सा-यो ।

'हजूर पनि हामीसँगै क्लबमा जाने नि !' अनि घडी हेरेर किम्बुले थपी, 'बढीमा डेढ घण्टा अल्मलिने । मलाई त कुनवेला लुगा फ्याँक्नु जस्तो भएको छ । कस्तो हप्प गर्मी छिः ।'

'तपाईंहरू जोडामा हुनुहुन्छ, मिल्छ, सुहाउँछ । म एक्लो के गर्नु ? कसैको त्यहाँ दरबन्दी खाली भए त अल्मलिनु हुन्थ्यो पनि, तर खै ! आज जुर्छ जस्तो छैन ।' शेरहाङले स्पष्ट भन्यो ।

'एक पटक नजर घुमाएर आउनु नि त । भरे हामीलाई अलिक कम्फर्टेबल होटेलमा पु-याइदिनु होला । आज फर्कन नभ्याइएला क्यार !'

'हुन्छ, म यतै रहेंछु भने मास्तिर छोडी दिऊँला । अलिक शीतल छ । होटल पनि गतिला छन् । मन लाग्छ । बुक गरिरहनु पर्दैन । माथिबाट यहाँको झिलिमिली भेडेटारबाट धरान जस्तै देखिन्छ ।'

क्लबबाट कल गर्नासाथ शेरहाङ् आइपुग्यो । मेडिकल स्टोर, फेरि फास्ट फुड र लिकर स्टोरमा पसेर किम्बुले संक्षिप्त शपिङ गरी ।

किम्बु र शिखरले होटलमा प्रवेश पाएपछि शेरहाङ फर्कियो ।

किम्बुले कविता भेटी, कुनै पुण्यात्माले 'मन परेको कविता' भनेर सञ्चार गरेको रहेछ– शीर्षक फेरेर । उसले दोहो-याएर पढी । अनि शिखरलाई चकित पार्ने मनले शर्त राखी, 'यदि तिम्रो जस्तै, तिमीले भने जस्तै कविता भेटें भने मलाई कस्तो खुशी दिन्छौं ? आचे, मैले त तिमी भनेंछु– आफ्नै ठानेर, क्षमा हजूर !'

'तिमीले दिएको आश्चर्यजनक खुशीको ऋण म खुशीले नै तिर्न पाऊँ । तर तिम्रो खुशीको दायरा मेरो क्षमताभित्रै हुनुपर्छ । यो मेरो झोलामा जे छ तिमी आफ्नै रुचिले लिन सक्छ्यौ ।'

'हुन्छ, तिमीसँग जे छ म त्यो लिन्छु । श्रम होस् कि समय सबै मेरो है त ।'

'पहिले कविता त पढौं । कविको कविता जस्तो हुनुप-यो नि ! कि तिमी नै २-४ पंक्ति सुनाऊ । भाव, सङ्गीत र प्रबन्धले रचनाको उचाइ थाह हुन्छ । त्यो कविताले के के कुरा समेटेको छ त्यो पनि हेरौं न ! सम्प्रेषण शक्ति त होला नि !'

'म आफैं सुनाऊँ र ?'

'सुनाऊ, म उत्सुक भएको छु ।'

उसले शीर्षकपछि कविता सुनाउन थाली ।

संग्रहालयमा प्रवेश गर्नासाथ एउटी नवयुवती सम्मुख उपस्थित भई । स्वागत अभिवादन गर्दै भनी, 'आउनुहोस् हजूर । आइदिनु भयो, खुशी छौं ।'

आगन्तुकले आश्चर्य मानेर प्रश्न भावले हेऱ्यो । अनि मनमनै गुन्यो, यहाँ त बोल्ने मान्छे रहेछन् । कम्प्युटरको स्क्रीन हेर्नु परेन । शायद अर्को क्षेत्र र विशेष भवन भएर होला ।

'मेरो नाम सिरु हो । म आज हजूरका लागि गाइडको काम गर्छु । पहिले हामी कुन संग्रहालय हेर्छौं, त्यो निश्चित गरौं । यसै अनुसार कार्यक्रम तय गरौंला । हजूर के भन्नुहुन्छ ?'

'हुन्छ, त्यसै गरौं ।' उसले छोटो बोल्यो ।

उसले विद्युतीय बोर्ड देखाएर भनी, "हामीले ऐतिहासिक ढङ्गले अर्थात् समय-क्रमको आधारमा पृथक्-पृथक् संग्रहालय बनाएका छौं । खास गरेर यो सेक्टरमा लिच्छवि काल, मल्ल काल र शाह कालका ग्रन्थ, कलाकृति, अभिलेख र ताम्रपत्र, शिलापत्र, भोजपत्र र नेपाली कागजमा लेखिएका महत्त्वपूर्ण सामग्रीहरू उपलब्ध छन् । जाति, संस्कृति र जीवनशैली तथा पर्व र उत्सवको अवलोकन गर्न पाइन्छ ।

शाह युग राम्रो छ । राणा युग पनि शाह युगभित्रै पर्दछ । किनभने राजाको अस्तित्व मेटिएको थिएन । भन्नु पर्छ सत्ता थियो, शक्ति थिएन । ठूलाठूला घटना पनि भए, काम पनि भए । खास गरी भौतिक विकासको क्षेत्रमा राणायुग पश्चिमी शैलीका महल बनाउन केन्द्रित रह्यो । र यो भन्नु पर्छ– पश्चिमी संस्कृतिलाई देशमा विधिवत् प्रवेश गराउने शक्ति राणाहरूकै हो । सडक, शिक्षा, विद्युतीकरण र सैनिकहरूको व्यावसायिक उन्नयनका लागि यो युग सक्रिय रह्यो । नवाबी र अंग्रेजी शैलीले दरबारमा महत्त्व पाएको थियो । फोटो सेक्शनबाट यो कुरा बुझ्न सकिन्छ । उद्योगतर्फको श्रीगणेश राणा युगमा भएको देखिन्छ ।"

'पहिले यो कुरा सम्झाऊ, तिम्रो नाम सिरु कसरी भयो ? के हो सिरु ?'

सिरु मुसुक्क मुस्काई र बिस्तारै दन्तपंक्ति देखाइसकेर बोली, 'सिरु एक किसिमको पाते वनस्पति वा झार-पात भने हुन्छ । दूबोभन्दा ठूलो र कडा हुन्छ । भुइँमा मौलाउँछ र एक किसिमले मौसमी भन्दिए पनि हुन्छ । अलिक खस्रो हुन्छ । खै कसरी सम्झाऊँ । यहाँ कम पाइन्छ, औलोतिर अलिक बढी सप्रेको हुन्छ । सिरु अलिक ठाडो, घोच्ने प्रकृतिको र धारिलो हुन्छ । मेरो कपाल सिरु जस्तै लाग्ने हुनाले नाम पनि सिरु भएको होला ।' उसले सफाइ दिंदै थपी, 'नाम त

अर्कैले दिने हो नि हजूर ! आफूले आफ्नै नाम राख्ने चलन पछि नै आएको हो क्यार !'

लाग्थ्यो, देवकोटाले मुनाका दाँत यस्तै सुन्दर देखेका हुँदा हुन् । तर सिरूको गालामा भुवँरी पर्थ्यो उसले बोल्दा र फेरि अलप हुन्थ्यो । यो क्षण अत्यन्त सम्मोहक लाग्दथ्यो । त्यसैले पनि आफूले बोल्नुभन्दा उसैले बोलिराखोस् भन्ने हुन्थ्यो ।

'अर्को संग्रहालयको पालो आयो होला नि !'

'आयो, अब गेहेन्द्र म्युजियम । यो सानै छ तर गहकिलो छ । सबै फोटा, डकुमेन्ट्री र दरबारमा उपयोग गरेका सामान र भौतिक साधन हेर्न पाइन्छ । तर उनको समयमा प्रकाशित पुस्तकहरूको संग्रह भने निकै गतिलो छ रे । आगन्तुकहरू यसै भन्छन् । खास गरेर उनले स्थापना गरेका उद्योग र औद्योगिक क्षेत्र र उत्पादित वस्तुहरूको फोटो संग्रहालय निकै गतिलो मानिन्छ । सडकहरूको फोटो पनि जम्मा गरेको छ ।'

एकैछिन रोकिएर उसले थपी, 'स्वदेशमा दिएका भाषण, विदेशमा दिएका कूटनीतिक विचार र फोटो/डकुमेन्ट पनि प्रशस्त छन् । विभिन्न राष्ट्राध्यक्ष र अतिथिहरूसँग भएका भेटवार्ता र स्वागत शैलीको दिग्दर्शन पनि पाइन्छ । मुलुकको उत्थानका लागि उनी समर्पित थिए भन्ने बुझिन्छ ।'

सिरूको वाक्य टुङ्गिन्छ र सोध्छु भनेर ऊ पर्खिंदै थियो । मौका छोपेर सोधि हाल्यो, 'सिरु, तिमी यी कुरा कुसलाई सुनाउँदै छ्यौ ?'

यसपटक सिरु छक्क परी ! ऊ स्तब्ध भई । उसलाई आफ्नै कर्तव्यपरायणता विफल लाग्यो । उसको अनुहारको रोगन फेरियो । अनि मनमनै गुनी– यो कस्तो प्रश्न हो ? कस्तो हुनुपर्छ यसको उत्तर ? उसलाई दिक्क लाग्यो । ऊ मौन बसी ।

स्थिति प्रतिकूल हुन थालेको अनुमान गरेर उसले थप्यो, 'मेरो भनाइको तात्पर्य यति मात्रै हो–तिमीलाई मेरो नाम थाह छ कि छैन भनेर नि !'

'थाह छ नि, हजूर यो भेगमा पस्नासाथ सबैतिर जानकारी आउँछ । यहाँ कुनै कुरा लुकाइन्न । रुचि अनुसार आ-आफ्नै विषयको जानकारी लिइन्छ । बाँकी सूचना स्टोरमा बस्छ । चाहिए खोज्न सकिन्छ । हिजो त नेता पनि राज्य पनि सूचना लुकाउँथ्यो रे । अब त्यस्तो छैन ।'

'सिरु, हेर्ने पर्ने, जानै पर्ने र उदेक लाग्दो वा रहस्यमय कुनै सन्दर्भ छैन जसले आँसु, करूणा, आक्रोश, त्रास, विद्रोह, विस्फोट, कम्पन, ज्वारभाटा ल्याओस् मभित्र या आगो सल्काओस् ?'

'आम्मै ! छ नि ! बहुदलीय व्यवस्था मिल्काउन गरेको आक्रमणको कथा छ नि ! विदेशीको भरिया भएर तिनको स्वार्थ पूरा गरिदिने र भारी बोक्ने सुरूङपन्थी नै हुन् नि !'

उसले प्रसङ्ग जोडेर थपी, 'राजसंस्था उखेल्ने र प्रजातन्त्र मास्ने अभियानमा जुटेर आततायीहरूले यो देशमा कम्ती ध्वंस मचाएनन् !'

'राजसंस्था त्यति अलोकप्रिय भएको थियो र ?'

'अलोकप्रिय हैन, आदरणीय र वन्दनीय बन्दै गएको थियो । तर स्वदेशमा र विदेशका लागि पनि त्यो स्थिति अपच हुँदै थियो नि, त्यसैले !'

'जस्तो ? खास कारण ?'

'उचाइ बढ्दै थियो । जनप्रिय हुँदै थियो । प्रजातन्त्रलाई महत्त्व दिन्थ्यो । जनता मार्नुहुन्न भन्थ्यो । जनताको कुरा सुन्थ्यो । उसले चाहेको भए माओवादीलाई स्वाहा पार्न नसक्ने थियो र ! ऊ त स्वयं परमसेनाधिपति ! यो कुरा धेरैलाई पचेन क्यार ! षड्यन्त्र गरेरै मारे । संवैधानिक राजालाई मारेको हुनाले नेपाली जातिको कलंक नमेटिने भो । अस्तित्व पनि हराउँछ जस्तो भएको थियो रे । वीपी जीवित रहेका भए दरबारमा यो स्थिति आउने थिएन शायद !'

'मार्नुका कारण अरू थप कुनै ?'

"सार्कको समर्थक, शान्ति क्षेत्रको प्रस्तावक, चीनलाई पनि सँगै लिएर हिंड्ने विचारको सूत्रधार, दुवै छिमेकीलाई समभावले समदूरीमा राखेर अटल रहने सङ्कल्प राख्ने हुनाले राजालाई मारेका हुन् । संकेतमा राजाको हत्यापछि कविहरूले लेखे पनिः

*उत्तराखण्डको यात्रा गर्नु पर्ने थियो किन*
*त्यसैले पुत्रले मार्‍यो शत्रुले मार्दथ्यो कि न ?*
*तिमी सार्क-पिता नै हौ नमाने नभने पनि*
*चिन्ता भो कि छिमेकीमा, पुत्रले मार्दथ्यो किन ?*

मैले यस्तै कुरा पढें, यस्तै वक्रसंवाद बुझें । ती त अव्वल विचार भएका राजा हुन् जसले जनमत संग्रह र संविधान संशोधन जस्ता विषयमा खुला हृदयले जनतालाई आत्मनिर्णय गर्ने अवसर दिए । के यो उदारता होइन ?

मेरो दृष्टिमा राजाको यस्तै विचारले उनलाई उचाइमा पुर्‍यायो र अरूले आफूलाई होचो/वामन भएको ठाने र तेजोवध गर्न हिंडे । क्रुद्ध भएर उज्वल प्रकाश निभाइ छोडे । यो क्षेत्रलाई नै उचाइमा पुर्‍याउने विचारलाई नामेट पारे । अहिले यो सत्य इतिहासबद्ध हुँदैछ ।

शुभविवाह र शुभ राज्याभिषेकमा अतिथिहरूले दिएका मन्तव्य, शुभकामना, विचार र सन्देशहरू पनि आजसम्म सुरक्षित छन् । मूल्यवान् सामग्री चोरेर बेच्ने गरिन्थ्यो रे अघि अघि । तर त्यस्तो अकर्म अब हुँदैन । पदाधिकारी र राजनयिक व्यक्तिहरू नै यस खालको वृत्ति गर्थे रे । फायल चोरेर विदेशीका हातमा पुऱ्याउँथे रे । सूचना चोरको सूची पनि यहीं भेटिन्छ ।" सिरूले लामो संवाद रोकी ।

शिखरले हाई गऱ्यो । सिरूले घडी हेरेर भनी, 'तीन मिनेटपछि ब्रेक शुरू हुन्छ । कफी लिन जाऊँ । आलस्य हट्छ । फेरि घुमौंला नि !'

क्याफ्टेरियामा पुगेर सिरू लाइनमा बसी । एकैछिनमा प्रकृति रिसायो– जसरी पापिनी आमाको निर्णय विरूद्ध समस्त प्रकृति रिसाएर हुङ्कार गर्थी, भयावह रूप देखाएर । माइकिङ भयो– विकराल आँधीबेहेरी आउने जानकारी कार्यालयले सूचित गऱ्यो । पुस्तकालय बन्द हुने भो । दश मिनेटभित्र निस्कनुपर्ने भयो ।

शिखरले ऐनामा हेऱ्यो । मुखुण्डो यथावत् थियो । त्यतिन्जेलमा सिरूले खानेकुरा टेबुलमा ल्याइसकेकी थिई ।

सिरूले मेल हेरी । शिखरलाई कहाँ पुऱ्याउनु पर्ने थियो त्यसैको जानकारी रहेछ । तर मौसम बिग्रिएको हुनाले म्युजियमको गेष्ट हाउसमा बस्ने व्यवस्था मिलाइदिने निर्देशन आयो ।

शिखरलाई क्याफ्टेरियावालाको जिम्मा लगाएर ऊ निस्किई । खाने र बस्ने व्यवस्था क्याफ्टेरियाले गर्ने भो । संग्रहालयका सबै कर्मचारी हतार–हतार गरेर निस्किए । ऊ क्याफ्टेरियाको एउटा टेबुलमा भोक्राएर बस्यो ।

प्रकृतिको विकराल रूप किञ्चित् मत्थर भएपछि गेस्ट हाउसमा जाने सोच बनाएर शान्त रहनु बाहेक अर्को उपाय तत्काल थिएन ।

साँझ पर्दै गयो । प्रकृतिको भयावह मुद्रा देखिन छोडेन । आँधी, मेघ गर्जन, वेलावेला असिना, फेरि घनघोर वर्षा, बिजुलीको चमक, चट्याङको त्रासद टङ्कार र वज्रपातको भय । कहाली लाग्दो स्थिति । छिनछिनमा फेरिने प्रकृतिको नाटकीय सुधार ।

बत्ती झ्याप्प ।

टेलिफोनको उज्यालोमा कसैले डोऱ्याएर उसलाई कोठामा पुऱ्यायो । तोङ्बा, आलु चीज र सुकुटी खाएर ऊ पल्टियो ।

"यात्री ! तिमीलाई आमाले चार वर्षकै आयुमा योगीहरूको सङ्गतमा छोडेकी होइनन् अवधूत अखाडामा ? किन ? वत्स, त्यसैले तिमी अतीततर्फ फर्केर आत्मपीडा लिने बाटोमा नजाऊ । वर्तमानमा रमाऊ । हिजोको स्थिति अप्रिय

भएकोले परिवर्तन आएको होला । पाकेपछि फल खान्छन् । फेरि प्रसव ऋतु आएर नयाँ फल दिन्छ । आशावादी बन ।

तिम्रा अगाडि सुन्दर, पुष्ट, हरियालीपूर्ण संसार छ । त्यो हेरेर रमाऊ । यथास्थितिमा बाँच्नु पर्छ । परिवर्तनपछि भएको उन्नति हेर । कति मीठो र कति सुन्दर छ यो भूमि, यहाँको जीवन र विविधतापूर्ण संस्कृति । वत्स, लोकदर्शन गर । सन्तुष्टि लेऊ, किन्तु आफूलाई विह्वल वा आकुल नपार ! तिमीलाई जुन सिद्धि प्राप्त छ त्यसको निर्वाह गर ! तिम्रो आत्मशक्तिमा वृद्धि होस्, रहोस् । लोकजीवनको अनुकूल तिम्रो चर्या चलोस् । विवेक र औचित्य मित्र बनून् । ऊर्जा र सन्तुष्टिमा क्षति नहोस् । शुभाशीः !"

ऊ ब्युँझ्यो । बुझ्यो । सपना थिएछ । पहिलो पटक उसले सपनामा गुरूलाई देखेको थियो । ऊ प्रसन्न भयो । गुन्यो– नचाहिने, सारहीन तथा अमार्गतर्फ लागेको देखेर गुरु सम्झाउन आउनुभएको थिएछ कि ! हो नि, हिजोको सांसारिक गतिविधि मलाई चाहियो किन ? अप्रिय कुराको श्रवण गरेर चिन्तन दूषित गर्नुको औचित्य के ? कहाँ पुग्नु त्यो बाटो हिंडेर ? राम्रा, गौरवपूर्ण कुरा र हितकर प्रसङ्ग छोडेर अवाञ्छित वा त्याज्य सन्दर्भ टिप्नु किन ? आफैंले आफूलाई दुःखी पार्नु किन ? चिन्तनमा विकार भर्नु किन ? हो, दुःखी भएर बाँच्नु छैन । आँखा, कान र वाणीमाथि मैले नियन्त्रण गर्नै पर्छ । आफ्ना लागि होइन, अब अर्काको सुखको लागि योग पुऱ्याउनु पर्छ कि ! अरूको आत्मा प्रसन्न भयो भने त्यसबाट आफैंलाई ऊर्जा पनि प्राप्त होला नि !– उसले आत्मविश्वासलाई बलियो बनाउने यत्न गऱ्यो ।

कुकुर लिएर एउटी नवयुवती आएर भनी, 'योगी हजूर, चमेना तयार हुन लाग्यो, तपाईं पनि तयार हुनुहोस् ।'

उसले सपनामा भुलिएर आज प्रातः भ्रमणमा निस्कन छुटेको अनुभव गऱ्यो । अनुभव के भन्नु, यो त एक प्रकारले अभिज्ञान नै थियो ।

त्यो क्षेत्रमा सबै जना प्रशिक्षित, सुशिक्षित, प्रबुद्ध र ज्ञानी जस्तै थिए । शिष्टाचार र सदाचारमा कुनै टिप्पणी थिएन । परन्तु व्यक्तिगत स्वतन्त्रता र रुचिमा उनीहरू आफ्नै अधिकार प्रयोग गर्थे । कसैको नियन्त्रण र दोहन त्यहाँ थिएन । त्यसैले बडो प्रसन्न भएर आत्मविश्वाससाथ उसले आफ्नै परिचय दिंदै भनी, 'सर, म छेकु ।'

◆◆

# छेकु अनि कुकु

शिखर छेकुसँग जहाँ पुग्यो, जति घुम्यो र जोसँग संवाद गऱ्यो ऊ उदेक मान्दै गयो । यस्तो होला भनेर उसले सोचेकै थिएन । खास गरेर इतिहास र संस्कृति मूलक सम्पदाको संरक्षण तथा परिस्थिति र सन्दर्भको सम्यक् पठन गरेर सत्य बोध गर्ने चेतनाको विकास शायद अर्को समाजमा नहोला । यस अर्थमा यो समाज पूर्णतः माझिएको, चुलिएको तथा स्वस्थ र परिस्कृत हुन पुगेको रहेछ भन्ने निष्कर्षमा ऊ पुग्यो ।

उसले जति युवतीलाई भेट्यो, ती आफूले आर्जित गरेको ज्ञानको विषयमा आधिकारिक ढङ्गले पेश आउँथे, फल्गु तत्त्वबाट जोगिएर निख्खर सार र निर्विकल्प चिन्तन राख्तथे । फेरि पनि सहज थिएनछ, छैन भन्ने कुरा पनि ऊ बुझ्दथ्यो । अनन्त दुष्पार ज्ञानसागर कसले छिचोल्ला र मिथकीय पात्र बाहेक ? यो पनि सत्यको एकांश अवश्य हो भनेर आफैंलाई सम्झायो उसले !

शिखरका विचारमा आततायीले गरेको एकपक्षीय/एकोहोरो आक्रमण युद्ध थिएन । त्यसलाई युद्ध भन्न मिल्दैन । युद्धको अपमान हुन्छ । भेडा र बाघका बीचमा युद्ध हुन्छ ? सङ्घर्ष हुन्छ ? त्यो कल्पना गर्न सकिन्छ ? त्यस्तो पनि युद्ध हुन्छ ? उडिरहेको पुतलीको प्राण चरीले लिइदियो भने त्यसलाई युद्ध भन्ने ? शस्त्रधारी जो तालीम प्राप्त छ, त्योसँग निहत्था, नग्न नागरिकले युद्ध गऱ्यो भन्ने हो भने योद्धाको जुँगा नझर्ला र ? नघोप्टेला र ? आफ्नै दीन, निरीह, अदना साथीहरूमाथि आततायीको आक्रामक हुनुपर्ने कारण के थियो ? के उसले ३६ हजार देशवासी मारेर विदेशीलाई खुशी बनाउनु थियो ? दरबार सार्नु थियो ? के यही सत्य हो ? अनि संयमित भएर उसले छेकुलाई सोध्यो, 'आततायीले हतियार उठाउनुको कारण के थियो ? र यो कदम कति औचित्यपूर्ण मान्न सकिन्छ ?'

'विश्लेषण त पढेको, बुझेको र सुनेको आधारमा नै गर्ने हो । अलिकति अनुभव र व्यक्तिगत चेतनाको पनि योग रहन्छ । फेरि पत्र-पत्रिका वा विद्युतीय

मिडियालाई पूरै विश्वास गर्न पनि मिल्दैन । व्यक्ति, गुट र दलका प्रकाशनले सत्य छोप्छन्, निकट पुऱ्याउँदैनन् । परभूमिबाट पोषित, निर्देशित वा परिचालित पनि होलान् । त्यसैले कोइलाखानीबाट हीरा निकाल्न कठिन छ । इतिहास र समाजशास्त्रकै पृष्ठभूमिमा म पत्रकारितालाई केलाउने गर्छु । तैपनि मलाई लाग्दा कुरामा जे बुझ्याछु त्यो सूत्रात्मक ढङ्गले भन्छु । किन्तु समयको सीमा अवश्य छ । विधानको परिधिभित्र राजा आइसकेपछिकै कुरा हो– आततायीसँग राजनीतिक चेतना थिएन । राजनीति भनेको भित्री दृष्टि हो । भित्री दृष्टि नभएपछि बाहिरी आँखाले कति पर देख्ला र ? तर इतिहास, ग्रन्थ, विद्युतीय प्रकाशन, अन्तर्वार्ता, पुराना जानकार र पुस्तकालयबाट चेतना सञ्चित गरेर भन्छु ।' ऊ लामो बोली ।

लामो सास छोडी अनि थपी, 'अर्को कुरा पनि छ । दलपति र आततायीसँग राष्ट्रबोधी चेतना थिएन । यो कुरा तिनको प्रत्येक दुष्कर्मले प्रमाणित गर्छ । हो, कुनै वेला अथवा आरम्भिक चरणकै कुरा गरौं, यी किञ्चित् नीतिवादी र सुधारवादी पनि थिए जुनवेला भाटे दण्ड–विधान गरे । तर जतिजति समय बित्दै गयो उतिउति असुरवृत्ति अँगाल्दै गए । अब असुर कस्तो हुन्छ त्यो त बुझिहाल्नुभो होला ।'

'अनि ?'

'यस्तो हुनुको कारण हो– अध्ययन र अनुभवको कमी । जोसँग थियो, ती महानगरभित्र सुरक्षित रहेर महारथी/कमान्डरको हैसियतले लडाकु असुर–सेना परिचालन गर्थे । साँच्चै भन्ने हो भने यी आततायी, असुरका लडाकालाई तिनको वास्तविक कमान्डर वा महादस्यु को हो भन्ने कुरा थाहै थिएन । धेरै गलत कुरा पर्दाभित्रै थिए ।'

शिखर सुन्दै रह्यो ।

छेकुले थपी, 'स्थापित भइसकेका उद्योग–धन्दा बेचे । कृषि जमीन नष्ट गरे । श्रम–विनिमय हुन पाएन । युवा जनशक्ति रोजगारको खोजीमा विदेशियो । पारिवारिक बिछोड भो, सन्तुलन बिग्रियो । उता दुर्घटना भो र युवा शरीर बाकसमा भरिएर आउन थाल्यो ।' उसले नाक पुछी ।

उसले छचल्किएको आँसु लुकाउन खोजी र पर टाढा हेरेर थपी, 'राज्यले विवेक नराखी निर्ममतापूर्वक कर असुल्न थाल्यो । खाऊँ लाऊँ भन्ने उमेरका छोराछोरी अबाटो हिंड्न विवश भए । फेरि मेरो शरीर मेरो अधिकार भन्ने वाक्यलाई महिला वकीलले बढी नै महत्त्व दिएपछि कानूनको सहारामा बाबुविनाका सन्तानको उत्पादनमा कुमारी छोरीले राज्यलाई समृद्ध पार्न थाले । त्यति मात्र

होइन जन्मको आधारमा नेपालीको संख्या बढाएर पनि राजनीतिले आफूलाई बलशाली बनाउँदै लग्यो । परिणाम के भयो भने– राजनीतिक प्राणी उत्पीडित जनताको पक्षमा बोल्न सकेन । महाप्रभु रिसाउलान् कि भनेर होला, मात्र संसद्मा उपस्थिति जनाउने र सेवाभाव अर्पण गर्ने उद्देश्यमा उसको दिनचर्या टुङ्गिन्थ्यो ।'

फेरि पनि ऊ सुन्दै रह्यो ।

उसले थपी, 'नीतिगत रूपमा सार्वजनिक सम्पत्तिमाथि आक्रमण भो । राज्यकोषमाथि गिद्धे दृष्टि पर्‍यो । भूमिमाथिको अधिकार राज्यले छोड्दै लग्यो र ठेक्का–पट्टामा पुर्‍याउँदै गयो । अनधिकृत ढङ्गले भूमि वितरण चल्यो । छुनै नमिल्ने जमीनको अपचलन भो । मुद्दा नलाग्ने र फिर्ता नहुने नीति ल्याइयो । भू–माफिया, बिचौलिया, एनजीओवाला राष्ट्रिय नीति निर्धारण गर्ने कुलपति गनिए । चुम्बकले तानेका र चुनिएर आएका राजनीतिक कर्मीबीच सत्तल–पाटीमै दूरी बढ्दै गयो । अब के भन्ने ?'

फेरि पनि उसले थपी, 'हुँदा हुँदा यति बढी राजनीतिकरण भो कि स्वतन्त्र व्यक्ति पाइनै छोड्यो । प्रत्येक व्यक्ति, संस्था राजनीतिक पुच्छरले बेरिए । फलतः दल, गुट व्यक्ति केन्द्रित हुँदै गएपछि पाटी–पौवामा शेखी चल्न थाल्यो । संसद् संसद् जस्तो रहेन अपितु रोगी, आक्षेपपूर्ण लाञ्छना र असंस्कृत संवादमा साकार हुँदै गयो ।'

मीर खद्योतप्रकाश नक्शाली सत्ताको नशामा लट्ठ थियो । अरू उसलाई झार्न खोज्थे । ऊ टसमस हुँदैनथ्यो ।

'फेरि के भो ?'

'फेरि आरोपपत्र एकले अर्कालाई दिनथाले । स्थिति घिनलाग्दो पनि भयो र डरलाग्दो पनि ।'

'अर्थात् ?'

"विदेशबाट शक्तिमान्हरू धाउन थाले । एकान्त संवाद बढ्दै गयो । जनताले, सरकारले र संसद्ले सुसूचित हुने अधिकार गुमाएका थिए क्यार, आधिकारिक ठाउँबाट कुनै प्रश्न उठेन । लाग्थ्यो राज्य स्वचालित छैन । परिचालित छ । नभन्दै राजनीतिमा कम्पन शुरू भो । दलका गुट–उपगुटको कडा द्वन्द्व साकार हुँदै गयो ।

मीरको सत्ता खोस्ने अभियान चल्यो । आफ्नै दलका सदस्य विपक्षी–दुश्मन भएर उठे ।

संसद विघटन भो । फेरि स्थापित भो ।

कोभिड–१९ को कहर शुरू भो । गति र मिलन रोकियो । अर्थात् लकडाउन चल्यो । अब बेरोजगारी बढ्यो । भोकमरी चल्यो । अन्नदान यज्ञ पनि चल्यो,

सडकभोज र मैदानभोज पनि चल्यो । उदारचेत जनताले ऐजन मौकामा देश विदेशबाट सहयोग पनि गरे । किन्तु सरकार र पालिका अनुदार र बाधक भएर अघि सरे । विदेशबाट फर्कन बाधा भो । राज्य उदासीन रह्यो । नागरिकहरू सिमानामा अलपत्र परे । नदीमा हाम्फालेर पनि बाँचे । देशको माटोमा टेक्न सफल भए । किन्तु मृत्युलाई जित्न सकेनन्, न मीरमा नीति–कौशल देख्न पाए ।"

'अनि ?'

'अनि के हुनुथियो र ! गलत मान्छेलाई सत्तामा पुऱ्याउनको प्रतिफल होइन र यो । जनताले बुझ्नुपर्ने होइन ? आन्दोलन गर्न सकिन्छ किन्तु अधिकार खोज्न वा कानूनी बाटोबाट लड्न मिल्दैन । किनभने विधानले सत्यपथ खोलेको छैन । गलत काम गरे कानून लाग्दैन । राजनीतिले जोगाउँछ । विधानले कामै गर्दैन ।

फेरि संसद् विघटन भो । फेरि उजुरी चल्यो । फेरि भीषण भाषण चल्यो ।

छेकुको एउटै ढङ्गको एकोहोरो उत्तेजनामय अभिव्यक्तिलाई छोट्याउने सोच राखेर शिखरले सोध्यो, 'राजाको प्रत्यक्ष शासनमा त यस्ता दुष्कर्म वा अपराध भएका थिएनन् क्यार ? यसबारे कस्तो बुझाइ हुनुपर्छ ?'

"राजपरिवार त ठूलै थियो । झन् सम्मान पाउने र भत्ता–सुविधा लिनेहरू जोड्दा फैलिएकै बुझिन्छ । मैले खासै अध्ययन गर्न सकेकी छैन । तर मूर्ति, सुन, नशालु पदार्थको कारोबार वा अवैध व्यापार राजा बाहेक राजपरिवारका सदस्यकै छहारीभित्र हुनेगर्थ्यो भन्ने संकेत मिल्छ ! खोज्दै गयो भने पुष्टि पनि होला कि ! यसबारे पुस्तक पढ्न पाएको छैन ।

राजपरिवारका एक सदस्य बैंककबाट मृत अवस्थामा फर्काइएका थिए । शिरमा चोट लागेर रक्ताम्मे अनुहार थियो भन्नेसम्म बुझिएको छ । उनीहरूको निगाह विना तस्करवृत्ति चल्थ्यो भन्ने होइन । उनीहरूको नजर छल्ने पनि होलान् । यसको इतिहास एकोहोरो, सुरिलो अवश्य थिएन । लामो, अनेक पोयामा बटारिएर झांगिएको हुनुपर्छ । भन्छन् लहरो तान्दा पहरो गर्जिन्छ । यो त्यस्तै त्यस्तै होला भन्छु । पछि लेखिएला ! किन्तु ४७ को विधान फ्याँकेर ७२ को विधान निर्माण गर्ने शक्ति यस माटाको उत्सबाट जन्मेको होइन भन्नुहुन्थ्यो रे हजूरआमाको आमाहरू ।"

'ज्यादै पीडाजनक स्थिति पो रहेछ हकि ?'

'पीडाजनक हैन पीडादायक हो । अझ सूक्ष्म ढङ्गले मनन गऱ्यो भने कोभिड–१९ को महामारी राजनीतिक शक्ति परिचालन गर्ने समूहका लागि त दाहिने नै भैदियो । जनता थुनिए, रोकिए । सत्तावालहरूले शक्तिको सक्तो अपचलन गरे ।

अबाटो, अँध्यारोमा हिंड्नेका लागि परिस्थिति यो भन्दा उर्वर देखिएन । जे पनि गरे । सक्तो गरे । भाँडभैलो गरे । मुद्दा-मामला पनि गरे । 'हामी यहाँ छौं' को अभियान पनि देखाए । फेरि फुट भो । फेरि एकातिरबाट बोलाउँदै गयो, घर फर्किने आह्वान गर्दै रह्यो भने अर्कातिर अर्को बटारिंदै र बाउँडिंदै गयो । हेर्नेलाई लाग्थ्यो विलिङ्गीहरूको रासलीला यही हो । खै, के भन्ने कति भन्ने । मसँग यस्तै सामग्री छन् । मेरा भागमा भनौं कि भाग्यमा यिनै परेछन् ।'

'यस सन्दर्भको निचोड के होला त ?'

'पहिले त हो राजनीतिक व्यवस्थापनमा कमजोरी र त्रुटि । कौशलको अभाव र विश्वासको खडेरी पनि खड्किन्छ । सत्ता अथवा राज्य-शासन त समूहगत एकता र विमर्शबाट हाँकिन्छ नि, तर आफैंलाई सर्वज्ञ र सर्वशक्ति सम्पन्न ठान्ने अहंमानी चरित्रले गर्दा त स्खलन हुन्छ नै । स्वार्थी मनोवृत्ति, गलत ढङ्गको आर्जन मोह र आफ्नै र पराई देख्ने भेदक दृष्टिका कारण चरित्रदोष प्रकट हुँदै गयो र पतन शुरू भयो भन्ने बुझिन्छ । जब मति बिग्रन्छ अनि भ्रष्ट हुन्छ । भएको यही हो । यस्तै बुझें मैले । शायद भित्री सरकार/स्थिर सरकार वा कर्मचारीतन्त्रलाई सबल र सङ्लो बनाएको भए यो देशको दुर्दशा हुने थिएन । जो सत्तामा आउँछ, ऊ जडैबाट जग पल्टाउने यत्न गर्छ र नयाँ जग हाल्ने सोच राख्छ । अनि स्थिरता र शान्तिका के कुरा गर्न मिल्छ र ! यो त बुद्धि बिग्रनुको प्रमाण हो नि !'

'राजसंस्थामाथि केही टिप्पणी ?'

'मेरो धारणा सामान्य छ । एक्लै योद्धा पनि हुँदैन, नेता पनि हुँदैन । राज्य विस्तार हैन एकीकरणको यत्न सबैबाट भएको हो । आ-आफ्नै ठाउँबाट, आ-आफ्नै ढङ्गले । नेतृत्व वा अग्रता राजाकै हो । राजासँग दृष्टि पनि थियो, शक्ति पनि थियो र विवेक पनि । हाम्रा पुर्खाले सामूहिक शक्तिले, एकताले निर्माण गरेको देश हो । प्रत्येक नागरिकले यसमाथि अधिकार राख्छ र गौरव गर्छ । हाम्रा पुर्खाले यो माटो हामीलाई दिएका हुन् । यसको रक्षा र भोग गर्ने दायित्व हाम्रै हो । स्वामित्व पनि हामीमा नै छ । किन्तु मास्न पाइँदैन । यो माटो आफ्नै राज्य-सीमाभित्र अखण्ड रहनुपर्छ भन्ने मान्यता मेरो पनि हो ।' उसले विश्राम लिएर फेरि थपी, 'देश विनाको नागरिक र सरकार विनाको देश नहोस् । म त्यस्तो कल्पना पनि गर्न सक्तिनँ ।'

'अनि ?'

'हामी आफूलाई कोही भन्दा कम ठान्दैनौं । एक अर्काको तेजोवध गर्न र मौका परे काँचै खान तत्पर हुन्छौं । शायद हामी बराबरीको अधिकार राख्तछौं ।

यस्तै भावले बाँचेका हौंला । तर राजा यस्तो भावनाबाट माथि हुन्छ, उठेको हुन्छ र झुकेर हाम्रो रक्षक बन्छ । हामीलाई र हाम्रो वस्तुलाई अमूल्य तत्त्व सम्झेर जोगाउँछ । हाम्रो सुख दुःखलाई बुझ्छ । सधैं छाता ओढाउँछ र अपराध गरे दण्ड सुनाउँछ । राजालाई हामीले विधिवत् नायकत्व प्रदान गरेका छौं । र यस माटाको, यहाँको जीवन र संस्कृतिको संरक्षक बनाएका छौं । उसले हामीलाई सबै किसिमले कुशल क्षेमको स्थितिमा देख्नुपर्छ, राख्नुपर्छ । राजाको निजी सम्पत्ति पनि हुँदैन र आफ्नै भन्ने पनि हुँदैन । राष्ट्र नै उसको लागि सर्वस्व हो । त्यसमा हामी पनि छौं राजा पनि हुन्छन् । बस्, यो नीति र दायित्वको कुरा हो, संस्कृति र जीवन शैलीको मानक हो र सकारात्मक दृष्टि राखे यही नै धर्म पनि हो ।'

उसले थपी, 'म पशुधन र गोठालाको उदाहरण दिएर स्पष्ट पार्न चाहन्छु: आफ्नो खर्कमा आफ्नै पशुधन रमाएको देख्न चाहन्छ गोठालो । त्यसमा ऊ गर्व गर्छ । अधिकार राख्छ । अरू कसैको पशुधन आफ्नोमा पसोस्, त्यो उसलाई स्वीकार्य हुँदैन ।'

उसले अर्को प्रसङ्ग जोडेर आफ्नै दृष्टिकोण प्रष्ट पार्न खोजी, "'अथवा यसो भनौं: एउटी आमा आफ्नै काखको बच्चालाई हुर्काउन-जोगाउन त्यसका श्वास गतिको प्रत्येक क्षण र प्रत्येक सजिलो-अप्ठेरोसँग निरन्तर सजग रहन्छे, नजीक हुन्छे । ठीक त्यस्तै गरी राजा पनि आफ्नै नागरिकको जीवन र गतिविधिसँग रातदिन संपृक्त रहने गर्छ । त्यसैले पनि राजाको/राजसंस्थाको उचाइलाई बुझेर अबुझलाई पीडा भएको होला । राजामा पाइने उचाइ, उदारता र उदात्तता, दूरदृष्टि नेतामा हुँदैन । नेता एक समूहको, एक ठाउँको र एक समयको हुन्छ तर राजा यस्ता सीमाभन्दा पर हुन्छ, माथि हुन्छ । नेता त जसलाई बनाए पनि हुन्छ । तर राजा निर्माण हुने विधि फरक छ, लामो छ । त्यसको आफ्नै परम्परा छ । म आफैं पनि खोज्दै छु ।

आमाको गर्भमा बसेको बालक जसरी अनेक जञ्जाल तत्त्वले जेलिएर तिनैमा मिलेर बस्तछ– राजा पनि राजकीय संस्कृति र परम्पराबीच संपृक्त तथा सुव्यवस्थित ढङ्गले रहन्छ समाजमा । जोसँग राजा छ, राजसंस्था छ, त्यो देशले, त्यो जातिले, त्यहाँका निवासीले गौरव गर्नुपर्ने कुरा थियो कि ?"

फेरि थपी, 'सर मेरा एकोहोरो कुरा सुनेर दिक्क लागेजस्तो छ एक पटक कफी...'

'हैन, हैन, चौंरीको घीउको नुनिलो चिया पहिले ।'

छेकु चियाको तयारीमा लागि । अस्वस्थ मनोदशा लिएर ऊ कल्पनामा डुब्योः

'एउटा खाते, सडकछाप, मुडिकट्टा या लुटेरा, सुरूङ पन्थीले कुलीन नारीको व्यक्तित्व के बुझोस् ! असंस्कृत चिन्तन लिएर बाँचेको राजनीतिक तत्त्वले राजकीय सीमा र मर्यादा के सम्झोस् ! अनाडी जीवको सुहागरात कस्तो होला भनेर कल्पना गर्न सकिन्छ र ? पदको गरिमा र महत्ता थाम्न सही, योग्य व्यक्तिको चयन हुन नसक्नुको कारण के हो ? अर्थात् पद अनुसार व्यक्ति छान्न पाउन नसक्नुको विवशता के ? न नीति, न कानून, न आचार संहिता, न विवेक, न चिन्तन, न भविष्य ! कसरी चल्छ समाज ? कसरी थामिन्छ देश ?'

उसले एकपटक लामो सास तानेर छोड्यो र फेरि अर्को सन्दर्भ जोड्यो, 'इतिहासको कालखण्डमा शासकको उत्पीडन र अपमान सहन नसकेर प्रजाजन अर्को यशस्वी शासकको खोजी गर्दै छिमेकी राज्यमा पसेका थिएनन् र ? यो घटना त्यतिमै सीमित होला त ? त्यसको व्याप्ति वा अतिव्याप्ति हुनु सम्भव छैन ? साँच्चै यदि भोका नाङ्गा, उत्पीडित जनताले राजनीतिको प्रताडन सहन नसकेर त्यसै गरी छिमेकीको शरण र सत्ता खोजेका भए नि ? राजनीतिक जीव यसतर्फ नसोच्ला ? कि सत्ता र सम्पत्ति जोर्नैका लागि व्यस्त रहला ? कुन ढङ्गले गणित गर्नु ?'

चियापानका सामग्री लिएर छेकु आएपछि शिखर कल्पनाको संसारबाट ओर्लेर बाहिर आयो । अनि गुन्यो– कस्तो अस्वस्थ चिन्तन गर्न पुगेंछु । अप्रिय कुराको मन्थन गर्दा कल्पना पनि अवाञ्छित ढङ्गले आउने रहेछ कि ?

'के सोच्दै हुनुहुन्छ ? अलिक गम्भीर देखिनु भो नि ? चिया लिनु ।'

'धन्यवाद, पुरानो युगको घटना सुनेको थिएँ, सम्झन पुगेंछु ।' उसले बिट मार्‍यो ।

'सार के निस्कियो त ?'

'सार भन्नु कि निस्सार । कहाली लाग्छ, मुटु काम्छ ।'

'के कस्तो ?'

'भएको त होइन, कल्पना गरें र आफैं डराएँ । उवेलाको सम्भावनाले ममा कम्पन आए छ ।'

'कसरी ?'

'शासकको दमन र अपमान खप्न नसकेर जनता आफैं देश छोडेर हिंडे भने के हुन्छ ? नागरिकलाई दुर्भिक्षग्रस्त र असुरक्षित बनाएर कुनै शासक सत्ता थामेर अडिन सक्छ र ?'

'हजूर, मैले संकेत बुझिनँ । कुन वेलाको कुरा हो, अनि कुन देशको ?' छेकुले प्रश्न राखी ।

'अलिकति कल्पना, अलिकति सपना र अलिकति सम्भावनाको कुरा पनि होला । मन अशान्त भएपछि अवाञ्छित कुरा यथार्थ जस्तै लाग्दा रहेछन् कि ! त्यस्तै भएको होला ।'

'त्यो त सामान्य हो । हामीले थाह पाएको, भोगेको सत्य त अझ डरलाग्दो थियो रे ।'

'कस्तो ?' यसपटक शिखरले उत्सुकता देखायो ।

'पैरो जाँदा-जाँदै थामिएको रे ।'

'के ?'

'यो मुलुक नि ! हाम्रो देश ! नत्र हामी हाम्रो भन्न पाउने थियौं होला र ! आधार छोडेर बग्दै थियो, सर्दै थियो रे, अनि त्यस्तै के भो अचानक रोकियो रे । त्यसपछि विलीन हुनबाट जोगाए र यूटर्न भएको, जोगिएको भन्छन् । छापामा, अभिलेखमा, डकुमेन्ट्रीमा, यी पुस्तकालयका ग्रन्थहरूमा यस्तै कुरा पढ्न पाइन्छन् ।'

छेकुका कुरा सुनेर ऊ स्तब्ध भयो । अनि आफूले कतै पढेको कविताको अंश आफैंभित्र गुन्गुनायोः

*'स्वप्नमा राज्यको सीमा श्रीलङ्कासम्म देख्तछु*
*सम्झन्छु सपना हैन साँच्चै पो हो कि ठान्दछु*
*माछापुच्छ्रे छ यो झण्डा च्यातिए झैं छ बीचमा*
*छोप्न सक्तैन है यस्ले आमाको लाज ठाउँमा*
*नेता भन्छ पुरानो भो झण्डा यो फेर्नु पर्दछ*
*ओढाएर ठुलो झण्डा आमाको लाज छोप्नु छ...*
*स्वप्नमा राज्यको सीमा श्रीलङ्कासम्म देख्तछु ।'*

भालुको झल्को दिने एउटा अजङ्गको कुकुर भित्र पस्यो । छेकुले भनी, 'यो मलाई बोलाउन आयो । म निस्किन्छु । सर, हजूर नेगेटिभ (कालो) फोटो हेर्दै गर्नुहोस् । म लगाइदिन्छु । र यी तिनै मान्छेका फोटा/नेगेटिभ हुन् जसले यो देश फोर्न, भत्काउन, बगाउन र विलय गर्न खोजेका थिए । भनौं, हामीलाई देशविहीन बनाउने अवस्थामा पुऱ्याउन लागेका थिए । राजनीतिमा लाग्ने मानुषको चरित्र र व्यवहार बुझ्न यसले मद्दत पनि मिल्ने छ र राजनीतिक तत्त्वले संरक्षण दिएका अपराधकर्मीलाई चिन्न, बुझ्न पनि सजिलो हुनेछ ।'

एकछिन रोकिएर फेरि थपी, 'यदि काला फोटा हेर्दा दिक्क लाग्यो भने यसतर्फ पुस्तक छन्, त्यतै अल्मलिनु होला । पुस्तक त असल साथी हुन्छन् नि ! छान्न सक्नुपर्छ । रोजी-रोजी लिनुहोला ।'

कुकुर निस्क्यो । ऊ पनि निस्की ।

उसले केही बेर काला फोटा हेर्‍यो । तिनको वास्तविक पहिचानका लागि निकै टाउको दुखाउनु, चल्नी भसाउनु पर्थ्यो । उसलाई मन लागेन । पुस्तकले पनि तान्न सक्ने स्थिति रहेन । किनभने ऊ विचलित हुँदै गयो र चिया-बैठकमा छेकुले सजिलै भनेका कुराले उसलाई अहिले झन्झन् चिमोट्दै लग्यो ।

'साम्यवादीहरूले आफ्नै दलको सरकार (सत्ता) भत्काउने सङ्कल्प किन गरे ? आफ्नै घर आफैं भत्काउन सुहाउँछ र ? बरु कोठा मिलाउन सकिन्छ, रङ्ग फेर्न सकिन्छ, अझ सुन्दर र व्यवस्थित गर्न सकिन्छ । आवश्यकता परे विज्ञ जनशक्ति लिन सकिन्छ । अखिर राजनीति वा सत्ता परिचालन त टीम वर्क हो नि ! ऊर्जा भर्नुपर्ने ठाउँमा खोस्ने र गिराउने हो र ? क्षयीकरणतर्फ किन लागे कमरेडहरू ? गुट-उपगुट बनाएर दलभित्रै जुध्नु र उधुम मचाउनुको कारण के हो ? के रहेछ ? तिमीले यसबारे के बुझ्यौ ?' उसको यत्रो ठूलो प्रश्नमाथि छेकुले चार वाक्य भनेर सन्दर्भको बिट मारेकी थिई :

"भ्रष्टाचारको बिमारी व्यापक रूपले फैलिएको छ, छानबिन गरेर कानूनी कार्वाही चलाऔं भन्ने प्रस्ताव एउटाले राख्यो । अर्काले यो मुलुक अन्तै मिलाऔं र जनतालाई अभाव र असुरक्षाको सङ्कटबाट मुक्त पारौं, किन्तु हाम्रो जीउ र धनको रक्षा उतैबाट हुनुपर्छ भन्ने प्रस्ताव राख्यो । यदि संविधानमा उल्लेख भएका पदबाट पदेन राष्ट्रपति बनाइदिन्छ भने त्यतै पसौं, मुलुकभन्दा त्यै ठूलो कुरा हो नि पदलाई महत्त्व दिनेलाई हैन र ? खुलेर अर्काले थप्यो । अनि त्यसै गरी तर किञ्चित् भिन्न स्वरमा अर्काले आफ्नै प्रस्ताव ल्यायो– ल्हासालाई परराष्ट्र र सुरक्षाको जिम्मा लगाऊ । गोहीबाट जोगिन पनि यो कदम चाल्नुपर्छ ।

मीर खद्योतप्रकाश नक्शालीले यी कुनै प्रस्ताव स्वीकार गरेन । ऊ जान्दथ्यो यी खल हुन्, छद्म र रहस्यको खेलमा माहिर छन् । र ऊ यो पनि जान्दथ्यो– यी अरूले नै नचाएका कठपुतली हुन् । त्यसैले ऐजन मौकामा यिनको तेजोवध गर्ने र गर्दन तोड्ने मौकाको पर्खाइमा बस्यो ।" छेकुले सूत्रात्मक बोली ।

"के सत्ता र सम्पत्तिकै लागि यिनले आफ्नै दलको सरकार ढाल्ने र सदन बिथोल्ने अकर्म गरेका थिएनन् ? प्रजातान्त्रिक प्राङ्गणमा कम्निस्टको सरकार शुभ देखिन्छ कि अशुभ ? अथवा फाप कि अफाप ? संसदीय व्यवस्थाभित्र कम्निस्टको

शक्ति-वर्चस्वले राष्ट्रको व्यवस्था र जीवन पद्धतिलाई पोषण गर्छ कि ध्वस्त पार्छ ? हिजो के भयो र पूरै डोजर लाएर नयाँ आवादी ल्याउनु पर्‍यो यो माटोमा ? के सत्ताधारी कमरेड र तिनको दलले चरम अराजकता फैलाएकै कारण मुलुकमा कसिंगर भरिएपछि दावाग्नि लगाएर पुनः निर्मल उर्वर भूमि र सुन्दर जीवनको थालनी गरेको हो त? यस्ता प्रश्न तपाईंको मनमा छैनन् र ?

के कमरेडले प्रजातान्त्रिक विधानको खिल्ली उडाएर सत्ताभोग गरेका थिए ? यी फगत गाईको रगत चुसेर अघाउने किर्ना थिए त ? प्रजातान्त्रिक विधि र व्यवस्थालाई बदनाम गर्नकै लागि यिनले चुनावी प्रक्रियाबाट छिरेर आर्जन गरे र आफ्नै सङ्गठन जमाए भन्न मिल्छ ? युगबोध र विवेकको प्रयोग नगरी हठ र तर्कबुद्धिले नै सबैतिर जित्न सकिन्छ भन्ने यिनको मान्यता हो त ?" उसले आफैंलाई प्रश्न गरी ।

'असामान्य स्थिति नबनेसम्म राज्यविप्लवको घडी आउला र ? राज्य शक्तिको अपचलन या कुशासन गर्ने व्यक्ति राजनीतिक हुन्छ ? राज्यमा अराजकता फैलाउने र हाहाकार मचाउने व्यक्ति राजनयिक हो ? व्यक्तिगत स्वार्थ र रोगी महत्त्वाकांक्षा पूर्ति गर्ने व्यक्तिलाई पनि राजनीतिक नै भन्नु ? कि डन, तस्कर, बिचौलिया, व्यापारी, ठग र डाकाहरूको प्रभु ? पाठा चराउने व्यक्ति राजनीति हुन्छ कि 'पाडा' चराउने ?' यसरी उल्टो-उल्टो कुरा मनमा जन्मिएपछि उसले आफ्नै मन मस्तिष्कमा दबाव परेको अनुभव गर्‍यो । अनि गुन्यो– पुस्तक पढ्नै पर्छ । मन र बुद्धिका लागि असल चौतारी त पुस्तक नै हुन् नि ! चिन्तनबाधाबाट मुक्त गर्ने औषधि आखिर ग्रन्थभन्दा अर्को के होला र अहिले । अब ऊ पुस्तक छान्न थाल्यो ।

फेरि होश आए झैं भयो उसलाई । गुरुले सपनामा आएर सम्झाएको कुरा गुनेर आत्मकथन गर्‍यो– आज पनि मैले अवाञ्छित कुरामा ध्यान दिएँछु । यो अमङ्गल हो । प्रायश्चित्त गर्नै पर्छ ।

× × ×

आज शिखरका लागि निर्देशक र सहयोगी भएर कुकु आई । रज्जु-मार्गबाट उनीहरू अन्तिम बिसौनीतर्फको लक्ष्य राखेर हिंडे । सफा, सङ्ली, पीतवर्णी कुकु कुरा पनि मीठा गर्थी र शैली पनि लालित्यपूर्ण थियो ।

शिखर द्विविधामा पर्‍यो । कुकुलाई हेर्ने र उसको कुरा सुन्ने कि रोप-वेबाट देखिने भू-प्रकृतिको मनोरम तरूण सुषमा हेर्ने ? अनि गुन्यो– कुकु त आज दिनभरि उसँगै हुन्छे, प्रशस्त संवाद हुनसक्छ तर प्रकृतिको यो आह्लादक स्वरूप फेरि हेर्न पाइन्छ कि पाइँदैन भन्न सकिन्न ।

उसले ज्याकेट दिंदै भनी, 'चीसो चीसो हुँदै जान्छ हजूर, यो ज्याकेट लगाउनु होस् ।'

कुकुका हातबाट उसले ज्याकेट लियो, स्वीकार गऱ्यो । अनि सोध्यो, 'तपाईं, तिमी के भनेर सम्बोधन गरौं हजूर ?'

'तिमी भन्दा हुन्छ । म १८ की भएँ । त्यसैले मलाई त्यति जाडो हुँदैन । जीउ तातेकै हुन्छ । हजूरलाई चाहिन्छ । लगाई हेर्नुहोस् न ।'

शिखरले ज्याकेट लगाउने यत्न गऱ्यो । कुकुले सहयोग गरी । कुकुर रमाइलो मानेर रमाउँदै रह्यो ।

शिखरले त्यो ज्याकेटबाट एउटा नौलो सुवासको अनुभव गऱ्यो । वास्तवमा ज्याकेटकै सुगन्ध थियो त्यो, अथवा कुकुको शरीरको सुवास त्यसले लिएर आएको थियो ? जब कुकुले ज्याकेट लगाउन सहयोग गरी त्यसैवेला प्रत्यक्ष उसको मनोयोग ब्युँझन थालिसकेको थियो, झन् सुवासको प्रत्यक्ष अनुभव हुन थालेपछि शरीरमा हठात् उष्णता बढेको हो कि भनेर आफूलाई कुनै हिसाबले सुस्थिर राख्ने चेष्टा गर्न थाल्यो ।

रज्जु-मार्गको उचाइ बढ्दै जाँदा चीसो पनि बढ्दै गयो । कुकुले सद्भाव देखाउँदै सोधी, 'न्यानु भो ? यसले काम चल्छ के ? माथिमाथि अझ चीसो बढ्छ । खै जीउ तात्यो कि तातेन हेरौं ।' यसो भन्दै उसले लीलापूर्वक ज्याकेटभित्र हत्केला छिराई । अनि शिखरको छातीमा औंला घुमाएर रोमावलिसँग खेले झैं गरी ।

फेरि ऊ आफैं पनि द्रवित-तरङ्गित भई । उसको सम्पूर्ण शरीरको रोगनमा परिवर्तन आउँदै गयो । पीतवर्णीबाट ऊ झन्नै ताम्रवर्णी देखिंदै गई । मनमनै गुनी– पाहुनाका देह हातले स्पर्श गरेपछि आगो सल्किएको हो कि न ! नत्र अघिपछि पनि हुनुपर्ने नि ! उसलाई ताप चढ्यो । उसले आफ्नो टोपी झिकी ।

शिखर बाहिर फेरिंदै गएको प्रकृतिको सौन्दर्य पनि हेर्थ्यो र कुकुको अनुहारमा चढ्दै गएको लालिमा र तापक्रमलाई पनि बुझ्दै थियो । कुकुका आँखामा लालिमा चढ्दै गयो । नसिलोपन भरिंदै गयो । उसले ठान्यो– कालिदासले 'अनाघ्रातं पुष्पं किसलयमलूनं कररूहैः' भने झैं नसुँघेको फूल र नछोएको पालुवा जस्तै देखिएकी छ कुकु पनि ।

अझै केही बिसौनी पार गर्नु थियो । अचानक एउटा बिसौनीमा पुग्नासाथ रोप-वेको ट्रली रोकियो । माइकिङ भो– ठूलो हावा, हुरी आउन थालेकोले बिसौनीहरूमा यात्रुलाई रोकेका हौं । यसका लागि क्षमाप्रार्थी छौं । वातावरण शान्त भएपछि पुनः यात्रा गर्ने छौं । धन्यवाद ।

बेसरी हावाहुरी चल्यो । बिसौनीमा अडिएका हुनाले कुकु खासै डराइन, किनभने ऊ अभ्यस्त जस्तै थिई । हुरीले कुकुको सिरू कपाल बटारेर शिखरका आँखामा झ्यामझ्याम हान्यो । आँखा पाछ्यो, टटायो, राता देखिए ।

चीसो बढेर खपिसक्नु भएन । कुकु शिखरले लाइराखेको ज्याकेटभित्र पसी अनि आफूलाई सबै किसिमले सुरक्षित ठानी र ढुक्क भएर सन्तोषको सास लिई । अनि मनमनै भनी- अब जति चल्छ यो हुरी चलोस्, रातभरि चलोस्, नथामियोस् ।

वेलावेला माइकिङ हुन्थ्यो । हुरी-बतास रोकिएपछि सञ्चालन हुने र यस्तै आशा गरिन्थ्यो । यस्तै सूचनाद्वारा यात्रुहरूलाई आश्वस्त गराएका देखिन्थे ।

कुकु वेलावेला ई-मेल हेर्थी– जहाँ छौ त्यहीं सुरक्षित रहनू । ईश्वर दयालु छन् । रक्षा गर्छन् । आफ्ना सन्तानको वास्ता छ उनलाई ।

शिखर र कुकुले एक अर्काको छातीको न्यानोमा टाँसिएर सङ्कटकाल छिचोले । झन्नै एक घण्टा हुरी चल्यो । ठाउँठाउँमा हिउँको पैह्रो पनि चल्यो । यस्तो वेलामा वन्यसम्पदा र पशुधनमा पनि क्षति पुग्छ र राष्ट्रले पनि क्षति सहनुपर्छ । वेलावेला प्राकृतिक प्रकोपका झिल्काहरू यसै गरी आउने-जाने गर्दछन् । किन्तु शिखर यहाँको प्राकृतिक-भौगोलिक मुद्रासँग परिचित थिएन । त्यसैले पनि अनजान ठाउँमा उत्सुक हुनु स्वाभाविक थियो ।

कुकुले ई-मेल हेरेर भनी, 'अब रोप-वे चल्दैन । बन्द हुने वेला भो । हामी तल ओर्लौं । हामीलाई लिन गाडी आइसकेको छ । आज यहीं गेस्ट हाउसमा बस्छौं । सुरक्षित छौं । चिन्ता लिनु पर्दैन । यो कुकुर पनि भोकायो । यसलाई पनि बाहिर जानु छ ।'

शिखर भने चकित देखियो । कुकुले उसको अनुहार पढेर भनी, 'अघि हामी छाती जोडेर बसेका होइनौं ? म त्यसै गरी जोगाउँछु नि हजूरलाई हुन्न ! ल यो मुखुण्डो लगाउनुहोस् । यसले हामीलाई जोगाउँछ ।' कुकुले आफ्नो ब्यागबाट झिकेर मुखुण्डो (मास्क) दिई । उसले लगायो ।

उनीहरू गेस्ट हाउस पुगे ।

कुकुर औधी रमायो ।

हिजोको हिउँ, पानी र हावाको विकराल अध्याय टुङ्गिएपछि जन्मेको आजको दिन प्रसन्नता, सौन्दर्य र मुस्कान छर्ने अबोध बालकजस्तो लाग्थ्यो । मनमा राग जन्मनु भन्दा अघिको वयमा हुर्किएकी सरल बालिकाको सहज प्रकृति जस्तो देखिन्थ्यो– भर्खरै सूर्यका किरणले छोएको धर्तीको यो भेग । यदि कतै स्वच्छन्दतावादी लेखक भए प्रकृतिको यो स्निग्ध, सम्मोहक रूपलाई नवयौवनाको

भावले कल्पेर ऊ प्रचुर आत्मरति गर्दो हो– अविराम । प्रकृतिमा स्त्रीतत्त्वको आरोप गरेर रागात्मक भाव सञ्चार गर्नु या विलासलीला रच्नु अस्वाभाविक पनि भएन । कलमधर्मी वा साहित्यकारको क्षेत्र पनि त हो त्यो । यदि यहाँ कुनै चित्रकार हुन्थ्यो भने यो प्रकृतिलाई यथावत् साकार ढङ्गले उतार्थ्यो– रङ्ग र रेखाका माध्यमले ।

कुकु कुशल फोटोग्राफर नै थिई । उसले आफ्नो हाते फोनको प्रशस्त उपयोग गरी । रूखहरूबाट हिउँ झर्दै गरेको दृश्यमा ऊ रमाउँदै रही, देखाउँदै रही । रोकिएको यात्रा पूरा गर्नु थियो । उनीहरूले फेरि यात्रा जोडे । कुकुर पनि सँगै थियो ।

आँखाले भ्याएसम्म र मनले चाहेसम्म हरित–पर्वतमाला र उच्च हिमश्रृङ्खलाका मनोहर दृश्य हेर्दै, रमाइलो मान्दै उनीहरू रोप–वेको अन्तिम बिसौनीमा पुगे । त्यो बिसौनी यस्तो ढङ्गको उचाइमा थियो मानौं महाचीनको ग्रेटवालको सर्वाधिक उचाइको बिसौनी हो जहाँ पुगेर यात्रु/पर्यटकहरू लक्ष्य प्राप्तिको आनन्द लिन्छन् र सफलताको गौरवबोध गर्छन् ।

सफा आकाश, उज्यालो दिन भए पनि हिमश्रृङ्खलामा खेल्दै–मडारिँदै आउने हावाको वेगले त्यसै अत्याउँथ्यो । परपरसम्म औंल्याएर कुकुले पर्यटकलाई सम्झाएको शैलीले भनी, 'हाम्रो देशको सिमाना अलिक परै छ । यो समथर मैदान (भोट) हाम्रो हो । पर हिमश्रृङ्खला देखिन्छ नि त्यो महाचीनको साँध हो । त्यो हिमपर्वतमित्र सुरूङ मार्ग छ । उताबाट मेशिनको सहयोगमा भवन खण्डहरू गुडाएर ल्याइन्छ र जोडेर एकैछिनमा विशाल भवन तयार पारिन्छ । चीनको प्रगतिको अपूर्व उदाहरण हामी आज प्रत्यक्ष देख्न पाउने छौं । चीनले हाम्रा लागि गरिदिएको सहयोग हो । बीआरआई सँग जोडिनुको लाभको एक झिल्का हो । फेरि साँझ पर्नुअघि फुक्लिएर उतै जान्छ ।'

'प्रविधि चोरी नहोस् भनेर यसो गरेको होला कि ? तर यो हो के ?'

'ए, यो त विश्वविद्यालय हो नि ! मैले भन्न बिर्सें क्यार ! अनि यी योजनाबद्ध ढङ्गले निर्माण गरिएका स–साना, होचा घरहरू चाहिं विभाग, उपविभाग, प्रयोगशाला, पुस्तकालय, संग्रहालय, सभाकक्ष, मनोरञ्जनकक्ष, कम्प्युटर सेन्टर, हुलाक, क्याफ्टेरिया, छात्रावास–मेस तथा आवास र पार्किङ हुन् । यता शपिङ सेन्टर छ, उतापट्टि हेलिप्याड, बगैंचा र मैदान छन् । उपचार केन्द्र उता छ ।'

एकछिन रोकिएर उसले थपी, 'यो यस्तो विश्वविद्यालय हो जहाँ कुनै पनि विषय पढाइन्छ । खास गरी भाषा, संस्कृति, इतिहास, दर्शन, तन्त्र, ज्योतिष र वनस्पतिको खोज–अनुसन्धान हुन्छ । सङ्गीतका तीनै भाग पढिन्छ यहाँ । आगामी

वर्षहरूमा विज्ञान प्रविधि र चिकित्सा विज्ञानको पढाइ सामयिक अर्थात् अत्याधुनिक बनाइने छ । आवश्यकता अनुसार भूमि बढाउन सकिन्छ ।'

कुकुले दुर्विन हेरेर भनी, 'उः लाइट बल्यो, सुरूङ मार्ग खुले जस्तो छ । एकछिनमा घरका पार्ट पार्ट आउँछन् र जोडिन थाल्छन् ।' अनि शिखरलाई दुर्विन दिएर भनी, 'हजूर हेरिरहनु होला नि, कस्तो चमत्कार लाग्छ ।'

शिखरले दुर्विन लगाएर हेऱ्यो ।

कुकुले भनी, 'हाम्रा आँखाले र दुर्विनले त यहाँबाट बाहिरी कुरा मात्र देख्न सकिन्छ । बुझ्नै पर्ने कुरा धेरै छन् । खास गरी यहाँ जुन संग्रहालय छ त्यो ऐतिहासिक तथा सांस्कृतिक पक्षबाट अव्वल दर्जाको मानिन्छ । बीआरआईको सडक सञ्जालको एउटा धागो यतैबाट तानिन्छ । त्यसैले पनि विश्वविद्यालयको महिमा बढेको छ भनिन्छ ।'

शिखर गम्भीर देखियो । कुकु बारम्बार उत्साहित देखिन्थी । प्रफुल्लता उसको प्राकृत अलंकरण थियो । फेरि पनि उसको खुशी र आनन्दसँग शिखर किञ्चित् उदासीन झैं देखियो । कुकुले छनक पाइहाली । उसलाई शङ्का लाग्यो । लेक लाग्यो क्यार भन्ने ठानेर औषधि चकलेट दिई । अनि ओर्लेर विश्वविद्यालयको शटलबाट सीधै क्याफ्टेरिया पुगे । एकछिन पछि क्लिनिकमा पुऱ्याई । चेक गराई । उचाइ लागेको रहेछ ।

कुकुर पनि चिन्तित झैं देखियो ।

त्यत्रो उचाइ र चीसोले शिखरको स्वास्थ्यमा समस्या आउनु अस्वाभाविक थिएन । उसलाई अनुभव पनि थिएन । सांकेतिक उपचार र आवश्यक खानपिनपछि उसको अनुहारमा फूल हाँस्यो । उचित अवसर हेरेर कुकुले प्रस्तावको भावले यति मात्रै भनी, 'हजूरलाई कमजोरी भए जस्तो छ । आराम पनि चाहिन्छ । अब के गरौं ?'

'जे उचित हुन्छ त्यै गरौं । कि फर्कने कि बस्ने ! अर्को विकल्प छ र क्यै ?' शिखरले सामान्य ढङ्गले औपचारिकता पूरा गऱ्यो ।

'हेर्नोस् न, यो नेपाल–चीन मैत्री विश्वविद्यालय स्थापना दिवसको सन्दर्भमा हिजोदेखि सप्ताहव्यापी कार्यक्रम थालिएको हो । हिजो मौसमको खराबीले यहाँ पुग्न सकिएन । आज हजूरको स्वास्थ्यले साथ दिएन । यहीं बस्ने भए गेस्ट हाउसमा बसौं । मेसमा खाऊँला । क्यान्टिन पनि छ । कुनै असुविधा हुँदैन ।'

'अनुमति मिल्छ के विश्वविद्यालयको परिसरभित्र बस्न ?' शिखरको प्रश्न स्वाभाविक थियो ।

'मसँग पास छ नि ! गेस्टका लागि अनुमति लिनुपर्छ । म मेल गर्छु । मिल्छ । फेरि म यहींकी स्टुडेन्ट हुँ । समस्या छैन । यहाँ बस्न हजूरको मन मान्छ कि मान्दैन यही कुरा मुख्य हो, अरू क्यै हैन ।'

निकै विचार गरेर मनका कुरा भन्ने हिम्मत गऱ्यो र भन्यो, 'मलाई लाग्दा कुरा भन्छु, नरिसाऊ है त, अनि तिम्रो मूड हेरेर म निर्णय लिन्छु ।'

'ए, भन्नु न भन्नु । मनका कुरा भन्न पनि शर्त चाहिन्छ र !'

'चाहिन्छ, नारी व्यक्तित्वको सम्मान खातिर मैले अनुमति लिनै पर्छ । शायद म अर्कै परिवेशमा हुर्केको भएर होला सङ्कोच पनि लाग्छ, त्यसैले ।' अनि सांकेतिक भावले फेरि ध्वनिमा थप्यो, 'राम्रो मान्छेसँग बस्ता मन बिग्रन्छ, निद्रा बिग्रन्छ, भोक र मति बिग्रन्छ र कहिले कहीं बाटो पनि बदलिन्छ भन्छन् । त्यस्तो नहोस् भन्नु पऱ्यो नि !'

ऊ यसपटक लजाई, तप्त देखिई र आरू सुन्दर गाला स्याउ सुन्दर देखिए । मनको चञ्चलता आँखामा सऱ्यो उसको । उसले अनायासै लामो खुईको तरूण सुसेली निकाली । शायद उसले यो सीत्कारमय सुसेली भर्खरै निकालेकी हो– पहिलो पटक !

अनि प्रणय कामनाको ज्ञापन गर्दै किञ्चित् कोल्टे भएर भनी, 'हजूरले पनि मैले भनेको मान्नुहोला, सोधेका कुराको सही उत्तर दिनुहोला नि ! मञ्जूर ?'

'मञ्जूर ।'

किन हो ऊ यसपटक निक्कै लजाई । अनुहार लुकाउने चेष्टा गरी । कुकुको अभिनयले एउटा पुरानो प्रणय-चित्र साकार हुन खोज्यो । 'लज्जानम्रमुखी प्रियेण हसता बाला चिरं चुम्बिता ।'

'त्यसो भए हाम्रो योजना फेरियो हैन ?' उसले निकैबेर पछि सोध्यो ।

'के थियो र ?' उद्देश्य उसले बिर्सिदिई र यथार्थ बोली ।

'यही, यो विश्वविद्यालयको स्थापना दिवसको सन्दर्भमा...'

'कार्यक्रम त शुरू भैसक्यो । यहाँबाट शटलमा अझै १० मिनेट लाग्छ ।'

'क्याफे र क्लिनिकमा अलमल भो । फेरि म शिथिल भएँ । त्यसैले कार्यक्रम छुटेछ नि ! मेरै कारणले विलम्ब भएको हो । तिमी आफ्नो दायित्वबाट चुकेकी छैनौ । मैले तिमीप्रति कृतज्ञ रहनुपर्छ ।' अनि मनमन भन्यो, 'कति स्नेहमयी छन् यी बाला ! कति न्यानो छ यिनको व्यवहार ।'

'पहिले स्वास्थ्य अनि काम । हजूर मस्त देखिनुभए पछि धेरै कुरा सजिलो हुन्छ ।'

'अब म पूरै ठीक भएँ । अब के गरौं ?'

'फोनमा आँखा पुऱ्याएर भनी, 'अब समय रहेन । मलाई दुई मिनेट दिनु अनि निस्कौंला । बिस्तारै गेस्ट हाउस तिरै लाग्नु पर्छ ।'

लप्चीको समथर भूमि, यो नेपालतर्फको भोट, गौरीशङ्करको आँगन, अपराह्नको हावा, वेगिलो र धारिलो प्रहार । नयाँ मान्छेलाई सहन सजिलो होइन । र कुकुलाई कुनै समस्या थिएन ।

शटल आएछ । कुकरले संकेत गऱ्यो । दुवैजना निस्के । कुकुरले शलटमा आफ्नै ठाउँ लियो । मेडिकल स्टोरमा पुगेर शटल रोकियो । कुकुले आफ्नै सामान लिई । गेस्ट हाउसमा उनीहरूलाई छोडेर शटल फर्कियो ।

'हजूर अब मास्क खोल्नुभए हुन्छ । युनिभर्सिटी एरियामा यो नलगाए पनि हुन्छ किनभने यहाँ संसारभरिबाट विद्यार्थी र रिसर्चर आउँछन् । त्यसैले यहाँको जीवन सरल र औचित्यपूर्ण नै देखिन्छ– बनावटी र असहज हुँदैन । यो क्षेत्रमा रहुञ्जेल यो लगाउनु पर्दैन ।'

'मलाई स्थितिबोध गरायौ । खुशी छु ।'

'ओके, म हल्का शावर लिएर आउँछु । हजूर पनि लिनुहुन्छ कि ! तातोपानीमा डुबेर समय खेर नगर्ने । काम धेरै छ ।' औषधि र पानी दिंदै भनी, 'यो लिइहाल्नु । म तुरून्तै निस्किन्छु ।' ऊ सावर लिन गई ।

शिखरले सिसाका झ्यालबाट बाहिरको प्रकृति हेऱ्यो । हावा हुन्हुनाएको ध्वनि कानमा पर्थ्यो । छिनछिनमा फेरिने यहाँको प्रकृतिको स्वभाव देखेर ऊ चकित भयो ।

कुकुले शावरबाट निस्केर मेल चेक गरेर भनी, 'कार्यक्रमपछि प्रश्नोत्तर हुनेवाला छ । मुख्य टक सकिए जस्तो छ । हजूरको जाँगर चल्छ ? मन के भन्छ ? एक पटक पुगौं ? जीवनमा यो क्षण ज्यादै महत्त्वपूर्ण होला । म शटल मगाउँछु, हजूर शावर लिइहाल्नु न ! हुन्न ? म पनि तयार हुन्छु ।'

ऊ सुकिलो तौलियाले बेरिएकी थिई– कुकुको शरीरको वर्ण र तौलियाको रङ्गमा खासै भिन्नता थिएन– बिल्कुल नौनी रङ्ग । शिखरले नेत्रोत्सव मनाउन खोज्यो । कुकु चपल देखिई । ऊ स्नान गर्न पस्यो । ऊ तयार हुन लागी ।

शिखर र कुकु समारोह स्थलमा पुगे ।

चिया–चमेना चल्दै थियो । उनीहरू पनि सम्मिलित भए । कालो, कैलो, सुनौलो, मुन्द्री परेको र सिरूकपालवाला धेरै खालका टाउका थिए । संवाद र प्रसन्नताबीच चमेना सम्पन्न भयो ।

फेरि सभाकक्ष भरियो । प्रश्नोत्तर कार्यक्रम शुरू भयो ।

प्रश्न आयो, 'सर ! राजसंस्था पन्साउनुको औचित्य के थियो ?'

"आम नेपालीका लागि राजसंस्था पीडक थिएन । २०४७ को संविधानले संवैधानिक बनाइसकेको थियो । यो कुरा सर्वसाधारण नागरिकले न बुझे पनि राजनीतिमा चासो राख्नेले बुझेकै थिए । यो यथार्थ हो ।

२०१७ देखि २०४५ सम्म राजनीतिक व्यक्ति र दललाई छटपटी थियो किनकि प्रतिबन्धित थिए । गोत्र फेरेर आउनेहरूले स्थान पनि पाए, मान पनि पाए । पञ्चायत युगले यसका लागि द्वार खुला गऱ्यो । सबै दलका आत्ममानीहरूले पञ्चायत रथ ताने, त्यसमा राजा नै आसीन थिए ।

२०३६ को जनमत संग्रहमा पराजित पक्षले विद्रोह जनाएन । शायद मुलुकको अविचल निरन्तरताको कामना गरेर होला, जनमतको नतीजालाई सहर्ष स्वीकार गऱ्यो । आज आएर थाह हुन्छ पराजय स्वीकार गर्नु कति औचित्यपूर्ण रहेछ ।

यस पृष्ठभूमिमा विश्वेश्वरप्रसाद कोइरालाको राष्ट्रबोधी चिन्तन माथिल्लो तहको थियो र उनको दूरदर्शी दृष्टिकोण सदैव आदरणीय रह्यो भन्ने सिद्ध हुन्छ ।

तर उनको निधन पश्चात् राजनीतिक व्यक्ति र दलको दृष्टि र नीतिमा ठूलो परिवर्तन आयो । २०४६ को जनआन्दोलनले राजनेतालाई प्रतिशोधको भावनाले अग्रसर गऱ्यो । त्यतिले पनि पुगेन र आफ्नै सत्ता र सक्रियतामा शक्तिशाली दलले राजसंस्थालाई उखेलेर किनारा लगायो । यो चाहिं पारदर्शी कुरा हो । किन्तु नदेखिने चाल र शक्तिको खेल अर्कै हो । यसबारे फरक मत हुन सक्छन् ।

किन्तु यस प्रसङ्गमा भन्नैपर्छ, नेपाली राजनीतिले राजसंस्था, राजा र राजनीति फरक फरक हुन् र आवश्यकता अनुसार श्रृङ्खलित हुने र सक्रिय रहने हुन्छन् भन्ने सत्य बुझ्न सकेन । राजालाई पन्साउँदैमा न राजनीति सकिन्छ न राजसंस्थाको औचित्य बिर्सन सकिन्छ ।

भनौं, राजसंस्था नहुँदा जुन भाँडभैलो भो यो मुलुकमा, त्यो भनेर र गनेर सकिने स्थिति नभएपछि पुनः राजसंस्था फर्काएर स्थापित गरिएको इतिहास र अविचल अस्तित्वको प्रतीक हो आजको दिन अर्थात् राजसंस्थाको सांस्कृतिक-ऐतिहासिक छवि फर्काएर ल्याएको दिन । त्यसै खुशीमा यो विश्वविद्यालय जन्म भएको हो । त्यसैले पनि यस विश्वविद्यालयको यस कार्यक्रमको विशेष महत्त्व देखिन्छ ।"

अर्को प्रश्न आयो, 'त्यसो भए माओवादी भनिने आततायी समूहले राजसंस्था हटाउने कार्य गरेको होइन त ?'

"प्रश्न सही हो, यसको आधा उत्तर दिइसकेको छ । त्यसैले संक्षेपमा यति नै भनौं– राजसंस्थालाई विस्थापित गर्ने तत्त्व एक्लै माओवादी होइन । नेपाली कांग्रेसकै रूचि र अग्रसरताले ऐजन मौकामा राजसंस्था पन्साइएको हो । भलै, त्यस कृत्यको पृष्ठभूमिमा माओवादी घटकको ऊर्जा बलवान् रहेको होस् । र यो पनि भन्नै पर्छ– यदि सत्ताधारी शक्तिले थोरै मात्र भृकुटी खुम्च्याएको भए शायद राजसंस्था रहन्थ्यो ।

जब नेपालमाथि विदेशी चाख बढ्न थाल्यो तब दुरवस्था आउँदै गयो । थपिंदै गयौ । हाम्रा राजनेताहरूले विदेशीका खेताला भएर उनैको काम गर्न थालेपछि मुलुक विलयतर्फ लागेको हो भन्ने कुरा अभिलेखहरूको पठन र विश्लेषणबाट पुष्टि हुन्छ । विदेशीको बलमा नेपालीको राजसंस्था उखेलेको सत्य हो । आम जनता यो अकृत्यसँग सम्पृक्त छैन । केही दलको सक्रियता थियो । केही राजनीतिक दल पनि अन्तर्मुखी थिए, किन्तु विदेशी शक्तिका अगाडि ती पनि नतमस्तक थिए । कारण यही हो कि चुकिसकेका व्यक्तिको आत्मबल हुँदैन । भएको यही हो । यिनले कसैका अगाडि वाचा गरिसकेका थिए । त्यसैले कोल्टे बसेर मौनता लिए ।

मुलुक अभिभावक विहीन जस्तो देखियो । जीवन अभावग्रस्त भयो । पूँजी र न्याय शक्तिशाली व्यक्तिका हातमा पुग्यो । कुनै पनि हिसाबले उच्च विचार लिने व्यक्तिलाई पत्रु बनाउने, युवकहरूलाई मुलुक बाहिर जान बाध्य गर्ने, युवतीहरूलाई विना बाबुका सन्तान दिन विवश पार्ने क्रम रोकिएन । सामान्य नागरिक आत्महत्या गर्न विवश हुँदै गए । सरकार नितान्त असहिष्णु भयो र दिउँसै गोली हानेर युवाहरूको हत्या गर्नथाल्यो । त्यो अवस्थामा राजाको छहारी आवश्यक मानियो ।

जब यस माटोमा बाह्य शक्तिको जुधाइ प्रकट भो, जब मुलुक हराउने स्थिति आयो, जब देश खारेज गर्ने, झण्डा फेर्ने, धर्म फेर्नेसम्म कुरा आयो र दरबार अन्त खडा गरिएको आभास भो त्यो स्थितिमा पुनः राजसंस्था उभ्याइयो ।"

'सर ! राजनेता र संविधान सभाका ६०१ जनाको बुद्धि, विवेक र अनुभव जोरेर, उपयोग गरेर बनाएको विधानमाथि नै सम्बन्धित व्यक्तिहरूको असन्तुष्टि ? अनि त्यसैभित्रको सरकारमा सहभागी ? कस्तो नमिल्ने कुरा ? नेताले के चाहिं चाहेका थिए र के चाहिं थिएनन्, कसरी बुझ्ने ?'

"यसको उत्तर दुवैतिर जान्छ । विधान चाहिं डाकाहरूले मिलिजुली खाने दस्तावेज भैदियो । विधानले जीवन, माटो, संस्कृति र इतिहासको रक्षा गर्न सकेन । आर्थिक कारोबारका घोटाला वा व्यापार-सहयोग माथिको गिद्धे दृष्टिबाट

कुनै निकाय जोगिन सकेन । लाउडा काण्डदेखि नागरिकता काण्ड, भूटानी शरणार्थी काण्ड हुँदाहुँदै एनसेल काण्डसम्म आउँदा राजनीतिक क्षेत्रबाट गरिएका अपराध असंख्य भए । जसको गिन्तीमा अङ्कहरू अपुग हुन्छन् । फेरि हुँदाहुँदा कतिसम्म भयो भने पुराना दलहरूको मिलोमतोमा सगरमाथाको उचाइ घटाउने र पुरानो मेची, कोशी, सगरमाथा र जनकपुर अञ्चलको भूमि ७७७ वर्षका लागि लीजमा दिने निर्णय गरे । यो सूचना नागरिकले थाह पाएपछि नै राजसंस्थाको औचित्य ठानिएको हो ।

हो, हिजोसम्म मतदान दिएर जनताले शक्तिमा पुऱ्याएर जे पनि गर्ने मौका दिएका थिए–आफैँलाई पीडित राखेर । अब जनता स्वयं तिनलाई दण्डित गर्ने सङ्कल्प लिएर अघि बढेपछि स्थिति पल्टिएको हो । नागरिक सजग भएपछि कसको के लाग्छ र ? नागरिकको अनुरोधमा प्रहरी र सेना ब्यारेकमा नै एकत्रित भए । अपराधीलाई टिप्न सरल थिएन । नेगुविको सहयोगमा कार्यक्रम सञ्चालन भयो । सफलता मिल्यो । मुलुक खतम हुनबाट जोगियो ।"

शिखरले सुनेर पनि यी कुरा सुनेन, जनताको उत्पीडन र राज्य विप्लवका कथा सुन्न उसको रूचि थिएन । ऊ अरूकै योजनामा पर्थ्यो । सहभागी भइदिन्थ्यो, सुनिदिन्थ्यो । यस्ता कार्यक्रमबाट उसलाई मानसिक क्षति बाहेक ऊर्जा मिल्दैन थियो ।

कुकुको चिन्तन चलायमान हुनु स्वाभाविक थियो । त्यो यौवनस्थ गुण थियो । र त्यो सुहाउँदो  वा प्रकृत लाग्दथ्यो । अलिकति यो मानसिक कुरा पनि थियो । रूचि र कुतूहलको मात्राले तरङ्गित पार्नु या ऊर्जा दिनु अवश्य नै सकारात्मक यात्रातर्फको संकेत हो । कुकुको सीत्कारमय सुसेलीले अन्यतम स्थितिको आमन्त्रण गर्दथ्यो । किन्तु ऊ स्वयं यस्तो दशासँग परिचित थिइन ।

फूल आफ्नो सुवास र सौन्दर्य शायद आफैं जान्दैन र भोग्दैन पनि । त्यसको परख गर्ने र आत्मसात् गर्ने अर्कै हुन्छ र त्यो पनि अज्ञात क्षेत्रबाट अकस्मात् साकार हुन्छ क्यार ! एउटा संयोग जस्तो, झन्नै नियमित आकस्मिकता जस्तो । कुकु त्यस्तै सुवासमय फूल थिई शायद श्रीखण्ड पुष्प !

उता शिखर झनै गम्भीर मुद्रामा अन्तर्मुखी थियो । अघोरी भावकूपमा आकण्ठ डुबेर पनि अन्तःस्थलबाट ऊ तरङ्ग विहीन सरोवर जस्तो थियो । किनभने अघोरपन्थीहरू अत्यन्त शान्त र प्रियदर्शी हुने गर्छन् । त्यसैले आफ्नो प्रकृत स्वभावमा ऊ अविचल रह्यो । यथार्थमा ऊ गम्भीर देखिन्थ्यो किन्तु थिएन । केवल आत्मानन्दमा डुबेर आत्मविस्मृत जस्तै थियो ।

ऊ पाहुना र अज्ञात पथको यात्री भएको हुनाले जसले जसरी डोहोऱ्यायो डोहोरिनु थियो, जता फर्कायो फर्किनु थियो । मनको आनन्दमा रमाउनु र नेत्रोत्सव मान्दै जानु बाहेक अर्को लक्ष्य पनि थिएन । थियो भने मात्र ज्ञान हासिल गर्नु थियो, अनुभव संचित गर्नु थियो । त्यसैले जे जस्तो मिल्यो ग्रहण गऱ्यो, भोग गऱ्यो । अर्को पनि खुश, आफू पनि खुश । यो उसको नीति थियो । कुनै व्यक्ति र घटनाको तुलना आवश्यक थिएन । किनभने अविषयको गणित लाएर चिन्तनमा बोझ लिनुको कुनै औचित्य थिएन । यथास्थितिमा रमायो, चल्यो, यस्तै बन्यो शिखर यात्रा ।

'एक पटक तातो पिएर जीउ तताऊँ, अनि मीठो निद्रा पर्छ हैन हजूर ?' गेस्ट हाउस पुगेपछि कुकुले प्रस्ताव राखी ।

'ठीक हो ।'

'त्यसो भए तोङ्बा मगाऊँ कि चिया ?'

चौंरी गाईको नौनीमा मथेर बनाएको नुनिलो चियामा उसको स्वाद परिसकेको हुनाले सजिलै भन्यो, 'चिया ।'

'चिया त म यहीं बनाउँछु नि ! यो त भीआईपी गेस्ट हाउस हो । सबै थोक यहीं छ ।' ऊ चिया बनाउने तर्खरमा लागी ।

अलिक जाँगर र प्रसन्नताले, किञ्चित् स्नेह र ममताको भाव सिंचेर उसले चिया तयार पारी । चिया पस्कने जुन शैली थियो, त्यसमा लिम्बू जातिका कुमारी छोरीको छाया आउँथ्यो । लालित्यपूर्ण सत्कार विधि देखेर ऊ स्तब्ध भयो । चिया अग्रसर गर्ने शैली मनोहर थियो । उसले अनुभव गऱ्यो, किन्तु शब्दमा त्यहाँको भाव उनिन सक्ने स्थिति थिएन । मधुर थियो मधुर, मात्र मधुर ।

चियापान सकिएपछि शिखर निर्दिष्ट स्थानमा गयो । उसको शैया पूर्वतर्फको झ्यालनेर थियो । कुकु पश्चिमतर्फको झ्यालनिरै पुगी, उसको ओछ्यान त्यहीं भयो ।

एकसरो हिउँ परेर आकाश उघ्रिएको थियो । त्यसैले चन्द्रमा आफ्नै कलाले हिमदेशलाई अझ चम्काउँदै थियो । यो उज्यालो रात यति चीसो होला भन्ने अनुमान गर्न सजिलो थिएन । बढी चीसो भएर हो कि कुकुर वेलावेला पीडाको कूँ कूँ निकाल्थ्यो । उज्यालो पोतिएको चकमन्न रातको शक्ति या कवि बुझ्छ या प्रणयीहरू बुझ्छन् या तत्त्ववेत्ता जाग्रत बुझ्छन् या सुरत-कांक्षीहरू ! अरूलाई उज्यालो रातले पिरोल्ने स्थिति थिएन । यस्तो क्षणको आनन्द या त कल्पनाशील व्यक्तिले लिन्छ या फेरि सपना देख्नेले ।

कुकु आफ्नो शरीर त्यहीं छोडेर उठी । पूर्वतर्फको झ्यालमा उसको दृष्टि पुग्यो । पर्दा दुवैतिर सारेर एउटा युवा शरीर बाहिर हेर्दै थियो । उसले त्यतै निःशब्द पाइला सारी ।

नजीक पुगेर उसले त्यो पुरुष शरीरलाई स्पर्श गरी । उसलाई कुनै निकै तातो वस्तु छोएको अनुभव भो । हत्केला घुमाएर सुम्सुम्याई । अर्कै भावले छोयो उसलाई । निर्वसन युवा शरीरमा ऊ पनि त्यस्तै भएर टाँसिई । फेरि बिस्तारै बेरिई, दलिई र घुमी । सलोम शरीरमा निर्लोम शरीरको घर्षण या विलुण्ठन कसका लागि बढी आश्चर्यकर होला त्यो अनुमानसम्म गर्न सकिन्छ । वेलावेला अर्द्धनारीश्वरको स्वरूप र लीलामा कल्पना साकार हुन खोज्थ्यो । किनकि त्यो प्राचीन विम्ब मानसपटलमा बसिसकेको बारम्बार आभास हुनु अस्वाभाविक थिएन ।

युवतीको स्पर्श र अँगालोले निर्वसन पुरुषको साधक शरीर अलिकति पनि विचलित भएन । शायद ऊ कतै केन्द्रित थियो– कामयोगमा, मनोयोगमा । ऊ गलामा झुण्डिई । सबै कुरा हावामा, आकाशमा भए ।

लहरामा विचलन आयो, हल्लियो, मच्चियो । अति वेगको प्रहारले पूर्णता पाएपछि लहरा झर्‍यो र रूख एक्लै ठिंगियो ।

बाबा भोलेनाथको प्राङ्गणमा सन्त अवधूतहरू (अघोरी) वेलावेला आउँछन् र आश्चर्य सञ्चार गरेर जान्छन् । बाल्टीभरिको पानी लिङ्ग डुबाएर तान्छन् र रित्याउँछन् र फेरि उचित मौकामा त्यसै पात्रमा विसर्जन गरेर त्यति नै भरिदिन्छन् । दर्शक भक्तहरू सन्त अवधूतका रहस्यमय कृत्य देखेर आश्चर्य मान्छन् । केही ज्ञानीहरू सन्तजनको यौगिक-क्रियाप्रति गर्व गर्छन् र आस्था पनि राख्छन् । उनीहरू जान्दछन् योगीहरूमा अद्‌भुत शक्ति हुन्छ किन्तु स्वार्थ र परपीडनका लागि शक्तिको प्रदर्शन वा दुरूपयोग गर्दैनन् ।

इन्द्रिय मन्थनका माध्यमले युवतीको शरीरबाट समस्त विकार तानेर योगीले निर्मल बनाइदिए । युवतीले स्वप्न-क्रीडाकै समयमा बुझी, अनुभव गरी । जब युवा योगीले मूत्र विसर्जन गरे, उसले बुझी– उसका विकार पनि तानेर निकालिदिए । ऊ निर्विकार भई ।

जब योगी हिंडे, ऊ पछि लागी । योगी सजिलै बाहिर निस्के । ऊ ढोकामा ठोकिई, लडी ।

कुकुर भुक्यो । ऊ सपनाबाट फर्की । उसले योगीलाई हेरी । योगी त्यहाँ थिएन ।

ढोका खोलेर हेरी, हिउँ छिचोल्दै शिखर यतै आउँदै थियो । उसले सपनामाथि केन्द्रित हुन चाही, किन्तु अब त्यो अवसर उसलाई मिलेन । किनकि शिखरको प्रवेशसँगै उसको मनोलोक फेरियो र सूर्यको प्रकाशले गेस्ट हाउसको कक्ष पोतियो ।

उज्यालो दिनले अर्को अध्याय जोड्यो ।

बिहानको पहिलो चिया तयार पार्दै शिखरलाई सुनाएर कुकुले भनी, 'जुन दिन नेपालले इतिहासको नयाँ अध्यायमा प्रवेश गऱ्यो त्यसै दिन, त्यही खुशीमा यहाँ *नेपाल-चीन मैत्री विश्वविद्यालय* (NCFU) को स्थापना भएको हो र त्यसै दिन भवन निर्माणको लागि क्षेत्र अङ्कित गरिएको हो । अहिले चौथाइ शताब्दी पूरा भयो र उत्सव मनाइयो । गणित गर्दा २५ वर्ष र सात दिन भएछन् । आज दिन पनि हाँसेको छ ।

उत्सवमा भाग लिन आएका अतिथि, विद्यार्थी र विश्वविद्यालय परिवारका सदस्यहरू बिहानको सूर्यको उज्यालोमा आ-आफ्नो आवास-निवासको प्राङ्गणमा पहार ताप्न निस्के । समग्र विश्वविद्यालय परिसर चलायमान थियो, उल्लासमय थियो । लाग्थ्यो, अतिथिहरूको स्वागत र प्रसन्नताका लागि बिहानको प्रकृति दयालु भएको हो ।

'हजूर NCFU को कार्यक्रम हेर्दै गर्नू । म एकैछिन निस्कन्छु ।' कुकुले चिया राख्दै थपी, 'हजूरले यति चिया सकुञ्जेल आइपुग्छु । अनि प्रोग्राम बनाऊँला या क्यै गरौंला ।' ऊ टेलिभिजन लाइदिएर निस्की । कुकुर पनि पछि लाग्यो ।

विश्वविद्यालयको चौथाइ शताब्दी उत्सवमा एउटा अर्को प्रसङ्ग पनि जोडिएको थियो । त्यो हो भिक्षुराजको प्रवासकालको समाप्ति । उनी स्ववास फर्केका थिए– त्यसै दिन र त्यसै दिनदेखि तेस्रो विश्वयुद्धको निकट सम्भावना पनि टरेको थियो ।

चिया पिउँदै शिखरले विश्वविद्यालयले आफ्नो चौथाइ शताब्दी उत्सवमा प्रस्तुत गरेका ऐतिहासिक घटनाका दृश्य पनि हेऱ्यो । मनमनै मीमांसा पनि गऱ्यो । असंगत सन्दर्भ देखेर आश्चर्य पनि मान्यो । यो माटोमा, यो समाजमा, विविधतापूर्ण यो फूलबारीमा नमिल्ने-नसुहाउने हावा छिरेर ध्वंस मचाएको देख्ता ढुङ्गा पनि रून्थ्यो, हिमाल पनि धस्कन्थ्यो, सूर्य पनि कालिमाले भरिन्थ्यो भने एउटा जिज्ञासु युवा मुलुकको दयनीय अवस्थाको कथा सुनेर अश्रुपूरित नहुने कुरै थिएन ।

यो मुलुकले नयाँ अध्यायमा प्रवेश गर्नुअघि के के सहेन र अराजनीतिक व्यक्तिको अस्वस्थ चिन्तन र दुष्ट कर्मले कतिसम्म घात गऱ्यो भन्नेबारे उसले

सत्यबोध गऱ्यो । कंस, जरासन्ध, धुन्धुकारी, हिरण्यकशिपुकै चरित्र र चिन्तन बोक्ने र राजनीति चलाउन नजान्ने दस्यु तत्त्वले समाज बिथोलेको हो भन्ने बुझेर शिखर व्यथित भयो र आकुल हृदयबाट विरत रहन ऊ योगमुद्रामा बस्यो ।

साङ्ची आई । उसँग उसको कुकुर आयो । कुकु आउनुपर्ने थियो । ऊ आइन । साङ्ची दैलो ठेलेर भित्र पसी । कुकर सँगै थियो । सावधानीपूर्वक उसले पाइला चाली । एउटा मान्छेलाई उसले पलेंटी मारेर तपस्यामा बसेको देखी । ऊ सावधान भई । बाधा पर्ला कि भन्ने ठानेर ऊ चाल मारेर फर्की । कुकुर सँगै निस्क्यो ।

साङ्ची जुन सन्देश लिएर आएकी थिई त्यो उसले सुनाउन पाइन । त्यति विघ्न रोमावलि भएको मानव शरीर उसले देखेकी थिइन । उसले झट्ट विषयान्तर गुनी– 'यो अजङ्गको मान्छेको सङ्गतले कुकुको हिंडाइ बिग्रियो' र सम्हालिन नसकेपछि ऊ हिउँमा पछारिई । अनि पीडा थपियो । ऊ पीडा बोकेरै हिंडेकी थिई यहींबाट । आखिर ऊ हिउँमा पाइला चाल्न नजान्ने त होइन । साङ्चीले यथार्थको निकट पुग्ने तर्कपथ खोजी ।

किञ्चित् यथार्थ यो पनि हो– स्वप्न पीडाबाट असाध्य थाकेर पनि ऊ मानसिक रूपले अत्यन्त प्रसन्न थिई । सिमलको भुवाजस्तै हलुको शरीरमा हिंड्दै थिई । मनभरि स्वप्न-रतिका भाव र मुद्राहरूमा एकाकार हुँदै प्रत्यक्ष अनुभवको बोध गर्दागर्दै आफैंलाई बिर्सिदिई । मूर्च्छामा पाइला कहाँ पर्छन् उसले गणित लगाउन बिर्सी । सूक्ष्म असावधानीले गर्दा ऊ हिउँमा पछारिई । फलतः ऊ चिकित्सा केन्द्रमा पुगी ।

साङ्चीले कुकुकै अनुरोधमा शिखरलाई यो खबर दिने र चमेनाको व्यवस्था मिलाउने दायित्व पाएकी थिई । यो उज्यालो दिनमा विश्वविद्यालयको हाताभित्र रहेका केही पुस्तकालय, संग्रहालय, प्रयोगशाला र रङ्गशालामा घुमाउने काम समेत लिएर आएकी थिई । किन्तु अजङ्गको नाङ्गो मानवलाई तपस्यारत देखेर ऊ ठाडै खुट्टा फर्केकी थिई ।

साङ्चीले पनि रूचि पालेकी थिई– त्यो पाहुनालाई हिमाल छेडेर आएको सुरूङ-मार्गबाट घर कसरी गुडेर आउँछ र फेरि खुम्चिएर जान्छ भन्ने दृश्य ऊ आँखाभरि देखाउन चाहन्थी । आजको युगको वैज्ञानिक उन्नति कति चमत्कारपूर्ण छ, कस्तो जादूमय छ भन्ने कुरा ऊ आफ्नै पाहुनालाई देखाउने पहिलो पात्र हुन चाहन्थी । किन्तु उसको कामना फलीभूत हुन पाएन । तैपनि त्यो तपस-शरीरको स्पर्श गरेरै फर्कनु पर्थ्यो भन्ने होश आयो उसलाई । नौलो अनुभव सञ्चित गर्नुपर्ने

थियो उसले । आफू चुकेको अनुभव भयो उसलाई र शटल फर्काएर फेरि त्यहीं पुगी । कुकुर अनुशासित थियो, त्यो शटलमै थियो ।

ऊ सावधानीले फेरि भित्र पसी । नीरव स्थितिमा ऊ नजीक हुँदै गई । शिखरको साधनारत शरीरलाई बिस्तारै उसले स्पर्श गरी । साधकको नग्न विग्रह अग्नि ज्वाला समान उत्तप्त थियो । उसले अत्यन्त दाहक अनुभव गरी । विचित्रता बोध गरेर ऊ त्यहाँबाट सरक्क निस्किई । अनि सीधै चिकित्सा केन्द्रमा पुगी साङ्ची । कुकुलाई उसले आफ्नै विचित्र अनुभव के सुनाइसकेकी थिई, शिखर टुप्लुक्क त्यहीं पुग्यो ।

शिखर चिकित्सा केन्द्रमा आइपुगेको देखेर साङ्ची छक्क परी । त्यति परबाट यति चाँडो यहाँ पुग्न सहज थिएन तर शिखर पुग्यो । उसको पुग्नु आश्चर्य लाग्दो भयो । किनभने शटलमा त साङ्ची फर्केकी थिई । अरू कसैले यानको सुविधा उपलब्ध गराउने स्थिति थिएन ।

यतिञ्जेल कुकुले टेलिफोनको बटनमा धेरै पटक औंला चलाई । शिखरका लागि कतैबाट शटल पुगेको थियो कि ? ऊ जान्न चाहन्थी, जान्न सकिन । तर उसले आफ्नै मनलाई थुम्थुम्याई, सम्झाई– बाटोमा कसैले राइड दियो होला, त्यसैले साङ्ची र ऊ सँगसँगै जस्तो थोरै फरकमा आइपुगेका हुन् । विना साधन हिंडेरै यहाँ पुग्न सहज अवश्य होइन । कि त योगी नरहरिनाथ हुनुपर्छ या उनको अनुयायी सन्त । खै के भन्नु ? कसरी सम्झनु ? लौ सत्य कुरा थाह भयो रे, फेरि के ? किन गर्नु आय र व्ययको गणित ? कसैलाई आफूखुशी भएर घुमफिर गर्न निषेध छ र ! त्यो सम्भव छ ? के यो कमरेडको राज्यसत्ता हो ?

उसलाई असङ्गत कुरा सोच्न परेकोमा दिक्क लाग्यो । त्यसैले उसको अन्तरङ्ग तात्यो र मनमनै गुनी– अर्काको चरित्रको लेखाजोखा नगरी बस्न सकिन्न ? कसैको दिमाग पढ्ने अधिकार छ हामीलाई ? सकिन्छ बल पुऱ्याऔं, सहयोग गरौं, सकिन्न आफ्नै काम गरौं, मौनता साधौं, किन्तु नबिगारौं । पढ्नै पर्ने, जान्नै पर्ने कुरा कति छन् कति ! पुस्तकालयमा पसेर असल साथी रोजे हुन्न ? सङ्गीतालयमा गएर आफ्नै साथी खोजे हुन्न ? उसले आफूलाई थुम्थुम्याउन खोजी । किन्तु पूर्ण सफल हुन सकिन ।

'तिमी लडिछौ । कस्तो छ अहिले ?' कुकुको छेउमा पुगेर शिखरले सोध्यो । अनि थप्यो, 'अर्काको विषयमा भन्दा आफ्नै विषयमा सोच्नु राम्रो । मलाई तिम्रो विचार राम्रो लाग्यो ।'

शिखरले उसका मनका कुरा बुझेको ठानेर किञ्चित् लज्जाबोध गरी कुकुले । अनि भनी, 'थाहै नपाएर हिउँमा नराम्रोसँग पछारिएँछु । यताबाट उता फर्कन पनि मुश्किल भो । कम्मरमा पीडा छ ।'

'क्यै भएको छैन । यो सामान्य पीडा हो ।' अनि प्रसङ्ग फेरेर उसले भन्यो, 'म तिमीलाई हिंड्न सहयोग गर्छु, किन्तु परिचारिका या चिकित्सकको अनुमति आवश्क छ । यही कक्षमा घुम्दा पुग्ला ।' शिखरले सहजभावले आफ्नो धारणा व्यक्त गरेपछि परिचारिकाले अनुमति दिई ।

उसले कुकुलाई शय्याबाट उठ्न सहयोग गऱ्यो र हातको भर दिएर दुई–तीनपटक वरपर हिंडायो । अब ऊ सहयोग विना हिंड्न सक्ने भई । राम्रैसँग तंग्रिएको अनुभव गरी र एकछिन पछि पूर्ण स्वस्थ भएको जानकारी दिई ।

कसैले त यतिञ्जेल शय्यामा सुतेर रोगीको बहाना गरेको ठाने । तर सत्य त्यस्तो थिएन । यथार्थमा ऊ हिउँमा नराम्रोसँग पछारिएर हिंड्न नसक्ने भएकी थिई । पाखुरा पनि बजारिएर फुलेको थियो । सत्य यो थियो ।

ऊ फुर्तिली देखिई । प्रसन्न भई । चिकित्सा केन्द्रबाट अनुमति पाएर निस्किई । चिकित्सा यानले पुऱ्याइदियो ।

दुवैले साङ्चीलाई धन्यवाद दिएर बिदा गर्न चाहे, तर के मन भो कुकुले भनिहाली, 'तिमी चिया हामीसँगै लेऊ । अब म मथ्न सक्छु ।'

'मै बनाउँछु नि ! यसैका लागि त म यहाँ आएकी थिएँ । तिमी एकछिन आराम गर न ! बेर लाग्दैन ।' साङ्ची अघि सरी ।

चिया–चमेना चल्दाचल्दै शिखरले सोध्यो, 'यहाँ हामीसँग भेडाको घीउ छ ? नभए चौंरीको नौनी भए पनि हुन्छ ।'

'भेडाको त खोज्नै पर्ला । चौंरीको छ ।' साङ्चीले उत्तर हाजिर गरी ।

आफ्नै गठरी खोलेर शिखरले चौंरीको नौनीमा औषधि तयार गरेर साङ्चीलाई दिंदै भन्यो, 'यो लेप लगाएर दुखेको ठाउँमा कुकुलाई बिस्तारै मालिश गरिदेऊ । यसले बाँकी पीडा हराउँछ ।'

शिखरको हातबाट औषधि लिंदालिंदै साङ्चीले उसको पाखुरा सुन्निएको देखी । हिउँमा पछारिएर उसको पाखुरा पनि सुन्निएको थियो । त्यसैले सोधिहाली, 'हजूर पनि हिउँमा लड्नु भएछ नि !' उसले आफैंलाई पीडा भएको अनुभव गरी ।

'पहिले कुकुलाई लगाइदेऊ, अनि मैले पनि लगाउनु पर्ला ।'

'कतिबेरसम्म मालिश गरिदिनु हजूर, औषधि लगाएर ?'

'जबसम्म उनी निदाउँदिनन् । हतार त छैन ? कहीं जानु छ कि ?'

'छैन, छैन । म प्रायः फुर्सतमा नै हुन्छु । नकामको काम हुन्छ । त्यसैमा अल्झनु बाहेक अहिले क्यै छैन । फेरि काम हुन्छ नि हिउँ सकिएपछि । अनि कुकुतर्फ घुमेर भनी, 'हिंड, म यो औषधि लगाएर मालिश गरिदिन्छु ।' कुकु र साङ्ची ओछ्यानतिर लागे ।

शिखर जहाँको त्यहीं ध्यानस्थ देखियो । साँझ छिप्पिंदै गयो ।

औषधि मालिशको नशामा जबसम्म कुकु मस्त निदाइन तबसम्म साङ्ची छोडेर आइन । कुकु गहिरो निद्रामा पुगेपछि ऊ शिखरको छेउमा पुगी । शिखरको सुनिएको पाखुरामा पनि औषधि लगाइदिनु थियो भन्ने कुरा उसका मनमा छँदैथियो ।

साङ्ची शिखरको छेउमा पुगेपछि उसकी कुकुर्नी र कुकुको कुकुर लठारिंदै त्यहीं पुगे । तिनका नङ्ग्रा बजेपछि शिखरले नयनकोस उघार्‍यो । साङ्चीले मृदु वाणीमा यति मात्रै भनी, 'हजूरको पाखुरामा औषधि लगाइदिन्छु, थोरै बाँकी छ ।'

'हुन्छ ।' तल सजिलो होला भन्ने ठानेर होला, ऊ कुर्सीबाट उठेर आफ्नै ओढ्ने काठको भुइँमा ओछ्याएर त्यसैमाथि पल्टियो । झन्नै नब्बे प्रतिशत ऊ नग्न थियो । साङ्चीले उसको शरीरमा एकपटक आँखा घुमाएर हेरी–परिपुष्ट युवा शरीर रोमावलिले व्याप्त थियो । काउकुती र लज्जाबोधले ऊ विचलित हुन-हुन खोजी । अनि मनमनै यति मात्र गुनी- कस्तो मान्छे, जाडो पनि हुने रहेनछ कि !

कुकुर-कुकुर्नी प्रणय-क्रीडामा एकातिर लागे । नितान्त नीरव कक्ष, एकपटक वरपर आँखा घुमाई । त्यसपछि शिखरको पाखुरा उठाएर आफ्नै काखमा राखी र बिस्तारै औषधिको लेप गरेर मालिश गर्न थाली । अनि उसले गुनी–औषधि लगाएपछि यो पाखुरा बसेर अर्को जत्रै होला नि !

यदि त्यहाँ कवि-लेखक हुँदो हो त भन्दो हो–साङ्ची जस्ती नवयुवतीको मृदु-कोमल स्पर्श पाएपछि निको नहुने बिमारी त के होला र । तनको मात्र होइन मनको बिमारी पनि हराउँथ्यो । वस्तुतः साङ्चीको मालिश गर्ने विधि र लेपले झन्नै मूर्च्छाको वा सम्मोहनको स्थितिमा पुर्‍याउँथ्यो ।

एउटा अर्को पक्ष थियो । साङ्ची त्यहाँ आगोको रापको अनुभव गर्थी । त्यसैले ऊ बिस्तारै आफ्ना वस्त्र बन्धन खोल्दै जान्थी र तृषाबोध गर्दै हुन्थी । स्थिति यस्तो भो कि ऊ उत्तप्त भई, उद्दीप्त भई, ऊ बगी, ऊ चिप्लिई, ऊ ठोकिई र सुरूचिपूर्ण ढङ्गले ऊ तर्दै गई अनि किनारको हरियो चौरमा ऊ लीलापूर्वक रमण गर्दै रही ।

कुकुरले पनि आएर उसलाई सुँघ्यो । त्यसका जुँगाले छोएपछि ऊ ब्यूँभी । सपनामा ऊ खेल्दै थिई । उठी, सपना छुटेकोमा उसले किञ्चित् पीडाबोध गरी । अनि आफूतिर फर्की– लुगा ठाउँमा थिएनन् । थौरै लाज मानेर ऊ सम्हालिई र लुगा सह्यारेर ऊ त्यहाँबाट सरी ।

उसले मनमनै अनुभव बोली– किन आज शरीर दुखेजस्तो भो ? अर्कालाई निरोगी बनाउँदा उसको रोग सरेको हो त ? शरीर हलुका भएको अनुभव गरेर पनि उसले भित्र कतै मीठो मन्द पीडा साँच्तै, लुकाउँदै रही ।

उसलाई होश आयो– ऊ शिखरलाई औषधि लगाइदिंदै थिई, त्यहीं निदाइछ । ऊ सपनामा मस्तसँग खेली । बगेर कहाँबाट कहाँ पुगी । ब्यूझँदा शिखर त्यहाँ थिएन । उसको रोमावलि युक्त शरीर स्पर्श गरेको अनुभव सम्झेर ऊ रोमाञ्चित पनि भई र लाजले एकपटक राती भई ।

कुकुर बाहिर जान खोज्यो । उसले द्वार खेलिदिई । शिखरलाई आउँदै गरेको देखी । कुकुर पनि परै स्वागत गरेर सँगै लिएर आयो ।

शिखर भित्र पस्ता कुकु र साङ्ची कोरीबाटी गरी प्रकृत, सहज स्वरूपमा अग्रसर थिए । सूर्य-किरणको आलोकले सद्यस्नाता युवतीको सुवास र सौन्दर्य तिनमा भरेको भान हुन्थ्यो । शिखरले आज मनभरि आँखाभरि हेऱ्यो र तिनको प्रफुल्ल अनुहार देखेर सबै कुशल, आरोग्य रहेको अनुमान गऱ्यो ।

लाप्चीको यो भोट क्षेत्र, NCFU को यो परिसर आज पनि घमाइलो-रमाइलो थियो । उता कुकुरले पनि खाने कुरा पाए, यता तीनै जना चमेनामा बसे । चौंरीको नौनीमा मथेको नुनिलो चियासँग पोलेका आलु, उसिनेको अण्डा, फापरको रोटी, दुई टुक्रा चीज र भेडाको दही भए देवलोकका जीव पनि चमेना गर्न लालायित हुँदा हुन् । किन्तु त्रिकोणात्मक नेत्र-संवादमा कोही कसैलाई पढ्न र बुझ्न सकिरहेका थिएनन् । बरु परस्पर उत्सुकता, सम्मान र आकर्षण बढ्दै थियो । आत्मीय भाव झन्झन् प्रगाढ हुँदै गयो ।

सबैलाई थाह थियो– यो चौतारी हो, चौतारीको भेट हो, यसैमा सुहाउने खेल हो, माया-प्रीति हो । किन्तु व्यक्त-अव्यक्त । अलिकति लुकामारी अनि सहअस्तित्व र समान रूचि ! त्यसैले सर्वथा निर्व्याज ।

यस्तो संयोग न पहिले थियो, न पछि होला । किन्तु यो मात्र मलत्याग हो । शीतलताका लागि विकार विसर्जन ! त्यो पनि सुयोग नै मान्नु पर्छ । कसैले कुनै ताप अनुभव गरेन । मनको शीतल चौतारीमा बसेर आरोग्यभावको अनुभव लिए कि ! शायद अकस्मात् जुरेको कुरा मीठो र अविस्मरणीय हुन्छ कि न ! चमक

र तुष्टि सबैको अनुहारमा झल्किन्थ्यो । न आमन्त्रण थियो, न अभिसार थियो, न हठ थियो, न एकपक्षीय थियो । क्रमबद्ध जस्तो, नियमित हैन किन्तु आकस्मिक जस्तो, लगन जुरेजस्तो, सहज-प्रक्रिया जस्तो, कस्तो कस्तो । आलम्बन र उद्दीपन विभावको अपूर्व संयोग जुटेजस्तो । स्थायी आकर्षण त छ तर केमा छ र कसमा छ त्यो पनि अनिर्वचनीय जस्तो । किनकि त्यसको आस्वाद्यतामा अनुभव छ र त्यो पनि पात्र-पात्रको पृथक्-पृथक् भावमा । अनि कसरी भन्नु त्यसको आनन्द ग्रहणमा छ कि घर्षण प्रक्षेपणमा ? न कतै अभिनयमा छ कि, आतृप्तिमा छ कि वा निश्छल समर्पण र उत्सर्गमा ?

◆◆

# मेघमालाको अभ्यर्थना

शिखरले फेरि आफ्नै यात्रा शुरू गऱ्यो । उसका पथनिर्देशक र हितैषीहरू लप्चीमै छुटे । उसँग केही थिएन । आत्मविश्वास थियो, स्वस्थ शरीर थियो, यात्रा सुनिश्चित थियो, चिन्तन निर्विकार थियो र लाग्थ्यो उसको कदम अन्तिम उचाइतर्फ बढेको हो ।

लप्ची पछिको अविराम यात्रामा *नेपाल चीन मैत्री विश्वविद्यालय* को शटलपछि उसले रोप-वे, साझा, माइक्रोबस र फेरि पैदल बाटोको मनग्य अनुभव गऱ्यो । कसैले कहाँ जाने भनेर सोद्धा भन्थ्यो– गौरीशङ्कर हिमालमा जाने । अनि कसैलाई भन्थ्यो– छेउको दूध पोखरीमा पुग्ने । अनि जवाफमा सुन्थ्यो– टाढै छ, अझै यति लाग्छ ।

'लेकका घामले चाँडो साँझ पार्छ' भन्ने कुरा उसले सुनेको थियो । खोलापारि पश्चिम फर्केको बस्ती घामको पहेंलो आलोकले मनोहर देखिन्थ्यो । वारि बाटोमुनि चौंरी गोठ थियो । चौंरीलाई गोठको परिसरभित्र डोरीको घेरामा के हुलिएको थियो, ऊ एउटा थुम्कीमा उक्ल्यो र हुईऽऽऽ गरेर लेकाली ध्वनिले आफ्नो उपस्थिति जनायो ।

चौंरी गोठको परिसरभित्र कुकुरले भुकाइ तेज गरे । गोठाला-गोठालीको ध्यान डिलमाथि उभिएको बटुवामा गयो । बटुवालाई कुकुरले छोप्लान् कि भनेर एउटी चौंरी गोठाली पछिपछि आई र तिनलाई नियन्त्रण गर्ने चेष्टा गरी । तर विचित्र कुरा के भयो भने बटुवालाई चिरपरिचित जस्तो गरेर उसँगै लुटपुट हुन खोजे, रमाए, सुँघे, घुमे, रत्तिए । चौंरी गोठाली छक्क परी । उसले गुनी– 'बटुवासँग यी कुकुरको मित्रता ? कस्तो कुरा हो ? अरू वेला सारा लेकाली गाउँ-बस्ती थर्काउँथे । आज खुशीले पुच्छर हल्लाउँछन्, चाट्छन्, उफ्रिन्छन् ।'

'यिनको खुशी देखेर आश्चर्य मान्नु भो नि हजूर । के थाह हामी पुरानै साथी हौं !' बटुवाले संकेत बोल्यो ।

चौंरी गोठालीले बिजुली गतिले आँखा जुधाएर लुकाई । आँखाबाट मनको भाव पढ्न सकिन्छ भन्छन् त्यसैले उसले लुकाउन चाहेकी हो कि ! उसले यति मात्र भनी, 'खै के जानौं ?'

'अघिसम्म घामको उज्यालोमा कति सुन्दर देखिन्थ्यो त्यो पारिको गाउँ । त्यहाँबाट उज्यालो सरेपछि अर्कै-अर्कै लाग्न थाल्यो ।'

'हजूर त्यहीं पुग्न लाग्नुभएको हो ?' गोठालीले उत्सुकता राखेर सोधी ।

'पुग्ने त अन्तै हो । वास बस्नकै लागि वहाँसम्म किन जाऊँ ! कुकुर साथी भए जस्तै यतै ओडारतिर बस्ता पनि होला कि ? चितुवा, भालु त लाग्दैनन् नि ! यहाँ यत्रो गोठ छ, के होला र ?'

'मान्छे नबस्ने ठाउँमा मान्छे बस्तैन । पारि हाम्रो घर छ । मेरा भाइहरू अब घर जान्छन् । चौंरी बाँधिसक्न लाग्यो । हजूर सँगै जानू । म भनिदिन्छु । घरमा राम्रो सुबिस्ता छ ।'

'म धेरै थाकेको छु । त्यति टाढा जान्नँ । फेरि ओरालो, फेरि उकालो । तपाईंका भाइ केटाकेटी नै छन्, नाच्तै-उफ्रिंदै पुग्छन् ।'

चौंरी गोठालीले कुकुर भुक्नासाथ भाइले भनेको कुरा सम्झी– दिदी, गोठमा पाहुना आए जस्तो छ, ऊ हेर त माथि थुम्कीमा । कुकुर पनि लिन गयो । आज हामी घर जान पाउने भयौं । क्या मजा हुने भो ।' भाइको भनाइ दोहोऱ्याएर ऊ अलिकति शर्माई ।

हाते फोन बज्यो, उसले उठाई । एकछिन सुनेर आफ्नै तर्फबाट भनी– 'काकीलाई खोलाको चौरसम्म लिन आउनू भन, फोन गर । अँधेरो हुनै लाग्यो, नत्र म कल गर्छु ।' अनि बटुवालाई भनी, 'भाइहरू जान लाग्यो । हजूरका लागि ठाउँ छोडेर जाने भो । अब तल गोठमा जाऊँ । ओडारमा बस्नु हुँदैन ।'

'हुन त हुन्छ । मेरा लागि अज्ञात क्षेत्र भएर मात्र हो ।'

'अज्ञात क्षेत्र नभए पनि म बस्न दिन्नँ । आउनुहोस् । अब म दोहोऱ्याएर भन्दिनँ । हाम्रो ठाउँमा हाम्रो पाहुना ओडारमा ? यो नमिल्ने कुरा !' उसले थोरै आफ्नो व्यक्तित्व झल्काई ।

चौंरी गोठालीले उसलाई सँगै लिएर फर्की । बटुवाले काँधको झोला बिसाउन खोज्दा उसले सुन्निएको पाखुरा देखी । अनि ऊ एकछिन स्तब्ध भई ।

बटुवाको झोला सामान्य थियो । कपडाको काँधे झोला, पुरानो शैलीको । त्यसमा खासै सामान भएको प्रतीत हुँदैनथ्यो । खास्टो खोल्दा शरीरमा टाँसिएको एउटै पसिनापोस थियो– देखी, अरू केही थिएन र रहस्य पनि होइन । गर्मी

क्षेत्रको मान्छे लेकमा पुग्दा पनि उस्तै परिधानमा । जाडो नलाग्नु ? कस्तो ? फेरि फुलेको पाखुरामा आँखा पुग्यो । यी सबै कुरा हेरेर-बुझेर उसले एडिडास कम्पनीका स्पोर्ट शूमा नजर पुऱ्याई र आफूलाई किञ्चित् आश्वस्त पारी । बटुवाको अधोवस्त्र पनि एकसरो किन्तु सामान्य थियो ।

उसले गुनी– यहाँ प्रकृतिको प्रताडनबाट शरीर जोगाएर प्राणको रक्षा गर्नुपर्छ, यो बटुवा चाहिँ औलोको लुगामा त्यसै यहाँ पुग्छ । के यो शरीरमा भू-प्रकृतिको स्पर्श थाह हुँदैन ? सांसारिक मानुषलाई छुने तत्त्वले यो शरीरलाई कुनै प्रभाव पार्दैन भने त्यस्तो जीव त कि बुद्ध हुन् कि सिद्ध हुन्, कि तापस । चिन्तन अन्तै पुऱ्याई– माथि पनि त एक सिद्ध तापस छन् नि ! उनलाई पनि ऋतुचक्रको प्रभावले छोएजस्तो छैन । यी बटुवा पनि उस्तै हुन् कि न !

'हैन हैन, म त्यस्तो हैन, म त तलै छु । उहाँ कहाँ माथि !'

बटुवाले आफ्ना मनका कुरा पढेको ठानेर उ झसङ्ग भई ।

उसले फेरि आफ्नै कुरा थप्यो, 'तपाईं जान्नु हुन्छ ती को हुन् ?'

'एकपटक हाम्रो प्रार्थना-स्थलमा साँझ टुप्लुक्क आइपुग्नु भएको थियो । अनि त्यहाँका देवचित्रहरूमा अभिवादन चढाएर भावविह्वल हुनुभयो । त्यो दृश्य आज पनि मेरा आँखामा छ । म बिर्सनै सक्तिनँ ।'

'म पनि प्रार्थना-स्थलमा पुग्न चाहन्छु र देवचित्रहरूप्रति मानसपुष्प अर्पण गर्न चाहन्छु । त्यहाँ योगीश्वरको चित्र पनि हुनुपर्छ ।' अनि आँखा अश्रुपूरित हुन खोजेपछि उसले आँखाका कोस बन्द गरेर मनमनै अर्पण गऱ्यो :

*'आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहम्'*

बटुवाले नेत्रपट उघारेपछि गोठालीले भनी, 'हुन्छ सबै कुरा हुन्छ । पहिले विश्राम गरौं, शरीरमा आरोग्य छाओस् । एकपटक चिया खाने अनि के गर्ने हेरौंला नि ! म आइहाल्छु ।' यति भनेर ऊ त्यहाँबाट सरी ।

चौंरी गोठाली अब गोठाली जस्ती थिइन । कोरीबाटी तिब्बती कुमारीको रूप-सज्जामा उपस्थित भई– चिया, चमेना लिएर । उसिनेको रातो आलु र नून-खोर्सानीको हरियो राग, मिठे फापरको रोटी, महको स्वाद, दुई टुक्रा चीज र चौंरी घीउको नुनिलो चिया । बस् अरू के चाहियो– स्नेह र आतिथ्य त्यसै मुखर थियो ।

तातो पानीमा डुब्ने चलन त्यहाँको नियमित कार्यतालिका जस्तै थियो । रोग, व्याध र थकाइ हराउँथ्यो भन्ने विश्वास पनि थियो । खाना खाएर सुत्न जानुअघि जलकुण्डमा निमज्जन गरिन्थ्यो । चौंरी गोठालीले आफूले जानेको र उपयोग गर्ने

गरेको औषधि लगाएर बटुवाको पाखुरामा मालिश गरिदिई अनि पानीले असर नपर्ने लेप लगाइदिएपछि अनुनय र अधिकारको भाषामा भनी, 'भोलि उठ्ता निको भएको हुन्छ । अब गन्धक पानीमा डुब्न जाऊँ ।'

तातो पानीको कुण्डमा वस्त्रको प्रवेश मान्य थिएन । यो एक किसिमको रीत वा संस्कृतिजस्तै थियो । एउटा यथार्थ यो पनि थियो– चीसो लुगा सुक्न कैयौं दिन पर्खनु पर्थ्यो । त्यसैले पनि लुगा नभिजाउने सोच राखिएको हो कि ?

जलकुण्डमा युवती र बटुवा एक अर्काको सम्मुख भएर गलासम्म डुबे । युवती बारम्बार बटुवाको सलोम शरीरमा आँखा घुमाउँथी । पानीले छोएपछि रोमावलि अझ आकर्षक देखापर्थ्यो । युवतीलाई सजिलो पारिदिन होला, उसले नेत्रपट बन्द गऱ्यो । युवतीले बटुवाको सुगठित शरीरलाई हेरेर तृप्तिको कामना र त्यसको परिपूर्तिका लागि कल्पना चित्र निर्माण गर्न थाली । युवतीको शारीरिक स्वरूपमाथि मनमनै समीक्षा गरेर बटुवाले यतिमात्रै भन्यो– 'निर्दोष विग्रह, चुलिएको सौन्दर्य, पर्वत शिखरबाट उठ्तै गरेको नव-सूर्यको आभामय नवयौवना ! जसले यो शरीर निर्माण गऱ्यो ऊ स्वयं लजाउनु पर्ने हो ? को जान्दछ के हुन्छ अक्षत शरीरको आयु ?'

कोही जान्दैन– सुन्दरीको नजीक जाँदा उसको अपमान पो हुने हो कि ? के थाह वास्ता नगर्दा सौन्दर्यको उपेक्षा ठानिने हो कि ? उच्च कोटिको नारी-तत्त्व झुक्किएर पनि अभिसार गर्दैन बरु पुंस्त्वलाई पछि लगाउँछ– आकर्षित गर्ने तत्त्व सम्प्रेषित गरेर । यो क्षण, यो ठाउँ परख गर्ने हो र ? कि एक अर्काको सम्मान गर्ने ? कि एक अर्काको अनुकूल जाने ? कि परस्पर उपकारक भावले आफूलाई उत्सर्ग गर्ने र समर्पित हुने ? के त नारी र पुरुष एक अर्काका लागि चिकित्सक होइनन् ? समान भावले अग्रसर रहनु या मनोयोगले संलग्न हुनु मनोचिकित्साको स्वस्थ माध्यम होइन र ? किन अझै अज्ञात छ मनोदशा ? कि अझै अप्रकट छ उद्दीपन विभाव ? परिवेश र संस्कारले संकेत धूमिल भएको हो कि ? परन्तु मुखमुद्रा, संवाद शैली र श्वास प्रणालीले अनायासै आकर्षण र विकर्षण वा त्राटन जनाइसकेको हुन्छ । बस् पठन र बोध आवश्यक भइदिन्छ कि ! आलम्बन र उद्दीपन विभावमा सङ्गति किन बसिरहेको छैन ?

स्नेहिल अवलोकन र सम्मानजनक मित शब्दको उपयोग गरेर युवती र शिखर एक अर्काको आश्रय बन्दै जलकुण्डबाट बाहिर निस्के । सानो ठाउँ वाष्पमय बन्यो ।

'यहाँ बस, म अर्को पटक औषधि लगाइदिन्छु । यो चाहिं भेडाको घीउमा बनाएको हो । भोलि बिहानसम्ममा यसले आफ्नै शक्ति देखाउँछ ।' उसले स्नेह

र सद्भाव राखेर सजिलै भनी, 'अब हाम्रो सम्बोधन फेरिनु पर्ला । म तिम्रो नाम जान्न चाहन्छु ।'

'म फिरङ्गी बटुवा, मेरो के नाम हुनु ? जसलाई जे नाम मन पर्छ मलाई त्यही दिन्छन् । तिमी पनि आफूलाई मन परेको नाम देऊ, मलाई स्वीकार छ ।'

'तेन्जिङ । अबदेखि तिमीलाई तेन्जिङ भन्छु । तर तिमी बेचिने छैनौ । नेपालको भएर पनि तेन्जिङले विदेशी नागरिक हुँ भनिदियो र फोटो पनि खिचायो । त्यो मलाई मन परेन । उसको जीवनी पढ्दा गौरवको अनुभव गरें । तर पछि गएर आफैं दुःखी भएँ– जातै फ्याँकेको देखेर, जाति फेरेको बुझेर ।'

'त्यसो भए त्यो कलङ्कित नाम किन दिन्छ्यौ मलाई ? कुनै अर्को दिए हुन्न ?'

'त्यो जेठो नाम हो, अझै अग्लो छ । त्यसलाई अरूले उछिन्न सक्तैन । त्यसैले मलाई नाम र यश मन पर्छ । कहाँको थियो र कहाँको भयो भन्ने कुरा गौण हुँदै जान्छ । नाम र काम नै ठूलो हो । मैले त्यही नाम मन पराएँ र तिमीलाई दिएँ ।'

'ठीक छ तिमीलाई मन पऱ्यो, मैले स्वीकार गरें । म अब तेन्जिङ भएँ ।'

'अब तिमी मलाई नाम देऊ ।' यसपटक उसले मधुर मुस्कान छरी ।

'मेघमाला । तिमीसँग म यही नामले बोल्छु । किन्तु तिमीले वीरप्रसू हुनुपर्छ, पुत्र जन्माउनु पर्छ नि !' तेन्जिङको कुरा सुनेर ऊ लजाई र दुवै हत्केलाले मुख छोपेर त्यहाँबाट सरी । अनि फर्केर भनी, 'मेघमालाको अभिप्राय म वेब-साइटमा खोज्छु । तर वीरप्रसू हुनका लागि त्यस्तै महान्, उच्च व्यक्तिबाट गर्भाधान हुनुपर्छ नि ! हैन र ? खराब वीर्यबाट जन्मेका हाम्रा छवै वटा चौताराहरूले यो मुलुक डुबाएको इतिहास छैन र हामीसँग ! एउटै समयमा सँगसँगै बाँचेका दुष्टहरू ! छिः !'

शरद ऋतुको उज्यालो घाम सबैतिर पोतिएको थियो– बिहान । उसले सूर्य-प्रकाशमा नौलो आलोक थपिएको अनुभव गरी । ऊ निकै बेर सुतिछ आज । ब्यूँझेपछि थाह भो उसलाई– शरीर हलुका भएछ । निद्रा पूरा भएको ठानी उसले । आनन्द र सन्तोष एकैपटक मिलेजस्तो लाग्यो उसलाई । नग्न विग्रहमा विग्रह टाँसिएर सुतेको न्यानोपन भर्खरै छुटेजस्तो उसलाई लाग्यो । सम्झेर ऊ आफैंसँग लजाई । ठानी– सारा विकार बगेछ, म सङ्लिएँ, पवित्र भएँ । मभित्र नौलो उज्यालो, उच्च चेतना प्रवेश भए जस्तो छ । म निर्मल भएँ । यो यथार्थ नै बनिरहोस्, सपना नहोस् । उसले गुनी– ऊ जुन आनन्द, सन्तोष र उत्फुल्ल अनुभव गर्दैछे त्यसको हेतु यो बटुवा नै हो ।

मनभरि, तनभरि र समयभरि युग्मकेलिको स्वाद र परितृप्तिको आत्मरति गर्दै रही । यस्तै कुराको स्वप्न चर्वणा गर्दै ऊ प्रातः चर्यामा संलग्न देखिई ।

चर्यामा संलग्न रहँदा पनि आनन्द अनुभव गरेर ऊ अलस देखिन्थी । बटुवा तेन्जिङलाई अँगालोमा बाँधेर कृतज्ञता देखाउन र धन्यवाद ज्ञापन गर्न चाहन्थी । यसका लागि उसका मनमा उत्सुकता रहे पनि शरीरमा त्यो तुजुक थिएन जुन हिजो थियो । यथार्थमा ऊ रतिक्लान्ता झैं देखिएकी थिई ।

कुकुरका लामा-लामा छाया भित्र पसे । मेघमाला (चौंरी गोठाली) ले त्यतै हेरी । छायासँगै उसका भाइहरू पसे । उनीहरूसँगै बटुवा पनि भित्र पुग्यो । उसले मेघमालामा मृदुताका साथै माधुर्य उद्भासित भएको र समग्र व्यक्तित्वमा आकर्षण थपिएको देख्यो । यथार्थमा ऊ आज किञ्चित् पृथक् छविमा देखिन्थी किनभने पूर्ण युवतीको व्यक्तित्वमा देखिने जुन सौन्दर्य हो त्यो मेघमालामा साकार थियो यस वेला । तेन्जिङले उसलाई निर्निमेष हेरेर आँखैले सौन्दर्यपान गरे झैं गऱ्यो ।

'थाके जस्तो छौ, बस म चमेना तयार पार्छु ।'

'पहिले म स्नान गरौं, पसिना-पसिना भो । तातो पानीमा डुबेर आउँछु । तिमी पनि मसँगै डुब्न आऊ न । अर्को पटक भन्ने छैन ।' तेन्जिङ स्वाभाविक ढङ्गले दिनको उज्यालोमा मेघमालाको नौनीमय निर्दोष विग्रह आँखाभरि हेर्न चाहन्थ्यो कि ? यो खालको तिर्खाले उसलाई निकै पिरोलेको थियो कि ? त्यसैले मौका पर्नासाथ भनिहाल्यो । तातो पानीको कुण्डमा डुब्ने प्रसङ्ग सुहाउँदो बहाना हुनसक्थ्यो– निर्विकल्प । त्यसैले प्रस्ताव पनि सुहाउँदो नै थियो ।

मेघमालाले भनी, 'भाइहरू भोकाएको होला, अहिले चमेना गर्छ कि पख है त, म सोधौं । उनीहरू फेरि चौंरीको बाच्छालाई तह लगाउँछ । चारो दिन्छ । एकैछिन ।' ऊ त्यहाँबाट सरी । दुईवटा कुकुर पसे, ऊ पनि आई । उसका दुईवटै भाइ आए । उसले चमेना ल्याई । कुकुरलाई पनि खानेकुरा लगेर राखिदिई । कुखुरालाई चारो पनि हालिदिई । अनि आएर तेन्जिङलाई भनी– 'तिमी जाँदै गर ।'

भाइलाई भनी, 'हामी पनि चमेना गरेर निस्कन्छौं । बटुवालाई प्रार्थना घरमा पुऱ्याउँछु ।'

'घोडामा जाने कि ?' एउटा भाइले सोध्यो ।

'पैदल बेस होला कि !' उसले छोटो बोली ।

चमेनापछि भाइहरू काममा लागे, उनीहरू जलकुण्डतर्फ ।

'बिहान कहाँ पुगेर आयौ ? तिम्रो झोला पनि देखिनँ । उठेर बाटो लागेछौ कि भन्ने सम्झें नि मैले ।'

'तिम्रो गाउँमा पुगेर फर्किएँ । राम्रो रहेछ–पेगोडा शैलीमा बनेका घरको गाउँ । यो मोडेल उपयोगी छ, वैज्ञानिक पनि । उच्च वास्तुकला हो नि !'

'म त बेलुका पानीमा पस्ने गर्छु, बिहान फुर्सत मिल्दैन । काम सकेपछि डुब्ने हो नि पानीमा ।' तातो पानीको कुण्डमा डुबेपछि संवाद चल्यो ।

'मेरो सांस्कृतिक स्नान नित्य हुन्छ, बिहान । फेरि पारि पुगेर आउँदा पसिना पसिना भयो त्यसैले नपखालिई भएन नि । एक्लै ठीक लागेन र तिमीलाई अनुरोध गरेको हुँ– जलक्रीडाको लागि ।'

दुईबीच यति आत्मीयता र विश्वास बढ्यो कि एकले अर्काको रूचि र अनुनयलाई नाइँ भन्न सक्ने स्थिति रहेन । त्यसैले बटुवाको रूचि अनुसार ऊ प्रस्तुत भई ।

वस्तुतः जलकुण्डको स्नान-संस्कृतिमा अवसनको निन्दा हुँदैन । सवस्त्र हुँदा निन्दा हुन्छ, जङ्गली भनिन्छ । चौंरी गोठालीका लागि अवस्त्र भएर कुण्डमा पस्नु, खेल्नु, निस्कनु नियमित कार्य हो । उसले पनि कृतज्ञ भावले हेरेर तृप्तिको अनुभव गऱ्यो ।

सपनामा आफूलाई आनन्दित, सन्तुष्ट र तृप्त पारे बापत बटुवालाई दिनु पर्ने कृतज्ञता वा आभारका लागि उसले अर्को मौका पर्खी । जलकुण्डको आनन्द बटुवाले एक्लै भोग्यो, ऊ मात्र आलम्बन भइदिई उसका लागि । उद्दीपनको स्थिति निम्त्याउने त्यो समय पनि थिएन र परिवेश पनि । फेरि ऊर्जा सञ्चित हुन र मनोदशा पनि जाग्रत हुनैपर्छ । दिनको उज्यालो त्यसै पनि क्षतिकर हुन्छ, सूर्यको उपेक्षा हुनुपर्थ्यो कि न ! त्यसै पनि नवयुवतीहरू रात्रि-केलिमा रूचि राख्तछन् । शायद त्यहाँ पूर्णता पाइन्छ । स्वैरिणी र त्यो दर्जाकाहरू समयको वास्ता गर्दैनन् कि । यसबारे शास्त्रीय चर्चा पनि छ क्यार !

चमेनामा जुटेका वेला तेन्जिङले भन्यो, 'सुन्दर, पूर्ण, अव्वल ! कतै उनान्सय छैन । किन्तु म भोलिको गणित लाउन सक्तिनँ ।' एकछिन गम्भीर भएर थप्यो, 'अब एउटै कुरा बाँकी छ, त्यो फेरि कुनै अर्को वेला ?'

'कस्तो कुरा ?'

'त्यो तिमीसँगै छ, अमूर्त जस्तै छ । तिमी आफैं जान्दिनौ । अर्कोले थाह पाउँछ, बुझ्छ । अनि मूल्य दिन्छ । त्यो अर्कै उचाइको कुरा हो । त्यसको महिमा फरक छ । त्यो सबैसँग या जोसँग पनि हुँदैन । कसैमा हुन्छ । त्यो तिमीसँग छ । मैले थाह पाएँ क्यार !'

'मसँग के छ त्यस्तो जो अरूसँग हुँदैन ?'

'छ तिमीसँग । तर आफैं तिमी थाह पाउँदिनौ । कस्तूरीले आफूसँग भएको सुवास केन्द्र थाह नपाए जस्तै हो । हुन सक्छ, मसँग पनि त्यस्तै कुरा होला मेरै ढङ्गको । किन्तु म थाह पाउन सक्तिनँ । अर्कैले थाह पाउँछ । मसँग भए तिमीले थाह पाएको हुनुपर्छ ।'

'कस्तो रहस्यको कुरा भन्यौ तिमीले !'

'रहस्य त हैन, वस्तुगत नै हो । किन्तु अमूर्त । भनौं वस्तुमा आश्रित अमूर्त कुरा । त्यसैले अनुभव गरिन्छ । कतिपय भोक्ताहरू विज्ञ वा पारखी पनि हुन्छन् । बस्, अनुभव लिन्छन्, कृतज्ञ हुन्छन्, परितुष्ट रहन्छन् । यसलाई शरीरमा निहित गुण-धर्म ठान्दा हुन्छ ।' एकछिन रोकिएर फेरि थप्यो, 'नारी शरीरले मातृत्व लिएपछि त्यो धूमिल हुन्छ, शायद अर्को ढङ्गमा परिवर्तित हुन्छ । त्यस्तै, छरिने पुरुषसँग पनि त्यो रहन छोड्छ । त्यसमाथि अतत्त्व आरूढ भएर आउँछ । त्यसैले त आचरण र संयमको संहिता अघि सारिएको होला नि !'

एक सुरुप नुनिलो चिया लिएर थप्यो, 'किन्तु आधुनिक र प्रगतिशील भन्नेहरू यस्ता कुरालाई प्रतिगमन ठान्दछन् । यो कुरा कोही सुन्न चाहँदैन । तिमीले जिज्ञासा देखायौ मैले भनें । गुरु बन्न खोज्नु पनि त भएन त्यसै । मेरो कुरा सुनिदियौ, म खुशी छु ।'

'म जान्न चाहन्छु– पुरुषले आफ्नो उत्तेजनालाई नियन्त्रण गर्न सक्तैन ? हिजोको इतिहासमा मन्त्रीका छोराले बलात्कार गरेको कुरा भेटिन्छ । त्यसैले सोधेको नि !'

'बिल्कुल तीस सेकेन्डमा नियन्त्रण गर्न सकिन्छ, निस्तेज पार्न सकिन्छ, निष्क्रिय पार्न सकिन्छ । त्यसको विधि छ, प्रक्रिया छ । किन्तु त्यो विधि थाह नहुनेले गर्न सक्तैन । कतै पनि, कुनै पनि वेला जाग्रत भयो भने शमन गर्न मिल्छ । त्यो गारो कुरा हुँदै होइन ।'

'मेरा अगाडि उत्तेजित भएर तत्काल शमन गरेर देखाउन सक्छौ त ? म यो सत्य जान्न चाहन्छु ।'

'त्यसको लागि तिमीले मलाई उद्दीप्त बनाउनुपर्ने हुन्छ । तिमी सकौली ? मलाई जाग्रत गरायौ भने म नियन्त्रण गरेर देखाउँछु । किन्तु परिवेश हेर्नै पर्छ, त्यो महत्त्वको कुरा हो । सप्रयास भन्दा सहज वेस हो ।'

मेघमाला सुन्दै रही ।

तेन्जिङले भन्यो, 'मलाई यस भेगका नारीको मनोदशा र शरीरको प्रकृतिबारे जानकारी छैन । पहिले घुमेर फर्कौं । राति म तिमीलाई नै अनुभव गर्न लगाउँछु, म त्यो विधि तिमीलाई दिन्छु, आफैं प्रयोग गरिहेर । नारी शरीरमा यो विधि प्रयोग हुन्छ कि हुँदैन, म पनि जान्न चाहन्छु । यसमा म तिम्रो सहयोग चाहन्छु । तिम्रो अनुभवले सत्यको निकट पुऱ्याउनेछ । अँ, प्रयोगका लागि स्वतन्त्रता र एकान्त हुनैपर्छ किनभने लक्ष्यकेन्द्रित मनोदशा र अभयको स्थिति रहनुपर्छ । त्यसैले राति वेस होला कि ।'

विश्राम लिने शैलीले थप्यो, 'मेरो एकोहोरो प्रवचन सुनिदियौ । आभारी छु । धन्यवाद भन्छु । कतै जाने भन्या हैन ?'

'ज्यू, एक पटक चिया थपौं अनि बाटो लागौं । हुन्न ?' ऊ चियाको व्यवस्थामा लागी ।

मेघमाला तोजा कसेर निस्किई । तिब्बती कुमारीको सांस्कृतिक पोशाकमा थिई ऊ– सफा-सुघ्घर, कोरीबाटी सिनित्त । छिनेको कम्मरमा ऊ मानव-प्राणी होइन कलात्मक पुतली झैं देखिन्थी ।

उसलाई देखेर कुकुर पछि लागे । चौंरी गोठका रक्षक भएका हुनाले यात्रामा लानु उचित थिएन, त्यसैले भाइलाई बोलाएर कुकुर समाउन लगाई ।

तेन्जिङ मास्तिर थुम्कीमा पुगेर पर्खंदै थियो । प्रार्थनास्थलमा (कम्युनिटी सेन्टर) पुगेर फर्कन समय लाग्थ्यो । फेरि अलमल भयो भने स्वभावैले व्यवहार बिग्रन्थ्यो । त्यसैले कुकुरलाई गोठमा थामेर राख्न आवश्यक थियो । आफू आइपुगे पनि नपुगे पनि गोठको जिम्मेवारी भाइहरूलाई सुम्पिएर ऊ बाटो लागी ।

कठिन उकालो पनि सकियो, ओसिलो जुके जङ्गल पनि काटियो । आँखाभरि फाँटिलो मैदान र प्रशस्त उन्यौंका बुटा, भर्खरै पानी परिसकेर उघ्रिएको अपराह्नको आह्लादक सुषमा, त्यसैत्यसै लोभलाग्दो थियो प्रकृति ।

हिंड्दा हिंड्दै शून्यता, एकाकीपनले छोप्यो तेन्जिङलाई । ऊ ठिङ्ग उभियो र फर्केर हेऱ्यो । उन्यौंको बुटाको फेदबाट उज्यालो बाफसँगै मादक सुगन्ध आएर नाकमा पसेपछि ऊ स्तम्भित भयो । विचित्रता बोध गरेर ऊ चकित देखियो ।

रहस्य थिएन । यो यथार्थ थियो । उसले जे अनुभव गऱ्यो त्यो सत्य थियो, बाफसँगै जुन सुगन्ध थियो त्यो चौंरी गोठालीको मूत्र गन्ध थियो । तेन्जिङ रोमाञ्चित देखियो ।

कम्युनिटी सेन्टरमा पुगे । प्रार्थना गर्नु थियो । भित्तामा यति धेरै देव-देवीका चित्र झुण्डाइएका थिए कि शायद कोही छुटेको हुँदो हो । देवताहरू जोडी-जोडी

पनि थिए र एक्ला-एक्लै पनि । जे होस्, बडो उदारतापूर्वक सुशोभित गरिएको थियो । समान आकारको सुनौलो प्रेममा व्यवस्थित ढङ्गले राखिएका देवचित्रसँग त्यहाँ नभएका देवचित्रहरू थप्न सक्ने व्यवस्था थियो ।

भक्तजन धूप, दीप, नैवैद्य र जल चढाउँथे । किन्तु सर्वत्र स्वच्छता रहन्थ्यो । जुत्ता-मोजा लगाएरै कक्षमा प्रवेश गर्न सकिन्थ्यो । फूलपाती हैन, खादा अर्पण गर्ने प्रणाली थियो । नयाँ खादा चढाएर पहिले चढाइसकेको खादा प्रसाद स्वरूप आफैं लिएर फर्कने चलन थियो । चौंरीको चीज र सुकुटीको प्रसाद नेपाली कागजमा हालेर भक्तजन बाटो लाग्थे । तेन्जिङले अघाउञ्जेल देवचित्र हेऱ्यो ।

चित्राङ्कित देवताहरूको कक्षबाट निस्केर फेरि अर्को कक्षमा पुगे, जहाँ एकातिर गौरीशङ्करको भव्य प्रतिमा थियो भने अर्कातिर ध्यानस्थ निर्विकार महात्मा बुद्धको । मनमा कुरा थामेर राख्न सकेन । मन खाली गर्नु आवश्यक हुन्थ्यो । त्यसैले मेघमालातिर फर्केर तेन्जिङले सोध्यो, 'कल्याणी ! सबैजसो देव-देवी चित्रमा छन् । गौरीशङ्कर र बुद्ध चाहिं किन मूर्तिमा र विशालतामा ?'

ऊ अलिकति मस्किई, थोरै मुस्कुराई र छोटो उत्तर गरी, 'म प्रार्थना सकिहालौं है, अनि भन्छु ।' ऊ मनमनै प्रार्थनामा एकाग्र भई ।

*'रत्नैः कल्पितमासनं हिमजलैः स्नानं च दिव्याम्बरम्...'*

तेन्जिङले मनमन गुऱ्यो— 'सारा आफ्ना दिनचर्या देवीले भोलेबाबालाई उनकै खातिर गरेको भनेर भारी बिसाइदिइन् । अनि बाबाले पनि नाइँ-नास्ति नगरी स्वीकार गरे झैं देखिए । गजब होइन ? यो त परदेशको राजनीतिलाई नेपाली राजनीतिले विना सोच-विचार स्वीकार गरे जस्तै भएन र ?'

'तेन्जिङ, तिमीले मेरो प्रार्थनाको निन्दा किन गऱ्यौ ? मैले उनीमाथि आफ्नै भारी बिसाएकी हुँ र ? तिमीलाई त्यस्तो लाग्छ ?' मेघमालाले थोरै गुनासो पोखी ।

तेन्जिङ झस्क्यो । उसका मनका कुरा उसले बुझेको थाह पाएर ऊ अप्ठ्यारोमा पऱ्यो । अनि मनमन गुऱ्यो— 'चौंरी गोठालीको रूपमा यो कुनै दैवी तत्त्व भएकी सुन्दरी हुनुपर्छ । नत्र मेरो मनको कुरा कसरी बुझ्छ अर्कोले ।' अनि किञ्चित् नरम भएर आत्मकथन गऱ्यो— 'हो, यी कुनै सिद्धि प्राप्त गरेकी साधिका हुन् । या वेला-वेला दैवी तत्त्व आरूढ हुन्छ यिनमा । सम्भव छ, सम्भव छ, यो तपोभूमिमा धेरै कुरा सम्भव छ ।'

'तपोभूमि र सिद्धिका कुरा गरेर परनिन्दाको दोषबाट पन्सिन सक्तैनौ । तिमीले प्रायश्चित्त गर्नुपर्छ ।'

'देवी, म प्रायश्चित्त गर्छु । मैले अपराध गरेकै हुँ । क्षमा पाऊँ । म सङ्लिन चाहन्छु । आज्ञा होस् ।' तेन्जिङले अपराध मोचन गर्ने सोच बनायो र मनमन गुन्यो– 'श्रमदान गर्नुपर्ला ।'

'ठीक छ, ऐजन मौकामा श्रम गर्ने छौ ।'

यसपटक तेन्जिङ साँच्चै नै आश्चर्यमा पऱ्यो । नेपाली नेताका गोप्य कुरा चुहिएर विदेश पुगेजस्तै तेन्जिङका मनको कुरा पनि सजिलै मेघमाला कहाँ पुग्यो । यो कुरा उसले पक्कासँग बुझ्यो । अनि सन्दर्भ फेर्ने सोच राखेर थाती रहेका कुरा कोट्याउँदै भन्यो, 'देवी ! प्रार्थना सकिएपछि गौरीशङ्कर र बुद्धको मूर्तिबारे भन्छु भन्या हैन ? त्यो बाँकी छ नि !'

"हजूर, यो गौरीशङ्करको क्षेत्र हो, उनी शास्त्रीय देवता पनि हुन् र स्थानीय पनि । त्यसैले उनको विग्रह ठूलो देखिनु स्वाभाविक हो । यस रूपमा प्रकट हुने अधिकार उनलाई छ नि ! त्यो पनि युगल भावले दुवै– गौरी र शङ्कर ।

बुद्ध त झन् व्यापक छन् । उनको महत्त्व आजको युगमा झन् बढेको छ । व्यक्तिबाट देवता हुनपुग्नु सानो योग्यताको परिणाम होला त ! उनको प्रचारप्रसार गर्नै पर्दैन । उनी त स्वयं विभु छन् ।"

तेन्जिङले भन्यो– 'ठीक भन्यौ । तर यहाँ जिससको पनि फोटो छ नि ! तिम्रो के भनाइ छ यसबारे ?'

'मैले जानेको कुरा भन्छु । अपुग भए तिमीले थप्नु नि ! हुन्न ?'

'ठीक छ, भन ।'

'जिसस हाम्रै गुरुकुलका विद्यार्थी हुन् । उनले यसै भूमिबाट ज्ञान प्राप्त गरेका हुन् । विद्वान्हरूले यसबारे प्रशस्त अध्ययन अनुसन्धान गरेर यो सत्य प्रकाशमा ल्याएका हुन् । उनी जीवनको प्रारम्भिक चरणमा झन्नै १४ वर्ष आफ्नै भूमिबाट अलप भएका हुन् । १० वर्षको मान्छे १४ वर्ष अलप हुँदा कति वर्षको हुन्छ ? हाम्रो गुरुकुलको संहितामा पनि २५ वर्षपछि आफ्नै क्षेत्रमा फर्कन्छ । उनी पनि आफ्नो भूमिकामा फर्किएर यहाँबाट लिएको ज्ञान बाँड्न थाले । अर्थात् जिससलाई पढाउने र पूर्ण दीक्षित गराउने भूमि यही हो । उस वेलाको नेपाल र इन्डियाको भूमि नै जिससलाई जिसस बनाउने ज्ञानपीठ भए । त्यसैले हाम्रो गुरुकुलको यशस्वी शिष्यलाई स्थान दिंदा वा महत्त्व दिंदा हाम्रो गरिमा घट्छ र ? उनले हाम्रै चिन्तन र हाम्रै आदर्शलाई बाँडेका हुन् । यसमा हामीले गौरव गर्नुपर्छ न कि उपेक्षा ।'

उसले थपी, 'फेरि तिमी त जान्दछौ नि समभाव, समदर्शन, विश्वबन्धुत्व, सर्वकल्याण त हाम्रो दर्शन नै हो । परोपकार जीवनको उच्च आदर्श हो, दान र सेवा

मानवीय चरित्र हो । हामी हिंसामा विश्वास गर्दैनौं । किन्तु जिससवादीहरूले आजभोलि भौतिक वैज्ञानिक उपकरण, त्यस्तै कृत्रिम रोग र जीव-कीलक औषधि बनाएर शक्ति देखाउन र धन कमाउन थालेका हुन् कि न ! स्थिति प्रतिदिन भयावह बन्दै छ । शायद हलाहल, कालकूटको प्रादुर्भाव र देवासुर संग्रामको पुनरावृत्ति पो हुने हो कि ! मैले चाहि वर न पर नठानी जिससलाई सद्भावले, सम्मानले हेरेकी छु । हाम्रो माटोको जीवनमुखी दर्शन हामीले नै बाँडेका हौं नि 'वसुधैव कुटुम्बकम्' भनेर ।'

एकछिन विश्राम गरेजस्तो गरेर उसले अर्को सन्दर्भ जोडी, 'तिमीलाई थाह छैन, यहाँ पहिले चर्च थिएन । कुनै वेला मुलुकमा कमरेडहरूले सत्ता हात पारे र विदेशी शक्तिलाई रिझाउन चर्चको विस्तार गराए, त्यस बापत धन पनि कमाए, सत्ता पनि हाँके । इतिहासले हामीलाई यही पढायो । माओवादीको नामले गान्धीवादी आततायी यहाँ पस्यो र ध्वंस गऱ्यो । राजा फ्याँक्यो, विधान फ्याँक्यो, यो माटोमा गर्न नहुने अकर्म गर्न आफ्नै अनुकूल विधान ल्यायो । जनदमन र निर्मम शोषण गऱ्यो । त्यसपछि जनता उठे र सत्ता पल्टाए, फेरि राजसंस्थाको परिकल्पना गरेर मुलुक विलय हुनबाट जोगाए भन्ने पढेकी छु ।'

'शायद इतिहास असत्य नबोल्ला ।'

'राजसंस्थाको परिकल्पना या पुनः स्थापना ?'

'सत्य के हो, त्यो त म जान्दिनँ । यतिका दशक भए । तर राजसंस्था फेरि आयो भन्ने चाहिं पढेकी हुँ । सुनेकी हुँ । त्यसपछि यो मुलुकले अविरल उन्नतिको बाटो समायो भन्ने भनाइ छ । पुरानो पुस्ता अलप भइसके नत्र यथार्थ के हो त्यो भन्ने थिए ।'

'यतै कता गौरीशङ्करको छेउछाउ एक जना सन्त बस्छन् भन्ने सुनेको छु । उनी कति पुराना हुन् ? कहिलेदेखि यहाँ छन् ? यी सबै कुरा उनी जान्दछन् कि वा !' तेन्जिङले नयाँ प्रसङ्ग जोड्यो ।

'छन् एकजना जोगी । म केटाकेटी छँदा जान्थें । घोडा चढेर जानुपर्थ्यो । कहिले कहीं खानेकुरा पनि लानुपर्थ्यो । उनी त्यति खाँदैनन् रे । तपस्या गरिबस्छन् भन्थे । फेरि के भो थाह छैन । म यहाँ थिइनँ । उनी अझै छन् भन्ने कुरा चाहिं थाह छ । किनभने उनका लागि हाम्रो गाउँबाट खानेकुरा पुऱ्याउँछन् ।' अनि कुरा फेरेर भनी, 'के ती जोगीलाई भेट्ने हो ? इच्छा छ ? समय छ ?'

मेघमालाले फेरि थपी, 'यति नजीक आइपुगेका छौं भने सन्तको दर्शन गर्नै पर्ला कि ? एकतर्फी भए पनि घोडाबाट जान पाए निकै सरल हुन्थ्यो । नभए एक जोडी कुकुर त चाहिन्छ । साथी हो नि कुकुर । बाटो पनि देखाउँछ ।'

'ठीक छ ।' तेन्जिङले यात्राको सहमति जनायो ।

'त्यसो भए म गाउँमा कल गर्छु । योगी बाबालाई के के कुरा पुऱ्याउने गरेको छ त्यो बुझ्छु । यही गाउँबाट जुटाएर लाने व्यवस्था मिलाउन सकिन्छ कि ? खाली हात जानु पनि त भएन ।'

'उचित भन्यौ ।'

उसले त्यही वरिपरिको गाउँमा सम्पर्क गरेर सन्तका लागि केही सामल–तुमलको व्यवस्था गरी ।

कम्युनिटी सेन्टरको परिसरमा पाहुना घर थियो । वास त्यहीं हुने भो । पाहुना घरमा पुगेर उसले कल गरी । चमेना आइपुग्यो । सुकुटी, चीज, थुक्पा, जौको रोटी, चौंरीगाईको नौनी हालेर तयार गरेको नुनिलो चिया प्रचुर ऊर्जावान् लाग्दथ्यो ।

घडी हेरेर मेघमालाले भनी, 'अब दुइटा काम बाँकी छ, त्यो भ्याएर आराम गर्नुपर्छ ।'

तेन्जिङले उत्सुकता देखायो । आँखिभौं उचालेर प्रश्नभावले हेऱ्यो ।

'अघि तिमीलाई संसार घुमाएँ, मैले देवी–देउताको धूप, दीप र आराधना गर्न भ्याइनँ । एकपटक प्रदक्षिणा गरेर आउँछु । तिमीलाई थकाइ लागेको छैन भने सँगै जाऔँ, नभए यहीं तातो पानीमा डुबेर बस, के भन्छौ ?'

'तिमी के भन्छ्यौ ? थकाइ लागेको छैन अझै ?'

'म त भन्छु सँगै जाऔँ, प्रार्थना गरौं र सँगै पानीमा डुबौंला, हुन्न ? थकाइ लाग्ने काम गरेकै के छ र ?' मेघमाला अन्तर्मुखी भई, 'तातो पानीमा डुबेपछि त अरू काम हुनसक्तैन । शरीर गल्छ नि !'

स्थानीय ग्रामीणजन सन्ध्याकालीन आरती, प्रार्थना गरेर फर्किंदै थिए । सबका हातमा प्रसादका पोका देखिन्थे । हिमाली क्षेत्रको गाउँ–बस्ती भए पनि प्रकाश र सुविधाको कमी थिएन । देवस्थल विद्युत् प्रकाशले झलमल्ल थियो ।

मेघमाला र तेन्जिङ देवस्थलमा हाजिर भए । गौरीशङ्कर समक्ष हात जोडेर मेघमालाले 'मेरो सारा कर्म तिम्रै लागि हो' भन्दै सस्वर गायन गरी :

*आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहं*
*पूजा ते विषयोपभोगरचना निद्रा समाधिस्थितिः*
*सञ्चारः पदयोः प्रदक्षिणविधिः स्तोत्राणि सर्वा गिरो*
*यद्यत्कर्म करोमि तत्तदखिलं शम्भो तवाराधनम् ।*

एक दुई पाइला सरेर फेरि गायन गरी : *प्रणम्य शिरसा देवं गौरीपुत्रं विनायकम्* .... । फेरि अर्को ठाउँ पुगेर लयमा मस्तसँग गाई : *या कुन्देन्दुतुषारहारधवला या*

*शुभ्रवस्त्राभृता...* । पल्लो चित्र अगाडि पुगेर पाठ गरी : *वंशीविभूषितकरान्नवनीरदाभात्...* । अझ पर्तिर पुगेर भाका हाली : *कस्तूरीतिलकं ललाटपटले वक्षस्थले कौस्तुभम्...* । फेरि भनी : *श्री रामचन्द्र...* । फेरि : *अतुलितबलधामम्...* ।

मेघमालाले भाका हालेर गाई र त्यसमा तेन्जिङले मन्दमन्द स्वर मिलायो । ऊ जान्न चाहन्थ्यो, यो गायन र दीक्षा कहाँबाट कसरी प्राप्त भयो– चौंरी गोठालीलाई । नभन्दै मौका हेरेर सोध्यो । प्रश्नको उत्तरमा उसले पारिवारिक प्रेरणाको लामो लहरो तानेर यति मात्र भनी, "मेरो घरतर्फको हजूरबाको हजूरबा हुनुहुन्थ्यो– आङ्दण्डी लामा र मामाघर तर्फको हजूरबाको हजूरबा हुनुहुन्थ्यो– आङ्दोर्जे शेर्पा । दुवैको इच्छा ममा आएर फलीभूत भएको हो कि ! उहाँहरू भन्नुहुन्थ्यो रे– हाम्रो सन्तानले संस्कृत वाङ्मयको कुनै ज्ञानभण्डारमा प्रवेश पाओस् । त्यसैले मैले पूर्वीय शास्त्रीय सङ्गीतमा रूचि राखें भन्नुपर्‍यो । म भक्ति साहित्यमा पसेर आफैंभित्र हराउँछु । सङ्गीतसँगै जोडिएर आनन्द लिन्छु, गुन्गुनाउँछु । यस्तो मौका पर्‍यो भने खुलेर आफ्नै ढङ्गले आफ्नै स्वरमा गायन गर्छु । भक्त कविले आफ्नो आराध्यलाई कुन भावले, कुन रूपले हेर्छ त्यो बुझिनसक्नु छ । कविको विद्वत्ता, दृष्टिकोण र उसको आत्मनिवेदनमा पाइने विह्वलता र समर्पण अनिर्वचनीय छ । म पनि भक्त कविसँगै हराउँछु । शङ्कराचार्यले आफ्ना आराध्य गौरीशङ्कर (शिव) लाई कल्पित वस्तु अर्पण गरेर आश्चर्यचकित गराएका हैनन् र ! यस्तै भक्तिमय भावकूपमा निमज्जन गर्दा जुन आनन्द मिल्छ, शायद भन्न सकिन्न, मात्र अनुभूति लिन सकिन्छ । यो मेरो व्यक्तिगत धारणा हो । यसबारे म धेरै जान्दिनँ पनि भन्दिनँ पनि । मैले जे अनुभव गरें, जे बुझें त्यो भनें । यत्ति नै हो ।

तर शब्द सङ्गीत, भाव सङ्गीत र लयमाधुरीलाई समेटेर लट्ठ पार्ने मनको भक्तिगीत चाहिं अर्कै छ । म मनमनै त्यसैको गायन गर्छु, जस्तो : *श्रित कमला कुच मण्डल धृत कुण्डल हे !"*

एकछिन रोकिएर थपी, 'तिमीले मलाई प्रतिप्रश्न गरेनौ र मेरो चिन्तन र व्यवहारलाई आफ्नै ज्ञानले थिच्न चाहेनौ, त्यसैले मैले आफ्ना कुरा खुलेर भनें । तर्क-वितर्क र विवाद उठेन । मलाई प्रसन्नता भो । जे भए पनि शान्त भएर मेरो विचार त सुनिदियौ । मैले त तिमीप्रति आभार जनाउनुपर्ने हो ।'

'प्रश्न त मैले गर्न बाँकी छ, तर परिवेश र हिजोको बारेमा । यदि तिम्रो अनुमति भए सोध्छु । नभए फेरि कुनै वेला ।'

'प्रश्न के हो सोधिहाल । म छोटो उत्तर दिने यत्न गर्छु ।'

'यो इलाकामा हिजो धेरै चर्च थिए रे, फेरि आज यस्ता यस्ता कम्युनिटी सेन्टर र प्रार्थनास्थल कसरी ? यतिका देउता कसरी मान्य भए यो समाजमा ?'

'मान्छेले बुझ्के संस्कृति फेर्न सकिन्न । त्यो अन्तर्वस्तु हो, भावगत हो । फेरें भन्नु असत्य हो र बाहिरी कुरा मात्र हो । हाम्रो समाजले हठको परिवर्तनलाई रुचाएन किन्तु भौतिक उन्नतिलाई अँगाल्न बिर्सेन । केही अल्मलियो पनि । फेरि आफ्नै संस्कृतिमा फर्क्यो र फर्केपछि रमायो, सङ्लियो । यसैमा खुशी देखियो । आफूलाई मनपर्ने देव-देवी समक्ष स्तुति र प्रार्थना गर्दा उनीहरूको आयु पनि बढ्यो, जीवन निर्विकार देखियो । त्यसैले मान्छे चर्चमा जान छोडे, चर्च आफैं ढले, आफैं बिलाए । समाजले चर्चको उपेक्षा र निन्दा चाहिं गरेन । देखेनौ, जिससलाई हाम्रै गुरुकुलको विद्यार्थी भनेर ससम्मान राखेका छौं र फेरि यो कम्युनिटी सेन्टर (सामुदायिक भवन) चाहिं चर्चकै भूमिमा राखेका छौं । यो सम्मान हो नि !'

मेघमालाले प्रसङ्ग जोडी, "कुरा चलिहाल्यो, अलिकति थपौं है । एक्लो मान्छे परिवार होइन, हुँदैन । साथी भएपछि वा थपिएपछि परिवार बन्छ । हाम्रो देउताको परिवार ठूलो छ, त्यसैले भित्ताभरि फोटा छन्, देख्यौ नि हैन ? तर ती देव-देवी भिन्नभिन्न गुण र धर्मले चिनिन्छन्, भिन्न शक्ति र विशेषताका कारण सम्मानित छन् । जसले जस्तो कामना राख्तछ उसले त्यस्तै देवताको उपासना गर्छ । फेरि दैवी लीला पनि अनेक छन् । मान्छे देउता हुन सक्तैन, किनकि ईश्वर अजर, अमर र अजन्मा हुन्छ । औतारी हुनु अर्को कुरा हो र देवत्व प्रदान गर्नु अविद्या हो । त्यसको चर्चा अहिले उचित छैन पनि । सम्झ त्यो विभु, अक्षर र निर्विकार तत्त्व हो । बोधगम्य छ ।

यदि मलाई सोध्यो भने म यति नै भन्छु– पृथक् पृथक् व्यञ्जनको स्वाद लिन र पृथक् पृथक् स्वभाव र गतिविधिसँग रमाउन मन लाग्दा विविध देवताको स्वरूप र लीला खोज्न मन घुम्छ । रुचि परिवर्तन र विविधताको चाहनालाई परिपूर्ति गर्ने क्रममा नै देवताको ठूलो परिवारलाई हामीले स्वीकार गरेका हैनौं र ! त्यसैले हाम्रा देव-देवीको चरित्र गाथामा रमेर अपूर्व आनन्द लिन सकिन्छ । अझ दृष्टि दिने र बाटो देखाइदिने गुरु मिल्यो भने झन् के चाहियो र ! परन्तु गुरुले अपात्रमा ज्ञान-दीप बाल्दैन, न दृष्टि दिन्छ, बरु ऊ स्वयं तर्किदिन्छ । मैले यस्तै ठानेकी छु ।

अँ, यो पनि भनौं, हामीले एउटा चिन्तन लिएका छौं । हामी अर्काको धर्मलाई होच्याएर वा तुच्छ प्रमाणित गरेर आफ्नै धर्मलाई ठूलो वा श्रेष्ठ भन्दैनौं ।

होच्याउनेहरू होलान्, हामीले जित्नु छैन । आफूसँग नभएको कुरा अर्कासँग छ भने त्यसलाई होच्याउने, बिगार्ने, हेप्ने या त्यसमा दोष देख्ने प्रवृत्ति दुष्टताको संकेत हो र त्यो सर्वथा अमानवीय हो । त्यस्तो रोगबाट हामी जोगिने गर्छौं ।

आफ्नै मनमा लागेको कुरा भन्ने ज्ञान र सीप दुवै मसँग छैन । त्यसैले म तिमीलाई सम्झाउन पनि सक्तिनँ । कुरा तलमाथि पर्लान्, तिमी मिलाएर बुझ ।" मेघमाला यसपटक आफैं लज्जाबोध गरेर दुई पाइला पछि सरी र मरीमरी हाँस्न थाली ।

फेरि श्वासगतिमा परिवर्तन ल्याई र आफूलाई पूर्ण नियन्त्रणमा राखेर भनी, 'ईश्वरत्व व्यापक छ, महान् छ । मानवको चिन्तन अल्प, अपूर्ण र अस्थिर छ । त्यसैले अल्पज्ञानवाला मानव महान्, पूर्ण, व्यापक र सूक्ष्म ईश्वरीय तत्त्वलाई सम्पूर्णतः जान्न सक्तैन । मैले यस्तै कुरा पढेकी छु । अपूर्ण मानवले ईश्वरबारे पूर्ण ज्ञान लिन सक्तैन भन्ने आशय हो । मेरो बुझाइ पनि यही हो । आफैंतिर फर्कनु राम्रो हो कि ! ईश्वरलाई जुन रूपमा जहाँ जसरी हेरे पनि हुन्छ, कति सरल छ । गजब होइन !'

फेरि थपी, 'मेरो शब्दकोश सानो छ । कति भन्न सकें म जान्दिनँ । हाम्रा कुरा सकिंदैनन् । अब फर्कौं । तिम्रा लुगा धुनुपर्ने होला । मेशिनमा हालिदिन्छु । तुरुन्त तयार हुन्छ ।'

तेन्जिङले थाह पायो, संवादले अर्को प्रसङ्ग टिप्यो । वास्तवमा तेन्जिङ यस विषयमा कहिले रत्तिभर चिन्तित भएन । किनभने ऊ मात्र एउटा भित्री गन्जी लाउँथ्यो । प्रतिदिन विभूति हालेर माड्थ्यो, धुन्थ्यो, निचोर्थ्यो, झड्कार्थ्यो र तुरुन्तै लगाउँथ्यो । पातलो वस्त्र भएको हुनाले केही बेरमा शरीरमा नै सुक्थ्यो । आयो खास्टोको कुरा, त्यो पनि जनकनन्दिनी सीतामातालाई ऋषिपत्नीले दिएको फरिया जस्तो थियो— सधैं निर्मल र सधैं पवित्र । त्यसैले धुनुको कुनै औचित्य थिएन । परन्तु यो रहस्य मेघमालालाई थाह हुने कुरै थिएन । उसको प्रस्ताव स्वाभाविक पनि थियो, व्यावहारिक पनि । किन्तु तेन्जिङले कुनै प्रतिक्रिया दिएन ।

हरित पर्वतको शिरदेखि काखसम्मका गाउँ-बस्तीहरू पत्रै-पत्र विद्युत् प्रकाशले झलमल्ल देखिन्थे । आज बादलमुक्त सन्ध्या यी अभ्यागतहरूका लागि खुलेर स्वागत गर्दै थियो । काठको घर माथिको तला । आफ्नै कक्षमा पुगेर बत्ती बालेनन् । मेघमालाको रुचि यस्तै थियो— कुनै कुनामा सानु-मधुरो प्रकाश रहोस् र सीसाको झ्यालबाट बाहिरको साँझको दृश्य अघाउञ्जेल हेर्न सकियोस् । उसले त्यसै गरी । तेन्जिङ पनि त्यहीं पुग्यो ।

के सुर आयो कुन्नि ! मेघमालाले झ्याल खोली । तत्काल यति चीसो हावाले प्रहार गऱ्यो कि ऊ तेन्जिङसँग ठोकिन पुगी । तुरुन्तै उसले आफूलाई सम्हाली र भनी, 'क्षमा गर है, मैले तिम्रो हात दुखेको छ भन्ने बिर्सिएँछु । आऊ बस, म दवाइ लाइदिन्छु । फेरि केही खाएर तातो पानीमा पस्नुपर्छ ।'

तेन्जिङको आफ्नै रुचि र प्रस्ताव कुनै थिएन । मेघमाला जे जे भन्छे, जे जे गर्छे त्यो मान्य हुन्थ्यो उसका लागि । उसले फोन गरी । कोदाको तोङ्बा, पोलेको आलु, चौंरीको चीज र सुकुटी आइपुग्यो ।

तोङ्बाको सारमा तेन्जिङको पाखुरामा औषधि लगाउँदा लगाउँदै उसले भित्री गन्जी पनि निकालिदिई । अनि, यो पनि धुने वेला भएछ भन्दै सुँघेर के राखेकी थिई, फेरि टिपेर सुँघी, फेरि सुँघी र थपी, 'धुनुपर्ने भएको छैन कि ? पसिना त गन्हाउँदैन ।' उसलाई आश्चर्य लाग्यो । तेन्जिङको सर्वाङ्ग उसलाई सुगन्धित अनुभव भयो ।

के मन लाग्यो, ऊ त्यहाँबाट सरी र सानु मधुरो बत्ती पनि निभाई । उसले सहसा कल्पना गरी– ऊ केराउको कोसा उघारे जस्तै आफ्ना आङका लुगा उघारेर तेन्जिङको नाङ्गो शरीरमा टाँसिन पुगी । तेन्जिङको उत्तप्त शरीरको स्पर्शले ऊ यसरी पग्लिई, जसरी आगोको छेउमा नौनी पग्लन्छ ।

सचेत भएर उसले मनमनै अभ्यर्थना गरी– 'प्रिय तेन्जिङ आज मेरा लागि तिमी इन्द्रिय निग्रह नगर, खोलिदेऊ, छोडिदेऊ, मलाई यौवन-विलासको पूर्ण आनन्दमा डुब्न देऊ । यो दुर्लभ आत्मसुखबाट मलाई वञ्चित नगर । कृपया, कि सुकाइदेऊ मलाई, कि बगाइदेऊ मलाई, कि इन्द्रिय निग्रहको दीक्षा देऊ मलाई । मेरो विह्वलतालाई बुझ र कामज्वर प्रशमन गर्ने उपाय गर । समर्पित छु । ज्वराक्लान्त जस्तै छु । म पराजित छु । तिमी विजयी हौ । उपचार गर, म उपकृत हुनेछु ।'

तेन्जिङले आफ्नो शरीरमा गति र शक्ति सञ्चार गऱ्यो र शिवले सतीलाई बोकेर हिंडे झैं चौंरी गोठालीलाई तातो पानीको कुण्डतर्फ लिएर गयो ।

यस पटकको रुचि र अभ्यर्थनामा समर्पण थियो र लीलामा समभाव थियो । त्यसैले होला तेन्जिङको लोमवान् शरीरको स्पर्श र घर्षणको रागबाट ऊ विरत रहन सकिन । पौरुषयुक्त सुवास र आकर्षणको अन्यतम हेतु रहँदै गयो ऊ ।

मेघमाला ब्यूँझिई । स्वप्नलीलाको आनन्द छुटेकोमा उसले किञ्चित् नमिठो मानी । कुखुराका भाले नबासेका भए शायद सपना लामो हुन्थ्यो । कुकुर भुकेर पनि सपना भाँडे । गाउँघर भर्खरै उठ्न थालेको थियो । पूर्वको डाँडा पछाडि नूतन

अस्त्रणिमा फैलिंदै थियो । प्रभात कालको यस्तो सुषमा-सौन्दर्य यसरी अनायास देख्न पाउनु पनि अहोभाग्य नै भन्नुपर्थ्यो– बादलको खास्टो ओढ्ने यो पर्वत श्रेणीमा ।

सपना छुटे पनि ऊ गद्‌गद भई । मनमा प्रसन्नता र शरीरमा हलुकापन आएको अनुभवले ऊ कताकता आफैंसँग लजाई । यो खुशी र आनन्द कसैलाई बाँड्न चाही, किन्तु कसलाई ? उसले आफैंलाई प्रश्न गरी । अनि ओछ्यानबाट उठेर झ्यालमा पुगी । कुकुरलाई अघिपछि लगाएर तेन्जिङ तलबाट यतै उक्लँदै थियो । उसले चौंरी गोठको दृश्य सम्झी । अघिल्लो पटक पनि ऊ यसैगरी आउँदै थियो पारिको गाउँमा पुगेर । बिहान-बिहान घुम्ने बानी थिएछ उसको, उसलाई मीठो स्वप्न-निद्रामा पारेर । यसपटक ऊ भित्रैदेखि मस्किई । र प्रातः चर्यातर्फ लागी ।

तेन्जिङ पस्न लाग्दा ऊ हुत्तिएर प्रवेश–द्वारमा पुगी । द्वार खोलेर उसको स्वागत गरी । यस्तो लाग्थ्यो ऊ प्रोषित पतिका थिई र प्रियको आगमनमा प्रोत्साहित हुँदै अनायास सम्मुख पुगेकी हो । त्यहाँ कवि भए सपना, प्रणय र मनोदशालाई मिलाएर एउटा सुन्दर काव्यांश लेख्तो हो ।

स्वप्न–सम्भोगका लीला–दृश्यहरू सम्झेर होला, तेन्जिङसँग आँखा जुध्नासाथ उसले दृष्टि लुकाई । उसको स्वप्न-विलासमा तेन्जिङ पनि प्रत्यक्ष सहभागी थियो– ऊसँगै । सपना र सत्य छुट्याउन नपाउँदै कुकुरले आएर उसलाई घेरे, अनि तेन्जिङ भित्र पस्यो । लाग्छ सबै कुरा नियमित हो, यथार्थ हो ।

योगासनकै क्रममा भाव–नृत्य गर्दा बजाएको सङ्गीतको धुन उसले स्वाभाविक रूपले बन्द गरी र केशराशि सह्यार्दै सजिलो देखिई । औपचारिकतालाई ध्यानमा राखेर अनौपचारिक ढङ्गले तेन्जिङले यति मात्रै भन्यो, 'बज्न दिएको भए हुन्थ्यो नि यति मीठो सङ्गीत ।

चमेना आइपुग्यो । मेघमालाले आँखैले यता उता खोजी तेन्जिङलाई । ऊ चीसो लुगा लगाउँदै आउँदै थियो । 'बस, चमेना गरिहालौं । म तिमीलाई नै पर्खंदै थिएँ ।' उसले विधि मात्र पुऱ्याई । फेरि थपी, 'नुहाएर आएको हौ ? साँझ सँगै डुब्थ्यौं नि कुण्डमा ।'

'अहिलेको यो स्नान चाहिं सांस्कृतिक हो । अनिवार्य भनौं कि बानी, यो त गर्नै पर्छ नत्र असजिलो लाग्छ, केही बिर्से जस्तो हुन्छ । बेलुकाको स्नान त श्रमको स्नान हो, शायद त्यो ऐच्छिक मात्र हो कि भन्ने ठान्छु । किन्तु भौगोलिक कारणले यहाँ त्यो कुण्डस्नान नियमित र सांस्कृतिक भएको होला– काम सकेर वा समय निकालेर पनि डुब्नु पर्ने ।'

'चमेना गरेर बाटो लाग्नु पर्ने, खाली हात नजाने भनेर सामान पनि आइपुग्यो । तर मलाई यो आनन्द छोडेर हिंड्न मन छैन आज । किन हो यै आनन्दसँग रमेर बसौं जस्तो लाग्दै छ । यो आनन्द हुञ्जेल यहीं बस्न पाए हुन्थ्यो, के गरौं ?' मेघमालाले मनको कुरा भनी ।

'आफैंसँग रमाउने हो भने जहाँ जतिखेर पनि रमाउन सकिएला कि ? यदि परिवेश वा कुनै माध्यम वा स्थानको पनि भूमिका त्यसमा रहन्छ भने लिइरहेको आनन्दमा किन क्षति पुऱ्याउनु ? अब आफैंले निर्णय लिने हो कि ?' तेन्जिङले प्रस्ताव राखे झैं गऱ्यो ।

'हुन त यहाँबाट एक बिहानको बाटो हो । घोडा भए जीउ छाडेर घोडामाथि बस्नु हुन्थ्यो । यसवेला भैसक्यो– चरनमा निस्किसके क्यार । बेलुकै भन्न पाएको भए तयार गरेर ल्याउँथे । फेरि कसरी थाह हुन्थ्यो र आज मन अल्छे हुन्छ भनेर ! के के नमिले जस्तो ! अनि यही नमिल्नुले धेरै कुरा मिलाए जस्तो नि हकि !'

'हो, त्यस्तै होला कि !' यसपटक तेन्जिङले लामो हाई गऱ्यो । उसको हाईमा आलस्य थियो या अभिनय उसले लख लगाउन सकिन । किनभने ऊ भिन्न मनोदशामा थिई– झन्नैभन्नै स्वप्नरतिमा । त्यसैले उसका लोलाएका नशीला आँखाले आलस्य जाहेर गरे झैं लाग्थ्यो ।

तेन्जिङले गएर झ्यालको पर्दा साऱ्यो । ऊ बाहिरको प्रकृति हेर्न उत्सुक देखियो । हेरिरह्यो । मेघमाला पनि पुगी । अनि 'चिसै लुगा लगायौ नि !' भनेर तेन्जिङको पिठ्यूँमा ओढ्नेभित्र हात घुसारेर भनी, 'सुक्यो कि के हो, चीसो त छैन ।'

'स्नान गर्दा धोयो, निचोऱ्यो, फट्काऱ्यो, लगायो । बस्, फेरि सुक्न थाल्छ । त्यो के कुरा हो र !'

'अनि खास्टो ?'

'अँ त्यो पनि ठिकै छ । पवित्र छ, निर्मल छ । खासै चिन्ता लिनु छैन । यी फरक-फरक प्रकृतिका वस्तु हुन् । त्यति नै हो ।'

'मेरो मनको कुरा पुग्यो नि थाह पायौ, आज हाम्रो हिंडाइ हुँदैन । हेर न, आकाश भरिएर आयो । यस्तोमा हिंड्न सकिंदैन ।' उसले टेलिफोनको बटन चलाएर भनी, 'भोलि पूर्वाह्न राम्रो छ, अपराह्न अहिलेको जस्तै मौसम बिग्रन्छ । मौसम विभागको संकेत यही हो ।'

आकाश, प्रकृति बिग्रँदै गयो, हावा सन्सनाउँदै रह्यो । कुकुरहरू कुना-कुना खोज्न थाले ।

मेघको हुंकार र बिजुलीको चकमबाट तेन्जिङ जति आनन्दित हुन्थ्यो, त्यसको विपरीत मेघमाला मनोलोकमा फर्केर अत्यधिक रोमाञ्चित हुनपुग्थी ।

उसले भनी, 'जाऊँ, तातोपानीमा डुब्न जाऊँ ।'

उसले भन्यो, 'अलिक भरे जाउँला नि, बरु तिमी ओढ्ने ओढेर ओछ्यानमा बस ।'

'बादल घुर्घुराउँदैछ, झ्यालबाट रमाइलो हेरौं । तिमी पनि आऊ । झ्याल लगाइदेऊ, कोठा चीसो भयो ।' अनि उसका हात समाएर भनी, 'आऊ ! आम्मै नि कस्तो तातो तिम्रो हात ।' फेरि नाडी र पाखुरामा छामी र भनी, 'यो त तिम्रो दुखेको हात हो नि ! आऊ म औषधि लगाइदिन्छु, फुर्सतै छ । बरु भरे नलगाउँला, हुन्न ?'

अब उसले तेन्जिङको सलोम विग्रहको अभितः परिक्रमा गरी– यथेच्छ, आतृप्त । शायद सपनाले पूर्णता लिनु थियो वा स्वप्नकामना यथार्थमा आउनु थियो, जसरी गुने पनि हुने थियो ।

कार्तिकनन्दन कुकुरलाई पनि तिनको ऋतु-ऊर्जाले छुन थालेको थियो । त्यसैले होला प्रकृत लीला गर्न तम्से झैं देखिन्थे– एक अर्कालाई पछ्याएर ।

विद्यार्थी उमेरका एक जोडी केटाकेटी, बिहान सबेरै तीनवटा घोडा लिएर सामुदायिक भवनको पाहुना-घरमा पुगे ।

तेन्जिङ घोडीमाथि सवार भो, अश्व-पालकले त्यसैलाई उसका अगाडि पुऱ्याएको थियो । मेघमाला घोडामा चढी । कुन लिङ्गले कुन लिङ्ग उपयोग गर्ने भन्ने प्रश्नले नेपाली समाजमा सांस्कृतिक, व्यावहारिक दृश्य लिइसकेको थिएन कि ! के हुनुपर्ने त्यो कुनै सन्दर्भ नै थिएन शायद ।

अश्वपालक अथवा सइस भनौं कि, यिनको जोडी एउटै घोडामा चढ्यो । घोडा गतिलै देखिन्थ्यो– ज्यानदार । यसले पनि अगाडिका घोडाको बाटो लियो ।

झन्नै आधा बाटोमा सार्केन लामाको पसल थियो । बिसौनी मारे, चमेना गरे । घोडालाई पनि दाना दिए । फेरि बाटो लागे । उकालो, घुम्ती, ठाउँ-ठाउँमा चिप्लो र हिउँको अवशेष देखिने हुनाले अश्वारोहीलाई पनि सकस त पर्थ्यो नै, फेरि तेन्जिङ जस्तो अनभ्यस्त यात्रुलाई घोडाको सवारी त्यति स्वाभाविक थिएन ।

घुम्ती काटिसकेपछि एउटा सुन्दर मैदान देखा पऱ्यो । हेलिकोप्टर बसेको रहेछ । तीन चारवटा पालघर पनि थिएछन् । पालको छानामा चित्रलिपि चित्रकै स्वरूपले अङ्कित थियो । किनारामा अङ्ग्रेजी पनि थियो । NCFU अर्थात् *नेपाल-*

*चीन मैत्री विश्वविद्यालयका* विद्यार्थीहरू खोज अनुसन्धानका लागि आएका होलान् भनेर सङ्गति मिलाउन सकिन्थ्यो– सोचाइमा ।

टाढाबाट हेर्दा यो विशाल फाँट योगिराजको गुफाको आँगन जस्तो छ । विश्वविद्यालयका विद्यार्थीहरू निर्भय छन् । अहिले मौसम पनि राम्रो छ । तुरुन्तै फेरिन सक्छ । सानो बालक जस्तै छ यहाँको मौसम, एकै छिनमा हाँस्छ, एकै छिनमा धुम्म पर्छ । वेलावेला त आँसुमा पनि हाँसो छर्छ, शिशुमय प्रकृति ।

मेघमालाको फोनको घण्टी बज्यो । उसले फोन समाई, सुनी र राखी । तेन्जिङले उसको अनुहारमा आएको परिवर्तन लक्ष्य गऱ्यो । आँखाको भाव पढ्न खोज्यो । उसले आँखा लुकाई ।

तेन्जिङ घोडाबाट ओर्ल्यो र मेघमाला चढेको घोडाको छेउमा पुग्यो । तेन्जिङको सहारामा घोडाबाट ओर्लिंदा उसले घप्लक्क अँगालो हाली । ऊ यसरी टाँसिई– छुट्न मानिन । केही बेरपछि तेन्जिङलाई कसेको बाहुबन्धन उसले खुकुलो पारी । तेन्जिङले उसलाई आफ्नै सम्मुख पारेर सोध्यो, 'तिमीलाई फर्कन ढिलो होला कि ?'

मेघमालाले अर्कातर्फ फर्केर एकदुई पटक घुँक्क-घुँक्क गरेर रोदन पूरा गरी र पानीले मुख पुछेर शान्त देखिने चेष्टा गरी । केटाकेटी (सइस) लाई घोडा जिम्मा लगाएर तेन्जिङ र मेघमाला योगीको गुफातर्फ लागे ।

'प्रभु ! म पर्खंदै थिएँ, यत्रो विलम्ब किन ? यत्रो दण्ड ?' ऊर्ध्वचेतालाई देख्नासाथ योगीले अश्रुपूर्ण भएर रूद्धकण्ठले भने । उनी भावविह्वल थिए । यस्तो लाग्थ्यो– हराएको सन्तान फर्किएर आएपछि आमाको हृदय-सागर उर्लेको हो । तेन्जिङप्रति योगीको विह्वलता देखेर चौंरी गोठाली विस्मित बनी ।

चौंरी गोठाली मेघमालाले बाबाको लागि भनेर लगेको कोसेली अगाडि सारी । बाबाले स्वीकार गरे । दतिवनको सिन्को, चामल र जौको सातु र मह थियो । अल्पाहारी सन्तका लागि यथेष्ट थियो । आलु, मकै र भटमासको कमी थिएन उनको भण्डारमा । दूध, दही र चीज सुलभ थियो उनका लागि । किन्तु आगन्तुक अतिथि वा भक्तजनका लागि नै ती सुरक्षित हुन्थे ।

बाबा यसै गुफामा बस्थे । ग्रामीण जनताले काठ ओछ्याइदिएका थिए । दुई-चार पाहुना पनि अट्थे । तर आगन्तुकको मात्रा बढ्न थालेपछि गुफाकै छेउमा एउटा अतिथि कक्ष निर्माण गरिएको थियो । त्यसमा सबै कुराको व्यवस्था थियो । राडी, पाखी, गलैंचा तथा शयन थैलो (स्लिपिङ ब्याग) जे चाहिन्छ आगन्तुकले उपयोग गर्न सक्थ्यो । जाँगर भए पकाएर खान सक्थ्यो । दुर्गम

तथा हिमश्रृङ्खलाको काख भए पनि आवश्यक न्यूनतम वस्तुहरूको कमी थिएन । यहाँसम्म कि कदाचित् औषधिहरूको खाँचो पनि टर्थ्यो ।

योगीबाबा अत्यन्त सरल थिए । आफ्नै कुरा सबैले मानून् भन्ने सोच उनको थिएन । उनी आफ्नै लक्ष्यमा केन्द्रित थिए– साधनामा । अरूलाई त्यो बाटोमा हिंडाउने कामना उनीसँग थिएन । यथार्थतः उनी अपरिग्रही नै थिए । फेरि पनि कसैले प्रेमले दिएको कोसेली उनी स्वीकार गर्थे र कसैले पकाएर दिएको भोजन पनि नाइँ-नास्ति नगरी ग्रहण गर्थे । सन्तुष्ट रहन्थे । प्रेमी-जनको मन राखिदिन्थे ।

प्रत्येक नयाँ आगन्तुकका लागि उनी जटिल, दुर्ज्ञेय लाग्दथे तर संवाद गर्दै गएपछि मृदु-स्वाद हुन पुग्थे । अनि त्यहाँबाट हिंड्ने वेलामा आगन्तुक अश्रुमुख हुँदै फर्कन्थे । जान्नेहरू भन्छन्–विहार, मुजफरपुरको निराला निकेतनमा भेटिने गीतकार आचार्य जानकीवल्लभ शास्त्री र यी बाबाको स्वभावमा खासै भिन्नता थिएन । यी दुवै साधकहरू भिन्नभिन्न समयका आचार्य हुन् कि न !

हेलिकोप्टरको ध्वनि गुफासम्म आयो । हेलिकोप्टर ओर्लने उड्ने भइरहन्छ–राम्रो मौसममा । यो सामान्य जस्तै हो-गुफाको आँगनमा । खोल्सी पारि अर्को पनि थियो–पालहरूको छेउमा ।

एउटी भद्र महिला गुफाभित्र आइन्, बाबाले उठेर उनको स्वागत गरे । वृद्धावस्थाका कारण बाबा ढल्मलाए । भद्र महिलाले उनलाई थामेर बस्न सहयोग गरिन् ।

'तासिदेले मेम ।' मेघमालाले अभिवादन गरी ।

'अन्नपूर्णा ! तिमी जान्दथ्यौ प्रोफेसर ससाङ्लाई ?' उनी चौंरी गोठालीलाई अन्नपूर्णा भन्ने गर्थे ।

'उहाँ त बौद्ध दर्शन र संस्कृतिको प्रोफेसर हुनुहुन्छ, मेरो टीचर ।'

'आचार्य ! म अहिले उनकै गाउँमा जान लागेकी हुँ, घुमाउरो यात्रा गरेर यहाँ आइपुगें । खोल्सी पारि पाल टाँगेर हाम्रा विद्यार्थी बसेका हुन् । यिनैको तर्फबाट म हजूरसँग अनुरोध गर्न आएकी हुँ ।'

'त्यस्तो के होला जो प्रोफेसरको सिफारिश चाहिने भो ?'

'आचार्य, हाम्रा अग्रजले जुन व्यवस्था फ्याँके र नयाँ व्यवस्था ल्याए, त्यसैको सुन्दर प्रतिफल होइन र आजको सुव्यवस्था र विकास ?'

'अवश्य, यो त इतिहासबद्ध भइसकेको कुरा हो । थोरै थोरै अहिले पनि मलाई सम्भना छ ।' आचार्यले तेन्जिङलाई लक्ष्य गरे– 'त्यसवेला मेरो आयु उहाँकै जस्तो थियो– २०/२२ को । हामीले– जनताले धर्मनिरपेक्षता, संघीयता, गणतन्त्र र

समानुपातिक शूल मिल्कायौं र आजको विधान ल्यायौं । अब कुनै विदेशी शक्तिले आँखा लगाउन सक्तैन दुराशयले । मित्रता, सहयोग र समभावका लागि हामी उदार छौं । हामी सम्मान गर्छौं र लिन्छौं पनि ।'

'आचार्य, मेरा विद्यार्थीहरू हजूरसँग संवाद गर्न चाहन्छन् । हजूरको अनुभव र विचारबाट उनीहरू लाभान्वित हुन सकून् र यो मुलुकले आफ्नो अतीत एकपटक फर्केर हेरोस् र इतिहासको नवलेखन होस् भन्ने कामना हो । पारि छन्, म उनीहरूलाई बोलाऊँ कि ?'

'अवश्य, म यहीं छु ।'

प्रोफेसर ससाङ् लामा टेलिफोनका बटन चलाउँदै गुफाबाट बाहिर निस्किइन् ।

'अन्नपूर्णा, तिमी पनि उहाँसँग कुरा गर, तिम्रो बाटो मिल्छ कि !' आचार्यले संकेत गरे । प्रोफेसर ससाङ्ले फोन कल टुंग्याउने बित्तिकै मेघमाला उनका सम्मुख पुगी ।

विद्यार्थीहरू गुफाको द्वारमा पुग्नुअघि उसले तेन्जिङलाई भनिहाली, 'म तिमीलाई गोठमा पुऱ्याएर जान्छु.... के गर्छौ ? यहीं बस्छौ कि जान्छौ ?'

'महत्त्वपूर्ण कुरा हुन्छन् जस्तो छ, आचार्यसँग । अहिले म यहीं हुन्छु । तिमी आएपछि सँगै जाउँला नि हुन्न ? मलाई हतार छैन । क्यै बित्तैन । तिमीलाई अप्ठ्यारो छ, तिमी आफ्नो कर्तव्यलाई ध्यान देऊ ।'

'आयु र समय पनि बित्तैन ?' उसले थोरै गुलाबी तीर हानी ।

आचार्यले विद्यार्थीहरूको स्वागत गरे । प्रोफेसर ससाङ्ले गुफा बाहिरै अनुशासनको मन्त्रणा दिइसकेकी थिइन् । सबै संयमित देखिए ।

प्रोफेसर ससाङ् र चौंरी गोठाली मेघमाला गौरीशङ्करको प्रसाद टिपेर बिदा भए । जाँदा जाँदै पीडा र तिर्खाको अनुभव सञ्चार गर्दै मेघमालाले तेन्जिङसँग आँखा जुधाई । अहिले उसका आँखाको भाव पढ्न सक्ने स्थिति थिएन । शायद आँसु छचल्किंदै थिए ।

घोडा चालक केटाकेटीलाई घर फर्कने सल्लाह दिएर ऊ प्रोफेसर ससाङ्सँगै हेलिकोप्टर चढी ।

◆◆

# एकपक्षीय केलि

योगी महाराजलाई अघिअघि ऋतु चक्रको प्रभाव पर्थ्यो । भेडा–चौंरीलाई जस्तै उनलाई पनि उँधौली उभौलीले छुन्थ्यो । अहिले उनी यतै स्थिर देखिएका छन् । उनको समाज यतै निर्माण भएको छ । उनी स्वयं तीर्थ भएका छन् । दुर्गम होइन सुगममा पर्न थालेको छ– उनको तपोभूमि । झन् गुगल म्यापले त उनको कन्दरालाई मूल सडकबाट मात्रै एक माइल उत्तर–पूर्वको दूरीमा देखाउँछ । त्यसैले आगन्तुकहरूको चहल–पहल बढ्न थालेको हो कि !

योगी जुन कन्दरामा रहन्थे त्यसै परिसरमा किञ्चित् दूरीमा ह्लासावासीहरूले अतिथि घर बनाइदिएका थिए । बाटो परेर आउने र योगीको कन्दरामा जाने पुग्नेहरू अतिथि घरको उपयोग गर्दथे । यद्यपि अतिथि घरको माग योगीको थिएन । आगन्तुकहरूको यातायात र रुचिलाई ध्यानमा राखेर उनले पुस्तकालय भवनको खाँचो अनुभव गरेका थिए ।

एक पटक नेपाल–चीन मैत्री विश्वविद्यालयका कुलपति आफैं योगीको कन्दरामा पुगे । उनले योगीलाई कुनै किसिमको सेवा–सुविधा उपलब्ध गराउने रुचि देखाएपछि योगीले पुस्तकालयको आवश्यकता रहेको अनुभव सुनाए । त्यसपछि विश्वविद्यालयकै अंगको हैसियतले योगीको कन्दराको छेउमा पुस्तकालय बन्यो । त्यससँगै गेस्ट हाउस, चिकित्सा कक्ष र क्यान्टिन पनि निर्माण भए । आवश्यक र महत्त्वपूर्ण सामग्रीका साथ पुस्तकालय मांसल र पूर्ण देखिंदै गयो । आजको भाषामा भन्दा यो एक किसिमको विशिष्ट रिसर्च सेन्टरको रूपमा स्थापित भयो । नेपाल र चीन बाहेक अन्य मुलुकबाट आउनेहरू अनुमति लिएर पुस्तकालय र गेस्ट हाउसको उपयोग गर्न पाउँथे । सामान्य आगन्तुकका लागि कुनै शर्त तथा बन्देज थिएन । गेस्ट हाउसको क्यान्टिनमा स्थानीय उत्पादनका वस्तु र खानेकुरा पाइन्थे ।

योगीको कन्दरा पनि अब प्राचीन कालको जस्तो थिएन– गर्भ फेरिएको थियो । ह्लासावासीहरूले पहाडभित्र काठको गुफा हुन्छ भन्ने नमूना खडा गरेका थिए ।

यथार्थतः गुफा र काठको विन्यासलाई पृथक् ठानेर हेर्न सकिने दृश्य त्यहाँ थिएन । गुफा र काठको एकाकार स्वरूप निर्माण गर्ने कलामा ह्लासावासी वास्तुविद्को कौशल, चेतना र विवेकको प्रशस्ति गाउनै पर्छ । अन्य भौतिक वस्तुहरूको वैज्ञानिक परिपूर्ति चाहिं विश्वविद्यालयको योजना भित्रै थियो । त्यसैले यस्तो लाग्थ्यो कुनै पनि वनवासी होस्, कन्दरा प्रेमी होस्, त्यागी होस्, कुनै न कुनै रूपले कतै न कतैबाट थाहै नपाइ बाँधिन पुग्छ । अनि सांसारिक देखिन जान्छ– आफ्नै स्वभाव र शक्तिमा यथावत् रहन सक्तैन, पाउँदैन । परिस्थिति र युगका जञ्जालमा ऊ घेरिन जान्छ, मानव आफ्नै चेतना र सतर्कताबाट थाहै नपाई चिप्लिएकै रहन्छ ।

जगच्चक्षु सूर्यको पहिलो किरणसँगै एउटी किशोरी योगीका अगाडि पुगी । उसका हातमा काठको सानु माली थियो । जतनसँग समाएकी थिई । 'आचार्य, म सत्या' भनेर उसले आफ्नो उपस्थिति जनाई ।

'ए, तिमी आइपुग्यौ नि ! विद्यार्थीहरूले जान्न खोजेको कुरा पाए र पढे भने पुस्तकालयको औचित्य सिद्ध हुन्छ । खुशी छन् उनीहरू ?'

बाहिरबाट घोडा हिन्हिनाएको ध्वनि गुफाभित्र आयो । हातको माली योगीका हातमा जिम्मा दिंदै भनी, 'आचार्य, म आइहाल्छु । यो हजूरको औषधि ।' योगीलाई उत्तर दिन नभ्याउँदै ऊ बाहिर पुगी । 'मैले घोडा बाँध्न बिर्से कि अर्को घोडा आएर जुध्यो ? आज कुकुर नल्याएको ठीक भएन क्यार ।' उसले केही त्रुटि भएको ठानी ।

योगी आँखा पोल्दा र बिझाउँदा गाईको घीउ सेवन गर्थे । सत्यसेनाले मालीमा गाईको घीउ ल्याएकी थिई । योगी प्रसन्न देखिए ।

सत्यसेना सुव्यवस्थित ज्ञानकोश थिई । चिनियाँ, तिब्बती र अरबी भाषा पनि लेख्न र बोल्न सक्थी । आफ्नै क्षमता र रुचिले ऊ पुस्तकालयको अध्यक्ष पदमा छानिएर आएकी थिई । आत्मविश्वास, चेतना र शारीरिक स्वस्थताका कारण ऊ जागरूक, फुर्तिली देखिन्थी । सुभाषिणी र मितभाषी त ऊ थिई नै, आवश्यकता परे आफूमा सुरक्षित शार्दूल भाव र शक्तिलाई समेत ऊ ऐजन मौकामा प्रक्षेपण गर्न सक्तथी । किन्तु अनुभव, क्षमता र अधिकारले उसलाई शान्त र शीतल बनिरहन प्रेरित गर्दथ्यो । समय, काम र सफलतालाई ऊ सँगै हाँकेर हिंड्थी । अध्ययन, संगत, कर्म र उद्देश्यले उसलाई थोरै समयमा नै प्रौढ र परिष्कृत तुल्याएको हो कि भन्ने बुझिन्थ्यो । दायित्वबोधले सजग थिई ऊ ।

बिहान सूर्यका तेर्छा किरण, मान्छेका लामा-लामा छाया, हरियो चौरमा सल्बल अनुशासित लश्करको गुफा प्रवेश मनोहर लाग्थ्यो । चमेनापछि विद्यार्थीलाई लिएर सत्यसेना योगी समक्ष प्रस्तुत भई । पुस्तकालयमा रहेका पाठ्य, दृश्य सामग्री

पढेर ऐतिहासिक सत्यता प्रमाणित गर्नु थियो । प्रश्नोत्तर वा मन्थनपछि अझ स्पष्ट हुनु थियो । त्यो कुरा उनीहरू नै जानून् । यद्यपि समय-क्रम र घटना श्रृङ्खलालाई तलमाथि नगरी हू-बहू संवाद, दृश्य र संकेतलाई बुझ्ने र हेर्ने अवसर मिलेकै थियो । फेरि पनि सन्देह, भ्रम, अतिरञ्जना र अस्पष्टता भएका खण्डमा आचार्यबाट तिनको उद्घाटन हुने र सङ्गति पहिल्याउने अवसर मिल्थ्यो ।

त्यसैले पुस्तकालयबाट आफूले लिएको बोधको मूल्याङ्कन-परीक्षण पछि सत्यता र सार मात्र सञ्चित गर्नु थियो । युनिभर्सिटीका विद्यार्थीहरूको उपस्थिति एक प्रकारले पुस्तकालयको अध्ययनको दीक्षान्त सङ्गत थियो । प्रस्ताव लाने, प्रमुख सूत्रधार स्वयं पुस्तकालयकी अध्यक्ष थिई– सत्यसेना । आचार्यकै अनुरोधमा उसले यी विद्यार्थीहरूलाई सहयोग र दृष्टि दिएर सत्यबोध गराएकी थिई ।

'योगिराज, योगिराज ऊर्ध्वचेता ? कता हुनुहुन्छ ? म उहाँलाई पनि यहाँ हामीसँगै देख्न चाहन्थें ।' सत्यसेनातर्फ लक्ष्य गरेर आचार्यले थपे, 'तिमीले तेन्जिङलाई देख्यौ, सत्यसेना ?'

'आचार्य ! व्यक्तित्व र नामसँग मेल त खाँदैन । एक जना नौलो व्यक्तिलाई मैले परै देखेकी थिएँ । उहाँ यतै आउँदै हुनुहुन्थ्यो क्यार ! यहाँ गुफाको परिसरमा त अर्को कुनै व्यक्ति भए जस्तो लाग्दैन ।' सत्यसेनाले आफ्नो अनुभव सुनाई र ऊ अन्तर्मुखी भई– त्यो मान्छेसँग एकपटक आँखा जुधे, ऊ थर्थराई । सम्मोहन थियो कि त्राटन उसको हेराइमा ? उसले बुझ्न सकिन । ऊ घोडामा थिई, ऊ पैदल थियो । यस्तो लाग्थ्यो लामो दूरीको यात्री हो ऊ । ऊ छेउ लागेर ठिङ्ग उभियो– बाटो छोडेर । त्यसै वेला एकपटक आँखा जुधे उसँग । उसको घोडा आफ्नै गतिमा थियो त्यसवेला पनि । त्यो एक पलक आँखाको जुधाइमा विद्युत् तरङ्गले झट्का दिए जस्तो भएको छ अझसम्म ! कि.. आत्मसंवाद गर्दा गर्दै रोकिई ऊ । बिहानीको घामको लामो छाया गुफाको मुखतर्फ आउँदै गरेको देखी उसले ।

'आचार्य ! म यहीं छु ।'

'योगिराज ऊर्ध्वचेता ? ठीक मौकामा आइपुग्नु भो, यतै बसौं । शेष दृश्य सँगै बसेर हेरौं । हामी हजूरलाई नै पर्खंदै थियौं ।'

योगिराज ऊर्ध्वचेताको स्वागतमा सबै उठे । उनलाई बसाएर सबै बसे ।

परिवेशलाई उद्देश्यतर्फ केन्द्रित गराउँदै सत्यसेनाले भनी, 'आचार्य, चार-चार जनाको समूह बनाएर फरक-फरक सामग्री हेर्‍यौं । त्यसैले एउटा समूहले पहिले आफ्नै बोध जाहेर गर्नु बेस होला । त्यसो गर्दा बोध-सन्दर्भ गलत भए सच्याउन सजिलो होला कि भन्छु ।'

'ठीक भन्यौ, यसै गरौं ।' योगी ऊर्ध्वचेताले सत्यसेनाका आँखामा हेरेर भन्यो, किन्तु उसले आफ्नै अन्तस्थल थर्किएको आभास पायो ।

'सत्यसेना, चियाको वेला भयो कि ?' आचार्यले असजिलो स्थितिलाई सामान्य बनाउने सोच राखेर चियाको माग गरेको हो भन्ने बुझी । चिया चमेनापछि फेरि बैठक जम्यो ।

यसपटक आचार्यले विषयान्तर सोचे । अनि पुस्तकतर्फ लक्ष्य गरेर भने, 'सत्यसेना, यी पुस्तक भर्खरै आएका हुन् । एकसरो मैले हेरें । विद्यार्थीहरूलाई यी पुस्तक पढ्ने सल्लाह दिन्छु । ऐतिहासिक दृष्टिले यी मूल्यवान् छन् । २०७२ को विधान दिवसपछि चतुष्कोणीय नीतिको गठबन्धनपछिको घटनाबारे केही लेखिएको रहेनछ । आउँदै होला । म मनन गर्दै रहें । मुलुकको एक चीन नीतिको समर्थनले विच्छिन्न अवस्थाबाट यहाँ अकल्पनीय परिवर्तन आएको हो भन्ने सोचाइ बन्यो– यी पुस्तक पढेर । यता सार, विद्यार्थीहरूलाई पुस्तकको शीर्षक र संकेतको भावबोध गर्न सजिलो होस् ।'

सत्यसेनाले पुस्तकको ठेली ठेलेर आचार्यका नजीक पुऱ्याई । उनले पुस्तक हातमा लिएर विद्यार्थीहरूलाई देखाउँदै भनेः

*विधान सभा* : बियाँ, कसिंगर र गोपजनको वनभोज । सही र बुद्धिमान् मानुषको विवेकले ठाउँ पाएन भन्ने उल्लेख छ । अरू सबैका कुरा ग्रहण गर्दा आफ्नैपन हराएको बुझिन्छ ।

*विधान र सफलता* : दलका डाकाहरूको मिलेमतोमा मुलुक लुटिखाने कवच–तन्त्र । विधानमा शक्ति नरहेको प्रमाणित हुन्छ । किनभने अपराधमाथि दण्डविधान छैन बरु अपराध गर्नेहरूलाई मुक्ति दिएर छाडाखेल खेलिएको छ ।

*चुनाव* : वेश्याको सर्वोच्चता र सतीको पराजय । यसमा जनता मुलुकको स्थायित्व र सामाजिक सद्भावको पक्षमा नरहेको बुझिन्छ ।

*नागरिक* : दाइँका गोरु र निर्बन्ध साँढे; जनता मार्ने कसाई गोठालो । किन्तु यसमा जनताले भय, आशा, स्वार्थ र भनसुनबाट मत प्रयोग गर्ने अधिकार गुमाएको बुझिन्छ । मतदाताको तह र तिनको प्रभुत्वको क्षेत्र पनि अघोषित रूपले निर्दिष्ट छ । एउटा मतदाताले समान अधिकार हुँदा हुँदै पनि अर्कोलाई सीधै खाइदिन्छ, जुन कुरा यस पुस्तकमा बडो मजाले उल्लेख गरिएको छ ।

*दलपति र तिनका पुच्छर* : यसमा दलका सांगठनिक स्वरूपको दिग्दर्शन गराएको छ । र स्कूलका केटाकेटीहरू पनि दलको पुच्छर भएर कसरी कुन प्रक्रियाबाट जोडिन पुग्छन् भन्ने सत्य यसले उजागर गरेको छ ।

*दलपति र दलनीतिप्रति दलसेनाको अन्धभक्ति* : आफू, आफ्नै गुट र दलपति भन्दा मुलुक माथि हुँदैन । मुलुक चाहे नरहोस्, गुटपति र दलपति रहनै पर्छ । आफ्नै पतिले मुलुकमाथि घोर अन्याय गरे पनि दलको सिपाही एक शब्द बोल्न सक्दैन । निषेध छ । जिब्रो काटिन्छ । पूरा नियन्त्रण रहन्छ । देशको लागि बोल्यो भने कि पक्षाघात गरिदिन्छन् कि मेटिदिन्छन् । कि बालेन शाह जस्तो खुबीदार हुनुपर्छ कि हर्क साङ्पाङ् जस्तो जुझारू–जोधाहा हुनैपर्छ । नत्र दलका ब्वाँसा र अरिंगालले खेदाउँछन् । यी कुराको विशद व्याख्या छ यसमा ।

*सांसद र स्वतन्त्रता* : यो शीर्षक नै अमङ्गल लाग्छ । सांसद भएपछि ऊ बँधुवा हुन्छ । स्वतन्त्रता सकिन्छ । दलको संकेत अनुसार नाच्नु–गाउनु पर्छ । क्लब र भोजमा पुग्नुपर्छ र रखैलको भावले निगाह पाउनुपर्छ । अधिकार र स्वतन्त्रता वडाध्यक्ष बराबर पनि रहेन ।

स्वाभिमान, विवेक, चेतना, क्षमता, योग्यता नेताको पैतालामुनि चढाएको हुनाले उसले कुल्चिदिएको छ । त्यो त्यसै दिनदेखि उसले कुल्चियो जुन दिन दलको सदस्यता दियो । फेरि अधिकारको कुरा आउँछ कहाँ ? स्वतन्त्र भए न अधिकारको कुरा गर्ने ?

'आचार्य, तोङ्बामा पानी थपें ।' सत्यसेना कहिले कहीं मौका हेरेर विवेक पुऱ्याउँथी । उसले आचार्यको एकालाप भङ्ग गरिदिई । तोङ्वा सँगै आचार्य पुनः बोल्दै रहे :

*घोटाला र भ्रष्टाचार* : दलसेनाको भरण पोषण । यसमा तथ्याङ्क र तिथिमिति सहित अनेक काण्ड र पर्वहरूको चर्चा छ । जहाँसम्म सत्यताको प्रश्न छ यसमा कुनै प्रश्न छैन । पत्रकारहरूप्रति धन्यवाद भन्नुपर्छ । गिरिजाप्रसादको सत्तामा प्रवेशदेखि थलिएको उद्योगपर्वले निरन्तर विलय लियो र मुलुक उद्योगहीन भयो । युवक, तरुणी, भूमि र अधिकारको निर्यातमा लाग्यो सरकार । प्राकृतिक स्रोत पनि रित्तिंदै र अर्काको भोगमा जाँदैछ भन्ने तथ्य यसमा उल्लेख छ । यसमा पनि लाउडादेखि नागरिकता र बैंक काण्ड शरणार्थी, विद्युत् शुल्क, जलस्रोतबाट लुटिने सन्धि र एनसेल टी–स्टेट घोटालासम्मको चर्चा छ ।

*अधिकारको हस्तान्तरण र दुरुपयोग* : यो निकै महत्त्वपूर्ण प्रकाशन हो । मतदाताले आफ्नै प्रतिनिधिलाई विधिवत् छाने र संसद् प्रवेश गराए । ऊ त्यहाँ मिसियो र गुटमा बाँधियो । उसले पनि कसैलाई अग्रसर गऱ्यो र कार्यकारी क्षेत्रमा पठायो । फेरि कार्यकारीको हैसियतले जनमर्दन गर्ने, पराइका लागि कम्फर्टेबल (सुविधाजनक) सरकार चलाउने, मुलुक भित्रको पूँजीमा लूट मचाउने, वैदेशिक सहयोग बाँडेर लिने,

व्यापार र निर्माणबाट अंश तान्ने, सरकारलाई शोषण र दमनका लागि उत्प्रेरित गर्ने गराउने कार्यमा जनप्रतिनिधि रातदिन समर्पित हुँदै गयो । किन्तु यसमा कडा टिप्पणी के छ भने जनताले विधानमा प्रत्याह्वानको माग गरेका छन् । यदि जनताले चुनेर पठाएको नेताले गलत काम गर्छ भने उसलाई प्रत्याह्वान गर्ने अधिकार जनतामा रहनै पर्छ । नत्र उसलाई अरूले करकापमा पारेर गलत बाटोमा हिंडाउने छन् । अप्रिय निर्णय गरेर राष्ट्र र समाजको क्षति नहोस् भन्ने कामना छ यो पुस्तकमा । विदेशमा पुगेकाले मतदान गर्न पाउने मत राखिएको छ ।

के पनि ध्वनित हुन्छ भने– गलत व्यक्तिको चयन गरेको अपयश मतदाता वा त्यस क्षेत्रको जनताले सहनै पर्छ । घुमाउरो भाषामा सही मान्छेको चयन गर्ने सल्लाह दिएको छ । जनताले गलत मान्छेलाई संसद्मा पठाएर आजको स्थिति ल्याउन बाध्य गरेको होइन र ! सही मान्छे संसद्मा पुगेको भए मुलुक गर्तमा भासिने थियो र ? धन्न यू टर्न भो भन न । हानेको गोल पोलमा ठोक्किएर फर्कियो । मुलुक बच्यो । भएको यही हो । गोल हान्नेले कृपा गऱ्यो त भन्न मिल्दैन । बरु हाम्रो भाग्य बलियो रहेछ भन्नु पऱ्यो । हाम्रो नागरिकता फेरिएन, विधान खारेज नै भो । नयाँ विधान आयो । गजब होइन ?

*दलीय रङ्ग र भाले जुधाइ* : रङ्ग नपोतिएको वा दलको टाँचा नडामेको व्यक्ति छैन । सेना, निजामती, गैर निजामती तथा न्याय सेवा, संवैधानिक निकायका पदाधिकारी, सदस्य र सफाइ कर्मचारी समेत दलको प्रतिनिधित्व गर्दछन्– आफ्नै प्रभाव क्षेत्रमा, जसको सूत्र-श्रृङ्खला दल कार्यालयसम्म पुग्छ । त्यसैले दल-दलमा बाँडिएकाहरू या त मिलेमतोमा भण्डारको व्यञ्जन भोग गर्दछन् या भाले जुधाइ गर्छन्– लङ्गडी लगाएर या खुट्टा तानातान गरेर । यसमा सन्दर्भको पुष्टि गरिएको छ– घटनालाई उद्धरण गरेर ।

*सङ्कल्प-त्याग र गुन्द्रुकमा जात* : यसमा कम्निस्टहरूलाई असाध्य नराम्रोसँग झारेको छ । अरूले झारेको पनि होइन । उनीहरू आफैं झरेका छन् । गिरेका हुन्– आफ्नै स्थान र मर्यादाबाट । यस कुराको सप्रमाण दिग्दर्शन छ यो पुस्तकमा ।

जस्तो– कम्निस्ट राष्ट्रबोधी हुन्छ भनिन्छ तर उनीहरूको शीर्षस्थ व्यक्ति वा नेता विदेशी हुन्छ । आफ्नै देशको कुनै इतिहास पुरुषलाई महत्त्व दिंदैन- कम्निस्टले ।

कम्निस्ट आफ्नै आँगन तयार गर्न सक्तैन किनकि मतभेद हुन्छ र फुट्छ । परिणाम स्वरूप उसलाई प्रजातान्त्रिक प्राङ्गण नभई हुँदैन । त्यहाँ स्वतन्त्रता

मिल्छ । भण्डारमा सहभागिता मिल्छ र प्रशस्त कमाउने र भोग गर्ने अवसर मिल्छ । कम्निस्टको भेदक नीति र सियो भएर पस्ने र फाली भएर निस्कने नीति प्रजातन्त्रवादी बुझ्दैन । अलिकति राजनीतिक संस्कार पाएको हुनाले प्रजातन्त्रवादी त्यति तल झर्ने र दुच्छर व्यवहारले देखा पर्ने हुँदैन । त्यसै गाईको शरीरमा किर्ना, जुका र डाँसले टाँसिएर रगत चुसेको दृश्यको पेंटिङ बनाएको होला र कलाकारले, गाएको होला र गायकले ?

कम्निस्टको साम्राज्यमा विवेक पनि हराउँछ । न्याय पनि सकिन्छ र कर्तव्य पनि बिर्सिइन्छ । संझिइन्छ त मात्र स्वार्थ, द्रव्य, सत्ता र स्वामित्व, बस् ! हुँदा हुँदा वर्गशत्रुसँग मिलेर आफ्नै वर्गलाई धूलो पार्न पनि पछि पर्दैन कम्निस्ट । कम्निस्टको विकल्पगामी सङ्कल्प रोचक छ । असफलताको कहानीको मानक तत्त्व नै विकल्प बोधका साथ सत्ता, द्रव्य र दलसेना परिचालन हो । अनुचर वा अनुगामीहरूमा प्रबल दासभाव रहन्छ । उदाहरण यति नै पर्याप्त होला– दलपति वा कमान्डले गरेका गलत निर्णयलाई ऊ गलत भन्न र त्यसमा असहमति जनाउन सक्तैन, बरु पिल्सिएरै बस्छ । कमान्डरका खुशीका लागि ऊ आफ्नै प्रिय कुरा पनि बिर्सन सक्छ । पूरा आज्ञाकारी छ– कमलकोटीले डसेको साङ्लो सरह । सम्मोहन शक्तिद्वारा लाटिएको छ कामदार ।

यस अर्थमा कम्निस्ट सफल छ । ऊ त्राटन, मारण, उच्चाटन, सम्मोहन, वशीकरण सबै तत्त्व प्रयोग गरेर आफ्नै अनुकूल पार्छ । वनराज सिंह र फुर्तिलो बाघ पनि गन्धे बाङ्गो फ्याउरो हाइनादेखि डराउँछ नि ऐजन मौकामा । यही भएको हो । कम्निस्टको दाउपेच खेल्न जान्ने, असत्य बोल्ने र छल गर्ने क्षमताको तारीफै गर्छु ।

यो पुस्तकमा यस्ता धेरै कुरा उल्लेख गरिएका छन् । पुस्तक रोचक छ । किन्तु संयुक्त व्यञ्जनलाई फुटाएर लेखिएकोले वाचक चल्दैन । १० पृष्ठ पढिसकिने वेलामा केवल ३ पृष्ठ पढ्न सकिन्छ । यो चाहिं सारै दुःख लाग्दो वा कहाली लाग्दो प्रसङ्ग हो । स्थापित स्वरूप किन बिगारेको होला ? मैले बुझिनँ । यो त नारी शरीरमा यौवनको आभा र सुवास नआए जस्तै भो । गतिहीन पठन । लाग्छ, कम्निस्टिक चिन्तन र दृष्टिलाई धूमिल पार्ने घुमाउरो सोचको प्रयोग हो ।

*परजीवी दल र शत्रुहरू :* यो पुस्तक अघिल्लैको अर्को भाग जस्तो लाग्छ । दल र पात्र समान अर्थमा छैनन् । किन्तु कम्निस्टको परजीवी संस्कार धमिलो छ भन्ने पुष्टि हुन्छ । लुटेर, छलेर, ढाँटेर, मारेर पनि खान्छन् र यहाँसम्म कि आफ्नै समूहलाई दबाएर पनि व्यक्तिगत लक्ष्य सिद्ध गर्छन् भन्ने अनेक प्रमाण देखाएको छ ।

प्रजातान्त्रिक जीवनभित्र पसेर यी स्वतन्त्रता र स्वच्छन्दताको उपयोग अति नै गर्छन् । कुनै पनि अकर्म गर्न पछि पर्दैनन् । यी तर्कशील हुन्छन्, वाचाल हुन्छन् । तर्क नै यिनको आत्मरक्षा गर्ने कवच हो, किन्तु तर्क असफल र औचित्यहीन भए पनि हार नमान्नु यिनको प्रवृत्ति हो । यिनको पाठशाला नै रोगी छ । हिजोसम्म देउता मानेकालाई असुर ठान्छन् र मन परेपछि शैतानलाई तुरुन्तै देवत्व प्रदान गर्छन् । विवादमा यी मुखर हुन्छन् । अर्काको खाएर आफ्नो जोगाउनु यिनको प्रवृत्ति वा चरित्र हो । दलसेना र फील्ड वर्करको चरित्रलाई लिएर यो कुरा भने जस्तो लाग्छ । गोविन्द भट्ट र निनु चापागाईं अपवादमा आउँछन् । वस्तुतः यी ऋषिवत् थिए भन्ने देखाएको छ । स्पष्ट लेख्छन्– एकपटक कम्निस्ट भएको जीव गोत्र फेरे पनि भित्री रूपबाट प्रजातन्त्रवादी हुन सक्तैन, देखिन्छ मात्र । उसको चेतना र तर्कले उसलाई निश्छल र उदात्त हुनै दिंदैन । असल कम्निस्टले यो पुस्तक मन पराउँछन् । स्वार्थीले च्यातेर फ्याँक्न बेर छैन ।

*दलहरूको मिलेमतो र अपराध गोपन* : यसमा सम्पूर्ण काण्ड र अपराध वा राष्ट्रविरोधी गतिविधिमा सबै दलको साझा हस्तक्षेप छ, नियम र कानून फेरेर पनि मुलुक रित्याएका छन्, कानूनी कार्वाहीका ढोका थुनेका छन् भन्ने विशद चर्चा छ । हजारौं दृष्टान्त छन् । पुस्तक गजब छ ।

*दल र स्वतन्त्रता* : यो सैद्धान्तिक पुस्तक जस्तो लाग्छ तर अनौपचारिक शैलीमा लेखिएको छ । प्रजातान्त्रिक दलहरू खास ठाउँमा, ऐजन मौकामा नियन्त्रण गर्छन् र अरू वेला मुक्त राख्छन् । किन्तु कम्निस्ट दलहरू सधैं नियन्त्रणमा राख्छन् । तर यदि आफू माथिल्लो तहमा पुग्यो भने आफू चाहिं भरपूर मनमौजी वा बेलगाम हुने र तल्लो तहमा भने पूरा नियन्त्रण गर्ने गर्दछन् । प्रत्येक तहमा दुःस्सह नियन्त्रण गरेको हुनाले कामदार (कार्यकर्ता) का ब्यौलीहरू हिंडेका पनि छन् ।

हो, सकारात्मक पक्ष पनि छ । जातिभेद र लिङ्गभेदलाई यिनले मेट्ने गरेका छन् । किन्तु भोगमा आकण्ठ लिप्त छन् । कसैको चरित्रलाई लाञ्छित गर्नुपर्‍यो भने युवतीको उपयोग गर्छन् । हठ, हद र शठको दृष्टान्त खोज्न बाहिर जानु पर्दैन । शक्ति र पूँजीका लागि यी जतिसुकै तल गिर्न पनि सक्छन् । इन्डिया र अमेरिकाका अगाडि यी जुनसुकै पदका भए पनि भिजेको बिरालो हुन्छन् । आज्ञाकारी कुत्ता झैं देखिन्छन् । ठाउँ हेरी यी साधु पनि हुन्छन् र काँचुली पनि फेरिदिन्छन् । खुला ठगी र हाकाहाक्की लूट यिनका नसा–नसामा छन् ।

किन्तु गजब छ– दलसेना र कारिन्दाका लागि यी ईश्वर वा परमाधिपति नै देखिन्छन् र मान्छन् पनि । उराल्नु, आगो लगाउनु र भाँड्नु यिनको जन्मजात प्रवृत्ति हो । यी दोमुखा पनि हुन्छन् । संसद् बाहिर विरोध उराल्छन् र संसद्भित्र ताली मार्छन् । मौन सम्मति दिन्छन् ।

यो विद्यार्थी कलम जस्तो देखिए पनि पुस्तक रोचक छ । पढ्नै पर्छ । यदि कम्निस्टले नष्ट गर्न सकेनन् भने यूट्युबमा पनि आउला । लुकाए भने विदेश पुगेका नेपालीले प्रचार गर्ने छन् ।

आचार्य यहाँ आइपुग्दा विद्यार्थीहरूले हाईऽऽ गरे । सत्यसेना तर्फ लक्ष्य गरेर आचार्यले भने, 'म पनि थाकें । तिमी यहाँ उभिएर यी पुस्तकको शीर्षक भनिदेऊ । त्यति भए यी विद्यार्थीहरू आफैं खोज्ने छन् ।'

सत्यसेनाले पुस्तक देखाउँदै भन्न थाली :

*दलहरूको सहमति : १२ बुँदे मार्फत नासिका छेदन*

*कम्निस्टको प्रजातान्त्रिक धुरीमा प्रवेश र निर्वाचनमा भाग*

*गलत सन्धिमा हस्ताक्षर र विज्ञको उपेक्षा*

*न्यायालयमाथि दलको नियन्त्रण : आशंका र अगति*

*एनजीओ : समानान्तर सरकार र विप्लवको वीजारोपण*

*दलको सत्तारोहण र उद्योगहरूको विनाश*

*गोप्य भेटघाट र गोप्य सन्धि : विलयको संकेत*

*जनता : विधान परिवर्तनको बाटोमा*

*मतदाता : जीवन र मृत्युको दोसाँधमा*

*सूचनाको हकमा नियन्त्रण*

*राज्यको गलत कदमप्रति वरिष्ठ अधिवक्ताको विरोध*

सत्यसेनाले पुस्तकहरूको नाम लिइसकेपछि आचार्यले भने, 'यी पुस्तक पठनीय छन् । उस वेलाको विधानले जन्माएको सामाजिक अवस्थाको कथा यिनमा भेटिन्छ । आज त हामी अर्कै विधानबाट शासित छौं । इतिहासको ज्ञान पनि आवश्यक छ ।'

अनि घडीमा आँखा पुऱ्याएर थपे, 'तिमी पनि जाऊ सत्यसेना । ढिलो हुँदैछ । हिउँ पर्न बेर छैन । भोलि शनिवार विश्रामको दिन हो ।'

विद्यार्थी उठे । तेन्जिङ पनि उठ्यो । तेन्जिङको भौतिक स्वरूप देखेर विद्यार्थीहरूले फक्रेका आँखाले प्रश्न छाडे । तर ऊ आफ्नै शैलीले कन्दराबाट बाहिर निस्कियो ।

घोडचढीको पोशाकमा कसिएर सत्यसेना आचार्यसँग बिदा हुन आई । उसका आँखामा चञ्चलता बढ्यो । ऊ उत्सुक देखिंदै गई । उसको मनोभाव बुझे झैं गरेर आचार्यले यति मात्रै भने, 'योगिराज ऊर्ध्वचेता कतै निस्कनु भो कि ! म मात्र छु अहिले । घुमेर आउनुहोला । त्यसै पनि उहाँ त यायावर ! मनमौजी ! सधैं मस्त रहनुहुन्छ– निर्व्याज ! एकनास ! यहाँ सहयोग गर्न कोही आइपुग्ला ।'

थपे, 'तिमी जाऊ सत्यसेना । ढिलो हुन्छ । *निर्विघ्नाः सन्तु पन्थानः ।*'

विद्यार्थीबीच कुरा चल्यो । 'बाबालाई इतिहासको राम्रो ज्ञान रहेछ हकि ! अनुभव र अध्ययनले खारिएका रहेछन् ।'

'हो, उनी सन्त हुन् । योगी हुन् । ज्ञानी छन् । निश्छल भावले भनिदिन्छन् ।'

'कौन सा सन्तान, प्रेयसी वा पत्नीलाई सत्तामा पुऱ्याउनु छ र उनले ?'

'धतुरो तानेपछि सत्य बोल्ने नै भए नि ।' एउटाले परिहास बोल्यो ।

'मैले सुनेको छु– अन्न जस्तो एउटा वनस्पतिको चामल खायो भने २१ दिनसम्म भोक लाग्दैन रे । त्यस्तै त्यस्तै अव्वल दर्जाका वनौषधिको सेवन गरेर बाबाहरू पनि निरोगी, दीर्घजीवी हुने गर्छन् भन्ने सुनेको छु । यी पनि त्यस्तै होलान् कि न !'

'हो, मलाई पनि यी आचार्य सिद्ध पुरुष हुन् जस्तो लाग्छ ।'

'के थाह ? गुरु गोरखनाथका अवतार हुन् कि न ? कुनै औतारी वा अवधूत पनि हुन सक्छन् । विशेष किसिमको नरहरि बुटी सेवन गर्छन् कि न ! रहस्य त छ । कुरो सामान्य हैन ।'

'तर हाम्रो बाहिरी आँखा र सतही चिन्तनले न बाबाबारे, न उनको ज्ञानबारे बोध गर्न सक्छौं; न त्यसतर्फ हाम्रो प्रवेश नै सहज हुन्छ । साधना र समर्पणमा धेरै कुरा निर्भर रहन्छ । हामी त्यस पन्थमा छैनौं । त्यसैले हामी वास्तविकताबाट टाढै छौं भन्ने लाग्छ ।'

विद्यार्थीहरू आ–आफ्नै ढङ्गले संवाद गर्दैरहे !

झन्नै आधा बाटो हिंडिसकेपछि सत्यसेनाको घोडाले गति फेऱ्यो । ऊ पनि सतर्क भई । अगाडि झम्लङ–झम्लङ गर्दै एउटा यात्री जाँदै थियो । उसले अनुमान गरी– तेन्जिङ हुनुपर्छ । आचार्यले योगिराज भन्ने गरेका ऊर्ध्वचेता पनि यिनै हुन् । र बिहान घरबाट काममा पुस्तकालयतर्फ जाँदा पनि यिनै भेटिएका हुन्– यसै ठाउँमा । यो सञ्जोग हो या यस्तो गरिएको हो ? मेरो सधैंको बाटोमा एउटा नौलो मान्छे भेटिनु के अनौठो कुरा हो र ! जो पनि भेटिन सक्छ नि !

उसले बहिर्मुखी भएर केलाई– तर यो घोडा किन आफ्नो गतिमा हिंड्दैन ? त्यो झम्लङ-झम्लङ गरेर हिंड्नेलाई उछिनेर जान किन सक्तैन ? उसले आफैंमा प्रश्न गरी किन्तु उत्तर पाइन । बल गरेर उछिन्ने ढङ्गले घोडा चलाई । घोडा छेउमा पुगेर रोकियो । उसले हिंडाउन बल गरी । घोडा दुई खुट्टा टेकेर हिन्हिनायो । हिंड्न मानेन, डेग चलेन ।

झम्लङ-झम्लङ हिंड्ने यात्रीले फर्केर हेऱ्यो । घोडा ठाडो भएर अश्वारोहीलाई झार्न खोज्दैछ भन्ने बुझेर ऊ बाटोको छेउमा उभियो र घोडालाई बाटो छोडिदियो । घोडा डेग चलेन ।

झम्लङे यात्री दश कदम पछि फर्केर आयो र घोडाको लगाम समाएर तान्यो किन्तु घोडा हिंडेन ।

'योगिराज तेन्जिङ ! तपाईं पो ।'

'मात्र तेन्जिङ ! योगिराज होइन । त्यो आदरणीय सम्बोधन उहाँकै लागि सुहाउँछ । …किन हो, घोडा डराए जस्तो छ नि ! यो अश्वऋतु त होइन । ओर्ल, म एकपटक प्रयास गर्छु ।' उसले आत्मविश्वास राखेर थोरै बोल्यो ।

सत्यसेनाले अग्लो ठाउँबाट बालक हुत्तिएर अभिभावकको अँगालोमा हाम फाले जस्तै गरेर तेन्जिङको आश्रयमा आफ्नो शरीर हुत्याई । तेन्जिङले बडो हल्का शैलीले उसलाई सम्हालेर भुइँमा टेकायो । एकपटक उसले तेन्जिङलाई विस्फारित दृष्टिले हेरी । उसको हेराइमा कृतज्ञताको भाव झल्कियो अनि उभित्र उत्सुकताको लहर छचल्कियो ।

'धन्न आज मलाई फ्याँकेन । नत्र कहाँ पछारिन पुग्थें । जोगिएँ भन्नु पऱ्यो । हजूरलाई धन्यवाद ।'

'हजूर हैन, मात्र धन्यवाद ।' अनि आँखा जुधाएर भन्यो, 'म एक पटक यत्न गरिहेरौं ?'

'हजूर पनि नौलो, पत्याउला के ?'

'हेरौं, जे होला ।' तेन्जिङ अदबसाथ चढ्यो र करेली झड्काएर कुर्कुच्चाले ठोक माऱ्यो । घोडा आफ्नै वेगमा गयो । र फेरि फर्काएर सत्यसेनाको अगाडि ल्याएर खत्रक्क ओर्लियो । ऊ चकित देखिई ।

सत्यसेना फेरि घोडामा चढी । घोडा हिंड्न मानेन । फेरि ठडियो । घोडाले मिल्काइदिने हो कि भन्ने ठानेर तेन्जिङले करेली अँठ्याएर नियन्त्रणमा लिएपछि उसले आफूलाई जोगाउन तेन्जिङको अँगालोमा हुत्याएर हाली । अनि लामो सास तानेर थचक्क बसी ।

के गर्ने, के नगर्ने उसले कुनै कुरा सोच्न सकिन । दिन पनि त्यति शेष थिएन । मनमा हतार पनि थियो; औडाहा पनि भो ।

तेन्जिङले फेरि घोडा हाँक्यो कन्दरातर्फ फर्काएर । र फेरि घुमाएर ल्यायो र सत्यसेनाका छेउमा रोक्यो । अनि भन्यो, 'घोडा तातेको छ, रिसाएको बुझिन्छ । यसलाई आफ्नै खुशीले हिंड्न दिऊँ । आऊ तिमी पनि चढ ।' लीलापूर्वक तेन्जिङले सत्यसेनालाई टिपेर आफ्नै अगाडि राख्यो र घोडा चलायो ।

अलिबेर हिंडेपछि उसले भनी, 'योगीजी महाराज, अगाडि बस्न गाह्रो भो । सीट सानो छ । बरु म हजूरको पछाडि बस्छु । ऊ त्यो चौतारी नजीक रोक्नु न ।'

ऊ काठको चौतारी (फलैंचा) मा ओर्ली र पछाडि चढी । तेन्जिङले ओर्लन चढ्न सहयोग गर्‍यो । घोडाले गति बढायो । सत्यसेनाले तेन्जिङको पिठ्यूँमा टाँसिएर निर्विकार भावले अँगालो हाली । अब उसले आफ्नो श्वासगति र मनोदशामा परिवर्तन आएको अनुभव गरी । त्यसैले ऊ निःशब्द रही ।

'के भो, तिमी बोल्न छोड्यौ नि !' तेन्जिङले नरम भावले सोध्यो ।

'म अलिक थाकेकी छु । मलाई यसरी बस्न कठिन हुँदै आयो । यो फाँट र जङ्गल काटेपछि मोटेल आउँछ । त्यहीं बसौं । भोक पनि लाग्यो । घोडा पनि भोकायो । अबेर पनि भो । अँध्यारोमा पुग्न सकिन्न ।' सन्दर्भ फेरेर थपी, 'बरु भोलि यतैबाट शपिङ सेन्टर पनि जाउँला । अलिक पर हेर्न लायकको गाईगोठ पनि छ । मोटेलमा पुगेर फोन गरिदिन्छु साथीलाई । उनीहरू ढुक्क हुन्छन्, खान पर्खंदैनन् ।'

तेन्जिङले कुनै प्रश्न गरेन । उसलाई केही जान्नु थिएन । किन्तु सत्यसेना दुईजना साथीसँग मिलेर बस्थी । उनीहरू चिकित्सा केन्द्रका परिचारिका थिए । सामूहिक मेस भएको हुनाले नपुग्नेले जानकारी दिनु वाञ्छनीय ठानिन्थ्यो ।

बाक्लो बस्तीको मोटेल, सुविधासम्पन्न थियो । पुग्नासाथ घोडा जिम्मा लगाई, दाना-पानीको व्यवस्था गराई । कोठामा पुगेर बाथरूम र तातो पानीको व्यवस्था हेरी । काठको घर, माथिको तला । झ्यालबाट हेर्दा राति आकाशका तारा भरिए जस्तो झिलिमिली गाउँ-बस्ती । सुन्दर-मनोहर ।

मोटेलको कोठामा पुगेपछि सत्यसेनाको बोली-व्यवहारमा, हेराइमा पूरै परिवर्तन आयो । पुस्तकालयकी अध्यक्ष र एउटी प्रखर चेतना भएकी नवयुवतीको भावले हैन अपितु उच्च व्यक्तित्व भएकी असाध्य व्यावहारिक साथी तथा प्रेमार्थिनीको भावले उपस्थित रतिप्रिया देखिंदै गई ।

माग गरे अनुसार खाना आयो । खाइसकेर तातो पानीमा डुब्न जाने चलन आम जस्तै थियो । तर आज तालिका फेरिए जस्तै थियो । सबै कुरा सकेर-गरेर तातो पानीमा डुब्न जाने स्थिति बन्यो ।

वातानुकूलित स्थितिपछि सत्यसेनाले टीभी खोलेर भनी, 'आज म हजूरसँग बसेर आफूलाई मन परेका दृश्य हेर्छु है । रहर लागेको छ । फेरि के हुन्छ थाह छैन ।'

तेन्जिङले अनुमोदनमा शिर हल्लायो ।

दृश्य शुरू भयो : बिहानको पहिलो सूर्य किरणले प्रज्वलित अग्निज्वालाको रूपमा साकार देखियो हिमालय । तामाको आभाले, फेरि सुनौलो वर्णले आलोकित भयो । दृश्य फेरिंदै गयो र स्वच्छ उज्वल चाँदीको व्यक्तित्वले मुनिरूपमा स्थापित भयो हिमालय ।

यसपटक टीभीको पर्दामा सुन्दर, हरित पर्वतश्रेणी देखा पर्‍यो । घना जङ्गल, हरिया घाँसे मैदान र गाई, भेडा, बाख्रा, घोडा र चौंरीका चरनहरू देखा पर्दै गए । फेरि गाउँ-बस्ती, बाटा-खोल्सी र छाँगाहरूको दृश्यले मन लोभ्याउँदै गयो ।

फेरि आकाश, फेरि बादल, बादलको उडान र त्यसमा भरिएको कालिमाले वर्षा-हिमवर्षाको आमन्त्रण गर्न खोजेको अनुमान गराउँदै गयो । दृश्यहरूको सम्पादन बडो कुशलताले गरेको प्रतीत हुन्थ्यो— जसले दर्शकको मनोदशालाई अनेक रस र मनोभावमा उद्वेलित गर्दथ्यो । चलायमान पार्दथ्यो । सत्यसेनाले लीलापूर्वक अलिकति झ्याल खोली ।

दृश्य फैलिंदै गयो । बादल मडारियो, धुर्धुरायो, खजुरोका आकारमा बिजुलीको चमक झल्कियो । हावा सन्सनायो । लाग्थ्यो, त्यस्तै परिवेशमा बाँचेको छ— अहिलेको जीवन ।

फेरि वनजङ्गल र मैदानहरू, झाडी-बुटा र झिक्राहरू । पशुजगत्को ऋतुलीलाका दृश्य आउँदै गए । साइत परेजस्तो या योजना बनाए जस्तो गरेर सत्यसेनाले नुनिलो चिया, चीज र पोलेका आलु अघि सारी ।

बघिनीले बाघलाई जिस्क्याई, अधिकार देखाई । दुई पाइला अघि सरेर सम्भोग लीलाका लागि तत्परता देखाई । शायद त्यहाँ कुनै नीति थियो । भाले तत्त्वले उपेक्षा गर्न मिल्दैनथ्यो । बघिनीको आमन्त्रण र तत्परताको सम्मान गरेर बाघले आरोहण गर्‍यो र शक्ति प्रक्षेपणपछि पन्छियो । वीर्य-ऊर्जा ग्रहण गरेपछि बघिनी आनन्दले लडीबुडी खेल्न थाली । सत्यसेना किञ्चित् अधीर देखिई । तेन्जिङ वीतरागी देखिएर बस्यो ।

ऋतु-चक्र चल्दै गयो : श्वानक्रीडाका दृश्यहरू आए । अश्वऋतुका लीलाहरू गए । साँढे र कोरली एक अर्कालाई सुँघ्दै फन्फनी घुम्न थाले । शायद शरद्पछिको दृश्य हुँदो हो । सत्यसेना उत्साहित हुँदै गई ।

तेन्जिङ गलैंचामा लामो भएर पल्टियो– तनक्क ।

'किन ? सञ्चो भएन कि ?' सत्यसेनाले उत्सुकता देखाई ।

'आजको घोडा चढाइले जीउ दुख्यो । त्यसैले एकैछिन तन्कौं कि भनेर !' तेन्जिङको भनाइलाई उसले स्वाभाविक ठानी । दुईजना चढ्दा उसले पनि असजिलो मानेकी थिई । डेरामा पुग्न भ्याएकी भए साथीहरूले मसाज गरिदिन्थे भनेर उसले आफैँसँग भनी । अनि सम्झेर भनी, 'म मसाज गरिदिन्छु नि ! ठीक भैहाल्छ ।'

उसले कम्मर दुखेको छ भन्न सकेन । उम्लेको, चलायमान वीर्य-शक्ति ऐजन मौकामा प्रहार गर्न सकिएन र हठात् नियन्त्रित भयो भने त्यसले स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्छ भन्ने कुरा पनि ऊ जान्दथ्यो । सत्यसेनाले सुरत यज्ञको वातावरण परिपक्व बनाउन चाहेकी त होइन ? आखिर यौवन विलासका लागि मसाज पनि प्रारम्भिक सोपान हो भन्ने ठानेर उसले अन्यतम शैलीले भन्यो, 'त्यसो भए घीउ-तेल या क्रीम नलगाई है त !'

'ओखरको तेल त औषधि हो नि ! त्यो त हितकारी हुन्छ ।' उसले प्रस्तावको भाव राखेर थोरै आग्रह देखाई । तेन्जिङले मौनता लियो ।

पानी उम्लेर बाफ निस्क्यो । तोङ्बामा तातो पानी भरी । भिज्न, तयार हुन बेर लाग्थ्यो । छोपेर राखी । तन्ना र सिराने लिएर आई र गलैंचामाथि ओछ्याई । सानो कान्छीऔंला जत्रो सिसीमा ओखरको तेल थियो, त्यो पनि तयार राखी । चौंरीको नौनी र भेडाको घीउ सँगै हुन्थ्यो ।

'टीभी चल्दै रहोस् ?'

'के फरक पर्छ र ? बरु कतैबाट चीसो पसे जस्तो छ नि ।'

'हजूर, मैले झ्याल खोलेकी थिएँ । बन्द गर्छु । काठको घर हो, खासै चीसो हुँदैन । हिटर त चलेकै हुन्छ । भेडाको पाखी र चुटुकले जाडो भए पनि छिर्न दिंदैन । तैपनि यत्तिको मौसम राम्रै मान्नुपर्छ ।'

अनि फोन गरेर भनी, 'भाइ, घोडा के गर्दै छ ? एकपटक हेर्नु होला है । नौलो ठाउँ हो, त्यसैले नि ! डोरी चुँडाएर नभागोस् भनेर हो । आज अलिक रिसाएको छ ।'

'हस्, म ख्याल पुऱ्याउँछु ।' उताबाट आएको उत्तरले ऊ सन्तुष्ट देखिई ।

मसाज शुरू भो । टीभीमा लहरा र रूखको आलिङ्गन हावाले नचाउँदै थियो ।

आम्मै नि ! कस्तो तातो जीउ आगो जस्तो, यस्तोलाई के जाडो लाग्ला र– सत्यसेनाले मनमनै भनी । अनि तेल सुँघी, तेलकै वासना थियो । यस्तो सुगन्ध कहाँबाट आउन सक्छ ? उसले आफैँसँग सोधी । तेन्जिङको खास्टो सुँघी, यही हो कि जस्तो लाग्यो उसलाई । उसको गन्जी सुँघी । उसलाई पक्का भयो– यसैको सुवास हो । त्यो सुवास तेन्जिङको शरीरबाट लिन खोजी, यत्न गरी, ठम्याउन सकिन ।

'एक छिन है ।' उसले गएर तोङ्बा ल्याई । एक सर्को तानी, तयार भएछ । तेन्जिङलाई अर्को नली दिएर भनी, 'लिनुहोस्, खासा छ । निद्रा पनि लाग्छ, थकाइ पनि मर्छ । यहाँको जस्तो तोङ्बा अन्त पाइन्न भन्छन् ।'

बिहानको मिर्मिरे । गाउँघरमा कुखुराका भालेको जुवारी टुङ्गिएको थिएन । तेन्जिङ गहिरो निद्रामा थियो । कानमा तातो सास पस्यो; कानका लोती बिस्तारै चुस्यो र माया राखेर टोक्यो– कसैले । उसको छातीमा कसैको नरम हत्केला घुम्यो– ओढ्ने भित्रबाट । रोमावलिमा औंला खेल्दै गए । जब औंलाहरू शरीरको केन्द्रमा पुगे– एउटा चीसो शरीर सजिलै ओढ्नेभित्र पसेर तेन्जिङको नाङ्गो शरीरमा नाङ्गै टाँसियो ।

उसले अनुमान गऱ्यो र विश्वास पनि लियो– यो शरीर मेघमालाको हुनुपर्छ । यो यात्रामा उसँग जति नजीक कोसँग भएँ र ? एक झिल्को सम्झ्यो र फेरि बिर्स्यो । उसलाई कहीं जानु पनि थिएन, कतै पुग्नु पनि थिएन ।

तर उसँग निश्चल रहेर टाँसिएको नाङ्गो शरीर बिस्तारै नजानिंदो ढङ्गले ढेपिंदै आयो– जसरी भैंसी आहाल बस्ता पानीको तरङ्ग बारम्बार हुत्तिएर किनारलाई धक्का दिन्छ ।

मौन स्वागत वा प्रतिक्रिया शून्य आमन्त्रणको संकेत बुझ्न सकिन्न । धार नाघेर उता पनि जान सकिन्छ ! नाघ्नै नसक्ने स्थिति पनि आउँछ । प्रश्न छः के मौन र निश्चल समर्पणको क्षण पनि आउँछ रतिविलासको क्रममा ? के एकपक्षीय क्रीडा हुनसक्छ– अप्रतिवादमा ? युवा शरीरको योग र घर्षण बच्चाले स्तनपान गरेजस्तो एकोहोरो हो र ? शायद विपरीत रतिमा ! शायद अभिनय नगरेर लिएको नौलो क्षणको आनन्द हो कि– एउटालाई खेल्न दिएर ! शायद निदाएर ननिदाएको हुनु, थाह पाएर थाह नपाएको हुनु, नभोगेरै भोगेको, नगरेरै गरेको हुनु यो छलकै अभिनय त हो नि ! साहित्यका पृष्ठहरूमा यस्ता कैयौं झिल्का-चित्रहरू भेटिन्छन् । किन्तु स्वतन्त्र, मुक्त स्थितिमा छलको औचित्य के ? सुताइमा बाधा नहोस् भनेर ?

कि यो शैलीले अनुभव गरौं भनेर ? मूर्छित, निद्रित, विवश र अज्ञात अवस्थाको एकपक्षीय भोग त शायद प्रकृत मानिंदैन । एक्लै पोखिएर पन्सिनु र समभावले केलि सम्पादन गर्नु फरक होइन र ! कि कतै पोथी-तत्त्वले भाले-तत्त्वमाथि गरेको अज्ञात आरोहण त होइन ? हुन त निष्प्राण शरीरको स्तनपान र सम्भोगको चर्चा नदेखिने, नसुनिने पनि हैन । किन्तु युद्ध, अन्जान र विक्षिप्त अवस्थाको घटना पनि होइन यो ।

सत्य त यति मात्र हो, एक्लै-एक्लै धेरै पटक किला गाडी उसले । एक्लै-एक्लै प्रवाहित भई अनि एक्लै-एक्लै शक्ति दोहन गरी, प्रक्षेपण गरी । अनि मस्त निदाई ।

त्यो भाले शरीर अन्जान या प्रतिक्रिया शून्य रहेरै पल्टिरह्यो । शरीर वीर्यहीन थियो– खोक्रो । सारहीन थियो– निष्क्रिय ! अति प्रवाहपछि आएको शिथिलता हो कि तोङ्बाको लठ्याउने नशाले दिएको अर्द्ध चेतना ! सन्दर्भ त अनुसन्धान गर्न लायककै थियो । तर किन, केका लागि ? 'उज्वल शक्ति दोहन पवित्र सेवा पदक' लिनु थियो र राज्यबाट ? शायद त्यो हिजोको विधानमा थियो । आजको स्थिति अर्कै छ । गाउँमा युवकहरू नै अपुग छन् । त्यसैले कसैले पनि मौका चुकाउँदैनथ्यो । यो स्वीकृत सत्य पनि हो र स्वीकृत यथार्थ पनि । त्यसैले प्रश्न पनि उठ्तैन र समस्या पनि बन्दैन । गोपी-युग यस्तै थियो क्यार ! सबैले जानेका छन्, कसैले बुझेका छैनन् । गैर आर्यको बस्ती भएकोले हो कि त्यस्तो चौकी र सीमा थिएन । कर्म, स्वतन्त्रता, सन्तुष्टि र ऋजुपथ यहाँ यिनै थिए– नियम, धर्म र विधान ।

'तेन्जिङ उठ । चमेना आइपुग्छ । तयार होऊ ।' आज सत्यसेनाको सम्बोधन फेरिएको थियो । तर उसलाई कसले के भन्छन् त्यसको वास्ता थिएन । सांस्कृतिक स्नान गर्नु थियो, गरेर आयो ।

'थाह पायौ ? आज शनिबार, त्यसै छुट्टी । उतातिर बेसरी हिउँ परेछ । भोलि पनि जानु नपर्ने भो– ईमेसेज आयो । यता नपरोस् यति भए भो । माइक्रोबस पाइयो भने बरु गाईगोठ हेर्न जाउँला । जान-आउन झन्नै दुई घण्टा लाग्छ । फेरि मल पनि घुम्नु छ नि ! त्यो चाहिं नजीकै छ, बाटैमा पर्छ ।'

तेन्जिङ एकोहोरो सुन्दै रह्यो । ऊ बोल्दै गई, 'त्यो पृथ्वी मल हो । चीनको सहयोगमा बनेको । यसको आर्किटेक्चर नै गजबको छ । फिरङ्गीहरू यै महल हेर्न यहाँ आउँछन् । त्यसैले पनि यो ठाउँ पर्यटन केन्द्रको रूपमा स्थापित हुँदै छ । बजार-बस्ती पनि बढ्दै छ । यहाँ बसको सुविधा पनि छ । हेलीप्याड पनि छ । रोपवे पनि छ । त्यसैले यो बस्तीलाई नयाँ नाम्चे भन्छन् ।'

तेन्जिङले सपनामा मेघमालालाई देख्यो । उसैसँग खेल्यो । प्रणयलीला गऱ्यो । खास गरेर उसैलाई खेल्न दियो । गोपी गीतमा नाच्ने खिरिलो कोमल शरीर नबिग्रियोस् भन्ने उसको चाहना थियो । त्यसैले आफ्नै रुचि अनुसार ऊ खुलेर खेली, खुशी भई सपनामा ।

तेन्जिङ अहिले सत्यसेनामा मेघमालालाई खोज्थ्यो । उसकै उदात्तता र समर्पण चाहन्थ्यो, अनि झस्कन्थ्यो र संयमित हुन्थ्यो । कारण, कुनै वस्तुको चाहना उसको ध्येय थिएन । बस्, उसले आफू मानसिक रूपले चुकेको ठान्यो र मानसिक प्रायश्चित्तमा लाग्दा एकोहोरो देखिएको थियो । त्यसैले होला वर्तमानमा उसको अगाडि उभिएकी सत्यसेनाको दृष्टिमा ऊ उद्विग्न, सातो हराए जस्तो देखिन्थ्यो । सत्यसेनाले उसलाई मेघमालामा हराएको सम्झिन सकिन । किन्तु तोङ्बाको नशामा हराएको ठानी र संवादको सन्दर्भ फेर्न चाही ।

◆◆

# कन्दरा-कक्षा

गौरीशङ्कर हिमालको परिसरमा हिउँ थपियो र दिन खुल्यो । सफा आकाश मानौं नील सागर हो या साँच्चै आकाश गङ्गा । जुन भावले सम्झे पनि भो । हिमवर्षापछि उघ्रेको प्रकृति त्यसै पनि नेत्रोत्सवको आधार भएको थियो ।

विद्यार्थीहरूले तम्बू खाली गरे । हिमप्रपातसँग जुझ्न उनीहरूलाई समस्या थिएन । हाँसी-हाँसी, खेली-खेली आत्मसात् गर्न सक्थे । किन्तु त्यस्तो हुन सकेन । कारण वायु-प्रहार बढेर आयो । हो-न-हो सप्तमहावायुको कुनै एकाइको कुनै अंश यो भूभागमा ओर्लेर माओवादी आततायीले जस्तै उत्पात मचाएको हो ।

विद्यार्थीहरू गेस्ट हाउसमा समेटिए । चमेना घरमा फैलिए र मौका हेरेर आचार्य बसेको कन्दरातर्फ लागे । कुकुरको अग्रसरतामा हिमपातको यात्रा गर्न विद्यार्थीलाई असजिलो थिएन । चिनियाँ प्रविधिले निर्मित विद्युत् वितरण हिउँ, पानी, हावा, भूचलनले खासै प्रभाव पार्न सक्ने थिएन । त्यसैले पनि होला त्यो हिम देशमा पनि मानवको रक्षाका लागि विद्युतीय उपादान वरदान सिद्ध भएको थियो कन्दरामा ।

कन्दराभित्र आचार्य आफ्नै योग-साधना सकेर आसनमा बस्तै थिए । कुकुर पस्यो । कुकुरका पछि लागेर आएको विद्यार्थीको लश्कर पस्यो । एउटी षोडशी आचार्यका सम्मुख देखा परी । उसको उपस्थिति सहज र सङ्गतिपूर्ण नै हुने गर्थ्यो । स्थिति बुझेर उसले विद्युत् बटन चलाई । कुर्सीहरू अर्द्ध गोलाकारले व्यवस्थित देखिए । विद्यार्थीहरूलाई बस्ने अनुरोध गरेर ऊ त्यहाँबाट सरी ।

आफ्ना अगाडि अर्द्धचन्द्राकार स्वरूपमा बसेका विद्यार्थीहरू माथि दृष्टिपात गरेर आचार्यले भने, 'हिउँ पर्नु त स्वाभाविक भो, हावा चलेर गाह्रो भो कि ?'

'ज्यू आचार्य ! चीसो हावाको वेग र प्रताडन हिउँभन्दा चर्को । सहनै गाह्रो । उतातिर यस्तो हावा चल्दैन ।' विद्यार्थीको टोलीबाट हाङ्फूले भनी ।

'यो गौरीशङ्कर क्षेत्र हो नि ! त्यसैले पनि होला । अलिकति उच्च पनि छ यो ठाउँ । अनि थपे, 'सबैजना आएछौ, केही खास छ कि ?'

"आचार्य ! इतिहासका कुरा त पढियो, बुझियो । आफ्नै क्षमता अनुसार बोध गरियो । तर कुन क्षणमा, कुन ढङ्गले कसरी गोल हान्दा यो मुलुक जोगियो र आजको स्थितिमा हामी आइपुग्यौं त्यो कुरा हामी जान्न चाहन्छौं । आज त्यो सत्य जान्ने सुयोग जुरेजस्तो छ । विस्फोट, धूलो, चकनाचूर हुने स्थितिबाट मुलुक कसरी जोगियो ? अखिर गोल हान्ने को थियो र पोलमा ठोकिएर यूटर्न भयो ? यसको श्रेय कसलाई जान्छ ? कम से कम हामी त्यसप्रति कृतज्ञ हुने थियौं । कृतज्ञता ज्ञापन गर्ने थियौं । आफ्ना पुर्खाप्रति गौरव गर्ने थियौं ।

हो आचार्य ! हिंडिसकेको सगरमाथा थामियो कसरी ? बेच्दै गरेका नदी रोकिए कसरी ? सर्दै गरेको सीमा रोकियो कसरी ? झर्दै गरेको झण्डा रोकियो कसरी ? उधिन्दै गरेका खानी जोगिए कसरी ? मेटिंदै गएको साँध रह्यो कसरी ?

हामीले पढेका र बुझेका कुराले मात्रै यो मुलुक मिल्काउन सकिने थिएन । देशको भूमि बेच्ने, सीमा पछि सार्ने, प्राकृतिक स्रोत बेच्ने, गलत सन्धि गर्ने, नागरिकता बेच्ने, युवा शक्ति पलायन गराउने, चेलीलाई कोठीमा पुऱ्याउने, अदालत, प्रशासन, संसद र प्रहरीको अवमूल्यन हुने, सहयोग र किनबेचमा ठूला-ठूला धाँधली हुने कुरा पनि सामान्य ठानिए र प्रत्येक अपराधलाई त्यस दिनसम्म नेपाली जनताले सहेरै बसे रे । पिल्सिएरै बाँच्न सिके रे । अपराधको पारो कुन क्षणमा उच्च भो र कसरी ओर्लियो यो कुरा हामीले जान्न सकेनौं । सामग्री पाएनौं । हामी नयाँ उमेरका छौं । सत्य उद्घाटन गरिदिनुहोस् आचार्य ! हामी जान्न चाहन्छौं । परिवर्तनको श्रेय कसलाई दिने ? मुलुक यूटर्न लिएर डुब्न-हराउनबाट कसरी जोगियो ? छ जना चौतारा र तस्कर टोली मुलुक मिल्काउन कसरी असफल भए ?

हो, संसद् बाहिरबाट चौतारा दिने काम भएपछि आजको पुष्पित पल्लवित मुलुकमा हामी निर्भय बाँच्तै छौं भने यस स्थितिको आमन्त्रण कसै न कसैले त गरेको होला नि, आचार्य ! यो रहस्य खोलिदिनुहोस्, त्यस युगको प्रत्यक्ष द्रष्टा, साक्षी हजूर नै हुनुहुन्छ नि !"

आचार्यले भने, 'हो, राज्य सञ्चालन गर्ने सम्पूर्ण संवैधानिक एकाइ र न्यायिक एकाइ, सुरक्षा एकाइ, प्रशासनिक एकाइहरू निष्क्रिय-निस्तेज गराइए । बाहिरी शक्तिको प्रवेशले दवाब दुस्सह हुँदै गयो । मुलुकले झण्डा फेर्ने, देश खारेज गर्ने पनि भने । यस स्थितिको आमन्त्रण विदेशी तत्त्वसँग मिलेर हाम्रै मान्छेले गरेका

थिए । त्यसैको प्रतिक्रिया स्वरूप जनताले के गर्नु पऱ्यो र के गरेर यो मुलुक जोगाए भन्ने सत्यको केही झल्को म दिन्छु । हेर, सम्झ र निष्कर्ष आफैं निकाल ।'

एकछिन रोकिएर आचार्यले फेरि भने, 'म यसै क्षणको पर्खाइमा बाँचेको थिएँ, यदि तिमीहरूले वास्तविक स्थिति बुझिदियौ भने आजसम्म म रहिरहनुको औचित्य स्वतः सिद्ध हुनेछ । र त्यसपछि मेरो जीवनको औचित्य पनि सकिनेछ ।' विद्यार्थीहरूले मुखामुख गरे, आँखीभौं उचाले ।

'पुनर्नवा !' आचार्यले षोडशीलाई बोलाए ।

'ज्यू आचार्य, म आइसकें ।' उसले चमेनाको ट्रली ठेलेर ल्याई । तोङ्बा, चीज, पोलेको आलु, जौको रोटी र सुकुटीको सुवास र ताजापनले विद्यार्थीको अनुहारमा शरद पूर्णिमा छायो ।

चमेनापछि आचार्यले पुनर्नवालाई भने, 'तिमी चित्रावलि सार्दै जाऊ र त्यसबारे यिनलाई बताउँदै जाऊ । वेलावेला म पनि सहयोग गरौंला ।'

'ज्यू आचार्य !' पुनर्नवाले टीभीमा दृश्य उपस्थित गरी ।

गौरीशङ्करको चित्र आयो । उसले भनी, 'यी यहाँका मुख्य देवता हुन् । त्यसपछि यो हाम्रो समस्त हिमश्रृङ्खलाको चित्र हो । र यो चाहिं सगरमाथाको ।'

फेरि नेपालको मानचित्र अग्रसर गरेर उसले भनी, "यहाँ चार किसिमका चित्र छन्, गौर गरेर हेर्नुहोला । तल तिथिमिति पनि उल्लेख छ । चर्चा गरौंः

यो ब्रिटिश इन्डियामा आउनुअघिको नेपालको नक्शा हो ।

यो ब्रिटिश इन्डियासँग गरेको सुगौली सन्धिमा कायम भएको नक्शा हो ।

यो ब्रिटिश फर्किएपछि देखिएको नक्शा हो, र

यो चाहिं इन्डिया स्वतन्त्र भएपछि नेपालको भूमि बारम्बार काटिंदै गएको हिजोको नक्शा हो ।

हामी विशाल नेपालको भूमि लिने पक्षमा थियौं, किनभने ब्रिटिशले लिएको हाम्रो भूमि हामीले पूराका पूरा फिर्ता पाउनुथियो । त्यो दायित्वबाट बेलायत पन्सिन पाउँदैनथ्यो । भूमि एउटाको उपनिवेशबाट अर्काको उपनिवेशमा जान सक्तैन । उपनिवेशको पनि उपनिवेश हुन सक्छ र ! त्यस्तो अन्याय कहाँ हुन्छ ? बेलायतले अब आँखा खोल्नुपर्थ्यो । यो विकर्मबाट ऊ जोगिन सक्तैन । पहाडदेखि मैदानी भागसम्मको हाम्रो भूमि हामीले फिर्ता पाउनुपर्थ्यो र यो लडाइँ रोकिनेवाला पनि थिएन । चीनसँग भएको वेत्रावती सन्धिको केही बुँदामा शर्त जोडेर हामीले विशाल नेपालको भूगोल र नक्शा कायम गऱ्यौं । विशाल नेपाल अभियानले लिएको सङ्कल्प पूरा भयो । त्यसपछिको नक्शा हो यो हेर– विशाल नेपाल ।"

हिजोको नक्शाभित्र ठाउँठाउँमा बत्ती पिल्पिल गरेपछि पुनर्नवाले थपी, 'यी ठाउँमा विदेशीहरूले हातहतियार जम्मा गरेका थिए– राज्यको अनुमतिमा । शायद मौन स्वीकृतिमा ! त्यसवेला राज्यसत्ता थिएन या राज्यले देखेन भन्न चाहिं मिल्दैन कि !'

दृश्य फेरियो । नारा, जुलूस, भीड, विरोध, वक्तव्य, ब्यानर, पर्चा, लाठीचार्ज, धर-पकड, जेल चलान, अस्पतालमा घुइँचो । छाया र विद्युतीय सञ्चार माध्यममा पक्ष-विपक्षको अभिव्यक्ति ।

फेरि दृश्य फेरियो । एउटा सन्तको फोटो आयो । पुनर्नवाले भनी, 'यी अघोरी बाबा हुन् । यिनै हुन् रूद्रनाथ अघोरी । यिनको रौद्रस्वरूपको महिमा अर्कै छ । राजनीतिक अपचलनलाई सही दिशामा मोडेर मुलुकलाई विलय र विकराल दुर्घटनाबाट जोगाउने बाबा यिनै हुन् ।'

उसले प्रसङ्ग अघि बढाएर थपी, 'बाबा रामनाथ अघोरीका शिष्य परम्परामा प्रतिष्ठित सन्तमध्ये यिनी पनि एक हुन् । सम्राट् महेन्द्रमाथि रामनाथ अघोरीको ठूलो कृपा थियो भन्ने जनश्रुति छ । शाहवंशीय राजकुलका आचार्यहरू, अर्याल कुलका पण्डितहरू/राजकुमारहरू यस कुराको अनुमोदन गर्छन् ।'

फेरि भिडियो चल्यो । तिनै बाबालाई रथारोहण गराएर नेवार समाजमा प्रचलित परम्परागत विश्वप्रसिद्ध मङ्गलधुन सहित ठूलो जनसमुदायले नगरपरिक्रमा गऱ्यो । र, ललितपुरको महेन्द्र युवालयको प्राङ्गणमा पुऱ्याएर अभ्यर्चना गऱ्यो । विद्यार्थीहरू यो दृश्य निर्निमेष हेर्दैरहे ।

दृश्य फेरियो । कामचलाउ चौतारा पुग्यो । आफ्नै ज्ञानले गएर कुर्सीमा बस्न खोज्यो । संस्कृति बुझेको थिएनछ कि ! किन्तु उसलाई सुरक्षा बलको एउटा सदस्यले निमेषभरमै कठालोमा समाएर अर्कातर्फ हुत्याइदियो– एकै झट्कामा ।

अब अधिराजको सवारी भो । राजकीय संस्कृति र मर्यादाको शतशः अनुपालन गर्दै उनले निर्दिष्ट आसन ग्रहण गरे । चौताराले परैबाट अभिवादन गऱ्यो । उसले त्यो परिवेशमा आफू सर्वथा तुच्छ जीव भएको अनुभव लियो ।

अवधूत बाबा रूद्रनाथ महाराजको आगमन भो । अधिराजले उठेर स्वागत-अभिवादन गरे र बाबाबाट आशीर्वाद ग्रहण गरे ।

चौतारा र त्यहाँ उपस्थित नगरजनले बडो सभ्य-शालीन ढङ्गले स्वागत, अभिवादन र अर्चना गरे । माटो, जीवन र संस्कृतिको अनुपालन झल्कँदै रह्यो ।

योगी महाराज रूद्रनाथ र अधिराज एक अर्काको समक्ष रहेर संवादमा लीन भए ।

मङ्गलधुन मन्द मन्द हुँदै गयो ।

चौतारालाई मर्यादाबोध नभएको अभिज्ञान हुनुपर्ने हो । के भो थाह भएन । अरूले थाह पाए । उसलाई भाउन्न भयो । आयातित पानी पियो बोतलको, लाग्थ्यो शिशुले स्तनपान गरेको हो ।

विद्यार्थीहरूले ती तीनै जनको उपस्थितिको औचित्य माथि जिज्ञासा राखेर हेरे । किन्तु आचार्यले यति मात्र भने, 'चौताराको चिन्तन र व्यवहार सही थिएन । उसका प्रत्येक पाइला विवादास्पद थिए र प्रत्येक निर्णय जनद्रोही र भूमिको प्रतिकूल थिए । विध्वंस मचाउने, विकराल स्थिति निम्त्याउने र अरूसँग हातेमालो गरेर त्रिगुणी शक्ति सञ्चित गरेकै कारण ऊ दुर्दम्य भएर उठ्यो र परिणामतः 'पुनर्मूषिको भव' को स्थितिमा पुग्यो । दूधबाट झिंगा झिकेर फ्याँके झैं ऊ शक्तिबाट झिकियो । त्यसपछि झन् भयावह परिणाम आउँदा-आउँदै अकस्मात् भनौं दैवसंयोगवश पासा पल्टियो । त्यसपछिको युगमा अहिले हामी छौं ।'

आचार्यले थपे, 'यस राष्ट्रको शिरमा स्वयं महादेव छन्– गौरीशङ्कर । अनेक सन्त परम्पराका अजस्र स्रोत उनै मानिन्छन् । यी जो सन्त अघोरीको व्यक्तित्वले विराजमान छन् ती पनि असाधारण शक्तिपुञ्ज हुन् क्यार ! अधिराजले उनको आगमनको उठेर स्वागत गरे । नत्र महत्ताको औचित्य कसरी सिद्ध हुन्थ्यो ? स्थिति परिवर्तनको मूल हेतु नै यी बाबा हुन् भन्ने मेरो विश्वास छ । बाबाको आशीर्वाद र अधिराजको शक्तिकै कारण स्थिति साम्य भएको हुनुपर्छ । फेरि प्रत्येक कदममा जनताको सदैव साथ रह्यो ।'

एउटा अकिञ्चन ज्ञानपुञ्ज साधक योगी । अर्को टाढासम्म फैलिएको विशाल वृक्ष, हजारौं जीवको आश्रय । अर्को सार्वभौम जनताको प्रतिनिधि किन्तु अपदस्थ चौतारा– मात्र कार्यवाहक । सर्प, बिच्छी र भ्यागुतो ठाने पनि हुने– सादृश्य ।

यता अघोर साधनामा पारङ्गत बाबा । जय र पराजयबाट निरपेक्ष । उता इतिहास, संस्कृति र जनआस्थाको ऊर्जाले प्रदीप्त राजा । किन्तु अघोरीको स्वरूपमा राजा र राजाको स्वरूपमा अघोरी रहेको छद्म यथार्थको नाटकीय अभिनय जान्ने सत्यद्रष्टा शायद त्यहाँ अर्को थिएन । तेस्रो अपदस्थ कामचलाउ चौतारा, जसको तेजोवध भएकै थियो । यिनै थिए अभिनेता ।

दृश्य जगत्मा अघोरीले भनेको कुरा राजा मान्थे । राजाले भनेको कुरा चौताराले पालना गर्नुपर्थ्यो । खास उद्देश्यका लागि यो स्थिति बाँधिएको थियो । किनकि न्याय-चौतारीले दिएको चौतारा आउन अझै समय बाँकी थियो । त्यसैले

जीवन, माटो, इतिहास र संस्कृतिको रक्षाका लागि कामचलाउ चौताराबाट महत्त्वपूर्ण काम सम्पादन गराउन अपरिहार्य जस्तै भएको थियो । त्यसैले यो आवश्यक पनि थियो र एउटा सुयोग पनि । घडी पनि बलवान् थियो र फलाम पनि तातेको थियो ।

तोङ्बाहरूमा तातोपानी भरिसकेर पुनर्नवा आफ्नै ठाउँमा बसी । आचार्यको संकेत अनुसार उसले महेन्द्र युवालयको चित्र देखाई । युवालयको परिसर सेनाले घेरेका थिए । ठूला पण्डालभित्र योगी अधिराजको राज्याभिषेक भयो । शिवरात्रिको दिन शक्तिमान सेनाले आफ्नै रेखदेखमा यो कर्म विधिवत् पूर्ण गरायो । यो सैन्यदिवस पनि भएको हुनाले विशेष उत्साह थियो । नगरजन पनि एक भावले साकार भएको बुझिन्थ्यो ।

वेलावेला योगीका ठाउँमा राजा र राजाका ठाउँमा योगी देखिन्थे । वेलावेला राजामा योगी देखिन्थे र वेलावेला योगीमा राजाको विग्रह देखिन्थ्यो । र वेलावेला एकाकार देखिन्थे– एउटै विग्रहमा । यो रहस्य बुझ्ने ज्ञानीहरू परै बसेर अनुमोदन गर्थे । स्थानीय क्षेत्रका गृहस्थ सिद्धहरू पनि यो कुरा बुझ्दथे । वर्तमानको व्यवस्थाले सांस्कृतिक विचलन र अनास्था फैलाएको हुनाले नागरिकहरू यो अध्याय टुङ्गिजाओस् र नयाँ अध्याय थपियोस् भन्ने कामना गर्दथे ।

राज्याभिषेकको अवधिभरि स्थानीय शैलीका सांस्कृतिक-माङ्गलिक धुन बजे । नगरजनले आस्था प्रकट गरे । आनन्द मनाए । सन्तोष माने । शान्ति र सुरक्षाको कामना राखे । लुटिने र बेपत्ता हुने भय हराउँदै गएको अनुभव गरे ।

काठमाडौं उपत्यकाका तीनै शहर कला र संस्कृतिको वैभवले चुलिएका थिए । आज पनि त्यसको गरिमा र महिमा कम भएको थिएन । किन्तु साम्यवादी हँसिया-हथौडाले त्यो वैभव नष्ट गर्ने हठ कम्ती गरेको होइन । जनताको अदम्य शक्तिका अगाडि राज्य-सत्ताले घुँडा टेक्नुपरेको इतिहास कम रोचक थिएन । जनताको अगाडि त्रिगुणी शक्तिको तेजोवध हुनु सामान्य थिएन, होइन ।

राज्याभिषेकको मुहूर्त जुर्नुपर्छ । त्यो जुर्‍यो । किन्तु राजसिंहासन/राजगद्दीको व्यवस्था कहाँ गर्ने भन्ने विषयले घोरिन बाध्य गरायो । अबको पहिलो कृत्य यही थियो । त्यसैले निकै गुनगुन चल्यो । कर्ण संवाद चल्यो । श्रुति परम्पराले कुरा फैलियो । के गर्ने के नगर्ने भनेर समाज मनोविज्ञान द्वन्द्वमा परेको वेला जेठा तथा वयोवृद्ध राजनेता सत्यनारायण लोहितमान भन्नेकहाँ यो कुरा पुग्नासाथ उनले सजिलै भने, 'राजालाई एकताको प्रतीक मानौं, हाम्रो छाता ठानौं र संस्कृति र स्वस्थ परम्पराको रक्षक मानौं । हामी उनको अस्तित्व स्वीकार गरेर भक्तपुर दरबारको

परिसरमा राजसिंहासन लगाऔं र आसीन गराऔं । अहिले हामी अधिराजको रक्षा गरौं, फेरि भोलिदेखि उनले हाम्रो छाता बन्नुपर्ने छ । आस्था, विवेक र औचित्यको आधारमा राज्यसत्तालाई पोषण र संरक्षण प्रदान गर्न उनी प्रतिबद्ध हुनेछन् । जाऔं, राजकीय शैली र विधान अनुसार राजसिंहासनमा बसाऊ नागरिक अभिनन्दन गरेर । यो हाम्रै संस्कृति हो । यसो गरे हाम्रै गरिमा बढ्छ र हामी आफ्नै मौलिक परम्पराले बाँचेको ठहर्ने छ । जाऊ, नीति, रीति र मर्यादाभित्र रहेर अधिराजको स्वागत गर । अँ, कतैबाट कुनै अडचन वा बाधा विरोध आयो भने मलाई भन्नू । शुभकामना छ ।'

स्थानीय नागरिकले आ–आफ्नै वर्ग र समूहबाट योगी अधिराजको स्वागत गरे । हर्ष बढाइका साथ सांस्कृतिक जात्रा प्रदर्शन गरे । ज्येष्ठ नागरिक र संस्कृतिका अग्रदूतहरूले अनुमोदनका साथ मार्गदर्शन गर्दै रहे ।

नव-कन्याहरूले आरती–मङ्गल गरे । शङ्ख, चामर र मङ्गल धुनका बीच योगी अधिराज कुमारी समक्ष उपस्थित भए । कुमारीबाट टीका ग्रहण गरेर आशीर्वाद लिए । कुमारीले बायाँ हातले टीका लगाइ दिइन् । ढोग गरेर योगी अधिराज फर्किए ।

पुजारीको सहायक छक्क पऱ्यो । कुमारी पनि वामपन्थी नै रहिछन् र यी राजा पनि वाममार्गी नै रहेछन् । नत्र सबैलाई दाहिने हातले टीका लगाइदिने चलन छोडेर बायाँ हातले किन लगाइदिन्थिन् ? कुमारी र राजा दुवै मार्क्सगीताका अनुयायी रहेछन् भन्ने पुष्टि भो भनेर पुजारीको सहायक आत्मकथन गर्दै प्रसन्न रह्यो । कुमारीहरू राजालाई बायाँ हातले टीका लगाइदिन्छन् भन्ने सत्य जान्ने थोरै हुन्थे । पुजारीको सहायक यसबारे अल्पज्ञ नै लाग्थ्यो । परन्तु त्यहाँ ज्ञानयोगी पनि थिए । उनीहरू यसमा सङ्गति र औचित्य देख्तथे । स्थिति, नीति, परम्परा र मर्यादाको पालना भएको ठान्थे ।

सेवा र सुरक्षाको विशेष प्रबन्ध थियो । अवकाश प्राप्त ब्रिटिश सेना, रूसको सैनिक जीवनबाट विधिवत् अवकाशमा आएका पूर्व आततायी जङ्गली सेना र जवान भइसकेका बालसेनाहरूको सुरक्षा–घेरामा राज्यभिषेकको सुकर्म सम्पन्न भयो । ती सम्पूर्ण जवानहरूप्रति समाज कृतज्ञ देखिन्थ्यो । मङ्गल प्राङ्गण उपलब्ध गराएकोमा भादगाउँका ज्ञानवृद्ध–वयोवृद्ध राजनेताप्रति नागरिक समाज कृतज्ञ थियो । मुलुक बाहिर पुगेका नेपालीहरू आफ्नो भूमिलाई कति माया गर्छन् भन्ने दृष्टान्त अर्को थिएन । उनीहरूको दृष्टि, सहयोग र उदारतालाई सलाम र सम्मान थियो । राज्यद्वारा लुटिने त्रासबाट आज सबै मुक्त देखिन्थे ।

अर्को फोटो आयो । आठ जना थिए । आँखा र मुखमा फरक फरक पट्टी बाँधेको थियो । दाहिने हात ठुटे देखिन्थ्यो । त्यसमा पनि पट्टी बाँधेको

देखिन्थ्यो । शल्यक्रिया पश्चात् चिकित्सा केन्द्रमा कसैले फोटो लिएको हो कि भन्ने लाग्थ्यो ।

विद्यार्थीहरूले यसबारे जान्ने उत्सुकता देखाएपछि पुनर्नवाले भनी, 'नहेरी, नपढी हस्ताक्षर गरेका हुनाले जनताले यिनका आँखा झिके, जिब्रो काटे र हात पाखुरा थुते । गलत ढङ्गले सन्धि सम्झौता गरेर मुलुकलाई अप्ठ्यारोमा पुऱ्याउने र विदेशी शक्तिका सामु घुँडा टेक्न विवश पार्नेहरू जनताद्वारा नै दण्डित भएका हुन् । गाउँको सिंहदरबार र चौतारीको जनन्याय-पीठले जनकार्वाही गरेको अर्को जनप्रमाण यो पनि हो । राष्ट्रद्रोह गरेको हुनाले यिनको जनसुनुवाइ पनि हुँदैन । मुद्दा पनि चल्दैन । राजाको अगाडि विनयी देखिएका भए शायद यस्तो दण्ड पाउने थिएनन् । यिनमा दुई जना त नारी पनि परेका छन् नि ! आश्चर्य लाग्ने दण्ड विधान यो होइन ?'

बिर्सेको बुँदा सम्झेजस्तो गरेर पुनर्नवाले थपी, 'वायाँ हात चाहिं सुरक्षित छ । तर हस्ताक्षर चल्दैन । अमान्य गरिएको छ । औंठा छाप पनि निषेध छ ।'

'यो पनि उसैवेलाको कुरा हो ?'

'हो, २०७२ को विधान आएपछिकै कुरा हो । किन्तु विधानसभाको गठन भएदेखि नै अपराध चुलिंदै गएको हो । झन् विधानले त जनअपराधीलाई संरक्षण नै दियो नि ! गजब होइन ?' उसले कैफियत जनाई :

जब मुलुकमा न्यायले काम गर्न छोड्छ, कानून बन्दी हुन्छ, प्रहरी निष्क्रिय हुन्छ र अविवेकका लागि उपयोग हुन्छ र सेना आफैंभित्र रमाएर बस्छ भने के राजनीतिक व्यवसायी, कर्मचारी र व्यापारीले मिलेर हिमालय नउठाउलान् र ? समुद्र नसुकाउलान् र ? अनि सूर्यका हजार टुक्रा नपार्लान् र ? के चन्द्रमा लोप नगर्लान् र ? कल्पना गरौं, ब्वाँसाहरूको झुन्डमा सरल गौप्राणीको के अवस्था होला ? न लुटिएला ?

हो, मुलुकमाथि मिलेमतोमा बारम्बार बलात्कार भएको हो– राजनीतिक शक्तिको धुरीभित्र । छुन नहुने, हेर्न नहुने र जान नहुने ठाउँमा पनि अपराधकर्ता पुगे । अति भएपछि परिणाम भोग्नु नपर्ने होला र ? वैभव पनि सकियो, जीवन पनि टुङ्गियो । छटपटी किन ? कमाउन ? जोगाउन कि भोग्न ? केका लागि रहेछ त्यत्रो कसरत र प्रपञ्च ?

के माटो, जीवन, संस्कृति र स्वत्वमाथि धावा बोल्ने सत्तालाई नागरिकले सहेर बस्छ र ? ऊ हिमाल भएर नउभिएला ? सागर भएर नडुबाउला ? उचाइ टुङ्गिएपछि ढलाइ शुरू हुन्न र ?

चिया विश्रामपछि मीमांसा शुरू भयो ।

पुनर्नवाले चित्रमाला देखाउँदै लगी । आचार्यले भने, 'हेर कुकुरको चित्र । यी दुवै कुकुर अव्वल दर्जाको तालीम प्राप्त हुन् । सैनिक पोशाकमा देखिने यो जवान यिनको निर्देशक हो । यसका पछाडि एउटा सानो कथा छ ।'

विद्यार्थीहरू उत्सुक देखिए ।

'आततायी युगमा माओवादी क्याम्पबाट एउटी किशोरी रातारात भागी र ब्रिटिश गोर्खाको जवानसँग लागेर लन्डन पुगी । पछि अँधेरी रातमा हराएकी उज्यालो नक्षत्र देखिई ऊ । आजको दिन ल्याउन उसको पनि भूमिका रहेको छ । कुकर खेलाउने यो युवक उसैको छोरा हो । तालीम प्राप्त यी कुकुर निर्देशन अनुसार काम फत्ते गर्छन् । अप्ठ्यारो र जनशक्तिले गर्न नसक्ने काम यिनै कुकुरबाट गराइन्छ । यी खेल्दै जान्छन्, लठारिँदै पुग्छन् र लक्ष्य साधेर निस्कन्छन् ।'

'आचार्य, हाम्रो सोचभन्दा बिल्कुल पृथक् रहेछ यो कुरा ।'

'ब्रिटिश सेनामा पुगेका अवकाश प्राप्त नेपालीहरूको सहयोगमा यी कुकुर यहाँ आएका हुन् । यिनै मार्फत देशद्रोहीमाथि कार्वाही गरिन्छ । किन्तु आम नागरिकले यो कुरा थाह पाउँदैन । कुनै अपराधी मुलुक भन्दा ठूलो हुँदैन । अपराधीलाई मासेर मुलुकको रक्षा गर्ने सोच र सङ्कल्पले यो टीम यहाँ आएको हो भन्ने बुझिन्छ ।'

विद्यार्थीहरूले उत्सुकता राखेर सोधे, 'आचार्य, कस्ता मान्छेलाई सुताए होलान् यिनले ? कसरी जान्नु ती त्यसलायक थिए भनेर ?'

'तथ्याङ्क दुरूस्त छ । गणित नमिली योगफल आउँदैन नि ! ज-जसका पछाडि कुकुर छोडिएको छ ती भूमिगत रहेर अपराध गर्छन्, गराउँछन् र योजना बनाउँछन्; व्यक्ति, गुट, दल राज्यसत्तालाई आफ्नै स्वार्थमा परिचालन गर्छन्; नीति, कानून, विधान, परम्परालाई आफ्नै अनुकूल पार्छन् र बाह्य शाक्तिको आडमा तर्छाउँछन् ।'

अर्को चित्र आयो । कक्षमा हातहतियार टन्न थिए– बाक्लै सजाएर राखेका । आततायीहरूले मानवजातिको हत्या गर्ने यस्तै शस्त्र र अस्त्र आदि घातक तत्त्व उठाएथे । अधिकांश अस्त्र अपरिचित र विदेशी नै देखिन्थे । तालीम विना उपयोगमा आउन सक्तैनथे ।

कैदीसँगै खुला शस्त्रागार देखेर विद्यार्थीहरू चकित भए । कसैले पनि हतियार उठाएर कसैमाथि प्रहार गर्न सक्तथ्यो । एकै दलका गुटहरू थिए सवर्गीय । काजी र पाजी वर्गका तत्त्व सँगै थिए । नाइके र कामदार पनि आफैं मारामार गरून्

भन्ने आशयले नै यो परिवेश तयार गरिएको थियो भन्ने बुझिन्थ्यो । मौका पनि थियो शत्रु साधना गर्ने र बदला लिने । यसैले सिला खोजीखोजी अपराधीहरूलाई हतियार भरिएको कोठामा राखिएको थियो ।

त्यहाँ कसैले शस्त्र उठायो भने कोही रोक्न आउनेवाला थिएन । यदि रोक्न सक्थ्यो भने नीतिले सक्थ्यो, भयले सक्थ्यो, कातरपनले सक्थ्यो वा अकस्तमात् आक्रामक रोगले सक्थ्यो । अन्यथा हत्या या अपराधका लागि उठ्ने हातलाई त्यो परिवेशमा रोक्ने अर्को उपाय थिएन । ढोका सधैं खुला रहन्थ्यो र कुनै पनि कैदीले सजिलै लक्ष्य साध्न सक्थ्यो । त्यसैले होला कोठाको स्थिति निरन्तर कम्पायमान, शंकाग्रस्त र कातरताले भरिएको देखिन्थ्यो । कुनै पनि क्षण हत्या हुन सक्ने भयले बन्दीहरू प्रायः अर्द्धनिद्रित, अर्द्धविक्षिप्त र अर्द्धमृत झैं देखिन्थे ।

विद्यार्थीहरूले आ-आफ्नै ढङ्गले हतियार र कैदीको स्थितिलाई पढे, बुझे र मुटु अमिलो पारे । पुनर्नवा उनीहरूको मनोभाव बुझ्ने यत्न गर्दैरही । उसले यति मात्र भनी, 'आफूखुशी मारामार गरून्, शत्रुसाधना आफैं गरून् भनेर हातहतियार त्यहाँ राखिएको हो ।'

वास्तवमा त्यहाँ यस्ता प्राणी थिए जसका लागि अर्काको ज्यान मार्नु भनेको एउटा खेल थियो, अधिकारपूर्वक गरिने एउटा विनोद थियो । सहज-सुलभ लीला थियो । यी प्राणी योद्धा थिए कि थिएनन् या आततायीहरूको एकपक्षीय छापामार शैलीको त्यो आक्रमण युद्ध थियो कि थिएन वा युद्ध भयो कि भएन त्यसबारे गहन मीमांसा होला, किन्तु ती घोर अपराधी र दानववृत्तिका अमानुष थिए भन्ने किटान गरेरै बन्दी बनाइएका हुन् भन्नेमा द्विविधा थिएन ।

एउटा अघोषित आशय पनि यहाँ प्रक्षेपित देखिन्थ्यो । यदि कसैले आत्महत्या गर्न चाहन्छ भने गरोस्, त्यसका लागि यो अवसर पनि हो । आपसमा काटाकाट गरेर मर्छन् भने पनि क्षति हुँदैन । एकपक्षीय आक्रमण गरेर प्राण लिन्छन् भने पनि सही मौका हो । यो अघोषित मत्स्य-न्यायको शैली पनि हो । परस्पर संवाद, विवाद र प्रतिवादको लागि जुटाइएको जमघट पनि हो ।

यन्त्रजडित कक्ष भएको हुनाले यिनको गतिविधि र संवाद वा आरोप-प्रत्यारोप रेकर्ड हुन्थ्यो र यसको छनक यिनलाई हुँदैनथ्यो । अपराध स्वीकार गरेपछि यी दण्डभागी हुन्थे । यिनीहरूमाथि गलत हुँदैनथ्यो । केवल अन्तिम बयानका लागि यी बन्दी बनाइएका हुन्थे केही दिन ।

अपराध शिरोमणिज्यूहरूको यो स्थिति देखेर विद्यार्थीहरू स्तब्ध भए ।

'आचार्य, दण्ड पनि त उस्तै भोगे होलान् नि !'

'विधि र विवेकमा राज्य एकदम सशक्त थियो । म त भन्छु, अपराध अनुसारको दण्ड थिएन, किञ्चित् हलुका नै थियो, निर्मम थिएन ।'

विद्यार्थीहरूले कुतूहल देखाए ।

'सर्वस्व ग्रहण गऱ्यो । तर गाँस, वास र कपासको व्यवस्था पनि गऱ्यो । छुट्टै घर बनाएर राख्यो । उपचार पनि दियो । निश्चित रकम तोकेर क्रेडिट कार्ड पनि दियो । किन्तु गृहबन्दी गरायो । टेलिफोन र जनसम्पर्कमा रोक थियो । परिवारका सदस्यले सालमा चार पटक भेट्न पाउँथे । चाहँदा एउटा वा एक जोडा पशुप्राणी पाल्न सक्थे । त्यो विशेष सुविधा थियो । बस् ।'

'वाह ! कहाँको वैभवपूर्ण जीवनको उचाइ, कहाँ पिंजराको जीवन ! कैदी यन्त्रणा ! गजब होइन ! यस्तो जीवनभन्दा त मुक्ति (मृत्यु) उच्च होइन ? न परिवार, न प्रेम, न सम्पत्ति, न स्वतन्त्रता, न कोही सुन्छ, न सुनाउँछ । धिक् !' एउटा विद्यार्थीले टिप्पणी गऱ्यो ।

'तर मलाई दण्ड विधान मन पऱ्यो । अक्षर, रङ्ग वा सङ्गीतलाई साथी बनाउनेले शायद बन्दी-जीवनको कठोरतालाई सजिलो पार्दो हो । पुस्तक पढ्न त पाइन्छ होला । लेख्न पनि पाइन्छ होला । सांसारिक प्राणीसँग लेख्य सामग्री कति छन् कति ! अक्षर र अनुभूतिसँग खेल्न पनि त सक्नुपर्छ नि ! हैन र ?' यसपटक छात्राले थपी ।

पुनर्नवाले भनी, 'सुराकीको नजर पनि उनीहरूमाथि हुन्थ्यो । नयाँ राज्य–व्यवस्थाले नेगुवि (नेपाल गुप्तचर विभाग) लाई जीवित गराएर अत्यन्त सक्रिय गराएको थियो । बाहिरिया शक्ति पनि यसबाट त्रसित थिए । यताउति गऱ्यो कि पार्सल गरिदिन्थ्यो ।'

दृश्य फेरियो । सानो चित्रावलि आयो । परको घरको छानाबाट एउटा ठूलो चरा उड्यो । तीन पटकसम्म त्यसले कावा खायो । क्यामेराले त्यसको उडान पछ्याउँदै थियो । चौथो पटकमा बिस्तारै लीलापूर्वक ओर्लियो र कार चढ्न आँटेको मान्छेलाई हठात् आक्रमण गऱ्यो । टोपी खस्यो । चश्मा खस्यो । मान्छे भुइँमा पछारियो । फेरि पनि चराले आक्रमण गर्न छोडेन । शायद चराले जितें भन्ने ठान्यो । त्यो त्यहाँबाट उड्यो ।

दृश्य सकिएपछि विद्यार्थीहरूले एक पटक लामो–लामो सास फेरे । अनि यस खेलको रहस्य जान्ने कामना गरे । आचार्यले पनि पुनर्नवातर्फ लक्ष्य गरे ।

'यो आकस्मिक वा संयोगवश घटित कर्म होइन । आयोजित कार्य हो । उद्देश्यपूर्ण सङ्कल्पको परिणाम हो । योजनाबद्ध नियोजित आक्रमण नै हो ।

किनकि जनता उर्लेर आक्रमण गर्लान् कि भन्ने डरले राजनीतिक जीव कडा सुरक्षा-घेराभित्र रहेर दाउपेच र द्वन्द्व परिचालन गर्दैरहे । कसैको कुनै कुरा सुन्न आवश्यक ठानेनन् । जनताले नौलो दण्डविधान ल्याए ।' पुनर्नवाले सजिलै मीमांसा गरी ।

'हो, तिनै राजनीतिक दस्युका कारण नेपालीहरू श्रम साट्न संसारभरि फैलिएका हुन् । कसैको दिमागमा यो उपाय सुझ्यो होला । व्यवहारमा घटित हुने गरेका दृश्य आफ्नै देशमा अमुक कार्यका लागि परिचालन किन नगर्ने भनेर सोच्यो होला । द्रव्यको खेल कहाँ हुँदैन ? मङ्गोलियादेखि अरबसम्म शिकारी चरा परिचालित हुन्छन् । चरा निर्देशकलाई स्थितिबोध गराएर लक्ष्यसिद्धिको शर्तमा झिकाए होला युवकहरूले । चराले आक्रमण गऱ्यो । एउटा आँखा त्यहीं फुट्यो । अर्को आँखा लिएर उड्यो । के भनौं ? ठूलो मान्छेको आँखा गुम्यो । बिचरा ! हेर त जनताको सहानुभूतिसम्म पाउन सकेन । कतिसम्म यातना दिएको रहेछ त, यी ठगहरूले ? नत्र जनताले यति क्रुद्ध हुनुपर्थ्यो र ! यिनकै दुश्चरित्रले जनतालाई प्रलयंकर बनाएको होइन र ?' आफूले प्रत्यक्ष अनुभव गरेको सत्य आचार्यले खुलेर भने । उनी पनि यसपटक आवेगमा पुगेका हुन् कि भन्ने लाग्थ्यो ।

अर्को चित्र अग्रसर गरेर पुनर्नवाले विद्यार्थीहरूतर्फ लक्ष्य गरेर भनी, 'यी सबै यस मुलुकका गण्यमान्यज्यूहरू हुन् । अहिले कैदमा राखिएका छन् । खास गरेर आर्थिक कारोबारमा ठूला-ठूला घोटाला गर्नेहरू, विकास निर्माणमा अक्षम्य धाँधली गर्नेहरू, क्रय-विक्रयमा हात मार्नेहरू, देशघाती सन्धि सम्झौतामा तर मार्नेहरू यहाँ जतनसाथ राखिएका हुन् । किन्तु असुविधा किञ्चित् फरक छ ।'

'असुविधा फरक भनेको कस्तो ?' विद्यार्थी समूहबाट मेरीले सोधी ।

'उच्च सुविधा भोगेर जीवन बिताउनेहरूलाई यस खालको गोलघरमा राखिएको रहेछ । त्यो अनुमानभन्दा अलिक परै छ । भनौं, जेल त जेल नै हो, फेरि पनि यिनीहरूप्रति देखाइएको दण्ड विधान अलिक फरक छ । सकसपूर्ण छ भन्दा हुन्छ ।'

'जस्तो ?'

"विद्युतीय पट्टीबाट थालमा भोजन सर्दै जान्थ्यो । कैदीहरू एउटा-एउटा भाग टिप्थे । पातको थाल भएको हुनाले खाइसकेर त्यहीं फाल्थे । एक बोतल मेलम्ची-पानी सुलभ थियो ।

बन्दीगृहमा व्यवस्थित शौचालय थिएन । आफ्नै सुविधा अनुसार जो जहाँ पनि बस्थ्यो, न ट्वाइलेट पेपर, न टालो, न माटो । सिमेन्टको भुइँ, पानी चुह्यो कि चिप्लो । दुर्गन्ध, फोहोर, बीभत्स । सबै जन दोषी । द्विविधा भो– नाकले सास

फेर्ने कि मुखले । यति गन्हायो कि घ्राणशक्ति नै समाप्त भो । दुर्गन्ध थाहै हुन छोड्यो, बिचरा !

जीउभरि खटिरा भरिए । चिलाउन थाल्यो, कोतरेर घाउ हुन थाल्यो । न नुहाउनु, न पुछ्नु, न धुनु ! पानी भएर के ? चलायो कि फोहोर हुन्छ र फैलिन्छ । जताततै राश । महाजनहरूकै उत्पादन । ताजा–सुख्खा । बाफ आउँदै गरेको । कसैले टेकेर यहाँसम्म ल्याएको । कोही चिप्लिएको । महाजनहरूको विवशता हेर्न त परै जाओस्, सुन्न पनि नसकिने स्थिति । बिल्कुल यथार्थ । साहित्यमा खोजिएको यथार्थ ।"

विद्यार्थीतर्फ हेरेर पुनर्नवाले प्रतिक्रिया जनाई, 'हिजोका सुखीहरू कसरी यस्तो जीवन भोग्न बाध्य छन् ? कसको कारणले यी यहाँ पुगेका हुन् ? उत्तर कोसँग होला, कस्तो उत्तर देला ? हिजो विधानले दिएको सुख थियो र आज यो नर्क पनि त्यसैले विधान गरेको हो भनेर बुझ्ने के होला ?'

विद्यार्थीहरू प्रतिक्रिया शून्य देखिए । शायद पुनर्नवाको भाव–प्रक्षेपण उनीहरूले बुझेनन् । उसले अर्को दृश्य अगाडि सारेर भनी, 'यो फोटो हेर । यसमा पति–पत्नी नै अपराधी हुन् या अपराधमा जोडा बनेका छन् । तर दुवै दिनमा यी कायल भएका थिए । स्वाभाविक पनि हो, पचासौं जोडी ट्वाइलेट नभएको कोठामा थुनिएका छन् । कति असजिलो भयो होला शौच र शयनमा ! बुद्धिमान् रहेछन्, बेलैमा अपराध स्वीकार गरे ।'

'बयान लिन सक्ने अवस्था त थिएन, अनि ?'

अपराधको सूची थियो । विषय, शीर्षक, प्रकृति, वित्तराशि, ट्रस्ट, व्यापार, ठेक्का, समय, ठाउँ, समूह आदि दुरुस्त हुन्थ्यो । अपराध गरेको भए स्वीकार गरेर हस्ताक्षर गर्नु पर्थ्यो । विना आधार आरोप थिएन । अधिकांश अपराधीलाई राजनीतिक व्यक्तिको संरक्षण रहेको देखिन्थ्यो भने व्यापारी–उद्योगपतिको योजना अनुसार अपराध फलित भएको भेटिन्थ्यो । सर्वसाधारण या आम जनताले त अपराध गर्नै सक्तैन । बरु प्रलोभन दिएर त्यस्ताबाट अपराध गराइन्छ । यस्ता घटना असंख्य छन् । यी कुरा पुनर्नवा जान्दिनथी क्यार । त्यसैले केही भन्न चाहिन ।

राज्यशक्ति जाति चुस्त, दुरुस्त हुन्छ, न कुनै अपराध लुक्न सक्छ न कुनै अपराधी बच्न सक्छ । त्यसैले रोकिने, सुधारिने, सङ्लिने र क्षतिपूर्ति हुने अवस्थाका ससाना कुराले राज्यलाई विप्लवकै स्थितिमा पुऱ्याएको थियो भन्दा अलिक विश्वास लाग्दैन । अरु नै कारण हुन सक्छन् जसले राज्य थामिने स्थितिबाट पर गएको होस् । राजनीतिक कर्मले धोखा देला तर राज्य–विलय

नगराउला कि ! किन्तु राजनीति गर्ने व्यक्ति सूझबुझ भएकै हुन्छ, ऊ आम जनता पक्कै होइन । यो त सरल सोचाइ हो । तर राजनीति बङ्किम पथ रुचाउँछ, यो पनि सत्य हो ।

प्रश्न छ, के सामान्य नागरिकले मुलुकमा विप्लव ल्याउन सक्छ ? त्यहाँ सङ्गठन र नेतृत्वको खाँचो पर्दैन ? के चरीकोटको साइँलो र मुसीकोटकी माइलीले बाख्रा चराउन छोडेर मुलुकलाई विलयको स्थितिमा पुऱ्याएका होलान् ? कि ओलाङ्चुङ गोलाको चौंरी गोठालो र तोप्के गोलाकी भेडी गोठालीले यो अवस्था ल्याएका हुन् ? किन्तु यस्ता प्रश्नको उत्तरले निकास दिंदैन ।

मुलुकलाई अप्ठ्यारोमा पुऱ्याउने हेतु अरू नै छ । त्यसको उद्घाटन हुन सकेको छैन । त्यो जान्नु जरूरी थियो । जतिजति हस्तिनापुर दरबारलाई शक्ति दिंदै गए उति उति भौतिक सुखको भोग र प्रदर्शनकारी बडप्पनको मोहमा राजनीतिक व्यवसायी हुर्कंदै गए । पदमा पुग्न, थामिन, चुनाव जित्न, दलसेना पोस्न, परिवार आफन्तलाई च्याप्न लागे । अनुचरलाई पाल्न र रक्तबीजको रक्षाका लागि राज्य-दोहन गर्न विधानभन्दा माथि पुगे । यसबारे विद्यार्थीहरूले चित्त बुझ्दो कारण खोजे, चाहना गरे तर मुख फोरेर मर्यादा भङ्ग गर्न चाहेनन् । यो उकुसमुकुसको स्थितिलाई सजिलो बनाउन पुनर्नवाले तोङ्बामा तातो पानी थपी । अनि चमेनाको ट्रली गुडाएर ल्याई ।

शान्त, शून्य स्थितिलाई ध्वनि तरङ्गले चनाखो बनायो । हेलिकोप्टर बसेको थियो । विद्यार्थीहरू सजग पनि भए, उत्साहित पनि देखिए ।

हेलिकोप्टरमा प्रोफेसर ससाङ् छिरिङ र मेघमाला आएका रहेछन् । आचार्यको कन्दरामा पुगेर उनीहरूले आसन लिए । विद्यार्थीहरूले स्वागत अभिवादन गरे । पुनर्नवाले चमेना पुऱ्याई ।

'विभिन्न समयमा त्यसवेलाका सत्ताधारी वा शासक र प्रशासकहरूले गोप्य ढङ्गले गरेका सन्धि-सम्झौताहरूको लिखत प्रमाण नेगुविको विशेष शाखाले पत्ता लगाएको छ भन्ने सूचना आएको छ भनिन्छ । त्यसबारे हामी अझै अनभिज्ञ छौं । हाम्रा पूर्वजले मुलुकमाथि गरेका घातक कर्मको जानकारी पाउन सम्भव छ ?'

विद्यार्थीको समूहबाट आएको यो प्रश्न विकसित नेपालका लागि स्वाभाविक थियो किनकि इतिहासको त्यो पृष्ठ आज आएर पढ्दा आश्चर्य लाग्ने थियो । कस्ता पातकी र अपराधी थिए उल्का युगका हाम्रा शासक, प्रशासक र तिनले के कस्ता कुकर्म र भ्रष्टाचार गरे भन्ने जानकारी नयाँ पुस्ता अधिकारपूर्वक लिन

चाहन्थ्यो । र यो स्वाभाविक पनि थियो । इतिहासले धेरै कुरा सिकाउँथ्यो भोलिका लागि पनि र आजका लागि पनि ।

अझ गहन र सविस्तार अध्ययन गरेर नेपाल–चीन *मैत्री विश्वविद्यालयको* अनुसन्धान विभागले भर्खरै एउटा प्रतिवेदन प्रकाशित गरेको थियो । त्यसैका आधारमा प्रोफेसर ससाङ्ले उताबाट दुईवटा मान्छे जनव्यापारीको रूपमा आएर कसरी प्रस्ताव राखे त्यसको जानकारी दिँदै भनिन्, 'छेदीलाल कसिंगरवाला र कनकलाल कन्तुरवाला भन्ने व्यक्ति आएर त्यसवेलाका चौतारा खद्योतप्रकाश नक्शालीलाई उनकै सुत्ने कोठामा पुगेर भेटे ।'

'अनि के भो ?' विद्यार्थीले मनमनै प्रश्न गरे ।

प्रोफेसर ससाङ्ले विद्यार्थीहरूको मौन जिज्ञासालाई सम्मान गर्दै भनिन्, 'कोभिड १९ पछि नेपाली सेना र प्रहरीमा नेपालीहरूलाई भर्ना नलिने; स्वास्थ्य परीक्षणबाटै तिनलाई अयोग्य ठहर गर्ने; स्वास्थ्य परीक्षणका लागि उतैबाट चिकित्सकको टोली आउने; र यहाँ चाहिने जनशक्ति उताबाट छनोट गरेर पठाउने उनीहरूको प्रस्ताव थियो । अब सहयोग लिने पालो हाम्रो भो भनेर तिनले चौतारा कम्रेडलाई स्मरण पनि गराए । उसले पनि स्वीकृति दियो ।'

विद्यार्थीबाट प्रश्न आयो, 'राजनीतिमा यस्तो देशघाती व्यापार पनि चल्छ र ? फेरि लाभको प्रसङ्ग पनि होला नि प्रोफेसर ?'

"अनुमान र प्रत्यक्ष दुवै पक्षबाट पुष्ट–अपुष्ट समाचार मिल्छ । यहाँका सुविधाभोगी तथा दरिद्र मानस भएका ठालूहरूलाई 'उपहार कलौनी' मा घर दिने योजना छ । आफ्नै देशमा बस्न नसक्ने अवस्थामा त्यहाँ घर मिल्ने छ । एउटा मिनिभ्यान BMW, लेडी ड्राइभर, करार पत्नी मिल्नेछन् । तर युटिलिटी र मर्मत सम्भारको बिल उपभोक्ताले नै तिर्नुपर्ने छ । आजीवन भोग्न पाउने छ किन्तु अर्को पुस्तामा स्वामित्व जाने छैन ।

एउटा शर्त पनि यिनले मान्नै पर्छ । जनसम्पर्क गर्न त्यहाँको मन्जूरी चाहिन्छ । नेपाल भ्रमणमा आउँदा पनि स्वीकृति लिएर आउनुपर्छ । सुरक्षा गार्ड पनि सँगै हुन्छ ।"

'यसको अर्थ हो– विदेशमा पुगेर नजरबन्दको अवस्थामा रहने भो र एक हिसाबले घरको भाडा पनि तिर्नु पर्ने भो हैन ? ज्यानको खतरा पनि देखिने भो । बाँच्नुको अर्थ के ? एकातिरबाट सम्मान गरे जस्तो र अर्कातिरबाट प्रतिबन्धित गराएर स्वतन्त्रता समाप्त गरिदिएको र घुमाउरो पाराले घरभाडा उठाएको देखिंदैन र ?' विद्यार्थीले मनमनै गुने ।

'म यो प्रसङ्ग टुङ्ग्याउँ है ।' भनेर प्रोफेसर ससाङ्ले थपिन्, 'हामी आएको प्रमाण छोड्नु पर्‍यो नि भनेर सुत्ने कोठाको भित्ताबाट चुच्चे नक्शा झिकेर बुच्चे नक्शा टाँसिदिए । अनि जाँदाजाँदै टेबुलमाथि हाते बाकस र त्यसमाथि चाबी राखिदिएर कसिंगरवाला र कन्तुरवाला चौताराको निवासबाट राति नै निस्किए । भान्सेको बयान यसै भन्छ ।'

'प्रोफेसर, ती विना पूर्वस्वीकृति, विना पूर्वसंकेत, विना दर्जाका विदेशीहरू चौतारा सुत्ने कक्षमा पुग्थे त ? यो हुने कुरा हो त ? कि पत्रकारले उडाएका हुन् ? हुन त कमरेडहरू समभाव राख्छन्, सानो ठूलोको भेद राख्दैनन् । कि पाहुनाले पूरै हेपेका हुन् ? कि तिनका नजरमा यी चौतारा केही जस्ता थिएनन् ? हुन त कुकर र बिराला जहाँ पनि पुग्छन्, त्यस्तै ठानिएको त होइन ? कसरी बुझ्नु हामीले मुलुकको अपमान हुने गतिविधि ? यो नग्न नृत्य त होइन ?' एउटा विद्यार्थीले व्याख्यात्मक प्रश्न गर्‍यो ।

प्रोफेसर ससाङ्का मनमा कुरा उम्ले : राजनीतिक जीवले पुरानो चलन छोडेर प्रगतिशील कदम चलाएको हो । यसबाट अग्रगमन देखिन्छ होला उनका नजरमा । बरु उता चाहिँ समय लिएर जानुपर्छ, कहिले त भेट पनि पाउँदैनन् यिनले । यस स्थितिलाई पनि यी प्रगतिशील कदम नै मान्दा हुन् कि ! यस अर्थमा राजनीतिक व्यवसाय गर्ने नेपाली जीव असाध्य अग्रगामी हुन् भन्नुपर्छ कि न ! तर उनले यी कुरा प्रकट गर्न सकिनन् ।

'राजनीतिक व्यवसायी र कामदारले गरेका छली कर्म त धेरै होलान् नि प्रोफेसर ?' विद्यार्थीबाट अर्को प्रश्न आयो ।

'ए, कति हो कति । तर आफ्नै मुलुकको हितमा हुनुपर्छ भन्ने कुरा सोचेनन् । कफी टकमा तिनका विज्ञहरूसँग बसेर परामर्श गरेको भए यिनको तेस्रो आँखा खुल्ने थियो ।'

अनुसन्धान प्रतिवेदनलाई आधार बनाएर प्रोफेसर सासाङ् भन्दै गइन् :

"'शिक्षा र श्रम सहयोग' अन्तर्गत अर्को सम्झौता गरे । १२ कक्षा उत्तीर्ण गरेका छोराछोरीलाई उनीहरूले नै छानेर लग्ने भए, स्वास्थ्य परीक्षण गरेर । यो गर्नै नहुने कर्म गरे । यसको दूरगामी असर कति अप्रिय हुन्छ, अनुमान गर्न पनि सकिन्न । यता फर्किने कानूनी अधिकार अब उनीहरूसँग हुँदैन । पारिवारिक तथ्याङ्क र अचल सम्पत्तिको विवरण पनि राज्यले दिइसकेको छ । अब जन्मिने नेपालीलाई देश नै नचाहिने बनाए ।

एउटा नयाँ उर्दी आयो । स्कूलमा भर्ना हुँदा एउटा इन्जेक्शन (शट) लिनैपर्ने गरायो राज्यले । त्यो प्रजननकीलक औषधि रहेछ । अब नेपालीबाट नेपाली

नजन्मिने भो । यो योजना कार्यान्वयन गर्न राजनीतिक कर्मी, निजामती कर्मचारी र मेडिकल माफियाले धेरै सुविधा र द्रव्य कुम्ल्याए । किन्तु तिनका सन्तान मुलुक बाहिरै संरक्षित रहेका थिए ।

चीनले अनुसन्धान गरेर यो कुराको जानकारी नेपाललाई दियो । नेपाली राजनीतिले वास्ता गरेन । तर यसको निन्दा अमेरिकाले गऱ्यो । अमेरिकाले जीवन बाँझो बनाउने नीतिको विरोध गऱ्यो । त्यसैले होला, नेपाल स्वतन्त्र अस्तित्वले बाँच्न पाउनुपर्छ भन्ने धारणा राखेर आफ्नै उपस्थिति देखाउन थालेको हो कि ? नेपालमा अमेरिकाको उपस्थिति चीनलाई त्यति असजिलो छैन जति इन्डियालाई छ । त्यसै चिन्ताको रापले इन्डिया बढी पिल्सिएको छ अहिले ! भनौं भने क्यारेमबोर्डको गोटी मिलाएर राखेको जस्तै हो इन्डिया । अलिकति मात्र छोयो भने पनि फोरिन्छ– भिन्नभिन्न स्वतन्त्र अस्तित्वमा ! अझै आत्मनिरीक्षण गर्दैन ।

नेपालीले वनमा प्रवेश गर्न नपाउने गोप्य सम्झौता गरेको प्रमाण फेला पऱ्यो । त्यसमा वन-जङ्गल, जमीन, जल, जडीबुटी र जन्तुमाथि नेपालको अधिकार नरहने भनेर सम्झौता गरेको रहेछ । त्यसको सट्टा पद, केही उपहार र सुविधा प्राप्त गरेको रहेछ– राजनीतिक प्रशासनिक कर्मचारीले । यसका लागि चाहिने प्रबन्ध व्यवस्थापन बिचौलिया र हुक्के-बैठकेहरूले मिलाएका रहेछन् । त्यो कुरा देशभक्तहरूले थाह पाए । किन्तु नागरिकता र राष्ट्रिय परिचयपत्र जस्तै यो कानूनले पनि रोक्न सकेन ।

तरुण शक्ति छानिएर मुलुक बाहिर पुगेपछि यहाँ तरुणीहरूको कमी भो । त्यसको परिपूर्तिका लागि महानगरका अनुभवी, प्रौढा बाईहरूको व्यवस्थापन यहाँका महानगर र गाउँबस्तीसम्म गर्ने सम्झौता भयो । अब उतैबाट अवेश्या परिचारिकाहरू उपलब्ध गराउने शर्तबन्दीमा राजनेता र निजामती कर्मचारीले हस्ताक्षर गरे । यसको प्रमाण पनि फेला पऱ्यो ।

सीमा मिचिएको देखा परे पनि त्यसबारे चर्चा नउठाउने । यताको दुर्नियतलाई उतातर्फको भनेर हल्ला मचाउने र सन्दर्भ बिर्साउने नीति अँगाल्ने, अनि नक्शामा परेको भू-भागलाई भोग्ने यत्न नगर्ने भन्ने सम्झौताको लिखत-कागज पनि फेला पऱ्यो ।

अब नेपाल झस्क्यो र आत्मरक्षाको बाटो खोल्यो । नेपालको त्यो भूभाग नेपालकै भोग-चलनमा फिर्ता गराइदिने शर्तमा चीनलाई नेपालले आफ्नै पूर्वी सीमावर्ती भूमिबाट उत्तर-दक्षिण भूमार्ग दिनेछ । सो सडक चीनबाट करीब ४ घण्टामा भद्रपुरको पूर्वी भागमा निस्कने छ । फेरि समुद्रमार्ग सुलभ हुनेछ सबैलाई । यो कुरा पत्रपत्रिकामा पनि आएको थियो । अब मुलुक एककाँधे नहोला कि !

नेपालको राजनीति र राज्य सञ्चालन गर्ने विधिले छोटी र बडी दुईवटा दरबार मानेको थियो । प्रायः सामान्य तहका कुरा छोटी दरबारबाटै सञ्चालित हुन्थे । विशेष काम भए बडी दरबारसम्म सम्पर्क राख्नु पर्थ्यो । '७२ को विधानले यहाँको राजनीतिक शक्तिलाई सिंहबाट स्याल बनाएको अनुभव यसैबाट हुन्थ्यो । उतैको निर्देशनमा चौतारा बन्ने, संसद् भत्कने र न्याय वितरण हुने अमङ्गललाई नेपाली राजनीतिले चाहेको झैं भैदियो ।

गोपनीय केही देखिएन । भरोसाको व्यक्तिले चोरी पनि गऱ्यो, सतीत्व पनि लुट्यो भने जस्तै भयो ।

विशिष्ट र खास ठानिएका व्यक्तिहरू पद र शक्तिमा पुगे, पुऱ्याइए । उतैको लागि अनुकूल हुँदै गए । घोडाको चाकर सही ढङ्गले भयो भने प्रतियोगितामा विजय हासिल गर्न सकिन्छ । कुशल घोडचढी र इमान्दार सइस भए लक्ष्य प्राप्त नहुने कुरै थिएन । फेरि प्रभु प्रसन्न भए उपहार र पुरस्कारको कमी होला र ! तर स्वतन्त्र देशको नागरिक गुलाम भएको देशको गुलामी किन गर्छ ? स्वाधीनबोध नभएर हो ? सुख र आनन्द कति घातक हुन्छ भन्ने सत्य शायद पशुजननेता बुझ्दैन । भएको यस्तै हो ।

उपहार अध्याय अलिक फरक थियो । सामान्य देखिए तापनि शक्तिशाली थियो । पद, शक्ति र अधिकारमा पुगेकाहरू उपहारबाट अलङ्कृत हुन्थे । सुपूजित हुन्थे । यी वस्तुहरूमा सूक्ष्म यन्त्र जडिएका हुन्थे ! त्यसबाट शब्द र दृश्य सम्प्रेषित हुन्थे । महापुरुषहरूका गतिविधि अर्थात् विचार, योजना, सङ्कल्प र निर्णय सजिलै अर्काको हातमा पुग्थे । धुलाइ र सफाइको व्यवस्था पनि छोटी दरबारबाटै गराइन्थ्यो । गोरखाली आफ्नै श्रेष्ठतामा गद्गद थियो– गर्वान्ध । सेवा र सम्मान पाएर नमात्तिने गोरखाली को होला र राजनीतिमा ?

कुकुर र बिराला पनि उपहारमा आउँथे । तिनका फित्ता (बेल्ट) र अलङ्कार पनि यन्त्रजडित हुन्थे । महीना, पन्ध्र दिनमा कुत्ता-बिल्लीको सफाइ वा उपचार-परीक्षणको अभियान चल्थ्यो । तिनमा जडान गरिएका यन्त्रको निरीक्षण हुन्थ्यो, ती फेरिन्थे । गोप्यता लिइन्थ्यो र पुनः यथावत् यथास्थानमा तिनको उपस्थिति गराइन्थ्यो । र, प्रकटमा यति नै भनिन्थ्यो– प्रभुहरूको मान र सुरक्षाका खातिर तालीमप्राप्त कुत्ता-बिल्लीलाई यहाँ खटाइएको हो । यी सामान्य होइनन् । दर्जावाला हुन् । आफ्नै सीमा र मर्यादामा यी सचेत छन् । बहाना सुरक्षा र सेवाकै थियो ।

बैठकमा, पाककक्षमा, शयन कक्षमा ठूला फोटाहरू फ्रेमबद्ध हुन्थे– गराइन्थे । त्यहाँबाट पनि शब्द र दृश्य सम्प्रेषणका लागि सूक्ष्म यन्त्र जडान गरिएका हुन्थे ।

यस कार्यमा सजावटका वस्तु अझ महत्त्वका भइदिन्थे । झन् राजनीतिक उद्देश्यका लागि सामाजिक सांस्कृतिक सम्बन्ध जोडेपछि राजकीय शक्ति र सीमाभित्र विदेशीहरूको निगरानीको घनत्व र चाप बढ्दै गयो । मर्यादाभित्र नपर्ने व्यक्ति पनि असमयमा अवाञ्छित क्षेत्रमा पुगेर अमर्यादा देखाउन थाले । मुलुकका सुपदस्थ महापुरुषहरूको चेतना अविद्याले ढाकेको हुनाले कर्तव्याकर्तव्यको चेतनाबाट परै थिए । होश नरहेको अवस्थामा रहे झैं गरेर कैयौं कुरामा हस्ताक्षर दिए ।

हुँदाहुँदा छोटी दरबारले सरकारी डिनर, विवाह भोज, जन्मोत्सव समारोह स्थलको व्यवस्था र सजावट, जन्मोत्सव र उपहारमा समेत ठेक्का पारेर सेवा–सुविधा मार्फत आफ्नै उपस्थितिलाई अपरिहार्य देखाउन थाल्यो, जसरी अलङ्कार निर्माणका लागि औजार–उपकरणको खाँचो पर्छ ।

यस्तो सेवा पुऱ्याएपछि कुन प्रभु, कुन प्राणी र कुन डाका प्रसन्न नहोला र ! नेपाली चेतना र चिन्तन आह्लादित भयो । घाँटी पनि तन्काइदियो, आज्ञाकारी भएर झुण्डिन पनि तयार । तिघ्रा च्यातेर नाच्न र गाउन पनि तयार । सोक्रेटिज भएर खुशीले विषको प्याला समाउन तयार ! राजनीति मूर्च्छामा चल्दै गयो ।

अब भन, यस्ता मान्छेले चलाएको मुलुकको दुर्दशा नभए के हुन्छ ?"

यो लुकेको इतिहासको दिग्दर्शन थियो विद्यार्थीहरूका लागि । सबैभन्दा बढी रोचक भएर आयो कन्दराको यो कक्षा । अन्त्यमा आचार्यको वाणी थियो :

"समय बलवान् छ । जे हुनु छ त्यही हुन्छ । किन्तु त्यस्तो समय निम्त्याउने ती युवा वन्दनीय छन् जसले यो मुलुकलाई हराउनबाट जोगाए । मुट्ठी खोलेर सहयोग गरे । योजना दिएर बल पुऱ्याए । दृढताले सङ्कल्प पूरा गरे । नत्र यो मुलुक यसरी हराउँथ्यो– शताब्दी शताब्दीसम्म खोज्दा पनि हामीले भेट्ने थिएनौं । डुब्दै–हराउँदै गएको आफ्नै माटोलाई वराहले अवतार लिएर जोगाए; नरसिंह भएर दुष्टलाई चिरेर फ्याँक्ने त्यो युवाशक्ति सदैव आदरणीय छ । बाहिर पुगेकाहरूले ऊर्जा दिए । यहाँ भएकाहरूले परिचालन गरे । देश जोगियो, धन्न हराएन । आफ्नै मान्छे अर्काको कुरा सुनेर घरमा आगो झोस्छ । कस्तो रहेछ हिजोको गोरखाली नेतृत्व !

हो, त्यस वेलाका राजनीतिक चिन्तन र आन्दोलन उतैबाट सारेर यहाँ ल्याएका थिए । त्यसैले उतैको जलवायुको प्रभावमा हुर्केको प्रभाव र प्रसव हो भन्न नमिल्ने छैन । भन्छन् पञ्चायत यसै माटाको उपज थियो । त्यसैले राजनीतिक दलहरूको द्वन्द्वलाई उर्लने मौका नदिएर भौतिक–विकास र निर्माणलाई महत्त्व दियो– शान्ति कायम गरेर । फर्केर हेर्दा यस्तो लाग्छ– आजको जीवन जसरी

त्रास र सङ्कटमा बाँच्न विवश छ, हिजो त्यस्तो थिएन । इतिहासले न सही किन्तु साहित्यले असत्य देखाउँदैन । भएको, हुनसक्ने र हुनुपर्ने जति भनिदिन्छ, देखाइदिन्छ । त्यसैले त साहित्यमाथि घुमाउरो आक्रमण थियो नि ! राज्यले नियम-कानून लगाएर मीमांसा गर्न डर फैलाएको थियो । त्यसैले लोकतन्त्रका नाममा त्रास र अविवेकको छाया थियो ।

यस बीच पुनर्नवाले ल्याएको चमेना पनि सकियो । प्रोफेसर ससाङ् छिरिङले घडी हेरिन् र उनी त्यहाँबाट सरिन् । मेघमालाले मनमा अव्यक्त औडाहा पालेकी थिई । हात धुने निहुँले ऊ पनि त्यहाँबाट सरी ।

हेलिकोप्टरको ध्वनि फैलियो । सबैका कान ठाडा भए । 'सत्यसेना आउनुभएको होला, प्रोफेसर ससाङ्ले हेलिकोप्टर पठाउनु भएको थियो' मेघमालाले भनी । 'हिउँमा घोडा हिंड्न मान्दैन नि !' पुननर्वाले थोरै शब्दमा निकै संकेत गरी ।

सत्यसेना एक्लै कन्दरामा पुगी । सबैजना उत्साहित देखिए । मेघमालाको आँखामा चञ्चलता र उत्साह भरियो र फेरि हरायो । उसका आँखा तेन्जिङको खोजीमा थिए । ऊ भने दृश्यमा थिएन । प्रोफेसर ससाङ् यो कुरा सम्झंदै थिइन् । मेघमालाका आँखामा आँसु रसाए । टाढा हेरेर ऊ सामान्य हुन खोज्दै थिई । छेउमा पुगेर प्रोफेसर ससाङ्ले मेघमालाका कुममा थप्थपाएर आश्वासनको भाव सञ्चार गरिन् । आँखा जुधाएर मेघमालाले शिर झुकाई । ऊ हृदयदेखि नै दुःखी थिई ।

विद्यार्थीको अनुरोधमा प्रोफेसर ससाङ् यहीं बस्ने भइन् । मेघमाला र पुनर्नवाले उनलाई गेस्ट हाउसमा पुऱ्याए । फर्किने वेलामा उनीहरूले विद्यार्थीहरू बसेका कोठामा पनि दृष्टिपात गरे । स्वतन्त्र-निर्बन्ध जीवन देखेर दुवै परितुष्ट देखिए ।

हिमाली क्षेत्रको शयन-संस्कृति अलिक फरक हुन्छ क्यार ! वरदेखि परसम्म लश्करै सुतिन्छ– एकै ठाउँ, जोडिएर । छेउमा अगेनो, ननिभ्ने आगो, ताप-धूवाँ र बन्द द्वार । जाडोले छुन नसक्ने शैलीको सुताइ । रहरै लाग्दो हुन्थ्यो । अचम्म लाग्थ्यो अर्को संस्कृतिबाट च्याउनेलाई ।

यहाँ केही फरक थियो । चराको भुवाले बनेका स्लीपिङ ब्याग । रङ्गी-बिरङ्गी, सफा र रहरै लाग्दो दृश्य सुताइको । हेर्नेलाई पनि त्यहीं मिसिएर सुतौं कि जस्तो । जलवायु, जाडो र हिमपातको प्रभावले अझ बढी चम्किला र आभापूर्ण मुखाकृति देखिन्थे । छात्राहरू मानौं देवकोटाका लूनी र म्हेन्दु अवतरित भएका हुन् । गेस्ट हाउसका कक्ष यस्तै किन्नर-किन्नरीले भरिए झैं लाग्थ्यो । यी विद्यार्थी नै थिए, झन्नै टीन आयुकै वरिपरिका । मेघमाला र पुनर्नवाले छात्र जीवनबाट

पार पाइसकेका थिए । उनीहरू यिनको सुखद शयन र अखण्ड निद्राको कामना गरेर प्रसन्न हुँदै त्यहाँबाट निस्किए ।

पुनर्नवा आफ्नू गुँडमा पुगी । मेघमाला क्यान्टिनतर्फ लागी ।

गौरीशङ्कर हिमाल र यसको वरपर केही वर्षयता शरद् ऋतुको चन्द्रमा आफ्ना समस्त कलाले उद्भासित भए झैं लाग्थ्यो । विद्यार्थीहरू यो कुरा जान्दथे । यद्यपि यो चन्द्रमाको उज्यालो हो, किन्तु विज्ञानले निर्माण गरेको चन्द्रप्रकाशको प्रतिरूप । हो, चीन महादेशले आविष्कार गरेको वैज्ञानिक चन्द्रमाको उज्ज्वल आभा थियो । निरन्तर थियो । वास्तविक चन्द्रमाको प्राकृत प्रकाशभन्दा अझ उज्ज्वल थियो । किन्तु त्यो कृत्रिम चन्द्रविम्बलाई गौरीशङ्करको उन्नत हिमशिखरले छेकेको हुनाले कन्दरा-क्षेत्रबाट प्रत्यक्ष देख्न सकिन्नथ्यो । अलिकति वरपर गएर त्यो कृत्रिम चन्द्रमाको स्वरूपलाई मनग्य हेर्न सकिन्थ्यो । स्थानीय नागरिक भरपूर आनन्द लिन्थे ।

त्यस क्षेत्रको जीव-जगत्मा वैज्ञानिक चन्द्रमाको प्रकाश उपयोगी लाग्दथ्यो । मृग आदि जङ्गलबाट खुला चौरमा आएका छन् भने ती सजिलै दृष्टिगोचर हुन्थे । कालो स्वरूपका भालु टाढैबाट चिनिन्थे । पान्डा र सेतो भालु पहिल्याउन अलिक बल गर्नुपर्थ्यो । नीलगाई र कस्तूरी जुनसुकै वेला देखिन्थे । यहाँको प्रकृति समृद्ध थियो । भू-गर्भको तुलना अन्यत्र गर्न मिल्दैनथ्यो ।

क्यान्टिनको ग्राहक कक्षको सरसफाइ सकिएपछि मेघमालाले अनुरोध गरी– उसलाई एकछेउमा अलिकति ठाउँ चाहिएको थियो । भूधरा र हिमसराले टेबुल-कुर्सी एकापट्टि मिलाएर राखिदिए । राम्रो ठाउँ निस्कियो । सुस्मित आँखाले अवलोकन गरेर मेघमाला सन्तुष्ट देखिई ।

ऊ ट्र्याक सुटमा तयार भई । भूधरा र हिमसरा यूट्युबमा दलाई लामाको ८५ औं जन्मदिवसको कार्यक्रम हेर्दै थिए । उनीहरूको कक्षमा पुगेर भनी, 'म तिमीहरूलाई अनुरोध गर्न आएकी, म भक्तिगीतमा अघाउञ्जेल नाच्छु । आज मन भाँडिएको छ । पसिना र आँसु निक्लिउञ्जेल नाच्छु । यदि एकछिन आइदियौ भने म खुशी हुनेछु । मेरो नृत्य-गीतले यहाँ बाधा पुऱ्याउला कि भनेर पनि हो ।'

'बाधा त हुँदैन । यूट्युबबाट हेरेको हो । यो त तानेर फेरि फेरि हेर्दा हुन्छ नि । सुत्नुअघि यसो हेर्ने गरेको हो । बानी जस्तै छ । हामी दिदीको नृत्य हेर्छौं नि ! यस्तो मौका फेरि पाइने हो कि हैन ।'

आईफोन प्लकमा जोडी र भक्तिगीत बजाएर नृत्य पनि शुरू गरी :

*अयि गिरिनन्दिनि नन्दितमेदिनि विश्वविनोदिनि नन्दिनुते...*

*जय जय हे महिषासुरमर्दिनि रम्यकपर्दिनि शैलसुते !...*

भक्तिगीत सकिंदा ऊ पसिना–पसिना भई ।

'बाहिर कोही आए जस्तो छ । कुकुर भुकेर ध्वनि संग्राम मचाएको छ । नृत्यमा बाधा पर्ला कि भनेर ढोका नखोलेको, अब खोलौं कि दिदी !'

'खोल, खोल ।'

भूधरा र हिमसराले ढोका खोले । हिउँचिसो बतास भित्र पस्यो । फेरि कुकुर पस्यो । कुकुरसँगै तेन्जिङ पस्यो । चौंरी गोठाली मेघमाला प्रफुल्ल देखिई । उसका आँखा चम्किला भए । 'अँध्यारोमा तिमी एक्लै आयौ ? घोडा...' उसले ममता प्रकट गरेर यति मात्र भन्न सकी । बाँकी शब्द उसका गलामा नै रोकिए ।

तेन्जिङका दाह्रीजुँगा र आँखीभौं भरि तुषारो जमेको थियो । आफ्नै तौलिया दिंदै मेघमालाले भनी, 'पुछ, जमेको तुषारो पानी भएर चुहुन थाल्यो ।'

चीसोले अररिएका औंलाले तौलिया राम्रोसँग समाउन सकेन । कुकुरले जीउ हल्लाएर काठको भुइँमा पानी छर्‍यो । आकाशका तारा पानी भएर डोब छोडेको जस्तो देखियो ।

मेघमालाले तेन्जिङका अनुहारको तुषारो पुछिदिई । तौलियामा बसेको सुगन्धले उसको छाती र मन ढक्क भयो । चिया आयो । चिया चल्यो । दुई–चार टुक्रा सुकुटी कुकुरले पायो ।

'तिम्रो शरीर नै यति तातो छ, कसरी कक्रियौ जाडोमा ?'

'हिंडिरहेको भए शायद त्यस्तो हुने थिएन । उभिइरहँदा अररो भइयो । अनि तिमी त नाचेरै पसिना निकाल्छ्यौ । उपाय राम्रो हो ।'

'देख्यौ र मैले नाचेको ?'

'झ्यालको च्यापबाट देखें । सङ्गीत पनि सुनें । मैले त तिमीमा महिषासुरमर्दिनी आरूढ भएको देखें– त्यस वेला । मलाई पनि शिवताण्डव गरौं गरौं लाग्यो । शायद जाडो भाग्दो हो । तिम्रो नृत्य र गीतमा मभन्दा बढी यो कुकुर लट्ठिएको थियो । त्यसैले भित्र पस्न हतारिन्थ्यो र नपाएपछि भुकेर थर्काउँथ्यो । सारा हिमशिखर प्रतिध्वनि फर्काउँथे । तिमी आफ्नै नृत्यसाधनामा लीन थियौ । ढोका नखुलेपछि पर्खिनै पर्‍यो । कक्रिइयो नि ! बिचरा यो कुकुर पनि गजबकै रहेछ । मलाई छोडेर कतै गएन । मेरो सुरक्षा र रेखदेखमा कतै कमी राखेन । यस्तो उपकारी र इमानदार जीव हामीलाई दिने त्यो ईश्वरप्रति म कृतज्ञ छु । हामीले कृतज्ञ रहनुपर्छ । नृत्य सकिएपछि ढोका खुल्छ भन्ने लागेकै थियो । प्रतीक्षा पनि मीठो हो ।'

'सुत्ने व्यवस्था कसरी गरौं दिदी ? कि पुनर्नवालाई फोन गरौं ? हामीसँग भएका लुगाले पुग्दैन कि ?' भूधराले भनी ।

'अब कसैलाई फोन नगरौं । मेसेज पनि नगरौं । सुतिसके होला । पहिले तातो पानीमा डुबौं, अनि कुनै व्यवस्था होला । नत्र अलिक हिट बढाउनुपर्ला कोठाको । भैहाल्छ । चिन्ता नगर । जे छ त्यसैमा काम चलाउँला ।'

'हामी सँगै सुत्छौं । एउटा ओछ्यान बच्छ । कि त्यसैमा हुन्छ दुईजनालाई ?' हिमसराले सोधी ।

'हुन्छ पनि । त्यसै त उसको शरीर आगो जस्तै छ, के जाडो होला र उसलाई । तातो पानीमा डुबेर आएपछि आधा जाडो त्यसै हराउँछ ।' सम्झेजस्तो गरेर मेघमालाले थपी, 'अघि मैले नृत्य गरेको ठाउँमा गलैंचा ओछ्याऊँ । एउटा स्लीपिङ ब्याग भए पुगिजाला । मलाई त खासै फरक पर्दैन । चाहिने उसैलाई हो । ऊ हाम्रो पाउना हो नि !'

तातो पानीमा डुबेर आउँदा काठको भुइँमा ठूलो ओछ्यान तयार थियो । उनीहरू रातभरि नसुती-नसुती सुते । कुकुर मात्र थाह पाउँथ्यो ।

भूधरा र हिमसराले धेरै दृश्यको कल्पना गरे । पिरोलिए पनि, छट्पटाए पनि । सन्तोष पनि माने । आफ्नै योग्यता, उमेर र रुचि अनुसार गुने, सोचे र थाकेर सुते । किन्तु चीनको कृत्रिम चन्द्रमाले बाहिर मनोज्ञ आलोक बाँड्न छोडेन ।

बिहान सूर्योदयको पहिलो किरणसँगै तेन्जिङ र कुकुर प्रातः भ्रमण गरेर क्यान्टिनतर्फ फर्कंदै थिए ।

चारै जनाले पहिले चिया सँगै पिए । पोलेका आलु, तिते फापरको रोटी, मह, चीज, सुकुटी हिमाली क्षेत्रको पोषक चमेना थियो । आधा आधा स्याउ औषधिकै रूपमा सेवन हुन्थ्यो ।

'वेलावेला रेल कुदेको थाह हुँदो रहेछ नि हकि ?'

'लुम्बिनी र चन्द्रगढी जाने रेल त यतैबाट जान्छन् नि ! साँझ र बिहान थाह हुन्छ । एउटा चाहिं दोधारा चाँदनी पनि पुग्छ । त्यसवेला निकै थर्काउँछ ।'

◆◆

# नङ्ले चिथोरेको डोब

स्वच्छ आकाश । झलमल्ल घाम । वायुको विश्राम । खोल्सीपारि पहार लिन निस्केका मृग-शावकहरू । पक्षीहरूको उन्मुक्त उडान । आनन्दी परिवेश । केही हुनुपर्छ, केही हुनुपर्थ्यो भन्ने लाग्थ्यो । सुरुचिपूर्ण समय । केही नगरी बस्न सुहाउने पनि थिएन । लाग्थ्यो, कुनै कार्यको मुहूर्तको प्रतीक्षा हो । त्यो क्षण पनि आयो ।

प्रोफेसर ससाङ् विद्यार्थीहरूलाई आवश्यक निर्देशन दिएर गेस्ट हाउसबाट निस्किन् । बिदा हुन आचार्य समक्ष हाजिर भइन् । बेलुकै कार्यक्रम तयार थियो । फर्कंदा मेघमाला र तेन्जिङ सँगै उनी निस्किन् ।

कन्दराको परिसरबाट हेलिकोप्टर उड्यो । मेघमाला चालक भएकी थिई । प्रोफेसर ससाङ्को चाहना यही थियो । हेलिकोप्टर हरित पर्वको दृश्य देखाउँदै पूर्वतर्फ हानियो ।

'हेदाङ्ना पसल सेवा' मा ओर्लनु छ । एक पटक पाथीभरा माईको दर्शन टाढैबाट गर्ने हो कि !' मेघमालाले प्रोफेसर समक्ष प्रस्ताव राखी ।

'अहिले कहाँ छौं ?'

'संखुवासभा पुग्यौं । अरुण नदी देखियो । सभापोखरीको छेउमा पुग्न लाग्यौं ।'

'मलाई मिल्केको गुराँसघारी पनि हेर्ने रहर छ । त्यतैबाट पाथीभरा माईको दर्शन गरौं र ओलाङ्चुङ गोला पनि पुगौं न । खासै समय नलाग्ला नि !'

'एक घण्टाभन्दा बढी नलाग्ला कि ?'

मेन्छ्यायेम चुली, मिल्के, झ्याउँ पोखरीको अवलोकन गर्दै हेलिकोप्टर नेरुवाको घाँसे मैदानमा गएर बस्यो । उज्यालो दिनमा मिल्केको गुराँसवनको सौन्दर्य कतै तुलना गर्न मिल्दैनथ्यो । हेलिकोप्टरबाट फेरि एक पटक गुराँसघारी घुमे । अनि आँखाभरि, मनभरि गुराँसवनको सुषमा भरेर त्यहाँबाट साँघु गाउँको आकाश हुँदै उडे र पाथीभरालाई टाढैबाट नमन गरेर सीवाँको आकाश हुँदै

ओलाङ्चुङ गोलाको 'स्झत अतिथि भवना' को परिसरमा हेलिकोप्टर बिसाएर उनीहरू चमेनामा बसे ।

चियाकै क्रममा उसले वेब-साइट भिजिट गरी । अनि जानकारी लिएर भनी, 'प्रोफेसर, यहाँ 'स्झत विकास केन्द्र' भन्ने ठूलो व्यापार कम्प्लेक्स पनि रहेछ । एकछिन पसेर जाने हो कि ?'

'के उनै स्झतका नाममा खोलेको केन्द्र हो, जो आँखाका प्रसिद्ध डाक्टर थिए ? उनी त यसै क्षेत्रका हुन् क्यार हैन ?'

'ज्यू प्रोफेसर । गोवा, बिचारी र उक्याप परिवारको पनि योगदान छ यो ठाउँमा । तिब्बती र नेपाली संस्कृतिको झल्को एकैठाउँ भेटिन्छ यहाँ । खास गरेर भन्ने हो भने शेर्पा जीवन र संस्कृतिलाई पोषण गर्ने साधन यहाँ पाइने हुनाले ओलाङ्चुङ गोलाको केन्द्र निकै महत्त्व राख्तछ ।

वास्तवमा छुर्पी, चौंरीको घीउ, चमर, उनीका लुगा, शेर्पाली पोशाक, तोजा, मुगाका माला, भोटे कुकुर (तिब्बती नस्लका ठूला कुकुरका छाउरा), श्रीखण्डका टुक्रा, कस्तूरी बिना र घरेलु उत्पादनका गलैंचा यहाँको व्यापारका आकर्षक वस्तु थिए । चुटुक र पाखीको महिमा अर्कै थियो । यस्तै खालको बजार क्षेत्रमा परिक्रमा लाए, अनि गुम्बामा शिर थाप्न पसे ।

फर्कंदा अलिकति तमोर नदीको आकाशबाट उडे । दायाँतर्फ खोकलिङ र बायाँ अमिनी बजार अनि मैवाखोला र नेस्वाको आकाशबाट चाँगे तेल्लाबुङ्को फाँट, तेम्बेको ब्याँसी, बगैंचाभित्रको गाउँ साँघु हेरे । दायाँतर्फ सानथात्रा, ओख्राबु, साङ्लुपा, घोरेटार, नम्लोक र ताम्राङ् हेर्दै मिल्केबाटै डाँडो काटेर नुनढाकीको शिर हुँदै हेदाङ्नातर्फ हानिए ।

'राम्रो ठाउँ रहेछ । सबैतिर हरियाली, लोभलाग्दा घाँसे मैदान । सघन वनप्रदेश । ठाउँठाउँमा गाई गोरु । यतै पो धुनी जगाएर बसौं बसौं लाग्ने रहेछ । गाउँ-क्षेत्रबाट भिन्न जस्तो छ यो ठाउँ । कन्दमूल त पाइएला नि !' लामो समयपछि तेन्जिङले मुख खोल्यो ।

'मैले भ्याइनँ प्रोफेसर, तपाईंसँग समय थियो कि थिएन ! नत्र म मैदाने-नेस्वाको गाई गोठमा लिएर जान्थे । अब त छुटिसक्यो ।' मेघमालाले संकेत बोली ।

'कस्तो गोठ ?'

'गाई फारम हो तर गोतत्त्वबाट उत्पादित अनेक उपयोगी कुरा त्यहाँ पाइन्छन् । वितरण व्यवस्था पनि राम्रो छ । स-साना कारखाना छन् जहाँबाट

प्रशोधन गरेपछि मात्र व्यापारका लागि निर्यात योग्य ठानिन्छ ।' मेघमालाले उत्पादनबारे संक्षिप्त जानकारी दिई । उसले थपी, 'अहिले त्यो ठाउँ बिर्से पनि या छुटे पनि ठिकै भो भन्ने लाग्दैछ ।'

'किन छुट्नु असल हो ?' प्रोफेसर ससाङ्ले प्रश्न गरिन् ।

'हो नि, नत्र तेन्जिङ जस्ता साधु-वैरागी त्यहीं बस्न बेर लाउने थिएनन् ! अझ मैदानको वनक्षेत्र त साँच्चै नै तपोवन हो । यो मेन्छ्यायेमको एक भाग हो । माङ्माया नदीको शिर र मूल स्रोत मेन्छ्यायामकै कारण त हो नि !' उसले तेन्जिङसँग ताच्छिल्य देखाउन खोजी । प्रोफेसर ससाङ्लाई साक्षी राखेर प्रणय-ज्ञापन गर्नु थियो । ऊ सफल भई । प्रश्न र प्रतिवाद कतैबाट आएन ।

'तेन्जिङ कहाँ बस्ने गर्नुहुन्छ ?'

'तेन्जिङ, सुनेनौ तिमीले ? प्रोफेसर ससाङ् के भन्दै हुनुहुन्छ ?'

'हजूर, के भन्नु भो ? मेरो ध्यान त तिम्रो भाव-तत्त्वमा पुगेछ, गोपीगीतमा ।'

'कहीं पुग्नु पनि छैन, हतार पनि छैन उसलाई ! जहाँ गयो उहीं रमायो । हुने भए ऊ आफ्नै पेट पनि कतै छोडेर हिंडिदिन्थ्यो । हैन तेन्जिङ ?' मेघमालाले उसको स्वभाव बुझे झैं गरेर हाँसोमा भनी । फेरि थपी, 'उसलाई हार्नु पनि छैन, जित्नु पनि छैन । उसका लागि दायाँ र बायाँमा फरक छैन । मेले यस्तै बुझेकी छु ।'

प्रोफेसर ससाङ् तेन्जिङको स्वरूप र नामको तालमेल नमिलेको वस्तुगत सत्यबारे मनमा खुल्दुली पालेर बसेकी थिइन् । सोध्न पनि अबेर भैसकेको थियो । असजिलो मानेर होला सोध्न सकिनन् ।

एक पटक छड्के आँखाले तीर हानेर मेघमालाले भनी, 'उसलाई त आफ्नै नाम पनि थाह छैन । त्यो नाम त मैले नै दिएकी हुँ । मलाई मन परेको हो ।'

'तिमीले पनि नाम फेरे जस्तो छ । नत्र हाम्रो जातिमा यस्तो खाले आर्यनाम हुँदैन नि ! हैन र ?'

'हो, प्रोफेसर, मेरो नाम पनि उसैले दिएको हो । मलाई यो नाम असाध्य मन परेको छ ।' उसले अर्को सन्दर्भ तानेर थपी, 'नाम त अर्थपूर्ण हुन्छन् । संस्कृति पनि झल्कन्छ । भूगोल र इतिहास पनि सूचित गर्छ । आज खासै महत्त्व दिंदैनन्– नयाँ सोच्नेहरूले । यो अर्कै पक्ष हो । तर व्यक्तित्व भन्दा ठूला हुन्छन् नामहरू । व्यक्ति कसिंगर भएर जान्छ, नाम आफ्नै ठाउँमा फर्कन्छ । नाम र कामको मेल खासै देखिंदैन । नाम त आफूलाई जे मन पर्छ त्यही राखे भो नि । अघिअघि लाल सरदारहरू भयङ्कर भयङ्कर नाम राख्थे रे । सुन्दैछु– कर्म, इतिहास

र नाम बारे शोध-अनुसन्धान हुँदैछ रे । विश्वविद्यालयले साङ्गोपाङ्गो अध्ययन गराउँदैछ भन्ने संकेत पाएकी छु । नामबाटै थाह हुन्छ– आफ्नै संस्कृतिमा त्यो पात्र अडिएको छ कि अर्को संस्कृतिलाई अँगालिसकेको छ । रहस्य रहन सक्तैन ।'

चैनपुर बजारलाई आँखाभरि हेरेर उनीहरू हेदाङ्नाको हेलीमैदानमा ओर्लिए । भोजनको समय भएको हुनाले किमाथान्का रेस्टुराँभित्र पसे ।

'माला, मैले तेन्जिङसँग संवाद गर्न भ्याइनँ । यदि उनीसँग मेरा लागि समय छ भने मेरोमा छोडिदेऊ । म पनि घुमाइदिन्छु । म पनि उनीसँग केही सिक्छु, मसँग भएको उनी पनि लिऊन् । मलाई पनि उनको व्यक्तित्व आकर्षक लाग्यो– सर्वथा निस्पृह र सदावर्त ! एकनास !'

'प्रोफेसर, मैले बुझिनँ ।' मेघमालाले जिज्ञासा राखी ।

'हेदाङ्ना शपिङ सेन्टर म पुगिसकेकी छु । घुम्ने खास रुचि पनि छैन । दुई घण्टा पछि म रेलबाट गाउँ फर्किन्छु । तिमीहरू घुम, हेर । त्यसपछि मेरोमा आउँदा हुन्छ । म पनि तेन्जिङलाई स्वागत गर्न चाहन्छु ।' प्रोफेसर ससाङ्ले मनको कुरा भनिन् ।

मेघमाला आश्चर्यमा डुबी । आफ्नै गलाको मुगाको माला कतै छोडिने हो कि भन्ने आशङ्काले ऊ द्रवित भई । अनि धैर्य राखेर भनी, 'बारम्बार किन आउ-जाउ गरिरहनु ? एउटा मेरो प्रस्ताव छ ।'

'भन, सुनौं ।' प्रोफेसर ससाङ्ले उत्साहित भएर भनिन् ।

'ज्यू, पहिलो कुरा तेन्जिङ आफ्नै रुचिबारे स्वयं भन्ने छन् । समय पनि उनकै हो । हजूरले तेन्जिङसँग संवाद गर्दा हुन्छ । उनी स्वतन्त्र छन्, म त सहयोगी मात्र हुँ । दोस्रो : हजूर हेलिकोप्टर लिएरै जानू । म भरे रेल चढाइदिन्छु, स्टेशनमा लिन आए हुन्छ । या हजूरको स्टेशनसम्म म तेन्जिङलाई पुऱ्याउन आउँछु, हजूरले लिएर जाने । म त्यहींबाट फर्किन्छु । तेस्रो कुरा : दुई-एक घण्टा यही मोटेलमा बसेर कुरा गर्ने कि ! त्यतिञ्जेल म पुस्तकालयमा बसेर कम्प्युटरमा काम गर्छु । भेटनरी डाक्टर र औषधिको व्यवस्था मिलाउनु छ । एक-दुई मिटिङ पनि भ्याइहाल्छु । त्यतिञ्जेलमा तपाईंहरूको मिटिङ पनि सकिन्छ । चौथो कुरा : अब मैले के गर्नुपर्छ, आपसमा विमर्श गरेर कुरा टुङ्ग्याउनुहोला । जे निष्कर्ष निस्किन्छ मलाई फोन गर्नुहोला । म पशुधन औषधालयमा पुगेर आउँछु । फर्किहाल्छु ।' मेघमाला सजिलै त्यहाँबाट निस्की ।

'त्यसले राम्रोसँग खाएको पनि छैन । नुहाएको पनि छैन । शायद लुगा पनि राम्रोसँग धोएको छैन । जिद्दी पनि कम छैन ऊ । गएको राति भरपूर निद्रा

पनि सुतेको छैन ।' अर्को सन्दर्भ टिपेर गुनी– 'फेरि प्रोफेसर ससाङ्लाई के भएको हो ? उहाँलाई किन चाहियो तेन्जिङ ? के कामका लागि चाहियो तेन्जिङ उहाँलाई ? कति समयका लागि ? यस्तो मान्छेको खोजीको पूर्व योजना थियो र उहाँको ?' फेरि मानसिक रूपले प्रार्थना गरी : तेन्जिङ, तिमीलाई आत्मनिर्णय गर्ने अधिकार छ । तिमीमा दवाब नआओस् । तिमी अवश्य विवेकको प्रयोग गर्ने छौ । आमा गौरी ! ममाथि अनुग्रह राख ! बाबा शङ्कर ! मेरो तेन्जिङ पराधीन नहोस् । म यही प्रार्थना गर्छु । म अधीर हुँदैछु । काँतर हुँदैछु । किन मेरो मनोदशा चलायमान हुन खोज्दैछ !... मेघमाला मनमा कुरा खेलाउँदै रही ।

फर्केर ऊ रेस्टुराँमा केही विलम्ब गरेरै पुगेकी थिई । प्रोफेसर र तेन्जिङ त्यहाँ थिएनन् । ऊ विचलित भई । उसले फोन हेरी, मेसेज/मेल हेरी, कुनै संकेत थिएन । काउन्टरमा सोधी । निकै बेर पहिले दुवैजना निस्केको जानकारी पाई । आफूलाई ज्यादा विचलित नबनाई ऊ हेलिकोप्टर भएको ठाउँमा पुगी । चीसो बढेर आयो । ऊ त्यहाँबाट 'पठाऊ' सेवाको मोटरसाइकलबाट रेलवे स्टेशन पुगी । भर्खरै रेल छुटेको जानकारी पाई । गुनी– उहाँले फोन गर्नुभएको भए हुन्थ्यो । कि बेटरी सकियो कि ! फोनले काम गरेन कि ! सञ्चारका विकल्प पनि थिए नि ! कि उहाँले फोन बन्द राख्नुभएको त होइन ? उसले चित्त दुखाई । उनीहरू खुलेर आपसमा संवाद गरून् र निष्कर्ष निकालून् भनेर मैले एकान्त बनाइदिएकी थिइन र ? फेरि यो अप्ठेरो स्थिति मैले नै भोग्नुपर्छ ? किन ? हित गर्न खोज्दा म आफैं दुःखित हुने ? मनमा कुरा खेलाउँदा खेलाउँदै ऊ फेरि रेस्टुराँमा पुगी । चौंरीको घीउको नुनिलो चियामा आफूलाई भुलाउने यत्न गरी । पर्खनु थियो । समय बिताउनु थियो । यसका लागि बहाना थियो चिया ।

फोन झिकेर टेबुलमा राखी । फोन आउने आशा गरी । तेन्जिङसँग फोन थिएन । ऊ निस्पृह थियो । उसलाई फोनको आवश्यकता कहिल्यै भएन । प्रोफेसर ससाङ्सँग फोन थियो । उनी त फोन गर्न सक्थिन्, तर फोन आएन ।

झन्नै पाँच घण्टा बित्यो । सूर्यास्तको समय हुँदै थियो । मेघमाला विचलित भई । ऊ अधीर देखिई, भित्रभित्रै बिथोलिई । प्रोफेसर ससाङ्लाई फोन गरौं कि भनेर सोची पनि । फेरि एकान्त संवादमा भए बाधा पर्ला कि भनेर सोचाइमा पूर्णविराम दिई ।

दुई-एक घण्टा कतै मोटेलमा बसेर संवाद गर्ने कि भनेर आफैंले राखेको प्रस्ताव उसले सम्झी । कुनै मोटेलमा होलान् । निकै बेर भो, घडी त हेर्नु पर्ने

हो । प्रोफेसर ससाङ् फर्कन हतार गर्दै हुनुहुन्थ्यो । कि योजना फेर्नु भो कि ? ऊ यस्तै कुरा केलाउँदै रही ।

घाम डाँडामा बसे । श्रमिकहरूले काम रोके । यात्रीले वास खोजे । पक्षीहरू गुँडमा पुगे । विद्यार्थीहरूले विश्राम लिए । धार्मिक जन पूजा–आराधनामा जुटे । युवा युवती शहर घुम्न उत्साहित देखिए । पर्यटकहरू हेदाङ्ना पसल सेवा र सिङ्गो शहर घुम्न लालायित हुँदैगए ।

हेदाङ्ना झल्मल देखियो । सूर्यास्त पछिको हेदाङ्ना हेर्न लायकको थियो । सौन्दर्य र जवानीले आकर्षक हेदाङ्ना साँच्चै नै सम्मोहनकारी थियो । त्यहाँको मुक्त चहलपहल र स्वतन्त्रता आफ्नै थियो । बाटा, गल्लीहरूमा मधुर संवाद हुँदैरहे । आउने–जानेहरूका संकेत ध्वनि सुनिंदै गए । ठाउँठाउँमा उभिएर फोन गर्ने, साथीलाई पर्खने र जोडाजोडा भएर हिंड्ने शैलीले अर्कै आकर्षण थप्यो । क्लब, रेस्टुराँ, बारहरू भरिंदै गए । होटेल, मोटेलको व्यस्तता बढ्दै गयो ।

चहलपहल र सजावटले हेदाङ्ना बजार क्षेत्र कान्तिले धप्प बलेको थियो । पर्यटकहरू मुग्ध देखिन्थे । रेस्टुराँमा ग्राहक भरिन थालेपछि मेघमाला त्यहाँबाट निस्की र आँखामा तिर्खा बोकेर हेदाङ्ना पसल सेवातर्फ लागी । गन्तव्य हराएको पथिक जस्तो भएर ऊ रूचि नभएको मुद्राले पाइला सार्दै रही । उत्साह हरायो । थकित थिई । साथी छोडियो । एक्लाहरू जोडी बन्दै गए । ऊ विकल झैं थिई ।

मन नलागे पनि पाइला सारी रही । रूचि नभए पनि हेर्दै रही । मन एकातिर, शरीर अर्कातिर, नजर कता हो कता ! कामनामा विरक्ति छ । सुषुप्त छ– सेलाउँछ, ओइलाउँछ कि जस्तो छ । आँसु छल्किए पनि चीसो हावाले श्रेय लिन्थ्यो । किन्तु मनको आँसु कसरी देखिंदो हो ? असंगत कुरामा सङ्गति जोडेर बुझ्नुपर्ने हो कि ! त्यसैले अलमलमा छ– चौंरी गोठाली, यो नृत्याङ्गना मेघमाला ।

मुलुकले यूटर्न लिएपछि जनताका नाममा राज्यले दिएको अनुपम उपहार थियो हेदाङ्ना । पेगोडा शैलीमा काष्ठकलाको अपूर्व निर्माण थियो हेदाङ्ना । स्मार्ट सिटीको मानक रेखाभन्दा माथि थियो यसको भौतिक विन्यास । त्यसैले कतै तुलनीय थिएन । आधुनिक युगको अन्यतम आकर्षण थियो हेदाङ्ना । र यो नेपाली जातिको गौरव थियो ।

प्रोफेसर जीवराज वास्तुविज्ञान इन्स्टिच्यूटको नाप–नक्शा र निर्देशनमा तयार भएको यो नगर पर्वतीय हिमाली क्षेत्रको सर्वाधिक मनोहर थियो । त्यसैले पनि

होला, पर्यटकहरू जुनसुकै वेला पनि भरिएकै हुन्थे । वास्तविक हेदाङ्ना अन्तै थियो र त्यसको जवानी ओर्लदैं थियो ।

शताब्दी–शताब्दीपछिको नयाँ सोच र नयाँ योजनाले यो नयाँ ठाउँमा पुरानो नामको नयाँ संस्करण उभ्याइएको थियो हेदाङ्ना । हेदाङ्ना नगर निगमले सबै पक्षको परिचालन र अनुगमन गर्थ्यो । कुनै किसिमको अव्यवस्था त्यहाँ देखिंदैनथ्यो । नयाँ नगरको आन्तरिक पक्षलाई परिचालन गर्न जे जस्ता निकायको खाँचो पर्थ्यो, उपलब्ध थिए । पर्यटन क्षेत्रमा चाहिने प्रत्येक निकायका अङ्ग–उपाङ्गहरू यहाँ उपलब्ध थिए, राज्यको प्रत्यक्ष उपस्थिति रहन्थ्यो ।

पर्यटक/यात्रु कारबाट आऊन् या बसबाट, रेलमार्गबाट आऊन् या हेलिकोप्टरबाट, सीधै आऊन् वा घुम्दै, तिनलाई राज्यको तर्फबाट चाहिने सेवा–सुविधा अविलम्ब तत्काल उपलब्ध गराइन्थ्यो । चाहे चीनबाट रेलमा आएका यात्रु हुन् या वर्मा वा मणिपुरबाट कुनै साधन उपयोग गरेर आएका हुन्, तुरुन्तै प्रवेशाज्ञा उपलब्ध गराइन्थ्यो ।

अवगुण या बार पनि थियो यहाँ । खैनी, पान, गुट्खा खान निषेध थियो । चुरोटका लागि ठाउँ तोकिएको हुन्थ्यो । किन्तु सुल्पा र हुक्काको व्यापार मजाले जम्थ्यो । धूवाँप्रेमीहरू रमाउँथे । नगरको स्वच्छता कायम गर्न पर्यटकहरू पनि सहयोग पुर्‍याउँथे ।

योजनाबद्ध ढङ्गले विकास गरिएको यो नगर स्थानीय संस्कृति र जीवनशैलीले त्यसै पनि अभिराम लाग्थ्यो । झन् सजावटले मधुरात्रि आयोजना स्थलको भ्रम सञ्चार गर्थ्यो । विद्युतीय सजावटको भौतिक महिमा आफ्नै थियो । अनेक रङ्गका विद्युत् प्रकाशको लहरले पर्यटक सम्मोहित हुन्थ्यो । तन्नेरीहरूको युगलबन्दी र विलासपूर्ण पदक्रमले अर्कै मनोलोकको निर्माण गर्थ्यो ।

भोलिको अघिल्लो दिन हो आज । यहाँको विशेष दिन हो भोलि । भोलिको लागि आजै तम्तयार भएर आएको छ– युवाजन । गाउँक्षेत्र युवाशून्य भएको छ– तन्नेरीले हेदाङ्ना भरिएको छ । जोडीजोडी छन् सबैतिर । एक्लालाई लाज लाग्न थालेको छ । आ–आफ्नै सांस्कृतिक पोशाकमा सुसज्जित छन् तरुणजन ।

अत्यन्त आदर, सम्मान र विनम्रताको बोली–वचन । कतै अमर्यादा झल्किन पाउँदैन । विधि छ । मान्यता छ । संस्कार छ । परम्परा छ । कतै चूक हुन पाउँदैन । संयम छ । विवेक छ । लय छ ।

हो, भोलि यहाँ केही हुँदै छ र त्यसैमा भाग लिन आएका युवाजनको भेला हो– आज । पर्यटकहरू आँखाले प्रश्न गर्छन् । कतै प्रश्न मनमनै थप्छन् ।

स्थानीय जन जान्दछन्– भोलिको कार्यक्रममा सहभागी हुन आएका छन्– परिचित अपरिचित, आमन्त्रित या निम्तालुहरू, साथीहरू, सिकारूहरू, युवा हुँदै गएकाहरू र साथीको खोजीमा योग्य भएकाहरू, स्वीकृत ठानिएकाहरू ! प्रेमार्थीहरू, प्रणयकामीहरू !

हेदाङ्ना दिवस । यो शहर उद्घाटन भएको दिन । त्यो दिन भोलि हो र त्यो प्रतिवर्ष युवा दिवस भनेर मनाइन्छ । तर एकदिन पहिले नै हेदाङ्ना नगरको आँगन खचाखच भरिएको छ । मानौं टुँडिखेलमा तन्नेरीहरूको मेला हो । प्रणयकामीको मेला ।

उज्यालो छ, सुस्मित छ, शान्ति छ, उत्सुकतापूर्ण छ– हेदाङ्नाको युवा दिवसको पूर्वसन्ध्या । युवावर्गमा पहिलो पटक हाजिर हुनेले आफूलाई तन्नेरी भएको ठान्ने थालेको छ । अघिल्लो वर्ष तन्नेरी हुनेले युवापनमा एक वर्ष घटेको हो कि भन्न थालेको छ ।

खुशियाली छ । चपलता छ । तर कामना पनि छ– केही भै जाओस् । भयो त्यस्तै । हिउँ उडेर आयो, रूई हिउँ । तन्नेरीहरूको जमात रमायो । बिजुलीबत्तीको झिलिमिलीमा हिउँ उडेर आएको दृश्य हेरेर मन किन भरिन्थ्यो र ! नाचौंनाचौं, उफ्रौंउफ्रौं, खेलौंखेलौं लाग्ने परिवेश बन्दै गयो ।

यो कुभिन्डो आकारको डबली (प्राङ्गण) पूर्व-पश्चिम किञ्चित् लम्बायमान छ । त्यहींबाट सडकको निकास छ, दुवैतर्फ । डबलीको छेउ-छेउमा काठका बिसौनी-चौतारीहरू, नाङ्ले पसलले भरिएका सत्तलहरू, यिनैमा एकैछिन बिसाएर राखेका युवाजनका झोला-सामानहरू । हिउँ पर्न थालेपछि त्यहाँबाट टिप्छन् नृत्य-सामग्रीहरू । अनि गोलबद्ध हुन्छन् समूह-नृत्यमा ।

चन्द्र पञ्चाङ्ग र सूर्य पञ्चाङ्गको गणित थियो कि थिएन भन्न सकिन्न । ग्रह गणितभन्दा बाहिर के होला र ! तर त्यो हिउँको पर्व थियो । खुशीको पर्व थियो । यो वसन्तको वेला थियो । त्यसैले यो हिमवर्षा मादक थियो, उद्दीपक थियो । अनुनय र विनोद थियो तन्नेरीमा । यो मुक्त परिवेश प्रणय कामना र अनुमोदनको लागि अनुकूल र वरदानमय थियो । प्रणय-निवेदन र प्रणय-प्रक्षेपणको श्रीगणेश पनि थियो तरूणभाव चढ्न थालेकाहरूका लागि ।

अब यो प्रणयपोषक हिमवर्षा प्रणयवर्षाको भूमिकामा उद्दीपक हुँदैरह्यो । युवायुवतीहरू समूहबद्ध रहेर सङ्गीतमय नृत्यगीतमा जुट्तै गए । ऋतु, प्रेम र यौवन-वसन्तको उल्लासमा प्रणयी-प्रणयिनीहरू जोडिंदै रहे ।

तामाङ समुदायका तरूनी-तन्नेरी सेलोमा जुटे । मगर समुदायले टप्पा शुरू गर्‍यो । गुरूङले घाँटूबाट आफ्नै उपस्थिति जनायो । शेर्पाले निकाधिङ्

देखाएर मुग्ध पार्‍यो । आ-आफ्नै सांस्कृतिक पोशाक र वाद्ययन्त्रमा सुसज्जित रहेर कलाप्रेमी तन्नेरीहरूले वसन्तको हिमवर्षाको स्वागत गरे । यो जीवनकै वसन्त थियो ।

सांस्कृतिक टोलीहरूले बिस्तारै-बिस्तारै कार्यक्रम सक्तै लगे । तामाङ सेलो अलिक समय लिएर टुङ्गियो । डबली/प्राङ्गणको छेउ-किनारका मेला-पसलमा व्यस्तता बढ्दै गयो । भर्खरैसम्म व्यस्त-जागरूक डबली-प्राङ्गण झन्नै खाली जस्तै देखियो । जनसमुदाय सोहोरिएर किनारा लागेको थियो । झन्नै शून्य समय थियो ।

शून्य समयलाई चिर्दै मेट्रो रेलको सूचना फैलियोः गोला एक्सप्रेस तयार छ । मेन्छ्यायेम एक्सप्रेस त्यसपछि लाग्छ । म्याङ्लुङ र चैनपुरका लागि विशेष व्यवस्था गरिएको छ । मिल्के हुँदै जाने पाथीभरा एक्सप्रेस भन्दा पहिले कुम्भकर्ण र कञ्चनजङ्घा जाने एक्सप्रेस छुट्ने छन् ।

वस्तुतः हेदाङ्ना दिवसलाई युवापर्व भने हुन्थ्यो । पूर्वाञ्चल मेट्रो निगमले हेदाङ्ना दिवसको सन्दर्भमा अशुल्क यातायातको व्यवस्था मिलाएको थियो । अघिल्लो दिन, त्यस दिन र पछिल्लो दिन यो सुविधा उपलब्ध थियो । चौथो दिन र पाँचौं दिन आधा शुल्क लाग्ने गर्थ्यो ।

बूढाबूढी गुनासो सुनाउँथे– अब गाउँघरमा हुने गरेका मेला-पर्व र उत्सव-भेलाहरू हराउँदै जाने भए । एकातिरको सुविधा र प्रगतिले अर्कोतिरको महिमा र चहलपहल घट्नु स्वाभाविक थियो । फेरि पनि युगीन प्रगति र भौतिक वैज्ञानिक सुविधाको आकर्षण थपिँदै थियो । महत्त्व पनि बढेकै थियो । हेदाङ्ना डबलीबाट पचास पाइला सिंढी ओर्लेर मेट्रो रेल भेटिन्थ्यो । सुविस्ता थिएन भन्नु कसरी ?

मेट्रो रेलको सूचना सकिएपछि फैलिएको शून्यतालाई चिर्दै सङ्गीतको मीठो धुन फैलियो । थाकेर विश्राम लिन डबली छेउका पसल-पसलमा जम्मा भएका युवायुवतीहरू सङ्गीतको धुनप्रति चनाखो हुँदै गए । डबलीकै छेउको सत्तलबाट त्यो धुन फैलिएको थियो । त्यसतर्फ कान र आँखा केन्द्रित हुँदै गए । बिस्तारै उनीहरू सङ्गीतको धुनतर्फ सर्दै गए । आईफोनबाट निस्केको सङ्गीतको धुनमा एउटी युवती ओजपूर्ण नृत्यमा तन्मय देखा परी ।

डबली किनारका अरूहरू पनि तानिएर त्यतै पुगे । तिनकै घेराभित्र रहेर ऊ खूब नाची । हो न हो कुनै क्रुद्ध मुद्रामा नाचेर उसले आफ्नै पीडा र उत्तेजना विरेचन गर्न खोजेकी हो, महिषासुरमर्दिनीको भाव चढेर ! रङ्गीबिरङ्गी बिजुलीको प्रकाशमा उड्दै झर्ने हिउँका फूलको सुषमा कम्ती मनोहर थिएन । प्रकृतिको

अनुपम उपहार थियो यो हिमवर्षा । फेरि युवतीको त्यो एकल नृत्यले थप उल्लास र चमत्कारको सम्पुट जडेको देखिन्थ्यो ।

सङ्गीतको धुन रोकियो । नृत्याङ्गना डबलीमा पल्टिई । नृत्य हेर्न घेरा हालेर उभिएका युवायुवतीले के गर्ने के नगर्ने, यसबारे तत्काल निर्णय लिन सकेनन् । लाग्थ्यो, त्यहाँ त्यसरी पल्टिएकी नृत्याङ्गनालाई चिन्ने कोही थिएन ।

अलिक परबाट एउटा व्यक्ति झम्लङ झम्लङ गर्दै यतै डबलीको प्रवेशमार्गतर्फ आउँदै थियो । के थाह ऊ सङ्गीतले तानिएर आएको होस् । किन्तु डबली संस्कृतिभन्दा भिन्न देखिने स्वरूपमा खास्टो ओढेको त्यो बटुवा लम्केर आयो । नृत्याङ्गनालाई उठाएर सत्तलतर्फ लिएर गयो । फेरि अर्को धुन बज्यो । त्यो युवा व्यक्ति त्यसै ठाउँमा फर्कियो र शिवताण्डवनृत्यको भाव र शैलीमा नाच्तै गयो । ऊ झन्डै अवसन देखियो ।

आजको युवा पुस्ता सङ्गीत र नृत्यको पारखी थियो । उनीहरूले आजको कार्यक्रम पूर्णरूपले सम्मानित-अलंकृत भएको ठाने । नयाँ अध्याय जोडिएको ठानेर अनुमोदन पनि गरे ।

शिवताण्डवनृत्यमा यो युवा विह्वल हुन पुगेको ठानेर होला, नृत्याङ्गना फेरि सत्तलबाट निस्केर आई र त्यो नर्तकलाई झ्याम्म अँगालोले कसेर थामी । नृत्य रोकियो । दर्शकहरू अश्रुसिक्त देखिए । मन्द हिमपात अब पुष्पवर्षाको भावले मङ्गलमय देखिंदै गयो ।

आज डबली छोडेर कोही मेट्रो रेल चढ्न गएन ।

रातभरि डबली तातिरह्यो ।

डबली छेउको अस्थायी चमेना पसलमा पुगेपछि मेघमालाले भावविह्वल भएर सोधी, 'कहाँ थियौ तिमी ? म त आत्तिएकी थिएँ ।' ऊ आँशुमा बोली ।

'कुनै कुरा सुन्न लायक छैन । खासै अमङ्गल पनि छैन ।' उसले अर्को प्रसङ्ग जोडेर थप्यो, 'तिमीले सङ्गीत नबजाएको भए आज हाम्रो भेट हुने थिएनछ । अरू के गर्ने भन !'

'भोक लाग्यो होला । पहिले केही खाऊँ । तबसम्म म एक-दुई ठाउँमा मेसेज गर्छु । अनि उठौँला ।' ऊ फोनमा केन्द्रित भई ।

खानेकुरा आयो । तेन्जिङ भोकाएको थियो । उसले जाँगर चलाएर खायो । मेघमालाले साथ दिए जस्तो गरी । ऊ फोनमा नै बढी अल्झिई । अनि एक पटक तातो तोङ्बा तानेर २/४ टुक्रा चीज टिप्तै भनी, 'कतै कोठा पाइएन । होटेल, मोटेल, गेस्ट हाउस, पाटी-पौवा, धर्मशाला कहीं कोठा खाली छैन । मेरो भेटनरी

डाक्टरको साथीको घर यहाँबाट पाँच माइल पर छ रे । सोधेर कल गर्छु भन्छ । एक छिन पर्खौं न ।'

तेन्जिङ असाध्य थाकेको थियो । तैपनि उसले केही संकेत गरेन । मेघमाला पनि उस्तै गरी थाकेकी थिई । उसले पनि असहजता देखाइन । कुन वेला तातो पानीको कुण्डमा डुबेर थकाई मेट्न पाइएला भन्ने मनोभाव लिएर पर्खनु सिवाय अर्को उपाय थिएन ।

फोन आयो । मेघमालाले संवाद गरी । उनीहरू उठे र निर्देशन अनुसार मेट्रो स्टेशनको पार्किङतर्फ ओर्लिए । ट्राफिक प्रहरीले भोलिको कार्यक्रमको लागि साबिकको ट्राफिक प्रणालीमा आंशिक परिवर्तन गरिसकेको हुनाले भ्यानहरू पर-परै हुन्थे । शहरभित्र प्रवेश थिएन ।

सिंढी ओर्लंदै उनीहरू पार्किङमा पुगे । तत्काल एउटा भ्यान आएर उनीहरूको छेउमा अडियो । त्यसबाट युवती निस्की । जाडाका लुगामा सजिएको मानव सजिलै चिन्न सकिन्नथ्यो ।

'म कर्मा छिरिङले भने अनुसार आएकी हुँ । नमस्ते, तासिदेले हजूर, आउनुहोस् । भालु ! पर, पर, पर... अझ पर ।' उसले कुकुरको तारीफ गरेर भनी, 'यो हामीभन्दा ज्ञानी र इमानदार छ । बसौं । क्यै गर्दैन । पछाडिको सीटमा गयो ।'

भ्यानमा पसेपछि चालक युवतीले आफ्नो शिर र अनुहारबाट अवगुण्ठन पन्साई । 'म साङ्गी क्या, साङ्गीसरा नि, मलाई बिर्स्यौ ? तिमीलाई त मैले चिनें ।'

'मैले चिनें नि ! अहिले म मेघमाला भएकी छु । मलाई मेरो आफन्तले दिएको नाम हो ।'

'आर्यकोशको नाम हो नि यो त !'

'हो क्यार ! ऊ चाहिं तेन्जिङ । मैले नै उसलाई तेन्जिङ बनाएको हो ।'

'त्यो त मेरो साथी जस्तै हो नि ! हामी सँगै पढ्थ्यौं आईएस्सीसम्म । पछि ऊ भेटनरीतर्फ गयो म एमबीबीएस तर्फ ।'

साङ्गीले भ्यान चलाई । शहरको उज्यालो झिलिमिलीबाट बाहिर पुगे । तर चीनले बनाइदिएको वैज्ञानिक चन्द्रमाको उज्यालो कम्ती रमाइलो थिएन । उचित मौका हेरेर साङ्गीले भनी, 'चीनका कम्निस्टले भ्रष्टाचार गरेका भए यस्ता चन्द्रमा र सूर्य बनाउने नै थिएनन् नि ! तिमीले ख्याल गरेकी छौ ?' धेरै दिनदेखि मनमा खेलेका कुरा आज उसले आत्मीय साथीलाई सुनाई ।

'खै त्यस्तै त होला नि ! सबै यसै भन्छन् । इतिहास त्यसै भन्छ क्यार ! राजनीति गर्न नजान्नेले देश विसर्जन गर्न आँटेका थिए । त्यतिसम्म त थाह छ । त्यस्ता खराब मान्छेलाई ठेगान लगाएपछि मुलुकले काँचुली फेर्न थालेको रे ।'

'हो नि, देशको झण्डा बाल्ने, देश खारेज गर्ने, अर्को देशमा लगेर मिलाउने, मुलुक टुक्र्याउने, विदेशी शक्ति निम्त्याउने, आफ्नै संविधान र कानून निष्क्रिय गराउने, नाना अकर्म राजनीति गर्न नजान्नेले नै त गरेका रहेछन् नि !'

'ठीक भन्यौ । कुनकुन दल र कुनकुन मुखियाले शक्तिमा रहँदा के के गरे भन्ने जानकारी मैले पनि लिएँ । विद्युतीय सञ्चार माध्यमले सारा घटना, दृश्य, संवाद र मीमांसा पारदर्शी गरिदिएका रहेछन् । वेलावेला म पनि भिजिट गर्छु ।'

'नेपालीले त आफ्नो देशको उन्नतिका लागि राजनीति गर्नै जानेन । अर्काकै कारिन्दा भएर आफ्नै देशमा राजनीतिक शक्ति परिचालन गर्‍यो । अर्काकै फाइदाका लागि आफ्नै स्थिति बिगार्दै लग्यो । माटोको रक्षा गर्न पनि सकेन । प्रकृतिक स्रोत-सम्पदा अर्थात् आठै किसिमका 'ज' लाई गलत ढङ्गले चलायो । महत्त्वपूर्ण फाइल बेच्यो, के चाहिं गरेन । गोप्य सन्धि गरेर फाइल लुकायो । जनता सीधा र अशिक्षित । फेरि गरीबीले गाँजिएका हुनाले सरदारहरूले फाइदा उठाए । जो शिक्षित थिए उनीहरूले पनि सरदारका झोले भएर समाजलाई गुमराह गराउँदै रहे । राज्यको नीति, प्रशासन र कानून अनि सामाजिक सेवाका निकायहरूको परिचालन विदेशबाट हुन्थ्यो । हिजोको स्थिति यस्तै थियो रे । आजको नयाँ पुस्ता हिजोको अराजक स्थितिसँग अपरिचित छैन । भौतिक-वैज्ञानिक उन्नतिको सकारात्मक पक्ष यो पनि हो– अतीतका मुद्रा र गति सजिलै बुझ्न सकिन्छ । अनुजका लागि अवसर दिन्छ ।'

साङ्गीले एउटा पसलको अगाडि लगेर भ्यान रोकी । अनि भनी, 'पहिले मेरो घरमा जाऊँ र केही खाऊँ । अनि बस्ने ठाउँमा जाऊँला । नत्र मेरोमा पनि गेस्टरूम अलग्गै छ । के भन्छौ ?'

'हुन्छ । त्यसो गर्दा सजिलो हुन्छ, त्यसै गरौं । एक पटक तातो पानीमा डुब्न पाए थकाइ मर्थ्यो कि !'

खाई-पिई गरेर विश्राम स्थलमा पुगे । कोठा, बाथरूम र तातोपानीको कुण्ड देखाइसकेर साङ्गीले भनी, 'बिहान मेरैमा चमेना तयार गर्छु । यहाँको भान्सामा सामान छैन ।' अर्को प्रसङ्ग जोडेर थपी, 'माथिको तलामा एक जोडी प्रेमी-प्रेमिका छन् । उनीहरू पनि हेदाङ्ना पर्व मनाउन आएका हुन् ।'

'सुखद निद्रा लिऊन् । शुभकामना छ ।' मेघमालाले छोटो उपसंहार दिई ।

'तिमीहरूको लागि पनि म सुखद विश्रामको कामना गर्दछु । बिहान चियामा उतै भेटौंला ।' साङ्गीसरा निस्किई । कुकुर उसको पछि लाग्यो ।

राति अलिकति हिउँ थपियो । फेरि आकाश खुल्यो । सगरमाथा, गौरीशङ्कर र कञ्चनजङ्घा हिमशिखरलाई स्पर्श गरिसकेर सूर्यका किरणहरू यो गाउँमा ओर्लँदै थिए ।

मेघमाला ओछ्यानबाट उठी । तेन्जिङलाई देखिन । उ चञ्चल भई । यताउति हेरी । ऊ त्यहाँ थिएन । झ्याल खोली । हावाको चीसो वेग भित्र पस्यो । उसको संतप्त मनमा हावाको चीसोपनले शीतलता दिन सकेन । तेन्जिङ नहुनुलाई उसले अब खासै ठूलो कुरा मानिन । उसको बिहानै घुम्ने बानी छ, घुम्न निस्क्यो होला भनेर आफैंलाई त्यो पक्षबाट आश्वस्त बनाई ।

चिन्ताको विषय अर्को थियो । तेन्जिङको शरीरमा नङले चिथोरेको डोब उसले देखेकी थिई । अहिले त्यो दृश्य उसका अगाडि साकार भएर आयो । एउटा पाखुरामा तलदेखि माथिसम्म नङ्ग्राका निशान थिए । पिठ्यूँमा पनि गहिरो डोब उसले देखेकी थिई । झलक्क सम्झी– तातोपानीमा डुब्नासाथ अत्तालिएर ऊ बाहिर निस्केको थियो । शायद चहऱ्याएको-पोलेको हुँदो हो उसलाई । उसले यति मात्र सोधेकी थिई उसलाई– 'यस्तो चोट कसरी आयो तिमीलाई ? भन्न मिल्छ भने भन मलाई ।'

'भनौंला नि ! यो खासै ठूलो कुरा होइन ।' उसले सामान्य भावले उत्तर दिएको थियो । तर यसमा आफ्नै पनि त्रुटि भएको ठानी उसले । तेन्जिङले यसलाई सामान्य ढङ्गले लिए पनि मेघमालाले सामान्य ठान्न सकिन । त्यो चोटपटकमा प्रकारान्तरले आफ्नै पनि भूमिका रहन पुग्यो कि भनेर ऊ बढी चिन्तित भई ।

उसले आत्मसंवाद गरी– दुई जनालाई एकान्त संवादमा छोड्न नहुने थिएछ । प्रोफेसरले कतै जाऊँ भनिन् होला, उसले अस्वीकार गरेन । उसको प्रकृतिमा नकारात्मक भाव र असहयोग भन्ने कुरा छँदैछैन । तर स्थिति उसको रुचि प्रतिकूल भए जस्तो छ । नत्र शरीरमा क्षति हुने थिएन । क्षति पुग्नुको अर्थ राजी नहुनु होइन र ! कहाँ पुगेका थिए र कसरी त्यस्तो भो भन्ने कुरा त तेन्जिङले नै भन्छ नि ! जानेर अब के हुन्छ ?

ऊ फेरि पनि आत्मकथनमा अल्झिंदै गई– मैले त्यत्रो लामो समय लाइब्रेरीमा बिताउनै नहुने । उनीहरूलाई मौका दिएजस्तो पो भएछ । मिटिङ त सारेको भए पनि हुन्थ्यो । भेटनरीमा अर्को दिन औषधिको माग गरेको भए हुन्थ्यो ।

ऊ निष्कर्षतिर पुग्दै गई– प्रोफेसर ससाङ् त यो ठाउँसँग परिचित नै हुनुहुन्थ्यो । छुटेर आफ्नै बाटो लाग्नुभो, त्यो उहाँकै खुशीको कुरा भो, तर बिचरा तेन्जिङ अल्मलियो । दिनभरि एक्लै भौंतारियो होला । कता भोक, कता तिर्खा । धन्न पो भेटें । कम से कम प्रोफेसर ससाङ् मलाई मेसेज त गर्नसक्नुहुने थियो । शायद उहाँले कुनै त्रुटि गर्नु भो र त्यसबाट हीनताबोध लिनु भो । नत्र मसँग छलिनु पर्ने कारण के ?

उसले झलक्क सम्झी– नङले कोतरेको ठाउँमा रगतका दाना निस्कँदा-निस्कँदै त्यहीं सुकेका थिए । लम्पसार पारेर उसको पिठ्यूँ र पाखुरामा कोमल स्पर्शको औषधि लगाएर आरोग्यको कामना गरेकी थिई– सखी भावले, किन्तु त्यो स्पर्श मातृभावभन्दा तल थिएन । उज्यालो नहुञ्जेल उपचारको अर्को उपाय थिएन । ऊ हिजोको दृश्यश्रृङ्खला सम्झंदै थिई । त्यसमा अलिकति कल्पना पनि जोडी, सम्भावना पनि थपी ।

अजङ्गको कुकुर भित्र पस्यो । कुकुरको बेल्टमा अल्झाएको पत्र झिकेर हेरी र एकछिनपछि चमेनाको लागि साङ्गीसराको घरमा हाजिर भई । तेन्जिङ त्यहीं थियो ।

'उहाँलाई त यो कुकुरले लिएर आयो । मैले औषधि गरें । नङले चिथोरेको रहेछ । नङको त डाह लाग्छ नि ! पोल्छ । निकै पोल्छ । जाडो छ, चाँडै ठीक हुन्छ । घाउ भरिन केही समय लाग्छ । डोब चाहिं बस्ला ।' साङ्गीसराले छोटो जानकारी दिई ।

'हिजो दिउँसोको घाउ हैन ? मैले त तातो पानीमा पसेपछि पो देखें । रगतका छिर्का त अलिअलि उसको गञ्जीमा पनि लागेको थिएछ ।' मेघमालाले बुझे जति कुरा खुलस्त गरी ।

'हेदाङ्ना शहर पुग्ने हो भने म घाउ भर्ने औषधि लेखिदिन्छु ।'

'धन्यवाद डाक्टर सरा ।' तेन्जिङ बल्ल प्रकट भो ।

'कि पर्खनुहोस् म आफ्नै औषधि लगाइदिन्छु । कतै चोट देखिंदैन । प्रयोग गरिहेरौं न ।'

बिहानको चमेना चल्यो । अनौपचारिक कुरा भए । कुरा गरेर कहीं पुग्नु थिएन तैपनि भए ।

'यत्रो घरमा तिमी एक्लै ?'

'कुकुर छ नि साथी ।'

'बिहा गरिनौ ?' अब शेर्पा भाषामा संवाद शुरू भयो ।

'कुरा मिलेपछि मेरो हुनेवाला केटाले तिम्रो भेटनरी डाक्टरको बूढी लिएर हिंडेछ । अब के लाग्छ ? तर पीर छैन । अर्को ढोका खुल्छ नि ! वेलावेला गुम्बा गएर सेवा गरे पनि हुन्छ । अहिले फार्मेसीको अध्ययन गर्दैछु । व्यस्त पनि छु ।'

'कहिले कहीं शरीरले तन्नेरीको माग गर्दैन ?'

'आम्मै, गर्छ नि ! झन् खाली भएको वेला र एकान्त हुँदा त कति हो कति । त्यसैले आफूलाई काममा व्यस्त राखेर शीतल रहनुपर्छ नि ।'

'शायद मनको प्रकृति फरक फरक हुन्छ । कसैको मन घुम्छ, तरङ्गित हुन्छ, कसैको हुँदैन, यही हैन ? तिमीले मनलाई टुङ्गोमा राखिछौ, धेरैले मनसँग हारेका छन् ।' मेघमालाले आफ्नै अनुभवको छोप हालेर भनी ।

'व्यस्ततामा शरीर अल्झायो भने मनको तरङ्गको मात्रामा कमी आउने मात्र हो, पूरै पन्सिने होइन । काल्पनिक दृश्य र गृहीत चित्रले मनमा पसेर हल्लाउने गर्छन् । अलिक कठिन छ मन बाँध्न । तर पनि मन पूरै रोगी नहोस् भनेर कहिले कहीं घुम्न र खेल्न दिनु पर्छ नि !' साङ्गीसराले सांकेतिक बोली ।

'आफ्नू मनलाई कसरी घुम्न दिनु, कहाँ खेल्न दिनु ? मैले आशय सम्झन सकिनँ ।'

'यथार्थमा हुने कुरा कल्पनामा पुऱ्याएर गर्न सकिन्छ नि ।' बोल्दाबोल्दै ऊ रोकिई । उसका आँखा तेन्जिङमा ठोकिन पुगे ।

मेघमालाले बुझिहाली । त्यसैले तुरुन्तै भनी, 'साङ्गी, तिमी नरोकिऊ, ऊ बुझ्दैन । ऊ आफ्नै अन्तरङ्गमा घुमेको हुन्छ । ऊ यहाँ भएकै हुँदैन । उसको पनि मनको जगत् फरक छ । कहाँ पुगेको होला अहिले । विग्रह मात्र यहाँ छ उसको । तिमी आफ्ना कुरा भन्दै जाऊ ।'

'ऐले तेन्जिङ यहाँ छैन भन्यौ हैन ? त्यसै गरी म पनि मनको आरोग्यका लागि मन छोडिदिन्छु, घुम्न दिन्छु, खेल्न दिन्छु । थाक्छ, अघाउँछ र फर्कन्छ । अनि शान्त हुन्छ । सादृश्य जोडेर भनी, 'कुकुर नै हेर न, एकछिन बाहिर पठायो, घुम्छ, खेल्छ, रमाउँछ र फर्केर आफ्नै थान्कोमा बस्छ । त्यस्तैत्यस्तै हो ।'

अर्को पटक तोङ्बामा पानी थपिसकेर भनी, 'अब म मेरै कुरा गर्छु ।'

मेघमाला साङ्गीसराका कुरा सुन्न उत्सुक भई ।

"हेर, फुर्सतका वेला कहिले कहीं म मन खोलिदिन्छु । कहिले कसैलाई टिपेर यहीं ल्याउँछ, कहिले उतै उसैसँग अल्झन्छ, रमाउँछ । साँझ अँध्यारोमा टर्चलाइटले टाढाको वस्तु खोजे जस्तै हो । मनको आँखाले आफूले चाहेको व्यक्तिलाई देख्छ र क्रीडा शुरू गर्छ । त्यो क्रीडा आफूले चाहेजस्तै ढङ्गले हुन्छ ।

आफूले खोजेको ढङ्गले त्यो पात्र परिचालित हुन्छ । सम्झ, आफ्नै मनको डोरीले त्यो पात्रलाई तानेर आफूले चाहेको ढङ्गले परिभोग गराउन सकिन्छ या उबाट आफूमाथि प्रभोग गराइन्छ । यो अर्कै आनन्द हो ।

फेरि वैकल्पिक व्यक्तिहरू पनि हुन्छन् । मनको आलोकले सबैलाई देख्छ । एउटालाई टिप्यो या उसैसँग पुगेर विलास गऱ्यो, फर्कियो । के फरक पर्छ ? मन थाक्नुपर्छ, मन अघाउनु पर्छ । मन थाकेपछि शरीर आफैं थाक्छ । किन्तु मन थाक्नुहुन्न भन्ने मेरो मान्यता हो । मन त निरन्तर जागरूक, तिर्खाएको र उत्साही रहनुपर्छ । यसैले मान्छेलाई जुझारु र गतिशील बनाउँछ । साँच्चै अघाएँ, थाकें भन्यो भने सम्झ, शरीर सकियो ।"

'मनले जाने नजाने ठाउँको भेद गर्दैन ?'

'यसबारे मेरो चिन्तन संस्कृति विरोधी मानिएला । म यसमा दुई पक्षबाट हेर्छु– असुन्दर ठाउँमा, अपात्रमा मन जाँदैन । करले विलास हुन सक्तैन । अर्को, मनले भेद गर्दैन । कुनै जाति, धर्म, वर्ग, रङ्ग, भूगोलको हिसाबले वर र पर ठान्दैन । अप्रिय लाग्ने भए पनि भनिदिन्छु– सांस्कृतिक बन्धन पनि नाघिदिन्छ मनले । किनभने अभौतिक विलासमा अपराधको आधार भेटिंदैन । मन र कल्पनाले जे पनि गर्न सक्छ, दसी-प्रमाण छोड्दैन । त्यसैले, मनको विलास र कल्पनाको जगत् अमूर्त रहेर पनि मेरा लागि पथ्यपरक छ । कल्पनाको यौवन विलासमा म निक्कै रमाउने गर्छु । थाक्छु र परितृप्त रहन्छु । विभिन्न भाव-मुद्रामा खेलेर म सुखी हुन्छु । तन्नेरीहरूले मलाई रतिक्लान्ता नै देख्लान् कि भन्छु ।'

'कुरा चलिहाल्यो, भनौं है ?' साङ्गीसराले फेरि थपी, 'म कहिले कहीं तिम्रो भेटनरी डाक्टरलाई कल्पनाले तान्छु र मजासँग शयन क्रीडा गर्छु । साँच्चै नढाँटी भनौं भने म उसलाई बेस्सरी काल्पनिक रेप गर्छु र निचोरेको कागती जस्तो पारेर छोडिदिन्छु । उसकी पोथी थाह नपाएजस्तो गरी बस्छे– टाढैबाट हेरेर । त्यसवेला बदलाको भावनाले म रमाएकी हुन्छु । यहाँनेर म मनको रोगी वृत्तिको झल्को पाउँछु । किनभने उसैका अगाडि उसको भालेलाई मैले छोप्नुहुने थिएन कि भन्छु ।'

मेघमाला एकोहोरो सुन्दै रही । तेन्जिङ अझै अर्कै संसारमा डुबे झैं देखिन्थ्यो ।

'साङ्गी, तिमीलाई लाग्दैन– आफ्नै जस्तो शरीरको बनोटवाला सँगको रतिविलास सुरुचिपूर्ण हुन्छ ? यसबारे तिमी के भन्छ्यौ ?' मेघमालाले मौका छोपेर सोधी ।

'मानसिक विलासका सन्दर्भबाट गैरवर्गको शरीरसँगको प्रणयक्रीडा असाध्य मीठो हुन्छ, भरिलो, रसदार । सांस्कृतिक पक्षबाट नै आफ्नै बनोटको शरीरको महत्त्व छ । त्यहाँ यौवन विलासको उत्कर्षको कुरा अंशतः गौण रहन्छ । अझ मेरो हकमा भन्छ्यौ भने म त सलोम शरीरसँगको आतृप्त घर्षणका साथ दीर्घप्रहार पछि रतिक्लान्ता नायिकाको मनोज्ञ भाव र मुद्रामा पुग्न चाहन्छु ।'

मेघमाला आनन्दविभोर भएर सुन्दै रही । तेन्जिङ समाधिस्थ झैं लाग्थ्यो ।

'त्यसैले म काल्पनिक केलि र मानसिक यात्रामा आफूलाई सफल र सम्पन्न ठान्छु । अभिनय र अनुभवमा आफ्नैपन भर्छु । मैले गरेजस्तो आनन्दभोग अरूले गर्न सक्तैन कि भन्छु । अरू के भन्नु ?' आफ्नै भनाइमा ऊ प्रसन्न र उत्साही देखिंदै गई । त्यसै पनि ऊ एक्काइस शरद् भोग्दै गरेकी उमेरदार फक्फकाउँदी पट्ठी, आफ्नै आर्जन र कर्मबाट पनि तुष्ट थिई । आत्मविश्वास उसको अन्तरङ्ग मित्र थियो । त्यसैले पनि निर्भय थिई ऊ ।

'प्राक्टिस छोडेर तिमी पूरै फार्मेसीमा लागेकी हौ त साङ्गी ?'

'पेसेन्टको सम्पर्कमा त रहन्छु, बाँकी समयमा औषधि बनाउन खटिन्छु । एक्लै छु, यो अवसर किन खेर जाओस् भनेर नि !'

'अहिले कति उत्पादन गऱ्यौ त ?'

'अहिले हड्डी जोड्ने औषधि तयार छ । बजारमा पाइन्छ । अर्को हल्लिएको दाँतलाई स्थिर गर्ने, दह्रो बनाउने औषधि पनि बजारमा छ । त्यस्तै अर्को शरीरमा देखिने चोट, शरीरको छाला तन्केर चिरिएको छालादाग मेटाउने औषधि छ । जस्तो पेटमा बच्चा बसेपछि पेट तन्केर छाला चिरा पर्छ नि, त्यो हटाउने औषधि हो । बिफरको खटिराको दाग त सजिलै हराउँछ । अहिलेसम्म गरेको काम यति नै हो ।'

'जे होस्, छालामा आएको चोट हराउने भो, काटेको दाग पनि हराउँछ हैन त ?'

'त्यस्तै हो, तर आगोले पोलेको दाग चाहिं हट्तैन । त्यो अर्कै काम हो । त्यसतर्फ मेरो अध्ययन छैन ।'

'ए, छाला नछोई हड्डीमा पुगिन्न भन्ने ठानेर दुवैतर्फको उपचार गर्ने सोच राखिछौ । राम्रो । खुशी लाग्यो ।'

'हाम्रो पाखा-पखेरा र हिमाली क्षेत्रमा पाइने बुटा-वनस्पतिबाटै यस किसिमका औषधि निर्माण हुन्छन् । यसको लागि भौतिक र प्राविधिक पक्षमा चीनको सहयोग छ । अहिले जापान र जर्मनीको मात्र औषधि यहाँ उपयोग हुन्छ । अरू देशबाट हाम्रो औषधिको माग प्रत्येक वर्ष बढ्दै छ । हामी सक्तो आत्मनिर्भर हुने दिशामा

छौं । म जस्तोहरू धेरै छन् अरू, यो काम गर्नेहरू !' अनि एक पटक तोङ्बा भरौं है भन्दै ऊ त्यहाँबाट उठी ।

कुकुर भित्र पस्यो । हिउँ नै हिउँ बोकेर आएको रहेछ । देख्ने बित्तिकै भनी, 'भर्खरै घाम लागेको थियो । बादल आएर हिउँ परिसकेछ । कस्तो छ हकि, मायाको खेल !' अनि झ्यालका पर्दा पन्साएर भनी, 'गाडी चल्न थाले भने निस्कनु पर्ला कतै, बाटो थुनिएको नहोस् । हाम्रा पाहुनाहरू अघि नै निस्केछ- गाडी छैन । तन्नेरीहरू जाँगरिलो हुन्छ नि । आज त उनीहरूकै पर्व हो नि ! हेदाङ्ना मेला भर्न पुगिसक्यो ।'

उसले आफूलाई जोडेर भनी, 'मैले त यिनारूले जस्तो पर्व-मेलामा पुगेर आनन्द भोग्न पाइनँ । बोर्डिङ् स्कूलमा थुनिएर बसें । अनुशासनको कडा बन्देज थियो । त्यो उमेरको त्यो उमङ्ग, त्यो उत्साह, त्यो चकचक र त्यो उपलब्धि गुमाएँ भन्नुपऱ्यो । त्यसैले यो उमेरकाहरू जब जोडी बाँधेर घुम्न निस्कन्छन्, देखेर मन प्रसन्न हुन्छ । सन्तोष लाग्छ । आफू वञ्चित भएको पूर्ति यिनैको लीलाबाट हुन्छ भन्ने ठान्छु । त्यसकारण यिनीहरू जे गर्छन्, अनुमोदन गर्छु र खुशी रहन्छु ।'

'हो, आनन्द लिने आ-आफ्नै तरीका हुन्छन् । तिम्रो सकारात्मक सोच थाह पाएर मलाई पनि प्रसन्नता भो ।'

तेन्जिङ समाधिस्थ भए झैं देखिन्थ्यो ।

उनीहरूले पनि शेर्पा भाषाको संवाद टुङ्ग्याए ।

दिउँसोको खाना खाएर निस्कने सल्लाह थियो । फेरि हिउँ थपियो । झ्याबाट हिउँ झर्दै गरेको दृश्य हेरेर मेघमालाले टिप्पणी गरी, 'यो बेमौसमको हिउँ विषालु हुन्छ । अन्नबाली पनि बिगार्छ । पशुधनलाई नोक्सान पार्छ । मान्छेलाई पनि बिमारी बनाउँछ । फलफूललाई पनि क्षति पुऱ्याउँछ । घुम्ने काम सकिहालौं भनेको, दिएन हिउँले ।'

'हेर, मुख्य कुरा एउटै छ– तेन्जिङलाई औषधि गर्नु । म कल गर्छु । आज यदि फ्याक्ट्रीमा ठूलो खालको कुनै भ्यान रहेछ भने औषधि यहाँ ल्याइदिन्छ । यो सानु गाडी चल्दैन, खतरा हुन्छ ।'

'हो, पहाडको बाटो, उकाली ओराली डरमर्दै हुन्छ नि !'

मेघमाला अब मौन भई । ऊ निकैबेरदेखि साङ्गीसराको मनोभाव र हाउभाउ हेर्दै थिई । त्यसैले तेन्जिङले नबुझ्ने भाषामा भनी, 'साङ्गी, तिमीलाई मेरो साथी मन पऱ्यो कि के हो, तिम्रा नजर त्यतै पुग्छन् नि ?'

'मन परेर के गर्नु, तिम्रो बिर्ता भैसक्यो क्यार ।'

'कि योसँग पनि कल्पनामा खेल्छ्यौ ?'

'यहीं हुँदा के कल्पनामा खेल्नु, साँच्चिकै खेल्न पाए पो ।' यस पटक साङ्गी मुख छोपेर आफैं मरीमरी हाँसी ।

'रहर छ भने फकाऊ, मान्यो भने लैजाऊ । म आँखा चिम्लिदिन्छु ।' मेघमालाले पनि परिहासमा उदारता देखाई ।

'खै जुर्छ जस्तो लाग्दैन । प्रकृति बुझेको छैन । त्यति बढी बोल्दैन रैछ । कुरा पनि टुङ्ग्याएको छैन । के हो के हो नि !'

'सबै वेला अक्कलले बिगार्छ क्या । अनुनयको भूमिका महत्त्वपूर्ण हुन्छ । तिमीलाई चाहिने चीज उसँग छ भने इगोले काम गर्छ र ? ऊ सरल छ । मौका हो । चोरीबाली र ढिपी असाध्य मीठो हुन्छ रे ।'

ऊ मौन रहेर अन्तर्मुखी हुन खोजी ।

'हेर, यो योगी हो । उसको रुचि प्रतिकूल जानु हुँदैन । ऊ निश्चल र आफ्नै ढङ्गको शिवसाधक हो । तिमी गौरीको अभिनय गर । शङ्कर खुशी हुन्छन् कि ?' ठट्टामा खूब हाँसी । 'अँ, तिमी कल गर । म जान्छु औषधि लिन । नेभिगेशन लगाउँछु र लिएर फर्कन्छु । तिम्रो याक्ट्री पनि देख्छु । तिमी तबसम्म उसँग औषधि उपचारका कुरा गर । बरु कुकुर म लिएर जान्छु, मलाई नै सहयोग चाहिएला कि !'

'तिमीलाई यो खालको गाडी चलाउन सजिलो होला त ?'

'यो त चाइनिज SUB हो नि ! चलाएकै हुँ । पुगेर फर्कन्छु । मेरो चिन्ता नगर । बरु म एउटा वेबसाइट पठाइदिन्छु, त्यसमा बडो मीठो भावगीत छ, विरह गीत । त्यसैमा मस्त झुम न, सजिला लुगा लगाएर । भगवान् दाहिने नहुने कुरै छैनन् ।'

'ओके !' मेघमाला निस्की । कुकुर गएर गाडीमा बस्यो । तेन्जिङ बसेकै ठाउँमा समाधिस्थ देखिन्थ्यो । साङ्गीसराले नयाँ तोङ्बा भरी र भावगीत बजाई । त्यसमा विरह वेदना र प्रणय कामनाको प्रगाढ अभिव्यक्ति थियो । ऊ बिस्तारै कल्पनाको संसारमा पसेर नृत्यमुद्रामा प्रस्तुत हुँदै गई । र पछि थाकेर चमेनाको टेबुलमा आफ्नै पाखुरीमा शिर राखेर ढल्कँदै भावमग्न हुँदै गई ।

तेन्जिङ जागरुक हुँदै गयो । उसले तोङ्बा अगाडि सारी दिई । फेरि उसको पिठ्यूँमा स्पर्श गरेर लेपन लगाएको अभिनय गरी । के सुर चल्यो कुन्नि, तेन्जिङको खास्टो तानेर ओढी र भाव विह्वल देखिई । उसले बारम्बार खास्टो सुँगी । झन्झन् अतृप्त देखिंदै गई । त्यसको सुगन्धले ऊ झन् सम्मोहित हुँदै गई ।

न तेन्जिङले आफूलाई त्यहाँ विश्वामित्र ठान्यो र त्यस्तै स्थितिबोधको कल्पना गऱ्यो, न साङ्गीले पनि आफूलाई त्यहाँ मेनकाकै प्रतिरूपमा उपस्थित गरी । यद्यपि एउटालाई चाहिने कुरा अर्कोसँग थियो, अर्कोलाई चाहिने कुरा उसँग थियो । फेरि पनि आफूलाई चाहिने कुराको कामनाले परस्पर निकट हुन सकेनन् । परिवेश महत्त्वपूर्ण थियो, ऊर्जावान् र उपकारक पनि । दिनकर अवश्य बाधक हुन्थ्यो, किन्तु ऊ स्वयं हिमपातको चीसोबाट जोगिन बादलको सिरकभित्र लुकेको थियो । यद्यपि यो सारा खेलको भूमिका उसकै थियो ।

बिहान साङ्गीसराको पहिलो स्पर्शले तेन्जिङ ओइलाइसकेको थियो । पिठ्यूँ र पाखुराको घाउमा औषधि लगाइदिंदा उसले जो स्पर्श गरी, त्यतिले नै ऊ सम्मोहित भएको थियो । त्यसैले ऊ झन्नै प्रतिक्रिया शून्य रहेर संकेत र समयको पर्खाइमा रहे झैं थियो । यो साङ्गीको बुझाइ थियो । किन्तु तेन्जिङ अझै समाधिस्थ झैं थियो ।

साङ्गी कल्पनाको संसारमा घुम्दै झ्यालमा पुगेर एउटा औंलाले थोरै पर्दा पन्साई । हेरी, बाहिर अझै हिउँ पर्दै थियो । अझ पर्दा हटाई र भनी, 'तेन्जिङ, हेर न कस्तो मजाले हिउँ परेको । हेर न हावा चलेर रूखबाट हिउँ झारिदियो । भित्र बसेर बाहिर हेर्दा क्या रमाइलो हुने रहेछ । मैले त यसरी आनन्द लिएकै रहेन छ ।'

तेन्जिङले आनन्दमा सहभागी हुनु उचित ठान्यो । ऊ जान्दथ्यो, हिमपातको दृश्य हेरेर ऊ आनन्दित होस् भन्ने कामना साङ्गीको हो । त्यसैले झ्यालबाट बाहिरको दृश्य हेर्न ऊ पनि साङ्गी भएतिर पुग्यो । साङ्गीको पिठ्यूँनिर पुगेर उभियो र सँगैजस्तो भएर हिउँ झर्दै गरेको दृश्य हेर्न थाल्यो ।

तेन्जिङ आफ्नै पछाडि आएर उभिएको संकेत उसले पाई । त्यहाँको परिवेश सुगन्धित भयो । त्यसैले थाह पाएर पनि थाह नपाएको अभिनयमा ऊ स-साना दुई पाइला पछि सरी र तेन्जिङको छातीमा ढेपिन पुगी । तेन्जिङले एक पटक लामो सास तानेर छोड्यो र प्रशान्त मुद्रामा पुग्ने यत्न गऱ्यो । ऊ झन्नै सुस्थिर देखियो ।

सात वर्षअघि आफ्नै आयु समूहका सतीर्थ्यसँग पढ्दा आचार्यले दिएको दीक्षा उसले सम्झ्यो : कदाचित् अप्ठ्यारो, अमङ्गल, अवाञ्छित स्थिति उत्पन्न भयो भने यो विधि-प्रक्रियाद्वारा इन्द्रिय नियन्त्रण गर्नू र जोगिनू । बाँकी तपसीलका कुरामा वीर्य प्रहारको औचित्यतर्फ विवेक पुऱ्याउनै पर्छ, किनभने आफ्नो स्वास्थ्यको रक्षाका लागि आफैं सजग रहनु राम्रो हो । जस्तो, एक : आफूभन्दा जेठी स्त्रीमा वीर्य प्रहार नगर्नू । अन्यथा तिम्रो शक्ति क्षीण हुन्छ । तिमी चाँडै अशक्त र क्षीण

हुनेछौ । दुई : दिनको उज्यालोमा वीर्य प्रहार नगर्नू । किनभने नेत्र ज्योति र स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्छ । तीन : जुन ठाउँमा वीर्य प्रहार गर्नुपर्ने हो, त्यहीं प्रहार हुनुपर्दछ । अप्राकृतिक र हठात् वीर्यपात नहोस् । त्यसबाट आजीवन जोगिनु पर्छ । किनकि यो घातक वृत्ति हो । चार : वीर्य प्रहार गर्नुभन्दा पहिले र पछि कुनै किसिमको दुश्चिन्ता नहोस् । किनकि स्वस्थ ढङ्गले प्रहार हुँदा मन र स्वास्थ्यमा पोषण मिल्छ । दुश्चिन्ताले दुवैलाई क्षय गर्छ । स्मरण रहोस्– सुरत र सम्भोग जस्ता शब्दले यो कर्मलाई सम्झाउने चेष्टा गरेका छन् हाम्रा आचार्यहरूले । ठूलो सङ्कल्प र साधनापछि नै कालजयी सन्तान जन्मन्छन् । ख्यालख्यालमा जन्मिएका सन्तानले युग हाँक्न सक्तैनन् । समाजले असल नायक पाउन नसक्नुको कारण यो पनि हो । त्यसैले अपात्रमा वीर्य प्रहार हुनुहुँदैन ।

यति चाहिं ख्याल राख्नै पर्छ : असल माटोमा, उन्नत भूमिमा वीजारोपण हुनसक्यो भने त्यसको प्रसव पनि उन्नत या अव्वल कोटिको हुन्छ । त्यसपछि मात्र परिवेशको कुरा आउँछ । र यो पनि ख्याल रहोस्– वीर्य प्रहार पछि दीर्घ विश्राम अनिवार्य छ ।...

'तेन्जिङ, तिमी उभिएरै निदायौ कि के हो ? तिमीलाई त म जहिले पनि उँघेकै, निदाएकै देख्छु नि ! म यहीं छु, तिमीले मलाई देखेनौ ? कहाँ पुग्या हौ ? अलिक भिन्नै भयौ, किन ?' साङ्गीले फर्किएर भनी ।

'म त प्रकृतिको लीला र जीवहरूको खेलबारे सोच्न थालेंछु । एक छिन गुरुकुलमा पनि पुगें ।'

'हिंड, एक छिन विश्राम गर, तिमीलाई थकाइ लागेजस्तो छ । कि हिउँ लाग्यो ?'

उसले आफ्नै गुरुभाइको एकान्त संवाद सम्झ्यो– सम्भोग त परस्पर सहयोग र रुचिमा नै हुनुपर्छ । एकपक्षीय हुनुहुँदैन । किन्तु अभिसारिकामा गमन नहुनुपर्ने कुरा युगीन हुँदैन कि अब ? समाज, परिवेश र संस्कृतिले धेरै कुरामा परिवर्तन आएको छैन र ? समान आकांक्षाको कुरा त संवाद पछि नै बुझ्न सकिएला नि !

नबुझेको र मनले नखाएको कुरा त्याज्य नै हुन्छ भन्ने छ र ? कि जहाँ मन गयो त्यो ठीक हो, होइन र ? किन्तु यो भनाइ पनि एकतर्फी हठ र आक्रामक नै लाग्छ । सल्लाह र स्वीकृति त हुनै पर्छ क्यार ! अनि ऊ निष्कर्षमा पुग्यो: पात्र, परिवेश, उत्सुकता र आत्मविश्वासले आफैं विलासबद्ध गराउँछ– अभिसार होइन । शायद यही श्रेय र प्रेय होला ।

'आऊ, म अझ एक पटक औषधि लगाइदिन्छु ।' सङ्गीसराले तेन्जिङलाई सद्भावले डोहोऱ्याएर लगी । गन्जी खोलिदिई । उसले फेरि पनि उस्तै मोहक सुगन्धको अनुभव गरी किन्तु प्रश्न गर्न सकिन । बरु वेलावेला त्यसको सुवास पनि लिंदैरही ।

फोनमा मेघमालाको मेसेज आयो । पुग्ने वेलामा कसैको गाडी चिप्लिएर बाटो थुनिएको रहेछ । त्यसैले समय लाग्यो । बाटो खुलेपछि उसको गाडी निस्क्यो ।

धर्तीमा कम्पन आयो । घरेलु पशुप्राणी डराए । चरा-चुरुङ्गीले कोलाहल मचाए । कुकुर गाडीभित्रै डराएको देखियो । मायालाग्दो ढङ्गले निरीह हेराइ हेर्दै थियो । मेघमालाले गाडी रोकी र अगाडिको पेसेन्जर सीटमा बोलाएर सुम्सुम्याई । त्यो आश्वस्त देखियो ।

टिप्पणी यति मात्र थियो– चिप्ले हिउँ परेछ । चिनीहिउँ या कपास हिउँ परेको भए त्यति चिप्लो हुने थिएन । चिप्ले हिउँले त बित्यास नै पार्छ । त्यस्तै भएको थियो ।

फर्कंदा निकै अबेर भएको थियो । साङ्गीसराले लालटिन बालेकी रहिछ । कुकुरको संकेत पाएर उसले ढोका खोली । कुकुर र मेघमाला अघिपछि गरेर भित्र पसे । एउटा लालटिन चमेना टेबुलमा थियो, एउटा भान्सामा र अर्को सुत्ने कोठामा । पूरा घर चिसिए झैं लाग्थ्यो ।

मेघमालाले दृष्टि घुमाई । ऊ अधीर देखिई । ऊ तेन्जिङको खोजीमा थिई । उसका आँखाको भाव र चञ्चलता बुझेर साङ्गीसराले सङ्केतमा बोली, 'ऊ भित्र आराम गर्दैछ, औषधि लगाइदिएँ ।' अनि प्रसङ्ग फेरेर भनी, 'पख, पहिले चमेना तयार पारौं अनि बोलाउँला न ! निकैबेर भो, आज बत्ती आउने छाँट पनि छैन ।'

मेघमालाको अनुहारमा छवि भरियो ।

सुकुटी टिपेर कुकुर छेउ लाग्यो ।

उन्नत पर्वतीय क्षेत्रमा बस्ने मानिस घरभित्र लश्करै सुत्थे– झन्नै ओछ्यान जोडेर । यो शीतप्रदेशको शयन-संस्कृति जस्तै थियो । बिजुली-बत्ती र विज्ञान प्रविधिले यो स्थितिलाई विस्थापित गरेको थियो । जब चूक हुन्थ्यो, पुरानो विधि फेरि अँगालिन्थ्यो । यो मान्य र ग्राह्य हुन्थ्यो किनकि आफ्नै परम्परा थियो । त्यसैले यस किसिमको शयन संस्कृतिलाई बाध्यता र विवशता नठानेर एउटा उत्सव र सुखको नौलो क्षणको रूपमा लिइन्थ्यो– वेलावेला । यस स्थितिको सिर्जना हिमपात र त्यसले ल्याएको परिणामलाई दिइन्थ्यो । त्यसैले हिमाली

वा शीत–प्रदेशका बासिन्दाहरू किञ्चित् परिवर्तनलाई महत्त्वका साथ ग्रहण गर्थे, खुशियालीकै अवसर ठान्थे र तदनुकूल आफूलाई प्रस्तुत गर्थे ।

कुकुर भुके । कुखुरा बासे । चराचुरुङ्गी चिर्बिराए । अरुणोदय हुँदैगयो । साङ्गीसरा प्रगाढ निद्राबाट बिस्तारै बाहिर निस्की । आफ्नै बायाँतिर छामी, ओछ्यान खाली थियो । राम्रोसँग हेरी, पल्लो छेउमा मेघमाला उतै फर्केर कोल्टो परेर सुतेकी थिई । मनमा कुरा खेले । ऊ फेरि चूपचाप ओछ्यानमा पसी ।

कोल्टो सुते पनि मेघमाला यो गतिविधि बुझ्दै थिई । तेन्जिङले ओछ्यान छोडेको र घरबाट निस्केको पनि थाह पाउँदै थिई । र ऊ तेन्जिङसँगै ओछ्यानको न्यानो गएको असहज स्थिति पनि अनुभव गर्दै थिई । तेन्जिङको बिहान–बिहान घुम्ने बानी छ, चाँडै घुम्न निस्क्यो भन्ने उसलाई हेक्का थियो । त्यसैले बीचको ठाउँ खाली हुनुलाई उसले स्वाभाविक ठानी । ऊ पनि सुखद निद्राबाट पूर्णतः सन्तुष्ट थिई । जति सकिन्छ ओछ्यानमा नै समय कटाउने सोच राखेर आलस्य वरण गर्दैरही ।

घरमा उज्यालो पस्यो । फेरि बादलले वरपरका पर्वतीय गाउँ–बस्तीमाथि पर्दा गऱ्यो । साङ्गीसराले झ्यालको पर्दा सारेर बाहिर हेर्दै भनी, 'जलवायु परिवर्तनको चर्चा गर्थे, त्यसै भएको हो क्यार, नत्र यो असमयको ऋतु कसरी आउँथ्यो ? नत्र यो वसन्तमा मध्यबर्खाको स्थिति किन हुन्थ्यो ? अनि किन हुन्थ्यो हिमऋतुको आगमन ? हो, कतै केही नमिलेकै हो, असन्तुलन भएकै हो ।' ऊ बाहिर आई अनि भनी, 'कुकुर पनि छैन, त्यो त यतै होला ! हिजोको देशको वर्तमान जस्तो किन लाग्दैन ?'

साङ्गीसरा भान्सामा पुगेको थाह पाएर मेघमालाले टेलिफोनमा घडी हेरी । अनि उठेर बिस्तारै सिरूकपाल सह्यारेर चुल्ठी कसी । काठको भुइँमा फराकिलो सुताइ सबै ढङ्गले सुखद थियो भन्ने अनुभव गरेर ऊ उठी ।

'ए, तेन्जिङ पनि छैन । कुकुर पनि छैन । के भनौं ? म त छक्क छु ।' साङ्गीसराले भनी ।

'मर्निङ् वाकमा गयो होला । आइपुग्छ । कुकुर पनि सँगै होला ।' मेघमालाले आफ्नै अनुभव जोडेर भनी ।

साङ्गीसराले बिसौनी पाएको अनुभव गरी ।

ऊ चमेना तयार पार्न थाली । मेघमला बाथरूमतर्फ लागी ।

◆◆

# यथार्थ बिर्सिएको यथार्थ

गोठघरको आँगनमा अम्बुले जीप रोकी । पछाडिबाट उसको कुकुर ओर्लेर गोठभित्र पस्यो । अर्को कुकुर निस्केन, त्यसले तेन्जिङलाई हेर्दै थियो । 'आउनोस्, हामी पुग्यौं ।' अम्बुले तेन्जिङलाई जीपबाट डोऱ्याई । उसको हिंडाइ त्यति सहज थिएन । कुकुर उसका पछि लाग्यो ।

बिहान जिरीबाट उठेर त्यहाँ पुग्दा दिन छिप्पिसकेको थियो । हतार-हतार उसले तोङ्बा तयार पारी । चीज र स्याउका टुक्रा पनि राखी । पोलेका आलु र नून-खोर्सानी ठीक पारी ।

तेन्जिङ पानीमा खेलेर आयो । उसलाई अझै शरीरमा फुर्ति भएजस्तो लागेन । बिहान पैदल भ्रमण गर्न नपाएर हो कि भन्ने ठान्यो । तर अघिल्लो बिहान घुम्न निस्कँदा हिउँमा चिप्लिएर शरीर बजारिएको थियो भन्ने बिर्स्यो । अरूको भए थिलथिलो र अशान्त हुन्थ्यो तर उसलाई त्यति ठूलो क्षति नभएको बुझिन्थ्यो । फेरि पनि लडेको ठाउँबाट उठाएर उसलाई जीपमा हाल्न दुई-तीन जना लाठेको सहयोग लिएकी थिई अम्बुले । हिउँमा बजारिंदा शरीरको भित्री भागमा कति क्षति पुगेको छ त्यसको जानकारी हुन पाएको छैन । क्यै नभएको पनि हुन सक्छ । दैव गरून् त्यस्तै होस् ।

यतिञ्जेल अम्बु तेन्जिङलाई महात्मा ठान्दै थिई, महात्मा भन्दै थिई । अब औपचारिक ढङ्गले दोहोरो संवाद गर्नुपर्ने स्थिति आयो । चमेनामा सामुन्ने-सामुन्ने बसेपछि तोङ्बामा नयाँ नली राख्दै उसले सोधी, 'मलाई तपाईंको नामै थाह भएन, सोध्न पनि बिर्सेछु । त्यसै महात्मा जस्तो लाग्यो र महात्मा भनिदिएँ । क्षमा गर्नुहोला है । अब के भनौं ! भन्नु न ! म चाहिं अम्बु हुँ ।'

कुरा पुऱ्याएर, शैली मिलाएर बोल्न जानेको देखेर ऊ निकै प्रसन्न भयो । उसँग भेट भएपछि पहिलो पटक स्मिति भरेर भन्यो, 'महात्मा भन, योगी भन, भिखारी भन, बटुवा भन अथवा तिमीलाई जे भन्न मन लाग्छ भन, म त्यही हुन्छु । मन परेको नामले बोलाउँदा भैहाल्छ नि ! के फरक पर्छ र ?' अम्बु मुस्कुराएर

छिनभर अन्तर्मुखी देखिई । अनि प्रकटमा भनी, 'यो गौरीशङ्करको क्षेत्र हो । हामी जोमो त्सङ् भन्छौं । म त हजूरलाई शङ्कर भोले भनिदिन्छु नि !'

'के तिमीलाई गौरी हुन रहर छ त ?' उसले प्रश्न प्रक्षेपण गऱ्यो । अम्बु दुवै हत्केलाले अनुहार छोपेर अर्कातिर फर्किई । ऊ बोल्दा मुस्कुराउँदा उसको गालामा डोब पर्थ्यो । त्यसले उसको मुखमण्डलमा अर्कै कान्ति थप्यो । तेन्जिङको दृष्टि त्यसैमा पुग्थ्यो ।

झन्नै उन्नाइस वर्षकी नवयुवती, शरीरमा यौवन र यौवनमा चमक भरिएको थियो । स्वाभाविक चञ्चलता र बनावटी अभिनयले वेलावेला प्रौढता थपिएको देखिन्थ्यो । स्वाभाविक लाग्थे भ्रू-विलास, बारम्बारको सीत्कार, तप्त उच्छ्वास र बदलिरहने रोगनले यौवन विलासका निःश्वास; मुखर हुन्थे प्रणय प्रक्षेपणका संकेतहरू ।

चौंरी चर्न गएका थिए । कोही त गोठालो गएको हुनुपर्छ । स-साना बाच्छाहरू टाट्नामा र आँगनको बारभित्रै थिए । खुला ठाउँमा छोड्ने उमेरका थिएनन् । चरेर पेट भर्ने दीक्षा लिन पाएकै थिएनन् क्यार । त्यसैले तिनको रेखदेखमा अतिरिक्त समय पनि निकाल्नु पर्थ्यो । मुस्कुराएको यौवन देखाउँदै नचाउँदै अम्बु गोवत्सको सह्यार पनि गर्दैगई । आफू आइसकेको र आफूसँग एकजना पाउना भएको जानकारी फोनबाटै गराइसकेकी थिई । त्यसैले ऊ सबैतिरबाट ढुक्क थिई । चमेनाको अन्त्यतिर अम्बुले भनी, 'एक पटक तातो पानीमा डुबेर आउँछु । हजूर पनि जाने कि ? गन्धकको पानी हो, आफैं तातो छ ।'

तातो पानीको कुण्डमा डुब्ने संस्कृतिसँग तेन्जिङ परिचित थियो । उसले संकोच मानेन । अम्बु अभ्यस्त थिई, अन्यथा थिएन । दुवै सँगै डुबे, सँगै निस्के । लेऊ लागेका लोहोरे ढुङ्गामा उसले तेन्जिङलाई चिप्लिन दिइन । समाएर जोगाई । तेन्जिङले अम्बुप्रति आभारको भाव व्यक्त गऱ्यो । ऊ पनि कृतज्ञ देखिई ।

चौंरीका स-साना बाच्छाहरू गोठघरको आँगनमा खेल्थे, उफ्रन्थे । तेन्जिङ मूढा लिएर आँगनमा पुग्यो र घामतिर पिठ्यूँ पारेर बस्यो । लेकको पहारिलो ठाउँमा पहार ताप्ने रहर पूरा गर्दै थियो मस्त आँखा चिम्लेर ।

अम्बु आएर भनी, 'राति त्यति सुताइ परेन क्यार । एकछिन भित्रै ढल्किने हो कि !'

ऊ कतै हराएको थियो या उसले सुनेन । उसले उत्तर गरेन । अम्बुले नजीक पुगेपछि पिठ्यूँमा दर्खराएको चोट देखी । अनि बिस्तारै चोटको छेउमा स्पर्श गरेर भनी, 'हिजो बाटोमा लड्दा लागेको चोट हो त यो ? यो त अलिक पुरानो लाग्छ । पानी पार्नु हुने थिएन छ कि ! गलेजस्तो छ ।'

'त्यस्तै त्यस्तै हो, के के भैरहन्छ ।' उसले संक्षिप्त उत्तर दियो ।

'म औषधि ल्याउँछु है, एकछिन ।' ऊ त्यहाँबाट गई ।

कुकुरहरूमा मित्रता भएछ । आँगनको अर्को किनारमा खेल्दै थिए । कहिले बाच्छाहरूसँग जिस्किन्थे, कहिले आफैं रमाउँथे ।

'आउनुस्, म तपाईंलाई कोठा देखाउँछु । अब यता हावा लाग्छ, उतै आराम गर्नुहोला । म पनि काममा लाग्छु ।' दवाई लगाइसकेर भनी ।

उसले अतिथि कक्ष देखाई । झ्याल खोलेर भनी, 'एकछिन हावा खेलोस्, बन्द गरेको निकै दिन भो ।'

'यताबाट त बाहिर निस्कन मिल्दैन होला नि होचो भए पनि । आवश्यकता पऱ्यो भने कि तिमी चाहिं यो झ्यालबाट पस्न सक्छ्यौ ?'

'झ्यालबाट पस्नै पर्दैन, उतैबाट आउन सकिन्छ नि !'

बोलिसकेपछि ऊ झस्की अनि औंला टोकेर लम्कँदै ढोकासम्म पुगी तर जान सकिन । ऊ रोकिई अनि फनक्क फर्केर बटुवालाई शर्माएका आँखाले एक पटक पुलुक्क हेरी । एक-दुई पाइला अघि सारी । फेरि रोकिई । उसको श्वास-प्रश्वासको गतिमा परिवर्तन आएको थाह हुन्थ्यो । यति नै भनी, 'म आऊँ ? मलाई एक पटक अँगालोमा पार्न मन छ ।'

'आऊ, मन भए खुलेर आऊ । स्वागत छ ।'

'उता फर्किनु न ।' अम्बु हतारिएर नजीक पुगी । रोकिई । फेरि लम्केर उसलाई पछाडिबाट ख्याप्प अँगालो हाली । उसले पनि स्वागतमा अम्बुलाई बिस्तारै अगाडि तानेर घम्लङ्ङ अँगालो हाल्यो । घडकनहरू साटिंदै गए ।

एकछिन दुवैले यथार्थ बिर्से र यथार्थ अनुभव गरे ।

आज कोरली गाई साँढेमाथि उक्लन खोज्यो । चौंरी गोठमा कल्पना गर्न मिल्थ्यो । परिवेश र मनोदशा अनुकूल थियो । प्रश्न थियो सूर्यको अवज्ञा होला कि न ! चटारिएको कोरली थामिनसक्नुको हुन्थ्यो । दचक पाए विना थामिंदो हो कसरी ?

सूर्यलाई बादलले छोप्यो । चीसो बतास चल्यो । झ्याल ढोका थुनिए । पर्दा फैलाइए । अतिथि कक्षको ओछ्यान पर्खदैं थियो, बस् पर्खंदै रह्यो । उसले टीभीको पर्दामा देखेकी थिई र ऊ पिरोलिएकी थिई ।

भालेको आरोहणपछि सिंहिनी खुशीले लडीबुडी गर्छे । बघिनी आनन्दले भुइँमा लुटुपुटु गर्छे । बिराली पल्टिएर जमीनमा पौडी खेल्छे । युवतीहरू विचित्रको नशा र आलस्यमा पुगेर अपूर्व आनन्दको बोध गर्दछन् । शायद वीर्य प्रहारको चमत्कारक परितृप्ति हो– मादक सुषुप्ति र अभुक्त सुखको वाञ्छित मिठास । ऊ थामिई ।

किन हो उसले कालिदासको '*काङ्क्षन्त्योऽपि व्यतिकरसुखं...*' भन्ने कथनको सीमा र शर्त सजिलै भत्काउने हठ गर्न सकिन । यद्यपि मानव अधिकार, व्यक्तिगत स्वतन्त्रता र मेरो शरीर मेरो अधिकार भन्ने जीवन-सूत्र उसले बुझेकी थिई । विकसित समाजकी सदस्य थिई ऊ ।

चौंरीहरू धूलो उडाउँदै गोठको परिसरमा पस्तै गए । कुकुरले लघारेर ल्याएको हुनाले समयभन्दा केही छिटो आएका थिए । गोठालाहरू आएनन् । फोन आयो । अम्बुले बोली । काकी र जोमो अलिक ढिलो गरेर आउने जानकारी पाई ।

एउटा दुःखद घटना र विचित्रको संयोगको कथा छ यो परिवारको अतीतसँग । अम्बुका आमाबाबु र काका पहिरोमा परे र हराए । भेटिएनन् । पैह्रो खोलामा पस्यो, खोलो झन् ठूलो खोलामा पस्यो । फेरि त्यो पनि अजङ्गको खोलामा पसेर मिसियो । अम्बुका आमा, बाबु र काका यसरी प्राकृतिक प्रकोपमा परेर हराए । भेटिने, फर्किने आशा टाढा हुँदै गए, वर्षहरू बिते ।

मुलुकमा व्याधि, राजनीतिक अशान्ति र प्राकृतिक प्रकोपका कारण स्कूलहरू बन्द हुँदै, खुल्दै गए । परीक्षाहरू रोकिंदै र सर्दै गए । जब १२ को परीक्षा दिइसकेर अम्बु घर हिंडी– ऊ दोलालघाट नदी नाघेर अघि बढ्न सकिन । जलवायु परिवर्तनको प्रभावले होला– आकस्मिक भनौं कि बेमौसमी, अविरल वर्षा भयो । त्यसको प्रभाव अधिराज्यभर पर्‍यो । जनधनको ठूलो क्षति भो । एकै घरका तीन सदस्य यसैमा परे । अम्बु एक्लिई, अनाथ भई ।

अम्बुले संक्षिप्त बोली, 'चौंरीलाई छुर्पीको भारी बोकाएर मेला भर्न गएकी रेन्जी काकी जोमोको पिठ्यूँमा बोकिएर आउनुभो । उहाँ मेलामै ढल्नुभएछ । कमजोरी भो, रिंगटा चल्यो, धक्का लाग्यो वा कतै ठोकियो थाह भएन । हुलमुलबाट जोगिएर आ–आफ्नै बाटो लाग्नु बुद्धिमानी हुन्थ्यो । असमर्थ देखिनुभएछ क्यार !'

'त्यो दिनको संयोग पनि कस्तो ?' उसले थपी, 'जोमोले भेटेछ र अहिले काकीले उसैलाई चौंरी गोठालो राख्नुभएको छ । आफ्नै भाले हराएपछि परेवीले भाले खोजेर ल्याउँछ भन्थे । हाम्री काकीले पनि जोडी खोजेर ल्याउनुभो भन्ने कि ? मिलेर बस्नुभा'छ पल्लो घरमा । चौंरीका बाच्छा पनि उतै छन् । खाना पनि उतै पाक्छ । मूढाको आगो ताप्नुपर्‍यो भने हामी उतै जान्छौं । म एक्लै हुँदा मात्र यता ग्याँस र बिजुली चलाउँछु ।'

'जोमो ठूलो, अग्लो, हट्टा-कट्टा, त्यसै अनुसारको नाम जुरे जस्तो छ । युद्ध लडेर आएको रे, एउटा कान सुन्नु हुँदैन । तर काकीलाई सारै माया गर्नुहुन्छ । उहाँको पेन्सन आउँछ रे । काकीलाई दुःख नहोला । काकी पनि व्यावहारिक

हुनुहुन्छ । उहाँसँग त गुण मात्र छन् । त्यसैले उसलाई गोठालो राख्नुभएको छ । मलाई पनि सन्तोष लागेको छ । नत्र काकीको जीवनमा फेरि पैह्रो जान्थ्यो अनि त्यसको असर कुन ढङ्गले ममाथि आइपर्ने थियो, सोच्ता पनि कहाली लाग्छ । त्यसैले असल पक्ष मात्र सोच्छु, उज्यालोतर्फ मात्र हेर्न भन्छु । अँध्यारो सोच्यो भने डर पस्छ, मन भरङ्ग हुन्छ । म ईश्वरसँग पुकार गर्छु– काकी र जोमो यहीं बसून् । यी सँगै हुनुमा उनीहरूको स्वार्थ होला नहोला म जान्दिनँ तर मेरो स्वार्थ छ । म अभिभावक पाउँछु, संरक्षित ठान्छु । उनीहरूले व्यवहार थामिदिएका छन्, म स्वतन्त्र भएकी छु ।' अम्बुले आफ्नै विचार खुलस्त गरी ।

हो, समाज उन्नत भैसकेको थियो । ज्ञान र चेतनाको उचाइ कतै पनि भेटिन्थ्यो । शक्ति र सौन्दर्य जहाँ पनि पाइन्थ्यो । कला र कौशल सर्वत्र भेटिन्थ्यो । शिक्षा पहिलो आधार थियो । आफूखुशी र क्षमता अनुसार सोपान चढ्दै जान सकिन्थ्यो । राज्यशक्ति आफ्नो दायित्वबाट कहिल्यै पछि परेन । स्वास्थ्य र शिक्षाको दायित्व राज्यले लिएपछि समाज अकुण्ठित ढङ्गले अघि बढेको रहेछ । यसै पृष्ठभूमिमा अम्बुको गोठघर, काकी र जोमोको मैत्रीभाव परिपोषित छ भन्ने लाग्दथ्यो ।

'काकीले दुई पटक मेसेज गरिसक्नु भएछ । थाहै पाइनँ, कस्तो ? कुकुर पनि लिन आइपुगे । यिनको पनि जोडी मिलेन जस्तो छ । जाऊँ उतै ।' अम्बुले छोटो बोली ।

काकीकहाँ पहिले कुकुर पसे । अनि अम्बु र तेन्जिङ पसे ।

'महात्माज्यू ! बस्नुहोस्, मैले त महात्मा नै भने । के भन्नुपर्ने थियो थाह भएन । अम्बुले पनि भनिनन् ।' रेन्जीले संकोच नमानी भनी ।

'काकी, कामपा । उहाँको नाम कामसुन्दर हो ।' अम्बुले तुरुन्तै भनी । किन्तु उसका मनमा यस नामको भाव र तात्पर्य फुरिसकेको थियो । कम्प्युटर खोलेर यसको अर्थ र परिधि बुझिसकेकी थिई । त्यसैले बडो सहजभावले भनी 'कामपा' ।

तेन्जिङ अब कामपा भयो । ऊ त्यसै नामबाट संबोधित हुँदै गयो । ऊ संकेत र सम्बोधनको अनुमोदन–अनुगमन गर्दै रह्यो । उसलाई के हुनु र के नहुनु अथवा कतै पुग्नु र कहीं नपुग्नुसँग चासो थिएन । बस्, ठाउँ, परिस्थिति र पात्र अनुसार ऊ प्रस्तुत हुन्थ्यो । आत्मतोष हैन परतोषमा आत्मोत्सर्ग गर्थ्यो । उसको आफ्नो रुचि भनेको हेर्नु, बुझ्नु र रमाउनु हुन्थ्यो । उसलाई अनुभव संचय गर्नु पनि थिएन, न लेखन, न प्रवचन । ऊ सर्वथा मुक्त थियो, स्वशासित हुनु पनि कतै थिएन । त्यसैले उसँग बित्ने र बिग्रने कुरा पनि भएन ।

ऊ आत्मवैद्य थियो । आफूसँग भएको कुरा कसैलाई चाहियो भने दिन्थ्यो, लिन्थ्यो । परार्थमा उत्सर्गभाव राख्थ्यो र अर्काको सुखका लागि योग पुऱ्याउँथ्यो ।

किन्तु पात्रता बुझ्दथ्यो । यसका लागि ऊ तेस्रो आँखा खोलेर हेर्थ्यो । अरूका आँखामा ऊ सामान्य यायावर भिक्षुक वा फिरङ्गी नै लाग्थ्यो । फेरि पनि भन्नै पर्छ– उत्सुकता र जिज्ञासाले उसलाई गतिमान र जीवित बनाएको थियो । यथार्थतः ऊ साधक थियो, अज्ञात क्षेत्रको साधक । यो कुरा सर्वसंज्ञेय थिएन ।

रेन्जी काकीले खाने कुरा सजाएर टेबुलमा राखी । अनि कुकुरतिर दृष्टिपात गरेर भनी, 'यसले पनि साथी भेट्टाएछ । कस्तो मिलेको छ । जान्छ कि बस्छ कोनि । यहीं बसे हुन्थ्यो । जोडी मिलेको छ ।'

यो भनाइ आफूमाथि पनि लागू हुन्छ भन्ने अडकल काटेर अम्बुले कामपातर्फ पुलुक्क हेरी । ऊ निर्विकार थियो । काकीको भनाइ साँच्चै कुकुरप्रति मात्र थियो या उप्रति पनि लक्षित थियो, ऊ गुन्न थाली । अनि उत्सुकता लिएर फत्रूँदै गरेका आँखाले अर्को पटक कामपालाई हेरी । उत्तरमा ऊ मुस्कुराइदियो । अम्बुले यसलाई अनुमोदन सम्झी ।

रेडियो ठानेको, हैन रहेछ । यो त जोमोको हाते फोनमा बजेको गीत रहेछ । पछि मात्र थाह भो । अन्तिम पटक दोहोरिएर बजेको स्थायी चरण रहेछ :

*माथि माथि शैलुङ्गेमा चौंरी डुलाउनेलाई*
*हत्केलामा मायाको गुराँस फुलाउनेलाई*
*भन्दिनू है भन्दिनू मेरो चुल्हो खाली छ*
*उनको त्यो मनै जाली छ ।*

गीतको अन्तिम स्थायी बजिसक्ता जोमो भित्र पस्यो । खान सहभागी भयो ।

'काका, यो गीत खूब मन पर्छ हकि ? तर मलाई काकीले पो गाएको जस्तो लाग्छ ।' अम्बुले प्रसङ्ग हेरेर भनी ।

'काकी कहिले कहीं अलिअलि गुन्गुनाउँछ । यो त कुनै अर्कै चेलीले अघि गाएको हो । मलाई त आज पनि नयाँ लाग्छ । तर म यो गीत रेन्जीकै मनको हो भन्ने सम्झन्छु र खुशी हुन्छु । म पनि चौंरी गोठाला हो नि !' यस पटक बोलिसकेर जोमो मरीमरी हाँस्यो ।

खाना खाएर उठिसकेपछि रेन्जीले औपचारिकताका लागि मात्र होइन, अभिभावकत्व र दायित्व पूरा गर्दै भनी, 'अम्बु, पाहुना बाबुका लागि उता सबै कुरा पुग्छ हैन ? कि केही चाहिन्छ ? जाडो होला कि ?'

'ऊ त आफैं आगोजस्तो छ, के जाडो होला र !'... ऊ रोकिई । अर्काको शरीरको ताप बुझ्नु शायद रहस्यको कुरा हुन्थ्यो । ऊ सचेत भई । मौन रही । अनि यति मात्र भनी, 'पुग्छ काकी, क्यै चाहिंदैन । चाहिए लिन आउँछु नि ! बिहान सबेरै भण्डारतर्फ लाग्छौं । साँझसम्म फर्किन्छौं कि, नभए म कल गर्छु नि !'

कुकुर जोडी बाँधेर बसे । अम्बु र कामपा सँगै निस्किए ।

'कस्ती राम्री हुनुहुन्छ हकि, हाम्री काकी ! १२ को परीक्षा दिइसकेर दुवैजना भागेको रे । तर पछि थाह भो, काकी चाहिं पास हुनुभएछ । काका– फुस । काकालाई पास र फेलसँग खासै चासो थिएन । रेन्जी जस्ती केटी पाउनु नै काकाको लागि ठूलो कुरो भैगो । मैले यस्तै सुनेकी हुँ ।'

कामपा सुन्दै रह्यो ।

'यहाँ ठाउँ परेन । कुनु पऱ्यो । टाउनतिर भएको भए काकीले व्यापारमा राम्रो गर्नुहुन्थ्यो । जति सकिन्छ यहीं गर्नुहुन्छ र चित्त बुझाएर बस्नुहुँदै छ ।' एकछिन रोकिएर थपी, 'जोमो यहाँ बसेर पनि उहाँको मन थामिएको होला भन्ने ठान्छु । जोमो सैनिक पुरुष हो त्यसैले खासै भेदभाव नराख्ला ।'

किनको भावले कामपाले हेऱ्यो ।

'सुनेको कुरा हो– काकाले पनि अर्कै परिवारकी ठिटी ल्याउनुभएको रे । तर हाम्रो गाउँमा, परिवारमा त्यो कुरा कहिल्यै बिझाएन । काकीको स्वभाव र व्यवहारले सबैलाई जितिदियो । त्यसैले होला जोमो जस्तो सैनिक पुरुष पनि लुटुपुटु भएर अडिएकै छ । पूरा आज्ञाकारी र भरपर्दो घरवाला जस्तै देखिएको छ । दुवै एक अर्काप्रति इमान्दार रहून् । म त यही कामना गर्छु । किनभने यसमा मेरो पनि स्वार्थ अडिएको छ र त्यो खुला पुस्तक जस्तै छ ।'

कामपाको शरीरमा औषधि लगाइसकेर उसले थपी, 'काम, आज हिटर चलाउँदिनँ है । तिम्रो शरीर तातो छ ।'

औषधि लाउने शैलीले वेलावेला उसको निर्वसन शरीरमा अम्बु औंला खेलाउँथी । वेलावेला कोमल हत्केला घुमाउँथी । अनि बारम्बार आफ्नै हत्केला सुँघ्ने गर्थी । कामपाको शरीरले सुगन्ध छर्छ उसलाई पक्का भो ।

'मैले तिमीलाई किन कामपा भनें थाह पायौ ? तिमी कामदेव जस्तै छौ, मलाई त्यस्तै लाग्छ । हो, मेरो कामदेव हू-बहू तिमीजस्तै हुनुपर्छ । मैले कल्पेको कामदेव र तिमीमा फरक छैन । 'देव' चाहिं क्लासिक लाग्ने ठानेर काटिदिएँ नि ! अनि 'पा' थपें । अनि त तिमी सुहाउँदो नाम जुरिगो । म आफैं दङ्ग परें ।'

'ठीक गऱ्यौ ।' उसले संक्षिप्त बोल्यो । यथार्थमा कामपा प्रशंसाप्रिय थिएन । ऊ पूजालाई चाटुकारिता ठान्थ्यो र जोगिने यत्न गर्थ्यो । आत्मश्लाघा वा प्रशंसा श्रवणबाट ऊ कोसौं टाढा रहन्थ्यो । दोहोरो संवाद र विवादको स्थितिबाट पनि ऊ जोगिएरै बस्थ्यो । सामान्यतः ऊ अल्पभाषी नै थियो ।

बिहान सूर्यकिरणको स्पर्श र प्रवेशसँगै ढोका खोलेर अम्बु हाई गर्दै थिई । दुवै कुकुरलाई अघिपछि लगाएर कामपा आँगनतर्फ उक्लँदै थियो । उसको पहिलो दृष्टि अम्बुको भौतिक स्वरूपमा पऱ्यो । सूर्यको पहेंलो किरणले पोतिएर उसको आभा अव्वल कोटिको देखिन्थ्यो । फोटोग्राफी गरे झैं उसले अम्बुको सौन्दर्यको चित्र ग्रहण गऱ्यो । वास्तवमा ठीक यतिवेला अम्बु रतिक्लान्ता त थिइन, अलसगमना जस्ती देखिएकी थिई । उसको अनुहारको दीप्ति पूर्णतः उद्भासित थियो । शायद यस्तै क्षणको, यस्तै दृश्यको माधुर्य र सौकुमार्यलाई सौन्दर्य भनिएको होला कि ! विना श्रृङ्गार, विना सावधानीको सहज उपस्थिति र त्यसको निश्छल अवलोकन हुनु पुण्यफल होइन र ! वाह ! यो क्षण कसैकसैले मात्र पाउने हो कि सबैले ? सिंहलाई देखेर बाघ छलिए झैं ऊ त्यहाँबाट छलिई । सूर्यका किरणले उसको दृष्टि पनि पूरा खुल्न सकेको थिएन ।

बिहानको चमेनापछि उनीहरू हिंड्न तयार भए । अम्बुले जीप निकाली । दुवै कुकुर हर्षित देखिए । आश्चर्य भो– पाहुना कुकुर विना संकेत जीपमा आफैं चढ्यो । घरको कुकुर पछि सऱ्यो । ऊ एक्लियो । यो दृश्य रेन्जी हेर्दै थिई । जोमो चौंरीका बाच्छा तह लाउँदै थियो ।

'जोमो आऊ । नानु हिंड्ने वेला भो ।' रेन्जीले औपचारिक संकेत गरी ।

'यो घरको संस्कृति जस्तै थियो यो शिष्टाचार । कोही हिंड्ने वेलामा घरका सदस्यहरू एकत्रित भएर बिदा गर्थे । नभए, जाँदैछु भनेर सूचित गरेर घरबाट निस्कन्थे । यो कर्म गृहसंहिताभित्रै थियो । अरू घरमा के चलन थियो त्यो चर्चाको विषय रहेन । सामान्यतः नारीहरू आफ्नै रुचि र विवेक अनुसार संस्कृतिको परिवर्तन, परिवर्द्धन र पुरस्सरण गर्दै रहन्थे ।

हिंड्ने वेलामा रेन्जीले भनी, 'नानु, वेलैमा फर्कने यत्न गर्नु है । सतर्क भएर गाडी चलाउनू । घुम्तीहरू धेरै छ । थकाइ मार्दै जानू । पाउना बाबुको भोक-तिर्खामा ध्यान दिनू । यात्रा सुखद रहोस् ।'

'तिमीले बेल्ट बाँध्न बिर्स्यौ ।' गाडी चलाएपछि अम्बुले संकेत गरी । कामपाले अलिक असजिलो गरेर मुश्किलले बेल्ट बाँध्यो ।

'किन अप्ठेरो गरेर बाँध्यौ ? अझै हात दुख्दै छ कि ? सारो बजारिएछ क्यारे हिउँमा ।' उसले भनी । तामाकोशी तरेर नाम्दुको फाँटमा पुगेर जीप रोकी । कुकुर बाहिरतिर पुगेर आयो । उनीहरू सानो कफी स्टलमा पसे । कुकुरका लागि सानो दुई टुक्रा सुकुटी मगाइदिई । दोलखा र चरिकोटको दृश्य हेर्दै कफी गफ चल्यो ।

◆◆

# प्रकृतिकी कलाकार : साकुरा

बिहानै गौरीशङ्कर च्यानलबाट कुकुर हराएको सूचना आएको थियो । कुकुरको र घरवालीको फोटो पनि हालेको रहेछ । फोन र मेल पनि दिएको छ । अम्बुले फोनका बटन खेलाउँदै थपी, 'ईः, कुकुरसँग अर्को पनि फोटो हालेको रहेछ । सानो क्लिप रहेछ । कुकुरलाई देखाइदिऊँ कि ! चिन्छ होला ।'

अम्बुले कुकुरलाई भिडियो देखाइदिई । कुकुरले शायद चिन्यो । बोली पनि सुन्यो, घर पनि देख्यो । एक पटक ह्वाङ् गरेर फेरि चूप लाग्यो । घरपट्टीको फोटो र आफ्नै फोटो पनि देख्यो । बोलाएको शैली पनि बुझ्यो तर कुकुर खासै आकर्षित भएन । शायद उन्मुक्त विचरणमा रत्तिएको हुँदो हो ।

'जे होस् यो कुकुर गुनिलो रहेछ । घरकोसँग जोडी बाँधिदिन्छु । कुकुर पाउना आउनु त राम्रो मानिन्छ क्यार ।' सुनेको, बुझेको कुरा अम्बुले भनी ।

'हामी जिरी पुग्न लाग्यौं । जिरेल जातिको बस्ती भएको हुनाले जिरी भएको होला । जिरीमा बस्नेलाई जिरेल भनेको हो कि न ! स्वीस सरकारले यस क्षेत्रको विकास थालेको हो रे । अघि जिरी बहुमुखी विकास परियोजना अन्तर्गत एउटा बहुउद्देशीय हाईस्कूल पनि थियो रे । मैले सुने अनुसार हाम्रो बाजेको बुवाले पनि यहीं पढ्नुभएको हो रे ।' अम्बुले एक श्वासमा भनी ।

कामपा सुन्दै रह्यो ।

उसले थपी, 'यहाँको बजार कम्प्लेक्स निक्कै राम्रो मानिन्छ । स्थानीय उत्पादनको मुख्य बजार हो । हवाइ उडानको सुविधा अरू ठाउँमा भन्दा बढी छ । दश वर्ष यता यहाँको काँचुली नै फेरिएको छ !'

'यो प्रगतिको लक्षण हो ।' कामपाले संवादमा साथ दियो । अम्बुले जिरेल भान्सा घर अगाडि लगेर जीप रोकी । कटेज शैलीको काठको घरमा भान्साघर चलाएको थियो । उनीहरू ठूलो झ्यालको छेउमा गएर बसे । उत्तर-दक्षिण बग्ने नदीको पूर्वी किनार, यहाँबाट दृश्य मनोहर देखिन्थ्यो ।

बिलिङ काउन्टरको भित्तामा पदमबहादुर जिरेल र वृषमाया जिरेलका फोटा थिए । अम्बुले भनी, 'यिनै हुन् हाम्रो बाजेको बुबाको साथी । अनि उहाँ चाहिँ उहाँकी साथी– वृषमाया, ब्रिटिशको लाहुरेनी रे । पदमबहादुर कर्मठ र सरल भएको हुनाले साझेदारीमा यो होटल चलाएका थिए रे । आजसम्म तिनका सन्तानले साझेदारीलाई थामेकै छन् । शायद सत्य र निष्ठाले गर्दा होला, यो व्यवसाय राम्रोसँग चलेको छ ।' अर्को प्रसङ्ग जोडेर थपी, 'यता आउँदा म यसैमा पसेर जान्छु । अर्गानिक खाना पाइने ठाउँ यही हो । डर नमानी खाँदा हुन्छ । सफा सुघ्घर भएकै कारणले ग्राहक यहाँ झुम्मिन्छन् । कुपन लिन लाइनमा बस्नै पर्छ । हेर न कत्रो लाइन छ । लन्च आवर पनि हो । ग्राहकसँग असल व्यवहार यसको दर्शन हो । मैले त यस्तै अनुभव संचित गरेकी छु ।'

बफे सिस्टम थियो । उनीहरूले निक्कै समय लगाएर खाना खाए । अघि शनिबार एकदिन बजार लाग्थ्यो र दिन ढल्कनासाथ उठ्न थाल्थ्यो । टाढाबाट बाजार भर्न आउनेहरू हुन्थे, त्यसैले पनि वेलैमा फर्कन्थे । आजभोलि सधैं जस्तो बजार हुन्छ । जुन वेला पनि शहर भरिएकै हुन्छ । विदेशी पर्यटक, ग्राहकको जमघट भएकै हुन्छ । जिरी बजारको गुणगान गर्दै उनीहरू हिंडे ।

जिरीको 'चेयर्दुङ् पसल सेवा' यहाँको मुख्य पसलघर हो । छेउको उन्नत पर्वतको नामबाट यसलाई चिनाइएको हो । यसमा कृषिफर्मबाट उत्पादित खानेकुराहरू, कन्दमूल, भूगर्भबाट उत्खनन गरेर ल्याएका खनिज पदार्थ र बहुमूल्य रत्नहरू, अनि ऊनी, सूती, खाँडी र रेशमका लुगाहरू, काष्ठकलाका मालहरू जति छन् ती स्थानीय उत्पादन भित्रै पर्थे । छालाका उत्पादन अव्वल कोटिमा लिइन्थ्यो । गुणस्तर उच्च हुन्थ्यो । यहाँबाट ठूलो मात्रामा वस्तु निर्यात हुन्थे । निर्यात हुने वस्तुहरू कुटीर उद्योगका उत्पादन भएर पनि गुणस्तर युक्त मानिन्थे । यूरोपीय बजारमा व्यापारको राम्रो पकड थियो । चीनको समुद्री बन्दरगाहले दिएको सुविधालाई नेपालले नीति र मर्यादामा रहेर उपयोग गर्ने प्रणालीको विकास गरेको हुनाले कलकत्ताको अल्झो र उत्पीडनलाई बिर्सेको थियो । चीनतर्फको आवागमन व्यापार प्रबर्द्धनका लागि सरल बन्यो ।

यथार्थ त्यति मात्र होइन, इन्डियाले अनिश्चितकालीन सीमा द्वार बन्द गरिदिएको हुनाले नै नेपाल आत्मनिर्भर हुन पुगेको हो । मुलुकलाई पराश्रित पार्ने सोच र पराधीन बनाउने विदेशी शक्ति आमन्त्रण गरेर नेपालको झोले राजनीतिले अघि कम्ती दुर्दशा पारेको थिएछ र ! म त आजभोलि कलेज पढ्न नपाएको पीडाले हिजोको नेपालको दुरवस्था बारे पढ्दै छु । जहाँ गए पनि ई–बुक पढ्न

पाइन्छ । त्यसैमा रमाउँछु । हाम्रो विकास र उन्नतिको सिंहावलोकन गर्न पूरा पाइन्छ ।

'त्यसोभए हामीसँग पुस्तकालय पनि होला नि !'

'पुस्तकालय त के भन्नु, स-सानो संग्रह छ । संस्कृति, इतिहास र समाजशास्त्रका र केही साहित्यका पुस्तक छन् । ई-बुकमा नपाइने चाहिं आफूलाई चाहियो भने किनेर ल्याउँछु । काकी चाहिं संस्कृति र साहित्यका पुस्तक रुच्याउनु हुन्छ । जोमोको लागि इन्द्रेणी र सरगम च्यानल जोडिदिएकी छु । हाम्रो हिमाली जीवन चाहिं लोकल भएर पनि अन्तर्राष्ट्रिय स्तरको भएको छ । जोमो त्यसैमा रमाउनुहुन्छ ।'

सम्झेजस्तो गरेर अम्बुले थपी, 'अतिथि घरसँगै छ नि हाम्रो पुस्तकालय कक्ष । हेर्दा हुन्छ नि ! म फर्केपछि देखाइदिऊँला । गाउँकोहरू पनि आउँछन्, पढ्छन्, टीभी हेर्छन् । इनडोर गेम पनि खेल्छन् । मैले व्यवस्था गरेकी छु । उनीहरू रमाएर जान्छन् । खुशी लाग्छ । कहिले कहीं त रेन्जी काकी तिनलाई चमेना पनि दिनुहुन्छ । जे होस् गाउँको जीवन रमाइलो छ । आमा-बाबु गुमाएको र पढ्न नपाएकोमा चाहिं दुःख छ । कहिले कहीं काकीको कुराले पनि दुःख हुन्छ । जोमो गयो भने उहाँलाई गाह्रो होला नि भने जस्तो लाग्छ । जे भए पनि साथी भइदिएको छ नि !'

सडक किनारको एकमुखे पसल अगाडि पुगेर अम्बुले गाडी रोकी । अनि कामपाको हत्केला समाएर भनी, 'तिमी आफ्नै कुरा भन्दैनौं ? मैले मात्र एकोहोरो बोल्नुपर्ने ?'

'मेरो प्रश्न छ नि !'

'भन न त, मलाई ।'

'हो, सबैको बारेमा भन्यौ, अब आफ्नो बारेमा पनि भन न !' कामपा बोल्यो ।

अम्बु एकछिन अलमलमा परी । त्यो स्थितिलाई गति दिन कामपाले भन्यो, 'काकी र जोमोको विषयमा पनि भन्यौ– नछुट्टिए राम्रो भन्ने आशय दियौ । तर आफ्नै विषयमा खै ? केही भनिनौं त ? तिमी पनि आफ्नो मनको कुरा भन न ।'

मनमन गुनी, 'तिम्रो कुरा बुझें । मैले तिमीलाई त्यसै आफ्नै कामदेव बनाएको हो र ? अनि म रतिको भावले तिम्रो निकट हुँदै आएकी त्यसै हुँ र ? कसरी सम्प्रेषित गरौं यस्तो कुरा, खै... ।' अनि उसको गालामा चुप्पा दिई– लम्केर । फेरि गाडीबाट ओर्लिंदै भनी, 'यहाँ ट्वाइलेट जाने ।'

पसल एउटा मात्र थियो । जाडो ठाउँ । आवश्यक कुरा मात्र पाइन्थ्यो । औषधि, पानी, सुख्खा खानेकुरा । तर सबैतिर सफा–स्वच्छ । बाटाका शौचालय पनि स्वच्छ र व्यवस्थित । कतै पनि सुर्ती, पान र खैनीको दुर्गन्ध थिएन । शायद पसलको रेखदेखमा हुँदो हो शौचालय ।

महेन्द्र राजमार्गतर्फ जाने यात्रीबस आएर रोकियो । नदीको किनार हुँदै जानेरहेछ । अम्बुले भनी, 'हेर त, यो बस कति कम्फर्टेबल छ । बिजुलीको हो । त्यसैले प्रदूषण फैलाउँदैन । असाध्य आरामप्रद छ । तलबाट नधोई जाँचपास नगरी यता छिर्न पाउँदैन । नीति नै त्यस्तो छ । कसैले उल्लङ्घन गर्दैन । अघि त मान्छेलाई गाडीले धक्का दियो भने बाँचेको भए पछि सारेर पनि किचेर मार्थे रे । टन्टै खलास । थोरै मोल तिरे पुग्ने रे । आज त्यस्तो छैन । कानून त अमेरिकाकै जस्तो छ । अपराधमा सजाय सयबाट उनान्सय हुँदैन । अघिको नेपाल र अहिलेको नेपालको तुलना गर्नै मिल्दैन । इतिहासले यही प्रमाणित गर्छ ।'

फेरि बाटो लागे । अलिक बेरपछि मूल बाटोबाट छुट्टियो । एकछिन पछि तारबार शुरू भयो । गाईहरू देखिंदै गए । गति मन्द गरेर अम्बुले गोठघरको आँगनमा लगेर गाडी पार्क गरी । सामान वाहक भेहिकल र मिनी भ्यानहरू वर्गीकृत रूपले पार्किङमा थिए ।

यो गाईगोठ पूर्वाञ्चलको दोस्रो ठूलो थियो । खास विशेषता के थियो भने– यसको उत्तरी क्षेत्रमा हिउँ पर्ने हुनाले चौंरी गाईको चरनको लागि उप्रान्त खर्क ठहरियो । त्यस्तै यो भन्दा तलको क्षेत्र स्थानीय गाईको लागि अनुकूल वातावरणको मानियो । त्यसैले दुवै खाले गाईलाई एउटै क्षेत्रमा राखिएको यो गाईगोठ थियो ।

बोर्डमा भएको संकेत अनुसार अम्बुले सम्झाई, 'यो गाईगोठ मात्र होइन । ३/४ किसिमका मृग पनि हुर्काइएका छन् यहाँ । तिनको संख्या पनि बढ्दै छ । त्यस्तै, बनेल पनि पाइन्छन् । किन्तु शिकार गर्न निषेध छ । चितुवा, भालु र ब्वाँसो यहाँ छैनन् किनकि गोधनलाई तिनले क्षति पुऱ्याउँछन् । शिकारी कुकुरले सबैतिर गोठालो गर्छन् । त्यसैले पशुधनको सुरक्षामा चिन्ता छैन ।'

उ भन्दै गई, 'आगन्तुक, पर्यटकका लागि यहाँ गेस्ट हाउस पनि छ । क्यान्टिन पनि छ । पसल पनि छ । पार्किङको चिन्तै भएन । सबै कुराको व्यवस्था छ ।'

नक्शाको संकेतलाई व्याख्या गर्दै उसले भनी, 'यो तलको चाहिं छाला उत्पादन कारखाना हो । यहाँ सबै जातका प्राणीका छाला उत्पादन, प्रशोधन गरेर बजारतर्फ पठाइन्छ । त्यहींनेर हड्डी कारखाना छ । कुनै पशुको हड्डी पनि व्यर्थ

खेर जाँदैन । त्यसबाट पनि फूड नै उत्पादन गरिन्छ । घरभित्रका साना घरेलु प्राणीका लागि पनि यो पोषक हुन्छ क्यार ! अनि हड्डीका वस्तुको उत्पादनले पनि बजार पाएकै छ ।'

उसले पार्किङ क्षेत्रमा उभ्याएका भेहिकलतिर औंलो तेर्स्याएर भनी, 'काम, यो मैदाने-नेस्र्वा डेरी फर्मको भ्यान रहेछ । यो चाहिं काबेली डेरी फर्मको र यो चाहिं सिन्धुली डेरी फर्मको भ्यान रहेछ । यसको अर्थ हो– उताको उत्पादन यता र यताको उत्पादन उता पनि गरिन्छ । शायद यो विशेष व्यवस्था होला । नत्र त रोपवे र रेलबाटै ल्याउने, पठाउने गरिन्छ । हिजो आज कुनै समस्या नै छैन । इन्डियाको हात काटेपछि अर्काले हात हालेर गिजोल्दैन । यहाँ हेलिकोप्टर पनि आउँछ । सामान लिएर जान्छ । सामान त अन्तर्राष्ट्रिय बजार व्यवस्थाले पनि लिन्छन् । हामीलाई आफ्नै जगमा उभिएर आत्मनिर्भर हुने बाटो त चीनले नै देखाइदिएको हो नि ! हिजोसम्म इन्डियाबाट लुटिएका थियौं– नेताले गर्दा । युग फेरिएपछि हामी आफैं निर्भर रहेका छौं । चीनको कृषि सुरक्षाभित्र गएपछि हामी चिन्तामुक्त छौं । मौका पर्‍यो भने लप्ची नाकाबाट ह्लासा जाऊँला नि रेल चढेर हुन्न ?' उसले समर्थन मागी ।

'भैहाल्छ नि !' कामपाले समर्थन जनायो ।

'आऊ, यहाँको बिक्री कक्ष पनि हेरौं । मैले त वेब-साइटमा पनि हेरेकी छु । दूधका परिकारको यो कक्ष रहेछ । चीज पनि यहीं पाइन्छ । म तिमीलाई अर्कै खाले पसलमा पुर्‍याउँछु ।'

औषधिको पसल जस्तो ठाउँमा पसेपछि उसले भनी, 'थाह पायौ यो सुगन्ध ? पश्चिमी मुलुकले त स्कूल बसमा पनि गोमूत्रको सिलिन्डर राखेका हुन्छन् । किन होला ? यो विषयमा मैले भन्दा तिमीले बुझेको हुनुपर्छ । आर्यहरूले त अघिदेखि धेरै कुरा जानेको रहेछ । तर हामीले तिनको ज्ञानलाई तर्कले जित्यौं । औचित्य र संगति हेरेनौं । नङ्गा, फिरङ्गी, दीनजस्ता देखिए पनि ती ज्ञानमा धनी थिए भन्ने कुरा हामीलाई स्वीकार्य भएन । हामीले उपेक्षा गरेको कुरा आज महत्त्वको देखिंदै छ । म हिजो आज यस्तै कुरा हेर्दै छु । पुस्तक, प्रवचन र वेबमा यिनै कुरा भेट्तै छु ।'

अम्बुले मीमांसा गरी, 'आधुनिक ऋषिले तेरी आमा गाई, तेरो बाबु गोरु भनेर तथानाम गाली गरे । आफ्नै ज्ञान र योग्यता देखाए । तर गाली खानेले केही हारेन । किनकि उसँग हार्ने कुरा नै थिएन । बरु जसले गाली गर्‍यो उसैले पो हार्‍यो कि भन्छु । ज्ञान र अनुभवले हार्छ भन्ने कुरा मलाई त विश्वास लाग्दैन ।'

कामपा ध्यान दिएर अम्बुका कुरा सुन्दै थियो । ऊ रोकिएपछि स्मृति सञ्चार गर्दै भन्यो, 'तिमीले यति मीठो भाषा कहाँ सिक्यौ ? तिम्रो गुरु को हो ? कुन पुस्तक पढ्यौ ? शैली पनि मीठो छ ।'

'एकजना आचार्य एस वस्ती भन्ने विद्वान्का पुस्तकहरू पाए जति पढें । 'हाम्रो भाषा' त आज पनि मेरो झोलामा होला । शब्दमा जीवन हुन्छ र हरेकपल्ट प्रयोग गर्दा उसले नयाँ अवतार लिएको हुन्छ भनेर त्यो पुस्तकले शब्दको जीवन छाम्न सिकाएको छ । हुन त त्यो पुस्तक पत्रकारिता क्षेत्रका लागि तयार गरिएको भन्ने संकेत छ, किन्तु त्यो सबै क्षेत्रका लागि उत्तिकै उपयोगी छ । आचार्य वस्तीकै शिष्य परम्पराकी कल्याणी लामा हामीलाई नेपाली पढाउनु हुन्थ्यो । भाषा सरल, स्पष्ट, छरितो र अर्थपूर्ण हुनुपर्ने कुरामा बढी जोड दिनुहुन्थ्यो । त्यसले मेरो भाषिक ज्ञानलाई उचाइतर्फ लगेर जोड्छ । यसले मलाई सन्तुष्टि मिल्छ, गौरवको अनुभव गर्छु ।'

अनि कामपातर्फ फर्केर सोधी, 'तिमीले पनि उहाँका पुस्तक पढेका हौला नि ! जान्दछौ उहाँलाई ? अर्को पुस्तक चाहिँ 'नेपाली कसरी लेख्ने' हो ।'

'म पनि उहाँकै भाषिक पाठशालामा पढेको हुँ । तिमी र म एउटै परम्पराका रहेछौं । कस्तो संयोग परेछ । आचार्य वस्ती त धेरै माथिको मनीषी हो । मैले उहाँको बारे सुनेको छु, उहाँ नेपाली भाषा-जगत्मा आधुनिक पाणिनि मानिनुहुन्छ क्यार ! उहाँको विद्वत्ताको अगाडि अनेक गुरुहरू नतमस्तक भएका थिए रे उवेला । जे होस्, मेरो आशय यति मात्र हो– तिमी सही ठाउँमा सही शब्द प्रयोग गर्न कुशल छ्यौ । तिम्रो शब्दभण्डार पनि ठूलो छ र शब्दचयन पनि उपयुक्त देखिन्छ । परिमित अनि सारपूर्ण शब्दमा अभिव्यक्तिलाई पूर्णता दिन्छ्यौ । यो पनि कौशल हो । मलाई तिम्रो संवाद कला त्यसैले मन पर्छ । आधिकारिक ज्ञान र उचित स्रोतको अनुसरणको प्रभाव होला यो ।'

आश्चर्य थियो । अम्बु आफ्नै प्रशंसा सुनेर अधीर भइन । अध्ययनको गाम्भीर्य र व्यापकताले होला, उसमा त्यस्तो कुनै परिवर्तन देखिएन । आयुले त ऊ जवानीमा पाइलो राख्दै गरेकी हो तर व्यवहार र अनुभवले उसलाई प्रौढता दिएको प्रतीत हुन्थ्यो ।

घाम डाँडामा बस्न लागेका थिए । संवाद गर्दा गर्दै उनीहरू क्यान्टिनमा पसे । एकछिन पछि कुकुर पनि पस्यो । 'ए, यो पाहुना कुकुरलाई पनि त भोक लाग्यो होला नि !' गुन्दै अम्बुले आफूहरूसँगै उसका लागि पनि खानेकुरा माग गरी । ऊ चमेना लिंदै टेलिफोनमा अल्मलिई । दुई-चार चीजका टुक्रा र

तोङ्बाको रस लिएर कामपा अन्तर्मुखी देखियो । कुकुर पनि आफ्नो आहारामा जुट्तै रह्यो ।

कामपा ध्यानस्थ झैं देखियो । चिन्तन प्रक्षेपण गर्‍यो र दृष्टि घुमायो । चलचित्रमय दृश्य र संवादमा ऊ केन्द्रित भयो ।

'ज्यू, यो भर्खरकी बाच्छीको गहुँत । बाच्छीले घाँस खान नथाल्दैको अर्थात् माउको दूध मात्र खाएको वेलाको गहुँत हो यो । यस्तो गहुँत कमै पाइन्छ । दुर्लभ जस्तै हुन्छ ।'

'यो चाहिं टाट्नामा हालेको घाँस खान थालेको बाच्छीको हो । बिहान बेलुका यसले पनि दुई पासा दूध खाएको हुन्छ ।'

'यो आफैं घाँस चर्न थालेपछिको बाच्छीको गहुँत ।'

'यो कोरली गाईको, यो भर्ना भएकी गाईको । यो थाकेकी (दूध नदिने) गाईको । तर कुँडो-खोले खाने गाईको गोमूत्र हामी राख्तैनौं । काली र कैली गाईको चाहिं राख्छौं ।'

उत्पादन गरेको मिति, गुणस्तर, मात्रा र अन्तिम मिति तोकेर नियम अनुसार सिसी/बोतल/जर्किनमा तयार गरिएका दरपीट वस्तुहरूको दृश्य स्मृति-चित्रबाट आवृत्ति गर्दै कामपा अर्को दृश्य तानेर हेर्दै गर्‍यो ।

'हजूर, यो चाहिं हिउँमा चर्ने, लेकाली वनस्पति खाने गाईको गहुँत; यो चाहिं अलिक न्यानो ठाउँको घाँस चर्नेहरूको । आयु र अवस्थाको आधारबाट पनि गोमूत्र वर्गीकृत ढङ्गले तयार गरेका छौं । चरन क्षेत्र या भौगोलिक स्थितिको आधारबाट पनि भिन्नता राखेर देखाएका छौं ।'

'जस्तो ?'

'पहिलो चौंरी वर्ग, साधारण र मिश्रित वर्गका गाई; दोस्रो हिमाली क्षेत्रका, शीतल क्षेत्रका र न्यानो भेगका गाई; तेस्रो विभिन्न आयु र जात-जातका गाई; चौथो एक रङ्गका, मिश्रित रङ्गका गाई । गोतत्त्वलाई बडो सूक्ष्मताले अध्ययन अनुसन्धान गरेरै मात्र गोमूत्रको शक्ति र महिमालाई अग्रसर गरिएको छ । यसबारे पुस्तक प्रकाशन पनि गरेका छौं रिसर्च गरेर ।'

'कुन खाले गाईको दूध, गहुँत र घीउको महिमा बढी होला त ?'

'बडो राम्रो प्रश्न । उत्तर पनि सटीक छ । क्रमशः कपिला गौ (कैली गाई), कृष्णा गौ (काली गाई) का गोतत्त्वको महिमा बढी देखिन्छ । अरू गाईका गोतत्त्व त्यसपछि ग्राह्य हुन्छन्– जान्नेका लागि । व्यापारिक दृष्टिले खासै फरक छैन ।'

'हजूरहरूलाई कुन चाहियो ? कति ? सिसीमा कि जर्किनमा ?'

'तिमीले ख्याल गरेनौ काम ? हरेक ठाउँमा गोमूत्र सिलिन्डर अनिवार्य भएको छ नि ! जसरी अग्नि शमन गर्न ग्याँस-सिलिन्डर राखिन्छ त्यसैगरी यो पनि राखिएकै हुनुपर्छ ।' अम्बुले देखाउँदै भनी, 'ऊ त्यो रङ्को सिलिन्डर भान्साघर, बैठक र पुस्तकालयमा हामीले पनि राखेका छौं । हुन त हामी गाई र गोबरकै छेउमा छौं, तैपनि नियम मानेको नि !'

अम्बुले फोनमा अल्मलिएर धेरै काम भ्याई । अनि तोङ्बाको पानी थप्न लगाई । कामपा ध्यानस्थ झैं देखिन्थ्यो । 'काम, तिमी निदायौ कि ?' उसले बोलाई ।

'हैन, यसो विश्राम गरेको नि । म त गोमूत्रको स्टोरमा साहुले भनेको कुरा चित्रमय ढङ्ले ग्रहण गर्दै थिएँ– स्मृतिले तानेर । तिनमा भएको दक्षताले म असाध्य प्रभावित भएँ । कक्षामा र प्रयोगशालामा पढाए झैं पढायो मलाई । खूब मन पर्‍यो । त्यै दृश्य सम्झदै थिएँ ।'

अम्बुले इतिहास खोतली, "हिजोको व्यवस्थामा राज्यशक्तिले उद्योग–व्यवसायको दोहन गर्थ्यो रे, प्रगतिमा भाँजो हाल्थ्यो रे । अडचन निकालेर दुरूत्साहित गर्थ्यो रे । आज त्यस्तो छैन । बरु उकेरा हाल्छ, सुविधा दिन्छ । हिजोको विधान राजनीतिक पात्रका लागि उच्च सहयोगी थियो । सर्वसाधारण नागरिकका लागि यातनै थियो । उखु किसान उखुको दाम नपाएर अनशन गर्दागर्दै मरेका थिए रे । दमनको पनि हद हुन्छ नि ! त्यो कालो इतिहास आज पनि हामी पढ्दै छौं, होइन र ?

आर्थिक कारोबारमा गरेको अपराध वा भ्रष्टाचार पनि एउटा कारण हो नि विधान उल्टाउने । राजनीतिक शक्तिको आडमा के के अकर्म भएन र मुलुक भित्र ? प्रत्येक मन्त्रालयभित्र दुई-दुई सयभन्दा बढी वित्तीय अपराधका फाइल वा सूची छन् । अपराध हुने देशको सूचीमा पहिलो थियो यो मुलुक कुनै वेला । इतिहासले त्यति त असत्य बोलेन होला नि !

दुष्ट, डाका, फटाहा, हत्यारा, बलात्कारी, आगजनी गर्ने आततायीलाई नेता ठानेर सम्मान गर्थ्यो यो मुलुकको नागरिक । भोट हालेर शक्तिमा पुर्‍याउँथ्यो । त्यसको पूजा हुन्थ्यो । ऊ मातृभूमिमाथि बलात्कार गराउँथ्यो । विदेशीसँग मिलेर सर्वस्व दिन्थ्यो । आफ्नैपन बिर्सन उसलाई लज्जाबोधसम्म भएन । कस्ता–कस्ता मान्छे हिजो राज्यसत्तामा पुगेछन् । तिनले गरेको अपराध वा अकर्मको प्रकृति हेर्दा पनि कहाली लाग्छ । त्योभन्दा निकृष्ट र त्योभन्दा घीनलाग्दो काम त कुनै मुलुकमा कसैले गर्न सक्तैन । अपराध गर्नुको पनि हद हुन्छ नि ! नागरिक भोका

हुन्, नाङ्गा हुन्, रोगी हुन्, अँध्यारोमा हुन्, पानी नपाएर छट्पटाऊन् मतलबै छैन । स्थिति पूरा अराजक थियो । सर्वत्र छल, फूट, लूट, ठगी । बर्बर समाज । यता विगलित स्थिति सर्वसाधारण जनताको, उता शानदार जीवन बिचौलिया, व्यापारी र राजनीतिक पन्थीको । अनि मुलुक विसर्जनको अवस्थामा नपुगेर के होस् ? धन्न पो यू-टर्न भएछ र आज हामी यो स्थितिमा छौं भनौं न ।

किन्तु यू-टर्न कसरी भयो ? कसले गरायो ? वा कुन उपायले भयो ? सत्य एउटै रहेन । किम्वदन्ती पनि उत्तिकै छन् । इतिहास पनि पृथक्-पृथक् मत राख्तछन् । तर विद्वान् लेखकले त भ्रम नछर्नु पर्ने ! पाण्डित्य देखाउनैपर्ने ? जसलाई सम्मान दिनुपर्ने थियो उसलाई अपमान गर्ने समाज पनि कस्तो ? चेतना उस्तो कि नेतृत्व उस्तो ? के उवेला रानो विनाको मौरी वा मियो विनाको दाइँ जस्तो छाडा थियो त समाज ? जसले जे गरे पनि हुने ? समाजले कुनै युगपुरुषको आह्वान गर्न जानेन ? बाटो देखेन ? युग पल्टाउन चाहेन ? फेरि नयाँ युग आयो कसरी ?

किन्तु यी प्रश्न अनुत्तरित छैनन् । अनेक उत्तर छन् । अनेक सम्भावना छन् । भलै सत्य छोपिएको होस्, त्यो सधैंका लागि अदृश्य रहन सक्थ्यो कसरी ?" ऊ एकोहोरो बोली ।

'समयले जुराएको कुरा आज पुग्छ जस्तो लाग्छ । आज भूमिका नबाँधी मनका कुरा भन्छु र पूरा गर्छु ।' अम्बुले मनको कुरा भन्ने अठोट गरी । अनि कामपाको मनोदृश्य बुझेर भनी, 'मैले गेस्ट हाउसमा कोठा बुक गरें । घाम डुबे । खाना पनि अर्डर गरें । अरू कुरा माथि नै आइपुग्छ ।'

'ठीक गऱ्यौ । मलाई त सधैं यहीं बस्न पाए हुन्थ्यो भन्ने लाग्छ ।'

'किन त्यसो भन्नु ?'

'यो ठाउँ शान्त पनि छ । तपोवन जस्तो पनि छ । गोधनको निकटता पनि छ । त्यसैले यो ठाउँले मलाई लोभ्यायो ।'

'मैदान र नेरुवाको फाँट देख्यौ भने पनि यसै भनौला ।'

'मैले देखिसकें । त्यहाँ पनि मन लोभिएको छ । मेन्छ्यायेम एक्सप्रेसबाट जानुपर्छ । मोटर गाडीबाट बढी समय लाग्ला कि !'

कुरा गर्दागर्दै अम्बुले धेरै पटक हाई गरी र बारम्बार हत्केला-औंला जोडेर जीउ तन्काई । ऊ अर्कै मनोदशामा पुग्दै छ भन्ने प्रतीत हुन्थ्यो । कुनै काममा व्यस्त नरहनु पनि यसको कारण हो कि ! ऊ अन्यमनस्क हुँदै गई । अहिले उसको शरीरको प्रकृति यस्तै देखिन्थ्यो । किनभने आयु विशेषले चढेको रङ्गलाई

अधिमूल्यन गर्नैपर्थ्यो । जे भए पनि ऊ मानसिक रूपले सभ्य र उच्च थिई । आफ्ना कुरा कसरी, कुन शैलीले भन्नुपर्छ भन्ने कुरा जान्दथी । त्यसैले चमेना गरेको ठाउँबाट उठ्नुभन्दा पहिले उसले अनुनयको भावमा भनी, 'काम ! थाह छ तिमीलाई आज म कति खुशी छु ?'

'तिमी त सधैं खुशी देखिन्छ्यौ । आज कुनै विशेष कुरा छ र ?' उसले जान्न खोज्यो ।

'काकीको फोन आएको थियो । म १८ वर्ष पूरा भएर १९ मा टेकींछु । त्यसैले म आज बढी खुशी छु ।'

'बधाई छ तिमीलाई । आरोग्यका साथै तिम्रो श्री अझ उद्भासित हुँदै जाओस् । मनोरथ पूरा होस् । शतशः शुभकामना तिमीलाई !'

'अँहँ, मलाई त्यतिले पुग्दैन ।'

'के चाहिन्छ तिमीलाई, म के दिऊँ ? सद्भावना बाहेक के छ र मसँग ? यी कुरा त म दिन सक्छु नि !'

'तिमी मलाई आज समय र साथ देऊ । त्यो पूरा मेरो होस् ।'

'त्यो कुन कुरा भो र ! मेरो समय र साथ तिमीसँगै त छ ।'

उसले आफ्नै ओठ टोकेर भनी, 'अँहँ, त्यो अर्कै कुरा हो ।'

'के होला ?'

'मेरो खुशी तिम्रो सङ्गतले अझ चुल्याउन चाहन्छु । सहमत छौ ? साथ दिन्छौ ?'

'सहमत छु । तिम्रै साथमा छु ।'

'ओके !' अनि मनमन भनी– 'आज म तिमीलाई अघाउञ्जेल अँगालो हाल्छु । खुलेर आउँछु अनि सम्पूर्ण सीमाहरू नाघिदिन्छु । आज आफ्नै व्रत तोडिदिन्छु । म बगिदिन्छु, डुबिदिन्छु । हराइदिन्छु । म लुटाइदिन्छु । आज आफैं किसिम–किसिमले लुटिन मन छ । त्यो क्षण विशेष पर्व होस् जीवनको । सम्झन योग्य उत्सव बनोस् ।'

टिङ् बज्यो । फोनमा मेसेज आएछ । हेरी, अनि उठ्तै भनी, 'माथि कोठा तयार भएछ । खाना उतै मगाएकी छु । जाऊँ ।' अम्बु उत्साहित थिई ।

आज उसले कालिदासको '*काङ्क्षन्त्योऽपि व्यतिकरसुखं...*' भन्ने कथनको सीमा र शर्त लीलापूर्वक भत्काइदिई अधिकार ठानेर, ऊ थामिन सकिन । नयाँ ठाउँ, नौलो खुशीको अनुभव संचित गर्न ऊ पछि परिन र आफूले चाहेजस्तै ढङ्गले पूर्ण काम–सुख उसले ग्रहण गरी ।

कुकुर पसेर एकै पटक भुक्यो । अम्बुलाई निद्राले छोडिसकेको थियो । ऊ तन्द्रामा थिई । कुकुरले ओढ्ने तान्यो । उसले टेलिफोनमा घडी हेरी । समय निकै बितिसकेको थियो । किन्तु लेकको सिमसिमे वर्षाले दिन पनि अँध्यारो र अल्छीलाग्दो देखिन्थ्यो ।

ऊ उठेर झ्यालमा पुगी । पर्दा सारेर बाहिर हेरी– पानी पर्दै थियो । फर्केर ओछ्यानतिर आई । ऊ आफैं लजाई । हत्तपत्त तन्ना तानेर गटुमुटु पारी ।

कसैले ढोकामा ढक–ढक पार्‍यो र 'म आऊँ कि' भन्दै परै उभिएर बोल्यो, 'तासिदेले हजूर, नमस्ते, सेवारो ।'

'आउनुहोस् ।'

'धेरै बेर भो, चमेना तयार पारौं कि भनेर सोध्न आएकी ।'

'ए, तपाईं पनि शेर्पा भाषा बोल्नुहुन्छ ?'

'ज्यू, बोल्छु । यहाँ सबैले बोल्छन्, मन पराउँछन् ।' अनि त्यहाँ आउनुको उद्देश्यबारे भनी, 'बेड मिलाउने वेला भो । हजूर चमेना गर्न तल ओर्लने भए त्यसै वेला म बेड फेर्छु । कि हजूर बाथरुम गएको मौकामा मिलाउँछु ।'

अम्बुले सजिलै भनी, 'तन्ना फोहोर भएछ । म यसको बिल चुक्ता गर्छु । नयाँ मगाउनुहोला । त्यसैले यो मैले गुटमुट्याएर राखें ।'

'पर्दैन नि ! यहाँ त यस्तो भैरहन्छ । त्यो कुनै समस्या नै होइन । यहाँ मेशीन छ, केमिकल पनि छ । बेदाग सफा हुन्छ । हजूर चिन्ता नलिनू । पहिलो पटक होला, त्यस्तै हुन्छ । बरु शरीर दुखेको भए तातो पानीमा एकछिन डुब्नुभए पनि हुन्छ ।' प्रसङ्ग फेरेर भनी, 'कि हजूर यता सोफामा बस्नू, म एकैछिनमा कोठा व्यवस्थित पार्छु । त्यो बेडशीट पाऊँ, म लिएर जान्छु । त्यो संकोचको कुरै होइन । बरु मलाई गौरव लाग्यो, आजसम्म शरीर साँच्नु भएको रहेछ । त्यसैले पनि बढी प्रसन्न छु ।' गेस्ट हाउसकी परिचारिकाले अम्बुको आत्मबल बढाउने उद्देश्यले संवाद गरी ।

'अम्बु मेम, किन अल्मलिनु भयो ?' उसलाई किञ्चित् अधीर र अन्यमनस्क देखेर होला परिचारिकाले थपी, 'महात्मा हो कि जोगी, जोगी जस्तो मान्छे तपाईंको साथी हैन ? उहाँ त पानीमा भिजेर आउनुहुँदै थियो । कुकुर पनि सँगै थियो ।'

अम्बुका आँखामा, अनुहारमा प्रसन्नताको आभा भरियो ।

'बिहान घुम्न निस्कनुभएको थियो क्यार ! उहाँ निस्केपछि पानी पर्न थालेको होला । मैले क्यान्टिनमा देखेको ।' परिचारिकाले भनी, 'कुकुरलाई खानेकुरा दिएर म यहाँ उक्लेकी ।'

अम्बु एक पटक लामो सास तानेर आश्वस्त भई । अनि भनी, 'मलाई पहिले तपाईंको नाम भन्नुहोस् न । अनि आफ्ना कुरा भन्न मलाई सजिलो हुन्छ ।'

'मेरो नाम साकुरा हो, साकुरा सान भन्छन् । मेरी आमा जापानको चेली हो । अनि बुबा चाहिं नेपालको शेर्पा । अनि मेरी आमाको नाम चाहिं आँकुरा । यो बुबाले दिएको नाम हो– आमालाई । अरू अरू कहिले कहीं झुक्किन्छ ।'

'आमा राइटर हुनुहुन्छ । पुस्तक लेख्न यहाँ आउनुभएको थियो । हाम्रो बुबासँग माया बसेछ । म जन्मिएँ । म यहीं छु । मलाई यहीं मन पर्छ । आमा आउँदै जाँदै गर्नुहुन्छ । मेरो भाइ चाहिं आमासँगै बस्छ जापानमा । पछि यतै पढाउने योजना छ ।'

'आमा आएपछि हामी भेटौंला न ! आफ्नो नम्बर दिएर जानुहोला । आज पानीको मौसम छ । यहीं बस्नू । म आमाले लेख्नुभएको पुस्तक देखाइदिन्छु । वेब-साइटबाट पनि हेर्न सकिन्छ नि !' साकुराले रहस्य नराखी भनी र थपी, 'अब आफ्नै कुरा भन्नु न ।'

'म आज उसका सामु पुगेर कृतज्ञता पनि जाहेर गर्न चाहन्छु र मनको प्रसन्नता पनि देखाउन चाहन्छु । यसका लागि मैले सुन्दर भएर उसका सम्मुख पुग्नु छ । तर मसँग श्रृङ्गार-सजावटको कुनै साधन छैन । तपाईं मलाई प्रसाधन सामग्री विना सिंगार्न सक्नु होला साकुरा सान ?'

'अवश्य । तपाईं चिन्तै नगर्नुहोस् । तर मेरो पनि एउटा प्रस्ताव छ : के म जापानी शैलीको पोशाकमा तपाईंको श्रृङ्गार गरूँ ? तपाईंलाई मञ्जुर होला ? किन्तु केवल देखिन मात्र । यो पोशाकमा प्रणय-व्यापारका लागि भौतिक अभिनय गर्न तपाईंलाई सजिलो हुने छैन, न तपाईंको प्रियले नजीक आएर यसको भाउ राख्न सक्नु होला । के गरौं ?'

'के गरौं त ?'

'साधारण ढङ्गले यहींको शैलीमा सजाइदिन्छु नि शेर्पा संस्कृतिभित्र, हुन्न ? आज विशेष देखिनु न हो उहाँका नजरमा !'

'हो, हुन्छ ।'

अम्बु शेर्पाकुमारीको रूप-सज्जामा ओर्लेर क्यान्टिनमा पुगी । कामपा सुन्दरीको नौलो स्वरूप र सौन्दर्य देखेर आत्मविस्मृत झैं भयो । नचिनेको ढङ्गले उसले हेर्‍यो । ऊ छेउमा पुगेपछि मात्र उसले चिन्यो ।

अम्बुको मनको खुशी उसको अनुहारमा उद्भासित भएको थियो । ऊ अत्यन्त प्रसन्न थिई । मानौं फूल पूर्ण विकासको क्षणमा साकार भएर श्रीपूर्ण, आभापूर्ण देखिएको हो ।

परिधान र प्रसाधनले व्यक्तित्वमा उचाइ थप्छ नै । के लहड लागेर अम्बु आज सिंगारिन पुगेकी हो र यसको औचित्य र सान्दर्भिकता के छ, उसले शायद गुणन गर्न सकिन । किन्तु सत्यता चाहिं यति मात्र हो– ऊ आज प्रसन्न थिई र त्यो प्रसन्नता कृतज्ञतामा फेरेर कामपालाई देखाउन चाहन्थी र मनको खुशी बाँड्न चाहन्थी ।

पानी थामिएन । बाटो थुनिने डर पनि थियो । साकुराको सल्लाह मानेर अम्बु र कामपाले यात्रा रोके ।

साकुराले अम्बु र कामपालाई आफ्नो अध्ययन कक्षमा लिएर गई । तोङ्बा, चीज, पोलेका आलु र पीरो अचार पनि त्यहीं पुग्यो । कुकुरलाई सुकुटी दिई ।

साकुरा पेन्टिङ गर्थी । पत्रैपत्र हरित पर्वत र उज्ज्वल हिमशिखरलाई अझ सुन्दर, अझ जीवन्त रूपमा ऊ पेन्टिङमा उतार्थी । वास्तवमा प्रत्येक कुरामा उसको जेहन छचल्किन्थ्यो । किन्तु ऊ आफ्ना कुरालाई प्रचार गर्नु राम्रो ठान्दिनथी । आत्मसन्तुष्टिका लागि ऊ सिर्जना गर्थी र आफ्नी आमाको प्रसन्नता र बाबुको स्वाभिमानका लागि जगेर्ना गर्थी । उनीहरूले महत्त्व दिएर हेर्न चाहेका खण्डमा ऊ प्रदर्शनी कक्षमा देखाइदिन्थी । जापानमा नगएर यहीं बस्नुको अभिप्राय उसको पेन्टिङबाट पुष्टि हुन्थ्यो । यथार्थतः ऊ प्रकृतिकी कलाकार थिई । अनि कहिले कहीं ऊ पियानोसँगै गुन्गुनाउँथी ।

उसले तोङ्बामा फेरि एक पटक तातोपानी भरी र ८–१० वटा पुस्तक ल्याएर छेउमा राखिदिई । अम्बुले रहरलाग्दो ढङ्गले तिनलाई छोई, पल्टाई र पढ्ने यत्न देखाई । र भनी, 'कति राम्रो कला र फोटोग्राफी !'

'यी पुस्तकको कभरको कला मेरै हो, आमालाई मन पर्‍यो रे । यी मध्ये केही पुस्तक आमाका मात्रै हुन् र केही सहलेखनमा छन् ।' साकुरा सानले भनी : म तपाईंहरूलाई छोटकरीमा पुस्तक परिचय गराउँछु नि कम्प्युटरबाट । त्यसो गर्दा पुस्तक छान्न पनि सजिलो होला । वास्तवमा हिजोको विधान, व्यवस्था र राजनीतिले केसम्म गरेको रहेछ र किन व्यवस्था उल्टाउनु परेको थिएछ भन्ने पृष्ठभूमिमा नै यी पुस्तक तयार गरिएका हुन् भन्ने लाग्छ–

*संविधानसभाः औचित्य पात्र र विचारको ।* यसमा कैयौं अपात्र र अविचार पनि परेका छन्, कतै औचित्य सिद्ध हुँदैन भनिएको छ । अरूले पनि पुस्तक

लेखेका छन् । तर आमाले चाहिं पूजा गर्नुभएको छैन, आलोचना गर्नुभएको छ । बिल्कुल तथ्यपरक विश्लेषण भेटिन्छ । यो सचित्र छ ।

*जनभावनाको उपेक्षा र विधानमा अवाञ्छित पक्षको प्रवेश ।* यसमा देश र जातिको वास्तविक स्वत्व (पहिचान) मेटिने बाटो खोलेको चर्चा छ । र यो पनि आलोचनात्मक पठन नै हो ।

*विधान कि लूट मचाउने डाकाहरूको अधिकारपत्र ।* यसमा राज्यको ढुकुटी रित्याउने अनेक दाउपेचको खेल बारे चर्चा छ । प्रमाण दुरुस्त छन् ।

*विधानभन्दा माथि सत्तावान र शक्तिमानहरू ।* मिलेमतोमा न्याय र कानूनलाई, नीति र नियमलाई बलियाले लँगौंटी बनाइदिएको चर्चा छ । न्याय र नीति आफ्नै रक्षामा उपयोग गरेकोमा सप्रमाण विवेचन छ ।

*विदेशी गुप्तचर संस्थाको नेपाली अनुहार ।* यो सचित्र छ र शीर्षकले नै यसको विषय र सीमा स्पष्ट पार्दछ । यसमा एकदेखि एघार तह छन् पत्रैपत्र ।

*दलहरूबाट विदेशी शक्तिको आह्वानः प्रक्रिया, पद्धति र पहुँच ।* अनेक युग र अध्यायमा यो स्थिति भेटिन्छ तर राजसंस्था उखेलेपछिको दृश्य बढी साकार भएर आएको छ । दलमुख नै राजाको हैसियत देखाएर अग्रसर रहेको पनि देखिन्छ । यो असाध्य रोचक छ । मुलुकको शक्ति र कानून अर्काको हातमा पुगेको वृत्तान्त छ ।

*लूटको गठबन्धन : व्यापारी, बिचौलिया, सत्ताधारी र ठेकेदार ।* यसले मुलुकमा ल्याएको अराजक स्थिति र जनताको दुर्दशाको गाथा समेटेको छ ।

*सन्धि-सम्झौता, गोपन र छल ।* सत्ता र शक्तिमा रहने र तिनको संरक्षण पाउनेहरूले गरेका कैयौं अपराधको ऐतिहासिक मीमांसा गरिएको छ । खास गरेर २०६३ पछि मुलुकले यू-टर्न नलिएसम्मको स्थितिको सिंहावलोकन गरिएको छ । शक्तिमा पुगेका र तिनको आशीर्वाद पाएकाले जीवन, माटो, संस्कृति, इतिहास, सम्पदा, कोष र सामाजिक-पारिवारिक संरचनामा कतिसम्म घात गरे र स्वार्थ सिद्ध गरे भन्ने कुरा तथ्य-प्रमाणसहित देखाइएको छ ।

*राष्ट्रका नाममा आएका सहयोग र व्यक्ति-व्यक्तिमा भागबन्डा ।* राजनीतिको सक्रियतामा कैयौं सहयोग लक्ष्यमा नपुग्दै हराउँछन्, लुटिन्छन् । जनता हेरेको हेर्‍यै हुन्छन् भन्ने कुरालाई यथार्थ रूपले देखाइएको छ । यो बडो मार्मिक डकुमेन्ट हो ।

*जनतामाथि छल र विश्वासघात ।* यो पढेपछि कैयौं दिन निद्रा पर्दैन । राजनीतिले नागरिकलाई गरेको उपेक्षा र वेवास्ताका दृश्यहरूले यो पुस्तक भरिएको छ ।

हत्या, बलात्कार, लूट, आगजनी, दमन, घूसखोरी, छल जस्ता कुरा त आम भएकै हुन् । हुँदा-हुँदा जाति र धर्मको कुरा उठाएर जातीय सद्भाव र राष्ट्रिय एकतामाथि पनि प्रश्न उठाइन थालेका हुन् । *'शैतानका लागि शक्ति'* अध्यायमा गजब विश्लेषण छ ।

देशको युवाशक्ति श्रम साट्न विदेशिएको छ, पढ्न गुण्टा कसेको छ, बाँकी जो छ त्यो विषालु सर्पको पुच्छर भएर जोडिएको छ । त्यसैले आफ्नै गाउँठाउँ सरेर, सोहोरेर, डसेर, सखाप पार्छ । अन्जान नागरिक नबुझेरै सकिन्छ । मुलुक फुट्न मात्र बाँकी छ । यस स्थितिको दिग्दर्शन *'राजनीति राजनीति रहेन'* अध्यायमा भेटिन्छ ।

*उपचारबाट वञ्चित नेपाली र नेताहरूको विदेशमा उपचार ।* यो त अत्याचारको सिङ्गो दस्तावेज हो । यो पनि सचित्र छ । यसको डकुमेन्ट्री पनि छ ।

*परमादेशको मुखिया र गठबन्धनको राज्य-सत्ता ।* यो पूर्ण राजनीतिक मन्थन हो । संकेत र सन्दर्भहरू निकै जटिल छन् । राजनीतिक दलले राज्य, युग, नागरिक र इतिहासमाथि बारम्बार अपमान र बलात्कार गरेका प्रमाण यसमा देखाइएको छ ।

*माफिया तन्त्र कि राज्यसत्ताको छाता ।* भूमि, सांस्कृतिक सम्पदा, ऐतिहासिक धरोहर, सीमा अपचलन, तस्करी र शक्ति प्रदर्शन जस्ता अनेक विषयमा यो पुस्तक केन्द्रित छ ।

*व्यापार नीति र वित्तीय छल ।* यो झन् गजबको पुस्तक हो । यसले बाइबलको आकारमा आएको विधान, त्यो लागू भएपछि भएका आर्थिक घोटाला र कमिशन तन्त्रको ऐतिहासिक रूपरेखा प्रस्तुत गरेको छ ।

*संविधानः जातीय दुर्भावको बीजारोपण र वर्ग विभाजनको ऊर्जा केन्द्र ।* ७२ को विधानमा अन्तर्निहित विषाक्तताको निर्मम चिरफार गरेको छ यस पुस्तकले । आफ्नो स्वत्व, इतिहास, परम्परा र संस्कृतिप्रति गौरवको स्थानमा घृणा प्रतिस्थापित गर्ने षडयन्त्रको वर्णन सप्रमाण गरिएको छ यसमा । आज आएर हिजोको समाज हेर्दा पूरा जङ्गली समाज देखाउँछ यो पुस्तकले ।

*माफियाका चार चरण : शिक्षा, चिकित्सा र भौतिक निर्माण र व्यापार*

*नागरिक नहुनुको औचित्य : भोक, भोट र भीड*

*नेपाल : विलय कि विसर्जन ?*

*गलपासोमा नेपाल : नेतृत्व र मतियार*

'यी नयाँ पुस्तक हुन् । कभर सचित्र म बनाउँदैछु । सबै पुस्तक वेबबाट पढ्न पाइन्छ । पुस्तकहरूमाथिको संक्षिप्त संकेत सकेर साकुरा सानले थपी, 'जब यो

मुलुक थामियो र विश्वयुद्धको महाज्वाला सल्किनुबाट जोगियो त्यसपछि नै यहाँ द्रुतगतिले विकास भएको हो भन्ने बुझिन्छ । हिजोको दिनसम्म इन्डियाले हरेक क्षेत्रमा हस्तक्षेप गरेर हाम्रो प्रगति रोकेको थियो र यसका लागि राजनीतिक क्षेत्रका अपात्रलाई आफ्नै अनुकूल घोडा बनाएर उसले नचाएको थियो; त्यो क्रम टुटेपछि नै प्रगति भएको देखिन्छ । उसका लागि कठपुतली नचाउने धागो पनि छिनाउनु परेछ, कठपुतली पनि तोड्नु परेछ र कैयौंलाई कन्तुरमा हाल्नुपरेछ ।'

'आफ्नै देशका दुश्मनको सफाया गर्नुपरेछ त ?' अम्बुले जिज्ञासा राखी ।

'सफाया होइन निष्क्रिय गराएको रे । मैले सुने–बुझे अनुसार प्राचीन विद्याको उपयोग गरेर नियमन गरिएको थियो ।'

'जस्तो ?'

'मैले जे सुनें, त्यसै अनुसार चित्र निर्माण गरें कम्प्युटरमा । यो लोक, अर्को लोक र पिशाच क्षेत्रको कल्पना गरेर निर्माण गरें । यसमा मैले संचित गरेको ज्ञान र विषयको चासोलाई औचित्य प्रदान गर्ने यत्न गरेकी छु । ह्लासाको स्कूलमा चाहिँ यो एक पटक प्रदर्शन गरें । कहिले कहीं पेन्टिङको कक्षा लिन म त्यहीं जान्छु । विद्यार्थीको माग अनुसार दुई दिन प्रदर्शन गराएकी थिएँ । नौलो थियो । मन पराएको बुझें । तपाईं हेर्ने भए म कम्प्युटरमा देखाइदिन्छु । यता बसौं ।'

चित्रको दृश्य आयो : एउटा साधक जस्तो, अघोरी जस्तो, तापस जस्तो । सौम्य भनौं त्यो पनि होइन, कठोर भनौं त्यस्तो पनि लाग्दैन । जड प्रतिभा भनौं त्यो पनि हैन । देख्नेले श्वास परिवर्तन गरेसँगै त्यसमा पनि परिवर्तन आएको हो कि ! शायद दृश्य स्थिर होइन, कुनै प्राणवान् तत्त्व हो कि ? यस्तो दृश्य देखेर अम्बुले सोधी, 'यो कसको चित्र हो ? मलाई त कल्पना बाहिरको कुरा जस्तो लाग्छ नि !'

'म थोरै समयमा यो व्यक्तित्वमाथि भन्न सक्तिनँ । शायद तपाईंसँग समय छैन । मौका परे कुनै दिन फेरि चर्चा गरौंला । यी साधक हुन् । संकटग्रस्त जीवले आत्मविह्वल भएर पुकार गर्‍यो भने यिनीबाट उसको पीडा भञ्जन हुन्छ । अहिले यति नै जानौं, यिनलाई सिद्धि प्राप्त छ ।' साकुराले संक्षिप्त संकेत गरी ।

अर्को चित्र आयो । साधकका अगाडि राज्यबाट उत्पीडित जनता हाजिर थिए । साकुराले चित्रबारे भनी, 'संकट भञ्जनका लागि जनता साधकको शरणमा 'त्राहि त्राहि !' भन्दै पुगेका हुन् ।'

अर्को चित्र आयो । पिशाच–भूमि, श्मशान–भूमि जस्तो दृश्य देखिन्छ । त्यसले आङ जिरिङ्ग पार्‍यो । शरीर पुलकित भयो । विचित्रको भय अनुभव गरायो ।

अम्बुको मुखाकृतिमा नीलिमा बढेर आयो । जुन उद्देश्यका लागि त्यो चित्र निर्माण भएको थियो कैयौं गुना बढी आफ्नै उद्देश्यमा सफल देखिंदै गयो । चित्रकार साकुरा यस स्थितिको मूल्याङ्कन पनि गर्दै थिई ।

फेरि अर्को चित्र आयो । कठपुतलीको मल्लयुद्ध भएको ढङ्गले नरपुतलाहरू आपसमा लड्न-भिड्न थाले ।

फोटो फेरियो । योद्धाहरू लडाइँ गरेर, हारेर, थाकेर पछि सरेर पल्टिए जस्ता देखिन्थे । दुवै पक्ष रक्ताम्ये, शायद प्राण बाँकी होला । लाग्यो, दुई बाघ परस्पर लडाइँ गरेर पल्टिएका हुन्– अशक्त भएर । त्यत्रा तुजुकदार सत्व मरेर बिरालो देखिएका छन्– सँगै हारेर ।

थोरै फरक रङ्ग, रेखा र छविमा यस्तै चित्रहरू सर्दै गए, सर्दै गए र सर्दै गए ।

साकुरा झट्ट उठी र त्यहाँबाट सरी । अनि छिनभरमै कफी ल्याएर भनी, 'कफी लिऊँ ।' अनि उसले चित्रावलि रोकी ।

किम्बुले एक पटक लामो सास तानेर छोडी । उसले आफूलाई हलुङ्गो अनुभव गरी । शायद मनोविकारको विरेचन भएको हो– भय र करुणा एकै पटक जागृत भएर, उम्लेर, पोखिएर, निखिएको हो मनको संसारबाट । आश्वस्त भएर एकछिन पछि विनयभावले ऊ बोली, 'अलिकति कैफियत खोलिदिनुहोस् न साकुराज्यू, यी फोटाहरू बारे ।'

'राजनीतिक जीवलाई कुनै नीति, रीति, कानून, विधान, मर्यादाले बाँध्न, रोक्न वा नियन्त्रण गर्न नसकेपछि जनताको अनुरोधमा साधकले संकट भञ्जन गरिदिएका हुन् । यसमा योग, तन्त्रविद्या र साधक-सिद्धको संरक्षणमा जनता पुगेका छन् । भएको यही हो । राजनीतिक सत्व प्रमत्त-उन्मत्त भएपछि साधकहरू जनकल्याणको भावनाले क्रियाशील हुन बाध्य हुन्छन् भन्ने अभिप्राय हो । मनमा जे देखें त्यही चित्र बन्यो । किन्तु कथाको मूलधारबाट मैले केही झिल्का टिपेर चित्र बनाएकी हुँ । मेरो घरकी हजूरआमाले आफ्नी आमाबाट सुनेको कथा नै मेरा लागि प्रेरक स्रोत हो । मैले त्यसलाई कल्पना र मिथक मिसाएर चित्र कोरें । झन्नै दिवास्वप्न हो कि जस्तो लाग्छ नि हैन ?'

मूर्त-अमूर्त पद्धतिबाट निर्मित चित्रहरू एउटै रङ्गबाट साकार थिए– पेन्सिल रङ्गमा । फेरि पनि गाढा, अगाढा, अर्द्धगाढा र फीकामा बडो आकर्षक थिए । प्रोफेसर अभि सुवेदी र प्रोफेसर शैलेन्द्र सिंहले यो चित्रकारी देखेका हुन्थे भने यिनले संकेत गरेको युग र त्यसको प्रतिविम्बमाथि भावभूमिका साथ कला

सृजनको औचित्य र युगध्वनिलाई समेत जोडेर सम्झाइदिने थिए । थोरै चित्रमा बृहत् आकारको औपन्यासिक आख्यान समेटिएको देखेर प्रोफेसर अरूण गुप्तो पनि घण्टौंसम्म चित्रको व्याख्या गरेर रमाउने थिए । फेरि साहित्य र चित्रको सम्बन्धबारे भन्ने के ?

साकुरा कलाको चर्चाबाट पारिवारिक चर्चामा पुगेपछि कामपाका आँखा भित्ताको रेखाचित्रमा पुगे । उसले ध्यान दिएर हेऱ्यो– स्वच्छ नदी, बालुवा भरिएको किनार, त्यसमाथि हाँसको जोडी । छेउमा वृक्षको सघन छाया । छायामा शीतल तापेर बसेको मृग । र फेरि बसेको मृगको सीङमा आफ्नो बायाँ आँखा कन्याउँदै गरकी मृगी । क्या मीठो चित्र थियो– प्रणय निवेदनको ।

*कार्या सैकतलीनहंसमिथुना स्रोतोवहा मालिनी...*

*श्रृंगे कृष्णमृगस्य वामनयनं कण्डूयमानां मृगीम् ।*

आँखाभरि हेरेर कामपा दुई पाइला पछि सऱ्यो र उसले केही नभन्दै साकुरा सानले भनी, 'यो चित्र कालिदासको कविताबाट बनाएको हो । तल त्यो कविता पनि छ चार हरफमा । मलाई यो मूर्त चित्र मन पऱ्यो र राखें । यसले धेरै कुरा भन्छ । म कवि होइन । नत्र मेरा कविता पनि यस्तै चित्रमय (चित्र बोल्ने) हुन्थे कि ! कालिदासको मेघ पनि हाम्रै आकाशबाट, यहींबाट दूत भएर हिंडेको थियो भन्छन् । चित्रमा मीठो भाव छ नि, हकि !'

दिन खुल्यो । घाम लाग्यो । त्यो सम्पूर्ण भेक उज्यालो देखियो । गोधन तथा भेडाबाख्रा र वन्यजन्तुहरू चरन क्षेत्रमा निस्कँदै गए । वातावरण रमाइलो हुँदैगयो ।

अम्बु र कामपाले खाना खाएर निस्कने प्रस्ताव राखे । साकुरा सानले यसलाई स्वाभाविक ठानी । लामो मित्रता कायम राख्ने संकल्पले दुवै पक्ष बाँधिए । मित्रता गर्न सजिलो छ किन्तु निर्वाह गर्न कठिन । शायद यो कुरा दुवै पक्षले जानेको हुनुपर्छ ।

जिरीसम्म भए पनि पुग्ने आत्मविश्वासले अम्बुले गाडी निकाली अनि उसले जानेका-मानेका देवीदेवतासँग प्रार्थना गरी– मेरो बाटो नरोकियोस् ।

*'स्वर्गको दृश्य'* भन्ने पुस्तक उपहार दिंदै साकुरा सानले भनी, 'यो मेरा चित्रकलाको पुस्तक । आमाले टोकियोमा छपाइदिनु भएको हो । मेरा तर्फबाट यो सम्झाउनी-उपहार ।'

तेन्जिङ फुर्वाले ह्लासामा साकुराको चित्रकला प्रदर्शनी गराएको थियो । त्यहाँ उसका कलाको प्रशस्ति गायन भएपछि उसकै अनुरोधमा आँकुराले यो

पुस्तक छपाइदिएकी थिई । तेन्जिङ फुर्वा आफ्नी छोरीको सौखलाई प्रोत्साहन दिएर अझ चुल्याउन चाहन्थ्यो ।

ह्लासामा आयोजना गरिएको चित्रकला प्रदर्शनीबारे स्थानीय पत्रपत्रिका र विद्युतीय माध्यमले आलोक छरेका थिए । फुर्वाले आजसम्म पनि पत्रपत्रिकाका कटिङ, साकुराको अन्तर्वार्ता र विद्युतीय सामग्री संचित गरेर जोगाएको थियो । कतिपय फोटाहरू आफ्नै कोठा र बैठकमा सजाएको थियो । ह्लासा क्षेत्रका प्रमुखको हातबाट पुरस्कृत भएको वेलाको फोटो हेरेर यस्ता सन्तानको जनक हुन पाएकोमा ऊ गौरवको अनुभव गर्थ्यो । वस्तुतः आँकुरा र तेन्जिङ फुर्वाले आफ्नी छोरीको रुचि र सिर्जनालाई भरपूर पोषण र प्रोत्साहन दिएका थिए ।

प्रश्न छ– के माटो र परिवेशले व्यक्तिको जेहेनलाई दिशा निर्देश गर्छ त ? कति मात्रामा, कुन अर्थमा यसलाई लिन सकिन्छ ?

अम्बुको कुकुरले साकुरा सानको कुकुरसँग मितेरी गाँसिसकेको रहेछ । त्यसलाई छोडेर आउन गाह्रो भएको थियो यसलाई । त्यसैले होला अलिक कडा आदेशपछि मात्र गाडीमा पस्यो । अम्बु र कामपाले साकुरा सानबाट बिदा लिए ।

◆◆

# स्वप्न-सत्यबाट आक्रान्त

विधान गलत रहेछ । नेपथ्यले देखाउँथ्यो ।

शान्त, सुस्थिर जहाजमा कम्पन आयो । त्यत्रो बेडा मूसाहरूले रित्याए । हलुङ्गो छ, अब पल्टिने स्थिति भो । ढलपल, ढलपल तरङ्गित । हावाको प्रताडनाले हुत्याएर कतै पुऱ्याउने हो कि ! कुनै वज्रशिलामा लगेर ठोक्ने हो कि ? स्थिति जस्तो पनि हुनसक्छ । केही नलागे डुब्नु त छँदैछ ।

हो, विधान दुष्ट भो । राजनीतिमा सभ्य, शालीन र सुसंस्कृत व्यक्तिहरू आउन सकेनन् । न्यायप्रेमी र चरित्र नायकहरू देखा परेनन् । सहृदयी, समदर्शी र विवेकीहरूले भाग लिन चाहेनन् कि ? के त विचारवान र देशभक्तहरू भेटिएनन् ? उदात्त र अपरिग्रही व्यक्ति यो माटोमा नजन्मेकै हो ? प्रश्न कति कति !

असजिलो स्थितिमा वेलावेला विश्वेश्वरप्रसाद कोइरालाको स्मरण गर्थे, वेलावेला गणेशमान र कृष्णप्रसादको नाम जप्थे । वेलावेला मनमोहनको नाम सम्भ्केजस्तो गर्थे । अनि कोही योगी नरहरिनाथको प्रखर राष्ट्रबोघको गुणगान गर्थे र वेलावेला यदुनाथ खनालको कूटनीतिक कौशललाई मनको बिसौनी ठान्थे । हिजोलाई स्मृतिमा बोकेर वर्तमानका भुक्तमान बिर्सने गर्थे । राजनीतिका खेलाडीले जानी-जानी निम्त्याएको राज्यविप्लव भोग्न जनता विवश थिए । किन्तु सत्ता र शक्तिमा पुगेका व्यक्ति बाहेक बाँकी नागरिक पढेर, बुझेर मुलुकको रक्षाका लागि राजा महेन्द्रको नामको माला जप्थे ।

कुनै पनि क्षण चट्याङ पर्ने या वज्रपात हुने स्थिति बन्दै गयो । अनुमानसिद्ध थियो । समुद्री बेडाको अस्तित्व मेटिँदै छ ।

भय र संकटले आक्रान्त व्यक्तिहरू अचेतन स्थितिबाट चेतनामा फर्केजस्तो गरेर चलमलाए, पुनर्जीवन पाएको शैलीले बौरे झैं देखिए ।

'ए, आज त पृथ्वी जयन्ती नि ! आजै त हाम्रो विलय नहुनुपर्ने हो । ए, खोल न टीभी... हेरौं न समाचार..., सुनौं न रेडियो... तिमीसँग फोन छैन ? के हुँदैछ,

सुनौं न ! कतै उज्यालो किरण देखिन्छ कि ! ए, लौन बाहिर निस्केर सुनौं न डाँडाबाट कसैले उर्दी सुनाउँदै छ कि ?'

अपदस्थ राजाको सम्बोधन आयोः

"प्यारा प्रजाहरू, म सुरक्षित छु– अझै । यो खुशीको खबर दिन पाउँदा हामीलाई पनि सन्तोष लागेको छ । नेपाल एकीकरण गर्ने हाम्रा पुर्खाको सम्झनामा हामी पनि तपाईंहरूसँग मिलेर श्रद्धाले अवनत छौं । देशको रक्षाका लागि हामी सहयात्रामा जुटौं । यो जनताको नासो, जनताले नै यसको जगेर्ना गर्नुपर्छ । यदि जनताले मेरो सम्झना गरे म सबैमा अटाउन सक्छु भन्ने विश्वास दिन चाहन्छु । परन्तु गाई र घोडा एकै ठाउँमा राख्न सकिन्न । दुवैको प्रकृति फरक छ । हामीले विवेक पुऱ्याउनु पर्छ । निर्णय जनताका हातमा छ ।

आज पृथ्वी जयन्तीको मौकामा हामी अग्रज पुर्खाको आशीर्वादको कामना गर्दछौं । हाम्रो आत्मविश्वास बढोस्, ऊर्जावान् बन्न सकौं । माटो, जीवन, संस्कृति र इतिहास अकम्पित रहोस् ।

श्रीपशुपतिनाथले हामी सबैको रक्षा गरून् ।"

सबैले लामो सास तानेर छोडे । शीतल अनुभव गरे ।

'यो राजाकै बोली हो त ?'

'मलाई पनि हो कि होइन जस्तो लाग्यो ।'

'हो, मलाई पनि भ्रम भो ।'

'बोली त दुरुस्त नक्कल गर्छन् पनि ।'

'जे पनि हुन्छ ।'

'तर मिडियाबाटै आएको हुनाले राजाकै हो कि न !'

'भिडियो देख्न पाइएन नि ! केवल बोली सुनियो । त्यसैले शंका भो ।'

'फेरि धेरै भो नसुनेको, फरक लाग्नु स्वाभाविक हो ।'

'हो नि, उमेर अनुसार बोली पनि त फरक होला नि !'

'सन्देश त राजाकै हो, शैलीले नै थाह हुन्छ नि !'

यो सन्देशले डर पनि उत्पन्न पाऱ्यो । शंका पनि जन्मायो । तर आम नागरिकमा आशा र आत्मबल भरिदियो । ठाने यो विप्लवको ऐंठन चाँडै पन्सिनुपर्ने हो । आशा मार्नु कसरी ? राजा भए देशको सीमा जोगिंदो हो, भ्रष्टाचार रोकिंदो हो, उद्योगहरू खुल्दा हुन्, शान्ति र सुरक्षा हुँदो हो, न्याय पाइँदो हो । मुलुकको प्रतिष्ठा बढ्दो हो । नेपाली हुनुको गौरव हुँदो हो ।

नेपथ्यको मञ्चन अर्को पनि थियो ।

दूतावासको पार्श्वद्वारमा एउटा कार रोकियो । एउटी सुन्दरी निस्केर त्यसमा चढी । कालो सिसा । को छ ? को हो ? प्रश्न गर्नुको औचित्य थिएन । अलिकति गुडेपछि कारले रङ्ग फेर्‍यो । नम्बर प्लेट बदलियो ।

रिसोर्ट एरियाको छेउमा पुगेर कार रोकियो । र नम्बर नजाने कल गयो ।

'मलाई नौ नम्बरको क्याबिन चाहियो । त्यहाँबाट म हिमशिखर हेर्न चाहन्छु ।...

'स्रङचनगम्पो र भृकुटी । हामी युआनमा क्याश पे गर्छौं— ३० मिनेटपछि । ओके । मेरो अर्डर टेबुलमा पुग्दा, म त्यहाँ भएकी हुनेछु । धन्यवाद ।'

स्रङचनगम्पो र भृकुटीको भेट कैयौं पटक भयो । उनीहरू नाम अनुसारकै मुद्रामा अवतरित हुन्थे । जुन उद्देश्यका लागि भेटे— संवाद हुनुथियो, त्यो भयो । स्रङचनगम्पोले पहिलो पटक १० वर्षे शर्तनामा अग्रसर गर्‍यो, भृकुटीले त्यो मञ्जुर गरी । विस्तृत छलफलपछिको शर्तनामा तमसुक द्विविधा रहित थियो । तपसील र कैफियतमा कैयौं स-साना र व्यावहारिक कुराको संकेत थियो । त्यसैले छिमेक-मैत्री अत्यन्त भरपर्दो र पोषक थियो ।

दृश्य सर्‍यो : चीनको राजदूतावासले नयाँ वर्षको सन्दर्भमा मैत्री भोजको आयोजना गर्‍यो । अर्को ठाउँमा भएको पार्टी अन्य महानुभावका लागि थियो र त्यो तारे होटलमा सम्पन्न भइसकेको थियो । सबै जसो त्यसैमा आमन्त्रित थिए ।

राजदूतावासमा भएको यो मैत्री भोज केही विशेष थियो । राजनीतिक व्यक्तिहरू, उच्चपदस्थ कर्मचारी, सुरक्षा निकायका प्रमुखहरू, सेना र प्रहरीका विशिष्ट अधिकारीहरू यो समारोहमा उपस्थित थिए ।

निर्धारित समयमा चिनियाँ राजदूतका साथमा अपदस्थ राजाको प्रवेश भो । राजा हात जोड्दै अग्रसर भए । उनको नमनमा विनम्रता र सद्भाव झल्किन्थ्यो । आडम्बर रहित व्यक्तित्व स्वभावैले निश्छल र उदात्त देखिन्थ्यो ।

चौताराहरू आ-आफ्नै समूहबाट एक्लिंदै पनि गए, जुट्तै पनि गए । अज्ञात कम्पनले छोएजस्तो देखिए । कसैले सोच्न भ्याएका थिएनन् क्यार त्यहाँ राजाको पनि सवारी होला ।

नयाँ वर्षको शुभकामना आदान-प्रदानसँगै मैत्री पेयका लागि अनुरोध भयो । 'चौथाइको प्याला' हातहातमा पुग्यो । सितनहरू आउँदै-घुम्दै गए । अतिथिहरू समूहबद्ध हुँदै गए ।

राजालाई राजदूतले साथ दिइन् । शिष्टाचार देखाउँदै थोरै शिर झुकाउँदै अरू पनि नजीक हुँदै गए । उचित मौका हेरेर राजदूत साहु साक्षीले भनिन्, 'आउनुहोस्,

यहाँ हामी समान छौं । राजा महाराजा हुनुहुन्थ्यो, अहिले यहाँहरू सबै राजा नै हुनुभएको छ ।' भनाइमा थोरै अप्रस्तुत प्रशंसा थियो ।

एकछिन रोकिएर थपिन्, 'अलिकति फरक छ । राजाले माटो जोगाउनु भएको थियो । तपाईंहरू कटाउँदै हुनुहुन्छ । उहाँ विदेशी शक्तिलाई रोक्नु हुन्थ्यो । तपाईंहरू बोलाउँदै हुनुहुन्छ । उहाँ आफ्नै मुलुकलाई महत्त्व दिनुहुन्थ्यो, तपाईंहरू अर्को देशलाई भाउ दिंदै हुनुहुन्छ । अघि राजाले उद्योग र कलकारखाना खोल्नुभएको थियो, तपाईंहरूले बेचिदिनुभएको छ । यस्तैयस्तै फरक छ । रूख रोपेपछि फल लाग्छ र पाकेपछि खानै पर्छ । त्यस्तैत्यस्तै भएको होला । एउटाले गर्ने अर्कोले भोग्ने !'

उनी जान्दथिन्, यो मुलुकमा षड्यन्त्र गर्ने यिनै छ जना चौतारा हुन् । बारम्बार फर्केर झम्टन्छन् र लुछेर खान्छन् । यी विषधर सर्प नै हुन्, पुच्छर लामो हुन्छ, बेरेर सबैकुरा सोहोर्छन् । पुच्छर भएर जोडिन नआए कोही स्वतन्त्र भएर रहनै सक्तैन । प्रजातान्त्रिक धुरीभित्रको जीवन अत्यास लाग्दो भएन र ? साम्यवादीले हाँकेको प्रजातन्त्र जस्तो, खातेले भोगेकी सती जस्तो !

'उता हेरौं, हजूरलाई भेट्न यस मुलुकका शक्तिशाली व्यक्तिहरू आउनुभएको छ ।' राजदूतले संकेत गरिन् ।

राजाले फर्केर हेरे । षड्यन्त्रकारी, अपराधीहरू जाहेरी दिन आएको शैलीमा लश्करै उभिएका थिए । ती सबै चौतारालाई उनले आफ्नै सम्मुख देखे । अकस्मात् छवै जनाको अनुहारको रोगनमा परिवर्तन आएको देखियो । राजदूत साहु साक्षीले पनि महापुरुषहरूको अनुहारको रङ्ग परिवर्तन भएको दृश्य देखिन् ।

राजालाई एउटाले राजमुकुटमा देख्यो, अर्कोले राजदण्डमा देख्यो, अर्कोले राजगद्दीमा बसेको देख्यो, अर्कोले खड्गधारी देख्यो, अर्कोले परमसेनाधिपति देख्यो, अर्कोले राष्ट्रनायक देख्यो । एउटाले पृथ्वीनारायण सम्झ्यो, अर्काले राजा महेन्द्रलाई भेटे झैं ठान्यो, झन् अर्काले वीरेन्द्र नै देख्यो । भ्रम, यथार्थ र स्वप्न जगत्मा कल्पना समेत जोडिन पुगेपछि घटना र दृश्यको स्वरूप नै बदलिन सक्छ । त्यसैले होला कसैले बेलायतकी महारानीसँगै छघोडे बग्गीमा बसेर नगर परिक्रमा गरेको पनि देखे । जापानका सम्राट्सँगै घुमेको पनि देखे । त्यस्तै कसैले चीनका राष्ट्रपतिसँग हात मिलाएको पनि देखे । स्वप्नसत्यबाट उनीहरू आक्रान्त थिए ।

राजदूत साहु साक्षीले केही बुझिनन् । यहाँ समयको गति रोकिएको अनुमान सम्म गरिन् । कसैको मनोविम्ब र आभास चित्रबारे छनक पाउन सकिनन् किनकि

कल्पना, स्वप्न र भ्रमसँग गाँजिएको मनोदशाको मूर्त प्रत्यङ्कन थियो यो स्थिति । अनेक शास्त्रका स्रोत छिचोलेर मात्र यस स्थितिको बोध हुनसक्थ्यो । दृश्य सामान्य थिएन ।

यो तिलस्मी स्थितिको असामान्य अनुभवबाट बाहिर निस्कने यत्न गर्दै राजदूतले भनिन्, 'चौतारा र दलनायकहरू यहाँ हुनुहुन्छ । म यहाँहरू समक्ष एउटा प्रस्ताव राख्छु । मञ्जुर गर्नुहोला भन्ने आशा छ । भूमिका यति मात्र हो– यस अघि हामीले यस मुलुकको न भूमि लियौं, न व्यवस्थाभित्र पसेर चलखेल गर्‍यौं, न विकास निर्माण र प्रगतिमा बाधा पुर्‍यायौं, न आफ्नै सांस्कृतिक घेराभित्र पार्ने कुटिल चाल चल्यौं । बरु हामीले हरेक पक्षबाट सहयोग नै पुर्‍यायौं । तुलना गरेर हेर्दा पनि हुन्छ । तथ्याङ्क गलत बोल्दैन । तपाईंहरूले चाहेको अप्ठेरो स्थितिबाट निस्कन हामी हिजोको सन्धिमा टेकेर सहयोग पुर्‍याउन सक्छौं । भर गर्नुहोस् । फरक पर्दैन । मुलुक सुरक्षित रहने छ । घर रहे मन परेको रङ्ग भर्न सकिन्छ नि हैन र ?'

अकस्मात् गोविन्द भट्ट आइपुगे । उनलाई देखेर थोरै मान्छे निस्तेज देखिए । केही अझ कान्तिमान् भए । भट्टले भने, 'राजदूत साहु साक्षी के भन्न खोज्दै हुनुहुन्थ्यो भनिहाल्नुहोस् । म त्यत्ति कुरा सुन्न यहाँ आएको हुँ । माथि बैठक छ, मैले फर्किनुपर्छ ।'

'मेरो प्रस्ताव यही हो– तपाईंहरू यो मुलुक थाम्न चाहनुहुन्छ भने म राजालाई लिएर जान्छु । हैन, हामी मुलुक विसर्जन गर्छौं भन्नुहुन्छ भने तपाईं नै राजालाई राख्नुहोस् । तर याद रहोस्, मुलुकभन्दा ठूलो कुनै व्यक्ति, दल, सम्पत्ति र सत्ता हुँदैन ।' राजदूतले भनिन् ।

चश्मा झिकेर आँसु पुछ्तै मनमोहन अगाडि आए । चौतारा र दलनायकहरू मूर्ति झैं स्थिर देखिए । सौम्य रूपले उनले भने, 'मलाई राजदूतको प्रस्ताव सही लाग्यो । अब तिमीहरू निर्णय गर । कमरेडको निर्णय गलत हुनुहुँदैन ।'

गणेशमान र कृष्णप्रसादलाई वैशाखीको ठाउँ दिएर विश्वेश्वरप्रसाद त्यहीं आइपुगे । नयाँ आलोक थपिएको अनुभव गरेर सबै प्रफुल्ल देखिए । हाम्रो आलोचना हुने भो भन्ने ठानेर होला मूर्तिवत् उभिएका षड्यन्त्रकारी चौतारा र दलनायकहरू सशङ्क देखिए ।

गणेशमान, कृष्णप्रसाद र मनमोहनलाई हेरिसकेर एक पाइलो अघि सर्दै विश्वेश्वरले भने, 'मलाई राजदूत साहु साक्षीको प्रस्ताव मन पर्‍यो । उहाँको प्रस्तावमा हाम्रो पनि भावना गाँसिएको छ । एकातिरको छिमेकीको निरन्तर

उत्पीडनले हामी क्षतविक्षत भएका छौं । कोल्टो फेर्ने वेला भो । सही निर्णय लिनै पर्छ । दलीय विचार भन्दा मुलुक माथि हुनुपर्छ । दलचिन्तन एउटा औजार मात्र हो ।'

अनि गोविन्द भट्टतर्फ हेरेर भने, 'भट्टजी, तपाईंको विचारको कदर सबैले गर्छन् । यी मूर्तिवत् उभिएका चौतारा र दलनायकहरूले माटो विपरीत काम गर्छन् । त्यसैले यिनको बोली खुल्दैन । बोले पनि बुझिंदैन । त्यसैले सन्दर्भलाई समेटेर तपाईं यो स्थिति सुधार्ने सल्लाह दिनुहोस् न ! किन्तु दूतावासको सद्भाव रहोस् ! यो मेरो अनुनय हो । *याच्आ मोघा वरमधिगुणे नाधमे लब्धकामा ।'*

गोविन्द भट्टले भने, 'सान्दाजु तपाईं नै केही भनिदिनुहोस् । म त्यसैमा अडिएर उपसंहार दिन्छु ।'

'यो स्थिति यहाँको मात्र र हाम्रो मात्र होइन । दक्षिण एशियाबाटै यो असजिलो स्थिति हटाउनु पर्छ । इन्डियाको दूध उम्लिएको छ, त्यहाँ ताप घटाइदिनुपर्छ । यसका लागि मलाई राजदूत साहु साक्षीको प्रस्ताव उपयोगी लाग्यो । राजा राख्ने कुरामा दलले विवाद नगरून् । तेरो र मेरोमा राजालाई नपारौं । राजाको अस्तित्वले दल र सत्ताधारीलाई समस्या परेको बुझ्दैछु । फेरि, तिमीहरू उपचार गर्न विदेश पुग्छौ । राजाको उपचार गर्नुपर्‍यो भने झन् सकस पर्न सक्छ । बरु राजदूतले नै आरोग्यका लागि बल पुर्‍याउनु होला । राजालाई उहाँकै जिम्मामा दिऊँ । हामी चिन्ता छोडौं । यी गगनचुम्बी श्रृङ्खलामा लश्करै अस्त्रागार राखेर पनि माटो र जीवनको रक्षा हुनेछ । अब यहींबाट विशाल नेपालको आकार देखिने छ– क्षेप्यास्त्रमय सीमा स्तम्भ गाडेर ।' विश्वेश्वरले निष्कर्ष बोले ।

विश्वेश्वर र गोविन्दका आँखा जुधे । विचार सम्प्रेषित भो । गोविन्द मुस्कुराए र चुरोट सल्काए । लामो सर्को तानेर छोडे अनि भने, 'असजिलो भएरै हामीले राजालाई पन्साएका हौं । यो हिजोको कुरा हो । आज पनि परै राखौं । राजा ल्याउने दिन जुरेको छैन । पर्खौं । तबसम्म राजदूतकै जिम्मामा छोडौं ।

'राजालाई सोधौं न, राजा जान चाहन्छन् कि बस्न ?'

विवादको स्थिति नआओस् भनेर राजाले तुरुन्तै भने, 'चौताराहरू, दलनायकहरूले भनेको कुरा मैले मान्दै आएको छु । माटो, जीवन र संस्कृतिको श्रेष्ठता रहनुपर्छ । यदि दलले-राज्यले मलाई सम्झ्यो या मौका दियो भने त्यसवेला आफ्नै निर्णय आफैं गरौंला आम जनतासँग सोधेर ।'

विश्वेश्वरले एक पटक किसुनजीलाई हेरे र फेरि भट्टतर्फ केन्द्रित रहेर भने, 'भट्टजीकै कुरा सबैलाई मान्य हुने देखिन्छ । उपसंहार जाओस् भट्टजी ।' उनलाई भट्टजीको देशभक्तिको गाथा राम्रै थाह थियो । त्यसैले देशभक्तिको बिन्दुमा दुवै एकैठाउँ थिए ।

भट्टले भने, 'आजको स्थिति ल्याउन दलहरूले गरेको कर्मलाई मन्थन गर्दै, म राजाको उचित व्यवस्थाका लागि राजदूत साहु साक्षीको प्रस्तावलाई अनुमोदन योग्य ठान्छु । दलहरू राजाको भय र चिन्ताबाट मुक्त रहनुपर्छ भन्छु ।'

राजदूतको आत्मविश्वास बढ्यो । विश्वेश्वरले चाहेजस्तै भो । अन्त्यमा विश्वेश्वर, गणेशमान र कृष्णप्रसादले भट्टलाई भेटेर आभार व्यक्त गरे । शायद मनमोहनले लक्ष्यभेदनलाई बुझ्न बाँकी थियो । अंशतः यो बोनस खुशी थियो ।

अझ रमाइलो प्रसङ्ग यो पनि थपियो– हिंड्ने वेलामा योगी नरहरिनाथ आइपुगे । उनले सबैलाई पवित्र जलले अभिषेक दिंदै भने, 'व्यक्ति, दल र व्यवस्थाभन्दा मुलुक माथि हुन्छ ।'

राजाले शिर थापेर अभिषेक–आशीर्वाद लिए । उनका मनमा गुरु गोरखनाथको प्रत्यक्ष आगमन भएको भन्ने आभास थियो ।

आफ्नै दृष्टि, दिमाग र परिवेशबाट राजा टाढा हुने सम्झेर चौतारा र दलपतिहरू दंग देखिए ।

भोलि देख्ने दृष्टि कसैसँग थिएन । यिनको अनुहार पढेर गोविन्द भट्ट ओठमा व्यङ्ग्य र परिहासको रेखा भर्दै थिए । भट्टको दूरदर्शी चिन्तन र अचूक लक्ष्य बुझेर जगदीश शमशेर सन्तुष्ट देखिए । यदुनाथले मौन सम्मति जनाए । उनी कूटनीति सम्झन्थे ।

विश्वेश्वर, गणेशमान र कृष्णप्रसादले हात जोडेर विनय देखाउँदै बिदा भए । आत्मवञ्चक चौतारा र सत्ताभञ्जक दलपतिहरू पनि हावाले कसिंगर उडाएको ठानी प्रसन्न भएर हिंडे । यिनको सतही राजनीतिक चेतनाले भविष्यबोध गर्न सक्ने कुरै थिएन ।

बाँकी पाहुनाहरू कार र हेलिकोप्टरबाट निस्किए ।

राजदूत साहु साक्षी राजाको व्यवस्था गर्ने दायित्वले गम्भीर भइन् । नयाँ वर्षको नयाँ सङ्कल्प उनका लागि सफलता र यशको संकेत थियो । उनी दृढ देखिइन् ।

यी कुराहरू लिपिबद्ध थिएनन् । सपनाका कुरा किम्वदन्तीमा थिए ।

हो, लिपिबद्ध कुराहरू अरू नै थिए :

चौताराहरू विदेश यात्रा गर्थे र कतै लेखेर कतै बोलेर कहीं न कहीं चुकेकै हुन्थे । मुलुकको अस्तित्व धरापमा पार्थे । देशको माटो दिएर आउँथे र आफ्नै सत्ता जोगाउने गर्थे । थैली बुझ्थे र आगामी चुनावमा विजय सुनिश्चित गर्थे– आगामी प्रस्तावमा मञ्जुरी दिने शर्तमा बाँधिएकै हुन्थे ।

जिरीको चेयर्दुङ् गेस्ट हाउसमा वास बसेको वेला अम्बुले यू-ट्युब खोली र नेपाललाई विलयको अन्तिम क्षणमा पुऱ्याउने-धकेल्ने चौतारा को थियो भन्ने प्रश्नको उत्तर खोजी । ऊ जान्न चाहन्थी, कुन क्षणमा मुलुकले कसरी यूटर्न लियो र त्यसको मुख्य बिन्दु के हो ? त्यसवेला खलनायक को थियो ? ऊ पनि त्यो मन्दमतिलाई चिन्न चाहन्थी ।

'काम ! आऊ । यहाँ बस । तिमी सोध्दै थियौ नि कुन स्थितिमा यो मुलुकले जर्जर अवस्थामा पनि घुम्ती माऱ्यो ? भेटें । तिमी आफैं हेर्छौ कि म पढेर सुनाऊँ ?'

'तिमी नै पढेर सुनाऊ । मलाई तिम्रो वाणी-विलास मन पर्छ । किन्तु संक्षेपमा सुनाऊ । त्यसपछि तातोपानीमा डुब्न जान्छु ।'

अम्बुले ल्यापटप हेरेर भनी, 'हेर यी २०४६ सालभन्दा पछिका चौतारा हुन् । यो जोगी बूढो र यो दाह्री बूढो बाहेक बाँकी कोही राजनीतिक व्यक्ति थिएनन् । भ्रष्ट र देशघाती दस्यु नै थिए । यी षट् षड्यन्त्रकारी भनेर इतिहासमा दर्ज भएका छन् । यिनको फोटो, कार्यकाल र गलत कामको सूची पनि छ । सबैकुरा समयबद्ध रहेछ ।

यो सातौं हो, फोटो हेर । यो लठेप्रो पनि हो र अरू जस्तै विदेशीकै दानापानीले बलियो भएको घोडा हो । यसले के गऱ्यो त्यो कुरा यहाँ रहेछ । सुन है, म सुनाउँछु– यो जुन कुलको राजनीति गर्छ नि त्यसको सबभन्दा भ्रष्ट र देशघाती तत्त्व यही हो । यसैका पालामा मुलुकको भूमि अर्काको नक्शामा पसेको हो । तर बोल्दैन । धन्न जोगियो भनौं न ।

आफ्नै माटोमा विदेशी संविधान निम्त्याउने र आफ्नै विधान र कानून निष्क्रिय पार्ने भनेर यी चिनिन्छन् । फरक देखिए पनि एउटै ड्याङका मूला हुन् । यो चाहिं अन्तिम दुष्ट हो । हामीलाई विदेशीका हली र कठपुतली भनेर स्कूलमा यिनैको नाम पढाएको हो । राष्ट्रिय झण्डा झार्न र मुलुकको नाम फेर्न यिनले कम्ती प्रयास गरेका थिएनन् त ! कक्षामा सरको कुरा सुनेर हामी छक्क पर्थ्यौं । कुनै कुनै दिन त धन्न मुलुक सिद्धिएन छ, जोगिएछ भनेर रातरात भरि चर्चा गरेर पनि बस्यौं । उस वेला मुलुकमा हुने गरेका डरलाग्दा कुरा सुनेर हाम्रो मुटु

काम्थ्यो । राजनीति गर्छौं भन्नेहरू जस्तोसुकै पनि अपराध गर्न सक्ता रहेछन् । प्राकृतिक स्रोत बेच्ने पनि यिनै त हुन् नि ! हामी दिक्क मान्थ्यौं ।' उसले हिजोको इतिहासको दृश्य उपस्थित गरी ।

कामपा थाकेको मुद्रामा देखिन्थ्यो । त्यसैले होला, अम्बुले न्यानु छर्दै भनी, 'बाटो सजिलो थिएन । तिमी थाक्यौ होला । चाँडै आराम गर्ने हो कि ?'

इतिहासको घटना-क्रममा सङ्गति मिलेजस्तो लागेन उसलाई । अझै कुनै रहस्य बाँकी छ कि जस्तो अनुमान गऱ्यो । मनमा ब्यूँझिएका प्रश्न र प्रतिप्रश्नको औचित्यबारे पनि उसले केलाउन सकेन । मनमा अलिकति असजिलो, अलिकति आकस्मिकताको कामना र अलिकति मानस संवेगको सहज निकासको मौका खोज्दै ऊ बिस्तारै ओछ्यानतर्फ लाग्यो । अनि अम्बुतर्फ लक्ष्य गरेर भन्यो, 'म ढल्किन्छु है त । तिमी आफ्नो काम भ्याऊ ।'

'ज्यू, शुभरात्रि, एकछिन पछि म पनि ल्यापटप बन्द गर्छु । भोलि गोठघर पुग्छौं भनेर काकीलाई पनि मेसेज गर्छु । उहाँले धेरै पटक मेसेज गर्नुभएको छ । नत्र पीर मान्नुहुन्छ ।'

'हुन्छ । काम बाँकी नराख । बरु 'शिवमानसपूजा' सानो आवाज पारेर यूट्युबमा लगाइदेऊ है । शरीरलाई भन्दा मनलाई विश्राम चाहियो मलाई । म एकछिन त्यतै हराएर आनन्दित हुन चाहन्छु । अनि तिम्रा लागि पनि सुखद निद्राको कामना गर्छु ।'

अम्बुले आफ्नो फोनबाट शङ्कराचार्यको त्यो भक्तिगीत (स्तोत्र) लगाइदिई । मन्दध्वनिमा गायन प्रवाहित हुँदैगयो ।

*रत्नैः कल्पितमासनं हिमजलैः ...*

*आत्मा त्वं गिरिजा मतिः सहचराः प्राणाः शरीरं गृहं*

*पूजा ते विषयोपभोगरचना निद्रा समाधिस्थितिः ...*

यी भावपूर्ण पदावलिहरूको गायन अन्तिम चरणमा पुग्दा पुग्दै ऊ निदायो र स्वप्नलोकतर्फ लाग्यो ।

◆◆

# सुरक्षा-कवचको सल्लाह

'जै गोरख ।' एउटाले अर्कोलाई अभिवादन गऱ्यो ।

'बम भोले हजूर ।' अर्कोले अझ विनयशीलता देखायो ।

बाटो हिंड्दा हिंड्दै चौतारीमा भेट भएका यी योगीहरू गृहस्थको घरमा पुगेर भोक मेट्न चाहन्थे । बाटाको छेउमा एउटा घर देखे र त्यहीं पुगे । चरा खेलाउनेको घर रहेछ । त्यो आँगनमा एउटा मान्छे चरासँग संवाद गर्दै थियो :

*बोल चरी बोल तैंले देखिस् के के ?*

*बोल सुगी बोल तैंले सुनिस् के के ?*

*बोल मैना बोल तैंले बुझिस् के के ?*

'बोल हरि बोल राधे_' योगीहरूलाई देखेर चरा खेलाउने पुरुष सावधान भयो, 'नाथ, मेरो नमन छ । अभिवादन छ ।' उसले मूढा अघि सारेर भन्यो, 'हजूर, बसौं ।'

'जै गोरख ! कल्याण होस् ।'

'बम भोले ! सन्तुष्ट रहेस् ।'

गृहस्थ भएको हुनाले आगन्तुक अतिथिप्रति श्रद्धा राख्तै भन्यो, 'योगी महाराज ! आज्ञा होस्, म के गरौं ? महात्मन् ! म के सेवा गरौं ?'

'पक्षीधर, हामीलाई खानेकुरा चाहियो । भोक मार्नु छ । के छ तपाईंसँग ?'

'मसँग पोलेका आलु र उसिनेको तरूल छ प्रभु ।' फेरि थप्यो, 'चराका लागि जम्मा गरेको सतीबयर पनि छ डालामा । केराको घरी बोटैमा छ, तयार भैसकेको छैन । अर्को महीना पाक्छ ।'

भनिसकेर उसले केराको घरीमा हेऱ्यो । एक छिन अघिसम्म हरियै रहेको केराको घरी पाकेर पहेंलपुर थियो । ऊ छक्क पऱ्यो । अनि प्रसन्न हुँदै दुई काइँयो केरा घरीबाट झिकेर ल्यायो ।

महात्माहरूले आलु, तरूल, सतीबयर र केराको फलाहार गरे । सगुन स्वरूप दही र मह पनि ग्रहण गरेर सन्तुष्ट देखिए ।

"पक्षीधर ! तपाईं चरा पाल्नुहुँदो रहेछ । कत्तिको सजिलो छ पाल्न ? र दोहोरो संवाद हुन्छ हैन ?'

'दोहोरै हुन्छ । यी त दूत हुन् । प्रतिवेदक पनि हुन् । सूचक पनि हुन् । असल मित्र पनि हुन् । यिनको सङ्गतमा आएपछि संसारका सबै कुरा थाह हुन्छ । बिहान सबेरै निस्कन्छन् । बेलुका सूर्यास्तभन्दा पहिले फर्किन्छन् । आज गुरूजीको तिथि हो, त्यसैले यहीं छन् । अपराह्ननतिर निस्केलान् कि !' उसले प्रसन्नता भरेर भन्यो, 'यस्तै विशेष दिनमा अलिक विलम्ब गरेर निस्कन्छन् । यिनको आफ्नै रीति छ, आफ्नै नियम छ । म पनि बिस्तारै बुझ्दै छु ।'

'हामीले पक्षीधर भन्यौं तपाईंलाई– पक्षीपालक ठानेर । तपाईंको नाम त सोधेनछौं ।'

'पक्षीधर भन्दा क्यै फरक पर्दैन । उसो त खगराज नै हो ।'

'त पक्षीधर ! यी के कुरा जान्न घुम्छन् र फर्केर के कुरा सूचित गर्छन् तपाईंलाई ?'

'यी उस्तै र एकै ठाउँमा देखिए पनि ऐजन मौकामा वर्गीकृत रूपले छुट्टिन्छन् र आ–आफ्नै क्षेत्रतर्फ लाग्छन् । त्यसैले फरक फरक प्रकृतिका सूचना ल्याउँछन् । जे देख्छन्, जे सुन्छन् र जे बुझ्छन् हू–बहू यथार्थ बयान गर्छन् । जिज्ञासा हाम्रो हुनुपर्छ । सूत्ररूपले बोल्छन् ।'

'जस्तो एउटा उदाहरण सुनौं न कुन ढङ्गले सूचित गर्छन् ।'

'अपराध कसले गऱ्यो ? त्यो कुन प्रकृतिको अपराध हो ? किन गऱ्यो र मतियार को हुन् भन्ने कुरा अथदेखि इतिसम्म बताउँछन् । ठाउँ, समय र परिवेशको दृश्य हू–बहू उपस्थित गर्छन् । जस्तो कालापानी क्षेत्रमा इन्डियन सेना कहिलेदेखि बस्न थाल्यो ? त्यहाँ बस्ने अनुमति कसले दियो र आज कुन उद्देश्यले बल मिचाइँ गर्दैछ भन्ने कुरा नबिराई जानकारी गराउँछन् । यिनको आफ्नै गुरुकुल र आफ्नै प्रणाली छ ।'

'कहिलेदेखि यी चरासँग हुनुहुन्छ ? र कसरी तपाईं यिनको रेखदेख गर्न पुग्नु भो ?'

'यो गुरुको आज्ञा हो । वास्तविक पक्षीपालकलाई आततायीको सरकारका जासूसले बाटैमा मारेछन् । गुरूजी आएर मलाई खबर गर्नु भो अनि उहाँकै सल्लाह अनुसार म यिनको रेखदेखमा खटेको छु भन्नुपऱ्यो ।'

'खगराज, हाम्रो तर्फबाट धन्यवाद ! तपाईंका पक्षीपरिवारलाई अनि तपाईंका लागि अर्को सूचना छ– उत्सवमा जाने टोली पनि आउँदैछ यो आँगनमा ।' सूचना पाएर पक्षीधर सतर्क भयो ।

एकै पटक चराहरू उडेर गए ।

बटुवाको एउटा टोली पक्षीधरको आँगनमा उक्लियो र भारी बिसायो ।

'यहाँको मुख्य मान्छे को हुनुहुन्छ ?' एउटा सदस्यले सोध्यो ।

'मै हुँ भन्नुपर्‍यो । किन होला ?'

'उत्सवमा चाहिने सामान लिएर जाँदै छौं । केरा पाइएन । तपाईंको कोठेबारीमा केरा पाकेको रहेछ । त्यो घरी दिनुभयो भने उत्सवका लागि लिएर जान्छौं । द्रव्य चुकाएर लान्छौं ।'

'तर खोटी भो केराको घरी ।'

'कसरी खोटी हुन्छ, घरीको केरा ? चराले खाएको भए हुन्छ, बिग्रँदैन ।'

पक्षीधरले मनमन गुन्यो, 'दुई काइँयो झिकेर अतिथि महात्माहरूलाई ख्वाएको भर्खरै हो, खोटी भएन र त्यो घरी ?' अनि उसले केराको घरीतर्फ दृष्टि पुर्‍यायो । घरी सिङ्गै थियो । त्यहाँबाट दुई काइँयो केरा झिकेको गोहो कतै थिएन । पक्षीधर छक्क पर्‍यो । ऊ अवाक् भयो । केराको घरी फेरि पूर्ण हुनु सामान्य घटना थिएन । उसले महात्माहरू भएतर्फ हेर्‍यो । त्यहाँ उनीहरू थिएनन् । ऊ अलमलमा पर्‍यो ।

बटुवाको टोली सिङ्गो केराको घरी लिएर उत्सवतर्फ लाग्यो ।

सूर्यास्त हुनुपूर्व चराहरू फर्केर आए । पक्षीधर सधैं झैं नयाँ कुरा सुन्न उत्सुक भयो :

"उच्च पर्वतीय क्षेत्रमा नयाँ राजाको राज्याभिषेक भयो । मण्डलेश्वर, पीठाधीश, सन्त-महन्त आदि साधुगणले विधिवत् अभिषेक दिए । हरेक जातिका, हरेक वर्गका, हरेक ठाउँका नागरिकहरूको प्रतिनिधित्वले राज्याभिषेकको गरिमा बढाएको थियो । मुलुकभित्रका प्रत्येक सिद्धपीठ र माता कुमारीहरूको सहभागिताले सांस्कृतिक गौरव बढाएको थियो । सबै धर्मका मान्यजनहरूको उपस्थितिले यो विशेष अभिषेक उत्सव सम्पूर्णतः अलंकृत थियो । कुनै समुदायको प्रतिनिधित्व त्यहाँ छुटेको थिएन; न कुनै लिङ्ग, रङ्ग र बनोटको अनुपस्थिति रह्यो ।

मुस्ताङ्को राजप्रासादको परिसरभित्र भएको यो राज्याभिषेकको उत्सवमा स्थानीय सर्वसाधारण जन पनि सादर आमन्त्रित थिए । एउटा राजाले आफ्नै परिधि र अधिकारको मर्यादामा रहेरै अर्को राजाको शुभराज्याभिषेक सम्पन्न गराएका थिए । त्यसैले पनि रेल, मोटर र हेलिकोप्टरबाट उक्त राज्याभिषेक कार्यक्रममा पुग्नेहरूको संख्या न्यून थिएन । शीतप्रदेश भए पनि यसवेलाको वातावरण सौम्य लाग्दथ्यो ।

फेरि गणेश, कुमारी र शक्तिपीठहरूको मानसिक दर्शन-परिक्रमा गरेर राजा लोकदर्शनमा निस्के । जनताको राजा हुन्छ र राजाले जनतालाई आफ्नै छत्रछायामा अटाउँछ भन्ने कथनलाई स्थापित गर्ने मौका आएको थियो । जनसमुदायबाट अपार समर्थन मिल्यो । राजा ऊर्जावान् तथा ओजस्वी देखिंदै गए । शायद राजाले जनताबाटै ऊर्जा प्राप्त गर्दछ भन्ने कथनको पुष्टि थियो ।"

'यसको अर्थ तिमीहरूले राजाको राज्याभिषेक उत्सव देख्यौ हैन ? अँ, यो कुरा विचारणीय छ । सत्य र आवश्यकताको निकट पनि छ । ल, सूर्यास्त हुनलाग्यो । म पनि उपासनामा लाग्छु ।' पक्षीधरले संवाद टुङ्ग्यायो ।

चराहरूको प्रभाती गायनः चिर्बिर-चिर्बिर, चाइँ-चुइँ, चिरिरीरी चिर्र । साना चरीहरूको उद्‌बोधन संकेतले कामपा ब्यूँझ्यो । सपना छुट्न गएकोमा किञ्चित् विरसिलो मान्यो उसले ।

बिहान घुम्न निस्कने बानीले कामपालाई कहिले सजिलो पार्‍यो, कहिले अप्ठेरो । हिजोसम्म घटेका कैयौं कुरा सम्झन लायक पनि थिए । उसले आफूलाई परार्थमा उत्सर्ग गरेको ठान्यो । कसैको विशेष अनुरोध र अभ्यर्थनालाई कदर गरेको हो भन्ने बुझ्यो । तिर्खाएकाको तिर्खा मेटिदिनु उचित हो भनेर उसले आफूलाई सेवाभावले प्रस्तुत गरेको र अरूकै रुचि अनुसार उत्सर्ग भावले इन्द्रियमन्थन सम्पन्न भएको ठान्यो ।

प्रातःकालीन भ्रमणमा ऊ अतिथि गृहबाट निस्क्यो र उत्तरतर्फ लाग्यो । जिरी खोलाको किनारै किनार चेयर्दुङ् पर्वतको फेदमा पुग्यो । छङ्छङ् बग्ने पानीको ध्वनिमा आफ्नै गतिको लय मिलाएर उक्लिंदै गयो । कुकुर साथै थियो ।

पानीको ललित नृत्यमय गति अब पूर्ण साकार भयो । खोल्सीको ढुङ्गामा बर्की र सुरुवाल थपक्क राख्यो । भित्री गन्जी खोल्यो र झोलाबाट विभूति निकालेर त्यसले गन्जी धोयो । आफैं पनि नुहायो । गन्जीले पुछ्यो र पखालेर बेस्सरी निचोर्‍यो । अनि फड्कारेर लगायो । यो क्रिया उसको दिनचर्या जस्तै रह्यो ।

ऊ जहाँ जान्थ्यो, बर्की, गन्जी, सुरुवाल र लँगौटी शरीरमै हुन्थे । अतिरिक्त साधनमा जुत्ता र कपडाको काँधे झोला हुन्थ्यो । प्लास्टिकको जिपर-ब्यागमा अलिकति विभूति हुन्थ्यो । कुकुर र लाठी वैकल्पिक साथी थिए उसका । उसलाई बुझ्नेहरू भन्थे–

*वेदान्तवाक्येषु सदा रमन्तो भिक्षान्नमात्रेण च तुष्टिमन्तः*
*अशोकवन्तः करुणैकवन्तः कौपीनवन्तः खलु भाग्यवन्तः ।*

यस कथनमा झन्नै साकार हुन्थ्यो– कामपा । फरक यति मात्र हुँदो हो, ती व्रती हुँदा हुन् यो अनियमको उपासक जस्तै देखिन्थ्यो । यायावर लाग्थ्यो र प्रत्येक स्थितिलाई भोग्दै र आत्मसात् गर्दै रहन्थ्यो । फेरि पनि स्वार्थको मात्रा अत्यन्त न्यून थियो भने परार्थको भाव उच्च ! त्यसैले झन्नै असङ्गत र विडम्बना जस्तो, किन्तु त्यस्तो थिएन । उसको चरित्र एक प्रकारले हावामा फर्फराएको खुला पुस्तक भने हुन्थ्यो । ऊ अन्तर्मुखी अवश्य थियो– किन्तु हठी थिएन । सकेसम्म रहस्य र अगम नभएर अर्काको रुचि र आवश्यकतालाई कदर गर्नु उसको कर्म हुन्थ्यो । समस्या जन्माउन हैन, समस्या समाधानका लागि ऊ देखा पर्ने गर्थ्यो । उत्तेजित हुनु र जुध्नु उसको स्वभाव थिएन । ऊ सदैव साथी र सहयोगी भइदिन्थ्यो । त्यसैले पनि होला कहिले कुकुर उसको साथी भयो, कहिले ऊ कुकुरको साथी भयो ।

अरू वेला ऊ आत्मसंवादमा रहन्थ्यो । प्रातः भ्रमणमा आज अम्बुको स्मरणमा रह्यो । अम्बुको समर्पण भाव, प्रणय प्रार्थना, यौवन-विलासका मुद्रा र खण्डित वा अपूर्ण वाक्य-विन्यास, इन्द्रिय मन्थनमा उत्सुकता, समागम विधि र दीर्घकेलिको घर्षणले जे पढायो, सिकायो वा अनुभव गरायो त्यो कामपाका लागि अनिर्वचनीय र अकल्पनीय उपकारको क्षण थियो । यस्तै दृश्य-चित्र निर्माण गर्दाका वेलाका सम्झनाहरूको चर्वणा गर्दै हिंड्यो । चेयर्दुङ्को फेदबाट खोल्सी तरेर पश्चिम पाटोको बाटो हुँदै जिरी हाइस्कूलको लक्ष्य राखेर लम्कियो ।

कर्मचारी आवास, संरक्षित सल्लाघारी, शनिबारे बजारको आँगन, ग्याल्जेन शेर्पाको चमेना पसल, ट्रेनिङ सेन्टर हुँदै दक्षिणतर्फको सल्लाघारीबाट ओर्लेर फेरि जिरी खोलाको किनार समाएर उत्तर लागेपछि– एयरपोर्ट ।

फेरि कुकुर अघि लाग्यो र चेयर्दुङ् अतिथि घरमा पुऱ्यायो ।

झ्यालबाट सूर्य किरण र ढोकाबाट कामपा सँगैसँगै पसे ।

'काम ! म उठ्नै सकिनँ, हेर न । उठ्छु भन्छु, थाकें कि, गलें कि, अल्छी भएँ कि ! नशाले लट्ठिए जस्तै भएँ । मलाई उठाऊ न है, प्लीज !' अम्बुले अनुनय पोखी ।

कामपाको सहयोगले ऊ उठी । फर्केर ओछ्यान हेरी । ऊ आफैं लजाई ।

बाथरूम पुगेर फर्केपछि भनी, 'यो कुकुर पनि भोकायो होला । यसको खाना पनि अर्डर गर्छु, अनि हामी पनि यहीं चमेना गरौं है । अहिले मलाई निस्कने जाँगर नै छैन । मस्त आनन्दको नशा लागेजस्तै भा'छ ।'

चमेनामा बसेपछि कामपाले सोध्यो, 'अहिले कस्तो छ अम्बु ?'

'क्यै भएको हैन नि ! मैले त तिमीले माया गरेर उठाएको आनन्द खोजेको मात्र हो ।' अनि मनमनै गुनी– 'अलिक बढी भएको हो कि ? हिंड्न सजिलो नभएको जस्तै भो ।'

'तिमी केही नभन्दै छ्यौ, भन न । नत्र डाक्टरकहाँ जानुपर्छ कि ?'

'के भन्न जानु डाक्टरकहाँ ? डोज बढी भयो, कति डोज लियौ भन्छ । त्यै भन्न जानु ?' उसले ठट्टामा यथार्थ खोल्न खोजी ।

'मैले बुझिनँ ।'

'किन बुझ्नुपर्छ र ! पर्दैन ।' उसले प्रफुल्ल भएर मनैमन थपी– 'तोङ्बा बढी भो क्यार ! तीन पानी त बढी नहुनुपर्ने हो ! मर्दन र घर्षण अलिक कडा भएको हो कि भन्छु । जीउ दुखेको छ, त्यसैले नि ।' प्रकटमा भनी, 'तातो पानीमा डुबेर आएँ । अब ठीक होला ।'

कामपा सुनिरह्यो ।

उसले मनमनै थपी– 'मलाई त मर्चाको मात लागेको छ । लट्ठिएर यहीं सुतिबसौं जस्तो लाग्दै छ आज । अनुभव नै मीठो छ ।' अर्को प्रसङ्ग जोडेर प्रकटमा भनी, 'मलाई गाडी चलाउने जाँगर पनि छैन । काकीले बाटो हेरिराख्नु भा'होला । भोलि आउँछु भनेर मेल गरिदिन्छु । आज सुतेरै आनन्द लिन्छु । हिउँ पऱ्यो भन्दिन्छु है । आ....ऽऽऽ !

'के अर्को ड्राइभर पाए जाने हो ?'

'त्यति सारो त हैन है । चलाउन सक्छु । तर मजा–आनन्दको नशाले मलाई लठ्याएकै छ । त्यसैले यो नशा चाँडै नभाँडियोस् भनेर पनि हो । छोडिदेऊ यो कुरा । म तिमीलाई एउटा कुरा सोध्छु, भन है ?'

'जानेको भए भन्छु नि !'

'तिमीले मेरो नाभि देख्यौ ? खुलेर भन, म जान्न चाहन्छु । यहाँ हामी बाहेक कुकुर मात्र छ ।'

'किन सोध्दैछ्यौ यो कुरा ?'

'किनभने मेरा साथीहरूले मेरो नाभि विशेष हो भन्छन् ।'

'यो ढङ्गले त मैले ख्याल गरिनँ ।'

चमेना गर्दागर्दै ऊ जुरुक्क उठी र दुई पाइला पछि सरी । लुगा उचालेर सजिलै नाभि देखाइदिई । कामपाले सम्यक् भावले, सम्यक् दृष्टिले, सम्यक् चेतनाले र सम्यक् मैत्रीले हेऱ्यो । नाभिको वरपर पनि हेरेर मनमन भन्यो– 'रोमावलिको विन्यास र नाभिको स्वरूप जस्तो छ त्यो हेरेरै अनुभव गर्न सकिन्छ ।

शब्दमा भन्न, उतार्न सकिन्न । त्यो पोखिन्छ । नष्ट हुन्छ ।' मनमनै थप्यो– 'सबै कुरा तिम्रो नाभिमा नै छ । वरिपरिबाट नाभितर्फ उन्मुख मसिना रेशमी रोमावलिले नाभिको गुण, गरिमा र सौन्दर्यको पोषण गरेका छन् । कोदो रोपेको स्वरूपमा अरू रोमावलि छ अर्कोतिर । गजब रहेछ ।' अनि संयम राखेर भन्यो, 'नदेखाउनु राम्रो, नत्र त्यसले आक्रमण निम्त्याउँछ ।' अनि उसले कागज र पेन्सिल समायो ।

'काकी पनि भन्नुहुन्थ्यो– छोप्नु है मैयाँ, त्यो खतरनाक छ । भर्खरै रोपेको कोदोबारी झन् सारो राम्रो छ उतातिर !'

नारीशरीरको सौन्दर्यको बुझाइमा नारीको मूल्याङ्कन सम्पूर्ण हुँदैन । कमी नै रहन्छ । र पुरुष जुन सौन्दर्य नारीमा देख्छन् शायद त्यो नारीले ठम्याउँदैनन् । पुरुष नारीको कमनीयताको सम्यक् बोध लिन सक्छ र त्यो पनि पूर्णताले । फेरि सुवासको बोध त नारी लिनै सक्तैनन् । सुवासको सौन्दर्यलाई पुरुष यान्त्रिक मापनद्वारा सिद्ध गर्न चाहँदैन । किनभने वास्तविक सौन्दर्य र सुवासको मूल्याङ्कन यान्त्रिक विधिद्वारा पूर्ण हुन सक्तैन । त्यसैले होला कामपाले सोध्यो, 'काकी तिम्रो विग्रहले छर्ने सुवासको बारेमा पनि जान्नुहुन्छ ? सौन्दर्य त भौतिकभन्दा बढी अभौतिक नै होला नि !'

'त्यो त म जान्दिनँ । तर उहाँको आँखामा राम्री छु । उहाँको भावना राम्रो भएर हो कि ?'

'तिम्री काकीले पुरुषभावले हेर्नुभो कि त ? उमेर, परिवेश र रुचिले अनुभव गराउने कुरा हुन् । तैपनि तिम्रो शरीरको बनोट, आयु, रोगन, रोमावलिको विन्यास र बान्कीले रतिलाई पछि पार्दो हो तुलना गर्न सके । यो चाहिं सत्य हो– तिम्रो सुवासले शायदै कोही जोगिएर बस्ला ! कस्तूरी घातक वीना ।' उसले आत्मसंवाद गऱ्यो । किनकि प्रसङ्ग फेर्नु आवश्यक जस्तै भएको थियो । उचित अवसर हेरेर उसले नाभि र त्यस क्षेत्रको चित्र अम्बुलाई देखाएर भन्यो, 'मैले यस्तै सुन्दर नाभि प्रदेश देखें तिम्रो ।'

ऊ लाजले राती भई र आँखाबाट छलिन कामपालाई अँगालो हाल्न आइपुगी । भाव, दृश्य र सन्दर्भमा वाञ्छित ढङ्गले परिवर्तन आयो र दुवैमा प्रचुर अश्वशक्ति आरूढ हुँदै गयो ।

आजको यात्रा स्थगित भयो । स्कूल डाँडातर्फ घुम्न जाने सोच राखेर उनीहरू अपराह्नतिर निस्के । कुकुर पछि लाग्यो । मनग्गे घुमे, हेरे । रमाए । डाँडाको क्यान्टिनमा खाना खान पसे ।

स्कूलमा टिफिनको घण्टी बज्यो । विद्यार्थी क्यान्टिनमा पसे । परिवेश हेरेर कामपाले भन्यो, 'हावा चल्न थाल्यो । अब हामी स्कूल जाऊँ, हेरौं । घम्नु त हो । पुस्तकालय होला । एकछिन त्यहाँ पसौं । आजको बसाइ रोचक हुन्छ, सार्थक पारौं भन्छु । कसो ?'

स्कूलमा पुगेपछि शिक्षकहरूसँग परिचय भयो । प्राथमिक तहसम्म अम्बुले त्यहीं पढेकी थिई । तर धेरै कुरामा परिवर्तन भैसकेको रहेछ । पुस्तकालयमा पस्ने भनेपछि प्रश्न आयो– पुस्तक अथवा कम्प्युटरतर्फ ? कुन कक्षमा पस्ने ?

पुराना पुस्तकहरू पृथ्वीनारायण शाह कक्षमा थिए । यो व्यवस्था आएपछि प्रकाशित सामग्रीहरू योगी नरहरिनाथ कक्षमा थिए । पाठ्यपुस्तक र पत्र-पत्रिकाहरू काजीमानसिंह गुरूङ कक्षमा थिए । गुरूङ कुनैवेला यो स्कूलका हेडमास्टर/प्रिन्सिपल थिए । के भयो कोनि, कुकुर सरासर योगी नरहरिनाथ कक्षमा पस्यो । अम्बु र कामपा त्यतै पसे । वातानुकूलित कक्ष, उनीहरूले आनन्द अनुभव गरे । हावाको प्रताडनबाट जोगिए ।

पुस्तकालयकी प्रमुख आएर विनयभावले भनी, 'म विपुला, यहाँहरूलाई म के सेवा पु¥याऊँ हजूर ?'

'यो व्यवस्था थालिंदा कुनै पुस्तिका, पत्रिका, भिडियो, डकुमेन्टमा कुनै कार्यक्रम, योजना वा नीतिको घोषणा भएको थियो क्यार ! त्यस्तो सामग्री यहाँ हेर्न पाइएला कि ?' कामपाले उद्देश्य बतायो ।

'मेरो बूढो हजूरबुवाको संग्रह थियो । भिडियो रेकर्ड हो । मैले परीक्षा दिंदा एकपटक हेरेकी थिएँ । यो स्कूलको संग्रहमा त्यो आइपुगेको छैन । के गरौं ?' उसले भनी ।

'म कसरी हेर्न पाउँछु ?'

'भोलि म आउँदिनँ, हिउँ पर्छ । छुट्टी गरेको छ । अर्को दिन आउँदा लिएर वा कपी गरेर ल्याउन सक्छु । यदि आजै हेर्ने हो भने म हजूरलाई लिएर जान्छु । उहीं हेर्नुहोला । यहाँबाट एक घण्टा लाग्छ, ड्राइभमा । बाक्लो हिउँ प¥यो भने पर्सि पनि स्कूल छुट्टी हुन्छ । के गरौं ?'

समस्या परेजस्तै भो । दुवै चूप भए । गर्ने के ? भन्ने के ?

विपुलाले फेरि थपी, 'म चाँडै निस्कन्छु । मसँग जाने भए उहीं बस्ता पनि हुन्छ । प्रशस्त ठाउँ छ । चिन्ता छैन । फर्कनै पर्ने भए हेरेर फर्कनुहोला ।'

'काम ! तिमी जाऊ न त । तिमी हेरेर आऊ । म थाकेकी छु । म पर्खंदै रहन्छु । बरु चाँडै जानू, चाँडै आउनू । हिउँ पर्न थाल्नुअघि आइपुग्नु नि !'

'हिउँ पर्न थाल्यो भने आउन मिल्दैन । रातो माटोमा गाडी चिप्लन्छ । फेरि राति । त्यो त सोच्न सकिन्न । फर्कने स्थिति रहेन भने रोकिनु पर्छ नि ! नहुनु नहोस् ! के बिग्रन्छ र !' विपुलाले खुलस्त गरेर व्यावहारिक कुरा गरी ।

'तलसम्म सँगै जाने कि राइडको व्यवस्था गरिदिऊँ ।' अम्बुतिर हेरेर उसले थपी ।

'म आफैं जान्छु । हेर्दै बिस्तारै ओर्लन्छु । आफ्नै ठाउँ हो ।'

'त्यसो भए कुकुर तिमीसँगै रहोस् ।' कामपाले छोटो बोल्यो ।

'तर खै ? कहाँ गयो ? ऐले एक्लै थियो ।'

'आउला, हामी निस्कँदै गरौं ।' निस्केर विपुला प्रिन्सिपल अफिसमा पसी ।

अम्बु र कामपाले कुकुर हेरे, खोजे, बोलाए । देखा परेन । हावाको वेग तेज हुँदै गयो ।

विपुलाले जीप तयार पारी । अम्बुले सङ्लो मनले दुवैलाई बाईबाई गरी । जीप टाढिंदै गयो । उनीहरूले ठोसे पुगेर उत्तर लाग्ने सोच बनाए । खोलातर्फ ओर्लने वेलामा कुकुर देखा पर्‍यो । त्यसलाई टिपेर हिंडे ।

सल्लाघारीको नागबेली बाटो समाएर अम्बु चेयर्दुङ्को गेस्ट हाउसको लक्ष्य गरेर जिरी हाइस्कूलको डाँडाबाट ओर्लंदै गई ।

कल्पनाबाट यौवन-विलासका स्वप्नलीलाहरू, युग्मकेलिका दृश्य र तरुण संवादहरू जोडेर ऊ आनन्दित पनि भई, रोमाञ्चित पनि भई, अनि वेलावेला स्वप्ननायक छलिएको पीडा बोकेर व्यथित पनि भई । जानीजानी उड्न दिएँ कि चरीलाई भन्ने ठानेर आफैंलाई हतमति पनि ठानी । अनि मनमनै गुनी– आज दिनभरि जस्तो टाङ बोकाएर पल्टिरहने तिर्खा थियो । बेकारमा परेवा उडाउन जिरीको डाँडोमा आइएछ । खै ! बुद्धि छोटो त भएकै हो । जसरी भेटियो उसैगरी हरायो भन्नु ? कि के ठान्नु ? ऊ विकल जस्तै भई ।

त्यो जाडोमा पनि उसलाई पीरको पसिना आउन खोज्यो । शरीर र मस्तिष्क तातेको अनुभव भयो । एयरपोर्टको छेउबाट ऊ खोलातर्फ लागी र किनारमा पुगेर ढुङ्गामा बसी । चीसो पानीमा खुट्टा डुबाई । हातमुख धोई पुछी, शीतल अनुभव गरी । सपना केलाई भन्ने र विपना केलाई ? ऊ आफैं प्रश्न तेर्छ्याएर उत्तर खोज्न थाली– कि कल्पनाको संसार नै मीठो हुन्छ ?

साँझ चेयर्दुङ गेस्ट हाउसको लबीमा बसेर तोङ्बा, सुकुटी र चीजका टुक्रा लिंदै ऐनाको झ्यालबाट बाहिरको दृश्य हेर्न थाली । सारा शहर उज्यालो, झिलिमिलीमा रमाए तापनि आज यस वेला उसको मन रमाएको थिएन ।

उसले विपुलाको फोन नम्बर, इमेल लिएकी थिइन । त्यो पनि ठूलो कुरा थिएन । चाहँदा जसरी पनि पत्ता लगाएर संवाद गर्न सक्थी । प्रिन्सिपललाई सोधे थाह नहुने कुरा थिएन । जान चाहे गाडी लिएरै विपुलाको गाउँ पुग्न सक्थी । तर किन ? औचित्य के ? कतै मन नलागे गोठघरकै बाटो लाग्न सक्थी । किन्तु उसले संयम लिई । विवेक हराउन चाहिन ।

जलवायु परिवर्तनले ऋतुचक्र वरपर भएको अनुभव हुन्थ्यो । अघि जिरीमा यो मौसममा हिउँ पर्दैनथ्यो । अहिले पर्न थालेछ । अलिकति पर्दा सारेर उसले रोमाञ्चकारी ढङ्गको हिमपात हेरी । बत्तीको उज्यालोमा हिउँ पर्दाको दृश्य बडो सुन्दर देखिन्थ्यो । युग्म-संवादको खाँचो अनुभव गरेर ऊ भित्रभित्रै व्यथित भई । एक्लोपनले उसलाई पिरोल्दै रह्यो ।

शहर उज्यालै थियो । चहल-पहल हराउँदै गयो । शून्यता फैलिंदै गयो । गेस्ट हाउसको कर्मचारीले सोध्दा 'साथीलाई एकैछिन पर्खन्छु, आइपुग्नु पर्ने हो, ऊ आएपछि कोठामा जान्छु' भन्थी । अघिल्लै दिनदेखि कोठा लिएको हुनाले खासै चिन्ता थिएन उसलाई । एक्लो हुनुपरेको र साथी छुटेको पीडाले मात्रै ऊ कातर जस्ती देखिएकी थिई ।

तोङ्बामा पानी थप्न लगाएर ऊ मुख्य ढोकाको सिसाबाट बाहिर हेर्दै थिई । पार्किङमा आएर एउटा जीप रोकियो । ऊ उत्सुक भई । कपास हिउँ पर्दै थियो । एउटा मान्छेले अर्कोलाई आफ्नै जीपबाट बाहिर निकाल्यो र थाम्दै ढोकातर्फ ल्यायो । उसले ढोका खोली ।

चीसो हावासँगै उडेर हिउँ पस्यो । कुकुर पस्यो र विपुलालाई थाम्दै, आधार दिंदै कामपा पस्यो । यी सबै दृश्य अम्बु नजीकैबाट प्रत्यक्ष देख्तै थिई– आफ्नै अगाडि । त्यसैले उसका मनमा आश्चर्य पस्यो ।

एलिभेटरबाट उनीहरू माथि गए । तोङ्बाहरू उहीं पुगे । कुकुरको खाना पनि पुग्यो ।

बिहान उघ्रियो । झलमल्ल घाम लागे । मान्छे रमाए । चहल-पहल शुरू भो । कुकुर पनि घुमफिर गरेर कामपासँगै भित्र पस्यो । वातावरण रमाइलै थियो ।

फोन आयो । डाक्टर र नर्स आएको जानकारी पाएर विपुला लबीमा पुगी । मेडिकल हिस्टोरीका आधारमा चिकित्सकको सल्लाह थियो– यो एलर्जी मात्र हो । सुरक्षा कवच लगाउनुपर्छ । तर सबै वेला जरूरी छैन । 'बाँकी सिस्टरले सम्झाउनु हुन्छ' भनेर चिकित्सक सऱ्यो ।

विपुला अल्मलिई । केही बुझी, केही बुझिन ।

'नारी शरीरको गुण, प्रकृति, क्षमता वा धर्म उस्तै हुँदैन । अलिकति फरक पनि हुन्छ, त्यो फरक तपाईंको शरीरमा देखिन्छ । त्यसैको प्रभाव हो यो ।' नर्सले खुलेर भनी ।

'मैले राम्रो बुझिनँ । खुलस्त भन्नु न सिस्टर ।'

'मेम, तपाईंले आफ्नै प्रेमीसँग हिजो सहकार्य गर्नु भयो । तपाईंको शरीरले उसको वीर्य सहेन । पचाएन । त्यसैको असर हो, रियाक्शन हो । तपाईंको शरीरको प्रकृति फरक छ । उसको वीर्यको गुण-धर्म फरक छ । कि दुवैजनाले उपचार थाल्नुपर्छ, कि पोशाक अनिवार्य लगाउनै पर्छ । किनभने तपाईंको प्रेमीको वीर्य तपाईंको स्वास्थ्यको लागि हितकर छैन ।' चिकित्सकको निर्देशन अनुसार नर्सले सत्य सम्झाई । अनि सन्दर्भको उपसंहार गर्दै भनी, 'अरूसँगको सहकार्य स्वास्थ्यवर्द्धक होला भन्छु । त्यस्तै कामना गरौं ।'

कुकुर आयो । अम्बु र कामपा पनि आए । सामान्य संवादपछि चिकित्सक र नर्स निस्किए ।

विपुलालाई केन्द्रमा राखेर अम्बु र कामपाले चमेना कार्यक्रमको आयोजना गरे । कुकुर पनि प्रसन्न देखियो ।

प्रसङ्ग मिलाएर विपुलाले भनी, 'आज र भोलि स्कूल छुट्टी भएछ । मैले मेल हेरें । बस चल्यो भने बाटो खुल्छ । म पनि बिस्तारै बाटो लाग्छु ।'

'एक दुई घण्टा आराम गर्नू, अनि जानु नि हुन्न ?'

'हुन्छ, तर एक शर्त छ ।'

'कस्तो शर्त ?' अम्बु र कामपाले उत्सुकता देखाए ।

'खानाको पे म गर्छु ।'

'बिरामीको खाना खान पाप लाग्छ नि ! कसरी तिराउनु ?'

'म त कमाइ गर्छु नि, जागिर खान्छु ।'

'अम्बु, तिमी पनि व्यापारी हौ नि, हैन र ! बरु म पो बसी खाने साँढे भा' छु ।'

यस पटक तीनै जना मरीमरी हाँसे ।

बुझे झैं गरेर कुकुरले पनि पुच्छर हल्लायो ।

तरुण पुरुषको लोमवान् शरीरसँग अघाउञ्जेल खेलेको कल्पनाले अम्बु परितृप्त देखिई अनि रतिक्लान्ताको भाव-मुद्राले आत्मसुख अनुभव गर्दै पल्टिई । कामपाले पनि उसको लागि सुखद विश्रामको कामना गर्‍यो र बिस्तारै अन्तर्मुखी हुँदै गयो । मन, स्मृति र दृष्टि उसको शरीरबाट निस्किएर विपुलाको घरमा पुग्यो । शरीर

विपुलासँगै थियो । दुनियाँ सुतेका वेला ज्ञानीजन जाग्रत रहन्छ भनेको स्थिति हो कि ? कामपा जहाँ थियो त्यहाँ थिएन ।

सलाम काजी भन्दै थियो– 'आउनुहोस्, स्वागत छ यहाँहरूलाई ।'

ऊ चिनाउँदै गयो– 'यो गुरु गोरखनाथको पीठ हो । यो चाहिँ गोरखकालीको शक्तिपीठ हो । र यसतर्फ चाहिँ कुमारी (माता देवी) हुनुहुन्छ । हामी आशीर्वाद ग्रहण गरौं ।'

अर्कोतर्फ देखाएर भन्यो, 'यो हाम्रो राजमुकुट हो । यो चाहिँ राजदण्ड हो । यो हाम्रो राजसिंहासन र खड्ग । अनि यो हाम्रो झण्डा । पङ्क्तिबद्ध भएर आउँदै जानुहोस् । यसतर्फ आएर स्थान ग्रहण गर्नुहोस् ।' सूचना भनौं या सम्बोधन, एउटा सानो अर्को प्रसङ्ग जोडेर उसले भन्यो, 'म यहाँहरूको स्वागत गर्दछु ।' अनि आफ्नो बारेमा यति मात्रै भन्यो, 'म चाहिँ सलाम काजी हुँ ।'

उसले थप्यो, 'यो सभा सञ्चालन गर्ने दायित्व ममाथि छ । सूचनामूलक शैलीले प्रस्तुत हुन चाहन्छु । यहाँ हाम्रो समाजका प्रत्येक एकाइबाट दुई-दुई जना सदस्य गृहीत हुने छन्– गौरी र शङ्कर अर्थात् सुन्दरी र सुन्दर । तिनले आफ्नै समुदायबाट छानिएर आउनुपर्ने छ । आफ्ना कुरा आफ्नै भाषामा भन्न सकिने छ । दोभाषेको व्यवस्था छ ।'

'सुन्दर, बहुत सुन्दर । सबै जातिको प्रतिनिधित्व रहेछ यो सभामा ।' कामपाले अप्रत्याशित ढङ्गले बोल्यो । शायद उसको प्रतिक्रिया थियो ।

उसको रोमावलिमा पसेर थाह नपाए जस्तो गर्दै मन्द-मन्द घुम्ने-खेल्ने औंलाहरूलाई स्थिर गरेर अम्बुले सोधी, 'के भो ? कि तिमी एक्लै बोल्छौ ?'

सलाम काजीको कुरा सुनेर ऊ मनमा कुरा खेलाउँदै थियो । त्यसैले उसले यति नै भन्यो, 'राजमुकुट, राजदण्ड, झण्डा, राजसिंहासन, खड्ग हुनु र राजाको अस्तित्व नदेखिनुको स्थितिबारे सोच्दै थिएँ ।'

'सार के निस्क्यो त ?'

'के निस्किनु ! मनमन मन्थन चल्दै थियो नि ! अब आउने राजा कस्तो होला ? देवत्व प्राप्त गरेको होला, ऋषिकल्प होला वा उपनिषद् पुरुष नै होला कि ? योग्यता परीक्षा विना कसरी स्थानपूर्ति होला त ? एक मनले ठान्छु– विग्रहवान् राजा पनि त प्रतीक नै हो नि मानव शरीरमा सन्निहित चेतनाशक्ति र आरोपित देवत्वको ! राजा तयार गर्न नसके राजमुकुट, राजदण्ड, राजसिंहासन, खड्ग र झण्डाले राजकीय सत्ताको स्रोत र अस्तित्व सञ्चार गर्न सकिन्छ र ? म यस्तै कुरा गुनेर अल्झिएको थिएँ ।'

'तिमी अल्भm यस्ता कुरामा, म तिम्रा कुरा बुझ्दिनँ र यस्ता कुरामा अल्मलिनु पनि छैन ।' अम्बुले छोटो टिप्पणी दिई र ऊ फेरि युवा शरीरको सघन रोमावलिमा खेल्ने चेष्टामा लागी । किन्तु ऊ अकम्पित, निश्चल रहिरह्यो ।

'काम ! अब निदाउने हैन ? के सोच्तै छौ ?'

'पद र शक्तिले अराजक स्थिति ल्याएको हिजोको इतिहास हेरेर आज सतर्कता अँगालिएको होला भन्ने सोच्दैछु । कम्प्युटर, तथ्याङ्क, इतिहासको अभिलेख सबै कुरा सुरक्षित हुने भएपछि फरक के भो र ? नीति, निर्देशन, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र परिणाम सबै नागरिकद्वारा उपभोग गर्न थालेपछि कुरा सकियो नि ! न बिचौलिया पस्न पाउँछ, न हिसाब हराउँछ, न विलम्ब हुन्छ, न कमजोर ! सम्पूर्ण कुरा पारदर्शी छ । मिलाउने, माथि र आफ्नै जस्ता सांकेतिक शब्द त्यसै अलप हुने भए लुटेराको भीडबाट !'

'विपुलाको घरमा गएर पढेको-बुझेको कुरा त गर्दै छैनौं काम ! तिमी ?'

'हो, यतिञ्जेल भनेका कुराको स्रोत विपुलाको संगत नै हो नि ! त्यहाँ पुगेपछि मैले जे हेरें, पढें, देखें, बुझें, त्यसैको सार तिमीलाई सुनाउँदै छु । एउटा समन्वय विभाग छ । त्यो चाहिं गजबै छ । म उदाहरण दिन्छु– सडक, ढल, पानी, बिजुली, टेलिफोन र ट्राफिकको व्यवस्था एकैपटक एउटैले गर्ने भो । अथवा, एउटा विमान-यात्रीले एयरपोर्टबाट बाहिर आउँदा कुनकुन मन्त्रालयका गेट पार गरेर आउनुपर्छ, त्यसको समन्वय गरेर उसलाई सजिलै बाहिर निस्कन सक्ने बनाइदियो ।'

'तिमी त मलाई म्यानेजमेन्ट, इन्जिनियरिङ र ट्राभलिङ पढाउन थाल्यौ नि !' अम्बुले मधुर व्यङ्ग्य मिसाएर रमाइलो गरी ।

'यस्तो चाँडो र वैज्ञानिक ढङ्गले विकास हुनाको कारण के रहेछ ?' उसले प्रश्न गरी ।

'जनतामा आएको चेतना, ज्ञान, दक्षता, हिम्मत र समयबोध हो रे ।' कामपाले भन्यो ।

'त्यो त मै भन्छु नि । जनताबाट विकास निर्माणको माग होस् । सुविधा र सहुलियतको चाहना होस् । योजना आओस् भन्ने नीति राज्यको थियो । माग आउनासाथ विज्ञको टोली पुग्थ्यो । अध्ययन गर्थ्यो, प्रतिवेदन पेश गर्थ्यो । डीपीआर तयार गरेर योजना पास हुन्थ्यो र विज्ञ-प्रविधिज्ञ औजार उपकरण सहित हाजिर भएर काम थाल्थे । स्थानीय जन श्रममा पुग्थे । निश्चित बजेट र तोकिएको समयमा काम पूरा हुन्थ्यो ।'

'हो त ?'

'हो नि ! न राजनीति, न ठेकेदार, न टेन्डर, न तोक आदेश, न कुनै व्यवधान, न बेरूजु ! मौसमको बाधा सामान्य कुरा हो । आज पनि यस्तै चलन छ । कुनै काम लथालिङ्ग र निर्माणाधीन भएर बेखबर रहेको देखिंदैन । अघि त ३०/३० वर्षसम्म योजना पूरा हुँदैनथे रे । मेलम्चीको कथा त्यस्तो हो भन्थे– हाम्रा सरहरूले । मन्त्री हुनेले कति ठेकेदार र कति बजेट सके त्यसको हिसाब छैन भन्थे ।'

'त्यो त हिजोको विधान र व्यवसायको कुरा होला ।'

'त्यसै होला । अब के गर्ने ।'

'अब के गर्ने ?'

'तिम्रो शरीर एकदम आगोजस्तो छ । त्यसैले झ्याल खोलें । अब बन्द गर्छु । निदाउनु पनि पर्छ । पख ।' अम्बु उठेर झ्याल बन्द गर्न गई । उसको शरीर र पोशाकले उसलाई ब्याडमिन्टनको खेलाडी हो कि भन्ने भ्रम छर्थ्यो । छिटी, छरिती, कृशकाय, त्यसै रहरलाग्दी, चञ्चल । कामपा अम्बुलाई एकोहोरो हेर्दै रह्यो । ऊ यौवनको छवि र अभिनय छर्दै चलायमान देखिई ।

◆◆

# दूधपोखरीमा गौरीशंकर

बिहानको चमेनामा बसेका वेला अम्बुले कामपाको अनुहार पढी, आँखा पढी, आङ्गिक अभिनय बुझ्ने चेष्टा गरी । ऊ बिल्कुल क्रियाहीन थियो । कतै भित्रै हराएको जस्तो उदासीन प्रतीत हुन्थ्यो । लाग्थ्यो, वाणी छैन । कुनै गम्भीर चोट भोगेको छ उसले । उद्विग्न !

उसले कुकुरतर्फ हेरी । त्यसले पनि खानेकुरा खाएको थिएन । यो बोल्ने भए के भएको हो भन्दो हो । आज एकदिन एकछिन वाणी पाए हुन्थ्यो यसले । राम्रै थाह हुनुपर्छ यसलाई, यो पनि घुम्न गएको थियो– सखारै ! केही त बुझेकै हुनुपर्छ यसले । अम्बुले मनमनै कुरा खेलाई, आत्मसंवाद गरी, अनि प्रकट भई, 'काम ! कता अल्मलियौ ? फर्क । चमेना लेऊ न ! कुकुर पनि पर्खंदै छ ।'

'ए, अँ । भन्छु नि !' उसले चमेना लियो । कुकुरले पनि खान शुरू गऱ्यो । अम्बु पनि मनमा प्रश्न र सन्देह जन्माएर चमेनामा केन्द्रित भई ।

वातावरणलाई सजिलो बनाउने ध्येय राखेर कामपाले भन्यो, 'यहाँबाट त रज्जु-मार्ग (रोपवे) पनि छ क्यार । दूधपोखरी जाने होइन ?'

'होला, हुनुपर्छ । म खोजौं है त ! एकैछिन । तिमी चमेना लिंदै गर ।' ऊ फोनमा खेल्न थाली । कामपा चमेनामा लाग्दै गयो ।

'रोपवे चल्दै छ । ओर्लेपछि झन्नै दुई माइल हिंड्नुपर्छ । घोडा, खच्चर चढे पनि हुन्छ । हिउँ त्यता कत्तिको छ भन्न सकिन्न । एक झर पानी परे बाटो सजिलो हुन्थ्यो कि भन्छु । त्यहाँ पुग्नै पर्ने वा जानै पर्ने हो र ?'

'यत्रो घुमियो । दूधकुण्डमा एक पटक निमज्जन गरौं भनेर नि ! त्यसै मनमा औडाहा भरिएको छ । शमन हुन्थ्यो कि भन्ने पनि हो ।'

'यहाँबाट सीधै दूधपोखरी पुग्ने सडक पनि छ तर एकतर्फी । म एक पटक बुबासँग गएकी थिएँ । बाटो सजिलो भैसकेको थिएन । ढुङ्गा पल्टाउँदै, जीप ठेल्दै पुगेका थियौं । आजभोलि त बनिसकेको हुनुपर्छ । हिउँले पो

के गर्छ ? तर त्यो बाटोमा यो जीप चलाएर जान सक्छु जस्तो लाग्दैन मलाई । जाने नै भए जीप यहीं पार्क गरौं, रज्जु-पथबाटै जाऊँ कि ? तिमी निर्णय लेऊ न ।'

'मेरो एउटा प्रस्ताव छ । तिमीले मान्यौ भने हुन्छ ।'

'कस्तो ?'

'मलाई रोपवेबाट जान देऊ । तिमी गोठघर जाऊ । काकी सुर्ताउनुभएको होला ।'

'यदि दूधपोखरी पुग्न हतार छैन भने गोठघर पुगौं । काकीलाई भेटौं । अर्को दिन आफ्नै जीप चलाएर जाउँला ! के भन्छौ ?'

'छैन, खासै हतार छैन । तर त्यहाँ पुगेपछि तिमी काममा बाँधिन्छ्यौ । फेरि फुर्सत पाइन्न कि ?'

'त्यस्तै हो भने जोमोलाई अनुरोध गर्छु नि ! काकीले पनि भन्नुहुन्छ । त्यो कुनै समस्या होइन ।' अनि मनमनै गुनी– 'मनको औडाहा पालिराख्न भन्नु ? ठीक होइन कि ?' अनि प्रकटमा भनी, 'काम ! तिमी नै भन, जे गर्दा सजिलो र सुविस्ता हुन्छ त्यसै गरौं । यहाँको भूगोल, बाटो र दूरीको थोरै जानकारी त मलाई छ, किन्तु तिम्रो मानसिक यात्रा बारे म जान्दिनँ, तिम्रा साथमा हुन्छु । बल पुऱ्याउँछु । बाधा पुऱ्याउँदिनँ । यो मेरो वचन भो ।'

"शरीरभन्दा मन डुबाउन आवश्यक भो दूधकुण्डमा । यी बाला जे भन्छिन्, सत्य भन्छिन् । मनको औडाहा हो, मनकै गङ्गामा किन नपखाल्ने ?' कामपाले आत्मसंवाद गऱ्यो ।

कुकुर खुशी देखियो । गाडी दूधपोखरीतिर लाग्यो ।

नाम्दुको फाँटमा पुगेर अम्बुले गाडी रोकी । आकाश खुलेको थियो । छेउको पसलमा हल्का चमेना चल्यो । अम्बुका आफन्तको पसल भएको हुनाले, बाटो भए तापनि घरेलु व्यवहार लाग्दथ्यो ।

चमेनामा अल्मलिंदै अम्बुले भनी, 'आज तिमी त्यति प्रसन्न देखिंदैनौ । तिम्रो निदार अलिक गाँठो परेको देख्छु नि ! बाटो घुम्यो भनेर हो ? जिरीबाटै दूधपोखरी जाने विचारले तिमी बाँधिएका थियौ क्यार ! त्यसैले तिमी अप्रसन्न देखिएका हौ कि ?'

'तिमी त प्रसन्न छौ, हैन ?'

'म त प्रसन्न छु । तिमी कारण जान्न चाहन्छौ, किन ? रमेशसँग सहकार्य गरेपछि अर्को दिन बिहान इन्द्रमाया जति खुशी थिई (तीन घुम्ती) आज म पनि त्यत्तिकै खुशी छु ।'

रमेशको चञ्चलता र इन्द्रमायाको योजनाबद्ध संयोग र सहकार्यको साधनाको तुलना त हुन सक्तैन । अझ चौर्यरतको विशेष महत्त्व राख्ने क्षण थियो त्यो । युग, स्थिति र बाटो बिल्कुल फरक थियो त्यो वेला । आयुदशा पनि फरक र स्वार्थ पनि फरक । अम्बुले इन्द्रमायाको अवस्थालाई केवल प्रसन्नताको सन्दर्भबाट टिपी र आफैँमा आत्मरति लिई ।

कुकुर आफ्नो खाना खान एकोहोरो ढङ्गले लागेको थियो । त्यो दृश्य हेर्दा हेर्दै ऊ निकट अतीतको अनुभवको चर्वणा गर्न थाली । त्यो वेला अलिकति उत्सुकता थियो, अलिकति भय थियो । थोरै पीडा पनि थियो । आनन्द पनि । अपूर्व अनुभव र नौलोपनको स्वाद पनि । लज्जा हैन, संवेगमय प्रणय थियो । एउटाले अर्कोलाई जित्ने स्पर्धा थियो, सम्पूर्ण प्रदान र ग्रहणको सन्तुलित उत्तेजना थियो । एउटाले अर्कोलाई सन्तुष्ट राख्ने प्रक्रिया थियो । विधि र कौशलको निश्छल योग थियो । वास्तवमै सुरतको लागि ललित क्रीडा थियो । भिन्नभिन्न भावमुद्रा र शास्त्रीय पद्धतिका सम्पुट जोडेर गरिने इन्द्रिय मन्थनको अविश्रान्त चर्यालाई सम्झनाबाट तानेर ऊ लाजले खुम्चिई र एक्लै खित्खित हाँसेर शिथिल भई । उसको अनुहारमा रङ्ग परिवर्तन भो । अर्कोतिर घुमेर ऊ पारि चरिकोटतर्फ हेर्न लागी । सूर्यको उज्यालोमा दोलखा-चरिकोट चम्केको देखिन्थ्यो-नाम्दुको डीलबाट ।

थकाइ र लज्जा जोडेर ऊ फेरि साबिककै ढङ्गले फर्की । उसको अनुहार पढेर कामपाले सोध्यो, 'तिमी शिथिल देखियौ नि ! के भयो ?'

'मनमा त्यस्तै के के कुरा आए त्यसैले । अरू खासै हैन ।'

'तिमी गाडी चलाउन त सक्छ्यौ ? गाह्रो भए भन, विकल्प सोच्नुपर्छ । चालकले सावधान त हुनै पर्छ नि । मलाई के हुन्छ त्यसको चिन्ता नगर । म आफ्नै विषयमा सोच्तिनँ र यस्तो हुनुपर्छ भन्ने पनि छैन । जे पर्छ त्यो गर्दै जा, भोग्दै जा, बस् यात्राको महत्त्व यसैमा छ । तिमी आफ्नै बारेमा सोच, सजिलो भए मात्र चलाऊ ।'

'मनको कुरा भनौं ?'

'भन न ।'

'मैले त अर्कै कल्पना गरें । त्यो पनि कल्पनै होला जस्तो छ ।' कामपा अम्बुको कुरा सुनेर उत्सुक भयो ।

'मैले कल्पना गरें— म पेसिन्जर सीटमा बसेकी छु, तिमी गाडी चलाउँदै छौ । तिमी कुरा गर्दै पनि छौ । म अँमा अँ सार मिलाउँदै छु । तिमी सावधान भएर यो पहाडको घुम्ती बाटोमा हाँक्तै छौ अनि म चाहिं निद्रा र आनन्दले लट्ठिएकी

छु रे । अनि मेरो निद्राको कामना गरेर एकैछिन गाडी रोक्थ्यौ रे । फेरि पानीले मुख पुछेर हिंडेपछि तिमी बारम्बार मेरो सौन्दर्य देखेर हराउन खोज्थ्यौ रे । अनि म भन्थें रे– मलाई जति हेर्नु छ भरे हेर्नू, अहिले बाटो हेरी गाडी चलाऊ न है । बस्, यस्तै कुरा चलचित्र जस्तै गरेर कल्पनामा चल्दै थिए ।'

'यसको अभिप्राय मैले गाडी चलाए हुन्थ्यो भन्ने तिम्रो कामना हो । यदि औचित्य र आवश्यक देखिए तिम्रो कल्पना यथार्थमा नै परिणत हुन सक्ला कि !'

यस पटक अम्बुले नजरको तीर मारी । लाग्थ्यो, ऊ प्रचुर आत्मविश्वासले भरिएकी छ । ऊ चाहेको कुरा गर्न सक्छे । खोजेको कुरा पाउन सक्छे । मन नलागेजस्तो शैलीमा गाडी चलाएर चरीकोट पुऱ्याई । शायद ऊ अभिनय गर्दै थिई । किनकि सुरत-सुखको आनन्द बाहेक आलस्यको कारण अर्को थिएन शायद । गत रात परिभुक्त यौवनलीलाको सम्झनाले चञ्चल र अलस बनाउनु सम्भव थियो– मनमा उत्साह र तनमा ऊर्जा थपेर ।

'सुम्पिएको सुख कि निम्त्याएको सुख ? मैले आफूलाई सुम्पिएँ कि उसलाई निम्त्याएँ ? मैले उसको प्रहार थामें, मेरै श्रेष्ठता हो, हैन ? प्रहार गर्न लगाएँ, यसमा मेरै श्रेष्ठता हो ।' उसले सोचाइलाई निरन्तरता दिई– 'उसँग मेरो चीज छ, त्यो मेरै लागि हो । त्यसलाई उसले जतन गरेर राखेको छ किन नभन्नु ? के ऊ एक्लै उपयोग गर्न सक्छ त ? यस्तो लाग्छ, हामीले आफूलाई चाहिने अङ्ग ठाउँ साटेर राखेका छौं– नासो जस्तै । एक अर्काको सहायता विना तिनको कुनै सार्थकता देखिंदैन । कस्तो मिल्ने गरी छुट्ट्याएर मिलाएको छ हकि ?' आत्मकथन सकेर उसले एक पटक लामो हाई लिई अनि थपी, 'अब त दिन चाँडै छोटिए हुन्थ्यो नि !' तोङ्बा तान्दै उसले थुप्रै कुरा गुनी ।

चरिकोटको कालिञ्चोक रेस्टुराँको आँगनमा लगेर अम्बुले गाडी रोकी । भोजनको वेला थियो । उनीहरू निर्दिष्ट टेबुलमा बसे । खानाको अर्डर गरे । ऊ प्रसाधन-कक्षतर्फ लागी ।

कामपाले अम्बुको टेलिफोन समाएर भन्यो, 'एकछिन न है !'

अम्बुले भनी, 'कसैलाई कल गर्नुपर्ने भए गर । यहाँ पनि अमेरिकाकै जस्तो हो– तोकिएको रकमले जति कल गरे पनि हुन्छ । दुई महीनामा रकम तिर्ने हो । अटो पे नै हो । मैले त नगर्दै नगर्दै कति कलहरू त्यसै खेर जान्छ । दुई-चार कल त विदेशतिर गरे पनि हुन्छ । पहिले त छिनछिनमा पैसा सकिन्थ्यो रे । अहिले त्यस्तो छैन । भन्छन्, फोनबाट जनता सारै लुटिएका थिए रे उवेला । राज्यको नीति नै जनतालाई लुट्ने र अँध्यारोमा राख्ने थियो रे । व्यवस्था सही

भएर हो, नीति सही भएर हो, प्रशासन सही भएर हो या हामी ग्राहक सही बाटोमा हिंडेर हो– मैले आजसम्म फोनबाट समस्या भोग्नु परेको छैन । न इन्टरनेट, न बिजुलीबाट, न सडक यातायातबाट ।' फेरि थपी, 'तिमीले खान बिर्स्यौ नि ! सेलाउँछ ।' भनाइमा स्नेहको सुवास थियो ।

'तिमी थप न ।'

'मैले लिइसकें । पुग्यो नि !'

अम्बुलाई फोन फिर्ता दिँदै भन्यो, 'मैले हेरिसकें । समय लाग्छ । छिटो गर्नुपर्छ । ठाउँठाउँमा रोपवे स्टेशन पनि भेट्छ सडकले । शीघ्रताको लागि बीचबाट रोपवे लिए पनि हुने रहेछ । अब एकछिन जाँगर चलाएर जानुपर्छ । पुगिहाल्यो, फर्किहाल्यो ।' भनाइमा परिवर्तन ल्याएर थप्यो, 'कि जाँगर छैन गाडी चलाउन ? त्यसो हो भने चालकको व्यवस्था गर्नुपर्छ कि ? के भन्छ्यौ ?'

'पहिले दूधकोशी बैंक पुगौं । एटीएमबाट रकम निकाल्छु । ड्राइभरलाई दिनुपर्ला नि !'

'ओके । त्यहाँसम्म त मै लिएर जान्छु तिमीलाई । तिमी निकै थाकेजस्ती छ्यौ ।'

बैंकबाट रकम झिकेपछि दूधपोखरीको लागि नेभिगेशन लगाएर कामपाले गाडी हुर्‍यायो । लाग्थ्यो, ऊ अभ्यस्त चालक हो । पहाडका घुम्ती र उकाली ओरालीमा बाटो काट्न ऊ कुशल ठहरियो । दूधकोशीको किनार भेटेपछि गाडीले सक्तो गति लियो ।

नदी किनारको बरको चौतारीमा तन्नेरीहरूको जमघट देखेर गाडी रोक्यो । ८/१० घरको स–सानो बजार पनि भर्खरै सकिंदै रहेछ । ग्रामीण युवायुवती दोहोरी–गीतमा जमेका रहेछन् । अम्बु र कामपा पनि श्रोता–दर्शक हुनपुगे । दोहोरी चल्दै रह्योः

*हाम्रो बाउलाई हलीको खाँचो छ*
*आइजाऊ च्याङ्बा गैरीखेत बाँझो छ ।*
*बाँझो फोर्‍यो अर्कैले खेतमा*
*मैच्याङ् यतै बसेर हैरान ।*
*कस्तो कुरा बोल्दै छ सोल्टीले*
*धर्म छोडे के हुन्छ मान्छेले ?*
*धर्म फेरी म अर्को भैगएँ*
*थुँबा जस्तो सबैको भैसकें ।*

दोहोरी–गीतको रमाइलोमा बिताएको समयको क्षतिपूर्ति गर्दै कामपाले टुङ्गोमा गाडी पुऱ्यायो । त्यहाँबाट झन्नै एक माइल हिंड्नुपर्ने भयो । अस्थायी पसलमा चमेना च्यापेर हतार गर्दै हिंडे ।

कुकुर अघि लाग्यो ।

दूधपोखरीको किनारबाट हेर्दा उत्तरतर्फको उन्नत हिमश्रृङ्खलाको छाया पोखरीको जलमा छर्लङ्ग देखिन्थ्यो । अम्बु र कामपाले सँगै उभिएर त्यो दृश्य हेरे । वरिपरि पर्वतमालाको बेरा लागे जस्तो– साँगुरो निकास ।

कामपा रोमाञ्चित देखियो । उसको मुद्रामा परिवर्तन आयो । उसका आँखा निश्चल पोखरीमा डुबेका थिए । अम्बु यो लक्ष्य गर्दै थिई । ऊ स्थिर थियो । अम्बुले छोएर भनी, 'के भो तिमीलाई ? घाम डुब्न लागे नि !'

'पख, म एक पटक प्रवेश गरौं– कामना नै यही हो ।' बर्की र सुरुवाल गेगरमाथि राखेर भित्री गन्जीसँगै दूधपोखरीमा पसेर डुबुल्की माऱ्यो । गन्जी खोल्यो, आङ् पुछ्यो, धोयो र जोडसँग निचोऱ्यो । झड्काऱ्यो र फेरि लगायो । अनि सोध्यो, 'तिमी पनि निमज्जन गर्ने हो कि ?'

अम्बु यो दृश्य निर्निमेष हेर्दै थिई । भनी, 'चीसो छैन ?'

'चीसो छ नि, तर प्रवेश गरिसकेपछि चीसो हराउँछ । जीउ त्यसै रनक्क रन्केर आउँछ । जाडोको अनुभव नै हुँदैन ।'

सूर्यास्तको समय थियो । सुनौलो आभा खुलेको थियो । लाग्थ्यो– हिमशिखरबाट स्वर्णिम आभा हट्नासाथ धरतीमा कालिमाले प्रवेश लिन्छ । त्यसैले गर्नुपर्ने जति कर्म सत्वर गर्नुपर्छ ।

दूधपोखरीको जलको स्पर्श, अभिषेक र आचमन गरेर अम्बुले त्यहाँ आउनुको औचित्य देखाई ।

यात्रुहरू फर्कंदै गए । हतार थियो सबैलाई । वासको चिन्ता थियो । भन्दै गए– 'कावातिर पुग्न सके ओडार छन्, त्यहाँ छाप्रा छन् । दाउरा, मूढा पनि छन् । आगो ताप्न पनि मिल्छ । साँझ पऱ्यो । वास बस्न त्यतै जाने हो कि ?'

'हो, हुर्रिएर गयो भने त गाडीसम्म पुगिएला । त्यहाँ पसल पनि छन् । तर बाटो सजिलो छैन । कुकुर हुनेलाई त सजिलो होला कि ?'

अम्बुको भित्री लुगा रातो थियो । रातो वस्त्र, रातो फूल, रातो चन्दन, रातो अक्षता त्यहाँ वर्जित थियो । त्यहाँको शेर्पा संस्कृति यस अर्थमा सीमाबद्ध थियो । अम्बुले दूधपोखरीमा स्नान नगरेकोमा अरू यात्रीले अम्बुलाई वस्त्रले रोकेको होला

भन्ने अर्थ बुझेको हुनुपर्छ । त्यो सरल र व्यावहारिक बुझाइ थियो । किन्तु कामपा कारण र कार्यको सङ्गति जान्दैनथ्यो ।

अम्बुले सामान्य ढङ्गले गुनी– अलिक हतार गरेर आइएछ कि ! त्यस्तो तयारी र योजना थिएन । सबै कुरा झटिति र आकस्मिक जस्तै भयो । पोखरीमा स्नान गर्न मिलेन । त्यसैले अभिषेक लिएर फर्कनुपर्ने भो । ऊ जान्दथी, उसको रातो रङ्गको पेन्टीले उसलाई स्नान गर्न बाधा पुऱ्याएको हो । त्यसैले पञ्चस्नानबाट कर्म पूरा गरेकी हो ।

रातो रङ्गको वस्तुको प्रवेश वा प्रयोग दूधपोखरीमा वर्जित किन ? यस प्रश्नको उत्तर वैज्ञानिक नभए पनि वस्तुगत छ । यथार्थ र घटित दृश्यहरू यो पोखरीसँग जोडिएका छन् । त्यहींबाट उत्तर सञ्चित गर्न सक्ने आधार छन् । त्यहाँको शेर्पा समाज आज पर्यन्त सो आस्था र परम्पराको निर्वाह गर्दै आएको छ र अरूलाई पनि अनर्थबाट जोगाउन सफल रहेको छ । जसले त्यो विश्वास र परम्परा तोडेर हठ गऱ्यो त्यो दुर्घटनामा पऱ्यो भन्ने कथा पनि संस्कृतिकै उपाङ्ग र दृष्टान्त कथा भएर आएको छ । किम्वदन्ती होइन । विधर्मी विदेशीको रातो नौका डुबेको घटना इतिहासको झिल्का हो– कल्पित थिएन ।

'मलाई थोरै समय देऊ । म ध्यान गरिहालौं । यो सुयोग हो । चुक्नु हुँदैन ।' कामपाले अनुरोध संकेत गऱ्यो ।

समय र सन्दर्भ नबुझे जस्तो गरेर अम्बुले बुझी ।

प्रत्येक क्षण बित्तै थियो । विलम्ब हुँदै थियो । अँध्यारो फैलने स्थिति आउँदै थियो । लोकविश्वास भन्थ्यो, 'लेकको घामले कतै पुऱ्याउँदैन ।' त्यसैले अम्बु विमूढ देखिएकी थिई ।

अम्बुको अनुहारको वर्ण पढेर कामपाले भन्यो, 'अरू पनि यात्रु छन् । अरू जसो गर्छन्, त्यसै गरौंला । तर समूहबाट छुट्टिएर बस्न हुँदैन । गुफाको वास होस् या जङ्गलको या कटेरा-छाप्राको, त्यसले क्यै फरक पर्दैन । एकैछिन त हो झिमिक्क, फेरि मिलिक्क उज्यालो भैहाल्छ । व्यर्थ सन्ताप गरेर विचलित हुने समय होइन ।' अनि आफ्नो खास्टो अम्बुलाई ओढाइदिएर त्यहीं बसायो र भन्यो, 'अब जाडो नहोला । म ध्यान सकिहालौं न ।' कुकुर अम्बुसँगै ढेपिएर बस्यो ।

साँझपख एउटा पोके यात्री अत्यन्त वेगले ओरालो लाग्यो । ऊ हतारमा देखिन्थ्यो । आमाले आफ्नै ओढनीको झोलुङ्गोमा बालकलाई बेरेर पिठ्यूँमा बोके जस्तै गरेको त्यो जवान यात्रीले बाटामा धेरैलाई उछिन्यो । उसको द्रुतगमनले योगी नरहरिनाथको स्मरण गराउँथ्यो । असजिलो बाटोको अविश्रान्त यात्रापछि बटुवाले

मानव समुदायबीच एउटा रूखको फेदमा आफ्नै पिठ्यूँको भारी सावधानीपूर्वक बिसायो । यो ङावा गाउँको सिरान थियो जहाँबाट गाउँ शुरू हुन्थ्यो र जङ्गल टुङ्गिन्थ्यो । यात्रुहरू वास बस्तै थिए ।

फर्कंदाको अनुभव नौलो थियो । ओडारमा र गुफामा धूवाँ आयो । छाप्रा, कटेरा र गोठमा आगो पिल्पिलायो । गीत र सिलोकहरू गुन्गुनाइए । सानो विद्युत् यन्त्र चल्यो– बिजुलीको उज्यालो पनि फैलियो । पालहरू बढ्दै– थपिंदै गए । विद्युतीय गीतहरू पनि घन्किंदै गए ।

सम्झनाका लागि दूधपोखरीको यात्राको रात्रि निवास निकै रमाइलो थियो । विज्ञान र प्रविधिको विकासले पनि दुर्गम क्षेत्रको जीवन सरल र सुरक्षित बनेको देखिन्थ्यो अल्प विश्रामका लागि ।

कामपाले सुख्खा पात, पतिंगर, स्याउला, झ्याउ, सोत्तर, उन्यौं, काठका चोइटा आदि जम्मा गरेर विश्रामस्थल निश्चित गऱ्यो । ठुटा-मूढा जम्मा गरेर आगो जोऱ्यो । मिलिजुली अरू यात्रु बसेको ठाउँमा जाने, भेट्ने, सहयोगको खाँचो छ कि भनेर सोध्ने, आवश्यकता परे तातोपानी, औषधि, पेय र खानेकुरा आदानप्रदान गर्ने र आत्मीयभावले निकटता देखाउने व्यवहारले झन्नै आधा रात लिंदै थियो ।

सानो माइकिङ् भयो । कसैलाई सहयोग चाहिए घण्टी बजाउने र उज्यालो देखाउने भन्ने सूचनाका साथ रात्रि-विश्रामको सूचना फैलियो । एकदुई ठाउँमा मधुरा बत्ती बलिरहे ।

वनस्पति चिया, सुकुटी, चीज, फापरको रोटी र पोलेका आलुको आहार गरेर अम्बु र कामपाले पनि ङावा गाउँको सिरानमा एकान्त वास गरे । यात्री समूहभित्रको विश्वासिलो परिवेशमा रात्रिवास गर्न असजिलो भएन ।

चौंरी, घोडा, खच्चर र कुकुरहरू पनि त्यहाँ सहयोगी र विश्वासपात्र थिए । त्यसैले प्रत्येक यात्री यो ठाउँ, समय र जमघटलाई आफ्नो जीवनको भिन्नै अध्याय सम्झँदो हो ।

अम्बु ओइलाएकी देखिन्थी । कामपाले आफ्नो खास्टो उसलाई ओढ्न दिंदै भन्यो, 'थाकेकी छौ, यो ओढेर ढल्कँदै गर । म एकैछिन मूढाको आगो ताप्छु । यता शिर पारेर ढल्क ।'

ऊ ढल्किएजस्तो गरी । ऊ आगो तापेजस्तो गरेर समाधिस्थ झैं देखियो ।

कामपा सम्झँदै थियो– दूधपोखरीको जलमा उसले गौरी र शङ्करका छवि देख्यो । जल तरङ्ग उठेर त्यो छवि नहराओस् भनेर उसले कामना गरिरह्यो । जब त्यो छवि विलीन भयो अनि मात्र ऊ पोखरीमा प्रवेश गऱ्यो । यो घटनाले

उसलाई रोमाञ्चित गरायो । अनि त्यो छवि-स्मृतिमाथि केन्द्रित भएर ऊ साधनामा क्रमशः गम्भीर भावले निमग्न देखिंदै गयो । यस्तो लाग्थ्यो उसले एकछिनका लागि वर्तमान छोडिदिएको हो ।

ऊ निकट अतीत अर्थात् हिजोतर्फ प्रवेश गरेर त्यहाँका दृश्य र घटनाहरूमाथि सूक्ष्म रूपले दृष्टिपात गर्दै, सुन्दै र आत्मसात् गर्दै रह्यो– साक्षी भावले । हो नि ! मनमा आरूढ भएर विचरण गर्ने अन्तर्दृष्टि नै होइन र ? फेरि के लुकेको होला र के नदेखिएको होला ?

कामपा सांसारिक नाम र चरित्रबाट मुक्त भएर आफ्नै वास्तविक स्वरूपमा फेरियो । योगी ऊर्ध्वचेताकै मनोभावले अब ऊ ध्यानस्थ भयो र क्रमशः स्वप्नभावको अनुभव गर्दै गयो :

दण्डभैरवको शरणमा 'त्राहि ! त्राहि !' भन्दै मान्छे जम्मा भए । दीन, असहाय, विगलित थिए । बाबा दण्डभैवरले आफ्नो कल्याण गर्छन् भन्ने विश्वासले जनता उनको प्राङ्गणमा पुगेका थिए ।

दण्डभैरवका पुजारीले आराधना, उपासनालाई पूर्णता दिए । अनि संकटमोचनका लागि प्रार्थनारत जनसमुदायतर्फ उनी आकृष्ट भए । ठूलो आशा र विश्वास लिएर आएको त्यत्रो जनसमुदायलाई पुजारीले अश्रुपूर्ण देखे ।

'के कुरा हो ? के पर्‍यो त्यस्तो ? किन दीन र आकुल देखिन्छन् ? यतिका आमाहरू, यतिका केटाकेटीहरू यहाँ यो वेला ?' पुजारीले प्रश्न गरे ।

'प्रभु ! हामी राज्यद्वारा उपेक्षित छौं । राज्यसत्ता र तिनका अनुचरद्वारा निचोरिएका छौं । हाम्रो जीवन विकट संकटमा छ प्रभु ! हामी यिनको यातनाबाट मुक्ति चाहन्छौं । हाम्रा सम्पूर्ण कुराहरू हरण भएका छन् । हाम्रो कल्याण होस् भनेर भगवान् दण्डभैरव समक्ष हाजिर भएका हौं । न्याय मिलोस् प्रभु ! यो धरती नै पीडित छ प्रभु ! बाहिरबाट शक्ति लिएर राजनीतिले हामीलाई पेल्यो प्रभु ! हाम्रा सन्तान घर छोड्न विवश भए । हामी पनि मुलुक छोड्न बाध्य पारिंदै छौं । यो राष्ट्रध्वज छिमेकीलाई जिम्मा लगाएर शेष जीवन पीडामुक्त बाँच्न चाहन्छौं प्रभु ! हाम्रो फिराद भगवान् दण्डभैरव समक्ष पुगोस् । हामीमाथि कृपा रहोस् प्रभु !' पीडितहरूले एक स्वरले भने ।

पत्र-पत्रिकाले ठूला शीर्षकमा छापे : *दण्डभैरवको शरणमा जनता । दण्डभैरवको अदालत, दण्डभैरवको दण्ड । दण्डभैरवका उपासकद्वारा दण्डको फिराद । राज्यसत्ताले यातना दिएर नागरिकको रक्षामा दण्डभैरव ।* विद्युतीय सञ्जालमा पनि यसले महत्त्व पाउँदै गयो ।

पत्रिका बेच्नेले नगरका गल्ली हल्लायो– *लौ लिनुहोस् नेताको इच्छामरण । किन्नुहोस् दैवीदण्ड । हेर्नुहोस् दण्डभैरवको दण्ड विधान । पढ्नुहोस् हजूर, अदृश्य शक्तिको चमत्कार । हेर्नुहोस् राजनीतिक अपराधीको मृत्यु : शंकाको घेरामा ।*

समाजमा खुशी फैलियो । लाग्थ्यो शिवरात्रि, गठेमङ्गल, होली, नयाँ वर्ष, जात्रापर्वहरू एकै ठाउँमा एकै पटक मनाइएको हो– उपत्यकाभरि, शहर-शहरमा । बिस्तारै अधिराज्यभरि स्थानीय पर्व र जातीय उत्सवहरूमा नृत्य-गान र आनन्दको लहर मच्चिएको हो एक भावले । लाग्थ्यो ऐंठन मोचन भएको हो– राजनीतिक शक्तिको अपचलनबाट फैलाइएको जनउत्पीडनको, उपत्यकाको पाकताउलोमा उफारेको जीवनको, भुङ्ग्रोमा पिल्सिएको बिचरी चरीको आर्तनादको ।

किम्वदन्तीको भावले फैलियो– दण्डभैरवको दण्ड कहिले हराउने, कहिले देखिने गर्छ रे । ठाउँठाउँमा आँधी आएर मान्छे टिप्छ रे । रूखको धुर आएर हिर्काउँछ रे । जादू-तन्त्र फैलिएको छ रे । बिस्तारै ऊर्ध्वचेता जनसंवाद र खुशीयालीको ध्वनिले फर्किए– स्वप्नाभासको पीठिकाबाट । अनि बिस्तारै कामपाको सत्ताभावले अघि सरे ।

वेला निकै भैसकेको थियो । वास बसेका बटुवा र चराचुरूङ्गीले वास छोडिसकेका थिए । त्यसैले झन्नै शान्त-एकान्त जस्तै थियो कावा गाउँको सिरान ।

सन्तोष र आनन्दले अम्बु पूर्ण थिई । केही बिग्रँदैन भन्ने ठानेर ऊ ढल्किएको ठाउँबाट चलिन । निकै बेरपछि दिन चढिसकेको अनुमान गरेर ऊ सतर्क भई । कुकुर छेउमा आयो । उसको ध्यान कामपामा गयो । यात्रामा रहेको र वास बसेको सत्यको अभिज्ञान भो उसलाई । उठेर आगो जोरी । हुर्काई । बास बसेका अरू यात्रुहरूले जोडेको आगो निभ्न लागेको देखी । ऊ किञ्चित् अधीर भई । कुकुर बाहेक अर्को जीव त्यहाँ थिएन । दिन चढ्यो, हिंड्न अबेर हुँदैथियो । कामपा नहुँदा ऊ चिन्तित पनि भई । कुकुरसँग वाणी नभएकोमा पनि ऊ दुःखी भई ।

उसले आफैंलाई हेरी । ऊ कामपाको खास्टोमा बेरिएकी थिई । उसले के ओढ्यो होला ? उसले आफैंसँग प्रश्न गरी । ऊ करूणाले भरिई । उसले कुकुरलाई हेरी अनि उसलाई बिस्तारै सुम्सुम्याएर सोधी, 'खै ? कामपा खै ? मेरो साथी कहाँ छ ?' कुकुरले करूणापूर्ण आँखाले उसलाई हेऱ्यो र त्यहाँबाट हिंड्यो । अम्बु कुकुरका पछि लागेर कामपा भएको ठाउँमा पुगी । बास बसेको ठाउँबाट केही फड्का पर थियो ऊ गुफामा ।

कामपा साधनारत थियो । अम्बुले त्यहाँ आगो जोरी । कुकुरलाई खानेकुरा दिई । अनि सपना नबिर्सन दृश्य र घटनालाई आफ्नै नजीक ल्याउन थाली ।

धूवाँ कामपातर्फ पनि घुम्न थाल्यो ।

आगोको छेउमा अम्बु ढल्की । कुकुर आएर छेउमा बस्यो ।

निद्रा पुगेर उठेजस्तो ढङ्गले अम्बु उठी । मूढा-दाउरा जोरेर आगो हुर्काएको रहेछ । शीतपन हराएजस्तो थियो– त्यहाँबाट ।

'निद्रा पुग्यो हैन ? ठीक गऱ्यौ, उठ्यौ । सन्ध्यामा सुत्नुहुने थिएन । म पनि सुतेकालाई उठाउने स्थितिमा थिइनँ ।' कामपाले नरम भावले भन्यो ।

'नसुतेर के गर्ने, बोल्ने साथी पनि भएन । तिमी तपसी भैगयौ । फोनमा बेटरी छैन । चीसोले पनि बेटरी उड्छ नि !' अनि मनमन गुनी– "म यसरी सुत्ने र आनन्द मानेर बस्ने त होइन, के भो मलाई ? के दूधपोखरीको पानी स्पर्श र आचमन गरेर होला त ? पानीमा टेकेर अभिषेक मात्रै लिएको हो । त्यतिले नै होला त ? कि मलाई लेक लागेर हो ?

कि यो खास्टो ओढेर हो ? यो खास्टोमा जादू-मन्त्र या सम्मोहन शक्ति पो छ कि ? किन म आनन्दित छु ? विना हेतुको आनन्द र परितुष्टि मिल्न सक्छ ? विभावना मान्न मिल्छ ?

यो विभावना होइन । हुन सक्तैन । त्यो त हिजोको राजनीति भैगो नि ! हिजो छल थियो, दमन थियो, धूर्त्याइँ थियो, ठगी थियो । आसुरी वृत्ति थियो । दस्यु-चरित्र थियो । आज हामीले त्यस्तो केही भोग्नुपरेकै छैन । भाग्यमानी ठान्नुपर्छ आफैंलाई ।"

अम्बु खास्टोतर्फ केन्द्रित हुन खोज्दै थिई, उसको चिन्तन बरालियो । विभावना ? सम्भव छ असम्भव कुरा ? उसले छुटेको प्रसङ्गको तन्तु समाउन खोजी । अनि पर्वत शिखरतर्फ हेरेर भनी, 'सूर्यास्त हुनेवेला भो, अब हिंड्नु हैन ? कि मूढाकै आगो तापेर बस्ने हो आज पनि ?'

'हेर, यो तपोभूमि, यो आनन्दभूमिको के बयान गर्नु ? यहाँ आएपछिको मानसिक सुख र महान शान्तिको अनुभव म भन्नै सक्तिनँ । मैले मेरो खुशी र रुचिले बस्ने हो भने म यो गौरीशङ्करको परिधिबाट टाढा बस्ने थिइनँ । शायद यहाँको भौतिक र दैवी तत्त्वले यहाँको शेर्पा जातिलाई कर्मठ र यशस्वी बनाएको होला । म भाग्यमानी ठान्छु यस क्षेत्रका शेर्पा जातिलाई । प्रकृति र परम्पराका पूजक र संवाहक हुन् शेर्पाहरू । यो देशलाई संसारभरि चिनाउने जाति यिनै हुन् । त्यसैले मेरा लागि शेर्पा जाति सदैव वन्दनीय रहेका छन्, आदरणीय बनेका छन् । ती कर्मयोगी वीर जाति हुन् । नेपाली समाजमा विशेष सम्मान छ यिनको । विशेष दर्जा छ । यिनको शौर्य र वीरता स्वर्णाक्षरले इतिहासबद्ध हुनेछ ।'

एकछिन रोकिएर थप्यो, 'हिमाली क्षेत्रको विकासका लागि राज्यले शेर्पा जातिसँग परामर्श लिएको हुनुपर्छ । किनभने प्रकृतिको स्वरूप र शक्ति नबुझी विकास सम्भव छैन । हिजोको व्यवस्थाले त्यो बुझेको थिएन । आजको व्यवस्थाले बुझेर नै विकास भएको हो भन्ने बुझिन्छ, हैन र !'

'कत्तिका कुरा जान्या छौ तिमीले । आज हिंड्ने विचार छैन तिम्रो ?'

'समय धेरै छैन । हिंड्नै पर्ने भए हिंडौंला । पहिले म प्रार्थना गरिहालौं । उसले शिवाष्टक सस्वर गायन गर्‍यो–

*प्रभुं प्राणनाथं विभुं विश्वनाथं जगन्नाथनाथं सदानन्दभाजम्*

*भवद्भव्यभूतेश्वरं भूतनाथं शिवं शंकरं शम्भुमीशानमीडे ।*

अम्बु पनि स्वरमा स्वर मिलाएर भावलीन हुँदैगई । भिन्नभिन्न भाव र शैलीमा स्तोत्र थपिंदै गए । समयको गणित भएन ।

'देवी ! तिमी पनि आफ्नै आराध्यदेवको स्तुति गर । यो स्वतन्त्रता हामी सबैसँग छ । सबै कुरा जीवनसापेक्ष छन् । यसमा द्विविधा छैन । कुनै कुरा निरपेक्ष रहन सक्तैन । यो पर्वत हेर न, ढुङ्गाको साथ माटोलाई, माटोको साथ ढुङ्गालाई । परस्पर सापेक्ष भावले चुलिएका होइनन् र ?'

◆◆

# सुगन्ध आदान-प्रदान

चराहरू चिर्बिराए ।

बिहान सखारै चहलपहल शुरू भो । चौंरी, घोडा, खच्चरका घण्टी बजे । कुकुरले आफ्नै क्षेत्रको रेखदेखमा तत्परता देखाए । आगोबाट मूढा पन्साएर र कतै पानीले शमन गरेर बटुवाहरू बाटो लाग्दै गए । पशुधन नहुनेहरूको गति स्वभावैले तेज हुन्थ्यो । एक्लाहरू, भारी नभएकाहरू, फिट्टेहरू उडे झैं देखिन्थे । भारी हुनेहरूका लागि बाटो सहज थिएन । जोगिएरै हिंड्नु पर्थ्यो ।

वनकुखुरा र चराचुरूङ्गीको प्रभाती गायन हराउँदै गयो । क्रमशः हिमशिखरहरू अग्निज्वालामा परिणत भए, फेरि स्वर्ण शिखरमा । ती रजत शिखरमा परिणत भएपछि अम्बु र कामपा पनि दुई दिनअघि आफूले गाडी पार्क गरेको ठाउँमा पुगे । तन्नेरीको हिंडाइ र किञ्चित् ओरालो, उनीहरूले केही बेरमै बाटो छिचोले । आयु, मनोदशा र उद्देश्यले धेरै कुरा सहज बनाउँछ क्यार !

तातोपानी रेस्टुराँमा पसे । त्यो क्याबिनवाला रहेछ । क्याबिन लिए । अम्बु तातोपानीमा नुहाएर आई । ऊ भर्खरै फक्रँदै गरेको फूल देखिई । उसको यो प्रकृत सौन्दर्यमा न्यूनता नआओस् भन्ने मनोभाव राख्यो कामपाले, अनि निर्निमेष हेरेर नेत्रोत्सव मनायो– नयन विलास गरेर । उसको हेराइबाट अम्बु रोमाञ्चित भई र फेरि लज्जाबोध गरी ।

'खाना खाएर हिंडिहाल्नु पर्छ वेलैमा पुग्नलाई ।' खानेकुरा मगाएर उसले भनी ।

'हो, तिम्रो सपना पनि सुन्दै जानु छ नि ! त्यसैले समय लिएरै हिंड्नुपर्छ ।'

'बिचरा यो कुकुर पनि थाक्यो होला । यो बोल्ने भए हामीलाई के के भन्दो हो, छिः । देख्छ, बुझ्छ, सम्झन्छ तर टिप्पणी गर्दैन ।' अम्बु मुख छोपेर हाँसी ।

'त्यसैले त असल र भरपर्दो साथी हो यो ।'

कामपाले गाडी चलायो । अम्बु पेसिन्जर सीटमा बसेर ढुक्क भई । कुकुर आफ्नै ठाउँमा बस्यो ।

नदीको किनार । स-साना घुम्ती । रहरलाग्दा उकाली ओरालीहरू । ठाउँ-ठाउँमा काठका फलैंचा र ढुङ्गाका चौतारीहरू । लामा माने र अग्ला मानेहरू । तिनको साथमा टँसाएर राखेका तिब्बती लिपिका पाषाण अभिलेखहरू । कतै बटुवा, कतै घाँस-दाउरा गर्ने र गोठालीहरूले बिसौनी मारेका वृक्ष-वेदी र शीतल छायाहरू । कतै गीतका भाका र तरुणी-तन्नेरीका ललित विनोदमय संवाद र निश्छल खुला हाँसोहरू । अनि कतै प्रणयगीतका बल्छीमय प्रश्नहरू । बडो सुन्दर यात्रा ।

हरियो, भरिलो, पूर्ण जवान धरती ! कतै भर्खरै पानी परेर उघ्रेको, कतै बादलले छाया पारेको र कतै चम्किलो घामले लोभ्याएको दृश्यबाट आँखा अघाउँदैनथ्यो । तैपनि अम्बुतर्फ ध्यान दिएर भन्यो, 'मैले सपना सुन्नु छ नि ! तिमीलाई अल्छी लाग्यो कि !'

'हैन, छैन । तिमी प्रकृति विचरणबाट फर्किएपछि सुन्ने समय मिलाउँला नि भनेर पर्खंदै थिएँ ।'

'सुनाऊ न । छोटो छोटो गरेर सुनाऊ । नत्र मेरो ध्यान चालकबाट हट्छ । कुरा गरेको ढङ्गले सुनाऊ न । नबुझे म सोध्छु नि ।'

'म प्रकृति विचरण गर्दैछु भन्ने कुरा कसरी थाह भो यिनलाई ?' कामपाले आत्मकथन गऱ्यो अनि प्रकटमा भन्यो, 'सुनाऊ, के देख्यौ सपनामा । म चाख मानेर सुन्छु तिम्रा सपना ।'

'मैले नदेख्ने सपना देखें... ।' उसले फेरि सुधार गरेर भनी, 'अर्थात् यो सपना देख्नुहुने थिएन । देखे पनि अरूले देखेको हुनुपर्थ्यो । यो चाहिं मैले देख्न हुने थिएन कि भन्छु ।'

'त्यस्तो कसरी होला र । सपना त जसले पनि देख्छ र जस्तो पनि देख्छ नि ! सपना देख्न-नदेख्न दलनीति लाग्छ र ? ल मान हिजो थियो रे ! आज त छैन नि ! अब सपना सुनौं अनि मीमांसा गरौंला नि ! भन त पहिले ।'

'त्यसवेला राजनीतिसँग शक्ति नै थिएन । दृष्टि पनि थिएन । विदेश नीति थिएन, कतैबाट निर्दिष्ट थियो । छिमेक नीति रोगी र चिसिएको थियो । बाह्य सहयोग ७५ प्रतिशत राजनीतिक पोषणमा लाग्थ्यो र बाँकी बाँडिन्थ्यो । जमीनमा चुहिएर पुग्थ्यो– थोपामा । वास्तवमा न योजना थियो न सङ्कल्प, न दृष्टि थियो न गन्तव्य ! धन्न त्यो शूरो जवान योजना लिएर आएछ र आफ्नै सङ्कल्प पूरा गऱ्यो । अनि त्यसको सुन्दर प्रतिफल हामी भोग्दैछौं हैन त ! नत्र मुलुक त गैसकेको थिएछ नि !' अम्बुले भनी ।

'हो नि, जो सबभन्दा गद्दार तत्त्व हो उही चौतारा हुन्थ्यो रे । पूर्ण असुर, अतत्त्व हुन्थ्यो रे ऊ । त्यसैले पहिला दिनहरूमा यस देशको दुर्दशाको दैलो महान् नालायकले खोलिदिएको हो रे । मैले अग्रजहरूबाट यस्तै सुनेको थिएँ । अखाडामा यस्तै विषयमा मीमांसा चल्थ्यो । त्यसैले खासै आश्चर्य लाग्दैन ।' बोलिसकेर कामपाले खोल्सी पारि पीपल-चौतारी छेउ लगेर गाडी रोक्यो र जङ्गल पस्यो ।

'थाह छ तिमीलाई, अघिअघि डोजर आतङ्कले सारा धरती वैराग्यलाग्दो थियो रे– उदाङ्ग । युवतीको वस्त्र जबरजस्ती तानेर च्यातेजस्तो– धुजा-धुजा । तर अहिले भरिएको छ । धरती सधैं जवान र पुष्ट देखिन्छ ।' अम्बुले छोटो बोली ।

'भ्यू टावरको आतङ्क पनि खूब चल्यो कुनै वेला । अस्पताल, स्कूल र कृषि उत्पादनमा सहयोग गरेको भए दीर्घकालिक सुधार हुने थियो भनेर जनताले हजार विरोध गरे तर राजनीतिक उद्योग गर्नेले मिलेमतोमा मुलुक लुट्ने काम रोकेनन् । राजनीति खेल्नेलाई भोट र भीड चाहिन्छ, जनताको सुविधामा ध्यान कसको जान्छ ?' कामपाले आफ्नो पालोमा संवाद थप्यो ।

'अगाडि कतै होटल होला, चिया नाश्ता गरौं । फेरि त गोठघर पुगिएला नि !'

अम्बुको प्रस्तावलाई अनुमोदन गरेर कामपाले गाडी चलायो । केही बेरपछि व्यापारिक केन्द्रजस्तो ठाउँमा पुगेर रोके । होटल हेलम्बूमा पसे । बैंक, हुलाक, थिएटर, पेट्रोल पम्प, शपिङ सेन्टर भएको स्थानीय उत्पादनका आकर्षक उपादानहरूकै बजार थियो त्यो । नदीको किनार र वातावरण स्वच्छ भएको हुनाले बसिरहूँ जस्तो लाग्थ्यो ।

चमेनाको माग गरिसकेर अम्बु टेलिफोनका अङ्कमा खेल्न थाली । गाडीमा फोन चार्ज भइसकेको थियो । उसका अनुहारको छविमा परिवर्तन आउँदै गएको स्थिति बुझ्न कामपालाई गाह्रो परेन । आँखा जुध्नासाथ उसले सोधिहाल्यो, 'कुनै अप्रिय सन्देश पायौ कि ? के कुरा हो ?'

'काकी एक्लै हुनुभएछ ।' उसले सरल उत्तर गरी । अऋजु संवाद गर्ने स्वभाव उसको थिएन । थुप्रै सरल र विवेकी व्यक्तिहरूमा ऊ पनि पर्थी । यौवनका क्षणहरूको सम्मान अवश्य हुन्थ्यो । किन्तु व्यक्तिगत रुचि र स्वतन्त्रताको पक्षबाट ऊ जागरूक थिई ।

काकी एक्लै हुनुभएको विषयमा आवश्यकताभन्दा बढी बहस हुनसक्छ, तर किन ? औचित्य के ? किनकि युग पश्चगामी होइन । त्यसैले काकी एक्ली हुनुको विषय उनको यौवनसँग, व्यापार उद्योगसँग, श्रमसँग, आत्मिक सुखसँग, केसँग जोडेर हेर्ने ? शायद उचित थिएन कि !

गोठघर पुगेर गाडी रोकियो । काकी स्वागतमा उभिई । उसका आँखामा अम्बु र कामपा भर्खरै फक्रेका फूल थिए । घर-आँगनमा नौलो कौमुदी फैलिएको अनुभव गरी । काकी स्वच्छ, निर्विकार थिई । परन्तु पानीमाथि तरङ्गित तेल कहाँ सजिलै पन्सिन्थ्यो र ।

काकी चौंरीको घीउ हालेर चिया बनाउने यत्नमा लागी । अम्बु टेलिफोनमा व्यस्त भई । काममा काकीको व्यस्ततालाई हेर्दै रह्यो । काकीले सुहाउने गरी भनी, 'महात्माजी, कताकता घुम्नुभयो ? हाम्रो ठाउँ कस्तो लाग्यो ? यता शहरहरू छैन । धेरै नै उकाली ओरालीहरू छ, खोला र जङ्गलहरू छ । मन परेन होला नि !'

काकी मनको दुःख बिर्सन खोज्दैछिन् भन्ने कुरा कामपा बुझ्दथ्यो । ऊ सुनिदिन्थ्यो, काकीको भनाइलाई सम्मान दिन्थ्यो । यस्तो लाग्थ्यो, काकीलाई कुनै असजिलो छैन । उनले कुनै कुरा हराएकै छैन । किनभने हराउन आज केही शेष थिएन ।

अम्बुले पनि काकीको विषयमा खासै कुरा गरिन । मात्रै व्यावहारिक र आत्मीय कुरा हुन्थे, जो सर्वसंवेद्य र उचित हुन्थे । पारिवारिक मर्यादाभित्र रहेरै संवाद हुन्थे-सङ्केतमा, मित शब्दमा । त्यसैले रहस्य र गोपनीयता थिएन पनि ।

काकीले चिया, चमेना तयार गरिसक्ता उसले फोनसँगको व्यस्तता पनि सकी र चमेनामा सरिक भई । यस्तो चमेना बैठक यो दोस्रो पटक हो काकीको भान्सामा । अघिल्लो पटक–

*माथि माथि शैलुङ्गेमा चौंरी डुलाउनेलाई...*

गीत घन्काउँदै जोमो चौंरी गोठालोको स्वरूप र शैलीले भान्सामा पसेको थियो । त्यो गीत र त्यो दृश्य सम्झेर कामपा रोमाञ्चित भयो । काकी झस्के जस्ती भई । अम्बु पनि त्यही घटना सम्झन पुगी । एकैछिन त्रिकोणात्मक हेराहेर भयो र सहसा त्यो क्षण चिसियो । सबैजना चरम उचाइ र चक्रवातबाट मुक्त भए झैं भए । फेरि एकै पटक लामो लामो सास तानेर ढुक्क देखिए । अनि सामान्य स्थितिमा पुगेर चमेनालाई निरन्तरता दिए ।

'काम ! काकी त मेरी । उहाँको नाम त रेन्जी छिरिङ पो हो त ! तिमीले काकी भन्नु पर्दैन । नाम भन्दा हुन्छ नि, असजिलो हुँदैन ।' अम्बुले प्रस्तावमा भनी ।

'फोनमा मेसेज आएछ ।' उसले हेरेर थपी, 'क्लबको बैठक रहेछ । म निस्कन्छु । काकी ! कामपाको राम्रो ख्याल राख्नु है । ऊ त हाम्रो पाहुना हो ।'

अनि कामपातर्फ लक्ष्य गरेर भनी, 'हठ नगर्नु नि । काकीले भनेको-दिएको कुरामा बाँधिनु । म आइपुग्छु । थाकेका पनि छौ, बसिराख । काकी ! उसलाई तातोपानीमा लगिदिए पनि हुन्छ । थकाइ हराउँछ ।' घडी हेरेर थपी, 'म मेसेज गर्दै रहन्छु नि काकी । अहिले म निस्कें है ।' कुकुर पछि लाग्यो ।

'बाई काम ।' ऊ सजिलै बोली र सजिलै निस्किई । बाहिर गाडी स्टार्ट भो ।

'यिनीहरू नथाक्ने उमेरमा छन् महात्माजी । म आइहालें है, एकैछिन ।' रेन्जी छिरिङ बाहिर निस्की । उसले महात्मा भन्दा 'मामा' भनेको सुनिन्थ्यो ।

गाडीको आवाज मधुर हुँदै गयो । कामपाले दुई सर्कामा तोङ्बा पनि रित्यायो । रेन्जी भित्र पस्ता तातोपानी उम्लँदै थियो । कामपाको तोङ्बामा तातोपानी उसले थपी । उसको व्यवहारमा स्नेह र सम्मान व्यक्त हुन्थ्यो ।

'महात्मा ! एकछिन त्यता ढल्कँदै गर्नुहोस् । दिनभर गाडी चलाएर थाक्नुभएको होला । म पनि एकछिन पछि फुर्सत पाउँछु । अहिले थोरै अलमल छ । फेरि कुरा गरौंला नि !'

रेन्जीले कामपालाई शयनकक्षमा लिएर गई । खसखसको सुगन्धले स्वागत गऱ्यो उसको । तापक्रम मिलाइदिएर ऊ बाहिर निस्किई । घरको कुकुर कामपालाई हेरेर बस्यो ।

रेन्जी गोठघरमा भए पनि नितान्त फरक शैलीले रहन्थी । विधिको खेल भनौं कि ! आईएस्सी गरेर ऊ नर्सिङको दोस्रो वर्षमा पढ्दै थिई । यौवनको तरङ्गमा बगी । फलतः ऊ यस घरकी पाहुना हुनपुगी । तर श्रमिक, अवैतनिक वा मुक्त पाहुना ।

अम्बु उसलाई काकी भन्थी, ऊ काकी भइदिन्थी । अनौपचारिक ढङ्गले जे भने पनि हुन्थ्यो तर विधिवत् न ऊ काकी भएकी थिई र यस परिवारकी कुलवधू । परन्तु स्थिति यस्तो भयो, न ऊ फर्केर जान सक्थी न कसैसँग औपचारिक सम्बन्ध राखेर प्रकट हुन सक्थी । शायद ऊ समय र साथीको पर्खाइमा थिई या त्यसतर्फको यात्रा नै बन्द गरेर बसेकी थिई । यसबारे जान्ने अर्कै व्यक्ति केवल अम्बु नै हो ।

अम्बुका लागि रेन्जी जुन तहमा अभिभावक या संरक्षक थिई, शायद त्योभन्दा बढी अम्बु रेन्जीका लागि आसन र छाता थिई । ऊ दूधपोखरीको भ्रमणमा आफ्नै युवासाथीसँग घुम्न आएकी युवती थिई– यसै घरको छोराकी साथी । ऊ वेलावेला आफैंलाई सम्झाउँछे– हिंड्दा हिंड्दै उसको साथी हराएको हो र पढाइ छुटेको

हो । अरू केही हराएको छैन । सबै कुरा यथावत् छ, जोडिन सक्छ । यौवन र रुचि अपरिभुक्त छ, जोगिएको छ ।

रेन्जीले वस्तुभाउ थन्क्याई । अर्थात् चौंरीको रेखदेख पनि गरी, बाछा पनि बाँधी । कुकुरलाई काममा लगाई । सूर्यास्तअघि पशुधन तह लाउनु-सह्यार्नु आवश्यक हुन्थ्यो । त्यो कर्म पनि सकी ।

'काम ! थकाइ मर्‍यो ? म तातोपानीमा डुब्न जान्छु । तिमी पनि जान्छौ कि ? हेर न अलिकति काम गर्छु, थाक्छु । शरीर पखाल्नु पनि पर्छ । त्यसैले एकैछिन डुब्न जान्छु । नत्र निद्रा पनि पर्दैन ।' रेन्जीले तोङ्बामा तातोपानी थप्तै भनी । उसको सम्बोधन फेरिएको थियो ।

'काकी ।' उसले पुरानै सम्बोधन गर्‍यो ।

'नो काकी । मलाई रेन्जी भन । काकी त म अम्बुकी भइदिएँ, त्यो पनि अनौपचारिक । कसैले काकी भनोस्, छोरी भनोस्, भाञ्जी भनोस् के फरक पर्छ । यथार्थमा समय, घटना या परिस्थितिले म यहाँ अडिएकी छु । आऊ, उतै कुरा गरौंला ।'

तातोपानीको कुण्डमा पसेपछि उसले भनी, 'वास्तविक काकी त अहिले न्यूयोर्क पुगेकी छ । मलाई वेलावेला फोन गर्छे अम्बुको फोनमा । अम्बुको र उसको असाध्य गहिरो दोस्ती छ । माइतीतर्फ त ऊ मेरी दिदी नै हो एक नाताले ।'

उसले थपी, 'म जुन दिन यहाँ आएँ, उसै दिन ऊ यहाँबाट निस्किई । ऊ जीप चलाएर गई । बस बिसौनीबाट बस चढिछ । अम्बुलाई फोन गरेर जीप छोडेको जानकारी दिइछ । नेपालमा रहुञ्जेल मलाई सम्झिन, अम्बुसँग बोल्थी रे । न्यूयोर्क पुगेपछि सम्झन थालेकी छ । कहिलेकाहीं अम्बुको फोनमा मसँग बोल्छे ।'

उसले सास तानेर छोडी र फेरि थपी, 'उसलाई मेरो स्वभाव थाह छ । तरङ्ग र उत्तेजनाले विचलित भई र कसेर निर्णय लिई उसले । आजको स्थितिमा हेर्दा त्यो निर्णय ठिकै थियो भन्ने लाग्ला कि ! किन्तु यस घरमा मेरो आगमन त्यो वेला सही थिएनछ । ग्रहदशा वक्र थिएछन् कि भन्ने लाग्छ । फेरि पनि मैले त्यस्तो कुनै क्षति सहनुपरेको छैन भन्ने मेरो आफ्नै बुझाइ छ । अम्बु सत्य कुरा जान्दछे । हाम्रो बीचमा कुनै पर्दा छैन । ऊ सरल र पवित्र छ । त्यसैले हामी असल साथी भएका छौं । शायद ऊ पनि जान्दी हो– म पनि यो घरमा जोमो जस्तै या दिदी (काकी) जस्तै हुँ । केही दिनमा सर्ने ।'

'त्यो कस्तो ?'

'म आफ्नै समय तालिकामा अडिन्छु र अरूले दिएको तालिकालाई पनि आफ्नैभित्र मिलाएर हिंड्छु । त्यसैले म स्वतन्त्र छु र आफूखुशी छु भन्ने लाग्छ ।' अनि प्रसङ्ग जोडेर भनी, 'आऊ अब निस्कौं । उतै कुरा गरौंला ।'

रेन्जीले विशेष उत्साहका साथ खाना तयार पारी– फाफरको रोटी, अन्डा, सुकुटी, चीज, अन्जीर, पोलेका आलु र तोङ्बा । 'फोनमा मेसेज आएछ– अम्बु फर्कन ढिला हुन्छ रे । खाना नपर्खनु भन्या छ ।... अर्को पनि मेसेज आयो ।... मसाज क्या, मालिश रे !' उसले अम्बुको सन्देश पनि सुनाई ।

काठको घर, माथिको तला । पूर्णिमाको अघिल्लो रातको चम्किलो चाँदिलो चन्द्रमा । सिसाको ठूलो झ्यालबाट काठको भुइँमा परेको चन्द्रमाको प्रकाश । रेन्जीले त्यसैमा ओछ्याई– मालिशका लागि गलैंचा र तन्ना ।

'आऊ यहाँ ढल्क । मालिश गरिदिन्छु । गाडी चलाएर जीउ गलेको होला नि ! फेरि अम्बुको अनुरोध पनि हो ।' उसले दुवैको भाव जोडेर भनी ।

ऊ झ्यालको छेउमा पुगेर बाहिर हेर्न थाल्यो । साँच्चै जुनेली सबैतिर पोखिएको थियो । अझ पर्दा सारेर हेऱ्यो । रेन्जी छेउमा पुगेर भनी, 'तिमीलाई जूनको उज्यालो मनपर्छ ?' यसो भन्दा ऊ स्वाभाविक ढङ्गले ढेपिन पुगी । स्तनमण्डलले नजानिंदो गरेर कामपालाई स्पर्श गरी । अनि सोधी, 'हिउँ परेको मनपर्छ ? पानी परेको मनपर्छ ? खोला बगेको दृश्य मनपर्छ ? हरियो जङ्गलभित्रको गोरेटो बाटो मनपर्छ ? हिमालय श्रृङ्खला मनपर्छ ?' प्रश्न थप्ताथप्तै उसले कामपाको खास्टो सर्लक्क तानेर भनी, 'बस, म थोरै मालिश गरिदिन्छु । मलाई कसैले यसो भने म त्यसै सोझिइदिन्थें; गरिदे भनेर ।'

'मेरा हात खस्रा छन् । कोमल शरीर दुख्ला । नत्र मै गरिदिन्थें नि मालिश । तिमीले मलाई गर्दा हुन्छ भने मैले पनि गर्नुपर्छ नि ! परस्पर सहयोग गरे मित्रता र विश्वास बढ्छ नि ।'

'साँच्चै, त्यसो भए एकछिन म गरिदिन्छु । अनि तिमी गरिदेऊ है त ? मलाई पनि रहर लाग्छ । कसैले सोधे हुन्थ्यो भन्ने पनि लाग्छ वेलावेला ।'

'मैले सोधें नि, मै मालिश गरिदिन्छु । तिमी ढल्क न त ।'

झ्यालबाट आएको जूनको प्रकाशमा रेन्जीको झन्नै अवसन उज्यालो शरीर झन् चम्कियो । उसले पुरुष-मर्दनको स्वाद र आनन्द पाउँदै गई । शरीरको कुनै भाग अस्पृश्य, अदृश्य र अज्ञात रहेन । कुनै क्षण त्यस्तो आयो– आनन्दातिरेकले सुस्तनी बाला अश्रुसिक्त हुँदैरही ।

एक-अर्काको सुगन्ध ग्रहणको प्रक्रिया पनि बढ्दै गयो । परस्पर सुगम र सहज बनाउने विधि र यत्नहरू बढ्दै रहे । अत्यन्त शान्त, संयत र सुरूचिपूर्ण क्रीडालाई नै पो सुरत भनिएको हो कि ? लाग्छ यो स्वकीया नायिकाको निर्व्याज उपस्थिति हो– जो मानसिक र शारीरिक रूपले वाञ्छित तत्परताका साथ सजग रहेको होस् । पोथी शरीरले एकै समयमा अनेकपटक दुई-तीन अश्वशक्तिको वेग थाम्न सक्छ ? प्रश्न यो पनि छ ।

एउटा चीसो पोथी शरीर भाले शरीरको छेउमा पुगेर टाँसियो । ओढ्नेभित्रको न्यानु र शरीरको सुगन्धले त्यो द्रवित भए झैं भयो । पूर्ण चेतनामा रहेर पनि शिथिल देखिनु विशेष अवस्थाको संकेत हो कि न !

बायाँतर्फको कानको लोती कसैले चुस्यो, त्यहाँ श्वास-प्रश्वासको वेग चल्यो । अनि बिस्तारै ध्वनि फुसफुसायो, 'घाम लागे, अब उठ्ने होइन ?'

कामपा सजग भयो । पहिले उसले सुनेको वाक्य उसका कानमा दोहोरिएर आयो, *'रात्रिर्गता मतिमतां वर मुञ्च शय्याम् ।'*

शायद अहिले ऊ यस्तै अलंकृत संवाद सुन्ने चाहना राख्तो हो । पृथक् भूगोल, पृथक् संस्कृति र समयले धेरै टाढा पुऱ्याइसकेको थियो यो सन्दर्भ ।

ऊ उठ्यो ।

'कहाँ सुतेका छौ तिमी, थाह छ ? हेर त ?'

सुतेको ठाउँबाट अलिकति सरेर हेऱ्यो । तन्नामा पेन्टिङ गरेजस्तो थियो, रातो-कालो रङ्गले । कतै पहेंलो-फीका ।

'थाह भो तिमीलाई ? यो तिम्रै कारणले भएको हो ।'

कामपा उदेक मानेर स्तब्ध भयो ।

'चिन्ता नगर । यो आश्चर्यको कुरा होइन । किन्तु यति चाहिं तिमी मान्छौ होला नि मेरो शरीर आजसम्म कुमारी रहनुको प्रमाण हो यो । अबदेखि त्यो अध्याय समाप्त भो । तिमी बुझ्दै छौ मेरो कुरा ? यो दृश्यले थुप्रै प्रश्नको उत्तर दिन्छ नि !'

बुझेको भावमा उसले थोरै शिर हल्लाएर अनुमोदन गऱ्यो ।

'यो अपराध पनि हैन, अकल्पनीय कुरा पनि होइन । एक दिन, एक पटक प्रत्येक गौरीको जीवनमा यस्तो क्षण आउँछ । हो, विधि वा प्रक्रिया फरक हुनसक्छ । मैले कडा व्यायाम पनि गरिनँ र घोडा, साइकिल र रूख पनि चढिनँ । अब चढ्न कठिन नपर्ला !'

उसले प्रसङ्ग फेरेर थपी, 'जाऊ, धारोपानीमा पुगेर आऊ । म चमेना तयार पार्छु । अम्बु ढिलो आएकी थिइछ, ऊ अघि नै निस्किसकी । अस्तिको साताको काम बाँकी थिएछ क्यार ! भ्याइ-नभ्याइ भएजस्तो छ उसलाई । बिचरा, मलाई त माया पनि लाग्छ । यै उमेरमा धेरै कुरा धान्नु परेको छ उसलाई ।' फेरि थपी, 'ल म ओर्लिएँ, बेर नगर है चमेनामा ।'

ऊ आफ्नै शरीर हेरेर आफैँसँग सङ्कोच मान्दै स्नानागारतर्फ लम्कियो । वेलावेला यो कर्म पहिलो पटक आफ्नै भागमा पर्न आजसम्म जोगिएको ठान्यो । अनि ध्यान दिएर शरीर स्वच्छ पार्‍यो ।

फर्केर कक्षमा आउँदा सफा-सिनित्त र सबै कुरा व्यवस्थित थियो । उसले रेन्जीलाई उत्तिकै जाँगरिली र उत्साहित देख्यो । उसमा कुनै तात्त्विक परिवर्तन थिएन । अपितु अझ खुलेको, चम्केको अनुभव गर्‍यो उसले ।

उसले झ्यालबाट बाहिरी क्षेत्रको सुषमा हेर्‍यो । त्यो क्षेत्र साँच्चै नै प्रकृतिको अव्वल दर्जाको उपहार थियो । यहाँ आएको मान्छे फर्किहाल्न चाहँदैनथ्यो । बाह्य-प्रकृतिको आकर्षणले सम्मोहित भएर तानिन्थ्यो । किन किन मानसिक रूपले ऊ ढुक्क, सुरक्षित भएको अनुभव गर्थ्यो ।

'ए, तिमी झ्यालबाट रमिता हेर्न थाले छौ । तल चमेनामा पर्खंदै थिएँ । आएनौ । ठानें– थाकेर फेरि पल्टेका हौला !' उसले ममता र अधिकारको छोप हालेर भनी ।

'किन थाक्थें र !'

'के थाह, बाँझो फार्ने गोरु थाक्छ भन्ने सीधा सोचें नि !' भनिसकेर कामपालाई अँगालोमा च्यापी र निःशब्द रोदन गरी । किन्तु आँसु झरिसकेका थिए । शायद सन्तोष, आनन्द र हर्षका थिए यी आँसुहरू । हर्षातिरेकको यो क्षण अलौकिक लाग्थ्यो ।

अँगालोमा तान्दै लगी र खाटमा बसाई । फेरि लीलापूर्वक उसको गन्जी खोलिदिई, सुवास लिई अनि आफ्नै रुचिमा आवेग र संवेगले कामपामाथि पोखिई । उसको ऊर्जा र अभिनयको अनुकूल भएर उसले पनि प्रशस्त वर्षिने मौका पाई । ऊ परितुष्ट देखिई र कृतज्ञभावले उसलाई हेरी ।

'सूर्यदेव, तपाईंको अपमान भयो कि ! मलाई क्षमा गर्नुहोला । स्थिति मेरो अधीनमा थिएन ।' उसले अपराधबोध गरेर प्रायश्चित्त स्वरूप क्षमा-याचना गर्‍यो । अनि चमेनामा पुग्यो ।

चमेनाका खाद्य-पेय वस्तुहरू शक्तिवर्धक थिए ।

रेन्जी अझ फुर्तिली, अझ जाँगरिली र अझ खुलेकी थिई । प्रसन्नता र सुरुचि पनि उसका लागि अलङ्कार भएका थिए । ऊ असल, प्रफुल्ल, सुस्मित देखिंदै गई । लाग्थ्यो, प्रत्येक क्षण उसको सौन्दर्यमा वृद्धि हुँदै गएको हो । शायद वाञ्छित र स्वस्थ वीर्य ग्रहणपछि सौन्दर्य दीप्तिको प्रस्फुटन हुंदो हो । सुखद र सम्पूर्ण लीलामय रमण-विहारको परिणाम नहोला र यो ?

रेन्जीले आज आफूलाई निर्विकार, हलुका र छाँटिएकी छु भन्ने अनुभव गरी । भाले तत्त्वको संसर्गबाट मिलेको आत्मसुख र तुष्टिलाई उसले मनमा सुरक्षित गरी । पूर्णताको अनुभव लिई ।

कुकुर आएपछि दुवैको ध्यान त्यसतर्फ गयो । रेन्जीले त्यसलाई खानेकुरा दिई ।

◆◆

# फोटोका बाबुआमा

बिहानको चमेनापछि चौंरी खोलिदिने र बाच्छाहरूलाई आँगनमा छोडिदिने समय-तालिका हुन्थ्यो । फेरि आज झलमल्ल घाम लागेकाले पशुधन रमाउने वातावरण थियो । गोठघरको गृहस्थी जीवन दिनको पूर्वार्द्धमा घरभित्रै बसिरहन सक्ने होइन । धेरै कुरा गरेर पनि थुप्रै कुरा बाँकी रहन्थे । त्यसैले घर बाहिर निस्किनु अनिवार्य हुन्थ्यो ।

'म एकछिन बाहिर निस्कन्छु । तिमी कम्प्युटरमा बस न । काम सकेर आइहाल्छु । फेरि तिमी त आज बढी नै थाकेका छौ । आराम गर्दै गर । तबसम्म अम्बु पनि आउली कि !'

'हो, शेर्पाहरू कर्मशील र जुझारु हुन्छन् । नियमित चर्या त गर्नै पर्छ नि !' उसले अर्थान्तरन्यासमा बोल्यो ।

अनुहारको दीप्तिमा किञ्चित् परिवर्तन आयो । ऊ स्तब्ध देखिई अनि तोङ्बामा तातोपानी भरिदिएर निस्कँदै भनी, 'बाहिरको काम सकिहालौं न ।'

उसले यन्त्रवत् काम गरी । सबै काम समय तालिका अनुसार नै भ्याउनु पर्थ्यो । चौंरी खोलेर बाटो लगाउनु पर्थ्यो । बाच्छा खोलेर आँगनतर्फ ल्याउनु पर्थ्यो । कुकुरलाई रक्षा र सूचनाको दायित्व दिनुपर्थ्यो । अनि आखिरमा नून, पानी, दाना र घाँसमा दृष्टि पुऱ्याउनु पर्थ्यो ।

भकारो सोहोर्ने काम त्यति जटिल थिएन । सानो ट्र्याक्टरले सफा गर्नुपर्थ्यो । सबै कुरा सुव्यवस्थित हुनाले समय र सम्पादनको ख्याल राखे पुग्थ्यो । फेरि आफूलाई धोई-पखाली गर्नुपर्थ्यो । त्यसैले काम भ्याएर ऊ तातोपानीको कुण्डमा पुगी । प्राकृतिक रूपले तातेको पानी । मूलमा नै सानो कुण्ड । दुई-तीन जना पस्न मिल्ने गरी ढुङ्गा र काठको उपयोगबाट निर्मित सुरक्षित एकान्त । ऊ छेउमा लुगा थुपारेर तातोपानीमा पसी र मनको औडाहालाई पखाल्न चाही ।

औडाहा ? हो, औडाहा । त्यो उसैले ग्रहण गरेकी हो । शायद आजसम्म छोपिन वा मेटिन सकेको रहेनछ । नत्र उसका मनमा यो किन झांगिएर आउँथ्यो ? उसले बोध-कथाको एकांश सम्झी– एउटा बाघले आफ्नै जाति भेडाको बथानमा मिसिएर रमाएको र जातीय गुणवृत्ति बिर्सेर भेडाकै प्रकृतिमा बाँचेको देखेपछि त्यसलाई त्यो बथानबाट तानेर जातीय गुण र पराक्रमको बोध गराएको थियो ।

अनि यो कथांशसँग आफ्नै जीवन-कथा जोड्न खोजी । उसमा यस चेतनाको उद्‌बोधन कामपाको एउटा वाक्यले गराएको थियो । यदि उसले, 'हो, शेर्पाहरू कर्मशील र जुझारु हुन्छन्' नभनेको भए शायद ऊभित्रको चेतना-दीप प्रज्वलित हुने थिएन । र उसले पिरोलिनु पर्ने थिएन कि ! ऊ द्विविधामा परी शायद ! ऊ आफ्नै जातीय गुण-धर्म बिर्सन चाहन्छे, छोड्न र फेर्न चाहन्छे ? अर्थात् आफ्नै मूलमा जोडिन चाहन्न ? अथवा समय, भूगोल, परिस्थिति र औचित्य हेरी आफूलाई बदल्दै लानुपर्छ भन्ने विचार बोकेर ऊ वर्तमानको यथास्थितिलाई यथावत् अङ्गीकार गरेर बस्छे ? मोह र आसक्ति बाहेक अरू के कुराले उसलाई बाँध्न सक्छ त ? कि भय र बाध्यता छ कतै ? ऊ अन्तर्मुखी हुँदै गई ।

एक पटक आँखा खोली र फेरि पलक बन्द गरी । घाम ढल्कन लाग्दै थिए । ऊ आफैंभित्र केन्द्रित भई– 'कामपाले मलाई अहिलेसम्म शेर्पा कुमारी नै ठानेको हो त ? यो सत्य हो ? उसले मेरो प्रदर्शनकारी चर्यालाई नाटक हो भन्ने बुझेन ? कि नबुझे जस्तो नाटक उसले पनि गरेको हो ? किन्तु यो मेरो कर्म प्रदर्शनकारी होइन, म त श्रम गरेर पालिएकी छु ।'

अझ एक पर्दाभित्र पसेर गुनी– "मेरो शारीरिक भूगोलको हरेक फाँटमा बारम्बार परिक्रमा गरेर पनि मेरो शरीर गैर शेर्पा हो भन्ने बुझेन होला त ? खान हुने र नहुने वनस्पतिको परिचय चौंरीहरू परैबाट लिन्छन्– हेरेर, सुँगेर । के त कामपाका दृष्टिमा म शेर्पा नै थिएँ ? अब पनि शेर्पा नै छु त ? अनि आफैंलाई प्रश्न थपी– के म स्वयं अन्धकारमा छु त ? म को हुँ भन्ने मलाई थाह छैन र ? शायद अम्बु पनि राम्रैसँग जान्दछे । अम्बुका बाबु आमा त जान्दथे नै, अम्बुको काका पनि जान्दथ्यो । र उसकी साँच्चैकी काकी पनि जान्दथी ।

के त मैले आफ्नै पहिचान लुकाएँ ? हराएँ ? यसो भन्न मिल्छ ? किन्तु आफ्नै वनवासलाई तपोवनको जीवन, छात्रावासको अनुशासन, चौंरी गोठको चर्या र शेर्पा संस्कृतिको अनुगमनको यत्न बाहेक म केही मान्न तयार छैन । मैले ठाउँ अनुसार टेकेकी छु, बस् । अहिले मेरो मानस सरोवरमा तरङ्ग आयो किन ?

र म आफैंलाई प्रश्न गर्छु– ल, म शेर्पा भइनँ रे एकछिनका लागि, फेरि म जित्छु के र हार्छु के ? शायद जातिका होइन व्यक्तिका गुण-धर्म मूल्यवान हुन्छन् मानव समाजमा । त्यसपछि मात्र जातीय संस्कारको मूल्य होला कि ? त्यो महात्मा यस्तो कुरा जान्ला ? जातको भोटे कुकुर सामान्यभन्दा विशेष हुन्छ नि ! होइन र ? यो पक्ष पनि त छ ।"

कुकुर आएर 'ह्वाङ्' गऱ्यो । उसले आँखा खोली । ऊ पानीबाट निस्की । पर्तिर कामपा ठिङ्ग उभिएको थियो । उसले पानी चुहाउँदै निस्केकी रेन्जीको शरीरलाई घामको उज्यालोमा निर्निमेष हेऱ्यो र यस दृश्यलाई सहज रूपले लियो । रेन्जीले पनि आफू अवसन रहँदा परतत्त्व त्यहाँ आएर उभिएको छ र लज्जाको अभिनय देखाउनु पर्छ भन्ने चेतना हराएको झैं गरेर सरल ढङ्गले वस्त्र धारण गरी । तातोपानीमा पाकेको मुखमण्डलले ऊ अर्कै हिमबाला देखिन्थी– अग्निज्वालामय हिमशिखर जस्तै ।

कामपा भोजन गर्ने टेबुलमा बस्यो । दिउँसोको खानाको व्यवस्थामा संलग्न रहेकै मौकामा रेन्जीले सजिलै प्रश्न गरी, 'तिमी पनि मलाई शेर्पा ठान्छौ हैन ? तर कसैले पनि शेर्पा ठान्दैनन् ।'

'जो ठान्दैनन्, गलत गर्छन् अथवा अबुझ छन् । शेर्पा हुन खोज्नेलाई शेर्पा भनिदिए भैगो । नामले पनि पुष्टि गर्छ, परिधान र व्यवहारले पनि प्रमाणित गर्छ । सजावटले सुन्दर देखिने कुरा उधार्नु किन ?'

'शेर्पा हुन खोज्ने' भन्ने शब्दावलिले उसलाई छोयो । ऊ शेर्पा हुन खोजेकी थिइन । परिवेश र दिनचर्याले ऊ त्यस्ती देखिन पुगेकी थिई । यद्यपि उसको शेर्पा स्वरूपको अभिनय कतै बनावटी थिएन ।

'नामले पुष्टि गर्छ' भन्ने कुरामा ऊ केन्द्रित भई । किन्तु हिजोको व्यवस्थाको प्रभाव पनि छँदै छ भनेर समाधान निकाल्न सकिन्थ्यो तर उसले छल्न र औचित्य सिद्ध गर्न चाहिन । त्यसैले यति मात्र भनी, 'यो नाम पनि अर्कैले दिएको हो । मैले स्वीकार गरिदिएँ । विवाद गरिनँ । तिमीलाई मेरो भनाइमा विश्वास छैन ?'

'म त स्वच्छ मन र सफा व्यवहारको पुजारी हुँ, बस् । त्यसैले कुनै प्रतिवाद जनाउनु पर्ने स्थिति नै रहँदैन । जस्तो, मलाई कसैले कामपा भन्यो म कामपा भैदिएँ, विवाद किन ? सफाइ दिनुको औचित्य के ?'

'त्यसो भए म रेन्जी होइन भन्ने थाह छ तिमीलाई ?'

'थाह त छैन, तर तिम्रो शरीरको बनोट र मानसिक संस्कृतिले तिम्रो नाम रेन्जी हो भन्ने पुष्टि गर्दैन । तिम्रो उचाइ फरक छ ।'

'कुनै टिप्पणी छ तिम्रो यसमा ?'

'छैन, तर तिम्रो अतीत कस्तो थियो र कसरी यहाँ अडिएकी छौ भन्ने कुराले ममा कुतूहल जन्माएको छ ।'

'ठीक छ, म तिम्रो कुतूहल पनि शान्त गरिदिन्छु । पहिले खाना खाऊँ । चौंरी हेर्न जाँदा सबै कुरा भनिदिन्छु । अनि फर्केर आएपछि केही डकुमेन्ट्स देखाइदिन्छु– कम्प्युटरमा भरेकी छु । कुकुर पनि आइपुग्यो । यसलाई पहिले उसको खानेकुरा दिऊँ । अनि हामी पनि खाउँला । खै, अम्बु अझै आइन ।' उसले सन्दर्भ टुङ्ग्याई ।

अपराह्न चौंरी–चरनमा पुगेर रेन्जीले जीप रोकी । कुकुर ओर्लियो । अघाएपछि पहारिलो घाममा बसेर चौंरी उग्राउँदै थिए । ठाउँ–ठाउँमा भाले चौंरी कोरलीलाई थुन्दै थिए ।

'आऊ, आज नयाँ चिनारीले नौलो कुरा खोलौं । कुरा पुरानै हो । शायद तिम्रो लागि नयाँ लाग्छ ।' उसले भूमिका बाँधेर चुल्ठोको एक पोयो अगाडि ल्याएर बायाँ हातले खोलाउँदै थपी, 'म पहिलेदेखिका आफ्नै कुरा थाल्छु ।'

'म वारुणी हुँ । मलाई वारुणी भन्छन् । म यसको तात्पर्य बुझ्छु त्यति मात्र हो । कसले जुरायो, कसले स्वीकार गऱ्यो त्यता नजाऊँ । स्वीकार गरें, म त्यसैमा झुम्मिएँ, त्यो सत्य हो । र त्यो मेरो औपचारिक या स्वीकृत नाम हो । यहाँ आएपछि त्यो नामसँग एक प्रकारले विच्छेद भएको हो भन्दा पनि हुन्छ । जुन नामले मलाई बोलायो म त्यसै नामले 'हजूर' भनें र हाजिर भएँ । पुरानो चिनारीमा पर्दा लाग्यो र धूलो भरिंदै गयो भने पनि भो । अहिले तिम्रो अगाडि पर्दा खोलिदिएँ । किन्तु रहस्य र गोपनीयता क्यै छैन ।'

प्रसङ्ग फेरेर थपी, 'मेरो सबै कुरा खोलियो, उघ्रियो, पोखियो र सिद्धियो पनि । त्यसैले म सर्वथा निर्विकार भएकी छु । म तिमीलाई धन्यवाद पनि भन्न चाहन्छु र भन्छु । किनभने तिम्रो सङ्गतले म हलुका भएकी छु, सुन्दर भावनामा खेल्न थालेकी छु । सकारात्मक सोचाइ आउन थालेका छन् । भोक मीठो छ । निद्रा पूरा लिन्छु । जाँगर चल्छ । उत्सुकता छ । अनि मनमा सन्तोष, शरीरमा तृप्ति र पूर्णताको अनुभव हुन थालेको छ ।' फेरि मनमनै भनी– 'शायद यो तिम्रो वीर्य–शक्तिको कमाल हो, त्यसैको परिणाम हो । पुरुष–शरीर यति आकर्षक र सुगन्धित हुन्छ भन्ने लागेको थिएन । विचित्र, गजब लाग्दो रहेछ । धन्न म आनन्द सञ्चित गर्न चुकिन छु ।'

अनि यौवन विलासको पूर्व क्षणमा नारी स्वरले वाचन गरेको कविताको रस उसका कानमा, मनमा, अङ्ग–प्रत्यङ्गमा सल्बलाउन थाल्यो । उसले त्यो वेला आईफोनबाट सुनेकी थिई; त्यो कविता आफैंले वाचन गरेजस्तो लाग्यो उसलाई :

*प्रिय,*
*तिम्रो अखण्ड ब्रह्मचर्यको उद्यापन*
*मेरो अक्षत कौमार्यको*
*विसर्जनबाट हुनुपर्छ विधिवत्–*
*एकै मुहूर्तमा*
*एकै शयनमा*
*अनेक मुद्रा र आसनमा*
*एउटै रुचि र जागृतिमा*
*निश्चित एकाग्रता अनि*
*दीर्घयोग र समान परितृप्तिमा ।*

*मानस पथको चर्चा हैन प्रिय,*
*मात्र शारीरिक कुरा हो यो*
*मानस सम्भोगको मीठो पापबाट*
*जोगिन को सक्छ र ?*
*त्यसैले,*
*पहिलो वसन्तको पहिलो क्षणमा*
*पहिलो अनुभव सञ्चित हुनुपर्छ*
*हामीबाट कामयज्ञको*
*निर्भय*
*निर्बाध*
*निःसङ्कोच ।*

*आऊ, चार अश्वशक्तिमा आरूढ भएर आऊ*
*सहस्रवीर्य प्रक्षेपित हुनुपर्छ तिमीबाट*
*समग्र स्वीकार हुनुपर्छ त्यसको मबाट*
*मेरो अग्निगर्भमा ।*
*प्रिय,*
*उत्साहपूर्ण आरोहणका लागि*
*निम्ता छ तिमीलाई ।*
*आऊ, समयको सीमा नाघेर आऊ*
*मेरो रङ्गद्वारमा*

*गन्तव्य लामो होस्*
*यात्रा सुखद रहोस्*
*प्राप्ति सम्पूर्ण होस् ।*
*परम आनन्दको*
*आतृप्तिका लागि*
*मेरो प्रबल युग्मेच्छा बुझ्नैपर्छ तिमीले,*
*आऊ, प्रचुर अश्वशक्तिमा आऊ*
*र आरोहण गर विधिवत् ।*

*हो, प्रत्येक कामनाको*
*सम्पादन हुनुपर्छ– संस्कारभित्रै*
*आऊ, वसन्तोत्सव मनाऊँ*
*निम्ता छ तिमीलाई ।*[*]

'वारुणी, कता अल्मलियौ तिमी ?' कविता परिवृत्तबाट संकरतर्फ पुगेको हो कि ?

ऊ झस्की । कविताको भावमा डुबेर, यौवन-विलासका अभिनय र मुद्राहरू सम्झेर त्यतै हराएकी थिई ऊ । अनि नौलो स्मिति फैलाएर भनी, 'म त रात्रिविहार सम्झन पुगेंछु । कविता र लीला एक अर्काका पूरक भएछन् नि ! कविताले जे भन्यो त्यस्तै भएछ नि !'

'त्यसैले त काव्यलाई अमृत भनिन्छ नि हैन र !' कामपाले अर्थान्तरन्यासमा प्रसङ्ग टुङ्ग्याउन खोज्यो ।

उसले थर्मसबाट चौंरी घीउको नुनिलो चिया दिई र आफूले पनि लिंदै गई ।

कुकुर चौंरीलाई जिस्क्याउँदै थियो । उनीहरू काठको फलैंचामा बसे । दक्षिणतर्फको घाममा पिठ्यूँ सेकाएर चिया लिंदै गुनी– मेरो नाम यो क्षेत्रमा आएपछि आज पहिलो पटक कसैले लियो । मीठो लाग्यो ।' अनि प्रकटमा भनी– 'तिमी मलाई यसै नामले सम्बोधन गर, नजीक बनाउँछ । मनले नजीक हुन पाउनु ठूलो कुरा हो नि ! हैन र ?'

'फिरङ्गीसँग मन बाँधेर बस्नु कति सम्भव होला र ? यो त आफैंलाई छल गर्नु र क्षणिक सुखमा खेल्नु भएन र !' उसले आत्मकथन गऱ्यो ।

---

*
LLC, Virginia, USA

कामगङ्गामा डुब्दा-खेल्दा एकैठाउँ हुन्छन् मनहरू । त्यहाँबाट निस्केपछि आ-आफ्नै गतिमा हुन्छन् शायद । वारुणी कामपाको शरीर यति सुगन्धित हुनुको रहस्य जान्न चाहन्थी, यद्यपि जानेर पनि उसलाई कुनै विशेष उपलब्धि हुने थिएन । ऊ यो पनि जान्दथी– मनको तिर्खा मात्र हो यो । फेरि पनि ऊ झनै सम्मोहित जस्तै थिई । फेरि पनि उसले त्यो तिर्खा प्रकट गर्न सकिन ।

कामपाले मनको कुरा भनिहाल्यो, 'तिमी आफ्नै अतीतबारे भन्छु भन्थ्यौ नि ! वारुणी ?'

कामपाले उच्चारण गरेको वारुणी शब्दको ध्वनिले उसले लट्ठिएको अनुभव गरी । शायद वाणी-विलास र संवाद कौशलमा त्यो शक्ति हुन्छ । उसले मुश्किलले यति मात्रै भनी, 'ज्यू, म भन्छु तर संक्षेपमा है । म यहाँ ढल्केरै भनौं ? हुन्छ ?'

कामपाले वाणी-शून्य रहेरै अनुमति दियो । ऊ उसको शरीरमा अडेस लागेर भन्न थाली ।

"मेरी हजूरआमा आततायीहरूको जङ्गली शिविरबाट निस्केर भाग्नु भएछ । भाग्दाभाग्दै एउटा ब्रिटिश लाहुरे, रिक्रुटवालाको घरमा पस्नुभएछ– झुक्किएर । त्यो पनि दैव नै भैदिएछ । यस्तो भैदियो कि उसैसँग लागेर उहाँ यूके पुग्नुभएछ । उहाँको उमेर त्यसवेला यस्तै १४/१५ को थियो । आततायीले स्कूलबाटै टिपेर लगेका कलाकार मध्ये एक तर व्यक्तित्व भएकी हुनुहुन्थ्यो रे ।

पछि आफ्नै देशमा बच्चा पाउँछु भनेर फर्कनु भएछ । मेरो हजूरबा को हो म जान्दिनँ । अस्पतालमा जन्माएको भए शायद टिपोट हुँदो हो । द्वन्द्वकै स्थिति थियो, सन्तान जोगाउन गाउँतिरै ग्वालीमा सुत्केरी हुनुभयो कि ! त्यसैले बाजेको नाम आजसम्म पक्का छैन । होला, म चाहिं जान्दिनँ । बाजे विना नाति-नातिना होलान् र ?" ऊ रोकिई ।

'किन रोकियौ ? भन न । म सुन्दैछु नि !'

'बच्चा जन्माएर हजूरआमा कहाँ जानुभो थाह भएन । फेरि आततायीले टिपेका युवतीहरूको समूहमा पर्नुभयो कि भन्ने शङ्का गरे– गाउँलेहरूले । बारम्बार गाउँबाट तरुणी छोरी टिपेर बेपत्ता पार्थे रे । त्यसैमा पर्नु भएजस्तो छ– आयुष्मती । नाम र जीवनको मेल छैन नि हकि ?'

'अनि ?'

'मेरो बाबु टुहुरो हुनुभयो । विधान बमोजिम नेपालमा भेटिने तर आमा र बाबु थाह नभएको पङ्क्तिमा गनिएर मेरो बाबु सडक बालकमा दरिएर नागरिक हुनुभो– शिविर बालकको कैफियतबाट ।'

'नाम त दर्ता भयो होला नि ?'

'अब त म सगर्व भन्छु नि– फत्ते । म फत्तेकी छोरी हुँ ।' वाक्य पूरा गरेर ऊ नराम्रोसँग रोई । उसको घुँक्काले हृदय फुटाउँथ्यो । कामपाले उसलाई रोकेन । ऊ चाहन्थ्यो रोदन पूरा होस्, शीतल हुन्छ ।

'म आउँदै छु है' भनेर ऊ रुँदै धारातिर लागी । मुख धोई, पखाली र हाँस्तै आई । अनि भनी– 'कथाको अर्को अध्याय मबाट शुरू हुन्छ नि । तिमी सुन्न मन पराउला ?'

'सुन्छु नि, नबिराई सुन्छु, भन न ।'

'मलाई पनि मेरी आमा थाह छैन ।' एकछिन रोकिएर फेरि भनी, 'म पनि बलात्कारबाट जन्मेकी रे । मेरी आमालाई मैले भेटिनँ । त्यसैले चिन्दिनँ । मैले स्तनपान गर्न पनि पाइनँ क्यार । आमाको स्पर्श मलाई अनुभव छैन ।' ऊ फेरि रोई ।

कामपा सुन्ने प्रतीक्षा गर्दै रह्यो ।

उसले भनी, 'मलाई एउटा ड्राइभरले हुर्कायो । शायद ऊ मेरी आमाको विषयमा जान्दो हो । मेरो अन्तरात्माले भन्छ– आमाको बलात्कार भएपछि बुबा अदृश्य हुनुभो । आमा र बुबा दुवै हराउने प्राणी मै हुँ ।'

एकछिन रोएर फेरि प्रसङ्ग जोडी, 'आमा दोषी हुनुहुन्न, बलात्कारी दोषी हो । राजनीतिले बलात्कारीलाई संरक्षण दियो र आमालाई दीन, निरीह पारेर नङ्ग्यायो । बलात्कारीको ड्राइभर सम्पूर्ण घटनाको साक्षी हुन सक्छ भन्ने मलाई लाग्छ । बुबाको विवेक-दृष्टि र ड्राइभरको मानवताले टाढैबाट आमा कतै न कतै सुरक्षित रहनुभएको छ भन्ने मलाई लाग्छ ।'

उसले अर्को पटक चिया ल्याई । चीजका टुक्रा र तीते फापरको रोटी अघि सारी । अनि बिर्सेको सम्झे झैं गरेर थपी, 'ड्राइभर अङ्कलले एउटा फोटो देखाएर यो तेरो बाबु र यो तेरी आमा भनेर चिनाउनु भएको थियो । उनीहरू कुनै कार्यक्रममा थिए । शायद ट्रेनिङमा पोशाक र ह्याटले गर्दा एउटाले अर्कोलाई चिन्न सक्तैनथ्यो । र चिन्नुको औचित्य पनि थिएन । त्यस्तो वेला कोही कसैको हुँदैन– मोर्चामा । दुवै राष्ट्रिय झण्डामुनि समेटिएका छन् । धैर्य गर । तिमी प्रकट हुँदा दुश्मनहरूको लक्ष्य हराउन सक्छ । यो कुरा म सानै हुँदा अङ्कलले भन्नुभएको हो ।'

'काम ! के सोच्दै छौ ? म तिमीलाई प्रश्न गरौं है ? मेरो नाता त आमासँग छ नि हैन र, बलात्कारबाटै जन्मेकी भए पनि ? त्यसैले आमासँग शरीरको, रगतको नाता छ अनि बुबासँग सम्बन्धको, हैन र ?'

'होला, तर मनको र मित्रताको सम्बन्ध श्रेष्ठ होला कि भन्छु । यसमा तिमी आफ्नै मनको अनुकूलतामा हेर न । किन्तु तपस्वीलाई, वनवासी वा गोसेवकलाई अब सम्बन्धको खाँचो पर्छ र ! त्यो झन् पीडादायक पो होला कि ? सम्बन्धमुक्त हुनु श्रेयस्कर होइन र यो स्थितिमा ?'

'हैन, मैले कुनै वीर पुरुषलाई बाबु र वीराङ्गनालाई आमा भन्न पाएँ भनें गौरव नगर्नु ?'

'हिजोको विधानभित्र त त्यस्तो आदरणीय व्यक्तित्वको निर्माण भएन, जति पनि भए डाका र बेइमान नै भए भन्छन्, तिमीले कुन वेलाको कुरा गरेकी ?'

'हिजोको खराब विधान उल्टाएर नयाँ युग ल्याउने तथा विलय हुनबाट मुलुकलाई जोगाउने-सिंगार्नेको सम्मान त गर्नुपर्‍यो नि ? चाहे ती जो हुन् ।'

'अवश्य । सुनौं न के गरेर यो मुलुक जोगियो र उन्नत भयो । कार्य र कारण दुवैतर्फ सुनौं न ।'

'जनता, भोट हाल्नेहरू नै दोषी हुन् । यिनले बेकामे मान्छेलाई आफ्नै प्रतिनिधि छाने र शक्ति हातमा दिए । त्यस्ता निकम्मा, अराजनीतिक, स्वार्थी मान्छे छानिएर सत्तामा पुगेका थिएछन् जसमा चेतना र विवेक बिल्कुल देखिएन ।'

'त्यस्तो होला त ?'

"अभिलेखले त्यस्तै देखाउँदै छ । केही भेडी गोठबाट, केही चौंरी गोठबाट, केही भैंसी चराउँदै, केही घोडा घुमाउँदै, गधा नुहाउँदै र केही हलो जोत्ताजोत्तै संसद्मा पुगेका रहेछन् । नाता-सम्बन्ध तथा स्वार्थ र द्रव्यपथबाट पुग्ने उत्तिकै । आखिर जनताले असल राजनीतिक सूझबुझ भएको मान्छेलाई आफ्नो प्रतिनिधि छानेको भए त मुलुक उँभो लाग्थ्यो नि ! आफूले नेता भनेर पठायो, ऊ त अर्कैलाई प्रभु ठानेर जीवन, माटो, संस्कृति र स्वत्वको व्यापार गर्ने भएछ । गोठाला, खेताला, हरुवा-चरुवा, डाका र मुडीकट्टा/ज्यानमाराहरूलाई नेता बनाएपछि न राज्यसीमा जोगियो न स्वत्व ।

केही साहसी सत्पुरुषहरू उठेछन् । टाउकामा कात्रो बाँधेर । तिनकै सत्प्रयासले परिस्थिति उल्टेछ र आज हामी यहाँ छौं ।"

'जनता विरोधमा उठेनछ ?'

'उठ्यो नि, नेगुवि (नेपाल गुप्तचर विभाग) फेरि ब्यूँझेछ । भूपू सैनिक जुटेछन् । पुराना इमान्दार प्रशासकले साथ दिएछन् । थोरै पत्रकार र उद्योगपतिहरूको समर्थन रहेछ । बालसेना जवान भैसकेका रहेछन् । तिनको सहयोग भरपर्दो थियो ।'

उसले जोड दिएर थपी, 'नेपाल बाहिर पुगेका नेपालीलाई देशको बढी माया हुन्छ क्यार । त्यताबाट पूर्ण सहयोग थियो । यता देशभित्र नेताका छोरा-छोरीले

पनि बाबुलाई 'राजनीतिबाट संन्यास लेऊ, घरबाट बाहिर ननिस्क । कि विदेश जाऊ । मुलुक नमास । हाम्रा लागि चाहिन्छ । हामी देशविहीन भएर बाँच्न चाहँदैनौं' भने । तर तिनले भनेको मानेनन् । त्यसैले अकल्पनीय परिणाम भोगे ।'

ऊ भन्दै गई– "यो सबै रेकर्डमा रहेको तथ्य हो । एकदिन त्यो ड्राइभर अङ्कलले मलाई 'कुनै दिन काम लाग्छ, यो रेकर्ड जोगाएर राख्नू है' भनेको हुनाले मैले त्यो कम्प्युटरमा सारेर राखेकी छु । कुनै दिन चाहियो भने हेर्न सकिन्छ । त्यो मेरो बाबुले गरेको सुकर्मको इतिहास रे– प्रमाण ।

यो क्षेत्रका अपराधीहरूको स्मारक हेर्न चाहन्छौ भने भरे म तिमीलाई पुर्‍याउँछु नि ! कम्प्युटरमा हेरे पनि हुन्छ ।"

'मलाई लाग्छ, तिम्रा बाबु फत्ते अझै भूमिगत होलान् । आमा, के नाम हो भन्यौ रे– गीर्वाणी ! उनी पनि सिंहिनी, होलिन् कुनै गुफामा, एकान्तमा । ठाउँमा कुरा पुगेको भए आममाफीमा पर्नुपर्ने । सैन्यकर्म अपराध हुँदैन । त्यो सलामीयोग्य हुन्छ ।'

'तर मेरो प्रश्न छ तिमीलाई, मुलुकमा यतिका अप्रिय र अवाञ्छित कर्म भए, तिमी कसरी अनजान रह्यौ ?' उसले जिज्ञासा गरी ।

'यो त म बाँचेको युगको कुरा हैन, पहिलेकै हो । फेरि तिमी मलाई जान्दछ्यौ नि, मेरो परिवेश नै फरक थियो, बिल्कुल अलग । आफैंमा मस्त हुन्थ्यौं । कुनै विप्लवको प्रभाव थिएन हाम्रो संसारमा । म साधुकर्ममा थिएँ भन्नुपर्‍यो । केही सुनें, केही बिर्सिएँ । ध्यान पनि गएन त्यसतर्फ । किन्तु अघोरीको अखाडाबाटै तालीमप्राप्त कुकुर निस्कन्थे र यहींबाट धेरै कुरा निर्देशित हुन्थे भन्ने कुरा छापाले उद्घाटन गरेको देखिन्छ । मेरो बाटो त्यो थिएन । अल्प संवाद र उपासनमा नै म आफ्नो एकान्तवास र दिनचर्या पूरा गर्दैरहें ।' कामपाले धेरै बोल्यो र थप्यो, 'तिमी पनि योगी भइछौ । अनासक्त रहनसक्नु सामान्य कुरा होइन ।'

'त्यस्तो त होइन, तर यति चाहिं हो– जानु पनि कहीं छैन र पुग्नुपर्ने पनि कहीं छैन । प्रतिस्पर्धा पनि छैन । त्यसैले प्रतियोगी हुनु पनि छैन । बस् प्रकृतिका रङ्ग र तरङ्गहरूमा रमाउँदै आफ्नो दिनचर्या सप्ताह, महीना, ऋतु, अयन र वर्षहरूमा बित्तै छ । दीर्घकालीन योजना पनि छैन र खासै अशान्ति नभएकोले द्विविधा पनि छैन । र वैकल्पिक पथको खोजी पनि छैन । तर आशावादी छु, ऋतु परिवर्तन होला । कर्म गर्दै छु– शान्ति र आरोग्यका लागि । त्यसैले त प्रशस्त खान्छु र मीठो निद्रा सुत्छु नि !' वारुणीले अनुभव सुनाई ।

उसले गुन्यो– 'कि राजनीतिक व्यक्ति समयको पर्खाइमा अडिन सक्छ कि तापस-साधक । वारुणीमा क्यै त छ । यो सामान्य नारी होइन । कतै

गृहस्थी-अघोरी हो कि न !' उसले थोरै आशङ्का गर्न खोज्यो र फेरि फर्कियो ।

साँझ पशुधनको थान्कोमुन्को गरेर दैनिक कार्यतालिका वेलैमा पूरा गरी– वास्र्णीले । खाइसकेर तोङ्बामा पानी थपी । कुकुर आयो । उसको खानेकुरा पनि दिई र कम्प्युटर खोली ।

"हेर, पाएको सामग्री र सूचनाबाट मैले जे जति बुझें त्यसै अनुसार सामग्री वर्गीकृत ढङ्गले श्रृङ्खलित गरेकी छु । अनि परिवेश र दृश्यहरूमाथि मेरो आफ्नै मीमांसा पनि छ । दृश्यले धेरै कुरा आफैं पनि बताउलान् । तिमी हेर्दै जाऊ । निकै वर्ष भएछ हामीले यो संविधान ओढेको । यस अघि आततायीहरूको रुचि र सङ्कल्प अनुसार आएको विधान थियो । भनिन्छ, देशलाई विघटन गर्ने र विदेशी शक्तिलाई निम्त्याउने सोच राखेर पराईकै रुचि अनुसारको विधान ल्याइएको थियो– त्यो ७२ को विधान । वास्तवमा त्यो विधानको धुरीभित्र रहेर राजनीतिक उद्योग गर्नेहरूले कसरी शक्तिको दुरुपयोग र स्रोतको अपचलन गरे त्यसको लेखा-जोखा गर्न सकिन्न । तर युवा पुस्ताले अपराध र अकर्मको तथ्याङ्क राखेका रहेछन् । तिनलाई पन्साउन युवाले कति कसरत गर्नु पऱ्यो त्यो बुझ्न गाह्रो पर्दैन ।

४७ को विधान एउटा सन्तको सक्रियतामा आएको थियो भनिन्छ । यस मुलुकको राम्रो संविधान त्यो थियो रे । राजालाई संविधानभित्रै राखिएको थियो । किन्तु त्यही विधान फ्याँक्नका लागि जुन आन्दोलन गरियो र त्यसले जुन विधान ल्यायो त्यो दुर्भाग्यपूर्ण थियो भन्ने तथ्य प्रमाणित भइदियो । राजतन्त्र फ्याँकेर गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र आरक्षण आयो र मुलुकको शक्ति, माटो, जीवन, संस्कृति र स्वत्व छोपिंदै गयो । मुलुक दुर्नाम पनि भो, दुर्बल पनि भो, दुर्भिक्षग्रस्त पनि भो र दुःखी पनि भो । आततायीको छापामार युद्ध, विदेशी तत्त्वको पोषण र उत्प्रेषण, विदेशी भूमिमा सन्धि, हस्ताक्षर, अयोग्यहरूको संविधानसभा, अदलवादीहरूको बहुदलीय सदनमा प्रवेश अर्थात् चुनावी प्रक्रियामा प्रवेश र प्रजातान्त्रिक जीवनमा भेटिने विविध व्यञ्जनको अति भोग र दुरुपयोग । बस्, मुलुकमाथि बलात्कार भो पालैपालो, सल्लाह गरीगरी, नीति बाँधीबाँधी । हुँदाहुँदा आफ्नै घरमा आफैंले आगो लगाउन र अर्कोलाई संरक्षक भइदे भन्न पनि पछि परेनन् दलपतिहरू ।

आखिर गृह-कलहले असक्षम, स्वार्थी र चाटुकार व्यक्ति देशको चौतारा भयो । बस् विप्लवका दिन आउन थाले । मुलुक विसर्जनको स्थितिमा धकेलियो । तर विलयको स्थितिबाट नयाँ पुस्ताले यू-टर्न गराए । नष्ट हुनबाट रोके, जोगाए । धन्न, नेपालीहरू देशविहीन भएनन् ।

त्यस वेलाका घटना-मुद्दा जोडेर हेर्दा आज पनि मुटु काम्छ । राजनीति गर्ने मान्छे यदि शठ, धूर्त भैदियो भने त साह्रै घातक पो हुँदो रहेछ त ।"

उसले थपी, 'संवैधानिक क्षेत्रका र निजामती तहका अधिकृतहरू सबै हटाइए र पुराना इमानदारलाई करारमा राखियो– डेस्क डेस्कमा । त्यसपछि नयाँ कर्मचारी भर्ना गरेर तालीम दिए । प्रहरी र सेनालाई छोएनन् । किनभने ती ऐजन मौकामा ठूला सहयोगी र उपकारक भैदिए । गुन गरे भन्नुपर्छ । प्रहरी जवान त ती बेइमानहरूको सुरक्षा र सलाम पनि गर्न चाहँदैन थे । खूब लेख्दा हुन्– साहित्यकारले । यदि पढ्ने हो भने छ महीनामा पनि सकिंदैन । कतिकति सूची र शीर्षक नै अथाह ! अनाडीको राज्यभोग भनेको यस्तै हो कि !'

उसले उठ्तै भनी, 'एक पटक तोङ्बामा पानी थपौं अनि प्रसङ्ग फेरौंला नि है । यो राजनीतिक भाँडभैलो कति हेर्नु ।' र पानी थपी ।

'त्यसपछि के भो ?'

'युग परिवर्तन भो नि । अहिलेको संविधान आयो । सबै नेपाली आफ्नै देशमा अटाए । गाँस र कामको खोजीमा अब कोही देश बाहिर जाँदैन । अवसर खुल्दै गए । जीउ-धनको सुरक्षा भो । शिक्षा र स्वास्थ्यको चिन्ता रहेन । व्यक्तित्वको विकास हुँदै गयो । व्यापारिक क्षेत्र थपिए । यातायात सुगम भयो । कोही कसैलाई हेप्ने र तर्साउने गर्दैन । सानो र ठूलोको भेद पनि छैन । वास्तवमा रामराज्य नै आयो भन्छन्– हिजोको आततायीको संविधानमा हुर्किएकाहरू ।'

उसले थपी, 'हामी आत्मनिर्भर भइसकेका छौं । विदेश नीतिमा असंलग्नता अँगालेका छौं । अझ महत्त्वपूर्ण कुरो हो– चीनको हुंकार ।'

'त्यो कस्तो ?'

'नेपालले नमागे पनि छिमेकीको सुरक्षामा प्रतिबद्ध छु, वेत्रावती सन्धि टेकेर पनि जागरूक छु र सीमा विवाद टुङ्गिएन भने विशाल नेपालको स्वरूप स्थिर गरिदिन्छु भनेछ चीनले । उसको सहयोगमा कन्काई-सिन्धु जलमार्ग निर्माण हुने बित्तिकै सारा उत्तेजना र अभिमान झरेछ इन्डियाको । त्यसपछि अन्तर्मुखी भएर इन्डिया चूप भएको छ । अहिले नेपालले धेरै मुलुकमा सैनिक-सेवाको ठेक्का लिएको छ । हामी विभिन्न मुलुकका सैनिक परिचालन गर्छौं । दक्षिण एशियाको सैनिक प्रशासन र शान्ति अब हाम्रै जिम्मामा आएको छ ।'

कुखुराका भाले बासे । वरपरबाट जुवारी थाले । लाग्थ्यो, प्रतियोगिता शुरू भयो । वन क्षेत्र पनि ब्यूँझ्यो । चरा-चुरूङ्गीको मिश्रित स्वरले प्रभाती वेला गुञ्जायमान भयो ।

कुकुर भुके । बटुवा बाटो लागे । चौंरीले बाछा सम्झे, बाच्छाले माउ । गोठघरको दिनचर्या अहिले हैन, भरे हैन, भोलि हैन, आज विश्राम या हडताल त्यस्तो केही हुन पाउँदैन । नियमित कार्यतालिका भ्याउनै पर्थ्यो । विकल्प थिएन कि !

वारुणी सधैंभन्दा आज केही छिटै उठी । शीघ्रताले ऊ भान्सामा अल्मलिन पुगी । आजको बिहान र उसको मनोजगत केही भिन्न छ । ऊ किञ्चित् अनुभव गर्छे । मन प्रसन्न छ । शरीरमा अपूर्व फुर्ती छ । जाँगर र उत्साह छ । प्रशस्त ऊर्जा र रुचि छ । यो उमङ्ग र खुशी ऊ बाँड्न र देखाउन चाहन्छे तर कसलाई ? उसको मनोभाव बुझिदिने को छ अहिले ? अम्बु पनि त छैन घरमा । ऊ आफैं झस्की । किनभने ऊ यो उमङ्ग र यसका पत्र-पत्र खोलेर भन्न सक्थी तर किन र कसरी भनेर प्रश्न गरेका खण्डमा उसले अवाक् हुनुपर्थ्यो । के रात्रिविनोदको प्रसङ्ग ल्याएर खुलस्त भन्न सक्थी ? हो, अरू कसैसँग भए ऊ सङ्केतमा भन्न सक्ती हो । तर अम्बुका अगाडि उसले पारदर्शी पर्दाभित्र देखिनै पर्थ्यो–भौतिक नैतिकता ओढेर । किन्तु त्यस्तो स्थिति आउँथ्यो, आउँदैनथ्यो त्यो पर्खनै पर्ने थियो । तैपनि यस्ता कुराबाट मन फर्काएर उसले केलाई– 'पुरुष तत्त्वको संसर्गबाट नै यो प्रसन्नता, यो फुर्ती र उमङ्ग प्राप्त भएको होला ।'

अनि उतातर्फ फर्किएर गुनी– 'यस्तो आनन्द र फुर्ती उसले पनि सञ्चित गरेको होला नि मबाट ? म त्यो जान्न चाहन्छु । मैले सोधें भने उसले भन्ला ? यदि मलाई सोध्यो भने कुनकुन क्षणमा कुनकुन ढङ्गको आनन्द उठाएँ मैले त्यो सबै भनिदिन्छु तर उसले सोध्न जान्नुपर्छ र बुझ्न सक्नु पर्छ । उसले वीर्य-प्रहार गर्दै-गर्दा र त्यो प्रहार खप्तै-खप्ताको जुन आनन्द हो त्यो, र त्यसले मस्तिष्कमा समेत झट्का दिएर लट्ठ पार्ने क्षणको आनन्दको पनि बखानै लाइदिन्छु, जसको असर म यति पछिसम्म अनुभव गर्दैछु । पुरुषको वीर्यशक्ति, त्यसको प्रहारको असर र कलापूर्ण प्रक्षेपण, प्रहारको वाञ्छित स्वीकृति र समग्र ग्रहण त्यो आफैंमा हिमालय हो, सागर हो अनि वडवाग्निको शमन हो । शायद यही त हो सुरत यज्ञ । होला, यस्तै होला । नत्र किन भनिंदो हो यज्ञ इन्द्रिय-मन्थनलाई ।'

'म कसरी सम्झाउन सक्छु र उसलाई ? कतै अनर्थ हुने हो कि मेरो आनन्दमा ठेस लागेर, गलत ठाउँमा पोखिएर ?' ऊ होशमा आए झैं गरेर सम्हालिई । अनि उमङ्ग र आत्मविश्वासले भनी– 'म अहिले दुनियाँ जित्न सक्छु, मौका पाउनुपर्छ । मेरा लागि दुर्गम र दुर्लभ केही हुने छैन ।' यस्तै कुरा मनमा खेलाउँदै उसले आँगनमा खरेटो पनि लगाई र भित्र पसेर सीधै धारोपानीमा पुगी ।

प्रातःकालमा अरुणोदयको आभा देखिएको थियो । फेरि हुस्सुले ढाक्यो । त्यसैले चौंरी खोल्ने र आँगनमा बाच्छा ल्याउने काम बाँकी राखी– घाम लागेपछि गर्ने भनेर ।

भान्साको टेबुलमा कामपा चिया पर्खंदै थियो क्यार । वारुणी पानीमा खेलेर आई । कामपालाई देखेर ऊ झस्की– मानौं बलिष्ठ साँढेलाई देखेर कोरली कामेकी, डराएकी, लजाएकी हो । उसको हिंडाइ र विग्रहको स्वरूपले हावाले छोएको फूलको झझल्को दिन्थ्यो । पुलुक्क हेरी र त्वरित गतिले काठको लिस्नु चढेर उक्ली । उसले आँखा घुमायो । ऊ चीसो शरीरमा थिई । परेलामा अझै पानी अडिएको थियो । आँखीभौं सुकेको थिएन । कपोल रोमिल थियो । नारी र पिंडुलामा पानीले बनेका रोमरेखाको आकर्षण छँदै थियो । हतार गरेर ऊ छलिई । उसले आँखाभरि हेऱ्यो । अनि सौन्दर्यको पहिचान दिनसक्ने महाकवि माघको पङ्क्तिको आवृत्ति गऱ्यो मनमनै :

*क्षणे क्षणे यन्नवतामुपैति, तदेव रूपं रमणीयतायाः ।*

काठको लिस्नु चढ्दा-चढ्दै उसले पनि गुनी– एक पाटो देखिएको थियो अहिले सबैतिर देखियो क्यार । चाँडो हिंड्दा केशको अग्रभागबाट उछिट्टिएका पानीका विन्दुले कामपालाई किञ्चित् सिंचित गराएको हुँदा ऊ पनि रोमाञ्चित भएको थियो । फेरि पनि तत्क्षण सद्यःस्नाता युवतीको शरीरको सुगन्ध लिन नजान्दा ऊ नमिठो अनुभव गर्न पुग्यो, ठगिएको । शायद त्यो सुगन्धबारे उसलाई ऐजन मौकामा होश नै भएन । कैयौं कुरा पाएर पनि मानव ठगिएकै हुँदो रहेछ नि !

चमेना चल्दै थियो । गाडीको आवाज आयो । दुवै सजग भए । भित्र पसेर हुत्तिंदै बसेकै ठाउँमा पछाडिबाट वारुणीलाई 'काकी' भन्दै अम्बुले अँगालो हाली । अनि कामपालाई हेरेर भनी, 'सञ्चै छौ ? ममाथि कुनै गुनासो छैन हैन ? माफ गर है, एक्लै छोडें ।' फेरि सुधार गरेर थपी, 'एक्लै किन ? काकी हुनुहुन्थ्यो नि ! सरी ।'

उसले थपी, 'आज काकीलाई बढी प्रसन्न र उज्यालो देख्छु नि ! आज त काकीको गालामा डिम्पल पनि देखिन थालेछ ।'

'तिमी आयौ, खुशी ल्यायौ । त्यै खुशीमा देखिएको होला कि ! तिम्रो पनि छ नि ! झन् भरिलो देखिन्छ हैन त ?' वारुणीले भनी ।

'हाम्रोमा महात्मा यहाँ भएर हो कि । हामीमा खुशियाली छ । हैन काकी ? कामपा यहीं रहनुपर्छ– हाम्रा लागि, मेरा लागि, सरी हामी दुवैका लागि । खुशीको कुरा हो, पाहुना ।'

आफ्नै गालामा गाला जोडेर चिर्बिर गरिरहेकी अम्बुलाई गालामा थथ्थपाएर वारुणीले भनी, 'उहाँ बस्नुहुन्छ हाम्रा लागि । गए पनि आउँदै गर्नुहुन्छ– यो घरका लागि, चौंरीका लागि । गौरीशङ्कर र दूधपोखरीका लागि पनि ।' बडो खुला रूपले संवाद गरी ।

एकछिन रोकिएर भनी, 'उचित छ, म सती बन्छु र हराउँछु । तिमी पार्वती भएर रमाऊ–महात्मा त पूरै भोले बाबा नै भैहाल्यो । के फरक पर्छ र ?' उसले अलिकति मिथक र भूगोलको सङ्केत गरेर आफ्ना कुरा टुङ्ग्याई ।

'के बनाऊँ चमेनामा ? हामीले त खाइसक्यौं । कुरा धेरै भए, अब तिम्रा लागि तयार पारिदिन्छु । घाम लाग्न आँटे । चौंरी पनि खोल्नु छ ।' फेरि औपचारिक भावले थपी ।

'चौंरी घ्यूको चिया, दुइटा पोलेको आलु र दुई टुक्रा चीज, त्यसपछि तोङ्बा । बस् । पहिले चमेना, अनि स्नानपछि एकछिन सुत्छु । राति क्लबमा गइयो । सुत्न पाएकै छैन ।'

'ए, रमाइलो भयो होला नि !'

'रमाइलै थ्यो, तर मेरा लागि त यहीं रमाइलो । ऊ, कुकुर पनि आइपुग्यो । मेरो जीप हेर्ने यही थियो । भित्रै बसेर रुँगालो गर्‍यो बरा ! असाध्य मायालु रहेछ काम, तिम्रो कुकुर । अब जिम्मा लगाएँ है । जस्ताको तस्तै छ । थोरै दुब्लायो कि तिम्रो सुर्ताले । त्यत्ति हो ।' अम्बुले ठट्टामा धेरै कुरा सङ्केत गरी ।

'तिम्रो कोठा तताएकै छ । सफा छ । म चमेना त्यहीं ल्याइदिन्छु । चौंरी खोलिदिन्छु । एकछिन कम्प्युटर खोल्छु । तिम्रो निद्रा पुगेपछि खाना बनाउँला । यो कुकुरलाई पनि खानेकुरा दिऊँ बिचरा । यसको हेराइ नै मायालाग्दो छ– करुणापूर्ण ।' वारुणीले प्रसङ्ग टुङ्ग्याउन खोजी ।

'ओके, म हिंडें ।' अम्बु आफ्नो कक्षतिर लागी ।

चौंरी तह लगाएपछि वारुणीले केही काम शेष राखी अनि कम्प्युटर खोली । तोङ्बामा पानी भरी । यस पटक नली दुइटा भए पनि तोङ्बा एउटै थियो ।

'स्मृति–समाधि' शीर्षकभित्र छिरेर उसले चित्रावलि देखाएर भनी, 'पूर्वाञ्चल र पश्चिमाञ्चलका व्यक्तिहरू यिनै हुन् । यसमा चौतारादेखि तलैसम्मका व्यक्ति छन्–जो अपराधी प्रमाणित भएपछि दण्डित गरिएका हुन् । राज्यको हरेक निकायमा काम गर्ने कुनै पनि तहका मान्छे यहाँ भेटिने छन् ।'

'बुझें । तर कुन कुन ढङ्गले वा कस्तो शैलीले दण्ड विधान गरिएको रहेछ त्यो जानकारी मिल्दैन ?'

'त्यो मिल्दैन । जनताले हेरे, थाह पाए भने कहालिन्छन् । हाम्रो इतिहास भयङ्कर क्रूर र कठोर रहेछ भनेर हीनताबोधमा जालान् र क्षुब्ध होलान् भनेर हो

कि, दण्डको प्रक्रिया कतै पनि खोलेको छैन । केवल दण्डित गरिएको आधार छ । समाधि छ । मदन भण्डारी र दरबारको घटनाको सत्य विवरण बाहिर ल्याइँदैन । जनता भट्किन्छन् । सल्लाह गरेरै फाइल सील गरिन्छ क्यार ! शान्तिका लागि । यथार्थ खोल्यो भने असन्तुष्ट पक्षले खुकुरीमा धार नलगाउला र ? छोप्नु बेस ।'

उसले समाधि-स्थल देखाएर भनी, 'यी काठका साना फलेकमा, पित्तलको प्लेटमा नाम, थर र जन्म-मृत्यु मिति लेखिएको छ । किन्तु यो लेखाइ पनि वर्गीकृत छ–पेशा, कर्म, पद वा व्यक्तित्वको आधारमा फरक फरक ।'

'मैले बुझिनँ ।'

'सीधै छ नि, जो दण्डनीय थिए ती दण्डित भए । सबै किसिमका अपराधीहरूको नाम यो समाधि-स्थलमा तहतह मिलाएर राखिएको छ ।'

'दलपति र दलसेना चाहिँ परेनन् यसमा ?'

'कोही पनि छुटेको छैन । सबभन्दा बढी त आर्थिक घोटाला गर्नेहरू, गलत सन्धि-सम्झौता गर्ने र तिनलाई समर्थन गर्नेहरू नै परेका छन् । कुरा स्पष्ट छ नि, दस्युहरूलाई ठेगान नलगाएको भए गैसकेको मुलुक कहाँ सजिलै यू-टर्न हुन्थ्यो होला त ?'

एकछिन रोकिएर फेरि थपी, 'मैले सुनेकी हुँ– अपराधमा मुछिएका चौतारा र संवैधानिक पदमा रहेका अपराधीको शवमा त राष्ट्रिय झण्डा ओढाउने र शवसंस्कार गर्ने अवसर पनि मिलेन रे ।'

'अब मैले जान्न के बाँकी छ ?'

'आम्मै कति छ कति नि ! नीतिगत भ्रष्टाचारका कुरा त कति कति !'

कम्प्युटरको पर्दा फेरियो ।

नेपालको नक्शामा केन्द्रित रहेर उसले भनी, 'बत्ती, रेखा र रङ्गहरूलाई हेर्दै जाऊ है त ।' दृश्यहरू फेरिंदै जाँदा कामपालाई सकेसम्म एउटै वाक्यले बुझाउने यत्नमा ऊ लागी ।

"यो भोट क्षेत्र, यो हिमालय, यो हरित पर्वत पङ्क्ति, यी उपत्यका, यी अधित्यका (भित्री मधेश) र यो समथर मैदानी भाग । फरक फरक रङ्गमा छ, बुझियो हैन ?

अब यी हिमनदीहरू । यी मझ्यौला नदीहरू र यी ससाना । अब फेरि यहाँ हेरः यी पर्वतका किनारबाट अर्थात् पहाडको फेदबाट पूर्व-पश्चिम जलबन्ध, जलमार्ग र विद्युत् उत्पादन । कृषि सिंचाइको व्यवस्था गरिएको छ ।"

'अलिक बुझिएन ।'

'नदीहरूलाई पहाडको फेदबाट पूर्वदेखि पश्चिमसम्म जोडिएको छ । वारपार जलमार्ग छ– पूर्वदेखि पश्चिमसम्म । यसमा स-साना स्टिमर चल्छन् । तटबन्धबाट मेट्रो रेल चल्छ । ठाउँठाउँबाट सिंचाइका लागि नहर बनेका छन् । मत्स्य-पालनका लागि सुविधा प्रदान गरिएको छ । आवश्यक विद्युत् ऊर्जा पर्वतीय नदीबाट उत्पादन गरेर यथेच्छ उपयोगमा ल्याइन्छ ।'

'अरू ?' कामपाले जिज्ञासा राख्यो ।

'अरू के ? ए, युवालय पनि छ ।'

'त्यो कुन खालको आलय हो ?'

'युवतीका लागि युवक र युवकका लागि युवती उपलब्ध हुन्छन् । यदि आफैं मिलेर आउँछन् भने– मोटेलमा गए भैगो । तर निषेधित कर्म पनि छन्–मादक पदार्थ पिएर वा नशामा सार्वजनिक यातायातबाट यात्रा गर्न पाइँदैन । पान, चुरोट, बिडी, खैनी, गुट्खाहरू पनि खान वा उपयोग गर्न पाइँदैन ।'

फेरि पर्दा सऱ्यो । उसले भनी, 'अब स्मार्ट सिटीतर्फ लागौं । हरेक जिल्लामा एक-एक स्मार्ट सिटी छन् । एउटै मोडेलमा घरका बाहिरी स्वरूप खडा गरिएका छन् । खास गरेर पेगोडा र शिखर शैलीका भवनले महत्त्व पाएका छन् । भित्री भागमा सक्तो बढी काठको उपयोग गरिएको छ । चीन, जापान, कोरिया र आफ्नै देशका विज्ञहरूको मिश्रित सोचको ज्वलन्त नमूना हो 'आदर्शनगर' अर्थात् 'सन्निवास' ।'

वारुणीले अर्को प्रसङ्ग जोडेर भनी, "भीड र बजार तलै छ, मैदानी भागमा । शर्त पालना गरेर मात्र यता आउन पाइन्छ । उद्देश्य स्पष्ट नपारे छिर्न पाइन्न । तोकिएको समयमा फर्कनै पर्छ ।

कुनै व्यक्तिको घर, थर, धर्म र कर्म सोध्न पाइन्न । यहाँ आशय करणीले महत्त्व पाएको छ । त्यसैले गौरीलाई भन्दा शङ्करलाई जोगिन कठिन छ भन्छन् ।"

'यति सुन्दर र व्यवस्थित हुन मुलुकले कस्तो कदम चाल्यो ? कसरी भयो त ?'

'पूँजी, श्रम, समय, सङ्कल्प र इमान– यी पाँचै तत्त्वलाई लक्षित योजनामा लगाइयो । हिजोको व्यवस्थामा कुनै सपना थिएन, आफू बन्ने बाहेक । यो व्यवस्थामा सबैको सामूहिक सपनाले आकार पाएको रे । मैले यस्तै सुनेकी छु ।' ऊ उठी ।

कामपा रित्तियो । उसँग प्रश्न थिएनन् । ऊ सांसारिक जीव पनि होइन । त्यसैले दण्ड र प्रपञ्च पनि ऊ जान्दैनथ्यो । तर जीवन भोगेकी थिई वारुणीले ।

सामाजिक–राजनीतिक प्रपञ्च र खेलबारे कामपा जान्दैन भन्ने ठान्थी ऊ वेलावेला । एउटा अखाडाको घेराबन्दी र आचार संहिताभित्र हुर्केको, अर्की संहितामुक्त सामाजिक पाठशालामा हुर्केकी । त्यसैले चेतना र अनुभवको असमान फैलावट हुनु स्वाभाविक लाग्थ्यो । भिन्न गुरुकुलका उत्पादनमा तुलना कहाँ ?

कामपा आफ्नै मनोजगत्मा थियो ।

कफी अघि सार्दै भनी, 'लेऊ, आज कफी खान मन लाग्यो । मलाई यसको सुगन्ध नै मन पर्छ ।' उसले पोलेका आलु र हरियो खुर्सानीको सुगन्धले छोएको पिसेको नून पनि उतिर सारी ।

आलु र खुर्सानीको स्वादमा मिसिएर वारुणीले प्रश्नभावले सोधी, 'त्यतिका दुश्मन, पुराना रोग, दुर्भेद्य किल्ला कसरी तोडिए ? तिनको नाश कसरी भयो ? कसले गऱ्यो त ? मैदान सफा नगरी यस्तो सुन्दर निर्माण हुने थिएन कि भनेर सोद्धैनौ तिमी ? कि अघोरीहरूलाई त्यस्तो घोर जीवन–व्यवस्थाले डराउँदैन ? एक वचन त सोध । दुश्मनको सफायाको कथा नसुनेर होला त !'

'भन, म सुन्छु । मैले के सुन्न बाँकी छ त्यही थाह भएन । तिमी भन । नरोकी भन, म नबिराई सुन्छु ।'

वारुणीले कथा सुनाई, 'मैले पनि सुनेको कथा हो । तर यथार्थ जस्तै लाग्छ ।

लखानो चौधरी भन्ने एक प्रोफेसर थिए । ती योद्धा र कमान्डर थिए । राज्यशक्ति र राजनीतिक व्यवसायीले दीनदुःखी जनतालाई उत्पीडनमा राखेको देखेर उनी असाध्य चिन्तित भए । अनि ती दुःखीहरूलाई पछि लगाएर उनी मिहिर चौधरीको कुटीमा पुगे ।

मिहिर चौधरी फकीर थिए । नदीको किनारमा जङ्गलको छेउमा कुटी बनाएर साधना गर्थे । आफूले लिएर गएका जनताको पीडा मोचनको उपायबारे मिहिर चौधरीसँग लखानोले रातभरि एकान्त संवाद गरे ।

आगो बलेको छ । थोरै आङ्गिक अभिनयको मुद्रा देखिन्छ । नाम र अपराधको बयान गरेको हो कि जस्तो आभास मिल्छ । खेलाँची गरेर कुरै कुरामा आगोमा होम हालेको भान पनि हुन्छ ।

जङ्गली कुखुरा बासे । गाउँका पनि बासे । आगो पनि थाक्तै गयो ।

धरतीमा उज्यालो झर्न थाल्यो । नदी किनारको जङ्गलमा कुटीको छेउमा सुतेका दीनदुःखी जन आ–आफ्नै बर्कोबाट निस्कँदै गए ।

सूर्यको पहिलो किरण फकीर मिहिर चौधरीको कुटीमा पऱ्यो । नदीको पानी रक्ताम्मे देखियो । त्यहाँ जम्मा भएका जनसमुदायको मन भरङ्ग भयो । फेरि

बिस्तारै सहज हुँदै गयो । सूर्य-प्रकाशमा परिवर्तन आयो । आकुल मनहरू शान्त-शीतल भए ।

फकीर बाबाले नदीको जल स्पर्श गरे । सङ्कल्प गरे झैँ गरे । आफूलाई छर्किए । एक दुई थोपा मुखमा हाले । अनि लखानोतर्फ आएर भने– तपाईंको टेलिफोन चल्छ कि ? कि बेटरी...?

लखानोको फोन आयो । उनले सतर्क भएर सुने । रेडियो नेपालको समाचार आउने वेला हुँदै थियो । तर किरात वाणी टेलिभिजनले 'प्रेतात्माको आतङ्क' शीर्षक दिएर कर्बुर भन्ने श्मशान वीरले ठूला-बडा, बलिया भनाउँदाहरूलाई लाटिएको स्थितिमा मसानघाट पु¥याएको समाचार प्रसार गरिसकेको थियो । यस कुराको जानकारी लखानोलाई लल्लन चौधरीले गराएका थिए ।

फकीर मिहिर चौधरीको चरण स्पर्श गरेर लखानोले अभय र आशीर्वाद लिए र आफ्ना टोलीका साथ गाउँ फर्किए । प्रश्न र उत्तरको समय अब थिएन ।

पहिलो उत्सव थरूहटको धरतीभरि चल्यो । काँढा कसरी उखेलियो त्यो पनि थाह थियो । किन्तु लखानोले सम्मोहन विधि र प्रक्रियाबारे जान्न खोज्नु र भन्न खोज्नुको औचित्य थिएन ।

राष्ट्रका, समाजका अपराधीहरू लट्ठिएर बेसुध पल्टिएको खुशियाली सर्वत्र फैलियो ।

अर्को दिन ४७ को छाया विधान लागू भयो । र त्यसै दिन काँचुली फेरेर यो नयाँ मुलुकको जन्म भएको रे । हेर न कति शान्त र व्यवस्थित छ । नत्र दलपति, तिनका अनुचर र दलसेनाले कम्ती पिरोलेको थिएछ र ! उवेला सर्वत्र आततायीको दबदबा थियो रे । मिलेमतोले मुलुक लुट्ने र विदेशीलाई लुटाउने रे व्यक्तिगत स्वार्थका लागि ! मैले यस्तै पढेकी हुँ । धन्न मुलुकले शैतानको घेराबाट मुक्ति पाएछ, हैन ? तर अवाञ्छित घाउ-खटिरा पनि धेरै किसिमले हराएका छन् । जान्नका लागि वेब साइटमा जानै पर्छ ।"

'कतैबाट समाधान नहुने रोग शान्तिपूर्ण ढङ्गले समाधान भएछ । कुचो लाउनै परेन, हावाले लगेछ ।' कामपा बोल्यो ।

एकछिन रोकिएर वास्नीले भनी, 'यस्तो विकास गर्न द्रव्य कहाँबाट आयो ? यसबारे तिम्रो प्रश्न छैन ?'

'सुनौंला त्यो पनि !'

◆◆

# नयाँ राजसत्ता

भदौको महीना । कल्कलाउँदो हरीतिमा । समग्र धरती पूर्ण यौवनमा देखिन्थ्यो । अपराह्नको पहारिलो ठाउँ, त्यसै सुन्दर र घमाइलो परिवेश । खण्ड-वृष्टिबाट जोगिएछ क्यार यो चरन । त्यसैले उग्राएर बसेका थिए फाँटभरि चौंरीहरू ।

घोडा बाल्यकालमा खूब सुत्थ्यो–बछेडो हुँदा । ठूलो भएपछि नसुत्ने संस्कृति वहन गरेको हुनाले, त्यो संस्कृति निरपेक्ष हुन सकेको थिएन । त्यसैले साथी पायो कि प्रतियोगितात्मक दौड मार्थ्यो–चौर-मैदानमा, खुला फाँटहरूमा । आफ्नै स्वभावमा झन्नै दुर्दमनीय ।

खोल्सीपारिको अर्को चरनमा भेडा चर्थे । वेलावेला भेडारक्षक कुकुर लेकाली वन-पर्वत थर्काएर भुक्थे । गोठालो-गोठाली हुनु झन्नै वैकल्पिक आवश्यकता मानिन्थ्यो । ठूला हिंस्रक प्राणी नभएको क्षेत्र भएको हुनाले पशुधन मासिने भय खासै थिएन । फेरि पनि ब्वाँसाको आक्रमण अकल्पनीय हुन्थ्यो, जसले भयावह क्षति पुऱ्याउँथ्यो । यस्तो क्षणमा कुकुरको खबरदारीको विशेष महत्त्व हुन्थ्यो ।

आमा जस्तो उदात्त मनोहर भौगोलिक विन्यास भरिएको सरस प्रकृतिको सुन्दर चित्रकारीबीच पशुचरन र ढल्कनै लागेको घामको सम्मोहक न्यानुपनमा पदयात्री एकछिन भए पनि थकाइ बिर्सन चाहँदो हो । त्यसैले होला, चौतारीको काठको फलैंचामा बिसौनी मारेर एक जोडा बटुवा (गौरी र शङ्कर अर्थात् नारी र पुरुष) उल्लासले बसेका थिए । शायद उनीहरू अबको गन्तव्य सुनिश्चित गर्न चाहन्थे । अन्तिम बिसौनीमा पुग्नु थियो क्यार !

गोठघर छेउको जङ्गलको उकाली उक्लिसकेर एउटा फिरङ्गी भिखारीको स्वरूपमा त्यहीं आइपुग्यो । उसका अघिपछि कुकुर थिए । प्रणाम, अभिवादन सकिएपछि संवाद शुरू भयो । गौरी-शङ्कर (यात्री नर-नारी) अलि हतारमा देखिन्थे । फिरङ्गीमा कुनै आतुरता थिएन ।

एउटा कुकुर त्यहीं बस्यो । अर्को चौंरी गोठालो जस्तो भएर नागीतर्फ लाग्यो । टन्टलापुर घाम भए पनि चीसो हावाको स्पर्शले हतार लाउँथ्यो ।

'महात्मा जस्तो देखिनुहुन्छ, उहाँलाई नै सोधौं न । हामी गोठघर जान लागेका । कति टाढा होला यहाँबाट ?'

'नजीकै छ । म त्यहींबाट आउँदै छु । त्यहींबाट चौंरीहरू यो चरनमा आएका हुन् । फर्काउने वेला पनि हुँदैछ । यहाँहरू कसलाई भेट्न जाँदै हुनुहुन्छ ? कि काकीलाई भेट्न जाँदै हुनुहुन्छ ?'

'काकी' उनीहरूका लागि सान्दर्भिक नाम नभएको ठानेर तुरून्तै थप्यो, 'उनलाई काकी भन्छन् गोठघरमा । तर उनी त शेर्पा भएर बसेकी शेर्पा हुन् नि ! म उनलाई पराक्रमी पुरूषकी आत्मजा (छोरी) ठान्छु । उनको मन तपोवनमा किन रत्तिएको छ, त्यो बुझ्न सकिनँ । मैले जान्न खोज्नु पनि सुहाएन ।' महात्मा यात्रीले भन्यो ।

बटुवाका आँखा आँसुले भरिए । आँसुसँगै उम्लेर आउन खोजेको अन्तर्रोदनको घुँक्का दबाएर गौरी (नारी) ले जान्न खोजिन्, 'महात्माजी, काकी त सम्बन्ध हो, उनको नाम के होला ? थाह पाउनु भएन ?'

'म उनलाई वारूणी भन्छु । उनी वारूणी नै हुन् । किन र केका लागि उनी यहाँ तपस्या गर्दै छिन्, म त्यो जान्दिनँ । अब उनको तपस्याको अवसान हुन्छ कि भन्ने लाग्दैछ ।'

महात्माका कुरा सुनेर उनीहरू खूब रोए । महात्मा जान्दथ्यो, रोदनपछि शीतल हुन्छ मन । त्यसैले उसले धैर्य गऱ्यो । अनि उचित मौका ठानेर सोध्यो, 'तपाईं गीर्वाणी, अनि तपाईं चाहिं फत्ते हुनुहुन्छ हैन ?'

कुरा सत्य थियो । उनीहरू छक्क परे । अनि कृतज्ञ भावले हेरे ।

'तपाईंहरू अब एउटै हुनुभएछ, प्रसन्नता भो । अर्को स्रोत र शक्तिबाट वारूणी जस्तो सन्तान जन्मन सक्तैन । वारूणीलाई पवित्र उन्नत बीज, पवित्र माटो, चोखो मन र निर्व्याज श्रमको प्रसव हो भन्ने ठानेको छु । परिस्थिति बुझेर विश्वासमा अडिएर एउटाले अर्कोलाई सम्झन र सम्झाउन सक्नुभएछ । प्रसन्नता भो । अव्यवस्थाले जन्माएको निरपेक्ष सङ्कीय परिवेश र उद्देश्यको असर थियो त्यो क्षण । त्यसैले त्यो व्यवस्था अफाप र अरूचिकर भएको हुनाले फ्याँकियो भन्नुपर्छ कि ! विधानकै छाताभित्र असंख्य अकर्म, विकर्म भएका हुन् । बुझेको छु तर अल्प–अल्प ।'

गीर्वाणी र फत्तेले सङ्लिएको अनुभव गरे । आफूलाई पवित्र ठाने र वारूणी (छोरी) लाई भेट्न सकिने भो भन्ने विश्वासले ढुक्क भए । उचित अवसर हेरेर

महात्माले थप्यो, 'एक खुट्किलो ओर्लेपछि गोठघर पुगिन्छ । यी चौरी त्यहींका हुन् । अब चिन्ता छैन । तर म फत्तेजीसँग जान्न चाहन्छु, यो श्रेय कसलाई दिने जसले असंभव जस्तो देखिने कर्म गरेर देखायो । संक्षेपमा सुनौं न ।'

"म चाहिं मलाई जन्म दिने आमालाई पहिलो श्रेय दिन्छु । यदि आततायी जङ्गली सेनाको क्याम्पबाट साँझ उहाँ नभागेकी भए न लाहुरे भेटिन्थ्यो, न उहाँ लन्डन पुग्नुहुन्थ्यो । न बिहे गर्नुहुन्थ्यो, न म जन्मन्थें । जे होस्, आमाले मलाई नेपालमै जन्म दिनुभएको हो र म नेपालीकै सन्तान हुँ । यो माटोको लागि केही गर्न सकें भने यसमा मलाई गर्व हुने छ । वेलैमा आमाको शिक्षा र मन्त्रणाले म उत्प्रेरित भएँ र तालीम प्राप्त कुकुर लिएर फर्किएँ । मेरो पढाइ उतै पूरा भएको हो । अब चिन्ता छैन । अरू देशमा पुगेकाहरूले बलियो सहयोग गरे । चीनबाट फर्किने सैन्यबलले राम्रोसँग थेगे । नेपालका, ब्रिटिशका र इन्डियाका पूर्व सैनिकहरूले आफ्नै क्षेत्रबाट सहयोग गरे । आततायी क्याम्पबाट निकालिएका र उपेक्षित भएका, जवान भएका बालसेनाबाट पनि सहयोग पाइयो । एक्लैले केही हुने होइन । सङ्गठित शक्ति र एकमतको सुन्दर परिणाम भन्नुपर्छ यसलाई ।

भूमिगत रहेर नै धेरै काम फत्ते गरियो भन्नुपर्‍यो । मेरो यो अभियानकी निर्देशक पनि गीर्वाणी हुन् । मलाई सफलता दिलाउने यिनै हुन् । म यिनको ऋणी छु ।"

'कुकुर परिचालनको कुनै घटना सुनौं न ।'

'तालीमे कुकुरलाई लक्षित व्यक्तिको फोटो, बोली र घर कम्प्युटरबाटै चिनाइन्छ र गाडीबाट नजीक लगेर छोडिन्छ । काम फत्ते गरेर आउँछ । त्यसै गरियो । किन्तु अरू किसिमका विधि पनि अँगाल्यौं । बस् सफाया गर्नु थियो, त्यो भयो । कठपुतलीको डोरी काट्ने, कन्तुरमा हाल्ने र कठपुतली नै फोर्ने, नष्ट गर्ने पनि गर्नुपर्‍यो । यसमा सरल-सादा गाउँक्षेत्रका जनताले बहुत सहयोग गरे ।'

'कस्तो ?'

'उनीहरू अन्जान बनिदिए, बिल्कुल निरपेक्ष भइदिए । प्रहरी जवान त हाम्रै रक्षक थिए । म शिर झुकाएर नमन गर्छु–प्रहरी शक्तिलाई ।'

'आर्थिक क्षेत्रको अपराधको विवरण त तथ्याङ्कमा नै थियो किन्तु समाजमा देखिएका अन्य किसिमका अपराध, त्यसको प्रकृति र मतियारबारे प्रहरीले जति अरूले जान्दैन नि । हामीले वकील-अभियन्ताको पनि सहयोग पायौं । जे होस्, पवित्र व्यक्ति परेको छैन । अति खाने र दुर्गन्ध फैलाउने सुँगुरको सफाया गरेर भूमि चोखो पार्‍यौं भन्नुपर्‍यो । हामीले दल र रङ्ग हेरेनौं । मात्र अपराध हेर्‍यौं,

अपराधी छान्यौं । रेशमको लुगाभित्र सडेको कुरा हुन्छ र ? तर हुने रहेछ ।' गीर्वाणीले थपी ।

'चुनाव नै नगरी कसरी सत्ता चल्यो त ? ऊ वेला ?'

'त्यसको त एउटा चार्ट नै बनाउन सकिन्छ ।' फत्तेले भने ।

'म आईफोनबाटै देखाइदिन्छु नि ! प्रारम्भिक चरणको शासकीय स्वरूपलाई यसरी खण्डमा वा एकाइमा बुझ्न सकिन्छ ।' गीर्वाणीले टेलिफोनको पर्दामा देखाउँदै भनी– "केही दिन ४७ को विधानमा टेकेर पछि यो स्वरूप खडा गरेका हौं । प्रारूप यस्तो छ :

सांस्कृतिक गरिमा र ऐतिहासिक महत्त्वका लागि मानार्थ वा आलङ्कारिक भावले राजकीय सत्ता साङ्केतिक रूपले यसरी रेखाङ्कन गरिएको छ :

श्री भवानी श्री श्री श्री श्री श्री गोरक्षनाथ
राजमुकुट
राजदण्ड
राजसिंहासन
खड्ग-निशान
शाही झण्डा

छाया राजसिंहासन
(वैचारिक तथा भावगत उपस्थिति)
योग्यता/क्षमता क्रमबाट छानिएर आउने
७ सप्तर्षिबाट एक (पालो क्रममा जाने)

९ नवरत्न सभा
२१ योजना सभा
५१ मन्थन सभा

जनताबाट चुनिएर आउने
८४ सिद्धसभा
प्रतिनिधि सभा

विशेष कैफियत यति मात्रै हो : प्रत्येक पटक कल्पित भावले सत्ता–

पति (राजा) सप्तर्षिको टोलीबाट छायारूपको सिंहासनमा आसीन हुन पुग्थ्यो र लालमोहर लगाएर निर्णय गर्दथ्यो । त्यो लागू हुन्थ्यो ।

यो लालमोहर चित्त नबुझे एकादश रूद्रको विधि पीठमा पुग्थ्यो र न्यायिक निर्णयको सुनवाइ हुन्थ्यो । किनारा लाग्थ्यो । किन्तु नजीरको व्यवस्था थिएन ।

नवरत्न सभा : यो ९ सदस्यीय नियामक निर्देशक सभा हो र यसमा सचिवालय पनि हुन्थ्यो । योजना सभामा २१ जना सदस्य र समीक्षालय हुन्थ्यो । त्यस्तै मन्थन सभामा ५१ विज्ञ हुन्थे र यसको आफ्नै सचिवालय हुन्थ्यो । यी तीन सभामा विलक्षण प्रतिभा भएका व्यक्तिहरू विभिन्न परीक्षणबाट छानिएर त्यहाँ पुगेका हुन्थे । विधि-निषेधको निर्णयका लागि यी आत्मविश्वासले अग्रसर रहन्थे । त्यसैले सभा नै माटो, जीवन, संस्कृति तथा नीति र विवेकलाई ज्ञान र औचित्यको आधारमा स्थायी सरकार प्रस्तुत गर्थ्यो ।

सिद्धसभा : विभिन्न जाति वा समुदायबाट ८४ जना साधु, ज्ञानी छानिएर आउँथे । धर्माधिकारी, तान्त्रिक, ज्योतिषी, विद्वान्, साधु, दार्शनिक, पुरोहित, बिजुवा, झाँक्री, धामी, धन्वन्तरि आदि हुन्थे ।

प्रतिनिधि सभाः यसमा प्रत्येक जिल्लाबाट एक-एक गौरी र शङ्कर (नारी र पुरूष) छानिएर आउँथे । त्यसमा राजधानीको महानगरबाट एक नगरपालको पदेन सहभागिता रहन्थ्यो र ऊ अधिराज्यका सबै नगरहरूको प्रतिनिधित्व गर्दथ्यो । कोटा छैन । अवसर दिइन्छ । लिङ्गको अनुपात समान छ ।"

'राजनीतिको भौगोलिक एकाइ नि ?' महात्मा जिज्ञासु देखियो ।

'त्यो त २०४७ को विधान अनुसार अञ्चल, जिल्ला र गाउँमा भूगोलको राजनीतिक एकाइ पुनः स्थापित गरियो । यसले गर्दा हिजो राजनीति र प्रशासन चलाउने वित्तराशिले जनतालाई सेवा पुऱ्याउने बल दियो । शिक्षा, स्वास्थ्य र कृषिमा ठूलो टेवा पुग्यो । अर्को वर्षदेखि सुधार भएको देखियो र जीवनमा हरियाली आयो । जनता खुशी देखिए ।' फत्तेले कुनै हिसाबले जानकारी दियो ।

'तर हाम्रो भोक अर्कै थियो । त्यो भोक मेट्न खोज्दै अहिले यहाँसम्म पुगेका हौं र यहासँग संवाद गरेर लाभान्वित भएका छौं, महात्माजी ।' गीर्वाणीले खुलस्त भनी ।

'मुलुक उन्नत देखिन्छ । बडो सुन्दर रहेछ । प्रशस्त द्रव्य र सीप खर्चेको बुझिन्छ । व्यवस्था कसरी मिल्यो ? थोरै समयमा यत्रो विकास, यो महेन्द्रयुग त होइन । कसरी सम्भव भयो ?' "नेपाललाई सुन्दर र सुरक्षित राख्ने सङ्कल्प र योजना विदेशमा पुगेका नेपालीकै हो । उनीहरूले द्रव्यको, विशेषज्ञको र

अनुगमनको व्यवस्था गरे । यताबाट विज्ञ र समन्वयकारीको कार्य एस. बालेन्द्रले गरिदिए र माटो, जीवन, आवश्यकता र औचित्य हेरेर योजनालाई साकार रूप दिए । न श्रम, न समय, न वस्तु, न द्रव्य कतै चुहावट रहेन । कर्म राउत छाता बने ।

फलतः प्राचीन आयुर्वेदीय चिकित्सा-ज्ञान र आधुनिक प्रणालीको चिकित्सा शिक्षाको उन्नत विकास गरियो । दुवै विधिबाट चिकित्सा सेवा उपलब्ध भए । यसका लागि हामीले स्कूलहरूको शिक्षामा बढी जोड दियौं । फेरि औषधि उत्पादन केन्द्रहरू परिचालित भए ।

युगानुकूल ठानेर योग, ध्यान, पर्यटन, पर्वतारोहणलाई बढी महत्त्व दियौं । त्यस्तै ज्योतिष, दर्शन, तन्त्र, संस्कृति, भाषा, गणित र नैतिक शिक्षालाई प्राथमिकता मिल्यो । लोकविद्या विभागहरू परिचालित भए । अनुवाद विभागहरू खोलिए । कुटीर उद्योग, हस्तकला र ललितकलालाई अधिमूल्यन गऱ्यौं । किरातकला र मिथिलाको ज्ञानपरम्परा, लोकपरम्परा, कला-श्रृङ्खलालाई सर्वोपरि स्थान दियौं ।

वानप्रस्थ र संन्यास आश्रमहरू खोलिए । संसारका ज्ञानी, विज्ञ र दानी मुमुक्षुहरूका लागि आश्रमहरू उपयोगी भइदिए । यसरी हामी सेवा दिएर र उत्पादन गरेर उठ्यौं । आत्मविश्वासले, निश्छल कर्मले र माटो (स्वभूमि) प्रतिको भक्तिले हामीलाई सबल पार्दै रह्यो ।"

'अब त सीमा विवाद छैन होला नि ?' महात्माले जिज्ञासा राख्यो ।

'छैन । चीनले पुराना सन्धिलाई जीवित पार्ने बयान दिएपछि सारा समस्या पूरा भए । विशाल नेपालको स्वरूप निर्माण गर्न बल मिल्यो । जसरी नेताले लुकेर इन्डियासँग सन्धि-सम्झौता गर्थे, त्यसैगरी हिजोका अपदस्थ राजा र तत्कालीन राष्ट्रपतिले उसले नाकाबन्दी गरेको समयमा चीनसँग विशेष सुरक्षा र प्राकृतिक स्रोतको व्यवस्थापन सन्धिमा हस्ताक्षर गरिसकेका रहेछन् । इन्डिया चुइँ गरेन । इन्डियालाई तर्साउन त कि ब्रिटिश झण्डा कि चाइनिज पाल भए पुग्दो रहेछ । फेरि उत्तरतर्फको सीमा-रक्षा यन्त्रले दक्षिणतर्फको सीमा अकम्पित हुँदो रहेनछ । पछि हट्यो । अब पहिले जस्तो छैन । थाह भै गो ।' यसपटक फत्तेले प्रगति बतायो ।

'तर तपाईं त यै युगको हुनुहुन्छ । यी सांसारिक कुरा त जतातत्तै छरपस्ट छन् नि ! हेर्ने, पढ्ने सामग्रीको कमी छैन । कसरी थाह भएन ?' गीर्वाणीले जान्न चाही ।

'म पनि आफ्नै गुरुकुलमा बाँधिएको थिएँ । त्यो वेलामा त्यतै लागियो ।

जब निस्किएँ अनि छुटेका-छोपिएका कुरा पढ्दै छु– घुमेर । खास गरेर समाज मनोविज्ञान र भौतिक विकासमा प्रगति भएको देखेर सन्तुष्ट छु । देशदर्शन गर्ने मौका मिलेको थिएन–गौरीशङ्करको कृपाले त्यो पनि पुग्दैछ ।' महात्माले आफ्नै सीमा तोक्यो र फेरि प्रगतिबारे जिज्ञासा राख्यो ।

गीर्वाणीले फोन हेरेर 'व्यवस्था परिवर्तन पछि भएका प्रगतिको चर्चा बुँदागत रूपमा भन्छु' भनेर तत्परता देखाउँदा-देखाउँदै हावाको वेग तीव्र भयो । बादल फैलियो । आज अलिक चाँडो सूर्यास्त भए झैँ लाग्यो ।

गोठघरको कुकुर सचेष्ट थियो । चौंरीहरूलाई छेकेर बाटोमा ल्यायो । समयको अड्कल काटेर पशुधन आफ्नै थलोमा फर्कन उन्मुख देखियो । लाग्यो, युद्धाभ्यासको निम्ति सैन्यबल एकत्रित भएको हो–मात्र सङ्केत वा ध्वनिको खाँचो छ । फेरि 'ध्वनिमत' को नयाँ शैलीले संसद्मा महत्त्व पाएपछि त्यो सोच संस्कार र नीतिको रूपमा सर्वत्र फैलिएको हुनाले पशुजगत् पनि त्यसको पालना गर्थ्यो या पशुशैलीलाई संसद्ले ग्रहण गर्‍यो, जसरी बुझे पनि भो । सांसद्-जीव र चरन क्षेत्रका जीवको चरित्र र सोचमा समता थियो कि न !

'यी चौंरी गोठघरका हुन् । अब फर्कन तयार छन् । यिनकै पछि लागेर जानुभयो भने सजिलै पुग्नुहुन्छ । चीसो बढ्दै आयो । बाटो लाग्नु बेस होला । हाम्रा कुरा सकिंदैनन् । भेटमा फेरि संवाद गरौंला ।' महात्माले परिस्थिति हेरेर भन्यो । अनि आफ्नै थैले झोलाबाट एक-एक दाना स्याउ झिकेर दिंदै थप्यो, 'लिनुहोस्, अलिकति भए पनि भोक मर्छ ।' अनि कुकुरलाई खानेकुरा हुत्याइदियो र सुई पारेर सुसेली मार्‍यो ।

चौंरीहरू सुसेलीको सङ्केत बुझ्थे । कुकुरले बाटो खोलिदियो । हावाले बादल उडाएर पन्सायो । सूर्य-रश्मि फैलियो । गोधूलि सुषमा फैलाउँदै गोधन गोठघरतर्फ सर्‍यो ।

'हजूरहरू पाल्नुहोस् !' नमनको भावले बटुवाको जोडीलाई बिदा गर्दै महात्माले थप्यो, 'वास्नी गोठघरमा पर्खंदै होलिन् ।'

चौंरी गाई, कुकुर र बटुवाको जोडी गोठघरतर्फ लागे । महात्मा र उसको कुकुर अर्कातर्फ । एउटा हराएको कुरा भेटिने विश्वासले उमङ्गमा थियो । अर्को पाएको कुरा छोडेर शून्यतातिर बढ्दै आफैंसँग मनमा भन्थ्यो : म शून्यमा शून्यसरी हराएँ । के राजनीतिक व्यक्तिले रङ्ग फेरेझैं मेरो मनले पनि रङ्ग फेर्ने हो त ? हैन त ? केले भरिन्छ भन ? कसरी अघाउँछ मन ? बन्धन र मुक्तिको हेतु मन नै हो भन्ने कथन कसरी बुझ्नु ?

यी चौंरी र कुकुर आफ्नै चर्यासँग सन्तुष्ट छन् । शायद मानव सन्तुष्ट छैन । राजनीति गर्ने मान्छे अरूभन्दा बढी दुरात्मा र असन्तोषी । सेवा दिएर अपरिग्रहबाट सन्तुष्ट हुनुपर्ने जीव संग्रह, तेजोवध र परपीडनबाट रमाउने गर्छ ! कहिले बन्छ पूर्ण मानव ?

*कस्त्वं कोऽहं कुत आयातः, का मे जननी को मे तातः...*

महात्मा अन्तरङ्ग संवादबाट फर्कियो । कारण कुकुर थियो । हावाको वेग र प्रताडन अति तीव्र भयो, हिंड्नै मुश्किल भयो । त्यसैले कुकुर हिंड्दा-हिंड्दै ओडारमा पस्यो । महात्माले बल्ल होश आए जस्तो गऱ्यो । ऊ पनि ओडारमा पुग्यो ।

◆◆

# वृद्ध बाबा र युवा योगी

कुकुर भुक्यो । ऊ झस्क्यो । अरुणोदय हुँदै थियो । योगी ऊर्ध्वचेताको यात्रा शुरू भयो, कुकुर साथ लाग्यो । ऊ फेरि स्मृति संवादमा जोडियो ।

उसले अघिल्लो दिन बटुवा दम्पतीसँग भएका कुरा सम्झ्यो । राजनीतिक संग्राम सकेर भत्केको पारिवारिक संरचना जोड्न र जीवनमा शान्ति र सौन्दर्य फर्काउन उनीहरू आतुर थिए ।

व्यवस्था परिवर्तनपछि भएका मुख्य कामको जानकारी पाउन खोज्दा फत्तेले भनेको सम्झ्यो– 'धेरै छैनन् । म त मुखै भन्न सक्छु । तर मलाई भन्दा बढी गीर्वाणीलाई थाह होला ।'

ऊ त्यही दृश्य र संवादमा पुग्यो । वेलावेला टेलिफोनको पर्दामा हेर्दै गीर्वाणीले भनेका वाक्य कानमा ध्वनित हुँदै गए । ऊ स्मृति-चिन्तनमा सावधान भयो :

"यसअघि गरिएका सम्पूर्ण सन्धि-सम्झौताहरू रद्द गरिएका छन् । नयाँ व्यवस्था भएको हुँदा, हामी आफ्नै आवश्यकता अनुसार सबै कुरा नयाँ शिराबाट शुरू गर्ने छौं । हाललाई आठ 'ज' नीतिको पालना हुनेछ । आगामी बीस वर्षसम्म कसैसँग कुनै प्रकारका सन्धि-सम्झौता हुने छैनन् ।

समुद्री पोर्ट (बन्दरगाह) सम्म पुग्ने राधिकापुरको बाटो आठ लेनको हुने छ । बीचमा कुनै बाटो मिसिन र निस्कन पाउने छैन । यो बाटो इन्डियाले गोर्खा भर्ती गरे बापत नेपाललाई बुझाएको कर हो । गोर्खा भर्ती बन्द भए पनि यो निरन्तर कायम रहने छ । तर भूपरिवेष्ठित मुलुकले पाउने अधिकारभित्रको सुविधा यो भन्दा भिन्न हो । त्यो यथावत् छ ।

अब गरिने सन्धि-सम्झौता अल्पकालिक हुने छन् । विशद गृहकार्य र पत्रकार, संसद्‌बाट औचित्य प्रमाणित भएका खण्डमा मात्र सन्धि-सम्झौताको वातावरण तयार पारिने छ । हरेक सन्धि-सम्झौताहरू आफ्नै भूमिमा हुनेछन् ।

दुई जनाको एकान्त संवादलाई राज्यले मान्ने छैन । केवल निजी वा व्यक्तिगत संवाद हुन सक्छ । राज्यसँग सम्बन्धित बैठक दुई जनामा हुने छैन । परराष्ट्रविद्, कानूनविद्, पत्रकार, विज्ञ र सम्बन्धित मन्त्रालय पनि त्यहाँ हुनेछ ।

नेपाली जाति, उसको क्षेत्र, जीवन र संस्कृतिमाथि इन्डियाले असहिष्णु र आक्रामक रवैया देखाएपछि हामीले त्यो क्षेत्र चीनको निगरानीमा सुरक्षित गर्न सकेका हौं । त्यसैले सार्क मुलुकको सुरक्षाको जिम्मा अहिले नेपालले लिएको छ ।

अमेरिकाले हामीसँग युद्धक विमानको पोर्ट मागेको छ । उपनिवेशबाट उपनिवेशमा गएको हाम्रो भूमिबाट हामीले त्यति भूमि विशाल नेपालको क्षेत्रबाट दिएका हौं । बेलायतकी महारानीले त्यो भूमि नेपाललाई फिर्ता दिएपछि नै यो निर्णय गरिएको हो । त्यसमा चाहिने फ्यूल/इन्धन नेपाल र चीनले उत्पादन गरेको पाइपलाइनबाट दिइने छ ।

सीमा सम्झौता गर्न पहिले इन्डियाले मानेन, व्यस्तता देखाएर पन्सियो । अहिले गरौं भन्छ । औचित्य देखिंदैन । राजालाई सोधेर मात्र संवादमा आउँछौं भनेर हामी पनि उसको प्रस्तावलाई पन्साउँदै छौं । इन्डियाले नेपालमाथि गरेको अपराधको सूची लामो छ ।"

'संयुक्त राज्य अमेरिकालाई किन एयरपोर्ट चहिएछ यहाँ ?'

"विशाल भारत बनाउने योजना इन्डियाले अघि सारेको छ । त्यो भनेको सारा अरब देश एउटै मुलुक हुने भनेजस्तै हो, अथवा सबै अमेरिकी भू-भाग मिसिएर एउटै झण्डामुनि आउने भने जस्तै हो । वास्तवमा यस्तै रोगी चिन्तनका कारण इन्डिया बाँडिन्छ भन्ने देखिन्छ । कुनै छिमेकीसँग इन्डियाको मित्रता छैन । हेपाहा र विस्तारवादी नीतिले विश्वमञ्चमा इन्डिया बदनाम छ । छिमेक-नीतिमा सङ्लिए इन्डिया आदरणीय हुन्थ्यो तर उसबाट त्यो सम्भव देखिंदैन । एउटा खेलको उदाहरणबाट इन्डियन नीति र व्यवहारको अनुपम झल्को मिल्छ । कुश्ती हेरे पुग्छ । अन्त जानै पर्दैन ।

सार यति मात्र हो, इन्डियाको महत्त्वाकांक्षामय भोकको ज्वाला मेट्न अमेरिका अगाडि नसरे यसको कलुषित ज्वालाले अरूलाई पनि लपेट्ने भो । त्यसैले उसले पाकिस्तानको राजनीति पनि आफ्नै अनुकूल पार्‍यो, त्यो इन्डियाको विपक्षमा उभिन सक्छ । त्यसैको अर्को पोयो हो– हामीबाट लिएको युद्धक विमानस्थल । नेपाल मार्फत चीनले अमेरिकालाई पनि गुन लायो– युद्धक विमानका लागि फ्यूल (हवाइ इन्धन) को व्यवस्था गराइदिएर । यस अर्थमा अमेरिका र चीन पनि नजीक छन् ।

प्रश्न अर्को पनि छ–तिब्बतको राजा र उसका जनतालाई इन्डियाले आफ्नै काखमा राखेको छ । त्यसैले इन्डिया तिब्बतको/चीनको विरोधमा जान सक्छ ?

अरूले उकास्ता चीनको विरोध गर्ने नाटक मात्र गरिदिएको हो, परार्थ । तिब्बतीलाई काखमा राखेर तिब्बतमाथि प्रहार गर्न सक्छ इन्डिया ? त्यो मुटु छ इन्डियासँग ? अमेरिकाले इन्डियाको छद्मचाल न बुझेको होला ? इन्डियालाई नत्थी लाउन कालिमा कलवार नै पर्याप्त होली नि एक्लै, हैन र !

त्यसैले पनि अबको पुस्ता फरक छ । पुरानो राजनीतिक गुट र परम्पराबाट प्रशिक्षित छैन । स्वतन्त्र छ । अध्ययनशील छ । चिन्तन गर्छ । मन्थन गर्छ । छलफल गर्छ, अनि निर्णयमा पुग्छ । कुन मुलुकसँग कस्तो सम्बन्ध राख्नुपर्छ भन्ने थाह छ उसलाई । नयाँ पुस्ता अब न कसैको जुत्ता बोक्छ, न शैतानलाई माल्यार्पण गर्छ ।"

उसले गीर्वाणीको व्याख्यानमय संवाद सम्झ्यो । उसले भनेकी थिई :

"कोभिड–१९ पछि अमेरिका र चीनबीच शत्रुता बढ्यो । रूस–युक्रेन युद्ध र त्यसपछिको अरब–इजरायल युद्धसँगै फेरि अमेरिका र चीनबीच अपूर्व मित्रता बढ्यो । यो स्वाभाविक थियो । महान् शक्तिहरूले आपसमा लड्नु हुँदैन । त्यसले मानवको उन्नति र स्वतन्त्रतामा क्षति पुऱ्याउने थियो । रोकियो । कल्याण भो । अब सार्क मुलुकको सुरक्षा नेपालले लिनुपर्छ । इन्डियाले टुक्रिनबाट जोगिनु पर्छ कि ! नेपालले अभय देओस् ।

अमेरिका र चीनको प्रगाढ मित्रताले इन्डियालाई विचलित तुल्यायो । उन्नतिको जवानी थाम्न र सुरक्षित रहन कठिन पर्दै गयो । चीन र पाकिस्तानको विरोध गर्न र नेपाललाई हेप्न–निचोर्न पाउँदा इन्डिया आफू अस्तित्वमा रहेको अनुभव गर्थ्यो । तर इन्डिया यो पनि अनुभव गर्दो हो–चीनलाई आँखा देखायो भने दुई दिनमा सेभेन सिस्टर/दक्षिण तिब्बत छुट्टिएर जान्छ । त्यसैले पनि नेपालसँग भारतले सद्भाव राख्न बिर्सनुहुने थिएन । संस्कार विनाको समृद्धि स्थिर हुँदैन कि वा ! नत्र सीमानामा चित्रलिपि भरिएका पाल देख्ता इन्डियालाई लोमुते लाग्नुको अर्थ के ?

फेरिएको परिस्थितिसँगै दलाई लामा तुरुन्त धूमिल भएको छ । हिजोको चमक रहेन । भोलि दलाई–दल नै इन्डियाका लागि भारी हुँदैछ । त्यसैले चीनसँग दीनभावले विनय देखाउनु नै इन्डियाका लागि अस्तित्व रक्षाको सुगम पथ हुनजाला कि ! चुनावी नीति र हलीखेलको परम्परा अब उदाङ्गो भएको हो कि !

यता मुलुकको सुदीर्घ परम्परा र ऐतिहासिक अस्तित्वलाई स्वीकार गरेर राजकीय नीति, निर्णय र निर्देशन त्यस बैठक कक्षमा हुन्थ्यो जहाँ राजमुकुट, राजदण्ड, खड्ग र राजगद्दीको अस्तित्व देखिन्थ्यो । शाही झण्डाको औचित्य स्वीकार गरेर श्री भवानीका साथ श्रीश्रीश्रीश्रीश्री लाई, गोरक्षनाथलाई राजकीय गरिमाको अस्तित्वको भावले मानार्थ स्वीकार गरिन्थ्यो ।

हरेक महीनाको अन्तिम दिन पुरुष कैदीहरू मुक्त हुँदै गए । जेल-जीवनको ज्येष्ठताको आधारबाट यिनलाई मुक्ति मिल्यो । नारीहरू भने हरेक पूर्णिमामा मुक्त हुन्थे ।

अपराध स्वीकार गरेपछि निर्दिष्ट ठाउँमा गएर श्रम गर्नुपर्थ्यो । कैद गर्ने प्रणाली समाप्त गरिएको थियो । पाँच कार्यालय दिवसभित्र प्रहरीले अदालतमा हाजिर गराउनु पर्थ्यो । अपराध प्रमाणित भइसकेपछि दण्ड भुक्तान गरिने ठाउँमा पुऱ्याउँथ्यो र स्थानीय एकाइलाई जानकारी गराउँथ्यो । धर्मलाई सीमित अर्थमा बुझ्ने र व्यापार गर्ने चलनले अव्यवस्था र अप्रिय विचार जन्माएर छर्ने प्रणाली अन्त्य गर्न 'धर्मसापेक्ष' र 'धर्मनिरपेक्ष' शब्दलाई पन्साइएको थियो ।

वस्तुतः मुलुकको अस्तित्व जोगाएर निरन्तरता प्रदान गर्न केही दुरात्माहरूलाई पन्साउनु अनिवार्य भएको थियो । जो इतिहास, संस्कृति, परम्परा र जातीय अस्तित्वलाई नै धूलिसात् गर्न खोज्थे । सानो स्वार्थमा मुलुकको अस्तित्व अर्कोलाई जिम्मा लगाउन चाहन्थे । व्यक्ति, गुट, दल र पूँजीका सामु मुलुकलाई नगण्य ठान्थे । वस्तुतः विदेशमा दल राखेर यहाँ सारेका विचार-वल्लीहरूले ऐंजेरुको भावले फैलिएर गतिरोध गरेका हुनाले तिनको क्षय हुनु आवश्यक थियो । उतैको मलजल र हावाहुरीले यहाँ प्रकम्पन ल्याउँदा विनाशको स्थिति आएको प्रमाण विश्वभरि फैलिएको थियो ।

असंस्कृत, तुच्छ, डाका, हत्यारा र राज्यदोहन गर्ने तत्त्वलाई देखेर नेपाली माटो रोदन गर्थ्यो । यस्ता अतत्त्वलाई स्यालुट गर्नुपर्दा सेना-प्रहरी आफ्नै हात कुहेको ठान्थ्यो । वास्तवमा, आफ्नै अस्तित्व कायम गरेर आफ्नैपनले बाँच्ने संकल्प राजसंस्था भए मात्रै सार्थक हुनेरहेछ । किनभने नेता र गुट त दलको हुन्छ । राजा सबैभन्दा माथि हुन्छ । सबैको हुन्छ ।

त्यसैले, राजसंस्था र राजा रहनुको औचित्य र आधार पत्ता लगाएर राजा पुनः स्थापित गरिए– मानार्थ । राजा पनि स्वतन्त्र रहे । किन्तु राज्यले राजकीय मर्यादा र सम्मानको सदैव अमल गऱ्यो । फलतः राजसंस्थाप्रति दलीय राजनीतिले आक्रामक हुनुपर्ने कारण देखेन । हिजो दल-चरित्र अरूले कान फुक्ता उचालिएको थियो, अब चेतना फर्केको छ । पुराना जरा पनि सकिए । क्षयका कीटाणु छैनन् । विवेक-जल स्वच्छ पनि छ, मधुर पनि ।" गीर्वाणीका कुरा यात्राभरि उसको दिमागमा मडारिइरहे ।

दिनभरिको यात्रापछि कुकुर गुफाभित्र पस्यो । अनि युवा योगी देखा पऱ्यो । वृद्ध बाबा उत्सुक भएर उठे र स्वागत गर्न पुगे । आदरभावले ल्याएर आसन ग्रहण गराए ।

वृद्ध बाबा दिगम्बरले युवा योगीलाई यस्तो खातिरदारी गरेर सम्मान देखाउनु शायद सुहाउने थिएन कि ! गुफाको समाजले उत्साह र कुतूहलको भावले मनमनै प्रश्न गऱ्यो । फेरि कुनै रहस्य होला, जो हाम्रो विवेक र बोधभन्दा पर छ भनेर जिज्ञासा मनैमा थन्क्याएर बस्यो । स्थितिलाई वाचाल वा असाधु बनाउने पक्षमा कोही देखिएन । लाग्थ्यो, सबै अनुशासित प्रशिक्षार्थी हुन् ।

समाजलाई युवा योगीको परिचय दिंदै बाबा दिगम्बरले भने, 'उहाँ योगिराज ऊर्ध्वचेता । उहाँको आगमनबाट हामी अनुगृहीत भएका छौं । कृतज्ञ छौं ।' अनि सद्भाव राखेर थपे, 'सन्ध्या वेला भो ! आजको बसाइलाई यहीं पूर्णता दिनुपर्ला । अब छुट्टी गरौं कि !'

चमेनापछि सत्सङ्ग उठ्यो । गुफाबाट आगन्तुक-सभासद्हरू क्रमशः पातलिंदै गए ।

कुकुरले पनि आहारा पायो ।

विश्राम कक्षमा पुगेपछि योगी ऊर्ध्वचेतालाई किशोरीले भनी, 'यो विशेष कक्ष हो । गुफाको आतिथेयमा प्रसन्नता रहोस् । योगीश्वर बाबा दिगम्बरको सन्देश छ– भ्रमण-यात्राको कामना पूर्ण होस् । प्रश्नहरू समाधान होऊन् । शरीरमा आरोग्य र मनमा आनन्द छाओस् । यिनै सद्भावनाका साथ सुखद विश्रामको कामना गर्दछु । शुभरात्रि !'

सांसारिक जीव सुतेका वेला ज्ञानी जन जाग्रत अवस्थामा रहन्छ भने झैं योगी ऊर्ध्वचेता नसुतेर पनि सुते जस्तै र सुतेर पनि नसुते जस्तै थियो ।

तेस्रो दिनको सूर्योदय भयो । गौरीशङ्कर हिमशिखर अग्निज्वालाको आभाले देदीप्यमान देखियो । पक्षीहरू वेग मार्न थाले । घाँसे चौरमा वनगाई र मृगहरू घामको पहार ताप्न निस्कँदै गए ।

बाबा दिगम्बर समक्ष किशोरी उपस्थित भई । दुवै वाणीशून्य देखिए । आँखैमा प्रश्न हुन्थे, आँखैमा उत्तर अनि हेराहेरमै विधि र निषेधको भाव मुखर हुन्थ्यो । न प्रश्न गर्न उचित लाग्थ्यो न उत्तरको अपेक्षा रहन्थ्यो ।

बस्, चौंरीको घीउ हालेर मथेको नुनिलो चिया र दुई गेडा पोलेका आलुसँग समय साटेर बसे बाबा र किशोरी । बारम्बार योगी ऊर्ध्वचेता आउने बाटोतर्फ उत्सुकताले हेर्थी किशोरी । उसका आँखामा भरिएको उत्सुकतालाई बुझेर बाबा दिगम्बर सकारात्मक भावले थोरै शिर हल्लाउँथे । किशोरी शान्त रहन्थी । तेस्रो दिन पनि बित्यो । योगिराज कक्षबाट निस्केनन् ।

◆◆

# चुम्बकीय घेराको चमत्कार

एकैचोटि चौथो दिन बिहान बाबा दिगम्बरले योगी ऊर्ध्वचेता र कुकुरलाई कन्दरातिर आउँदै गरेको देखे । किशोरीले पनि आश्चर्य मानेर हेरी । विश्राम कक्षमा नै हुनुपर्ने योगी बाहिरबाट आउँदै छन् ! के उदेक हो ?

यथार्थमा यो उदेक थिएन । चौथो दिन ब्राह्ममुहूर्तमा योगी ऊर्ध्वचेता सांसारिक धरातलमा ओर्लिए र प्रातः भ्रमणमा निस्किए । कुकुर उसका पछि लाग्यो । यसवेला उनी गुफातर्फ आउँदै थिए । किन्तु तीन दिन विश्राम कक्षमा एकान्तवास निर्वाह गर्नु सांसारिक मानवका दृष्टिमा पत्यारिलो थिएन । किशोरीले उदेक मानी । बाबा दिगम्बरले सकारात्मक भावले लिए । उनी अन्तस्तलबाट प्रमुदित देखिए ।

किशोरी त्यहीं छ । ऊ सधैं झैं प्रातःकालीन चर्यामा लागेकी छ । दुवै योगी संवादमा जुटेका छन् । किशोरी कान तन्काउँछे, किन्तु योगीहरूको संवादसम्म उसका कान पुग्दैनन् । के भएको छ, आज ऊ किन सुन्न सकिरहेकी छैन ? ऊ आफैंमा प्रश्न गर्छे र भित्र-भित्रै खिन्न हुन्छे । दृश्यमा कतै छल छैन । ध्वनि वितानमा प्रतिरोध छ । ऊ यस्तै अनुभूति लिन्छे ।

'योगिराज ! दीर्घ-विश्राममा रहनुभयो; कुनै असङ्गत सन्दर्भ त थिएन ? कुनै प्रश्न, कुनै सन्देह, कुनै भ्रममा अल्झनु त परेन ?'

'योगीश्वर ! म ऋणी छु । आभार व्यक्त गर्दछु । यो कुरा बुझ्न म कहाँ पुगिनँ ? मैले आफूलाई सामाजिक पारावारमा हुलेर छोडिदिएँ । जब गौरी-शङ्कर क्षेत्रको दुग्ध-कुण्डमा स्नान गर्ने सौभाग्य पाएँ, मेरो दृष्टि खुल्यो र म यहाँ आइपुगें । पटकपटक सांसारिक पारावारको तरङ्गले तानेर मलाई टाढा पारेको, पन्छाएको रहेछ भन्ने बोध भो अहिले ।'

'विश्राम कक्षको समय उपलब्धिपूर्ण रह्यो त ?'

'ज्यू, केही दृश्य अहिले पनि सम्झन्छु । तर सत्यापन गर्नु छ ।'

'के म पनि योगिराजले देखेको, अनुभव गरेको कुरा जान्न सकुँला ?'

'अवश्य । म सपनामा थिएँ । अकबर र वीरबलसँगै थिएँ । म दर्शक थिएँ, श्रोता भएँ । तिनले जे देखे, जे भने, जे गरे त्यो मैले नबिराई बोध गरें ।'

योगी, साधकहरू सत्यद्रष्टा हुन्छन् । सांसारिक प्रपञ्चबाट असंपृक्त रहन चेष्टा गर्छन् । स्वप्न, आभास र अनुमानको छद्म लीला देखाएर वा तटस्थवृत्तिबाट उनीहरू शीतल रहने गर्दछन् ।

योगी ऊर्ध्वचेताले धेरै कुरा देखे । तर मुख्य र सारभूत कुरा मात्र सञ्चित गरे । फल्गु कुरा छोडिदिए । बाबा दिगम्बरको जिज्ञासालाई सम्मान गरेर उनले स्वप्न दृश्यलाई कथाको भावले सुनाए:

"पीपलको वेदीमा म शीतल ताप्दै थिएँ । अकबर र वीरबल पनि जीनको काँधमा चढेर त्यहीं आइपुगे । हाम्रो परिचय भयो र मित्रता बढ्यो । के ठाने वीरबलले भन्न सक्तिनँ, उनले मेरा लागि अकबरलाई निवेदन गरे । त्यहाँबाट हिंड्ने वेलामा उनीहरूले मलाई पनि सँगै लिएर हिंडे । आकाश मार्गबाट उड्दा जीन महोदयले मलाई कोक्रो जस्तो आकारको सानु कमण्डलुमा राखे ।

हामी कान्डू (काठमाडौं) उपत्यकामा पस्यौं । चीन सरकारले बनाइदिएको भव्य भवनमा पस्यौं । आज विशेष बैठक रहेछ संसद्को । बाहिर सडकमा जन-आक्रोश थियो । प्रहरीको घेरा र नियन्त्रणबीच सरकारको विरोध र भर्त्सना थियो । भीड, कोलाहल, थुनछेक र बल प्रयोग हुँदै रह्यो । संसद् भवनभित्र उदासीनता, मौनता र विवशताबीच थोरै ताली र खुशीमा नाटकीय विजय देखाउने भनेर कर्णसंवाद चल्थ्यो । तर संसद् भवन अगाडिको चिनियाँ—अरनिको राजमार्गमा जनआक्रोश मडारिएर आएपछि संसद्को बैठक-विषय स्थगित भयो । बैठक अन्तै बस्ने भयो—मुहूर्त छोपेर ।

एउटा रोचक विषय के थियो भने हामीलाई कोही देख्दैनथ्यो, हामीले बोलेको कोही सुन्दैनथ्यो तर हामी अरूका कुरा सुन्थ्यौं र सबैकुरा देख्थ्यौं ।

मुहूर्त छोप्नु थियो क्यार । त्रिभुवन विमानस्थलको आन्तरिक उडानतर्फको यात्री विश्राम कक्षमा संसद्को बैठक बस्यो । जनताबाट जोगिएर जसरी पनि प्रस्ताव पारित गर्नु थियो । समूह-समूहमा हस्ताक्षरित समर्थन जुटाउनु थियो । अत्यन्त शीघ्रताका साथ यो कर्म गरिंदै थियो । हो न हो, यो चोरी कर्म हो, छल हो, धोखा हो, अकर्म हो, त्यसैले फट्कारले, डराएर भए पनि समर्थनको मत लिइहाल्नु थियो ।

सफलता र खुशियाली चल्दा चल्दै अर्को खुशी थपियो । प्रतिनिधि सभाका दुवै कोटिका सांसदहरूलाई हिमाली उडान मार्फत उन्नत हिमश्रृङ्खला देखाइने

योजना बन्यो । बाँकी हस्ताक्षर हवाइ जहाजभित्रै गर्दा हुन्छ भन्ने उर्दी आयो । अपराह्न चार बजेतिर सांसदहरूलाई नेपालका उज्याला हिमशिखर देखाउने सोचले कञ्चनजङ्घाको लक्ष्य राखेर हवाइजहाज उडे ।

मेरो मन डरायो । मनमा चीसो पस्यो । मैले वीरबलतर्फ हेरें । उनी कहालिए जस्तो देखिए । मतिर हेरेर उनले यति नै भने– योगी महाराज, *अरक्षितं तिष्ठति दैवरक्षितम्* ।

मैले मनमनै यति नै गुनें– यिनको अवसानले यस माटाको, यहाँको जीवन र संस्कृतिको अनि जातीय गौरवको रक्षा हुन्छ । अनि प्रकटमा यति नै भनें– ईश्वर जे गर्छ असल गर्छ । *ईश्वरेच्छा बलीयसी* ।"

योगी ऊर्ध्वचेताले वाणी विश्राम लिए भन्ने लागेछ क्यार । त्यसैले बाबा दिगम्बरले सोधे, 'फेरि के भो ?'

"त्रिभुवन विमानस्थलबाट हिमाली उडानमा गएका जहाजहरू सजिलै कञ्चनजङ्घा पुगेर फर्किंदै गए । यो दृश्य हामीलाई जीन महोदयले आफ्नै ऐनामा देखाउँदै थिए । यसवेला हामी सङ्क्रान्ति बजारको डाँडोमा थियौं । फेरि हामीलाई जीन महोदयले पाथीभरा माईको टाकुरामा पुऱ्याए । वीरबल र म पाथीभरा माईको दर्शन गर्न गयौं ।

फर्केर आउनासाथ महाराजले वीरबललाई भने, 'महामन्त्री ! दुइटा जहाज आउँदा-आउँदै आकाशमार्गमा नै अलप भए । देखिनै छोडे ।' यो कुरा सुनेर वीरबल अवाक् भए । उनी आश्चर्यमा परे र कातर देखिए । 'नहुनु भयो कि कसो ?' उनले यति मात्रै भने र गम्भीर देखिए ।

फेरि हामी चेपर्दुङ्को शिखरमा पुग्यौं । एउटा जहाज कालिञ्चोक भगवती थानको शिरबाट उडेको देख्यौं । देख्ता-देख्तै घुम्ती मारेर सुनकोशीको पानीमा खस्यो । फेरि हामीले जीनको ऐनाबाट अर्को जहाजलाई हेऱ्यौं । त्यो गएर कोशी बाँधको उत्तरतर्फको पानीको दहमा खसेर डुब्यो । कोशीको बाँध फुट्यो । उच्च बाँधको परिकल्पना भत्किएको अनुमान गरें । यो दृश्य देखेर वीरबलले भने– ईश्वरेच्छा बलीयसी । बूढासुब्बाको शिर नाघ्नुहुने थिएन कि ! यता पनि त्यस्तै देखियो–कालिञ्चोक भगवतीलाई नाघे क्यार । अनर्थ भो ।"

योगी ऊर्ध्वचेताले थपे, 'योगीश्वर ! त्यसपछि मैले आफूलाई छामें । मुटुको धडकन बढेको थियो ।'

'योगिराज ! तपाईंले यस घटनालाई कुन रूपले लिनुभएको छ ?'

'म त अमङ्गल हटेर मङ्गलकार्यको थालनी भएको ठान्छु योगीश्वर ! कसरी यी दुष्टहरूको बलात्कारबाट मातृभूमि जोगिएकी रहिछन् भन्ने लाग्छ ।'

यस पटक बाबा दिगम्बर बढी गम्भीर देखिए । पूर्वघटित कुरालाई स्वप्न-प्रसङ्गबाट साक्षात्कार गर्ने सिद्धि योगी ऊर्ध्वचेतामा रहेको हेक्का लिए उनले । अनि अत्यन्त कोमल भावले भने, 'योगिराज ! उड्दा-उड्दै हराएका दुई हवाइजहाजका बारेमा के भो, त्यो कुरा जान्न सकिएन कि !'

योगी ऊर्ध्वचेता नेत्रपट बन्द गरेर अन्तर्मुखी भए । लाग्थ्यो, स्वप्नदृश्य सञ्चित गर्न थालेका हुन् । बाबा दिगम्बर पनि आफूले गरेको प्रश्नको उत्तर पर्खने ढङ्गले मौन रहे ।

योगी ऊर्ध्वचेताले देखे : हवाइजहाज उड्दा-उड्दै आकाशमा एउटा चुम्बकीय घेरा आयो र दुइटै हवाइजहाजलाई सजिलै तानेर लगी तिब्बतको पठारको घाँसे मैदानमा लीलापूर्वक बसायो ।

यात्रुहरू हवाइजहाजबाट बाहिर निस्किए । यति चीसो र यति बढी वायुको प्रताडन थियो, मानवलाई एक छिन बाहिर अडिन पनि मुश्किल हुन्थ्यो । एउटाले अर्काको आश्रय लिएर यताउति हेरे । वरिपरि भीर, कतैबाट ओर्लेर जान सक्ने स्थिति थिएन । फेरि त्यो एकान्त, शून्य, निर्जन क्षेत्रमा न बाटो, न दिशाबोध ! सेताम्मे हिउँको संसार, जानु कहाँ ? थाकेर, निराश भएर, हावाको प्रताडन खाएर फेरि जहाजमा पसेर बस्नु बाहेक अर्को उपाय थिएन ।

योगी ऊर्ध्वचेताले दृष्टि फर्काएर निग्रह गरे । विश्वास गर्न नसकिने सत्यलाई उद्घाटन गर्नुको औचित्य नठानेर उनले मौनता कायम गर्नु सामयिक समाधान ठाने । शक्तिशाली चुम्बकीय तरङ्गले तानेर-ठेलेर हवाइजहाजलाई तिब्बतको प्राङ्गणमा पुऱ्यायो भन्नु अतियथार्थ हुन्थ्यो– घरघरमा ग्याँस पुगे झैं, इक्षुमतीमा पानीजहाज घुमे झैं छलसंवाद मानिन्थ्यो । त्यसैले यो विश्वासयोग्य नभएको रहस्यमय घटनालाई अचर्चित राख्नु उचित ठाने उनले र मौन रहे !

बाबा दिगम्बरले बुझे : योगिराज ऊर्ध्वचेता यो विश्वास गर्न लायकको सत्यलाई प्रच्छन्न राख्न चाहन्छन् । उत्तराखण्डको त्रिविष्टप (तिब्बत) क्षेत्रको घाँसे मैदानमा विमान ओर्लिएको हो, र कुनै व्यक्ति जीवित नरहेको पनि सत्य हो । योगिराज ऊर्ध्वचेताले यो स्वप्नसत्य देखेका पनि हुन् । किन्तु गोपनको औचित्य किन ? होला, उनी यसैमा सन्तुलन देख्ता हुन्, अपहरण ठान्दैनन् । आकस्मिक ठान्छन्, सुनियोजित मान्दैनन् । के थाह, घटनाको कूटनीतिक बोध होस् । र घटनाले विपठनको माग राखोस् ।

अनर्थका अर्थहरू बुझ्नुपर्ने वेलामा; वाक्यको व्याकरण नमिलेजस्तो, शब्दको उपसर्ग नसुहाएजस्तो, युवतीमा तारुण्यको आभा हराएजस्तो, अनेताको वाणीमा

ज्वाला र दुर्वाच्य प्रकट भएजस्तो भनौं कि काव्यले रस र ध्वनिको निर्वाह गर्न नसकेजस्तो, किन सङ्गतिपूर्ण मानेर अर्थ्याइन्न चुम्बकीय नियन्त्रणलाई ? अनि किन स्वीकार गरिन्न अवाञ्छित कर्मको वाञ्छित परिणामलाई ? किन ? के कुनै अर्थमा जीवनभन्दा माटो मूल्यवान् नदेखेकै हो त असुर कालखण्डमा ?

गोपन पनि वेलावेला हितकर हुन्छ । मदन भण्डारी र दरबारको दुर्घटनाको सत्य-तथ्य प्रकट गरिदिए वागमती, विष्णुमती नदी रक्तमती नदेखिने थिए होलान् त ? होला, ठूला-बडाको समझदारीमा यो मुद्दा स्थगित गरिएको होस् । कागको फुल चोर्ने राजनीतिक खेलाडीले घटनाको अथ र इति नबुझेका होलान् भन्नु कसरी ? किन्तु एउटै व्यक्ति सधैंका लागि अन्तिम वीर हुन सक्तैन । एक दिन अवश्य खुल्छ । रहस्य सधैं रहस्य नै भएर रहन सक्तैन । उडान अपचालनको उद्देश्य-कामना छ यो अन्तर्देशीय भइदेओस् ।

आशावादी भएर बाँच्नु हाम्रो सनातन चिन्तन प्रणाली हो । संयम लिनु र सहिष्णु हुनुको परिणाम अपूर्व आनन्दको प्राप्ति हो नभन्नु किन ? गर्भस्थ बीजको सुन्दर प्रसवलाई कल्पनाले सिंगारेर किन नहेर्नु ? किन नपर्खनु त्यो क्षणलाई ? किन्तु हवाइ उडानको यो अपचालनलाई राज्यशक्ति वा दलीय अभ्यास र अपकारको प्रतिफल हो भन्ने कि ? विद्युतीय सूचना, संवाद, टिप्पणी र मीमांसा सधैं गलत हुन्छ भन्ने पनि छैन । हिजोको असुरकालमा विद्युतीय संवाद र दृश्यहरू ठूलै अस्त्र हुन्थे ।

बाह्य शक्ति नियोजक भए पनि आन्तरिक शक्ति नै परिचालित हुन्थे । कुनै वेला र पछिसम्म पनि माओवादी नामको आततायी समूह अर्को देशबाट निर्देशित-पोषित थियो भन्ने सत्य इतिहासमा दर्ज भएकै छ । त्यसैले नहुनु, हुनु र त्यसले सुन्दर परिणाम दिनु वाञ्छित नै ठहर्छ कि ! किन्तु माओवादी मार्फत माओ त्से तुङको सुनामलाई दुर्नाम गर्न इन्डियाले योग पुऱ्याएको र अपचालन गरेको सत्य महान् चीनले हल्का ढङ्गले अवश्य लिएको छैन ।

तिब्बतको दृश्य योगी ऊर्ध्वचेताको दृष्टिमा पुनः उपस्थित भयो : हराएका वायुयान तिब्बतको पठारमा अवतरण गरे । निकै पछि यसको जानकारी छिमेकी राष्ट्र चीनबाट आयो । मृतकहरूलाई हेलिकोप्टरद्वारा स्वदेश फिर्ता पठाइदियो । तिब्बतको त्यो क्षेत्रमा वायुको प्रताडन दुःसह भएको हुँदा यात्रु वायुयानभित्रै बसे र सबै त्यहीं सेलाए । अत्यन्त चीसो भएका कारण मृतक-शरीर बिग्रन र दुर्गन्धित हुन नपाएको थिएछ । यसलाई पनि प्रकृतिको सहयोग नै ठान्नुपर्छ ।

तिब्बती पठारको त्यो घाँसे मैदानमा ती विमान आज पनि देखिन्छन् । चुम्बकीय शक्तिले तानेर त्यहाँ पुऱ्यायो वा ठेलेर, हुत्याएर वा प्रक्षेपित गरेर

त्यहाँ पुऱ्यायो, त्यसबारे अनेक किम्वदन्ती जन्मदै, भनिंदै र सुनिंदै रहे । ३६ हजार नागरिक मार्ने डाकाको संसारमा ५०० पनि मरेको नहुनु ठूलो अर्थ हुन्थ्यो कसरी ?

भेडी गोठालाहरू वेलावेला विमानभित्र पसेर विश्राम गर्ने गर्दछन्, प्रणयका गीत गुनगुनाउँछन् । माया-प्रीति गाँस्छन् र बैंस साटासाट गर्छन् । यौवन विलासको अभ्यासमा लीन हुने गर्छन् । 'ए ! यहाँ त मान्छे-मान्छी मरेका थिए रे, तर्छाउँछन् नि ! बस्नु हुँदैन, जाऊँ-फर्कौं' भन्दै हतार-हतार फर्कन्छन् रे । अत्यन्त पुरानो कथा, किम्वदन्ती जस्तो भएको छ रे यो घटना यति चाँडै । किन्तु यस घटनालाई लोकगीतको भाकामा बाँधेर हाम्रा लोकगायकले गाउन बिर्सेनन् । आज पनि गौरी-शङ्कर च्यानलमा यो गीत वेलावेला बज्ने गर्छ । यसलाई लोकविद्यामा थपिएको नयाँ आयाम भनिन्छ ।

टेलिभिजन खोलेको थाह पाएर किशोरी आचार्य समक्ष हाजिर भई । अनि उसले आफैंसँग प्रश्न गरी– 'अघि भर्खरैसम्म म केही सुन्दिन थिएँ, बधिर सरह थिएँ । फेरि अहिले सबै कुरा सुन्छु त पहिले जस्तै । के श्रुति नियन्त्रण हुन्छ ? गर्न मिल्छ ? अर्काले गरिदिन्छ कि आफैं हुन्छ ? यो आकस्मिक हो ? कि अर्को तत्त्वद्वारा सुनियोजित हो ? के त इन्द्रियहरू आफ्नै नियन्त्रणमा हुँदैनन् ? यो त रहस्य जस्तो लाग्छ, बुझ्ने कसरी ?' ऊ अन्तर्मुखी भएर आफैंमा हराउँदै गई । रहस्यको जिज्ञासा र तर्कमा ऊ अवाञ्छित ढङ्गले अल्झँदै गई ।

गौरी-शङ्कर च्यानलमा लोकगायक गाउन तत्पर देखिए ।

'यत्रो ठूलो योजना सफल हुनु सामान्य कुरा थिएन । प्रत्येक पाँच जनामा एक जना गुप्तचर दलाल हुन्थ्यो, फेरि पनि काम फत्ते भइ छोड्थ्यो । कसको योजना होला ? सामान्य दिमागको परिणाम त अवश्य नहोला । उद्देश्य निर्विघ्न सफल हुनुका पछाडि के राज छ योगीश्वर ? मलाई कुतूहल भो । त्यो दिमागदार, बुद्धिमान् र योजनाविद् व्यक्ति वा समूहलाई चिन्न चाहन्छु म । नमन गर्न चाहन्छु । उसको सोच र सङ्कल्पको सम्मान गर्छु म । अप्रकट रहेर जसले यस्तो दुष्कर कार्य गरेर देखाए, विदेशीको हात परिसकेको मुलुक फर्काएर स्थिर गरे, सबल र उन्नत बनाए, म ती महान् व्यक्तिहरूप्रति आभार व्यक्त गर्दछु । कृतज्ञ छु । मेरो मन र वाणी उनीहरू समक्ष पुगोस्–म अर्पण गर्दछु योगीश्वर !' योगी ऊर्ध्वचेताको मन बोल्यो । र बोल्दै गयो :

'हो, राजनयिकहरूमा प्रमाद चढ्यो । शक्तिको आडमा मुलुकसँग खेलबाड गरे । मुलुक विसर्जन गर्न हिंडेका थिए । अबाटो हिंडे, आफैं अस्ताए । असुर-

चिन्तनको परिणाम सकारात्मक हुन्थ्यो कसरी ? यसलाई प्रकृतिको दण्ड भनौं कि ? दुर्निवार दण्ड ठानौं कि भूमिको ! जे भो नहुनु भो, तर परिणाम श्रेयस्कर देखियो । त्यसपछि नै मुलुक उठेको होइन र ! कालिमा हटेपछि माटो र जीवन हाँसेको होइन र । असुर-तत्त्वको ऐंठनबाट मुक्त हुनुको आनन्द अर्कै छ ।'

अब लोकगायकको गीत स्पष्ट, उच्च सुनियो :

*हवाइ-चरी ठुल्ठुला मान्छे बोकेर उडेको*
*अकासे बाटो हिमाल पारि पुगेर बसेको*

*उड्दामा उड्दै चुम्बक घेरा हालेर घुमायो*
*जादू पो हो कि मन्त्र पो हो कि तानेर बसायो*
*निर्जन ठाउँ भीरको पेटी जिउन–के खाने ?*
*हावाको वेग अडिन सारो चीसोले कक्रने !*

*थुनेर ढोका लुकेर बसे हवाइ-चरीमा*
*भोकैले मरे सँगसँगै परे कालको मुखमा*
*चीनले दियो सूचना हाम्रो देशमा बुझ्रेर*
*उसैले फिर्ता पठायो हेलिकोप्टर गरेर*

*राष्ट्रको झण्डा कसैले पनि पाएन ओढन*
*देशमा घात गर्नेले सलाम-मलाम पाएन*
*दलको झण्डा ओढाई गरे शवको बिदाइ*
*दलकै जीव पुगेर गरे अन्तिम बिदाइ*

*बाँच्तैमा तिनले रुवाए धेरै आँसु नै आएन*
*विचित्र हाँसो फैलेर आयो आएन रोदन*
*खुशी पो हो कि ? कि भयो आज पीडाको मोचन ?*
*ईश्वर भए जान्दा हुन् पक्का मुक्त भो जीवन !*

मस्त हिमाल हाँस्यो

◆◆

# मानसरोवर-समाधि

योगी ऊर्ध्वचेता सर्वज्ञ जस्तै थिए । उनका लागि कुनै कुरा अज्ञात र अदृष्ट रहन सक्तैन भन्ने लोकविश्वास छ भन्ने सत्य बाबा दिगम्बर पनि जान्दथे । तर आज उनी स्वयं भिन्न मुद्रामा देखिए । सधैं शान्त, प्रसन्न रहने बाबा दिगम्बर आज किञ्चित् अधीर जस्तै थिए । यद्यपि यो मानसिक  कुरा थियो । फेरि पनि उनी विचलित देखिंदै गए । गुफा निवासी तापसमा आएको विचलनले योगी ऊर्ध्वचेतालाई छोयो । त्यसैले होला, बाबाको मनको औडाहालाई शमन गरेरै यात्रामा निस्कन उचित ठानेर सोधे, 'योगीश्वर आज गम्भीर मुद्रामा देखिनु हुन्छ, स्वास्थ्य अनुकूल भएन कि ? अथवा कुनै संशय वा प्रश्न ?'

'योगिराज ! विषयको आवृत्ति होला कि भन्ने ठानें र यात्राको मुहूर्त देखेर सङ्कोच मानें । त्यसैले क्षमा रहोस् प्रभु !'

'योगीश्वर दिगम्बर, यात्रा भो कि मुहूर्त भो अथवा मुहूर्त भो कि यात्रा भो, जसरी लिए पनि हुन्छ । प्रतिफलमा सङ्गति देखिनुपर्छ । फेरि यात्रा र राजनीतिमा कतै बाधा पर्दैन । बाटो गलत भयो भने फेरिन्छ । बाटो फेरिनु प्रगतिको लक्षण हो । सुनौं, बुझौं अनि यात्रा गरौंला नि !' वाक्य टुङ्ग्याएर उनले काँधे झोली बिसाए ।

गुफाको द्वारमा पुगिसकेको कुकुर फर्केर त्यहीं आयो ।

बाबा दिगम्बरका मनमा उब्जेका शङ्का र प्रश्नहरू योगी ऊर्ध्वचेताले बुझिहाले । उत्तरतिरका गगनचुम्बी हिमालमा शक्तिशाली क्षेप्यास्त्र जडान गरेपछि दक्षिणतर्फको सीमा अतिक्रमण र बाँध-बन्धन आफैं रोकियो । सीमा रेखा स्वतः पछि सर्दै गयो । योगी ऊर्ध्वचेताले यो रहस्य पनि बुझेकै थिए । किन्तु सांसारिक प्रश्न ठानेर मौन रहे ।

"हाम्रो भूमिमा हिउँ थपिंदै जानु, सैनिक शिविरमा आउने हेलिकोप्टरहरू पड्किंदै जानुको कारण के हो ? के प्राकृतिक परिवर्तनकै कारण यस्तो भएको होला त ? फेरि त्यहाँ मात्र सेतो बाघले सैनिक जवानलाई टिपेर लानुको रहस्य

के ? एउटाको भूमि अर्काले ओगट्न सक्तैन भन्ने सङ्केत दिन कालीवाहन आएको हो भन्न नमिल्ने होला र ?

यदि सङ्लो मनले त्यो बाटो बनाएको हुन्थ्यो भने पटक-पटक बाटो खसेकै हुनुको अर्थ के ? यहाँ बनायो त्यहाँ खस्छ र त्यहाँ उठायो अर्को ठाउँमा खस्छ किन ? माटोको आत्मा र संस्कृतिमाथि अपमान गरेको प्रतिफल त होइन ? अधिकार नभएको क्षेत्रमा अधिकार देखाउन खोज्दा देखिएको नतीजा हो कि यो ? कि यसलाई गुरु गोरखनाथको कृपा मान्ने ? कसरी बुझ्नु ?"

बाबा दिगम्बरका मनका यी प्रश्नसँगै उत्तर पनि थिए । योगी ऊर्ध्वचेताले आँखाबाटै पढे र भने, 'अब मुलुक बलियो हुँदै गएको छ । एकातिरबाट पाएको उत्पीडन र हस्तक्षेपलाई अर्कातिरबाट शमन गरिएको छ । यो धेरै अघि हुनुपर्ने थियो । विलम्ब भएर पनि केही बिग्रेको छैन । यसमा प्रकृति र पशुधन पनि हाम्रो हितमा छन् योगीश्वर ! यो प्रसन्नताको विषय हो । सीमाबन्ध, चित्रभूमि, हिमपात, सैनिक क्याम्प, कालीवाहन र हिमाली-पथ यी सबै हाम्रै अनुकूल छन् । चिन्ता छैन ।'

बाबा दिगम्बरले मनमनै भने– 'योगिराज ऊर्ध्वचेता राजनीतिक प्राणी होइनन् त्यसैले उनी सत्य बोल्छन् । उनले कुनै कुरा भत्काउनु, बिगार्नु, रोक्नु र जुधाउनु छैन ।'

योगी ऊर्ध्वचेताले थपे, 'उपियाँ, उडुस, डाँस र किर्नाहरूलाई मन्त्रविधिद्वारा पनि पन्साउन सकिन्छ । र गोहीको पनि महत्त्व छ । त्यसैले अब चिन्ताको विषय रहेन । अँ, भार धेरै भयो भने नौका पल्टिन्छ ।'

फेरि हिमाल हाँस्यो । फेरि नदी सुसाए । फेरि वनस्पति लहराएर उठे । फेरि वनमा सौन्दर्य भरियो । समस्त भू-प्रकृति नवयौवनाको भावले प्रस्फुटित देखियो । नीति, सांस्कृतिक चेतना र नेपालीपनले आफ्नै शैली समायो । माटामा सुगन्ध भरिएर आयो । जीवनले जस पायो । घाउ-खटिरा निर्मूल भए । साँच्चै जीवन अमल भयो । बाँच्नुको मिठास थपियो ।

भय पनि थियो– दीर्घरोगी र पराश्रित होइएला कि वा ? किन्तु मृत्युको भय थिएन । मृत्युभन्दा भयानक हुने थियो– पराधीन र पहिचान हराएको जीवन । मृत्यु त अवाञ्छित र आकस्मिक नै हुने गरेको थियो । आततायीको ध्वंस निर्माण काल पनि भयावह छ ! अझ दुःसह ! हो नि, आततायीका रक्तबीजले दिएको यन्त्रणाको इतिहासले आज पनि जीवन थर्कन्छ भन्छन्–लामो जीवन बाँच्नेहरू । अब त्राटन, मारण, उच्चाटन र दमन गर्ने तत्त्वको भयानक अध्याय लीलापूर्वक उल्टिएको छ । जीवनको यो अर्को सुन्दर पक्ष हो ।

बाबा दिगम्बरका प्रश्नहरू अझै छन् । उनी फेरि पनि केही जान्न चाहन्छन् भन्ने कुरा योगी ऊर्ध्वचेता बुझ्दै थिए । किन्तु कतिपय कुरा रहस्यमा नै प्रिय र शक्तिशाली मानिन्छन् । सत्यबोध भएपछि अवसन गर्नुको औचित्य के ? त्यसैले होला मौनभाव र संयम राखेर उनले सन्दर्भको बिट मारे । अनि शालीनताका साथ विनयभावले बाटो लाग्ने निर्णय लिए ।

कुकुरले कुरा बुझे जस्तै गरेर गोठघरको बाटो लियो ।

योगी ऊर्ध्वचेता मुक्त विचरणमा लागे–यायावरवृत्ति लिएर ।

पछि एक महात्मा बूढासुब्बा सांस्कृतिक क्षेत्रका शक्तिपीठ र देवस्थलहरूको परिक्रमा सकेर वराहक्षेत्रको महाकुम्भ स्नानपछि पनि तीर्थयात्रीको भावले हिंडे भन्ने सन्देश प्रवाहित हुँदैरह्यो ।

यी यायावर योगीको मति, गति र गन्तव्यलाई बुझ्न सरल थिएन । जहाँ हुनुपर्थ्यो त्यहाँ हुने गर्दैनथे । जहाँ सोचिन्नथ्यो त्यतै पुगेका हुन्थे भन्ने किम्वदन्तीहरू उनका पछाडि जोडिंदै हुन्थे । कतै धाएर जान्थे, कतै बाटो पारेर पुग्थे । तीर्थाटनको शैली उनको आफ्नै हुन्थ्यो ।

गुरु गोरखनाथको गुफाप्रति सम्मान देखाए । लुम्बिनीको बौद्ध शान्ति निकुञ्जको उपवनमा एकान्त विश्राम गरे । फेरि मानसरोवरको लक्ष्य राखेर उत्तराभिमुख हुँदै जुम्लाको खलङ्गा पुगे । चन्दननाथ मन्दिरप्रति आदरभाव देखाएर उनी तिला कर्णाली किनारको पुरानो जीर्ण पाटीमा धुनी जगाएर बसे ।

चन्दननाथको मन्दिरमा ठूला सन्त छन् । उनको महिमा पनि फैलिएको छ भन्ने कुरा योगी ऊर्ध्वचेतालाई थाह थियो । त्यसैले सन्तको दर्शन गरेर यात्रा बढाउने सोच राखेर उनी चन्दननाथ मन्दिरको लक्ष्य गरेर हिंडे । त्यहाँ पुग्दा मन्दिरको परिसरमा ग्रामीण–जनको बाक्लो उपस्थिति थियो । यति बिहानै यत्रो जनसमुदाय ? आज कुनै विशेष पर्व पनि होइन । कि भण्डारा हो कि ? मनमा प्रश्नहरू उठे ।

कसैले अघिल्लो दिन यात्री योगीलाई यतै आउँदै गरेको देखेको थिएछ । योगीको वास मन्दिर, आश्रम वा अखाडामा नै हुन्छ भन्ने लोकविश्वासले जितेको होला । ती योगी यहीं हुनुपर्छ भन्ने विश्वासले त्यत्रो जनसमुदाय यहाँ उपस्थित भएको हो भन्ने कुरा चन्दननाथ मन्दिरका महान् सन्तले तब बुझे जब उनले योगी ऊर्ध्वचेतालाई मन्दिर परिसरभित्र प्रवेश गर्दै देखे । अनि उनको चिन्तन र दृश्यमा सङ्गति बन्दैगयो ।

मन्दिरको परिसर हेरेर लाग्थ्यो, योगीको दर्शन गर्न यत्रो जनसमुदाय एकत्रित भएको हो । किन्तु सत्य त्यस्तो थिएन । भय र मनको अशान्तिका

कारण जनता दीनभावले त्यहाँ पुगेका थिए । उनीहरू पीडा–मोचनको कामना गर्दथे ।

मन्दिरका सन्त तिनको पीडा बुझ्दथे । योगी र जनताको पीडा–मोचनको सन्दर्भ कति स्वाभाविक र सङ्गतिपूर्ण थियो, कोही जान्दैन । फेरि पनि सन्त, योगीजनसँग विशेष शक्ति हुन्छ भन्ने विश्वास सुदीर्घ परम्परादेखि जनताले सञ्चित गरेर हुर्काएको थियो । त्यसैले यो पवित्र तीर्थस्थलमा योगी र श्रद्धालुजनको सङ्गम स्वाभाविक लाग्दथ्यो ।

जनसमुदायमाथि करुणा भावले दृष्टि घुमाइसकेर योगीले नयनपट बन्द गरे । एकछिन पछि दृष्टि खोलेर भने, 'स्वामीजी महाराज ! आज भण्डारा हुँदैछ यहाँ ? यत्रो जनसमुदाय ?'

'प्रभु ! यहाँको आगमनको सुखद अवसरमा भण्डारा त अवश्य हुन्छ । यो पनि अपूर्व सुयोग हो हाम्रा लागि ।' अनि जनसमुदायप्रति दृष्टिपात गरेर थपे, 'झन्नै २५ वर्षदेखि भय र अशान्तिको रापले पिल्सिएर बसेका छन् यिनीहरू । कुनै ज्ञानी सन्तपुरुष आएको थाह पाउनासाथ यहाँ एकत्रित हुन्छन् । यी मुक्तिकामी दीनदुःखी हुन्, प्रभु । यी कृपा र करुणाको याचना गर्दछन् । प्रभु सर्वज्ञ हुनुहुन्छ । म यति नै भन्छु– *कुरु कुशलं प्रणतेषु* ।' सन्तले हात जोडेर कल्याणका लागि अनुनय गरे ।

सन्तले थपे, 'यिनले आफैंले ग्रहण गरेको पीडा हो । श्रुतिपरम्परा र अनुमानबाट सञ्चित गरेको आत्मदाह हो । शायद यसको विरेचन सरल नहोला । किन्तु यी दीनहरू आशावादी छन् प्रभु ।'

'हेतु ?'

'अघि गोर्खातिर उल्का खस्यो । त्यसले ठूला–ठालु र शक्तिमानहरूलाई टिपेर लग्यो । ती आजसम्म बेपत्ता छन् । यहाँ पनि उल्का खसेर मान्छे टिप्छ भन्ने कुरा श्रुति परम्पराबाट फैलियो । हेतु यही हो प्रभु, यी असाध्य डराएका छन् ।' अर्को प्रसङ्ग जोडेर थपे, 'राजनीतिक तत्त्व नै उल्का हो भनेर बुझ्न र बुझाउन कोही सक्तैन । भय र चिन्ताबाट ग्रस्त छन् यी । त्यसैले मुक्तिकामी हुन् ।'

योगीले ती दीनहरूमाथि सम्यक् दृष्टि पुऱ्याए । ती अश्रुसिक्त तथा कातर देखिन्थे । उचित अवसर ठानेर योगीले एकान्त संवादको कामना गरे । मन्दिरका सन्तले पनि जनसमुदायसँग भण्डाराका लागि श्रमदान दिन अनुरोध गरे ।

योगी र सन्त एकान्त संवादमा जुटे ।

भण्डारा खाएपछि जनसमुदाय निर्भय रहेर गाउँतर्फ लाग्यो । लाग्थ्यो, चन्दननाथको भण्डारा नै भय र अशान्ति रेचन गर्ने पथ्य वा महौषधि हो । फेरि

भय, अशान्ति, उत्पीडन र उल्काको चर्चा हुन छोड्यो । बरु योगीको कृपा र चन्दननाथको भण्डाराको चर्चाले लोकजीवनमा महत्त्व पाउँदै रह्यो ।

यात्रालाई निरन्तरता दिंदै योगी ऊर्ध्वचेताले रारा उपत्यका पुगेर रात्रिविश्राम लिए । भन्नु मात्र विश्राम, जब एक्लै हुन्थे र शान्त एकान्त वातावरण पाउँथे, साधनामा बस्थे ।

सम्राट् महेन्द्रको भ्रमणपछि कर्णाली प्रदेश र रारा उपत्यका चम्कियो । यसको महिमा गायनमा काव्यगोष्ठी पनि भयो । यसले राष्ट्रिय महत्त्व लियो । पर्यटकहरूका लागि अनमोल भूखण्ड बन्दै गयो ।

प्रभाती आलोकमा रारा सरोवरको सुषमा हेर्न अमरपुर र नन्दनवनका पर्यटकहरू पनि लोभिन्थे । टाढैबाट दृष्टिपात गरेर तृप्ति लिन्थे भन्ने अभिव्यक्ति साहित्यका पृष्ठहरूबाट बुझिन्थ्यो ।

राजकीय योजनाबाट रारा सरोवरको बृहत् परिसरभित्र अतिथि भवन, उपचार चौकी, सुरक्षा निकाय, चमेना घर, पुस्तकालय र हेलिप्याडको प्रबन्ध गरिएको थियो । सघन वनप्रदेश र दुर्लभ हिमाली पशुपक्षीको अवस्थितिले यस क्षेत्रको महत्त्व बढी नै थियो । फेरि हिमऋतुमा यहाँको आकर्षण अलौकिक प्रतीत हुन्थ्यो । एक दिन यहाँ नबसी मन मान्दैनथ्यो ।

रारा सरोवरको उत्तरतर्फको भूभाग पानीढलो भएर बडो सुन्दर ढङ्गले मिलेको थियो । प्रभाती वेलामा राराको जल-वैभव खुलेर आउँथ्यो । लाग्थ्यो, अरुणोदयको मौका छोपेर रारा सुन्दरी प्रिय आदित्यलाई आफ्नै वक्षस्थल खोलेर स्वागत गर्न आकुल भएकी हो– प्रमदाको भावले, वियोगिनीको तापले ।

बस्ती उठेपछि अवशेषको रूपमा रहेको पुरानो-जीर्ण गाईगोठमा योगीको वास पर्‍यो । काठ-मूढाको कमी थिएन । उनी धुनी जगाएर एकान्तस्थ देखिए ।

कानमा कल्याङ्कुलुङ् कल्याङ्कुलुङ् संवाद पर्‍यो :

'ऊ हेर त, प्रकाश पिण्ड खसेछ कि, के हो, टिप्यो ।'

'उता उल्कापात भो, मान्छे हराउन थाले नि !'

'वनझाँक्रीले अक्षता हानेर के तान्यो रे, फेरि फर्काएन नि !'

'कतिलाई त भीरको टुप्पाबाट फ्याँक्यो रे ।'

'थाह छ, तान्त्रिकले अग्निकुण्डमा हाल्दै झिक्तै गर्छ नि !'

'महाकालले पनि टिप्छ ।'

'सेतो ख्याक आएपछि ठीक भो, थाह पायौ ।'

'ए ! असलै भो, जो खराब थे ती गए, जो असल थे ती बचे ।'

'हो, हराउनु पर्ने हराए, हुनुपर्ने जोगिएकै हुन् ।'

देख्ता विप्लवी मुद्रा देखिए पनि यो प्रलयङ्कर प्रकम्पले विषाक्त चर्चालाई शमन गरेको छ, निर्मूल पारेको छ ।

विभिन्न शक्तितत्त्वको अभिनय-मुद्रा र कर्मबाट यो माटो, यहाँको जीवन, यहाँको संस्कृति जोगिएको छ । अब मुलुक खारेज नहोला, कसैले गोल नहान्ला, झण्डा नफेरिएला र जातीय अस्तित्व जोगिएला ।

शिवताण्डव रोकिए जस्तो, महिषासुरमर्दिनी थामिए जस्तो शान्त ! शीतल !

प्रभातको वेला । जङ्गली कुखुराको जागृति सन्देश !

र साना-साना चराचुरुङ्गीको मिश्रित स्वरको प्रभाती गायन ।

स्वप्नाभास र सत्याभासको द्वन्द्वलाई योगीले बालमेला ठाने ।

योगी ऊर्ध्वचेता बिस्तारै भित्रबाट बाहिर आए अनि सांसारिक स्थिति र आफ्नो चर्या-कर्मप्रति सचेत भए । ठाने– नीति, विधि र कर्तव्यले नबाँधिने तत्त्वलाई अन्य शक्तिले टुङ्गो लाएछ ।

प्राची अरुणिमा छर्ने यत्नमा थियो ।

उल्का विभिन्न स्वरूप, शक्ति र परिणामबाट मूर्त हुन्छ क्यार । यसको महिमा र कार्यदिशा बुझ्न शायद योगीजन नै समर्थ होलान् कि ! सांसारिक मानवको बोध-क्षमता बाहिरको सत्य अरू कसले संझन सक्ला र !

रारा सरोवरको छेउमा स्वप्नाभासको अनुभव योगीलाई भयो । उनी त्यसतर्फ केन्द्रित भएनन्, न त ती सरल बालकहरूले भनेका-सुनेका शब्दावलिबाट उनी कुनै अल्झोमा परे । यस्ता घटना र संवादलाई लोकजीवनको सहज अभिव्यक्ति, मन्थन प्रक्रिया र मूल्याङ्कन प्रणाली ठानेर सामान्य अर्थमा लिए ।

योगी ऊर्ध्वचेता मानसरोवर पुगे, स्नान गरे अनि समाधिस्थ देखिए ।

मुलुकमा परिवर्तनपछि सर्वत्र शान्ति फैलिएको थियो । उन्नत समाजको विकास भएको बुझिन्थ्यो । वैभवपूर्ण जीवनको झल्को मिल्थ्यो । सम्पन्न र विपन्नको विभाजक रेखा वा चिन्तन त्यहाँ थिएन । उनी राष्ट्रबोधी चिन्तनले दीप्त भएर यायावरको भावले यात्री जीवनलाई निरन्तरता दिंदैरहे ।

योगी ऊर्ध्वचेता साधक पनि हुन् । लीला पनि गर्छन् र अपरिग्रही पनि देखिन्छन् । सबै उनका छन्, किन्तु उनी कसैका छैनन् । परकामना वा अर्काको चाहनालाई पोषण गर्न उनी निष्काम भावले अग्रसर रहन्छन्– प्रार्थनामा, अनुरोधमा । यथार्थतः परतोषणका लागि उनी सेवा, साथ र सहयोगमा योग पुऱ्याउँछन् । किन्तु उनका लागि कुनै कुरा अभीष्ट र प्राप्ति रहेन ।

भन्छन्, वेलावेला उनी अदृश्य पनि रहन्छन् । पवनगति पनि लिन्छन् । दुष्कर कार्य पनि गर्छन् । जसले उनलाई देख्यो, सधैं एउटै अवस्थामा देख्यो । जसले उनलाई चाह्यो, वाञ्छित भावले नै पायो । यौवनस्थ पायो । अपूर्व शक्तिशाली पायो । आफ्नै अनुकूल र आत्मीय पायो । उनी एउटै नीतिमा स्थिर छन्– उनीसँग जो जुन भावले प्रस्तुत हुन्छ उनी पनि उस्तै भावले प्रस्तुत हुन्छन् । शायद यो आप्तवचनको अनुगमन हो ।

योगी ऊर्ध्वचेता समाधिबाट उठे । कैलाशको परिक्रमापछि काठमाडौंको पचली घाटमा पुगे र गुरूको स्मरणमा केन्द्रित भए । उनीमाथि गुरूको असीम कृपा थियो । विभूति-तिलकको अवसरमा महन्त सिद्धदेवले भनेका वचन सम्झे– वत्स, अफ्नो यन्त्रले अरूलाई नाप्न मिल्दैन । अणिमा र महिमाको पृथक्-पृथक् महत्त्व छ । गाई र चमरी (चौंरी) फरक देखिए पनि एकै हुन् र एकै वर्गका भएर पनि आ-आफ्नै गुणधर्म र विशेषताले ती छुट्टिन्छन् ।'

'आज किञ्चित् नौलो कृत्य गरेर अखाडाको स्थापित मान्यतामा विचलन ल्याउँछु– अधिकारवत् ।' विभूति-तिलकको विधि र सुमन्त्रण पूरा गरेर गुरूले थपे, 'वत्स, तिमी अप्रतिहत गतिका हुनेछौ । स्वतन्त्रता तिम्रो शक्ति हुनेछ । यथेच्छ विचरण-रमण गर्नेछौ ।'

त्यसपछि उनको वाणी हरायो, अन्तरात्मा बोल्यो– "मैले तिमीलाई पात्र ठानेर सिद्धि संचार गरेको छु । वाञ्छित स्वरूप लिन सक्नेछौ । त्यो रहस्य-दर्शन पनि तिमी गर्न सक्नेछौ, जहाँ अरूको दृष्टि र चिन्तन पुगेको हुँदैन । आफ्नो मनोरथमा चढेर यात्रा गर्नेछौ । देशाटन फलदायी बनोस् । यायावर शक्ति परहितमा प्रतिफलित रहोस् । उपकार, आरोग्य र चिकित्साको भावले जनहितमा पुग्नेछौ र सेवाको भावले निकट हुनेछौ ।

स्मरण रहोस्– अघोर साधना र एकान्तवासले तिमीलाई द्रष्टा र भोक्ता सिद्ध गर्नेछ । तिम्रो चर्या मंगलकर हुन सकोस् । वत्स ! मुहूर्त आयो, प्रस्थान गर !"

योगी ऊर्ध्वचेता गुरूप्रति कृतज्ञ देखिए ।

योगी योगमुद्रामा बसेर आत्मसंवादमा केन्द्रित भए– 'आफूले चाहेको स्वरूप, अर्कालै दिएको नाम र स्ववाञ्छित अप्रतिहत गति गुरूकृपाकै प्रतिफल हो । अज्ञात वा छोपिएका कुराको बोध सामान्य ढङ्गले हुन सक्ने ठान्नु कसरी ? विभूति-तिलक गरिदिंदा गुरूद्वारा भृकुटीबीच असाधारण शक्ति र दृष्टि संस्थापित गरिएको थियो कि न ? गुरूको महिमा ज्ञानातीत छ ।'

हो, त्यसपछि नै त हो योगीले आफूलाई हलुका, गतिमान्, आत्मविश्वासले पूर्ण तथा अपराजित अनुभव गरेका । यसपटक उनले आफैंलाई प्रश्न गरे, 'आश्चर्य ! मैले हारें के ? पाएँ के ?'

किन्तु जान्नेहरू योगी ऊर्ध्वचंतालाई क्षति र रामको स्थितिबाट पर ठान्थे । त्यसैले तुष्ट र हृष्ट देख्थे ।

केही सन्तहरू उनलाई रामनाथ अघोरी सन्तपरम्पराका योगी मान्छन् । महादेव शंकर जस्तै उनलाई अनेक व्यक्तित्वका प्रतीत हुने मिश्रित अवतारका छाया ठान्छन् । हो पनि, पूर्ण, व्यापक र दुर्ज्ञेय तत्त्वको मूल्याङ्कन अल्पचेताले कहाँ गर्न सक्ने होला र !

**समाप्त**

# संक्षिप्त परिचय

**नाम** : हरिराज भट्टराई, २००५ साल पुस ४ गते, पूर्व ५ नं. ताप्लेजुङ, मैवाखोला थुम, साँघु

**पिता** : पं. बैजनाथ भट्टराई, पहिलो भट्टराई वंशावलीका लेखक/प्रकाशक

**माता** : यमुनादेवी भट्टराई (गौतम)

एम.ए. त्रिभुवन विश्वविद्यालय
पी-एच.डी. पटना विश्वविद्यालय १९८३
अतिथि प्राध्यापक (भिजिटिङ प्रोफेसर
भारतीय भाषा विभाग नेपाली, काशी हिन्दू विश्वविद्यालय
(BHU) वाराणासी, भारत १९८५-८७
त्रि.वि. नेपाली केन्द्रीय विभागबाट विधिवत् अवकाश प्राप्त (पेन्सन)

**सिर्जनात्मक लेखक**

- २०४४ साइनडाइ (उपन्यास), दुर्गा साहित्य भण्डार, वाराणसी
- २०४७ स्वप्नभङ्ग (उपन्यास), असीम सौरभ प्रकाशन माला, मैवाखोला थुम साँघु ताप्लेजुङ, मेची, अञ्चल, नेपाल
- २०५१ नीलिमा (उपन्यास), दुर्गा साहित्य भण्डार, वाराणसी
- २०७४ याङ्सिला (उपन्यास), सांग्रिला प्रकाशन, काठमाडौं, नेपाल
- २०७७ गीत, कुत्ता र कोट (कथासंग्रह), असीम सौरभ प्रकाशन माला
- २०७९ काकली (उपन्यास), साझा प्रकाशन ल.पु. नेपाल
- २०७९ शार्दूली उपन्यास), असीम सौरभ प्रकाशन माला-७
- २०८० रूप्से पानीकी ठूली (उपन्यास), असीम सौरभ प्रकाशन माला-९
- २०८१ रातको प्रधानमन्त्री (कथासंग्रह), भुँडीपुराण प्रकाशन, काठमाडौं नेपाल
- २०८३ सन्त प्रेमी (उपन्यास), किरण पुस्तकालय तम्घास, गुल्मी
- २०८३ अशहीदहरू (काव्य)

**समीक्षात्मक पठन**

- २०४३ गीतिकाव्यको ऐतिहासिक अध्ययन, असीम सौरभ प्रकाशन माला
- २०४५ नरसिंह अवतार : एक समीक्षा, असीम सौरभ प्रकाशन माला
- २०५१ जगदीश शमशेर : सिद्धान्त र समीक्षा, असीम सौरभ प्रकाशन माला

**सम्पादन**

- २०४१ चन्द्रधर उप्रेती स्मृतिग्रन्थ
- २०४३ बैजनाथ गीता (लोकलयमा अनूदित)
- २०५७ गुरूदेव पं. बैजनाथ भट्टराई : उत्सर्ग र सिद्धि (सहसम्पादन)
- २०६२ सेतु (अमेरिकी नेपाली काव्य संग्रह) असीम सौरभ प्रकाशन माला
- २०६९ ताना शर्मा : संघर्ष र प्राप्ति (सहसम्पादन)
- २०८१ भट्टराई वंशावली २०२४, (प्रस्तोता : पुनः संशोधन प्रवर्द्धन)



**हरिराज भट्टराई**

हरिराज भट्टराई (डा.) आफ्नो विशिष्ट भाषाशैली, सृजनात्मकता र गहिरो सामाजिक-सांस्कृतिक चेतका निम्ति परिचित स्रष्टा हुन् । मर्मभेदी समालोचकका रूपमा उनको बेग्लै ख्याति छ । 'सन्त प्रेमी' उनको बाह्रौं कृति तथा आठौं उपन्यास हो । उनका दुई कथा संग्रह प्रकाशित छन् भने दुई उपन्यास प्रकाशनोन्मुख छन् ।

भट्टराईका आख्यान अभिधा, लक्षणा र व्यञ्जना तीनै तहमा एकसाथ प्रवाहित हुने विलक्षण भाषा-शैलीबाट बुनिएका हुन्छन् । तिनले यथार्थ, परायथार्थ र स्वैरकल्पनाको कलात्मक संस्लेषणबाट अनौठो संसारको यात्रामा लैजान्छन् र सहृदय पाठकको मन-मस्तिष्कलाई आतृप्त पार्दछन् । ती विश्वदृष्टि बोकेर पनि पराइ विचार र दर्शनमा आश्रित हुँदैनन्, आफ्नै सभ्यता र दर्शनको धरातलमा दरोगरी उभिएका हुन्छन् ।

'सन्त प्रेमी' एकातिर तन-मनका मसृण भाव, प्रीतिका घामछाया र दैहिक आनन्दको लालित्यले लबालब छ; अर्कातिर अनासक्ति, कर्तव्यबोध र दुर्धर्ष संघर्षको चट्टानमा उभिएको । यसमा निकट विगतका आततायी घाउको निर्मम चिरफार र कठोर उपचार मात्र छैन, स्व-अस्तित्वबाट उद्भासित उन्नत भविष्यको लोमहर्षक गुरुयोजना समेत रेखांकित छ । साहित्यका नवै रसले बयेली खेलेको यो उपन्यासले तपाईंलाई आफ्नै स्वत्वको दर्शन गराउनेछ ।

प्रकाशक
किरण पुस्तकालय
तम्घास, गुल्मी

9 789905 004009